# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# सोह्रौं बार्षिक प्रतिवेदन

## आ. ब. २०६२/०६३



**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**काठमाडौं, नेपाल**
**आश्विन, २०६३**

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

फोन नं. : ४-४३९४६२
४-४४०१५१
फ्याक्स : ४-४४०१०४
इ-मेल :- akhtiyar@ntc.net.np

**पत्र संख्याः-** मिति :- ४ आश्विन २०६३

**विषय :- सोह्रौं वार्षिक प्रतिवेदन ।**

सम्माननीय प्रधानमन्त्रीज्यू
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं ।

नेपाल अधिराज्यको संविधान, २०४७, प्रतिनिधिसभाको घोषणा, २०६३ र प्रतिनिधिसभा नियमावली, २०६३ समेत अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०६२/०६३ (२०६२ श्रावण १ गतेदेखि २०६३ आषाढ मसान्तसम्म) मा सम्पादन गरेका कामहरुको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौं ।

भवदीय,

| | | | | |
|---|---|---|---|---|
| (वेद प्रसाद सिवाकोटी) | (ललित बहादुर लिम्बु) | (इन्द्र कुमार श्रेष्ठ) | (वासुदेव लामिछाने) | (सूर्यनाथ उपाध्याय) |
| आयुक्त | आयुक्त | आयुक्त | आयुक्त | प्रमुख आयुक्त |

# अनुक्रमणिका


पृष्ठ

**परिच्छेद–१ : अख्तियार दुरुपयोग अनुसन्धान आयोग** १ - ५

१. पृष्ठभूमि.......... १
२. गठन .......... १
३. आयोगको काम, कर्तव्य र अधिकार .......... १
४. छानवीन तथा अनुसन्धान प्रकृया.......... २
५. क्षेत्राधिकार.......... ४
६. प्रशासनिक संगठन .......... ४
७. आयोगको आन्तरिक कार्य विभाजन, बैठक र निर्णय.......... ४
८. आयोगको निर्णयहरुको वर्गीकरण .......... ५
९. अधिकार प्रत्यायोजन.......... ५
१०. बजेट व्यबस्था.......... ५

**परिच्छेद–२ : आ.ब. २०६२/६३ मा आयोगबाट निष्पादित कार्यहरु** ६- २१

१. आ.ब. २०६२/६३ मा उजूरी र कारवाहीको विवरण .......... ६
२. अभियोजन र कारवाहीको विवरण.......... ६
३. विशेष अदालतमा दायर भएका मुद्दा र प्रतिवादी संख्या.......... ६
४. बिभागीय कारवाही, सचेत र ध्यानाकर्षणका लागि लेखिएका बिषय र व्यक्ति/निकाय संख्या .......... ७
५. प्रारम्भिक छानवीनबाट भएको कारवाहीको विवरण .......... ७
६. महाशाखागत उजूरी फछ्र्यौटको विवरण .......... ७
७. अनुसन्धान अधिकृत तोकिएको तथा मन्त्रालय वा अन्तर्गत कारवाहीको लागि लेखी पठाएको विवरण .......... ७
८. गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धमा दायर गर्न निर्णय भएका मुद्दाहरु ....... ९
९. नक्कली शैक्षिक प्रमाणपत्र सम्बन्धी मुद्दा दायर गर्न भएका निर्णयहरु ......... ९
१०. सवारी दर्ता अनियमितता सम्बन्धमा मुद्दा दायर गर्न भएका निर्णयहरु ........ १४
११. गैरकानुनी कर्जा कारोवार/बैंक रकम हिनामिना/प्रतितपत्र कारोवार लगायतका बिषयमा मुद्दा दायर गर्न भएका निर्णयहरु.......... १४
१२. निर्माण कार्यमा भएको भ्रष्टाचार उपर मुद्दा दायर गर्न भएका निर्णयहरु ...... १७
१३. किर्ते कागजात तयार गरी रकम हिनामिना गरेको सम्वन्धमा मुद्दा दायर गर्न भएका निर्णयहरु .......... १७
१४. राजस्व रकम हिनामिना सम्वन्धमा मुद्दा दायर गर्न भएका निर्णयहरु ......... १७
१५. रिसवत लिएको सम्बन्धमा मुद्दा दायर गर्न भएका निर्णयहरु .......... १८
१६. जग्गा किनबेच, रोक्का तथा फुकुवा सम्बन्धमा मुद्दा दायर गर्न भएका निर्णयहरु .......... १९
१७. प्रत्यायोजित अधिकार अन्तर्गत भएका काम कारवाहीहरु .......... २१

**परिच्छेद–३ : अभियोजन** २२ - ७६

**परिच्छेद–४ : पुनरावेदन/पुनरावलोकन गरिएका मुद्दाहरु** ७७ - १६१

**परिच्छेद–५ : पुनरावेदन नगरिएका मुद्दाहरुको संक्षिप्त विवरण** १६२ - १६३

**परिच्छेद–६ : विभागीय कारवाही** १६४ - १९३

(क) अर्थ मन्त्रालय अन्तर्गत...... १६४
(ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत ...... १६८
(ग) गृह मन्त्रालय अन्तर्गत ...... १६९
(घ) जलस्रोत मन्त्रालय अन्तर्गत...... १७१
(ङ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत ...... १७४
(च) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत ...... १७९
(छ) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत ...... १८०
(ज) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत ...... १८२
(झ) स्थानीय बिकास मन्त्रालय अन्तर्गत ...... १८३
(ञ) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत ...... १९१
(ट) वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत ...... १९१
(ठ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत ...... १९२

**परिच्छेद–७ :सचेत** १९४ - १९९

(क) अर्थ मन्त्रालय अन्तर्गत...... १९४
(ख) गृह मन्त्रालय अन्तर्गत ...... १९५
(ग) जलस्रोत मन्त्रालय अन्तर्गत...... १९५
(घ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत...... १९६
(ङ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत...... १९६
(च) स्थानीय बिकास मन्त्रालय अन्तर्गत...... १९७
(छ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत ...... १९८
(ज) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत ...... १९८
(झ) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत ...... १९९
(ञ) सूचना तथा संचार मन्त्रालय अन्तर्गत...... १९९

**परिच्छेद–८ : असूल उपर** २००-२०९

(क) अर्थ मन्त्रालय अन्तर्गत...... २००
(ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत ...... २०२
(ग) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत...... २०३
(घ) गृह मन्त्रालय अन्तर्गत ...... २०३
(ङ) जलश्रोत मन्त्रालय अन्तर्गत...... २०४
(च) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत...... २०४

(छ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत ................................ २०५
(ज) महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत ................. २०५
(झ) वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत ............................................ २०५
(ञ) स्थानीय बिकास मन्त्रालय अन्तर्गत ................................................ २०६
(ट) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत ................... २०८
(ठ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत ....................................... २०८

**परिच्छेद–९ : ध्यानाकर्षण** २१०-२१३
(क) अर्थ मन्त्रालय अन्तर्गत............................................................. २१०
(ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत ................................ २१०
(ग) गृह मन्त्रालय अन्तर्गत ............................................................. २११
(घ) जलश्रोत मन्त्रालय अन्तर्गत......................................................... २११
(ङ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत................................. २१२
(च) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत...................................... २१३

**परिच्छेद–१० : सुझाव** २१४-२२३
(क) अर्थ मन्त्रालय अन्तर्गत............................................................. २१४
(ख) जल श्रोत मन्त्रालय अन्तर्गत ...................................................... २१९
(ग) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत............................. २२०
(घ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत...................................... २२०
(ङ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत ...................................... २२२
(च) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत ........................................... २२३
(छ) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत................................. २२३
(ज) सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत ............................................ २२३

**परिच्छेद–११ : आयोगबाट भएका अन्य कारवाहीहरु** २२४-२५४

**परिच्छेद–१२ : बिभागीय वा अन्य कारवाही गर्न लेखिएका बिषयको कार्यान्वयन** २५५-२८०
(क) विभागीय कारवाही.................................................................. २५५
(ख) सचेत.................................................................................. २६४
(ग) सुझाव/निर्देशन/ ..................................................................... २६७
(घ) अन्य कारवाही ...................................................................... २७६
(ङ) असूल उपर........................................................................... २७८

**परिच्छेद–१३ :कार्यान्वयन हुन वाँकी विभागीय वा अन्य कारबाहीहरुको विवरण** २८१-२९७
(क) अर्थ मन्त्रालय अन्तर्गत ........................................................... २८१
(ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत .............................. २८३
(ग) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत ........................................... २८४
(घ) कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय अन्तर्गत ....................... २८५
(ङ) गृह मन्त्रालय अन्तर्गत ............................................................. २८५

(च) जलस्रोत मन्त्रालय अन्तर्गत ........................................................ २८५
(छ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत .................................... २८६
(ज) भौतिक योजना तथा निर्मार्ण मन्त्रालय अन्तर्गत ................................ २८८
(झ) वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत. ............................................ २८९
(ञ) वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत................................ २९०
(ट) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत ............................................ २९०
(ठ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत ................... २९२
(ड) स्थानीय विकास मन्त्रालय अन्तर्गत ................................................ २९४
(ढ) स्वास्थ्य मन्त्रालय अन्तर्गत ........................................................ २९७
(ण) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत ................................ २९७
(त) महिला बालवालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत .................. २९७

**परिच्छेद–१४ : तामेली** २९८–३२२

**परिच्छेद–१५ : आयोगका अन्य गतिविधिहरु** ३२३–३३०
(क) अन्तर्राष्ट्रिय सभा, सम्मेलन तथा अध्ययन भ्रमण ................................ ३२३
(ख) आन्तरिक गतिबिधिहरु ............................................................... ३२४

**परिच्छेद–१६ : उपसंहार** ३३१–३३२

**<u>अनुसूचीहरु</u> :**

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संगठन तालिका (क)
२. आयोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको संख्यात्मक विवरण (ख)
३. आ.व. २०६२।६३ को बजेट व्यवस्था (ग)
४. नक्कली शैक्षिक प्रमाणपत्र पेश गर्नुको प्रयोजन (घ)
५. (क) नक्कली प्रमाणपत्र सम्बन्धी मुद्दा फैसला विवरण (ङ)
(ख) शैक्षिक प्रमाणपत्रहरु सम्बन्धी मुद्दाहरुमा सफल असफल अनुपात (ङ)
६. भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धी क्षेत्रीय प्रशासन कार्यालयहरुबाट प्राप्त विवरण (च)
७. भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त विवरण (छ)
८. आ.व. २०६२।६३ मा आयोगमा परेका उजुरी र फछ्र्यौटको विवरण (ज)
९. आ.व. २०५७।५८ देखि २०६२।६३ सम्मको कूल उजुरी र फछ्र्यौटको तुलनात्मक विवरण (झ)
१०. आ.व. २०६२।६३ मा मुद्दा हार जीतको स्थिति (ञ)
११. आ.व. २०६२।६३ को अभियोजन र अन्य कारवाहीहरुको विवरण (ट)
१२. आ.व. २०६२।६३ मा विशेष अदालतमा दायर गर्न निर्णय भएका मुद्दाहरुको किसिम (ठ)
१३. आ.व. २०५७।५८ देखि २०६२।६३ सम्मको कारवाहीको तुलनात्मक विवरण (ड)
१४. आ.व. २०५९।६० देखि २०६२।६३ सम्मको बैठक र निर्णय संख्या (ढ)
१५. आ.व. २०४७।४८ देखि २०६२।६३ सम्ममा परेका उजुरीहरु र फछ्र्यौटको विवरण (ण)

# परिच्छेद – १
# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## १. पृष्ठभूमि

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ अनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले "अनुचित कार्य" वा "भ्रष्टाचार" गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान गरी मुद्दा दायर गर्न संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको छ ।

## २. गठन

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ बमोजिम आयोगमा एक जना प्रमुख आयुक्त र आवश्यक संख्यामा अन्य आयुक्तहरु रहने प्रावधान छ । आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरुको पदावधि ६ वर्षको हुने र ६५ बर्षको उमेरसम्म बहाल रहन सक्ने व्यवस्था छ । हाल आयोगमा निम्नानुसार एक जना प्रमुख आयुक्त र चार जना आयुक्तहरु कार्यरत रहनु भएको छ :-

| नाम | पद | नियुक्ति मिति |
|---|---|---|
| श्री सूर्यनाथ उपाध्याय | प्रमुख आयुक्त | २०५७७१८ |
| श्री बासुदेव लामिछाने | आयुक्त | २०५७७१८ |
| श्री इन्द्र कुमार श्रेष्ठ | आयुक्त | २०६०।९।२१ |
| श्री ललित बहादुर लिम्बु | आयुक्त | २०६०।९।२१ |
| श्री बेद प्रसाद सिवाकोटी | आयुक्त | २०६०।९।२१ |

## ३. आयोगको काम, कर्तव्य र अधिकार :

आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार छन् :

- कुनै सार्वजनिक पदधारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने वा गराउने,
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य गरेको पाइएमा त्यस्ता व्यक्तिलाई सचेत गराउन वा विभागीय वा अन्य आवश्यक कारवाही गर्न अख्तियारवालालाई लेख्ने,
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरेको देखिएमा त्यस्तो व्यक्ति तथा सो अपराधमा संलग्न अन्य व्यक्तिहरु उपर समेत मुद्दा दायर गर्ने वा गराउने,
- सम्पादित कामहरुको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई कानूनी राज्यको अवधारणा अनुरुप सुशासनको स्थापना गर्न र सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने केही सुधारात्मक कार्यहरु गर्ने थप दायित्व समेत सुम्पेको छ, जस अन्तर्गत आयोगबाट निम्न कार्यहरु पनि सम्पादित हुने गरेका छन् :

- ☞ विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटी भए सुधार गर्न सुझाव दिने वा ध्यानाकर्षण गराउने,
- ☞ दुष्परिणाम सच्याउन आदेश दिने,
- ☞ हानी नोक्सानी असूल उपर गराउने,
- ☞ अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई छाड्ने,
- ☞ भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले प्रबर्द्धनात्मक कार्यहरु गर्ने,
- ☞ भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरुसंग समन्वय, आपसी सम्बन्ध र सहयोग वृद्धि गर्ने,
- ☞ आवश्यकतानुसार सम्बन्धित बिषयको बिशेषज्ञ वा बिशिष्टीकृत सेवा प्राप्त गर्ने ।

## ४ छानवीन तथा अनुसन्धान प्रकृया :

नेपाल अधिराज्यको संविधान, २०४७ ले अनुचित कार्य र भ्रष्टाचार गरी दुई प्रकारले अख्तियारको दुरुपयोग हुनसक्ने अवधारणा प्रस्तुत गरे अनुरुप ती बिषयहरुमा उजूरी दिने प्रकृयालाई पनि कानूनले निम्नानुसार अलग्गै व्यवस्था गरेको छ :

**अनुचित कार्यको उजूरी** : कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ ले तोकेको ढांचामा उजूरी दिनु पर्नेछ र निवेदकले सनाखत समेत गर्नु पर्नेछ । तर सार्वजनिक चासोको बिषय भएको उजूरीको हकमा भने सनाखतको आवश्यकता पर्दैन । अनुचित कार्य उपरको उजुरीमा अनुसन्धान गर्दै जांदा भ्रष्टाचारको कसूर गरेको देखिन गएमा भ्रष्टाचारको कसूर अन्तर्गत नै कारवाही गरिन्छ ।

**भ्रष्टाचारको उजूरी** : भ्रष्टाचारको सम्बन्धमा कसैको उजूरी वा अन्य कुनै स्रोतबाट प्राप्त जानकारीको आधारमा समेत आयोगले छानविन, अनुसन्धान गर्न वा अन्य कारवाही चलाउन सक्दछ र भ्रष्टाचारको उजुरी उपर अनुसन्धान गर्दै जांदा अनुचित कार्य भएको पाइएमा, अनुचित कार्य बारेमा कारवाही गर्न सकिने छ ।

**आयोगले स्वयं जानकारीमा लिई कारवाही गर्न सक्ने** : कुनै पनि श्रोतबाट प्राप्त जानकारीको आधारमा आफ्नो अधिकार क्षेत्र भित्र पर्ने कुनै पनि बिषयमा आयोगले अनुसन्धानको प्रक्रिया थाल्न सक्छ ।

**प्रारम्भिक छानविनको प्रक्रिया** : आयोग समक्ष परेका अख्तियार दुरुपयोग सम्बन्धी कुनै पनि उजूरी निवेदन वा आयोग स्वयंले प्राप्त गरेको जानकारी उपर प्रारम्भिक छानविनको क्रममा सो बिषयमा कारवाही गर्नु पर्ने वा नपर्ने निर्क्यौल गर्न मूलतः निम्न तथ्यहरुको निरुपण गर्ने गरिएको छ :

क) अनुसन्धानको बिषय वस्तु के हो ?

ख) उक्त बिषय आयोगको क्षेत्राधिकारभित्र पर्छ, पर्दैन ?

ग) उल्लेखित बिषयको गम्भीरता के कति छ ?

घ) उल्लेखित आरोपको स्वरुप तथ्यपूर्ण देखिएमा त्यसमा कुन कुन निकायका कुन कुन पदाधिकारीको संलग्नता रहेको छ ?

ङ)	विवादास्पद कार्य वा निर्णयबाट कसलाई के कति हानी नोक्सानी हुन गएको छ ?

च)	विवादित कार्यबारे कुनै अड्डा अदालतमा मुद्दा मामिला चलिरहेको वा चली निर्णय भएको वा तत्सम्बन्धमा कुनै विवादित वा अन्य कारवाई भएको छ, छैन ?

छ)	विवादित कार्य भए गरेको मितिका आधारमा हदम्याद बांकी छ, छैन ?

प्रारम्भिक छानविनको सिलसिलामा कारवाई पनि प्रारम्भिक अवस्थामै रहने तथा छानविन गरी संकलन हुनु पर्ने प्रमाण नष्ट हुन सक्ने सम्भावनालाई समेत दृष्टिगत गरी सो कारवाही गोप्य रहने कानूनी व्यवस्था छ । आयोगमा पर्न आएको उजूरीमा प्रारम्भिक छानवीन गर्ने क्रममा देहाय बमोजिमको कुनै अवस्था विद्यमान भएमा आयोगले कुनै कारवाही नगरी त्यस्तो उजूरी तामेलीमा राख्न सक्दछ ।

क)	सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र बाहेक अन्य कानूनी उपचार भएकोमा त्यसको अवलम्वन नगरी अनुचित कार्य सम्बन्धी उजूरी दिएमा,

ख)	ऐनको हदम्याद नाघेको,

ग)	आयोगको अधिकार र कार्यक्षेत्र भित्रको बिषय नभएको,

घ)	अदालतमा मुद्दा परिरहेको बिषयको,

ङ)	तथ्ययुक्त आधार नभएको,

च)	खिचोला वा टण्टा दिने मनसायको, र

छ)	मामूली कुरा सम्बन्धी ।

तामेलीमा राख्नु पर्ने उपयुक्त आधार नभएका बिषयहरुमा प्रारम्भिक छानवीनको क्रममा अख्तियारको दुरुपयोग भएको देखिन आएमा बिस्तृत अनुसन्धान तहकिकात गर्नको निमित्त सम्बन्धित आयुक्तहरुबाट अनुसन्धान अधिकृत नियुक्त गरी कारवाही अगाडि बढाइन्छ । कुनै बिषयवस्तुको प्रकृति र प्राप्त सूचनाहरुलाई आधार मानेर बिस्तृत अनुसन्धानमा जानु परेमा आयोगले एकैपटक बिस्तृत अनुसन्धान पनि गर्न सक्दछ ।

**बिस्तृत अनुसन्धान तहकिकातको प्रकृया** : प्रारम्भिक छानवीनको रोहबाट बिस्तृत अनुसन्धान गर्नु पर्ने देखिई अनुसन्धान अधिकृत नियुक्त भएका उजूरीमा त्यस्तो अनुसन्धान अधिकृतले सम्बन्धित आयुक्तको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा आरोपित बिषयहरुका बारेमा सम्बन्धित व्यक्तिहरुको बयान वा लिखित जवाफ लिने, निजहरुलाई आवश्यकता अनुसार तारेखमा राख्ने, अन्य थप प्रमाणहरु संकलन गर्ने लगायत अनुसन्धानको क्रममा आवश्यक देखिएका अन्य कार्यहरु सम्पन्न गरी सोही आधारमा अनुसन्धान प्रतिवेदन तयार गरी सो प्रतिवेदन आयोगमा पेश गर्न सम्बन्धित आयुक्त समक्ष प्रस्तुत गर्दछ । सम्बन्धित आयुक्तबाट त्यस्तो प्रतिवेदन सहितको मिसिल अध्ययनपश्चात् अनुसन्धान पूरा नभएको पाएमा थप अनुसन्धानको आदेश हुन सक्छ । अनुसन्धान पूरा भई पेश हुन आएको प्रतिवेदनलाई सम्बन्धित आयुक्तबाट आयोग समक्ष पेश गर्ने आदेश हुन्छ । त्यस्तो प्रतिवेदनमा आयोगमा छलफल गरी आरोपित कसूरको मात्रा, विवादको गाम्भिर्यता, प्रकृति एवं संकलित प्रमाणको प्रमाणिकता समेतलाई दृष्टिगत गरी मुद्दा दायर गर्ने वा विभागीय वा अन्य कारवाहीको सिफारीश गर्ने वा सम्बन्धित निकायको

ध्यानाकर्षण गराउने वा सुझाव दिने वा केही कारवाही गरिरहन नपर्ने गरी उजूरी तामेलीमा राख्ने निर्णय गरिन्छ । आयोगको निर्णयको कार्यान्वयन आयोगको सचिवबाट गर्न वा गराउन लगाइन्छ ।

**आयोगको कामसंग सम्बन्धित मुख्य कानूनहरु :**

⇒ नेपाल अधिराज्यको संविधान, २०४७

⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८

⇒ भ्रष्टाचार निवारण ऐन, २०५९

⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९

⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०५७

## ५. क्षेत्राधिकार

सार्वजनिक पद धारण गरेको कुनै पनि व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्दछ । तर देहायका पदाधिकारीको सम्बन्धमा कारवाही गर्ने अधिकार आयोगलाई प्राप्त छैन :

क) त्यस्तो कारवाहीको सम्बन्धमा संविधानमै छुट्टै व्यवस्था गरिएका पदाधिकारी र

ख) सैनिक ऐन बमोजिम कारवाही हुने पदाधिकारी ।

## ६. प्रशासनिक संगठन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवालयको प्रमुखमा नेपाल सरकारद्वारा नियुक्त राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । आयोगको सचिव पदमा मिति २०६२।७।२० देखि श्री तीर्थराज शर्मा रहंदै आउनु भएको छ । आयोगको संगठन तालिका अनुसूची १ मा र कर्मचारीहरुको पदसोपान एवं संख्या अनुसूची २ मा उल्लेख गरिएको छ । २०६३ आषाढ मसान्त सम्मको तथ्यांक मुताबिक आयोगमा हाल १ जना प्रमुख आयुक्त र ४ जना आयुक्तहरुका अलावा आयोगको अनुसन्धान महाशाखाहरु - ६, मुद्दा महाशाखा - १, प्रहरी महाशाखा - १, प्रशासन महाशाखा - १ र योजना महाशाखा - १ गरी १० वटा महाशाखाहरुमा स्वीकृत दरबन्दी तर्फका १७१ (प्रहरी दरबन्दी समेत), पुल दरबन्दीका १२, काज खटिएका ३७, फाजिल १०, सल्लाहकार ४, ज्यालादारी र सुरक्षाकर्मी समेत गरी जम्मा २६२ जना पदाधिकारी तथा कर्मचारीहरु कार्यरत छन ।

## ७. आयोगको आन्तरिक कार्य विभाजन, बैठक र निर्णय

आयोगमा कार्यरत आयुक्तहरु बीचको कार्य विभाजन र निर्णय प्रकृया निश्चित गरिएको छ । जस अनुसार प्रत्येक मन्त्रालय र सो अन्तर्गतका निकायहरुको काम कारवाहीहरु आयुक्तहरु वीच बाँड फाँड गरिएको छ । त्यसरी बाँड फाँड गरिएका कार्यहरु आफूलाई तोकिएको आयुक्तले तोकिए अनुसार अन्य एक जना आयुक्त समेत संलग्न भै सम्पादन गर्नु पर्ने हुन्छ । यी र यस्ता आन्तरिक कार्यविधिका अन्य व्यवस्थाहरु आयोगको कार्यविधि एवं आयोगको अनुसन्धान मार्ग निर्देशिका लगायत बिभिन्न कार्यविधि एवं निर्णयहरुद्वारा व्यवस्थित गरिएका छन् । आयोगको

महाशाखा वा अनुसन्धान अधिकृतले अनुसन्धान कार्य सम्पन्न गरी सचिव मार्फत् सम्बन्धित आयुक्त समक्ष पेश गरेको कुनै बिषयमा सम्बन्धित आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएका बिषयहरु वा अन्य नीतिगत निर्णय हुनु पर्ने बिषयहरुको कार्यसूची प्रमुख आयुक्तको निर्देशनमा सचिवबाट तय गरिन्छ। यसरी कार्यसूची तयार भएपछि बिषयको जटिलता, अवस्था र शीघ्र निर्णयको आवश्यकता आदिलाई दृष्टिगत गरी प्रमुख आयुक्तको निर्देशन अनुसार कुनै पनि समयमा आयोगको बैठक बसी बहुमतद्वारा निर्णय हुने व्यवस्था छ । यसै अनुरुप आर्थिक वर्ष २०६२/६३ को अवधिमा १९२ पटक आयोगको बैठक बसी ४८२ वटा निर्णयहरु भएका छन ।

## ८. आयोगको निर्णयहरुको वर्गीकरण

आ.व. २०६२/६३ मा आयोगबाट भएका निर्णयहरुलाई प्रतिवेदन अध्ययन गर्ने व्यक्तिलाई सुविधा पुगोस भन्ने उद्देश्यलेयस पछिका परिच्छेदहरुमा कारवाहीको प्रकृति हेरी विभिन्न शिर्षकमा समाविष्ट गरिएको छ । उदाहरणको लागि एउटै निर्णयमा मुद्दा चलाउने, विभागीय कारवाही गर्ने (सेवाबाट हटाउने, तल्लो तहमा घटुवा गर्ने, ग्रेड रोक्का गर्ने, बढुवा रोक्का गर्ने, नसिहत दिने आदि), सचेत गराउने, सुझाव, ध्यानाकर्षण, अभिलेख राख्ने तथा अन्य कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय भएकोमा त्यस्तो विवरण यस पछिका परिच्छेदहरुमा यथास्थानमा राखिएको छ ।

## ९. अधिकार प्रत्यायोजन

आयोगको क्षेत्राधिकार व्यापक भए पनि हाल आयोगको प्रशासनिक संगठन स्थानीय तहसम्म बिस्तार भै नसकेकोले अर्को व्यवस्था नभएसम्मको लागि मिति २०५९।६।१ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीहरुलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ । क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीहरुलाई कानूनी परामर्श प्रदान गर्न पुनरावेदन र जिल्ला सरकारी वकिलहरुलाई पनि केही अधिकार प्रदान गरिएको छ ।

## १०. बजेट व्यवस्था

आर्थिक वर्ष २०६२/६३ मा आयोगको लागि छुट्टयाईएको कूल बजेट रु. १५ करोड ५७ लाख ८६ हजार ६ सय ७५ रुपैंया ४ पैसा मध्ये रु. १३ करोड २६ लाख १ हजार १ सय ७९ रुपैंया ३४ पैसा निकासा भई रु. १३ करोड २६ लाख १ हजार १ सय ७९ रुपैंया ३४ पैसा खर्च भएको छ। यस अघि आर्थिक वर्ष २०६१/६२ मा आयोगको कूल बजेट रु. ८ करोड ५८ लाख ८३ हजार ५ सय १ रुपैंया मध्ये रु. ५ करोड ७७ लाख ९९ हजार ७ सय ७८ रुपैंया ४९ पैसा निकासा भई रु. ५ करोड ७७ लाख ९९ हजार ७ सय ७८ रुपैंया ४९ पैसा खर्च भएको थियो । आर्थिक वर्ष २०६१।६२ सम्म आयोगमा म.ले.प. र आ.ले.प. बेरुजु रहेको छैन । आर्थिक वर्ष २०६२/६३ को आयोगको विनियोजन, निकासा, खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

## परिच्छेद–२
## आ.ब. २०६२/६३ मा आयोगबाट निष्पादित कार्यहरु

### १. आ.ब. २०६२/६३ मा उजूरी र कारवाहीको विवरण :

आर्थिक वर्ष २०६२/६३ मा आयोगमा पर्न आएका कूल उजूरी र ती उजूरीहरु उपर छानवीन, अनुसन्धान भई फछ्र्यौट भएको संख्या निम्न तालीकामा दिईएको छ :

| आ.ब. २०६२/६३ | |
|---|---|
| उजूरी संख्या | फछ्र्यौट संख्या |
| ४३२४ | ३३५३[⊠] |
| **कूल उजूरीको ७७.५४ प्रतिशत फछ्र्यौट** | |

### २. अभियोजन र कारबाहीको विवरण :

आ.ब. २०६२/६३ मा जम्मा १९२ वटा बैठक बसी विभिन्न ४८२ निर्णयहरु अन्तर्गत मुद्दा दायर, विभागीय कारवाही, ध्यानाकर्षण, सचेत लगायतका कारवाहीहरु भएका छन् । सो अवधिमा आयोगको निर्णयबाट भएका कारवाहीको स्थिति निम्न तालीकाबाट स्पष्ट हुन आँउछः

| मुद्दा | पुनरावेदन र पुनरावलोकन | विभागीय कारवाही | ध्यानाकर्षण | सचेत | सुझाव | असूलउपर | अन्य कारवाही | तामेली |
|---|---|---|---|---|---|---|---|---|
| ११४ | ३१ | ४५ | ६ | १९ | १३ | २४ | ६९ | १६१ |

### ३. विशेष अदालतमा दायर गर्न निर्णय भएका मुद्दा र प्रतिवादी संख्या :

आ.ब. २०६२/६३ मा विशेष अदालतमा दायर गर्न निर्णय भएका मुद्दाहरु र सो अन्तर्गत प्रतिवादी वनाइएका व्यक्तिहरुको संख्यात्मक विवरण निम्नानुसार दिइएको छ :

| क्र.सं. | विषय | मुद्दा संख्या | प्रतिवादी संख्या |
|---|---|---|---|
| १ | गैरकानूनी सम्पत्ति आर्जन | ९ | २५ |
| २ | नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र | ६९ | ६९ |
| ३ | बैंक कर्जा हिनामिना | ९ | ६२ |
| ४ | सवारी दर्ता | ४ | २० |
| ५ | राजस्व रकम हिनामिना | ५ | ९ |
| ६ | निर्माण कार्य | १ | ५ |
| ७ | रिसवत | ५ | ५ |
| ८ | किर्ते कागजात | ४ | ५ |
| ९ | जग्गा किनवेच, रोक्का फुकुवा, गैरकानूनी दर्ता | ८ | ३२ |
| | **जम्मा** | **११४** | **२३२** |

[⊠] आ.ब. २०६२।६३ मा फछ्र्यौट भई बाँकी रहन गएका उजूरी संख्या ९७१ चालु आ. व.मा जिम्मेवारी सरेको ।

### ४. विभागीय कारवाही, सचेत र ध्यानाकर्षणका लागि लेखिएका बिषय र व्यक्ति/निकाय संख्याः

| विभागीय कारवाही | | सचेत | | ध्यानाकर्षण | |
|---|---|---|---|---|---|
| विषय | व्यक्ति | विषय | व्यक्ति | विषय | निकाय |
| ४५ | १३९ | १९ | ३६ | ६ | ८ |

### ५. प्रारम्भिक छानविनबाट भएको कारवाहीको विवरणः

आ.ब. २०६२/६३ मा आयोगमा परेका उजूरीहरु माथि विभिन्न अनुसन्धान महाशाखाहरुबाट प्रारम्भिक छानविन भै कारवाहीका लागि विभिन्न कार्यालयहरुमा लेखेर लगत कट्टा गरिएको र कारवाही गर्न नपर्ने भै तामेलीमा राखिएका उजूरीहरुको संख्यात्मक स्थिति तलको तालीकाबाट प्रष्ट हुन्छ :

| तामेली | सचेत | | विभागीय कारवाही | | ध्यानाकर्षण |
|---|---|---|---|---|---|
| | विषय | व्यक्ति | विषय | व्यक्ति | निकाय |
| १४९१ | १ | ६ | १ | १ | ५ |

### ६. महाशाखागत उजूरी फछ्र्यौटको विवरण :

आ.व. २०६२/६३ को अवधिमा अघिल्लो आर्थिक बर्षबाट जिम्मेवारी सरी आएका तथा नयाँ दर्ता भएका उजूरी समेत जम्मा उजूरी र फछ्र्यौट भएका उजूरीको संख्यात्मक स्थिति तलको तालीकाबाट प्रष्ट हुन्छ ।

| महाशाखा नं | जम्मा उजूरी | फछ्र्यौट | बाँकी |
|---|---|---|---|
| १ | ८१८ | ६०१ | २१७ |
| २ | ६५४ | ५४३ | १११ |
| ३ | ७१० | ५८२ | १२८ |
| ४ | ४६१ | ३७६ | ८५ |
| ५ | ५३६ | ४४९ | ८७ |
| ६ | ८५२ | ५८३ | २६९ |
| वित्तीय छानविन कार्यदल [१] | १०६ | ७८ | २८ |
| शैक्षिक प्रमाणपत्र छानविन कार्यदल | १८७ | १४१ | ४६ |
| ***जम्मा*** | ४३२४ | ३३५३ | ९७१ |

### ७. अनुसन्धान अधिकृत तोकिएको तथा मन्त्रालय वा अन्तर्गत कारवाहीको लागि लेखी पठाएको बिवरणः

आ.व. २०६२/६३ मा आयोगमा रहेका उजूरीहरु माथि विभिन्न महाशाखाहरुबाट छानविनका क्रममा विस्तृत अनुसन्धानका लागि अनुसन्धान अधिकृत तोकिएका उजूरीहरुको संख्या र

[१] मिति २०६१/४/७ मा गठन भएदेखि)

सम्बन्धित निकायहरुबाटै कारवाही टुङ्गो लगाउन पठाइएका उजूरीहरुको मन्त्रालयगत विवरण देहायमा उल्लेख गरिएको छ :

| **महाशाखा नं./ कार्यदल** | **सम्वन्धित मन्त्रालयहरु** | **अनुसन्धान अधिकृत तोकिएको संख्या** | **मन्त्रालय वा सो अन्तर्गतका क्षेत्र वा जिल्ला स्थित कार्यालयमा लेखी पठाएको संख्या** |
|---|---|---|---|
| १ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय<br>जलस्रोत मन्त्रालय<br>कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय<br>महालेखा परिक्षकको विभाग<br>लोक सेवा आयोग<br>निर्वाचन आयोग | ४१ | ३१६ |
| २ | स्थानीय विकास मन्त्रालय<br>कृषि तथा सहकारी मन्त्रालय<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | ३८ | २०९ |
| ३ | वन तथा भू-संरक्षण मन्त्रालय<br>भौतिक योजना तथा निर्माण मन्त्रालय<br>गृह मन्त्रालय<br>परराष्ट्र मन्त्रालय | २९ | २७० |
| ४ | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय<br>सामान्य प्रशासन मन्त्रालय<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २६ | ७२ |
| ५ | अर्थ मन्त्रालय<br>श्रम तथा यातायात व्यवस्था मन्त्रालय<br>सूचना तथा सञ्चार मन्त्रालय<br>राष्ट्रिय योजना आयोग<br>महालेखा नियन्त्रकको कार्यालय | १७ | १५० |
| ६ | शिक्षा तथा खेलकूद मन्त्रालय<br>रक्षा मन्त्रालय<br>संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २५ | २५१ |
| वित्तीय छानविन कार्यदल | | २८ | ४ |
| शैक्षिक प्रमाणपत्र छानविन कार्यदल | | ९१ | ४८ |
| | **जम्मा:-** | **२९५** | **१३२०** |

## ८. गैर कानूनी सम्पत्ति आर्जन सम्वन्धमा दायर गर्न निर्णय भएका मुद्दाहरुको विवरण :

| क्र.सं. | आयोगको निर्णय संख्या र मिति | प्रतिवादीहरु | विगो रकम ( ने. रु.) |
|---|---|---|---|
| १. | ३०<br>२०६२/४/२६ | सहसचिव नरेन्द्रमान श्रेष्ठ<br>रीतादेवी श्रेष्ठ<br>निरज श्रेष्ठ<br>निसान्त श्रेष्ठ | १,४१,८०,२३८।५२ |
| २. | ३५<br>२०६२/४/२८ | गोकर्ण पौडेल | २,०६,३०,९१६।५३ |
| ३. | ४७<br>२०६२/५/१ | प्रमुख नापी अधिकृत वामदेव दिप अधिकारी<br>विष्णुकुमारी अधिकारी<br>रमला दिप अधिकारी<br>हेमा थापा<br>सिताराम भट्ट | १,०१,७५,५६४।२७ |
| ४. | ५३<br>२०६२/५/६ | पूर्व सहसचिव सावित्री राजभण्डारी<br>मोनिसा राजभण्डारी (वस्नेत) | २,९३,१५,३०७।८३ |
| ५. | ८४<br>२०६२/५/२९ | सहसचिव विरेन्द्रकुमार सिंह<br>प्रमिलादेवी सिंह<br>प्रविण सिंह<br>स्वेता सिंह | १,३६,१३,६५४।४२ |
| ६. | १८९<br>२०६२/८/२० | उपमहानिर्देशक तनुकलाल यादव<br>लिलावती यादव<br>अभिषेक यादव | १,२४,८२,४४८।८२ |
| ७. | २५९<br>२०६२/१०/१९ | सहसचिव नगेन्द्रप्रसाद घिमिरे<br>कवितादेवी घिमिरे | १,६९,७६,५३८।९३ |
| ८. | ४४९<br>२०६३/३/४ | उपसचिव मुरारीवहादुर कार्की<br>शकुन्तला कार्की | १,६३,६७,५६०।९२ |
| ९. | ४६५<br>२०६३/३/१२ | उपसचिव शेखरनाथ खनाल<br>भवानी खनाल | ३,२०,००,९६२।७१ |
| **जम्मा** | | | **रु १६,५७,४३,१९२।९५** |

## ९. नक्कली शैक्षिक प्रमाणपत्र सम्वन्धी मुद्दा दायर गर्न भएका निर्णयहरु :

आर्थिक बर्ष २०६२/६३ मा देहायमा उल्लेखित सरकारी कार्यालय, संस्थान र शैक्षिक निकायमा कार्यरत निम्न लिखित कर्मचारीहरुले शुरु नियुक्ति र बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली भएको तथ्य प्रमाणित हुन आएकोले तिनीहरु बिरुद्ध विशेष अदालतमा मुद्दा दायर गर्ने निर्णय भएको छ :-

| क. सं. | निर्णय संख्या र मिति | नाम | पद र कार्यालय |
|---|---|---|---|
| १. | १६<br>२०६२/४/१४ | लक्ष्मीवहादुर महर्जन | कारपेन्टर (पाँचौ तह), जनक शिक्षा सामाग्री केन्द्र लिमिटेड, सानोठिमी |
| २. | १७<br>२०६२/४/१४ | दल बहादुर मगर | ट्रान्समिटर अपरेटर, नेपाल टेलिभिजन |
| ३. | ३१<br>२०६२/४/२६ | घनश्याम पौडेल | प्रधान सहायक, कर्मचारी संचय कोष |
| ४. | ३२<br>२०६२/४/२६ | वद्री प्रसाद वराल | गा.वि.स. सचिव, तुलसी गा.वि.स. धनुषा |
| ५. | ६९<br>२०६२/५/२० | रमेश चन्द्र गुप्ता | अपरेटर चौथो तह, नेपाल टेलिकम, दूरसंचार कार्यालय, जनकपुर |
| ६. | ७३<br>२०६२/५/२७ | गिता सेन | सहायक, तह-४,<br>नेपाल खाद्य संस्थान, अंचल कार्यालय, विराटनगर |
| ७. | ८०<br>२०६२/५/२८ | शेर बहादुर साहु | खरिदार, सुदुर पश्चिमाञ्चल खेलकूद विकास समिति |
| ८. | ९१<br>२०६२/६/२ | दान बहादुर शाही | ना.सु., खानेपानी तथा सरसफाई सबडिभिजन कार्यालय, बाजुरा |
| ९. | ११२<br>२०६२/६/१२ | तेजवहादुर चन्द | रेञ्जर, जिल्ला वन कार्यालय, बर्दिया अन्तर्गत |
| १०. | १४९<br>२०६२/७/२४ | रामजीत यादव | प्रधानाध्यापक, पिपरी वरवासी प्रा.वि., रुपन्देही |
| ११. | १५७<br>२०६२/७/२९ | कृष्ण वहादुर कुँवर | गोदाम रक्षक ने.बै.लि., सिदार्थनगर शाखा |
| १२. | १५८<br>२०६२/७/२९ | कुम्भ सिंह पुन | वरिष्ठ नगद सहायक,<br>नेपाल बैक लिमिटेड, दांग |
| १३. | १६८<br>२०६२/८/९ | श्रीराम के.सी. | सहायक ख., राष्ट्रिय वाणिज्य वैंक |
| १४. | १६९<br>२०६२/८/९ | राम प्रसाद ढकाल | सहायक ख., राष्ट्रिय वाणिज्य वैंक |
| १५. | १७०<br>२०६२/८/९ | बबी शर्मा | सहायक ख., राष्ट्रिय वाणिज्य वैंक |
| १६. | १७१<br>२०६२/८/९ | प्रकाश कुमार ढकाल | कार्यालय प्रमुख, नेपाल खाद्य संस्थान, ताप्लेजुङ |
| १७. | १७२<br>२०६२/८/९ | दुर्गा प्रसाद खनाल | सहायक केमिष्ट, उदयपुर सिमेन्ट उद्योग लिमिटेड |

| क. सं. | निर्णय संख्या र मिति | नाम | पद र कार्यालय |
|---|---|---|---|
| १८. | १७३<br>२०६२/८/९ | बर्षा बस्नेत | कम्प्यूटर क्लर्क, वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिस्ठान, धरान |
| १९. | १९१<br>२०६२/८/२१ | परेश तुलाधर | टेलिप्रिन्टर सुपरभाइजर, नेपाल टेलिकम दूर संचार कार्यालय, उर्लावारी, मोरंग |
| २०. | १९२<br>२०६२/८/२१ | रंजीता पौडेल | सहायक स्तर तह चार , नेपाल टेलिकम क्षेत्रीय निर्देशनालय, बिराटनगर |
| २१. | १९८<br>०६२/८/३० | विष्णु कुमार श्रेष्ठ | वरिष्ठ सहायक (प्राविधिक), घरेलु तथा साना उद्योग विकास समिति, जाजरकोट |
| २२. | २१०<br>२०६२।९।१० | अर्जुन वहादुर खड्का | सहायक तृतिय, साझा स्वास्थ्य सेवा |
| २३. | २११<br>२०६२।९।१० | शान्ता गिरी | सहायक द्धितिय, साझा स्वास्थ्य सेवा |
| २४. | २१२<br>२०६२।९।१० | पार्वती सापकोटा | स्टाफ नर्स, मेची अंचल अस्पताल, भद्रपुर |
| २५. | २२३<br>२०६२।९।१९ | चक्र वहादुर शाह | सहायक चौथो, नेपाल खाद्य संस्थान |
| २६. | २४०<br>२०६२।१०।३ | आशाा काजी मर्हजन | प्रमुख प्रेसम्यान, तह ५, गोर्खापत्र संस्थान |
| २७. | २८७<br>२०६२/११/१६ | यज्ञराज पाण्डे | वरिष्ठ सहायक (तह ५), दि टिम्वर कर्पोरेशन अफ नेपाल लि. |
| २८. | २८८<br>२०६२/११/१६ | मुरलीधर भट्ट | सहायक इन्जिनियर (तह ६), नेपाल विद्युत प्राधिकरण |
| २९. | २८९<br>२०६२/११/१६ | गणेश प्रसाद भट्ट | सुपरभाईजर (तह पांच), नेपाल विद्युत प्राधिकरण |
| ३०. | २९०<br>२०६२/११/१६ | हेम कुमारी भट्टराई | प्राथमिक तह तृतीय श्रेणीको शिक्षक, मंगलमय मा.वि., लखनपुर, झापा |
| ३१. | ३००<br>२०६२/११/१८ | माधव लाल कर्ण | सहायक खजाञ्ची, राष्ट्रिय वाणिज्य वैंक जनकपुर शाखा |
| ३२. | ३०१<br>२०६२/११/१८ | गोपाल बजगाई | सहायक खजाञ्ची, राष्ट्रिय वाणिज्य वैंक शाखा कार्यालय उर्लाबारी |
| ३३. | ३१९<br>२०६२/११/२५ | कृष्णकुमार श्रेष्ठ | नगर प्रहरी सहायक निरिक्षक |
| ३४. | ३२०<br>२०६२/११/२५ | आनन्दकुमार ठाकुर | असिस्टेण्ट ईन्जिनियर, नेपाल टेलीकम |

| क. सं. | निर्णय संख्या र मिति | नाम | पद र कार्यालय |
|---|---|---|---|
| ३५. | ३३४<br>२०६२/१२/८ | प्रवेशमान श्रेष्ठ | सहायक स्टोर किपर, नेपाल विद्युत प्राधिकरण, कर्मचारी कल्याण महाशाखा, रत्नपार्क |
| ३६. | ३३५<br>२०६२/१२/८ | रामशरण खड्का | इलेक्ट्रिशियन, नेपाल विद्युत प्राधिकरण, नक्साल उपशाखा |
| ३७. | ३४५<br>२०६२/१२/११ | प्रेम वहादुर खड्का | डिपो प्रमुख<br>(तह ५), नेपाल खाद्य संस्थान, डिपो कार्यलय, मंगलसेन |
| ३८. | ३५९<br>२०६२/१२/२८ | कला वजगाई | विमान परिचारिका, नेपाल वायुसेवा निगम |
| ३९. | ३७४<br>२०६३/१/१३ | लक्ष्मण प्रसाद आचार्य | खरिदार सरह, सहायक चौथो तह, नेपाल खाद्य संस्थान भैरहवा शाखा |
| ४०. | ३७८<br>२०६३/१/१७ | केशव बहादुर के.सी. | प्रशासकीय सहायक,<br>(सहायकस्तर प्रथम, प्र.) |
| ४१. | ३७९<br>२०६३/१/१७ | मुरारी प्रसाद पराजुली | अधिकृतस्तर सातौं तह (का.मु.प्रबन्धक)<br>प.ग्रा.वि.बैंक लि. प्रधान कार्यालय वुटवल अन्तर्गत इलाका कार्यालय परासी |
| ४२. | ३९३<br>२०६३/२/२ | प्रेम नारायण महतो | सहायक चौथो तह नेपाल खाद्य संस्थान शाखा कार्यालय गोरखा |
| ४३. | ३९६<br>२०६३/२/४ | सुनिल कुमार ठाकुर | आर्किटेक्चरल ओ.सि., जनकपुर नगरपालिका |
| ४४. | ३९८<br>२०६३/२/८ | राजेन्द्र थापा | वरिष्ठ अधिकृत, उदयपुर सिमेन्ट लि. |
| ४५. | ४०४<br>२०६३/२/९ | वालकृष्ण थापा | प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, सर्लाही |
| ४६. | ४१२<br>२०६३/२/१५ | दिल वहादुर खड्का | जुनियर टेक्नीकल असिष्टेन्ट, दुग्ध विकास संस्थान हेटौडा दुग्ध वितरण आयोजना |
| ४७. | ४१३<br>२०६३/२/१५ | भरत राज श्रेष्ठ | वरिष्ठ सहायक, राष्ट्रिय वाणिज्य वैंक, शाखा कार्यालय धनगढी । |
| ४८. | ४१४<br>२०६३/२/१५ | कृष्ण प्रसाद प्याकुरेल | सहायक ख, राष्ट्रिय वाणिज्य वैंक, शाखा कार्यालय डोटी |
| ४९. | ४१५<br>२०६३/२/१५ | नारायण वहादुर तामाङ | अप्रेटर, नेपाल टेलिकम काठमाडौं क्षेत्रीय निर्देशनालय, सुनधारा अन्तर्गत केन्द्रीय टेलिग्राफ त्रिपुरेश्वर |
| ५०. | ४१६<br>२०६३/२/१५ | ध्रुवप्रसाद सत्याल | बरिष्ठ सहायक (बाइडिंग) तह ५, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड |
| ५१. | ४१७<br>२०६३/२/१५ | उत्सव जी जंग शाह | जुनियर कप्तान,<br>नेपाल वायु सेवा निगम |

| क. सं. | निर्णय संख्या र मिति | नाम | पद र कार्यालय |
|---|---|---|---|
| ५२. | ४१९<br>२०६३/२/१५ | भाष्कर मजगैंया | सहायक, तह चार<br>नेपाल खाद्य संस्थान, अंचल कार्यालय, तुलसीपुर |
| ५३. | ४२०<br>२०६३/२/१६ | लोकेन्द्र प्रसाद तिमिल्सिना | सहायक तह ४, दि टिम्वर कर्पोरेशन अफ नेपाल लि. |
| ५४. | ४२१<br>२०६३/२/१६ | गिता श्रेष्ठ | कनिष्ठ सहायक, नेपाल खानेपानी संस्थान |
| ५५. | ४२२<br>२०६३/२/१६ | तारानाथ दाहाल | सातौं तह अधिकृत, नेपाल नागरिक उड्डयन प्राधिकरण |
| ५६. | ४२४<br>२०६३/२/१७ | भक्तमान श्रेष्ठ | सहायक तृतीय, साझा स्वास्थ्य सेवा, भरतपुर शाखा |
| ५७. | ४२५<br>२०६३/२/१७ | मुकेश वहादुर कडायत | सहायक अधिकृत, नेपाल नागरिक उड्डयन प्राधिकरण |
| ५८. | ४२६<br>२०६३/२/१७ | टुकराज पाठक | नेपाल राष्ट्र माध्यमिक विद्यालय, चोकठांटी, पेलाकोट ७ स्यांगजा |
| ५९. | ४३५<br>२०६३/२/२४ | अनिल कुमार थापा | वरिष्ठ सहायक, नेपाल वैंक लिमिटेड |
| ६०. | ४५३<br>२०६३/३/७ | रोम बहादुर लामा | जुडो सहायक प्रशिक्षक, राष्ट्रिय खेलकूद परिषद् |
| ६१. | ४५५<br>२०६३/३/८ | डक्टर प्रसाद पराजुली | अप्रेटर, नेपाल टेलिकम, दूर संचार कार्यालय खांदवारी |
| ६२. | ४५६<br>२०६३/३/८ | नीरा रसिक राई | तत्कालिन नगद सहायक, नेपाल राष्ट्र बैंक |
| ६३. | ४५७<br>२०६३/३/८ | राम प्रसाद सापकोटा | सहायक द्वितीय, साझा स्वास्थ्य सेवा, केन्द्रिय कार्यालय, काठमाडौं |
| ६४. | ४५८<br>२०६३/३/८ | कलिम अन्सारी | जुनियर क्लर्क, बि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान |
| ६५. | ४५९<br>२०६३/३/८ | कन्हैयालाल कर्ण | रिसेप्सनिष्ट, बि.वि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान |
| ६६. | ४६०<br>२०६३/३/८ | सुख चन्द्र सिंह | सहायक द्वितीय साझा स्वास्थ्य सेवा, केन्द्रिय कार्यालय, काठमाडौं |
| ६७. | ४६१<br>२०६३/३/८ | उत्तम शाही | जुनियर मेकानिक्स, नेपाल खाद्य संस्थान |
| ६८. | ४६६<br>२०६३/३/१३ | दिनेश अर्याल | लेखापाल, बुटवल बहुमुखी क्याम्पस. |
| ६९. | ४६७<br>२०६३/३/१३ | नईम अन्सारी | जुनियर क्र्लक, वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान |

माथि उल्लेखित अभियुक्तहरुले नक्कली शैक्षिक प्रमाणपत्रहरु पेश गर्नुको प्रयोजन अनुसूची ४ मा दिइएको छ । नक्कली प्रमाणपत्र सम्बन्धमा आ.व. ०५७/५८ देखि आ.व. ०६२/६३ सम्म भएको फैसला विवरण र शैक्षिक प्रमाणपत्र सम्बन्धि मुद्दाहरुमा सफलता/असफलताको अनुपात अनुसूची ५ मा दिइएको छ ।

## १०. सवारी दर्ता अनियमितता सम्वन्धमा मुद्दा दायर गर्न भएका निर्णयहरुको बिवरण :

| क्र. सं. | आयोगको निर्णय संख्या र मिति | विषय | प्रतिवादी (हरु) | विगो रकम (ने. रु.) |
|---|---|---|---|---|
| १. | ३०४<br>२०६२/११/१९ | भन्सार कागजात नभएको सवारी साधन बा. २ च. ९६५८ समेत गैर कानूनी तवरबाट दर्ता गरेको | उपसचिव अव्दुल रइस खाँ<br>ना.सु. हुकुमवहादुर कार्की<br>सवारी धनी राजकुमार श्रेष्ठ<br>सवारी धनी सुरेन्द्रमान शाक्य | ३२,७३,२७९।३५ |
| २. | ४३०<br>२०६३/२/२१ | चोरीका गाडी दर्ता तथा सरुवा गरी भ्रष्टाचार गरेको | शा.अ. मुक्तिप्रसाद आचार्य<br>खरिदार मोहनवहादुर हमाल<br>शा.अ. कमलप्रसाद ढकाल<br>ना.सु. प्रेमवहादुर सिंह<br>खरिदार महेश्वर भट्ट<br>अस्मिलाल कँडेल<br>छविलाल कँडेल | ४१,९५,५९७। |
| ३. | ४३७<br>२०६३/२/२५ | चोरीका गाडी दर्ता तथा सरुवा गरी भ्रष्टाचार गरेको | शा.अ. कमलप्रसाद ढकाल<br>ना.सु. प्रेमवहादुर सिंह<br>खरिदार महेश्वर भट्ट<br>अस्मिलाल कँडेल<br>मेकानिक श्रीकृष्ण महर्जन | ३५,८३,६४१। |
| ४. | ४३९<br>२०६३/२/२८ | चोरीका गाडी दर्ता तथा सरुवा गरी भ्रष्टाचार गरेको | ना.सु. राजुलाल शर्मा<br>खरिदार ध्रुवराज रेग्मी<br>अस्मिलाल कँडेल<br>छविलाल कँडेल | ५,८८,९८४।२२ |
| | | | **जम्मा** | **रु १,१६,४१,५०१।५७** |

## ११. गैरकानूनी कर्जा कारोवार/बैंक हिनामिना/ प्रतितपत्र कारोवार लगायतका विषयमा मुद्दा दायर गर्न भएका निर्णय सम्वन्धी बिवरण :

| क्र. सं. | आयोगको निर्णय संख्या र मिति | विषय | प्रतिवादी (हरु) | विगो रकम (ने.रु.) |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | ५४<br>२०६२/५/७ | उद्योग व्यापार एवं परियोजना नै नभएका र आवश्यक कागजात नभएका फर्महरुलाई समेत कर्जा दिई ५ देखि १५ प्रतिशत सम्म कमिशन लिने गरेका | प्रवन्धक करमसिंह भण्डारी<br>शा.अ. गोविन्दप्रसाद जोशी<br>गा.वि.स सचिव दिनेशकुमार पोखरेल<br>सर्भेक्षक रामहरी खत्री<br>नापी निरीक्षक देवनारायण ठाकुर<br>अमिन उमाकान्त यादव<br>नगद सहायक पुण्यप्रसाद वराल<br>ले.पा. मधुसुधन महत<br>वडाध्यक्ष श्यामवहादुर विष्ट<br>गा.वि.स. अध्यक्ष साजन श्रेष्ठ<br>शा.अ. मिनवहादुर जि.सी.<br>वडाध्यक्ष शरदविनोद अर्याल<br>नापी निरीक्षक हवेन्द्रप्रसाद देव<br>गा.वि.स. अध्यक्ष किरणवहादुर विष्ट<br>सर्भेक्षक युवराज ढुंगाना<br>सर्भेक्षक विदुरकुमार भण्डारी<br>प्रो. नवराज खत्री<br>प्रो. दिपक सापकोटा<br>प्रो. पृथ्वीराज सिंह<br>प्रो. सुमित्रा शाह<br>प्रो. सुमन महर्जन<br>प्रो. उषा सिजापति<br>प्रो. राजु खत्री<br>समेत<br>२३ | ८२, ७६, ९४६।०० |
| २. | ६४<br>२०६२/५/१६ | राष्ट्रिय बाणिज्य बैंक, बानेश्वर शाखाबाट नेपाल प्रोफेशनल गार्मेन्ट प्रा.लि.लाई प्रवाह भएको कर्जा र प्रतीतपत्र कारोबारमा अनियमितता | केवलकृष्ण खन्ना, प्रबन्धक दिलिप कुमार श्रेष्ठ, प्रबन्धक श्रीकृष्ण श्रेष्ठ, प्रबन्धक बीरेन्द्रनाथ लोहनी, लेखा अधिकृत भरत बहादुर बस्नेत, सह लेखा अधिकृत गीता पराजुली, बरिष्ठ सहायक महेन्द्रभक्त प्रधानाङ्ग, जुनियर टेक्निसियन वाल प्रसाद न्यौपाने | १८,००,२२,२६५।९४ |
| ३. | ८९<br>२०६२/५/३० | अनिता इलेक्ट्रीक एण्ड मेकानिक कम्पनी प्रा.लि., रवि इन्टरनेशनल र काठमाण्डौ टुक टुक प्रा.लि. का सञ्चालक | तत्कालिन का.मु. महाप्रबन्धक जलनकुमार शर्मा, उपमहाप्रबन्धक रामचन्द्र महर्जन, विभागीय प्रमुख भरत कुमार पोखरेल र शाखा प्रमुख गोपाल प्रसाद | ११,८५,५३,२३४। |

| | | | | |
|---|---|---|---|---|
| | | जगरनाथप्रसाद सोनार समेतबाट कृषि विकास वैंकबाट हायरपर्चेज कर्जा लिँदा अनियमितता भएको | घिमिरे संचालकहरु जगरनाथप्रसाद सोनार, सुश्री शरोज शर्राफ र रविन्द्रकुमार शर्राफ, अनिता इलेक्ट्रिकल एण्ड मेकानिकल कम्पनी प्रा. लि., सो कम्पनीका संचालकहरु श्रीमती अनिता शर्राफ र श्रीमती कोशिला सोनारिन र रवि इन्टरनेशनल र त्यसको प्रोपाइटर रविन्द्रकुमार शर्राफ | |
| ४. | १९९<br>२०६२/९/४ | पूर्वाञ्चल ग्रामीण विकास वैंकका फिल्ड सहायकले प्रमाण च्याती भ्रष्टाचार गरे | फिल्ड सहायक प्रेमप्रसाद कोइराला र मोतिलाल चौधरी | १२, २६,६५२।२४ |
| ५. | २८२<br>२०६२/११/११ | रा.वा.वैंक वानेश्वर शाखाले सनम एण्ड सल्मा ट्रेडसलाई कर्जा प्रवाह गर्दा भ्रष्टाचार भएको | प्रवन्धक श्रीकृष्ण श्रेष्ठ<br>वरिष्ठ सहायक महेन्द्रभक्त प्रधानाङ्ग<br>सहायक रामप्रसाद राई<br>सहायक वालप्रसाद न्यौपाने<br>प्रो. डम्वरवहादुर थापा | ६९,९७,४२८। |
| ६. | २८३<br>२०६२/११/११ | रा.वा.वैंक भोटाहिटी शाखाले मुन्दडा इम्पेक्सलाई कर्जा प्रवाह गर्दा भ्रष्टाचार भएको | प्रवन्धक तीर्थप्रसाद न्यौपाने<br>ले.अ. अनिलकुमार भण्डारी<br>वरिष्ठ सहायक रघुवरराज पाण्डे<br>प्रो. शुभाष चन्द मुन्दडा | १,००,६६,६८७। |
| ७. | २८४<br>२०६२/११/११ | रा.वा.वैंक भोटाहिटी शाखाले न्यू सपिङ्ग इन्टरप्राइजेजलाई कर्जा प्रवाह गर्दा भ्रष्टाचार भएको | प्रवन्धक गोपालवहादुर श्रेष्ठ<br>ले.अ. अनिलकुमार भण्डारी<br>वरिष्ठ सहायक रघुवरराज पाण्डे<br>प्रो. चक्रप्रसाद पण्डित | ४८,२०,४५०।४० |
| ८. | २९१<br>२०६२/११/१६ | पदीय दुरुपयोग गरी भ्रष्टाचारजन्य कार्य गरी बैंकलाई हानि नोक्सानी पुऱ्याएका | सहायक प्रवन्धक कैलाशप्रसाद श्रेष्ठ | ४४,२७,६४३।०४ |
| ९. | ३१४<br>२०६२/११/२२ | राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय कलैया बाराबाट भोला बाबा गल्ला भण्डारलाइ कर्जा प्रवाह गर्दा भ्रष्टाचार गरेको | ऋणी पुनदेवप्रसाद दास<br>प्रवन्धक पुरुषोत्तम बराल<br>जे.टि. श्यामवहादुर पोखरेल | १७,२१,२४२। |
| **जम्मा** | | | | रु.३३,६१,१२,५४८।६२ |

## १२. निर्माण कार्यमा भएको भ्रष्टाचार उपर मुद्दा दायर गर्न भएका निर्णय सम्बन्धी विवरण :

| क्र. सं. | आयोगको निर्णय संख्या र मिति | विषय | प्रतिवादी (हरु) | विगो रकम (ने.रु.) |
|---|---|---|---|---|
| १ | १३६<br>२०६२/७/११ | सिंचाई योजनामा नक्कली तथा किर्ते विल भरपाई पेश गरेका आधारमा रकम भुक्तानी गरी हिनामिना तथा लिनुखानु गरेको | कार्यालय प्रमुख विनयकुमार गामी, लेखापाल सानुनारायण अधिकारी, ओ.सी विन्देश्वर साह, फिल्डम्यान कुलबहादुर भण्डारी<br>उपभोक्ता समितिका अध्यक्ष टंकवहादुर शाही | २,८९,६६४।१० |
| **जम्मा** | | | | **रु. २,८९,६६४।१०** |

## १३. किर्ते कागजात तयार गरी रकम हिनामिना गरेको सम्वन्धमा मुद्दा दायर गर्न भएका निर्णय सम्वन्धी विवरण :

| क्र.सं. | आयोगको निर्णय संख्या र मिति | विषय | प्रतिवादी | विगो रकम (ने.रु.) |
|---|---|---|---|---|
| १. | ८१<br>२०६२/५/२८ | दोहोरो नागरिकता | मुखिया रामपृत दास | – |
| २. | ११६<br>२०६२/६/१४ | नक्कली परिचय पत्र वनाई नपाएको ओहदा पाँए भनेको | चन्द्रकुमार तामाङ्ग | - |
| ३. | ३३६<br>२०६२/१२/८ | बैंकबाट रकम भुक्तानी लिने चेकहरु कीर्ते गरी खर्च भन्दा बढी रकम भुक्तानी लिई हिनामिना गरी भ्रष्टाचार गरेको | नेपाली सैनिक गठ्ठाघरका ना.सु. देवीप्रसाद लुइटेल | ५४,७०,९६३।४३ |
| ४. | ३७२<br>२०६३/१/१२ | किर्ते नियुक्ती पत्र प्रयोग गरी भ्रष्टाचार गरेको | खरिदारद्वय अम्विका श्रेष्ठ र बालकृष्ण तमखु | ६४३५५२।८० |
| **जम्मा** | | | | **रु. ६१,१४,५१६।२३** |

## १४. राजस्व रकम हिनामिना सम्वन्धमा मुद्दा दायर गर्न भएका निर्णयहरु सम्वन्धी विवरण :

| क्र.सं. | आयोगको निर्णय संख्या र मिति | विषय | प्रतिवादी | विगो रकम (ने.रु.) |
|---|---|---|---|---|
| १ | ६७<br>२०६२/५/१९ | सागर प्रसाद वाग्लेको हकमा धितो दिएको पिस्तादेवी अग्रवालको नाममा रहेको जग्गा | पिस्तादेवी अग्रवाल<br>नरेश अग्रवाल<br>शिवकुमार अग्रवाल | ५३,३७,५००।०० |

| | | | | |
|---|---|---|---|---|
| | | फुकुवा गरिदिई भ्रष्टाचार गरे | गोपाल जोगाई अनिलसिंह धामी शेरवहादुर कटुवाल | |
| २ | ८६ २०६२/५/२९ | विद्यालयको रकम हिनामिना | प्रधानाध्यापक दिलिपकुमार मल्ल ठकुरी | २४,३८,८०३।९१ |
| ३ | ९५ २०६२/६/४ | गहते सामुदायीक वन उपभोक्ता समुहको तर्फबाट काठ दाउरा वेच विखन र निकाशी गरेवापत राजश्व नगदै बुझी लिई भौचर बाट कम मात्र बैंक दाखेल गरी रकम लिई खाएको । | जिल्ला वन अधिकृत लाल नारायण सिंह | ४०,०००।०० |
| ४ | २१९ २०६२/९/१३ | आफु जिम्मा रहेको मलखाद तथा अन्य सामग्री समेत खाई मासी हिनामिना समेत गरेको | कृषि सामग्री कम्पनी लि. शाखा कार्यालय त्रिशुली, नुवाकोटका तत्कालीन सहायक द्वितिय श्रीराम खतिवडा | ६,८१,७८३।६८ |
| ५ | २६२ २०६२/१०/२३ | राजश्व रकम बैंक दाखिला नगरी हिनामिना गरी भ्रष्टाचार गरेको | विराटनगर उपमहानगरपालि काका परिचर हेम बहादुर राई | १६,४९,२२३।३८ |
| | | | **जम्मा** | रु. १,०१,४७,३१०।९७ |

## १५. रिसवत लिएको सम्वन्धमा मुद्दा दायर गर्न भएका निर्णयहरु सम्वन्धी विवरण :

| क्र.सं. | आयोगको निर्णय संख्या र मिति | विषय | प्रतिवादी | विगो रकम ( ने. रु.) |
|---|---|---|---|---|
| १ | ११ २०६२/४/१० | नेपाल टेलिकम विर्तामोड शाखाका सुपरभाईजरले टेलिफोन नं. ५४०९३१ ठाउँ सारी गर्दा घुस लिई भ्रष्टाचार गरेको | विजयकुमार दास | १,०००। |
| २ | २६ २०६२/४/२१ | मुद्दा मिलाइदिने सर्तमा घुस लिए | बलराम शर्मा | २०,०००। |
| ३ | ५६ २०६२/५/९ | दुर्घटनामा मृत्यु भएका अमर बहादुर चोखालको बीमा रकम भुक्तानी दिंदा | प्र.जि.अ. ज्ञानप्रसाद भट्टराई | ६,००,०००। |

| | | | | |
|---|---|---|---|---|
| | | रु.६,००,००० (छ लाख) आफैले लिएका | | |
| ४ | ६३<br>२०६२/५/१६ | जलेको बिजुलीको मिटर परिवर्तन गर्न घुस मागेको | प्रशासन अधिकृत कृष्णशरण शर्मा | २५,०००। |
| ५ | १९३<br>२०६२/८/२६ | जुम्ला जिल्लास्थित सरकारी कार्यालयहरुमा लेखापरीक्षण गर्दा गलत नियतबाट अनियमित तवरले रकम असूल उपर गरेको | लेखा परीक्षण अधिकारी स्थानेश्वर ढकाल | २,३४,५००। |
| **जम्मा** | | | | रु. ८,८०,५००। |

## १६. जग्गा किनवेच, रोक्का फुकुवा सम्वन्धमा मुद्दा दायर गर्न भएका निर्णयहरु सम्वन्धी विवरण :

| क्र.सं. | आयोगको निर्णय संख्या र मिति | विषय | प्रतिवादी | विगो रकम ( ने.रु.) |
|---|---|---|---|---|
| १ | ४९<br>२०६२/५/२ | रोक्का रहेको जग्गा रोक्का छैन भनी राजिनामाको लिखत पारित गरिदिएको | नन्दकुमारी पराजुली<br>लक्ष्मीप्रसाद पराजुली<br>राधाप्रसाद घिमिरे | ८,००,०००।०० |
| २ | २२६<br>२०६२/९/२० | रोक्का राखिसकिएको धितो जग्गालाई रोक्का छैन भनि साविक जग्गा धनी सँग मिलेमतो गरी प्रमाणित गरि दिएको | खरिदार गयाप्रसाद ठाकुर<br>सत्रुघन प्रसाद शाह | |
| ३ | २५४<br>२०६२/१०/१२ | मालपोत कार्यालय, नवलपरासीका कर्मचारीको मिलेमतोमा आफू र आफ्ना नातेदारहरुको नाममा सन्धीसर्पण र नदी क्षेत्रभित्रका जग्गा दर्ता गरेको | मालपोत अधिकृत चिरन्जिवीलाल राजभण्डारी<br>किर्तिनाथ चालिसे<br>लक्ष्मिप्रसाद पौडेल<br>लोकनाथ सापकोटा | १,०७,२०,१५६।२५ |
| ४ | २६३<br>२०६२/१०/२५ | मालपोत कार्यालय, नवलपरासीका कर्मचारीको मिलेमतोमा आफू र आफ्ना नातेदारहरुको नाममा सन्धीसर्पण र नदी क्षेत्रभित्रका जग्गा दर्ता गरेको | मालपोत अधिकृत वासुदेव पौडेल<br>गा.वि.स. अध्यक्ष टोलनाथ घिमिरे<br>चेतनाथ शर्मा गौंडेल | १,३९,५३१।२५ |
| ५ | ३४८<br>२०६२/१२/१४ | मालपोत कार्यालय, नवलपरासीका कर्मचारीको मिलेमतोमा आफू र आफ्ना | मालपोत अधिकृत वासुदेव पौडेल<br>खरिदार रामवहादुर | १,३४,८१,८७५ |

| | | | | |
|---|---|---|---|---|
| | | नातेदारहरुको नाममा सन्धीसर्पण र नदी क्षेत्रभित्रका जग्गा दर्ता गरेको | हमाल<br>ना.सु. रामपलटप्रसाद चौधरी<br>गा.वि.स. उपाध्यक्ष किर्तिनाथ चालिसे | |
| ६ | ३५८<br>२०६२/१२/२५ | नक्शामा हेरफेर गरी जग्गा घटवढ बनाई दर्ता गरी भ्रष्टाचार गरेको | अमिन मोहम्मद सलिम राइन | |
| ७ | ३८५<br>२०६३/१/२० | नारायणी नदी किनाराका सार्वजनिक जग्गाहरु मालपोत कार्यालयका कर्मचारीहरु र गैंडाकोट निवासी केशवराज सापकोटा समेतको मिलेमतोमा आफू र आफ्ना नातेदारहरुको नाममा दर्ता गरी भ्रष्टाचार गरेको | मालपोत अधिकृत लक्ष्मीप्रसाद ज्ञवाली<br>खरिदार रामप्रसाद हमाल<br>ना.सु. रामपलटप्रसाद चौधरी<br>उपनिर्देशक प्रेमप्रसाद अधिकारी<br>महानिर्देशक माधवप्रसाद शर्मा<br>मालपोत अधिकृत मधुसुधनप्रसाद थपलिया<br>किर्तिनाथ चालिसे | ४,८९,९६,२५०। |
| ८ | ४४६<br>२०६३/२/३० | संखुवासभा चिचिला सामुदायिक वन क्षेत्रको जग्गा नक्शा सच्याई व्यक्तिको नाँउमा दर्ता गराएको । | सर्भेक्षक रामसागर पण्डित<br>अमिन हरिनारायण यादव<br>खरिदार विष्णुप्रसाद ढकाल<br>खरिदार मोतिलाल बस्नेत<br>किरण शाक्य<br>जागृति घिमिरे<br>हेमराज घिमिरे | |
| **जम्मा** | | | | रु.७,४१,३७,८१२।५० |

यसरी आर्थिक वर्ष २०६२/६३ मा आयोगबाट अभियोजन गर्न निर्णय गरिएका विभिन्न ११४ वटा मुद्दाहरुमा गरी जम्मा रु. ६०,५०,६७,०४६।९४(साठि करोड पचास लाख सतसठ्ठि हजार छयालिस रुपैया चौरानब्बे पैसा) विगो मागदावी लिइएको छ ।

**१७. प्रत्यायोजित अधिकार अन्तर्गत भएका काम कारवाही :**

मिति २०५९।६।१ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीहरुलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ । तद्नुरुप आ.ब. २०६२।६३ मा पाँच बिकास क्षेत्र स्थित क्षेत्रीय प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी ३९१ वटा उजूरी परेकोमा जम्मा ११२ वटा फछ्र्यौट भई २७९ वटा फछ्र्यौट हुन बाँकी नै रहेको विवरण प्राप्त हुन आएको छ । यसरी क्षेत्रीय प्रशासन कार्यालयहरुको कार्यसम्पादनको प्रगति हेर्दा भ्रष्टाचार नियन्त्रणको दिशामा छिटो छरितोपन ल्याई सुधार हुनु पर्ने देखिएको छ । त्यसै गरी ७५ जिल्ला प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी २३१२ वटा उजूरी परेकोमा जम्मा ६४९ वटा फछ्र्यौट भई १६६३ वटा फछ्र्यौट हुन बाँकी नै रहेको विवरण प्राप्त हुन आएको छ । यसरी हेर्दा जिल्ला प्रशासन कार्यालयहरुबाट भएको कार्य सम्पादन आशातित रुपमा प्रभावकारी रहेको छैन । यसका मूल कारक तत्वका रुपमा हाल मुलुकमा विद्यमान असहज परिस्थिति, भ्रष्टाचार सम्वन्धी अनुसन्धान कार्यले प्राथमिकता नपाउनु र अनुसन्धान सम्वन्धी दक्षताको अभाव जस्ता कुराहरुलाई लिन सकिन्छ । यस सम्वन्धी विस्तृत तथ्याङ्क अनुसूची ६ र ७ मा दिइएको छ । आयोगमा परेका कूल उजूरी र फछ्र्यौटको संख्यात्मक विवरण अनुसूची ८ मा दिइएको छ भने कूल उजूरी र फछ्र्यौटको तुलनात्मक विवरण अनुसूची ९ मा दिइएको छ ।

# परिच्छेद - ३
# अभियोजन

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ मा सार्वजनिक पद धारण गरेका व्यक्ति उपर भ्रष्टाचारको आरोप सम्बन्धमा चलेको कारवाही र त्यस सम्बन्धमा भएको अनुसन्धान र तहकीकातबाट निजले सो अपराध गरेको हो भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा आयोगले त्यस सम्बन्धमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सक्दछ भन्ने उल्लेख छ । उल्लेखित प्रावधान अनुरुप आर्थिक वर्ष २०६२।६३ मा कसूरदार ठहरिएका अभियुक्तहरु बिरुद्ध बिशेष अदालत समक्ष दायर गरिएका मुद्दाहरु सम्बन्धी संक्षिप्त विवरण देहायमा उल्लेख गरिएको छ ।

१. नेपाल टेलिकम विर्तामोड शाखाका सुपरभाईजर विजयकुमार दासले टेलिफोन नं. ५४०९३१ ठाउँ सारी गर्दा घुस लिई भ्रष्टाचार गरेको विषय उपर अनुसन्धान गर्दा नेपाल टेलिकम विर्तामोड शाखाबाट टेलिफोन नं. ५४०९३१ को ठाउँसारी गराउने कामका लागि सेवा माग गर्दा त्यहाँका प्राविधिक कर्मचारीले सो काम गरि दिए वापत रुपैया माग गरेकोमा दिन नसक्दा काम भइरहेको छैन, निज कर्मचारी उपर कारवाही होस् भनी खेमराज मिश्रको हकमा यदुनाथ खनालले निवेदन दिएकोमा सो निवेदन उपर कारवाही गर्ने क्रममा झापा जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट रु. १,०००।- का विभिन्न दरका नोटहरु प्रमाणित गरी उल्लिखित प्रमाणित नोटहरु जिल्ला प्रशासन कार्यालय, झापाबाट खटिएका कर्मचारीहरु मार्फत कार्यालयमा बसेकै अवस्थामा नेपाल टेलिकम विर्तामोड शाखाका सुपरभाइजर कर्मचारी विजयकुमार दासलाई नक्कली सेवाग्राही बनी प्रवाहित गरिएकोमा निजबाट बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिन आयो । विजय कुमार दासले अनुसन्धानको क्रममा बयान गर्दा आफ्नो साथबाट उल्लिखित नोटहरु बरामद भएको तथ्यमा सावित रहेबाट निज विजयकुमार दासले आफ्नो ओहदाको काम गरिदिनको लागि रिसवत लिएको तथ्य प्रमाणित हुन आएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) अन्तर्गतको कसूर गरेको देखिंदा सोही ऐनको दफा ३ (१) क. बमोजिम सजायको माग दावी लिई आयोगको मिति २०६२।४।१० को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२. जनक शिक्षा सामाग्री केन्द्र लिमिटेड, सानोठीमीमा कार्यरत रहेका कार्पेन्टर (तह ५) लक्ष्मी बहादुर महर्जनले बढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी शिक्षा तथा खेलकूद मन्त्रालयले यस आयोगमा पठाएको उजूरी उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विहार संस्कृत शिक्षा बोर्ड पटना भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा हेर्दा निज महर्जनका प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएकोले उक्त दफा बमोजिम सजायको माग दावी लिई आयोगको मिति २०६२/४/१४ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३. नेपाल टेलिभिजन, नाम्जे प्रसारण केन्द्र, भेडेटारका ट्रान्समिटर अपरेटर दल बहादुर मगरले बढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन

भनी नेपाल टेलिभिजनले यस आयोगमा पठाएको उजुरी उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित विहार संस्कृत शिक्षा बोर्ड, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएकोले उक्त दफा बमोजिम सजायको माग दावी लिई आयोगको मिति २०६२/४/१४ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४. "मेरा भाई विज्ञान लम्सालले मिति २०६०।१।१८ मा विष सेवन गरी आत्महत्या गरेको मुद्दा प्रहरीबाट तहकिकात भई जिल्ला सरकारी वकील कार्यालय धुलिखेलमा विचाराधिन रहँदा सरकारी वकील वलराम शर्माले मुद्दा मिलाईदिने शर्तमा रु २०,०००।- र एक सेट फर्निचर माग गरेको तर दिन नसक्ने भनी निवेदन गर्दा मुद्दालाई उल्टाई अनावश्यक डर धाक धम्की दिनु भएकोले वाध्य भई मुद्दा मिलाई दिने शर्तमा २०६२।१।१६ मा विहान ९.०० बजे कोटेश्वरबाट सातदोवाटो जाने बस स्टेशनमा निजलाई रु १,०००।- दरको २० थान नोट दिने सहमति भएकोले सुरक्षाकर्मी खटाई निजलाई रङ्गेहात पक्राउ गरी आवश्यक कारवाई गरी पाउँ" भनी जिल्ला अनुगमन समितिका संयोजकलाई सम्बोधन गरी मिति २०६२।१।१५ गते मृतकका दाजु ऋषिराज लम्सालले दिनु भएको निवेदनमा काभ्रेपलाञ्चोक जिल्लाका प्रमुख जिल्ला अधिकारीले "उजूरी निवेदनबाट प्राप्त नोटहरू प्रमाणित गरिदिएको छु । आवश्यक कर्मचारीहरू खटाई नोट वरामद भएमा नोट र मानिस समेत उपस्थित गराउने" भनी तोक लगाए पछि भएको कारवाई स्वरुप जिल्ला न्यायाधिवक्ता बलराम शर्मालाई रु २०,०००।- रिसवत लेनदेन गरेकै अवस्थामा वरामद गरी प्रहरी हिरासतमा रहेका निज बलराम शर्मालाई सम्बद्ध कागजात फायल प्रतिवेदन सहित जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकको मिति २०६२।१।१८ को पत्रबाट आवश्यक कारवाईको लागि आयोगमा उपस्थित गराएकोमा अनुसन्धान गर्दा निज बलराम शर्माले ऋषिराज लम्सालसँग रु २०,०००।- रिसवत लिंदा लिंदै पकडिएको र निजबाट तत्काल नोट बरामद भएको भनी तयार भएको बरामदी मुचुल्काको आधारमा काभ्रेपलान्चोक जिल्लाका जिल्ला न्यायाधिवक्ता बलराम शर्माले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिम कसूर गरेको देखिन आएकोले निज उपर सोही ऐनको सोही दफाको उपदफा (१) को खण्ड (क) बमोजिम सजायको माग दावी लिई आयोगको मिति २०६२।४।२१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन नेपाल सरकारबाट आवश्यक कारवाहीका लागि यस आयोगमा प्राप्त भएको र सो प्रतिवेदनमा उल्लेख भएका तथा यस आयोगमा दर्ता भएका विभिन्न उजुरीहरु समेतका आधारमा तत्कालिन राजस्व अनुसन्धान विभागका महानिर्देशक हाल अर्थ मन्त्रालयका सह-सचिव नरेन्द्रमान श्रेष्ठको जम्मा रु.८६,९६,६५०।- बराबरको सम्पत्ति भएकोमा रु.६९,४७,८८१।- को स्रोत नखुलेको भन्ने उल्लेख भएको सम्बन्धमा छानविन गर्दा नरेन्द्रमान श्रेष्ठ र निजको परिवारको सम्पत्ति वैधानिक आयस्रोतसँग अमिल्दो देखिएको र निजले अस्वाभाविक जीवनस्तर व्यतित गरेको देखिन आएकोले निजको परिवार समेतका नाममा रहेको स्रोत खुल्न नआएको रु.१,४१,८०,२३८।५२ मूल्य बराबरको सम्पत्तिका हकमा अभियोग दावी लिने, निज नरेन्द्रमान श्रेष्ठले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन,

२०५९ को दफा २०(१) बमोजिम कसूर गरेकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम सजाय गरी त्यसरी गैरकानूनी ढङ्गले आर्जन गरेको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग. र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. बमोजिम जफतको माग दावी लिने, गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति निजकी पत्नी रितादेवी श्रेष्ठ तथा छोराहरु निरज श्रेष्ठ र निशान्त श्रेष्ठ समेतका नाममा राखेकोले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग. तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. समेतका आधारमा सो सम्पत्ति जफत गर्ने प्रयोजनका लागि निजहरुलाई समेत प्रतिवादी कायम गरी आयोगको मिति २०६२।४।२६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२. कर्मचारी संचय कोषका सहायक प्रधान पदमा कार्यरत घनश्याम पौडेलले वढुवा तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरु उपर आयोगबाट अनुसन्धान हुंदा सम्वन्धित विश्वविद्यालयबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजायं हुन माग दावी लिई आयोगको मिति २०६२/४/२६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३. धनुषा जिल्ला, तुलसी गा.वि.स.का सचिव वद्री प्रसाद वरालले शुरु नियुक्ति तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु आयोगबाट अनुसन्धान हुँदा सम्वन्धित विश्वविद्यालयबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६ (१) ले पनि कसूर गरेको देखिन आएकोले उक्त दफा बमोजिम सजायको माग दावी लिई आयोगको मिति २०६२/४/२६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४. प्रधानमन्त्रीको स्वकीय सचिव पदमा कार्यरत रहँदा गोकर्ण पौड्यालले भ्रष्टाचार गरी उच्च जीवनयापन गरेको भनी विभिन्न स्रोतबाट प्राप्त हुन आएको जानकारी र उजुरीका आधारमा स्रोत नखुलेको सम्पत्तिको सम्बन्धमा अनुसन्धान गर्दा निज गोकर्ण पौड्यालले वैधानिक आयस्रोतसँग अमिल्दो र अस्वाभाविक जीवनस्तर व्यतित गरेको देखिन आएकोले निजले दबाई छिपाई बेपत्ता पारेको समेत स्रोत खुल्न नआएको रु.२,०६,३०,९१६।५३ बराबरको सम्पत्तिको हकमा अभियोग दावी लिने, निज गोकर्ण पौड्यालले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा ७ (१), दफा १० र दफा १५ तथा त्यसैलाई निरन्तरता प्रदान गरेको हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) बमोजिमको कसूर निज गोकर्ण पौड्यालले गरेको देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा ७ (१), दफा १०, दफा १५, र दफा २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) बमोजिम सजाय गरी त्यसरी भ्रष्टाचार गरी आर्जन गरेको उल्लिखित विगो रु.२,०६,३०,९१६।५३ मध्ये निजको नाममा हाल कायम रहेको बैंक मौज्दात, घर जग्गा र शेयर जफत गरी बैंक बाट निकाली बेपत्ता

पारेको रु. १,४४,०५,७१८।७१ निजको अन्य बैध सम्पतिबाट असूल उपर गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग., दफा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. बमोजिम जफत गर्ने मागदावी लिई आयोगको मिति २०६२।४।२८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन नेपाल सरकारबाट आवश्यक कारवाहीका लागि यस आयोगमा प्राप्त भएको र सो प्रतिवेदनमा उल्लेख भएका तथा यस आयोगमा दर्ता भएका विभिन्न उजुरीहरु समेतका आधारमा प्रमुख नापी अधिकृत वामदेव दीप अधिकारीको सम्बन्धमा अनुसन्धान गर्दा २०३८ सालदेखि सार्वजनिक पद धारण गरेका निज वामदेव दीप अधिकारीको आर्जित सम्पत्ति मध्ये रु. १,०१,७५,५६४।२७ मूल्य बराबरको चल/अचल सम्पत्तिको स्रोत खुलेको देखिन आएन । अतः निज वामदेव दीप अधिकारीले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७ (१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) बमोजिम कसूर गरेको देखिएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७ (१), १० , १५ र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) बमोजिम सजाय गरी त्यसरी गैरकानूनी ढंगले आर्जन गरिएको सम्पत्ति मध्ये निजकी पत्नीको नाममा रहेको घर जग्गा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग. र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. बमोजिम जफतको माग दावी लिने तथा गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ती जफत गर्ने प्रयोजनका लागि विष्णु कुमारी अधिकारी, रमला दिप अधिकारी, हेमा थापा र सिताराम भट्ट समेतलाई प्रतिवादी कायम गर्ने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ अनुरुप आयोगको मिति २०६२/५/१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६. मालपोत कार्यालय, मोरङका रोक्का फाँटका तत्कालिन कर्मचारीहरुले रोक्का रहेको जग्गा रोक्का छैन भनि राजिनामाको लिखित पारित गरिदिएको भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा राष्ट्रिय वाणिज्य बैंक, रानी शाखा, मोरङमा उपरोक्त घर जग्गा धितो राखी कर्जा लिइ मालपोत कार्यालय, मोरङबाट रोक्का भइरहेको घर जग्गा बदनियतपूर्वक नक्कली फुकुवा पत्र बनाई फुकुवा गरी पुनः कृषि विकास बैंक, बैंकिङ कार्यालय, विराटनगरबाट सोही घर जग्गा धितो राखी कर्जा लिई कृषि विकास बैंकको पत्र बमोजिम मालपोत कार्यालय मोरङबाट रोक्का भइरहेको अवस्थामा पनि सोही कार्यालयका रोक्का फाँटका फाँटवाला खरिदार राधाप्रसाद घिमिरेसंग मिलोमतो गरी “रोक्का छैन” भनि प्रमाणित गरी/गराई पुनः सोही घर जग्गा रमादेवी गौतमलाई रु. ८ लाखमा बिक्री गरी आफूहरुलाई फाइदा र बैंकलाई नोक्सानी पुऱ्याएको देखिंदा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजायको माग दावी गरी निज नन्दकुमारी पराजुली र निजका छोरा लक्ष्मीप्रसाद पराजुली विरुद्ध विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो । साथै मालपोत कार्यालय मोरङका रोक्का फाँटका फाँटवाला खरिदार राधाप्रसाद घिमिरेले मालपोत कार्यालय, मोरङमा रोक्का कायम भइरहेको उपरोक्त घर जग्गा, घर जग्गा धनी नन्दकुमारी पराजुली र निजका छोरा लक्ष्मीप्रसाद पराजुलीसंग मिलोमतो गरी “रोक्का छैन” भनी बदनियतपूर्वक

प्रमाणित गरी दिएको र रमादेवी गौतमको नाममा राजिनामाको लिखत पारीत गरी बिक्री गरी सकेपछि "रोक्का छैन" भनी आफूले नियतवस गरेको कार्यलाई ढाकछोप गर्न मिति २०५२।६।३ मा रमादेवी गौतमको नाममा मालपोत कार्यालय, मोरङबाट पारित भएको राजिनामाको लिखतको पुछारमा भएको "रोक्का छैन" भनी आफैले हस्ताक्षर गरेको भागलाई निज राधाप्रसाद घिमिरेले नै प्वाल पारी च्याति आफू बच्ने दुष्प्रयास गरी आफू, नन्दकुमारी पराजुली र लक्ष्मीप्रसाद पराजुलीलाई गैरकानूनी फाइदा र बैंकलाई गैरकानूनी नोक्सान पुऱ्याई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) बमोजिमको कसूर गरेको हुनाले निजलाई उक्त ऐनका उक्त दफा बमोजिम सजायको माग दावी लिई धितो मूल्यांकन भएको रु. ८,००,०००।- वरावरको विगो मागदावी लिई आयोगको मिति २०६२/५/२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७. सम्पत्ति न्यायिक जाँचुबझ आयोग, २०५८ को प्रतिवेदन नेपाल सरकारबाट आवश्यक कारवाहीका लागि यस आयोगमा प्राप्त भई सो प्रतिवेदन एवं अन्य जानकारीहरु समेतको आधारमा पूर्व सहसचिव श्रीमती सावित्री राजभण्डारीले सार्वजनिक पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिको सम्बन्धमा अनुसन्धान हुँदा निज सावित्री राजभण्डारी र निजका पति पूर्व प्रमुख निर्वाचन आयुक्त अच्युत नारायण राजभण्डारी दुवैले २०२२ सालदेखि सार्वजनिक पद धारण गरे पछि आर्जन गरेको कूल सम्पत्ति मध्ये मोनिसा राजभण्डारी (वस्नेत) का नाममा हिमालयन बैंक, पाटन तथा नेपाल बंगलादेश बैंक, पुतलिसडक शाखामा जम्मा गरेको कूल रु.२,५२,९३,५००।- र सो बाट वढे/वढाएको व्याज समेत गरी रु.२,९३,१५,३०७।८३ मूल्य बराबरको सम्पत्तिको स्रोत खुलेको देखिन आएन । निज सावित्री राजभण्डारीले सार्वजनिक पद धारण गरेपछि आफू तथा आफ्ना पति समेतको तलव भत्ता, घर भाडा, वैदेशिक आयबाट प्राप्त रकम मध्ये बचत हुन सक्ने रकम, व्याज, लाभांश, निवृत्तिभरण, मुआब्जा समेतका आयहरुबाट ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. मा क्षेत्रफल २-१२-२-० रोपनी जग्गा खरीद गरी सो जग्गामा विभिन्न घरहरु निर्माण गरेको, सनराइज होम्सको घर खरीद गरेको, काठमाडौं जिल्ला खड्का भद्रकालीमा क्षेत्रफल १-५-०-० रोपनी, भक्तपुर जिल्ला दिव्यश्वरीमा क्षेत्रफल ०-९-२-० रोपनी जग्गा खरीद गरेको, गाडी खरीद गरेको, कम्पनीमा लगानी गरेको र विभिन्न बैंकहरुमा रकम जम्मा गरी मौज्दात रहेको देखिन आयो । निज सावित्री राजभण्डारीकी छोरी मोनिसा राजभण्डारीको नाममा हिमालयन बैंक पुल्चोकमा मिति २०५५।६।२२ मा खाता खोली पटक पटक रु.१,६८,२०,५००।- र नेपाल बंगलादेश बैंकमा मिति २०५५।८।३ मा खाता खोली पटक पटक रु.८४,७३,०००।- जम्मा गरेको देखिन आयो । यी रकमहरुको सम्बन्धमा सावित्री राजभण्डारी तथा शेषकृष्ण श्रेष्ठको वयान कथन समेतवाट उक्त रकमहरु सावित्री राजभण्डारीले लुकाउने छिपाउने मनसायले छोरीको नामको वैंक खातामा राखी राख्न लगाई आफुले सो खाता संचालन गर्ने अख्तियारी लिई सो रकम आफैले परिचालन गरेको देखियो । उपरोक्त आधार कारणबाट निज सावित्री राजभण्डारीले सार्वजनिक पदमा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्ति मध्ये निजकी छोरी मोनिसा राजभण्डारीका नाममा लुकाई छिपाई बैंकमा राखी बैंकबाट झिकी बेपत्ता पारेको रकम समेत रु.२,९३,१५,३०७।८३ मूल्य बराबरको सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो जीवनयापन गरेकोले निज सावित्री राजभण्डारीले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७ (१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१)

बमोजिम कसुर गरेकाले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७ (१), १०, १५ र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) बमोजिम कैद र जरिवाना गरी त्यसरी भ्रष्टाचारजन्य ढंगले आर्जन गरी लुकाई छिपाई वेपत्ता पारेको समेत स्रोत नखुलेको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग. र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. बमोजिम असूल उपर गर्ने माग दावी लिने तथा गैरकानूनी ढंगले सावित्री राजभण्डारीले आर्जन गरेको सम्पत्ति जफत गर्ने प्रयोजनका निमित्त मोनिसा राजभण्डारी (वस्नेत) लाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १६ ग. तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ४७ एवं अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २९ ख. वमोजिम प्रतिवादी कायम गर्ने गरी आयोगको मिति २०६२/५/६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८. कृषि विकास बैंक, बैंकिङ्ग कार्यालय, महाराजगन्जका शाखा प्रवन्धक करमसिंह भण्डारीले कर्जा दिई ५ देखि १५ प्रतिशतसम्म कमिशन लिने गरेको, नतिर्ने नतिराउने मनसायले विभिन्न व्यक्तिहरुलाई ऋण दिने र सो वापत कमिसन लिने लगायतका भ्रष्टाचारजन्य काम गरेको सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२/५/७ को बैठकबाट देहायको निर्णय भयो :

**क. सदिक्षा ह्याण्डिक्र्याफ्ट्सका सम्बन्धमा :**

बैंकबाट कर्जा लिई नतिर्ने दुषित मनसायबाट प्रेरित भई सदिक्षा ह्याण्डिक्र्याफ्ट्स नामको फर्म खडा गरी गराई हुँदै नभएको परियोजना संचालनमा छ भन्ने झुट्ठा व्यहोराको कागज तयार गरी गराई वाणिज्य कर्जा कार्यविधि, २०५० बमोजिम समेत धितोको रुपमा स्वीकार्न अनुपयुक्त जग्गा र हुँदै नभएको घरलाई धितो राखी कर्जा दिने दिलाउने कार्य गरेको र सो कर्जा बापतको साँवा ब्याज हालसम्म पनि चुक्ता नगरी नगराई बैंकलाई गैरकानूनी हानी नोक्सानी र आफू समेतलाई गैरकानूनी लाभ हुने गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले कर्जा कारोवारमा प्रवाह भएको कूल कर्जा रु. १९,९०,०००।- मध्ये बाँकी साँवा रु. १३,५९,१९१।- र असूल उपर हुँदाका मितिसम्म कायम हुन आउने व्याज समेत गरी कायम हुन आएको विगो रकम प्रतिवादी नवराज खत्रीबाट असूल उपर गराउन मागदावी लिई सदिक्षा ह्याण्डीक्र्याफ्ट्सका प्रो. नवराज खत्री, कृषि विकास बैंक, बैंकिङ्ग कार्यालय, महाराजगंजका तत्कालीन प्रवन्धक करमसिंह भण्डारी, तत्कालीन शाखा अधिकृत गोविन्द प्रसाद जोशी, मातातिर्थ गा.वि.स.का तत्कालीन सचिव दिनेश कुमार पोखरेल, नापी शाखा, कलंकीका सर्भेक्षक रामहरि खत्री, नापी निरीक्षक देवनारायण ठाकुर, अमिन उमाकान्त यादव र नेपाल राष्ट्र बैंक, टक्सार विभागका प्रधान नगद सहायक पुण्यप्रसाद वराल विरुद्ध भ्रष्टाचारको कसूरमा कानून बमोजिम हदैसम्म सजायको मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।

**ख. सागर होटल एण्ड लजका सम्बन्धमा :**

कृषि विकास बैंक, बैंकिङ्ग कार्यालय, महाराजगन्जबाट सागर होटल एण्ड लज नामक फर्मका प्रो. दीपक सापकोटालाई कर्जा प्रवाह गर्दा वाणिज्य कर्जा कार्यविधि, २०५० अनुसार समेत धितोको रुपमा स्वीकार्न सर्वथा अनुपयुक्त जग्गा र हुँदै नभएको घरलाई धितो राखी कर्जा दिने दिलाउने कार्य गरेको र सो कर्जा बापतको साँवा ब्याज हालसम्म पनि चुक्ता नगरी बैंकलाई गैरकानूनी

हानि नोक्सानी र आफू समेतलाई गैरकानूनी लाभ हुने गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले कर्जा कारोवारमा प्रवाह भएको कूल कर्जा रु. १०,००,०००।- र असूल उपर हुँदाका मितिसम्म कायम हुन आउने व्याज समेत कायम हुन आएको विगो रकम प्रतिवादी दीपक सापकोटाबाट असूल उपर गराउन मागदावी लिई निज दीपक सापकोटा, कृषि विकास बैंकका तत्कालीन प्रवन्धक करमसिंह भण्डारी, शाखा अधिकृत गोविन्द प्रसाद जोशी, नापी शाखा, कलंकीका सर्भेक्षक रामहरि खत्री र कृषि विकास बैंक बैंकिङ्ग कार्यालय, महाराजगंजका लेखापाल मधुसूदन महत उपर भ्रष्टाचार गरेको कसूरमा कानून बमोजिम हदै सम्म सजायको मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।

**ग. शैलेश्वरी ह्याण्डिक्र्याफ्ट्सका सम्बन्धमा :**

कृषि विकास बैंक, बैंकिङ्ग कार्यालय, महाराजगन्जबाट शैलेश्वरी ह्याण्डिक्र्याफ्ट्स नामक फर्मका प्रो. पृथ्वीराज सिंहलाई कर्जा प्रवाह गर्दा वाणिज्य कर्जा कार्यविधि, २०५० अनुसार समेत धितोको रुपमा स्वीकार्न सर्वथा अनुपयुक्त जग्गा धितो राखी कर्जा दिने दिलाउने कार्य गरेको र सो कर्जा बापतको साँवा ब्याज हालसम्म पनि नबुझाई बैंकलाई गैरकानूनी हानि नोक्सानी र आफू समेतलाई गैरकानूनी लाभ हुने गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले कर्जा कारोवारमा प्रवाह भएको कूल कर्जा रु. १०,२०,०००।- र असूल उपर हुँदाका मितिसम्म कायम हुन आउने व्याज समेत गरी कायम हुन आएको विगो रकम प्रतिवादी पृथ्वीराज सिंहबाट असूल उपर गराउन मागदाबी लिई निज पृथ्वीराज सिंह, तत्कालीन प्रबन्धक करमसिंह भण्डारी, शा.अ. गोविन्द प्रसाद जोशी र कीर्तिपुर नगरपालिका वडा नं. ७ का तत्कालीन वडा अध्यक्ष श्याम बहादुर विष्ट उपर हदैसम्म सजायको मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।

**घ. एभरेष्ट ब्याग उद्योगका सम्बन्धमा :**

कृषि विकास बैंक, बैंकिङ्ग कार्यालय, महाराजगन्जबाट एभरेष्ट ब्याग नामक फर्मका प्रो. सुमित्रा शाहलाई कर्जा प्रवाह गर्दा वाणिज्य कर्जा कार्यविधि, २०५० अनुसार धितोको रुपमा स्वीकार्न सर्वथा अनुपयुक्त जग्गा धितो राखी कर्जा लिने दिने, दिलाउने कार्य गरेको र सो कर्जा बापतको साँवा ब्याज हालसम्म पनि नबुझाई कृषि विकास बैंकलाई गैरकानूनी हानि नोक्सानी र आफूहरु समेतलाई गैरकानूनी लाभ हुने गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले कर्जा कारोवारमा प्रवाह भएको कूल कर्जा रु. १७,००,०००।- र असूल उपर हुँदाका मितिसम्म कायम हुन आउने व्याज समेत गरी कायम हुन आएको विगो रकम प्रतिवादी सुमित्रा शाहबाट असूल उपर गराउन मागदावी लिई निज सुमित्रा शाह, कृषि विकास बैंक बैंकिङ्ग कार्यालय, महाराजगंजका तत्कालीन शाखा प्रवन्धक करमसिंह भण्डारी, शा.अ. गोविन्दप्रसाद जोशी, लेखा सहायक मिनबहादुर जिसी र सैंवु भैंसेपाटी गा.वि.स.का तत्कालीन अध्यक्ष साजन श्रेष्ठ विरुद्ध भ्रष्टाचारको कसूरमा कानून बमोजिम हदैसम्म सजायको मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।

**ङ. सिजापती प्रिन्टिङ्ग प्रेसका सम्बन्धमा :**

कृषि विकास बैंक, बैंकिङ्ग कार्यालय, महाराजगन्जबाट सिजापती प्रिन्टिङ्ग प्रेसका साझेदार सुमन महर्जनका नाममा कर्जा प्रवाह गर्दा वाणिज्य कर्जा कार्यविधि, २०५० अनुसार धितोको रुपमा स्वीकार्न सर्वथा अनुपयुक्त र लालपुर्जामा १-२-०-० रोपनी उल्लेख भए पनि नापी नक्शा र

फिल्डमा ०-१-२-० रोपनी मात्र भएको जग्गा धितो राखी कर्जा दिने दिलाउने कार्य गरेको र सो कर्जा बापतको साँवा ब्याज हालसम्म पनि नवुझाई बैंकलाई गैरकानूनी हानि नोक्सानी र आफू समेतलाई गैरकानूनी लाभ हुने गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले कर्जा कारोवारमा प्रवाह भएको कूल कर्जा रु. २३,७५,०००।- र असूल उपर हुँदाका मितिसम्म कायम हुन आउने व्याज समेत गरी कायम हुन आएको विगो रकम प्रतिवादी सुमन महर्जनबाट असूल उपर गराउन मागदावी लिई निज सुमन महर्जन, उषा सिजापती, कृषि विकास बैंकका तत्कालीन प्रवन्धक करमसिंह भण्डारी, शा.अ. द्वय गोविन्दप्रसाद जोशी र मिनबहादुर जिसी, का.म.न.पा. वडा नं. ३ का तत्कालीन वडा अध्यक्ष शरद विनोद अर्याल र नापी शाखा, डिल्लीवजारका नापी निरीक्षक हवेन्द्र प्रसाद देव विरुद्ध भ्रष्टाचार गरेको कसूरमा कानून बमोजिम हदैसम्म सजायको मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।

**च. टिपिकल स्वनिग नेवा क्याफेका सम्बन्धमा :**

कृषि विकास बैंक, बैंकिङ्ग कार्यालय, महाराजगन्जबाट टिपिकल स्वनिग नेवा क्याफे नामक फर्मका प्रो. राजु खत्रीलाई कर्जा प्रवाह गर्दा वाणिज्य कर्जा कार्यविधि, २०५० अनुसार धितोको रुपमा स्वीकार्न सर्वथा अनुपयुक्त जग्गा धितो राखी राख्न लगाई कर्जा दिने दिलाउने कार्य गरेको र सो कर्जा बापतको साँवा ब्याज हालसम्म पनि चुक्ता नगरी बैंकलाई गैरकानूनी हानि नोक्सानी र आफूहरु समेतलाई गैरकानूनी लाभ पुऱ्याई भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले कर्जा कारोवारमा प्रवाह भएको कूल कर्जा रु. २५,००,०००।- मध्ये बाँकी साँवा रु. ११,९१,९४६।- र असूल उपर हुँदाका मितिसम्म कायम हुन आउने व्याज समेत गरी कायम हुन आएको विगो रकम प्रतिवादी राजु खत्रीबाट असूल उपर गराउन मागदावी लिई निज राजु खत्री, कृषि विकास बैंकका तत्कालीन प्रवन्धक करमसिंह भण्डारी, शा.अ. गोविन्दप्रसाद जोशी, लेखा सहायक मिनवहादुर जिसी, लेखापाल मधुसुदन महत, चपली भद्रकाली गा.वि.स.का तत्कालीन अध्यक्ष किरणवहादुर विष्ट, नापी शाखा, चावहिलका तत्कालीन सर्भेक्षक युवराज ढुङ्गाना र विदुरकुमार भण्डारी उपर भ्रष्टाचार गरेको कसूरमा कानून बमोजिम हदैसम्म सजायको मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।

९. जिल्ला प्रशासन कार्यालय, म्याग्दीका प्रमुख जिल्ला अधिकारी ज्ञान प्रसाद भट्टराईले हवाई दुर्घटनामा मृत्यु भएका अमर बहादुर चोखालको बीमा रकम भुक्तानी दिंदा रु.६,००,००० (छ लाख) आफैले लिएको साथै म्याग्दी पुनः निर्माण एवं कार्यालयका विभिन्न काममा समेत अनियमित तवरले रकम लिने खाने आदि गरी भ्रष्टाचार गरेको भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा म्याग्दी जिल्लाका प्रमुख जिल्ला अधिकारी ज्ञान प्रसाद भट्टराईले अमर बहादुर चोखालको बैदेशिक रोजगारीमा गएको समयमा साउदी अरवमा भएको विमान दुर्घटनामा परी मृत्यु भई क्षतिपूर्ति वापत निजको नजिकको हकदारले पाउने गरी रु.२२,६८,५८४।१३ को ड्राफ्ट जिल्ला प्रशासन कार्यालयमा प्राप्त भएकोमा सो रकम भुक्तानी गर्दाको अवस्थामा मृतककी श्रीमती लक्ष्मी चोखालको नाममा एउटै चेकबाट भुक्तानी दिनु पर्नेमा दुईवटा अलग-अलग चेक काटी सोही दिन सो मध्ये एउटा चेकबाट भुक्तानी पाउने बरावरको रकम निकाल्न लगाई सो मध्ये रु. ६,००,०००।- आफूले लिई बाँकी रकम मात्र मृतककी आमा चन्द्रकुमारी चोखाललाई दिएको र सो कुराको हल्ली खल्ली हुन थालेपछि मात्र रकम सापटी हो फिर्ता गर्ने भनि पछि रकम फिर्ता गरेको देखियो । उक्त रकम फिर्ता गर्ने क्रममा जिल्ला प्रशासन कार्यालयको खाताबाट कार्यालयको प्रयोजन बिना नै रु.१,००,०००।- निकाली आफूले काम लगाएको व्यक्ति

ठेकेदार आनन्द बराललाई काम ढिलो गरी हैरान पारेर रु. १ लाख दिन बाध्य गरी लिएको समेत देखियो । अतएव निज ज्ञान प्रसाद भट्टराईले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को (१) (ङ) विपरित कार्य गरेको देखिंदा निजलाई ऐ.ऐन को ऐ.दफा अनुसार सजायको माग दावी लिई आयोगको मिति २०६२/५/९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१०. राष्ट्रिय बाणिज्य बैंक, बानेश्वर शाखाबाट नेपाल प्रोफेशनल गार्मेन्ट प्रा.लि.लाई प्रवाह भएको कर्जा र प्रतीतपत्र कारोबार समेतमा देखिएको अनियमितताका सम्बन्धमा अनुसन्धान हुँदा भैरहेको परिपत्र एवँ निर्देशन विपरित हुने गरी आफू तथा अन्य व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने र राष्ट्रिय बाणिज्य बैंकलाई गैरकानूनी हानि पुऱ्याउने वदनियतले पूर्व निर्यात कर्जा तथा टि.एल. कर्जा अन्तर्गत रु. ८९,००,०००।- (उनानब्बे लाख) र आयात, निर्यात तथा ब्याक टू ब्याक एल.सी. अन्तर्गत यु.एस.डलर ८,७२,८०१।४९, डच मार्क १,११७६३ को हुने ने.रु. ५ करोड ४० लाख र भारतीय तथा लोकल एल.सी. को हुने रु.७२,००,०००।- (बहत्तर लाख) गरी जम्मा रु. ७ करोड १ लाख हिनामिना गरेको तथ्य स्थापित हुन आएबाट प्रतिवादी केवलकृष्ण खन्ना, प्रबन्धक दिलिप कुमार श्रेष्ठ, प्रबन्धक श्रीकृष्ण श्रेष्ठ, प्रबन्धक बीरेन्द्रनाथ लोहनी, लेखा अधिकृत भरत बहादुर बस्नेत, सह लेखा अधिकृत गीता पराजुली, बरिष्ठ सहायक महेन्द्रभक्त प्रधानाङ्ग र जुनियर टेक्निसियन वाल प्रसाद न्यौपाने समेतले नेपाल सरकारलाई उक्त विदेशी मुद्रा बराबरको रकम र अनियमित एवं बैंकिङ्ग ऐन नियम विपरित कर्जा प्रवाह गरी सांवा तथा व्याज समेत जम्मा रु. १८,००,२२,२६५।९४ हानि नोक्सानी पुऱ्याई भ्रष्टाचारको कसूर गरेको देखिएकोले प्रतिवादी मध्ये केवल कृष्ण खन्ना उपर तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम र राष्ट्रिय बाणिज्य बैंक बानेश्वर शाखाका तत्कालीन प्रबन्धक दिलिप कुमार श्रेष्ठ, प्रबन्धक बीरेन्द्रनाथ लोहनी, प्रबन्धक श्रीकृष्ण श्रेष्ठ, लेखा अधिकृत भरत बहादुर बस्नेत, सह लेखा अधिकृत गीता पराजुली, जे.टी. वाल प्रसाद न्यौपाने र वरिष्ठ सहायक महेन्द्र भक्त प्रधानाङ्ग समेत उपर तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) तथा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १ को (६), (ज), (झ) तथा उपदफा ३ र दफा १२ तथा १७ बमोजिम सजाय हुन र विगोको हकमा विगो असूल हुने दिनमा कायम हुने विदेशी विनिमय दर अनुसारको विगो प्रतिवादीहरुबाट असूल उपर गरी पाउने माग दावी लिई आयोगको मिति २०६२/५/१६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

११. "जलेको बिजुलीको मिटर परिवर्तन गर्न घुस मागेकोले आवश्यक कारवाही गरी पाउँ " भन्ने बिषयको उजूरी उपर अनुसन्धान हुँदा प्राधिकरणका सहायक प्रशासन अधिकृत कृष्ण शरण शर्माले दिलेन्द्र महर्जनबाट रु २५,०००।- रकम र श्याम सुन्दर अग्रवालबाट ईन्जिनियर निरज सुवेदी समेत भई रु २९,७८६।९१ घुस लिएको पुष्टी भएकोले निज कृष्ण शरण शर्मालाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा १ को (ग) बमोजिम र ईन्जिनियर निरज सुवेदीलाई सोही ऐनको दफा ३ को उप दफा १ को खण्ड (ख) बमोजिम सजाय गर्ने माग दाबी लिई आयोगको मिति २०६२/५/१६ को निर्णयानुसार बिशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

१२. काठमाडौं महानगरपालिकाका शाखा अधिकृत ज्ञानेन्द्र कार्कीले सागर प्रसाद वाग्लेको हकमा धितो दिएको पिस्तादेवी अग्रवालको नाममा रहेको जग्गा फुकुवा गरिदिई भ्रष्टाचार गरे भन्ने उजुरी उपर अनुसन्धान हुँदा वदनियतसाथ किर्ते कागज तयार गरी जग्गा फुकुवा गराई भ्रष्टाचार गर्ने, साविकमा जग्गा धितो लेखि दिने जग्गाधनी पिस्तादेवी अग्रवाल र पिस्तादेवी अग्रवालवाट जग्गा फुकुवा भएपछि हालै देखिको बकसपत्र गरी हक हस्तान्तरण गरि लिई जनहित सँरक्षण मञ्च, पुतलीसडकका नाममा राजीनामा लिखतबाट सो जग्गा विक्री गर्ने नरेश अग्रवालको हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा सो लाई निरन्तरता दिएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसूरमा विगो रकम रु. ५३,३७,५००।- असूल उपर गर्न सजायको माग दावी लिने । किर्ते लिखत तयार गर्ने शिव कुमार अग्रवाल, जग्गा फुकुवा गराईदिने काममा किर्ते लिखत तयार गर्न सहयोग गर्ने मुख्य व्यक्ति गोपाल जोगाई को हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ क.तथा सो लाई निरन्तरता दिएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को कसूरमा प्रतिवादी कायम गरी सजायको मागदावी लिने र काठमाडौं महानगरपालिकाका नायव सुव्वा अनिल सिंह धामीले सोही कार्यालयमा कार्यरत पियन शेर वहादुर कटुवाललाई किर्ते पत्रमा पत्र संख्या र चलानी नं. २८० लेख्न लगाई जग्गा फुकुवा गराउने कार्यमा संलग्न रहेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (२) तथा सो लाई निरन्तरता दिएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) को कसूरमा निजलाई प्रतिवादी कायम गरी सजायको माग दावी लिने, अनिल सिंह धामीले अऱ्हाएर काठमाडौं महानगरपालिकामा कार्यरत पियन कर्मचारी शेरवहादुर कटुवालले पिस्तादेवी अग्रवालको नाममा दर्ता रहेको जग्गा फुकुवा गर्नको लागि मालपोत कार्यालय, डिल्लिवजार काठमाडौंलाई लेखिएको पत्र (चलानी नं. २८० मिति २०६०।३।२६) मा प.सं. र चलानी लेख्ने कार्य गरेको भएतापनि विवादित पत्रको परिणामको वारेमा निजलाई पूर्व जानकारी थियो भन्न सकिने अवस्था नभएको र आयोगमा उपस्थित भै निजले सत्य तथ्य जानकारी दिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ वमोजिम आयोगको साक्षीको रुपमा अदालतमा पेश गरी हुने सजाय पूर्ण छुट गरी साक्षीको रुपमा पेश गर्ने । नरेश अग्रवालसंग मिति २०६०।५।२५ मा लिखत अंक रु.५३,३७,५००।-मा खरिद गरेको जग्गा साविकमा श्रीमती पिस्तादेवी अग्रवालको नाममा रहेको देखियो । पिस्तादेवी अग्रवालले सो जग्गा सागरप्रसाद वाग्लेको हकमा काठमाडौं महानगरपालिकामा धितो जमानत दिएको र सोहि धितो जग्गावाट वाँकी रकम असूल गर्नु पर्ने अवस्था हुँदा हुँदै वेरित पूर्वक जग्गा फुकुवा भई हाल जनहित संरक्षण मंचको नाममा उक्त जग्गा कायम रहेकोले सोही जग्गावाट वाँकी रकम असूल गर्ने प्रयोजनका लागि प्रतिवादी कायम गर्ने गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ अनुरुप आयोगको मिति २०६२/५/१९ को निर्णयानुसार बिशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

१३. नेपाल टेलिकम, दूर संचार कार्यालय, जनकपुरमा कार्यरत अपरेटर (चौथो तह) रमेशचन्द्र गुप्ताले बढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल टेलिकमले यस आयोगमा पठाएको उजूरी उपर अनुसन्धान हुँदा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन

आयोगको मिति २०६२/५/२० को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१४. नेपाल खाद्य संस्थान, अंचल कार्यालय, विराटनगरका सहायक (तह-४) को पदमा कार्यरत गिता सेनले नेपाल खाद्य संस्थानमा कार्यरत रहन तथा बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भएको सम्बन्धमा आयोगमा प्राप्त भएको उजूरी उपर आयोगबाट अनुसन्धान हुँदा ती प्रमाणपत्रहरु नक्कली एवं भ्रुट्टा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/५/२७ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

१५. राष्ट्रिय खेलकूद परिषद अन्तर्गत सुदूर पश्चिमाञ्चल क्षेत्रीय खेलकूद विकास समिति, धनगढीमा सहायक स्तर (द्वितीय श्रेणी) खरिदार पदमा कार्यरत शेर बहादुर शाहूले परिषदको स्थायी सेवामा नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र अनुसन्धानबाट नक्कली एवं भ्रुट्टा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले निज शाहूलाई उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/५/२८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१६. जिल्ला प्रशासन कार्यालय, धनुषामा परेको कारवाही गरी पाउँ भन्ने वारेको मिति २०६१।२।३१ को वेनामी निवेदन उपर उक्त कार्यालयबाट अनुसन्धान तहकिकातको कार्य सम्पन्न गरी अनुसन्धान फायल अग्रिम कारवाहीको लागि आयोगमा प्राप्त हुन आई सो सम्बन्धमा अनुसन्धान गर्दा रामपृत दाशले जिल्ला प्रशासन कार्यालय, धनुषाबाट प्रथम पटक मिति २०३७।११।२७ गते ना.प्र.द. ३२६९१७६७ नं. को नागरिकता प्रमाण पत्र लिंदा जन्म मिति २०२०।१०।१२ उल्लेख गरी लिएको, पछि मिति २०५५।१।१४ गते ना.प्र.नं. २५०१२९०६ को नागरिकताको प्रमाणपत्र लिंदा जन्म मिति २०२२।१०।१२ गते उल्लेख गरी लिएको हुँ भनी निज रामपृत दासले सावििति वयान गरेको, साथै निजले अध्ययन गरेको गोगल प्रसाद मा.वि. बसहिया धनुषा र परीक्षा नियन्त्रण कार्यालय सानो ठिमी, भक्तपुरबाट निजको जन्म मिति २०२०।१०।१२ हो भनी लेखि आएको । निजले त्यसरी उमेर सच्याएर लिएको नागरिकता प्रमाण पत्रको आधारमा मिति २०५६।१२।९ मा जिल्ला पशु सेवा कार्यालय, डोल्पाको क्षेत्र सहायक (रा.प. अनं. तृतीय श्रेणी सरह) पदमा सेवा प्रवेश गरेको पुष्टी हुन आएकोले राष्ट्र सेवकको ओहोदा पाउने उद्देश्यले भ्रुट्टा विवरण उल्लेख गरी नागरिकताको प्रमाणपत्र लिने निज रामपृत दासले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर गरेको देखिएकोले सो कसूरमा निज उपर सोही ऐनको दफा १६ (१) अनुसार सजायको मागदावी लिई आयोगको मिति २०६२/५/२८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१७. सम्पत्ति न्यायिक जाचबुझ आयोग, २०५८ को प्रतिवेदन नेपाल सरकारबाट आवश्यक कारवाहीका लागि आयोगमा प्राप्त भएको र सो प्रतिवेदनमा उल्लेख भएका तत्कालिन निर्देशक, मध्यामाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय (हाल सह-सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय) वीरेन्द्र कुमार सिंहको जम्मा रु. ४४,२९,०००।- बराबरको सम्पत्ति भएकोमा रु. २३,४७,७५१।- बराबरको सम्पत्तिको स्रोत नखुलेको भन्ने समेत विभिन्न जानकारीहरुका आधारमा अनुसन्धान

हुँदा निजले आर्जन गरेको चल अचल सम्पत्ति मध्ये १,३६,१३,६५४।४२ मुल्य बराबरका चल अचल सम्पत्तिको बैधानिक स्रोत खुलेको देखिन आएन । साथै निज वीरेन्द्र कुमार सिंहले अमिल्दो तथा अस्वभाविक जीवनस्तर व्यतित गरेको देखिन आएकोले निजको परिवारका सदस्यहरुका नाममा रहेको समेत स्रोत खुल्न नआएको रु.१,३६,१३,६५४।४२ मूल्य बराबरको सम्पत्ति सम्बन्धमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७ (१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) बमोजिमको कसूर गरेको देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७ (१), १०, १५ र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) बमोजिम कैद र जरिवानाको सजाय गरी त्यसरी भ्रष्टाचारजन्य ढंगले आर्जन गरी लुकाई छिपाई वेपत्ता पारेको विगो रकम समेत निजको अन्य स्रोत खुलेको सम्पत्तिबाट र गैरकानूनी ढंगले आर्जन गरिएका सम्पत्तिहरु मध्ये निजकी पत्नी र छोराका नाममा रहेका घर जग्गाहरु एंव बैंक मौज्दातबाट साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग. र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. बमोजिम जफत गरी असूल उपर गरी पाउन माग दावी लिने । निज वीरेन्द्र कुमार सिंहले भ्रष्टाचार गरी गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति निजकी पत्नी प्रमिलादेवी सिंह, छोरा प्रविण सिंह र छोरी स्वेता सिंह समेतका नाममा राखेकोले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग. तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. समेतका आधारमा सो सम्पत्ति जफत गर्ने प्रयोजनका लागि निजहरुलाई प्रतिवादी कायम गर्ने गरी आयोगको मिति २०६२/५/२९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१८. प्रधानाध्यापक दिलीप कुमार मल्ल ठकुरीले राजा माध्यमिक विद्यालय, पञ्चनगर, भुताहा, नवलपरासीको रकम भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान हुँदा प्र.अ. दिलीप कुमार मल्ल ठकुरीको हकमा विद्यालयको लेखा परीक्षण गर्दा आम्दानीमा समावेश नभएका रसीदहरुको रकम रु.४८,६९५।-, सर्टिफिकेट ठेलीहरु विद्यालयमा नभई निजले २०० पानाको ठेली सर्टिफिकेट रु.३००।- का दरले वितरण गरेको हुँदा जम्मा रकम रु.६०,०००।-, विद्यालयको जग्गा विक्रीको यथार्थ आम्दानी नराखिएको, घडेरीबाट पाउनु पर्ने नगद रु.२७,८७,८२५।- र प्राप्त रकम रु.२६,६४,६५८।२८ बीच फरक रहेको रकम रु.१,२३,१६६।७२ राजा मा.वि., नवलपरासीको राष्ट्रिय बाणिज्य बैंकहरु, परासी र वर्दघाट शाखा कार्यालयहरुमा रहेको च.हि.नं.१४४० र ९८ मा पासबुकमा किर्ते तवरबाट भरी बढी देखाई उक्त रकम बैंकमा जम्मा नै नगरी फरक परेको रकम रु.१७,६५,७८६।५९ साथै आ.व. २०५९।०६० मा पाठ्य पुस्तक वितरण गर्न भनी निकासा भएको रकम वितरण नगरेको एवं आम्दानी नबाँधी रु.२३,६७०।- उक्त मा.वि.का शिक्षक तथा कर्मचारीहरुको आ.व.०५५।०५६ को कर्मचारी संचय कोष रकम बैंक दाखिला नगरी, बैंक दाखिला गरेको किर्ते भौचर पेश गरी रु.१,१७,४८५।६० निजले व्यवस्थापन समितिका अध्यक्ष खेम नारायण फौज्दारलाई दिएको भनिएको, सो विद्यालयको रु.३,००,०००।- समेत कूल रकम रु.२४,३८,८०३।९१ प्र.अ.दिलीप कुमार मल्ल ठकुरीले भ्रष्टाचार गरेको पुष्टि हुन आएको र यसै रकमबाट निजले रु.१८ लाखमा क्षेत्रफल ०-१८-० विगाहा जग्गा किनेको भनी स्वीकारेको समेत देखिंदा प्रतिवादी दिलीप कुमार मल्ल ठकुरीले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा

१३ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर गरेको देखिंदा निज प्रतिवादी दिलीप कुमार मल्ल ठकुरी उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ अनुसार र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सजायको माग दावी लिने र निज प्रतिवादी दिलीप कुमार मल्ल ठकुरीले विद्यालयको हिनामिना गरेको रकम मध्येबाट मिति २०५५।९।२० मा खरीद गरेको नवलपरासी जिल्ला स्वाठी गा.वि.स.-१(क) कि.नं.२०१ को जग्गा क्षेत्रफल ०-१८-० विगाहा र सो मा बनेको घर समेत साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ (ग) र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ अनुसार जफत गरी र नपुग विगो निजको अन्य सम्पत्तिबाट असूल उपर गरी राजा माध्यमिक विद्यालय, नवलपरासीलाई दिलाई भराई दिने मागदावी लिई आयोगको मिति २०६२/५/२९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१९. "कृषि विकास बैंकका महाप्रवन्धक रामचन्द्र महर्जन समेतको मिलेमतोबाट अनिता इलेक्ट्रीक एण्ड मेकानिक कम्पनी प्रा.लि., रवि इन्टरनेशनल र काठमाण्डौ टुक टुक प्रा.लि.का सञ्चालक जगरनाथप्रसाद सोनार समेतबाट हायर पर्चेज कर्जा अन्तर्गत नेपाल भरीका कृषि विकास बैंकहरुबाट हाल सम्म करिब एक अरव रुपैयाँ डुबेको" भन्ने विषयको उजूरी निवेदन उपर अनुसन्धान हुँदा आयोगको मिति २०६२/५/३० को निर्णयानुसार देहायका व्यक्तिहरु उपर मुद्दा दायर गरियो :

- कर्जा प्रवाह गर्ने भनी निर्णय गर्ने कृषि विकास बैंक, मुख्य कार्यालयका तत्कालिन का.मु. महाप्रबन्धक जलनकुमार शर्मा, उपमहाप्रबन्धक रामचन्द्र महर्जन, विभागीय प्रमुख भरत कुमार पोखरेल र शाखा प्रमुख गोपाल प्रसाद घिमिरेले हायर पर्चेज कर्जा कार्यविधि २०५० का साविक प्रावधान उल्लंघन गरी, संचालक समितिले तय गरेको नीति भन्दा बाहिर गई सप्लायरले पेश गरेको कोटेशनलाई सवारी साधनको मूल्य मान्नु पर्ने र पुनः खरिद गर्ने सप्लायरको गाडीमा मात्र लगानी गर्ने समेतका ब्यवस्था गरेको, सप्लायरले पुनः खरिद गर्नु पर्ने भन्ने शर्त उल्लंघन भएमा कसरी बैंकको हीत संरक्षण गर्ने भन्ने विषयमा मौन रहेको, एकै परिवारको स्वामित्वमा रहेका विभिन्न अनधिकृत कम्पनीहरुबाट मात्र अत्यधिक मात्रामा गाडी सप्लाई गराउने मनसाय राखी काम गरे गराएको र सप्लायरलाई कालो सूचीमा राख्न शाखा कार्यालयले गरेको पत्राचार सम्बन्धमा कुनै कारवाही नगरेको समेतबाट निजहरुले सप्लायर संग मिलेमतो गरी बैंकलाई हानी नोक्सानी पुग्ने कार्य गरेको देखिएको हुँदा निजहरु उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) बमोजिम सजायको माग दावी लिने ।
- सवारी साधन सप्लाई गर्ने काठमाण्डौ टुक टुक प्रा. लि.का संचालकहरु जगरनाथप्रसाद सोनार, सुश्री सरोज शर्राफ, रविन्द्रकुमार शर्राफ, अनिता इलेक्ट्रिकल एण्ड मेकानिकल कम्पनी प्रा. लि.का संचालकहरु श्रीमती अनिता शर्राफ, श्रीमती कोशिला सोनारिन, रवि इन्टरनेशनल र त्यसका प्रोप्राइटर रविन्द्रकुमार शर्राफ समेतले आफूलाई गैरकानूनी लाभ र बैंकलाई गैरकानूनी हानी पुऱ्याउने वदनियतले कृषि विकास बैंकबाट वढी रकम लिने गरी कम मूल्य परेका तथा पुरानो भै सकेका गाडीहरु समेतको अत्यधिक मूल्य राखी झुठो मूल्य सूची पेश गरेको र जसरी भए पनि बैंकबाट वढी भन्दा वढी रकम लिने वदनियत राखेको तथा उक्त बैंक समक्ष गरेको कबुलियत, सम्झौता पालना नगरी आफूले स्वीकार गरेको शर्त उल्लंघन गरेको समेत देखिनाले निजहरुलाई भ्रष्टाचार

निवारण ऐन, २०५९ को दफा ८ (४) अनुसार सजाय गरी बैंकलाई हानी नोक्सानी पुगेको रकम असूल उपर गर्ने माग दावी लिने ।

- सप्लायर सम्वद्ध कम्पनीहरुले उक्त बमोजिमका ७८ थान सवारी साधनहरु विक्री गर्दा ७० प्रतिशतको दरले बैंकबाट भुक्तानी लिएको रकम रु १०,१३,९०,०००।०० उपरोक्त अनुसारको वद्नियत पूर्वक तयार भएको कर्जा निर्णयको आधारमा लगानी गरेको देखिएकोले सोही रकमलाई प्रस्तुत मुद्दामा प्रतिवादीहरुको मिलोमतोबाट लगानी भै हानी नोक्सानी भएको विगो कायम गर्ने । उपरोक्त लगानी अनुसार बैंकले पुनः खरिदको शर्त वमोजिम प्राप्त गर्नु पर्ने देखिएको २०६२ असार मसान्त सम्मको बाँकी रकम रु ११,८५,५३,२३४।०० (बैंकबाट भएको लगानी रु १०,१३,९०,०००।०० बाट हाल सम्म भएको साँवा असूली रु ७१,८६,२८४।०० घटाउँदा तथा हाल सम्म पाकेको ब्याज र हर्जाना रकम रु २,४३,४९,५१८।०० थप गर्दा हुन आउने रकम) र असूल उपर हुँदाका दिन सम्म कायम हुन आउने रकम समेत प्रतिवादी जगरनाथप्रसाद सोनार, सरोज शर्राफ, रविन्द्रकुमार शर्राफ, श्रीमती अनिता शर्राफ र श्रीमती कोशिला सोनारिन समेतबाट असूल उपर गराई पाउन माग दावी लिने ।

२०. खानेपानी तथा सरसफाई सबडिभिजन कार्यालय, बाजुराका ना.सु.दान बहादुर शाहीले बढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानवीनको क्रममा संकास्पद देखिन आएकोले कारवाही हुन भनी सो कार्यालयले यस आयोगमा पठाएको पत्रका सम्बन्धमा आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश, इलाहावाद, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/६/२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२१. जिल्ला वन कार्यालय, लमजुङका तत्कालीन जिल्ला वन अधिकृत लाल नारायण सिंहले लमजुङ जिल्ला, तार्कु गा.वि.स. वडा नं.८ र ९ स्थित चारेपानी रानी ओडार सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनबाट निस्केका काठ बाहिर बेच बिखन एवं निकाशी गर्दा नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने कर वापतको रकम रु.४१,४६४।- उक्त समूहबाट नगदै बुझि लिई राष्ट्रिय वाणिज्य बैंक, बेंसिसहर शाखामा भौचर नं.१११७०९७ मिति २०६०।५।२२ का भौचरबाट जम्मा रु.१४६४।- मात्र दाखिला गरी रु.४०,०००।- लिई खाई आफूलाई फाइदा र नेपाल सरकारलाई हानी नोक्सानी हुने कार्य गर्नाको साथै सोही गा.वि.स. वडा नं. १ र २ स्थित गहते सामुदायिक वन उपभोक्ता समुहको तर्फबाट काठ दाउरा वेच विखन र निकासी गरे वापत राजश्वमा जम्मा गर्नुपर्ने रु.२१,८५६।२४ पनि गहते सामुदायिक वन उपभोक्ता समूहका मानिसहरुबाट नगदै बुझी लिई भौचर नं.१११८९९० मिति २०६०।७।२० मा बैंक दाखेल गर्दा १८५६।२४ मात्र बैंक दाखेल गरी रु.२०,०००।- वीस हजार लिई खाई आफूलाई फाईदा र नेपाल सरकारलाई नोक्सानी हुने गरी मासी खाने नियतले बैंक भौचर किर्ते गरेको भन्ने समेत उजुरीका विषयमा अनुसन्धान गर्दा निज लाल नारायण दासले आफुलाई २० हजार रुपैया फाईदा र नेपाल सरकारलाई राजश्व हानी हुने कार्य गरी कसूर गरेको देखिंदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७, ११ बमोजिम राजश्व रकम हानी नोक्सानी पुऱ्याएको र बैंकबाट प्राप्त भौचर एवं सरकारी कागजात सच्याई ऐ. दफा १७ अनुसार नेपाल सरकारको राजश्व हानी

नोक्सानी हुने समेतको कसूरजन्य कार्य गरेको हुंदा निजलाई उक्त ऐन को दफा ७, ११ र १७ बमोजिम सजाय गरी उल्लेखित विगो रु. ६०,०००।- मध्ये गहते सामुदायिक वन उपभोक्ता समुहको तर्फबाट दाखेल हुनुपर्ने रु.२०,०००।- राजश्वमा जम्मा नै नगरेको हुंदा सो विगो र विगो बमोजिम जरिवाना गरी नेपाल सरकारको राजश्व खातामा जम्मा गराई पाउन र चारेपानी सामुदायिक वन उपभोक्ता समुहको विगो रु.४०,०००।- सामुदायिक वन उपभोक्ता समूहको सामूहिक प्रयासबाट निज लाल नारायण सिंहबाटै दाखिला गर्न लगाई राजश्वमा जम्मा भै सकेको देखिंदा उपरोक्त ऐन अनुसार विगो बमोजिमको जरिवाना रु.४०,०००।- मात्र र कैद समेत भरि पाउने माग दावी सहित आयोगको २०६२/६/४ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२२. जिल्ला वन कार्यालय, बर्दिया अन्तर्गतका रेञ्जर तेजवहादुर चन्दले उक्त पदमा नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानवीनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी सो कार्यालयबाट क्षेत्रीय वन निर्देशनालय, सुर्खेत मार्फत आयोगमा प्राप्त भएको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित बिहार विद्यालय परीक्षा समिति, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारका कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन आयोगको मिति २०६२/६/१२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२३. "चन्द्र कुमार तामाङ्गले नेपाल प्रहरीको नक्कली परिचयपत्र बनाई नपाएको ओहदा प्रयोग गरेको" भन्ने बिषयको उजूरी उपर अनुसन्धान हुँदा निज चन्द्र कुमार तामाङ्गले नेपाल प्रहरीको बर्दी लगाएको दर्ज्यानी चिन्ह समेतको फोटो भएको प्रहरी निरीक्षक दर्जाको नक्कली परिचय पत्र बनाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १५ मुताबिकको भ्रष्टाचारजन्य कसूर गरेको देखिएको हुंदा निजलाई सोही ऐनको दफा १५ बमोजिमको सजाय माग दाबीका साथ आयोगको मिति २०६२/६/१४ को निर्णयानुसार बिशेष अदालत, काठमाडौमा मुद्दा दायर गरियो ।

२४. मध्यपश्चिमाञ्चल सिंचाई विकास सव-डिभिजन नं. १, रुकुमका कार्यालय प्रमुख विनयकुमार गामी समेतले भेडाखर्क समेतका विभिन्न नौ वटा सिंचाई योजनामा कुलो मर्मत सुधार एवं दिगो व्यवस्थापन अन्तर्गतका योजना सम्पन्न गरेको भनी नक्कली तथा किर्ते विल भरपाई पेश गरेका आधारमा रकम भुक्तानी गरी हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा रुकुम जिल्ला झुला गा.वि.स.वडा नं. ३ स्थित भेडा खर्क सिंचाई आयोजनाको ४० हेक्टर नहरमा आ.ब. २०६१।६२ मा कुलो मर्मत संभार तथा सुधार एवं दिगो व्यवस्थापनका लागि संभावित लगत इष्टिमेट पेश भएकोमा नेपाल सरकारको तर्फबाट रु. ३,००,०००।- को योजना स्वीकृत गरी बजेट विनियोजन भै उक्त योजना सम्पन्न गर्न टंकबहादुर शाहीको अध्यक्षतामा उपभोक्ता समिति गठन गरी कार्य सम्पन्न गर्ने सम्झौता भएको देखियो । सो योजना सम्बन्धमा योजना स्थलबाट फिल्डम्यान कुलवहादुर भण्डारीले ल्याएको टिपोटको आधारमा ओभरसीयर विन्देश्वर साहले लगत इष्टिमेट तयार गरी सोही लगत इष्टमेट अनुसारको काम सम्पन्न भएको भनी उपभोक्ता समितिका अध्यक्षबाट सिफारिस गराई फिल्डम्यान कुलवहादुर भण्डारी र ओभरसीयर विन्देश्वर साहले नक्कली तथा किर्ते वील भरपाई पेश गरेका र कार्यालय प्रमुख विनयकुमार गामी तथा लेखापाल सानुनारायण अधिकारी समेत भै उपभोक्ता समितिको नाममा रु.

२,७५,६६४।१० र कन्टिन्जेन्सीको रु. १४०००।- समेत जम्मा रु. २,८९,६६४।१० को चेक काटी भुक्तानी लिए दिएको देखिन आयो । सो भेडा खर्क सिंचाई योजनाका उपभोक्ता समितिका अध्यक्ष तथा सिंचाई कार्यालयका कुनै कर्मचारीहरु समेत योजना स्थलमा नगई योजनासँग सम्बन्धित कुनै काम नै नगरी नगराई कार्य सम्पन्न भएको भन्ने झुठ्ठा लगत इष्टमेट एवं नक्कली वील भरपाई तयार पारी लिनु खानु समेत गरी सरकारी सम्पत्ति हिनामिना गरेको तथ्य प्रतिवादीहरुको बयानका साथै योजनास्थलबाट संकलन गरिएका सवूद प्रमाण समेतबाट पुष्टि भएको पाइयो । तसर्थ उल्लेखित भ्रष्टाचारको कसूरमा संलग्न प्रतिवादीहरु कार्यालय प्रमुख विनयकुमार गामी, लेखापाल सानुनारायण अधिकारी, ओभरसीयर विन्देश्वर साह, फिल्डम्यान कुलबहादुर भण्डारी समेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को (ङ) तथा दफा १७ बमोजिमको कसूर अपराध गरेको हुँदा सोही ऐन बमोजिम हदैसम्म सजाय गरी निजहरुबाट विगो समेत असूल उपर गर्न र उपभोक्ता समितिका तर्फबाट अधिकार प्राप्त अध्यक्ष टंकवहादुर शाही उपर समेत सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा ऐजन ऐन बमोजिम सजाय गरी निजबाट समेत विगो जफत गर्ने मागदावी लिई आयोगको मिति २०६२/७/११ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२५. पिपरी वरवांसी प्राथमिक विद्यालय, रुपन्देही का प्रधानाध्यापक रामजीत यादवले शुरु नियुक्ति पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु आयोगवाट अनुसन्धान हुंदा सम्वन्धित वोर्डवाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झुट्टा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ एवं भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) मुताबिक भ्रष्टाचारजन्य कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/७/२४ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२६. नेपाल बैंक लिमिटेड, सिदार्थनगरमा कार्यरत रहेका गोदाम रक्षक कृष्ण वहादुर कुँवरले बढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल बैंक लिमिटेडले यस आयोगमा पठाएको उजूरी उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/७/२९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२७. नेपाल बैंक लिमिटेड, दाङ शाखामा कार्यरत रहेका वरिष्ट नगद सहायक कुम्भसिंह पुनले बढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल बैंक लिमिटेडले यस आयोगमा पठाएको उजूरी उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर गरेको देखिन आएकोले उक्त दफा

बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/७/२७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२८. राष्ट्रिय वाणिज्य वैंकका तात्कालिन सहायक ख. (चौथो तह) श्रीराम के.सी.ले बढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र आयोगबाट छानवीन गर्न निर्देशन हुनु पूर्व यस वैंकले सम्वन्धित संस्थामा प्रमाणीकरणको लागि लेखी पठाउंदा अन्यथा लेखी आएको पत्रको प्रमाणित प्रतिलिपी र निजका शैक्षिक योग्यताका प्रमाणपत्रको फोटोकपी संलग्न गरी आवश्यक कारवाहीको लागि भनी राष्ट्रिय वाणिज्य बैंकले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित विहार विद्यालय परीक्षा समिति, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/८/९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२९. राष्ट्रिय वाणिज्य वैंकमा कार्यरत रहेका सहायक ख (चौथो तह) राम प्रसाद ढकालले बढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र आयोगबाट छानवीन गर्न निर्देशन हुनु पूर्व यस वैंकले सम्वन्धित संस्थामा प्रमाणीकरणको लागि लेखी पठाउंदा अन्यथा लेखी आएको पत्रको प्रमाणित प्रतिलिपी र निजका शैक्षिक योग्यताका प्रमाणपत्रको फोटोकपी संलग्न गरी आवश्यक कारवाहीको लागि भनी राष्ट्रिय वाणिज्य बैंकले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित विहार विद्यालय परीक्षा समिति, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/८/९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३०. राष्ट्रिय वाणिज्य वैंकमा कार्यरत रहेका सहायक ख। (चौथो तह) बबी शर्माले बढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र आयोगबाट छानवीन गर्न निर्देशन हुनु पूर्व यस वैंकले सम्वन्धित संस्थामा प्रमाणीकरणको लागि लेखी पठाउंदा अन्यथा लेखी आएको पत्रको प्रमाणीत प्रतिलिपी र निजका शैक्षिक योग्यताका प्रमाणपत्रको फोटोकपी संलग्न गरी आवश्यक कारवाहीको लागि भनी राष्ट्रिय वाणिज्य बैंकले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित विहार विद्यालय परीक्षा समिति, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/८/९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३१. नेपाल खाद्य संस्थानमा कार्यरत रहेका प्रमुख सहायक प्रकाश कुमार ढकालले नियुक्ति हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल खाद्य संस्थानले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित माध्यमिक शिक्षा परिषद, इलाहाबाद, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/८/९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३२. उदयपुर सिमेन्ट उद्योगमा कार्यरत रहेका सहायक केमिष्ट दुर्गा प्रसाद खनालले नियुक्ति हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी उदयपुर सिमेन्ट उद्योगले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित बिहार विद्यालय परीक्षा समिति, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/८/९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३३. वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको कम्प्यूटर क्लर्क पदमा कार्यरत बर्षा बस्नेतले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले सो कार्यालयबाट यस आयोगमा पठाएको विवरण उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित विहार संस्कृत शिक्षा बोर्ड, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/८/९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३४. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन नेपाल सरकारबाट आवश्यक कारवाहीका लागि यस आयोगमा प्राप्त भएकोमा सो प्रतिवेदन वमोजिम सडक विभागका तत्कालिन उप महानिर्देशक तनुकलाल यादवको आर्जित सम्पति मध्ये रु ८१,९४,४२८।८० बराबरको सम्पत्तिको स्रोत पुष्टि नभएको भन्ने र निजको वारेमा आयोगमा प्राप्त अन्य उजुरी एवं जानकारी समेतको सम्बन्धमा अनुसन्धान गर्दा निज तनुकलाल यादवले अमिल्दो र अस्वभाविक जीवनस्तर व्यतीत गरिरहेको देखिन आएकोले निज एवं निजको परिवार समेतका नाममा रहेका स्रोत खुल्न नआएको रु. १,२४,८२,४४८।८२ मूल्य बराबरको सम्पत्तिका हकमा अभियोग दावी लिने तथा निज तनुकलाल यादवले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७ (१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) अन्तर्गतको कसूर गरेकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७ (१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) बमोजिम सजाय गरी त्यसरी गैरकानूनी ढङ्गले आर्जन गरेको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग. र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन,

२०५९ को दफा २० (२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. बमोजिम जफतको माग दावी लिने, तथा निज तनुकलाल यादवले भ्रष्टाचार गरी गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति निजकी पत्नी लिलावती यादव तथा छोराहरु अभिषेक यादव, अभिजित यादव समेतका नाममा राखेकोले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग. तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. समेतका आधारमा सो सम्पत्ति जफत गर्ने प्रयोजनका लागि निजहरूलाई समेत प्रतिवादी कायम गर्ने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ अनुरूप आयोगको मिति २०६२/८/२० को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३५. नेपाल टेलिकममा कार्यरत रहेका टेलिप्रिन्टर सुपरभाईजर परेश तुलाधरले बढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल टेलिकमले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित बिहार संस्कृत शिक्षा वोर्ड, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर गरेको देखिन आएकोले निजलाई उक्त दफा बमोजिम सजाय गर्ने माग दावी लिई आयोगको मिति २०६२/८/२१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३६. नेपाल टेलिकम क्षेत्रीय निर्देशनालय बिराटनगरको सहायक स्तर तह चार पदमा अस्थाई कार्यरत रहेका रंजीता पौडेलले सेवा प्रवेश हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल टेलिकमले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित बिहार संस्कृत शिक्षा वोर्ड, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले निजलाई उक्त दफा बमोजिम सजाय गर्ने माग दावी लिई आयोगको मिति २०६२/८/२१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३७. जुम्ला जिल्ला सदरमुकाम स्थित विभिन्न सरकारी कार्यालयहरुमा लेखा परीक्षण कार्य गर्न महालेखा परीक्षकको विभाग, काठमाडौंबाट मिति २०६१।१०।५ गते खटी गएका लेखापरीक्षण अधिकारी थानेश्वर ढकाल, लेखापरीक्षण अधिक्षक टेक बहादुर जि.सी., लेखापरीक्षण निरीक्षक शिवराज पौडेलले जुम्लाका सरकारी कार्यालयहरुमा लेखापरीक्षण गर्दा गलत नियतबाट अनियमित तवरले रकम असूल उपर गरी भ्रष्टाचार गरेका भन्ने उजूरी उपर अनुसन्धान हुँदा म.ले.प.विभागका लेखापरीक्षण अधिकारी थानेश्वर ढकालबाट बरामद भएको नगद रु. २ लाख ३४ हजार ५ सय निजसँग रहनु पर्ने सन्तोषजनक जवाफ दिन नसकेको र बरामदी प्रतिवेदनलाई नै पुष्टि गर्ने गरी आफ्नो ओहदा सम्बन्धी कामसँग सम्बन्धित व्यक्तिहरु समेतबाट लिएको भनी स्वीकार गरी बयान समेत गरेको देखिंदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर देखिंदा निजलाई सोही ऐनको उपदफा (१) को देहाय

(घ) बमोजिमको अधिकतम सजायको माग दावी लिई आयोगको मिति २०६२/८/२६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३८. घरेलु तथा साना उद्योग विकास समिति अन्तर्गत हाल घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, जाजरकोटमा का.मु. उद्योग अधिकृत पदमा कार्यरत विष्णु कुमार श्रेष्ठले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भएको सम्बन्धमा आयोगमा प्राप्त भएको उजूरी उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित विहार विद्यालय परीक्षा समिति, पटनाबाट प्रमाणित भई आएको पत्र समेतका आधारमा ती प्रमाण पत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले निजलाई उक्त दफा बमोजिम सजाय गर्ने माग दावी लिई आयोगको मिति २०६२/८/३० को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

३९. पूर्वाञ्चल ग्रामिण बिकास बैंकको वविया शाखामा रहेका बैंकले लगानी गरेका ऋणीसंग सम्बन्धित कार्यालयका कागज च्याति नष्ट पारेको घटना सम्बन्धमा अनुसन्धान हुँदा फिल्ड सहायक प्रेम प्रसाद कोइराला र फिल्ड सहायक मोतीलाल चौधरी जिम्माका विभिन्न केन्द्रका ऋणीसंग सम्बन्धित दाखिला फाराम, व्यालेन्सबुक, ढुकुटी रजिष्टर र गोश्वारा लेजर समेतका कागजात टुक्रा टुक्रा पारी च्याती नष्ट गरेको पाइयो । यसरी च्यातेर नष्ट गरिएका कागज मध्ये सम्भव भएका केही कागज जोडी पढन सकिने बनाइ अध्ययन गर्दा प्रेम प्रसाद कोइरालासंग सम्बन्धित रु.१,७६,८९८।- बराबरका र मोतीलाल चौधरीसंग सम्बन्धित रु.११,३२०।- बराबरका कागज जोडी, खोजी हेर्दा स्पष्ट हुन सकेको तर अरु कागज ज्यादै सानो टुक्रा पारी च्यातिएका कारणले यो यति रकम भनी ती टुक्राबाट हिसाव गर्न नसकिएता पनि सही हालतमा रहेका गोश्वारा र व्यालेन्सको बिबरणबाट सो मिति २०६०।३।९ मा कार्यालय बन्द हुँदा गोश्वारा लेजरमा देखिएको रकम भन्दा रु. १२,२६,६५३।२४ फरक परेको भन्ने बैङ्कबाट प्राप्त बिबरणबाट देखियो । फिल्ड सहायक प्रेम प्रसाद कोइराला मिति २०६०।१।२८ मा सो शाखाबाट सरुवा भै गएका भएतापनि निजको जिम्माको हिसाव मिलान नभएको भनी उल्लेख गरेको देखिएको, च्यातिएका कागजात निज दुई जना फिल्ड सहायकसंग सम्बन्धित नै देखिएका र च्यातिएका कागजातमा उल्लेख भएका ऋणी सम्बन्धमा स्थलगत अध्ययन गरी बुझ्दा कतिपय ऋणीको नाम मिलेपनि ऋण नै नलिएका ऋणीको नाममा नक्कली कागज तयार पारी राखिएको र ऋण सम्बन्धी झुठा बिबरण तयार पारिएको पाइएबाट फिल्ड सहायक प्रेम प्रसाद कोइराला र मोतीलाल चौधरीले नक्कली ऋणीको नाममा कागजात तयार गरी, ऋणीको झुठा बिबरण राखी बैङ्कबाट रकम निकाली लिई खाई मासी हिनामिना गरी बैङ्कलाई रु.१२,२६,६५३।२४ नोक्सान पारेका र यसरी आफूले नक्कली, झुठा कागजात बनाएर बैङ्कको रकम हिनामिना गरेको तथ्य पत्ता लाग्न नसकोस भनी आफूसंग सम्बन्धित त्यस्ता कागजात च्याती नष्ट गरेको पुष्टी हुन आयो । यस प्रकार निजहरुले आफु कार्यरत रहेको संस्थाको सम्पत्ति बिगो रु.१२,२६,६५३।२४ खाई मासी हानी नोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर गरेका तथा कार्यालयमा रहेका निजहरुसंग सम्बन्धित कागजात च्याती नष्ट गरी उक्त ऐनको दफा १२ अन्तर्गत समेतको कसूर गरेको पुष्टी भएकोले निजहरु फिल्ड सहायक प्रेम प्रसाद कोइराला र मोतीलाल चौधरी बिरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को खण्ड (च) तथा दफा १२ तथा दफा १७ बमोजिम सजाय र बिगो हानी नोक्सानीको असूली समेतको

मागदावी लिई आयोगको मिति २०६२।९।४ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

४०. साझा स्वास्थ्य सेवाको सहायक तृतीय पदमा कार्यरत अर्जुन वहादुर खड्काले सेवा प्रवेश हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी साझा स्वास्थ्य सेवाले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट भएको अनुसन्धान तथा बिहार विद्यालय परिक्षा समिति, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले सो बमोजिम सजाय हुन आयोगको मिति २०६२/९/१० को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४१. साझा स्वास्थ्य सेवाको सहायक द्वितीय पदमा कार्यरत शान्ता गिरीले बढुवा पाउनेले उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी साझा स्वास्थ्य सेवाले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट भएको अनुसन्धान तथा बिहार विद्यालय परिक्षा समिति, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले सो बमोजिम सजाय हुन आयोगको मिति २०६२/९/१० को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४२. मेची अंचल अस्पताल, भद्रपुर, झापामा स्टाफ नर्स पदमा कार्यरत रहेकी पार्वती सापकोटाले शुरु नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र सम्वन्धमा परेको उजुरी उपर आयोगबाट भएको अनुसन्धान तथा बिहार विद्यालय परिक्षा समिति, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले सो बमोजिम सजाय हुन आयोगको मिति २०६२/९/१० को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४३. कृषि सामग्री कम्पनी लि. शाखा कार्यालय, त्रिशुली, नुवाकोटका तत्कालीन सहायक द्वितिय श्रीराम खतिवडाले आफू जिम्मा रहेको मलखाद तथा अन्य सामग्री समेत हिनामिना गरी आफूलाई गैरकानूनी लाभ र कम्पनीलाई गैरकानूनी हानी नोक्सानी गराई विगो रु. ६,८१,७८३।६८ वरावरको हिनामिना एवं भ्रष्टाचारजन्य कसूर गरेको भन्ने सम्बन्धमा अनुसन्धान गर्दा निजले उल्लेखित विगो वरावरको मलखाद तथा अन्य सामग्री हिनामिना गरेको तथ्य स्थापित हुन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएकोले ऐ. ऐनको दफा १७ तथा दफा ३ (१) को देहाय (ङ) बमोजिम सजायको माग दावी लिई आयोगको मिति २०६२/९/१३ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४४. नेपाल खाद्य संस्थानमा कार्यरत रहेका चौथो तहका सहायक चक्र वहादुर शाहले बढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन

आएकोले कारवाही हुन भनी नेपाल खाद्य संस्थानले यस आयोगमा पठाएकोमा आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश क्षेत्रिय कार्यालय, इलाहावाद, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/९/१९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४५. धनुषा जिल्ला, जनकपुर नगरपालिका वडा नं. ९ बस्ने शत्रुघन शाह कलवारले ऐ.ऐ.वा.नं. ४ कि.नं. १६ को ०-०-८-० क्षेत्रफल जग्गा मिति ०४९।९।१ मा रा.बा.बैंक पिडारी चौक शाखा, जनकपुरलाई र.नं.४२६८ बाट कर्जा सुरक्षण बापत धितो पारित गरी रु २५,०००।- कर्जा लिए बापत उक्त जग्गा रोक्का राखिदिन ०४९।८।३० मा गरेको अनुरोध पत्रानुसार मालपोत कार्यालय, धनुषाको च.नं. ४४१४ मिति ०४९।९।२ को पत्रवाट रोक्का रहेकोमा सो को फुकुवा नहुदैं मिति २०५०।१०।२९ मा र.नं. ५३३० बाट अर्पणा झा लाई सोही जग्गा राजीनामा पारीत गरिदिएबाट रा.बा.वैंक पिडारीचौक शाखा, जनकपुरलाई गैरकानूनी हानी र आफूहरुलाई गैरकानूनी लाभ पुऱ्याउने, मालपोत कार्यालय, धनुषाका तत्कालिन खरिदार गयाप्रसाद ठाकुर र साविक जग्गा धनी शत्रुघन साह कलवार समेतका उपर भ्र.नि.ऐन, २०५९ वमोजिम कारवाही र सजाय समेत गरिपाउँ भन्ने प्र.जि.अ.जिल्ला प्रशासन कार्यालय, धनुषाबाट प्राप्त आरोप पत्र सहितको फाइल आयोगमा पेश हुँदा मालपोत कार्यालय, धनुषाका तत्कालिन खरिदार गयाप्रसाद ठाकुरले रा.बा.बैंक पिडारीचौक शाखा, जनकपुरलाई हानी नोक्सानी पुऱ्याउने वदनियतले मिति ०४९।९।२ मा रोक्का राखी सकिएको धितो जग्गालाई रोक्का छैन भनि साविक जग्गा धनी शत्रुघन साह कलवार सँग मिलेमतो गरी प्रमाणित गरिदिएबाट सो जग्गा मिति ०५०।१०।२९ मा अर्पणा झाका नाममा रजिष्ट्रेशन पारित हुंदा संस्थालाई गैरकानूनी हानी र आफूहरुलाई गैरकानूनी लाभ पुऱ्याई साविक भ्र.नि.ऐन, २०१७ को दफा ७ (१) र हाल भ्र.नि.ऐन, २०५९ को दफा ८ (३) र दफा ९ वमोजिमको कसुर गरेकोले साविक भ्र.नि.ऐन २०१७ को दफा ७ (१) हाल भ्र.नि.ऐन २०५९ को दफा ८ (३) तथा दफा ९ वमोजिम सजायको मागदावी लिई आयोगको मिति २०६२/९/२० को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

४६. गोरखापत्र संस्थानका प्रमुख प्रेसम्यान, तह पाँचका आशाकाजी मर्हजनले छैठौ तहमा वढुवा तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु उपर आयोगवाट अनुसन्धान हुंदा सम्वन्धित वोर्डवाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झूठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ एवं भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६ (१) अन्तर्गत समेतको भ्रष्टाचारजन्य कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजायको माग दावी लिई आयोगको मिति २०६२/१०/३ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४७. नवलपरासी गैडाकोट गा.वि.स. वडा नं. १,२ र ३ मा पर्ने अधिकांश नारायणी नदी किनारका सार्वजनिक जग्गाहरु मालपोत कार्यालयका कर्मचारी र गैंडाकोट निवासी कीर्तिनाथ चालिसे समेतको मिलेमतोमा आफू र आफ्ना नातेदारहरुको नाममा सन्धि सर्पण र नदी क्षेत्र भित्रका जग्गा दर्ता गरी गराई भ्रष्टाचार गरेको हुँदा कार्वाही गरी पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा मालपोत ऐन २०३४ को दफा २४ र भूमि सुधार तथा व्यवस्था मन्त्रालयबाट बेला बेलामा

भएका परिपत्र एवं निर्देशनहरुबाट समेत स्पष्ट रुपमा सरकारी सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्न नमिल्ने भनी भएका व्यवस्थाहरुको ठाडो उलंघन गरी पर्ति जग्गालाइ साविक नै दर्ता भई सकेको जग्गाको लगत ७ नं फाँटवारी र भोगको वनावटी कागजातहरु खडा गरी व्यक्ति बिशेषका नाममा जग्गा दर्ता गरी व्यक्तिलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानी हुने गरी बदनियत पूर्वक मालपोत ऐन, २०३४ को दफा ७ (२) अनुसार उल्लेखित व्यक्तिहरुको नाममा दर्ता गर्ने काम गरी तत्कालिन प्रमुख मालपोत अधिकृत चिरञ्जिविलाल राजभण्डारीले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) र दफा २९ वमोजिम तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (१) ज. वमोजिम र कीर्तिनाथ चालिसे, लक्ष्मी प्रसाद पौडेल र लोकनाथ सापकोटाले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र दफा २९ वमोजिम तथा हाल प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) अनुसारको कसूर गरेको देखिएकोले सोही ऐनको तत् तत् दफा वमोजिम सजायको विगो रु. १,०७,२०,१५६।२५ माग दावी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ वमोजिम आयोगको मिति २०६२/१०/१२ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

४८. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन नेपाल सरकारबाट आवश्यक कारवाहीका लागि आयोगमा प्राप्त भएकोमा सो प्रतिवेदनमा तत्कालिन संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयका सह-सचिव नगेन्द्र प्रसाद घिमिरेको सम्पत्तिको स्रोत नखुलेको भन्ने समेत विभिन्न जानकारीहरुका आधारमा अनुसन्धान गर्दा नगेन्द्र प्रसाद घिमिरे र निजको परिवारको नाममा हाल रहेको सम्पत्ति वैधानिक आयस्रोतसँग अमिल्दो देखिएको र निजले अस्वाभाविक जीवनस्तर व्यतित गरेको देखिन आएकोले निजको परिवार समेतका नाममा रहेको स्रोत खुल्न नआएको हाल रु. १,६९,७६,५३८।९३ मूल्य बराबरको चल अचल सम्पत्तिका हकमा अभियोग मागदावी लिने तथा निज नगेन्द्र प्रसाद घिमिरेले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७ (१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) बमोजिमको कसूर गरेकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७ (१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) बमोजिम सजाय गरी गैरकानूनी ढङ्गले आर्जन गरेको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग. र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. बमोजिम जफतको माग दावी लिने साथै निज नगेन्द्र प्रसाद घिमिरे हवाई विभाग तथा नेपाल नागरिक उडड्यन प्राधिकरणका तत्कालिन महानिर्देशक भएकोले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४ क. तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २४ वमोजिम निजलाई थप सजाय समेतको मागदावी लिने तथा निज नगेन्द्र प्रसाद घिमिरेले भ्रष्टाचार गरी गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति निजकी पत्नी कवितादेवी घिमिरेका नाममा राखेकोले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग. तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. समेतका आधारमा सो सम्पत्ति जफत गर्ने प्रयोजनका लागि निजलाई प्रतिवादी कायम गर्ने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ र भ्रष्टाचार निवारण ऐन,

२०५९ को दफा ३६ अनुरुप आयोगको मिति २०६२/१०/१९ को निर्णयानुसार  विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४९. विराटनगर उपमहानगरपालिका कार्यालयको राजश्व रकम उक्त उपमहानगरपालिकाका परिचर हेम बहादुर राई समेतले बैंक दाखिला नगरी हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुँदा विराटनगर उप महानगरपालिका कार्यालयबाट मिति २०६१।७।२ देखि ऐ. २५ गते सम्ममा जम्मा रु. ११,६३,९७१।८६ राजश्व रकम बैंक दाखिला गर्न भनी उक्त कार्यालयका परिचर हेम बहादुर राईले बुझिलिएको भन्ने तथ्य निजले रकम बुझिलिई गरिदिएको भरपाईबाट स्थापित हुन आयो । सो रकम परिचर हेम बहादुर राईले बैंक दाखिला नगरी आफूले हिनामिना गरेको भनी निज सावित रहेका, निजको उक्त साविती बयानलाई निजबाट बैंक दाखिला नभई फिर्ता भएका बैंक भौचरहरुले समर्थन एवं पुष्ट्याईं गर्नुको साथै उल्लेखित उपमहानगरपालिका कार्यालयबाटै मिति २०६०।१२।१, २ र ६ गते बैंक दाखिला गर्न भनी बुझि लिएको राजश्व रकम रु. ४,८५,२५१।५२ समेत बैंक दाखिला नगरी सो रकमका थान ३ बैंक भौचरहरु किर्ते तयार गरी कार्यालयमा पेश गरी रकम आफैले हिनामिना गरेको भन्ने तथ्यमा समेत परिचर हेम बहादुर राई सावित रहेका, निजको उक्त साविती उल्लेखित थान ३ (तीन) बैंक भौचरहरु बैंक स्टेटमेण्टसँग नभिडेबाट पुष्टि एवं समर्थित भएको देखिंदा निजले विराटनगर उपमहानगरपालिका कार्यालयको राजश्व रकम कुल रु. १६,४९,२२३।३८ हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने प्रमाणित हुन आएकोले निज परिचर हेम बहादुर राई उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सजाय हुनकासाथै हिनामिना गरेको विगो रु. १६,४९,२२३।३८ समेत निजैबाट असूल उपर गरी विराटनगर उपमहानगरपालिका कार्यालयलाई दिलाई भराई पाउने माग दावी लिई आयोगको मिति २०६२/१०/२३ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५०. नवलपरासी गैडाकोट गा.वि.स. वडा नं. १,२ र ३ मा पर्ने अधिकांश नारायणी नदी किनार समेतका सार्वजनिक जग्गाहरु मालपोत कार्यालयका कर्मचारी र गैडाकोट निवासी कीर्तिनाथ चालिसे समेतको मिलेमतोमा आफू र आफ्ना नातेदारहरुको नाममा सन्धिसर्पण र नदी क्षेत्रभित्रका जग्गा दर्ता गरी गराई भ्रष्टाचार गरेको हुँदा कारवाही गरी पाउँ भन्ने गोपाल पौडेल र कृष्ण सापकोटा, गैडाकोटको नामवाट दर्ता हुन आएको उजुरी उपर अनुसन्धान हुँदा मालपोत ऐन २०३४ को दफा २४ र नेपाल सरकारबाट जारी भएका छुट जग्गा दर्ता कार्य नीति तथा समय समयमा भएका परिपत्र एवं निर्देशन समेतबाट स्पष्ट रुपमा सरकारी सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्न नमिल्ने भनी भएका व्यवस्थाहरुको ठाडो उलंघन गरी पर्ति जग्गालाइ व्यक्ति बिशेषका नाममा जग्गा दर्ता गरी व्यक्तिलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानी हुने गरी बदनियत पूर्वक मालपोत ऐन, २०३४ को दफा ७ (२) अनुसार उल्लेखित व्यक्तिहरुका नाममा दर्ता गर्ने काम गरी तत्कालिन प्रमुख मालपोत अधिकृत बासुदेव पौडेल र गैडाकोट गा.वि.स.का तत्कालिन उपाध्यक्ष टोलनाथ घिमिरेले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) र दफा २९ वमोजिम तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) ज. वमोजिम र चेतनाथ शर्मा गौडेलले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र दफा २९ बमोजिम तथा हाल प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) अनुसारको कसूर गरेको देखिएकोले सोही ऐनको तत् तत दफा वमोजिम सजायको विगो रु.१,३९,५३१।२५ मागदावी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,

२०४८ को दफा १८ वमोजिम आयोगको मिति २०६२/१०/२५ को निर्णयानुसार विशेष अदालत, काठमाडौमा मुद्दा दायर गरियो ।

५१. बाणिज्य विभागमा मिति २०५१।१२।६ गते दर्ता भएको सनम एण्ड सलमा ट्रेडर्सका प्रोप्राइटर डम्बर बहादुर थापाले सिंगापुरको न्यू क्रेष्ट इन्भेष्टमेण्ट लि.बाट फोटो एल्वमहरु आयात गर्नको लागि राष्ट्रिय बणिज्य बैंक, बानेश्वर शाखामा शत प्रतिशत नगद मार्जिन राखी मिति ५ मे १९९५ मा बी.एल.आर.टी. ३०/५३६ नं.को प्रतित पत्र खोली एल.सी.को शर्तहरुमा कुनै परिवर्तन नगरी रकम र परिमाण मात्र वढाई संसोधन गरी जम्मा अमेरिकन डलर ९७,२००।- विदेशी मुद्रा अपचलन गरे भन्ने उजुरी उपर विस्तृत अनुसन्धान हुँदा शुरुमा थोरै रकमको एल.सी. खोली सामानको एल.सी.को शर्तहरुमा कुनै परिवर्तन नगरी रकम र परिमाण मात्र बढाई एल.सी. संसोधन गर्न पर्नाको कारणहरु नखुलाएको, फर्मको आर्थिक हैसियत र कारोवारलाई कुनै ख्यालै नराखी एल.सी. स्वीकृत गरेको, सम्बन्धित भन्सार कार्यालयबाट वि.वि.नि.फा.नं.४ आधिकारिक रुपमा दस्तखत भै आएको हो, होइन भन्ने विषयमा समेत ध्यान नदिएको र प्रस्तुत सबै कागजातहरु परीक्षणबाट समेत फर्जि भएको स्पष्ट देखिएको अवस्थाको कागजातहरुलाई आधार मानी एल.सी.खोल्न स्वीकृति दिने र एल.सी.को विदेशी मुद्रा यु.एस.डलर जम्मा ९७,२००।- बाहिरी मुलकमा भुक्तानी दिने लगायतका कार्य गरी धरौटी रकम समेत सम्बन्धित फर्मलाई फिर्ता गरेको देखिएकोले प्रस्तुत प्रतितपत्रको संचालनमा बैंकका सम्बद्ध कर्मचारीहरुले समेत कसूर गरेको देखिन आएको हुँदा जिम्मेवार कर्मचारीहरु तत्कालीन प्रवन्धक श्रीकृष्ण श्रेष्ठ, वरिष्ठ सहायक महेन्द्र भक्त प्रधानांग, सहायक राम प्रसाद राई र बाल प्रसाद न्यौपाने तथा एकाउण्टेण्ट मदन कुमार सिवाकोटी समेत उपर तत्कालीन भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ७ (२) तथा दफा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (३) वमोजिम र सनम एण्ड सल्मा ट्रेडर्सका प्रोप्राइटर डम्बर बहादुर थापा उपर तत्कालीन भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ८ तथा दफा २९ र हाल प्रचलित भ्रष्टाचार निवरण ऐन २०५९ को दफा ८ (३) वमोजिम हदैसम्म सजाय हुन र विगोको हकमा उपरोक्त प्रतिवादिहरु र हाल मृत्यु भै सकेका उक्त वैंकका तत्कालिन सहायक राजेन्द्र अर्यालको चल अचल सम्पत्ति समेतबाट विगो असूल गरिने मितिमा कायम हुन आउने विनिमय दर अनुसारको विगो असूल उपर गरिपाउने मागदावी लिई आयोगको मिति २०६२/११/११ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५२. वाणिज्य विभागमा मिति २०५१।७।८ मा दर्ता भएको मुन्दडा इम्पेक्सका प्रोप्राइटर सुभाष चन्द्र मुन्दडाले सिंगापुरबाट माइक्रो मोटर र दुवईबाट फिलामेन्ट नाइलन यार्न पैठारी गर्न भनी राष्ट्रिय वाणिज्य वैक, भोटाहिटी शाखामा शत प्रतिशत नगद मार्जिन राखी मिति २०५२।२।४ मा एल.सि. खोली एल.सि.का शर्तहरुमा कुनै परिवर्तन नगरी रकम र परिमाण मात्र वढाई संसोधन गरी राष्ट्रिय वाणिज्य वैंक, भोटाहिटी शाखाका कर्मचारीको मिलोमतोमा एल.सी.मा उल्लेखित सामानहरु नेपाल नल्याई विदेशी मुद्रा अपचलन गरेको भन्ने विषयमा अनुसन्धान हुँदा प्रतित पत्रमा मनासिव कारण विना पटक पटक एल.सि. संसोधन समेत गरि गराई वी.एच.टी./टी./३०/३४१ को एल.सि.बाट यु.एस.डलर ९९,०००।- को तत्कालीन सटही दरले हुने ने. रु. ५०,१४,३५०।- र वी.एच.टी./टी./३०/३४८ को एल.सि.बाट यु.एस.डलर ९९,७५०।- को तत्कालीन सटही दरले हुने ने.रु. ५०,५२,३३७।- समेत जम्मा ने.रु. १,००,६६,६८७।- भुक्तानी लिई दिई सामान आयात नगरी उक्त विदेशी मुद्रा हिनामिना गरेको देखिन आएको तथा एल.सि.

खोल्दा, संसोधन गर्दा र धरौटी रकम फिर्ता गर्दा राष्ट्रिय वाणिज्य वैंक, भोटाहिटी शाखाका तत्कालीन प्रवन्धक तीर्थ प्रसाद न्यौपाने, तत्कालीन लेखा अधिकृत अनिल कुमार भण्डारी र वरिष्ठ सहायक रघुवरराज पाण्डे तथा परिचय गराउने अर्चले इन्टरप्राइजेजका प्रो.गोपाल प्रसाद पाठकले मुन्दडा इम्पेक्सका प्रोप्राइटर सुभाषचन्द्र मुन्दडासंग मिलोमतो र गैरकानूनी कार्य गरि नेपाल सरकारलाई उक्त विदेशी मुद्राको विगो वरावरको रकम हानी नोक्सानी पुर्याई भ्रष्टाचारको कसूर गरेको देखिंदा सुभाषचन्द्र मुन्दडा उपर तत्कालीन भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ८ तथा दफा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (४) वमोजिम र राष्ट्रिय वाणिज्य वैंक, भोटाहिटी शाखाका तत्कालीन प्रवन्धक तिर्थ प्रसाद न्यौपाने, तत्कालीन लेखा अधिकृत अनिल कुमार भण्डारी र वरिष्ट सहायक रघुवर राज पाण्डे उपर तत्कालीन भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ७ (२) तथा दफा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (३) वमोजिम सजाय हुन र विगोको हकमा विगो असूल गरिने मितिमा कायम हुन आउने विनिमय दर अनुसारको विगो प्रतिवादीहरुबाट असूल उपर गरि पाउने मागदावी लिई आयोगको मिति २०६२/११/११ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५३. बाणिज्य विभागमा मिति २०५१।७।९ गते दर्ता भएको न्यू सपिङ्ग इण्टरप्राइजेजका प्रोप्राइटर चक्र प्रसाद पण्डितले सिंगापुरको रामादोन इन्भेष्टमेण्ट प्रा.लि.बाट कम्प्यूटर पार्टस आयात गर्न राष्ट्रिय बाणिज्य बैंक, भोटाहिटी शाखामा प्रतित पत्र नं. वी.एच.टी./टी./३०/१५१ र हङकङको टेक्स्पो युनिकबाट कम्प्यूटर पार्टस आयात गर्न वी.एच.टी.टी./३०/१४६ का एल.सी.खोली एल.सी. का शर्तहरुमा कुनै परिवर्तन नगरी रकम र परिमाण मात्र वढाई संसोधन गरी अमेरिकी डलर १,३५,४८३।- विदेशी मुद्रा अपचलन गरेको भन्ने विषयमा अनुसन्धान हुँदा प्रतितपत्र नं. वी.एच.टी./टी./३०/१५१ को सम्बन्धमा शुरुको सेल्स कन्फर्मेसनमा सामानको परिमाण ५०० पिस उल्लेख गरी सो को मूल्य अमेरिकी डलर ४,५००।- उल्लेख भएकोमा प्रतितपत्र संशोधनको निमित्त ९-१-१९९५ मा पेश भएको सेल्स कन्फर्मेसनमा सामानको परिमाण २६० पिसको मूल्य यु.एस.डलर ६८,५२३।- उल्लेख भएको र वीजक पनि सोही बमोजिम तयार भएको देखिएको र उक्त प्रतितपत्रको वीजक जारी भएको मिति ७-१-१९९५ भन्दा पनि पछिल्लो मिति ९-१-१९९५ मा सेल्स कन्फर्मेसन तयार गरी प्रतितपत्र नं. वी.एच.टी.टी. ३०/१४६ को सम्बन्धमा सप्लायर्स भनिएका टेक्सपो युनिकबाट जारी भएका दुईवटा प्रोफर्मा इन्भ्वाईस र एउटा वीजकको लेटर हेड, टेलिफोन नम्बर, फ्याक्स नम्बर समेत फरक परेको र प्रोफर्मा इन्भ्वाईसको शुरु परिमाण ४०० पिस र संशोधित परिमाण ७,०४० पिस गरी जम्मा ७,४४० पिस हुनुपर्नेमा वीजकमा ४०० पिसको मूल्य नै प्रतितपत्रको जम्मा रकम अमेरिकी डलर ६६,९६०।- उल्लेख भएको देखिएको छ । करिव आधा महिनाको अवधि भित्र एउटै पार्टीले माथि उल्लेखित दुईवटा प्रतितपत्रमा शुरुमा थोरै रकमको प्रतितपत्र खोली प्रतितपत्रको अन्य शर्तमा कुनै परिवर्तन नगरी रकम र परिमाण मात्र बढाई प्रतितपत्र संशोधन गर्नु पर्नाको मनासिव माफिकको कारण स्पष्ट हुन नसकेको, प्रतितपत्र नं. के.टी.एम.वी.एच.टी.टी./३०/१४६ का दुईवटा प्रोफर्मा इन्भ्वाइस र एउटा वीजकको लेटर प्याड, टेलिफोन नं. र फ्याक्स नं. मा फरक परेको तथा प्रोफर्मा इन्भ्वाइसमा उल्लेखित सामानको परिमाण र वीजकको परिमाण फरक परे पनि वीजकमा उल्लेखित पूरा रकम नै भुक्तानी गरेको तथा प्रतितपत्र नं. के.टी.एम.वी.एच.टी.२/३०/१५१ का सम्बन्धमा प्रतितपत्र संसोधनको निमित्त पेश भएको प्रोफर्मा इन्भ्वाइसको प्रति इकाई दर शुरु

पेश गरेको प्रोफर्मा इन्भ्वाईस भन्दा फरक भए जस्ता विषयहरुमा बैंकका कर्मचारीहरुले कागजात परीक्षण गर्दा अनियमितता हुने गरी गरेर वि.वि.नि.फा.नं. ४ लाई सम्बन्धित भन्सार कार्यालयबाट आधिकारीक रुपले दस्तखत भै आएको हो, होइन भन्ने विषयमा जाँचवुझ नै नगरी स्टेल वी./एल. को शर्तलाई बील अफ लेडिङ जारी भएको मितिले निश्चित दिन भित्र सम्बन्धित कागजातहरु बैंकमा पेश गरि सक्नु पर्ने शर्तलाई एल.सी.खोल्नु वा संशोधन गर्नु भन्दा अगाडि जारी भएका डक्युमेण्टस्लाई मान्यता दिन सकिने भन्ने अर्थ लगाई भुक्तानी पठाएको, फर्म दर्ता गरेको २ महिना नवित्दै एवं फर्मले कारोवार शुरु नगर्दै १५ प्रतिशत मार्जिनमा यति ठूलो रकमको एल.सी.खोल्न स्वीकृति दिएको, सम्बन्धित फर्मको आर्थिक हैसियत र कारोवारको आधारमा धरौटी नलिई एल.सी.खोल्न स्वीकृति दिएको देखिएकोले प्रस्तुत प्रतितपत्रको संचालनमा बैंकका सम्बद्ध कर्मचारीहरुबाट गैरकानूनी कार्य भएको देखिन आएको हुँदा जिम्मेवार कर्मचारीहरु तत्कालीन प्रवन्धक गोपालवहादुर श्रेष्ठ, तत्कालीन सह-लेखा अधिकृत अनिल कुमार भण्डारी र तत्कालीन वरिष्ठ सहायक रघुवरराज पाण्डे उपर तत्कालीन भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ७ (२) तथा दफा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (३) वमोजिम र न्यू सपिङ्ग इन्टरप्राइजेजका प्रोप्राइटर चक्र प्रसाद पण्डित समेत उपर तत्कालीन भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ८ तथा दफा २९ र हाल प्रचलित भ्रष्टाचार निवरण ऐन २०५९ को दफा ८ (४) वमोजिम हदैसम्म सजाय हुन र विगोको हकमा विगो असूल गरिने मितिमा कायम हुन आउने विनिमय दर अनुसारको विगो प्रतिवादीहरुबाट असूल उपर गरि पाउन मागदावी लिई आयोगको मिति २०६२/११/११ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५४. राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय डोटीमा पदीय दुरुपयोग गरी भ्रष्टाचारजन्य कार्य गरी बैंकलाई हानि नोक्सानी पुऱ्याएको भन्ने विषयमा राष्ट्रिय बाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत ब्रुस एफ. हेण्डरसनका तर्फबाट आयोगमा परेको उजूरी उपर अनुसन्धान गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम २३ बमोजिम अनुसन्धान प्रतिवेदन र प्राप्त कागजातहरु समेत आयोग समक्ष मिति २०६२/११/१६ मा पेश हुँदा अध्ययन र छलफल गरी निम्न निर्णय गरियो :

- राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, डोटीका तत्कालीन सहायक प्रबन्धक कैलाश प्रसाद श्रेष्ठले उक्त शाखा कार्यालयमा कार्यरत रहँदा वदनियत पूर्वक कार्य गरी राष्ट्रिय बाणिज्य बैंकलाई हानि र आफूलाई लाभ हुने कार्य गरेको देखियो । सो कार्य भ्रष्टाचार निवारण ऐन, २०१७ र भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसारको कसूर देखिएकोले सोही ऐन बमोजिम हदैसम्म सजायको मागदावी लिई विशेष अदालतमा मुद्दा दायर गर्ने ।
- सरकारी अड्डा खानालाई जारी नभएको चेकबाट आफैले चेक लेख्ने, खाता संचालकहरु भन्दा फरक काल्पनिक नाममा खाता संचालक भनी दस्तखत गर्ने, सोही दस्तखतलाई आफैले प्रमाणित गर्ने, सम्बन्धित अड्डाखानाको खातामा खर्च नै नजनाई, जनाउन नलगाई नगद भुक्तानी दिन आदेश दिने, चेकमा उल्लेखित व्यक्तिको आफैले सहि गरी आफैले रकम बुझ्ने, ऋणीलाई जारी नभएको चेकबाट आफैले चेक लेख्ने, खाता संचालकको दस्तखत आफैले गर्ने, सो दस्तखतलाई आफैले प्रमाणित गर्ने, सम्बन्धित कर्जा खातामा कर्जा देखिने गरी खर्च नै नजनाउने, जनाउन नलगाई नगद भुक्तानी दिन आदेश आफैले गरी चेकमा उल्लेखित व्यक्तिको सहि आफैले गरी आफैले रकम बुझ्ने,

विभिन्न कर्जा खाताका कर्जा तिर्न बाकी रकम बैंकमा प्राप्त नै नभई आफ्नै हस्ताक्षरले कर्जा खातामा कर्जा तिरेको देखाई कर्जा घटाउने समेतका गैरकानूनी कार्यगरी आफूलाई गैरकानूनी लाभ र राष्ट्रिय बाणिज्य बैंकलाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले सम्बन्धित कानून, नीति, नियम, निर्देशन, कार्य प्रणाली समेतलाई उल्लंघन गरी राष्ट्रिय बाणिज्य बैंकलाई रु.४४,२७,६४३।०४ हानी नोक्सानी पुऱ्याई निज कैलाश प्रसाद श्रेष्ठले गैरकानूनी लाभ गरेको देखियो । निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) र १३ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९को दफा १७ को कसूर देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२), ११, १३ र २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ र १७ बमोजिमको सजायको मागदावी लिने ।

- सहायक ख. हरिप्रसाद श्रेष्ठ, गणक कम सुन चाँदी जाँचकी मदन राज पाण्डेय, गणक नन्दलाल ठकुराठी, गणक रिला श्रेष्ठको हकमा निजहरुले निज कैलाश प्रसाद श्रेष्ठले गरेको कसूरजन्य कार्य गर्न सहयोग पुऱ्याएको देखिंदा निजहरुलाई कसूरको मतियार भए वापत ऐनको दफा २२ बमोजिम सजायको मागदावी गर्नुपर्ने अवस्था छ तापनि रकम मासी खाने कार्यमा सहभागी भएको नदेखिएको र भएको घटनाको वयान गरी अनुसन्धान कार्यमा सहयोग गरेको हुनाले निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ (१५) बमोजिम साक्षी को रुपमा पेश गर्ने ।

५५. दि टिम्वर कर्पोरेशन अफ नेपाल लि., केन्द्रिय कार्यालय, काठमाडौंका वरिष्ठ सहायक (तह ५) पदमा कार्यरत यज्ञराज पाण्डेले वढुवा तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेको इन्टरमेडियट तहको शैक्षिक योग्यताको प्रमाणपत्रहरु आयोगबाट अनुसन्धान हुंदा सम्वन्धित बोर्डबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६ (१) ले पनि कसूरजन्य देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/११/१६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५६. नेपाल विद्युत प्राधिकरण, कैलाली कन्चनपुर ग्रामीण विद्युतिकरण आयोजना, अत्तरियाका सहायक इन्जिनियर (तह ६) पदमा कार्यरत मुरलीधर भट्टले वढुवा हुने उद्देश्यले पेश गरेको इन्टरमेडियट तहको शैक्षिक योग्यताका प्रमाणपत्रहरु आयोगबाट अनुसन्धान हुँदा सम्वन्धित बोर्डबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६ (१) ले पनि कसूरजन्य देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/११/१६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५७. नेपाल विद्युत प्राधिकरण, धनगढी शाखाका सुपरभाईजर (तह पांच) का गणेश प्रसाद भट्टले अन्य सुविधा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरु आयोगबाट अनुसन्धान हुंदा सम्वन्धित बोर्डबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६ (१) ले पनि कसूरजन्य देखिन आएकोले

उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/११/१६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५८. जिल्ला शिक्षा कार्यालय, झापा अन्तरगत मंगलमय मा.वि. लखनपुर, झापाकी प्राथमिक तह तृतीय श्रेणी पदमा कार्यरत अस्थायी शिक्षक हेम कुमारी भट्टराईले सेवा प्रवेश, उच्च तहमा अध्ययन तथा स्थायी अध्यनपन अनुमति पत्र प्राप्त गर्ने उद्देश्यले पेश गरेको माध्यमिक तहको शैक्षिक योग्यताको प्रमाणपत्रहरु आयोगबाट अनुसन्धान हुंदा सम्वन्धित बोर्डबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झुठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६ (१) ले पनि कसूरजन्य देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/११/१६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५९. राष्ट्रिय वाणिज्य वैंक, जनकपुर शाखामा कार्यरत रहेका सहायक ख. (चौथो तह) पदका माधव लालले कर्णले नियुक्ती हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र आयोगबाट छानवीन गर्न निर्देशन हुनु पूर्व यस वैंकले सम्वन्धित संस्थामा प्रमाणीकरणको लागि लेखी पठाउंदा अन्यथा लेखी आएको पत्रको प्रमाणीत प्रतिलिपी र निजका शैक्षिक योग्यताका प्रमाणपत्रको फोटोकपी संलग्न गरी आवश्यक कारवाहीको लागि भनी राष्ट्रिय वाणिज्य बैंकले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित विहार विद्यालय परीक्षा समिति, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६ (१) ले पनि कसूरजन्य देखिन आएकोले उक्त दफा बमोजिम सजाय गर्ने माग दावी लिई आयोगको मिति २०६२/११/१८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६०. राष्ट्रिय वाणिज्य वैंक, शाखा कार्यालय, उर्लाबारी मा कार्यरत रहेका सहायक ख. (चौथो तह) पदका गोपाल बजगाईले बढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र आयोगबाट छानवीन गर्न निर्देशन हुनु पूर्व यस वैंकले सम्वन्धित संस्थामा प्रमाणीकरणको लागि लेखी पठाउंदा अन्यथा लेखी आएको पत्रको प्रमाणीत प्रतिलिपी र निजका शैक्षिक योग्यताका प्रमाणपत्रको फोटोकपी संलग्न गरी आवश्यक कारवाहीको लागि भनी राष्ट्रिय वाणिज्य बैंकले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित विहार विद्यालय परीक्षा समिति, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६ (१) ले पनि कसूरजन्य देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/११/१८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६१. यातायात व्यवस्था कार्यालयका कर्मचारीहरुले भन्सार कागजात नभएको सवारी साधन बा. २ च. ९६५८ समेत गैरकानूनी तवरबाट दर्ता गरे भन्ने बिषयको उजूरी उपर अनुसन्धान हुँदा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता भएको बा. २ च. ९६५८ नंबरको मित्सुविसी पजेरो जीप मिति २०५७/४/२७ मा बा. २ च. ८१७६ नंबरको प्राईभेट कारमा झापा जिल्ला, दमक न.पा.-२ घर भई हाल नयां वानेश्वर काठमाण्डौमा वस्ने राजकुमार श्रेष्ठको नाममा दर्ता

भई निजले यातायात व्यवस्था कार्यालय, भेरीमा सरुवा सहमति सिफारिस लिई गई उक्त कार्यालयमा निजकै नाममा भे. १ च. ३७७ नंबरको प्राईभेट जीपमा दर्ता गरी निजले पुनः यातायात व्यवस्था कार्यालय, कोशीमा सरुवा सहमति सिफारिस लिएर गई उक्त कार्यालयमा निज कै नाममा को. १ च. २२८२ नंबरको प्राईभेट जीपमा दर्ता गरेको र पुनः निजले नै यातायात व्यवस्था कार्यालय, बागमतीमा सरुवा सहमति सिफारिस लिई गई उक्त कार्यालयमा निजकै नाममा बा. २ च. ९६५८ नंबरमा दर्ता भई निजले मिति २०५७/७/८ मा चितवन गुन्जनगर-२ वस्ने अमरसिंह घलेलाई बेचेको र निज घलेले समेत हाईसेफ फाईनान्स लिमिटेड, कान्तिपथलाई बिक्री गरी हाईसेफ फाईनान्स लिमिटेडले समेत का.म.न.पा.वडा नं.२ बालुवाटार वस्ने सुरेन्द्रमान शाक्यलाई बिक्री गरी निजको नाममा नामसारी भई निजले नै पक्राउ हुनु पूर्वसम्म प्रयोग गरिरहेको देखिएको उक्त बा. २ च. ९६५८ नंबरको जीप मिति २०५७/४/२७ मा यातायात व्यवस्था कार्यालय बागमतीले बिबिध ढड्डा खडा गरी राजकुमार श्रेष्ठको नाममा दर्ता कायम गर्नु पूर्व उक्त सवारी साधन शुरु दर्ता हुंदा बा. अ. त्र. ८१७६ नं. प्राईभेट कारमा दर्ता भई प्रसाद भण्डारीले २०५२/११/१२ मा राजेन्द्र महर्जनलाई बिक्री गरेको र राजेन्द्र महर्जनले समेत २०५२/१२/२५ मा गेल्पोन तामाङ्गलाई प्राईभेट कारको नामबाट बिक्री गरेको यातायात व्यवस्था कार्यालय बागमतीबाट प्राप्त बा. अ. त्र. ८१७६ नं.को साविक कारको दर्ता हुंदाको रजिष्टरको दोश्रो पानाबाट देखिएको र पछि राजकुमार श्रेष्ठको नाममा दर्ता गर्दा बिबिध ढड्डा खडा गरी कैफियतमा साविक रजिष्टर च्यातिएर फेला नपरेकोले फायल र ब्लू बुकको आधारमा रजिष्टर खडा गरिएको भनी बा. २ च. ८१७६ नंबरको सवारी साधन निजको नाममा गेल्पोन तामाङ्गको नामबाट आएको भनी बिबरणको महलको १ नं.मा सवारीको किसिममा प्राईभेट कार लेखी अन्य बिबरणमा जीपको बिबरण लेखी दर्ता गरेको देखिएको तर भन्सार तिरेको कुनै निस्सा पेश गरेको नदेखिनुको साथै निज राजकुमार श्रेष्ठको नाममा जारी भएको बा. २ च. ८१७६ नंबरको सवारी साधनको सवारी दर्ता प्रमाणपत्र (ब्लू बुक) र उक्त बा. २ च. ८१७६ नं.को सवारी साधनको सरुवा सहमतिका लागि यातायात व्यवस्था कार्यालय, भेरीलाई दिएको सिफारिस पत्रमा समेत ठाउं ठांउमा "कार" शब्दलाई काटी "जीप" शब्द थप्नु र काटी थपिएको शब्दमा अख्तियार प्राप्त अधिकारीको हस्ताक्षर नहुनु, तत् बिषयमा यातायात व्यवस्था कार्यालय, बागमतीका तत्कालिन सवारी दर्ता फांटमा कार्यरत ना.सु.हुकुम बहादुर कार्कीले आफ्नो वयानको क्रममा बा. २ च. ८१७६ नंबरको सवारी साधन नामसारी गर्दाका बखत साविकको ढड्डा फेला नपरेको हुंदा तत्कालिन कार्यालय प्रमुख अब्दुल रईस खांको आदेशबाट रेकर्ड खडा गरिदिन आदेश भए बमोजिम ब्लू बुक तथा फायलको आधारमा ढड्डा खडा गरी नामसारी गरिएको हो, राजकुमार श्रेष्ठको नाममा दर्ता भएको बा २ च ८१७६ को सवारीमा लेखिएको बिबरण र ठाउं ठाउं मा कार शब्द काटी जीप शब्द थपेको समेत मैले नै हो भनी स्वीकार गरेको देखिएको एवं उक्त सवारी साधन बा. २ च. ९६५८ नं.को जीप को प्राबिधिक जांच गरी मे.ओ.सी.दीपक देवकोटाले दिएको प्रतिवेदनमा च्यासिस नंबर सम्बन्धमा नंबरको स्टाईल फरक पन्चिड भएको नंबरको Row मा एकरुपता नभएको देखिन्छ भनी खुलाएको र त्यस्तै मित्सुविसी जीपको आधिकारीक बिक्रेता अमात्य ईन्टरप्राईजेज प्रा.लि.प्रर्दशनिमार्ग, काठमाण्डौले समेत परिक्षण गरिदिएको प्रतिवेदनमा उक्त बा. २ च. ९६५८ नं.को जीपको आकृति हेर्दा डोमेस्टिक मोडेलको भएकोले रिकण्डिसन गाडीको रुपमा नेपालमा पैठारी भई आएको हुनु पर्ने देखिन्छ। तर त्यस्तो रिकण्डिसन गाडीको पैठारी एवं बिक्री बितरण यस कम्पनी

मार्फत नहुने हुंदा सो गाडीको पैठारी हाम्रो कम्पनी मार्फत भएको नदेखिएको भन्ने व्यहोरा लेखी आएको र मिति २०५७/४/२७ मा खरिद गरी बा. २ च. ८१७६ नंबर कायम हुंदाको सवारी धनी राजकुमार श्रेष्ठले आफ्नो वयानमा समेत जसबाट खरिद गरेको हो भनी अभिलेखमा देखाईएको छ निज व्यक्ति गेल्पोन तामाङ्गबाट खरिद गरेको हो भन्ने थाहा नहुनु, त्यत्रो मूल्यको सवारी साधन मेरो नाममा भान्जा सुदम श्रेष्ठले राखि दिएका हुन्, सो बारे मलाई केही थाहा छैन भन्नु तर बागमतीमा मिति २०५७/४/२७ मा निजको नाममा दर्ता गरी मिति २०५७/४/२९ मा नै भेरी लगी निजकै नाममा सरुवा दर्ता गर्नु, फेरी १ महिना नै नपुगी २०५७/५/२६ मा कोशीमा निजकै नाममा सरुवा दर्ता गर्नु र पुन: लगभग १ महिना भित्रै निजकै नाममा बागमतीमा दर्ता गरेको अवस्था लगभग ३ महिना भित्र नै भएको र छिन छिनमा सरुवा दर्ता गर्नु पर्ने कारण समेत निज राजकुमार श्रेष्ठले निजको वयानमा प्रष्ट गर्न नसकेको अवस्था देखिंदा निज राजकुमार श्रेष्ठले नै तत्कालिन यातायात व्यवस्था कार्यालय, बागमतीका कार्यालय प्रमुख हाल फरार अब्दुल रईस खां र ऐ. कार्यालयका सवारी दर्ता फांटका ना.सु.हुकुम बहादुर कार्कीलाई आर्थिक प्रलोभनमा पारी आफूलाई फाईदा हुने काम गरी गराई नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याई कार्यालयको अभिलेखको रुपमा रहेको बा. अ. ञ. ८१७६ नंबरको प्राईभेट कारको मूल बही, ढड्डा र रजिष्टरको मुख्य पहिलो पाना च्याती, उप्काई, नासी उक्त सवारी साधन दर्ता हुंदाको सक्कल फायल समेत बद्नीयत पूर्वक गायव गरी उक्त नंबरको सवारी साधनको दर्ता अभिलेखलाई नै प्रयोग गरी गैरकानूनी रुपमा आफू खुसी बिबिध ढड्डा रजिष्ट्ररको नाम दिई नयां ढड्डा खडा गरी हाल पक्राउ परेको बा. २ च. ९६५८ नंबरको मित्सुविसी जीपको बिबरण लेखी साविक बा. अ. ञ. ८१७६ नंबरको प्राईभेट कारको दर्ता गरिएको अभिलेख र नंबर प्रयोग गरी भिन्न बिबरण भएको बा. २ च. ८१७६ नंबरको सवारी साधन दर्ता गरी तीन महिना भित्रै बिभिन्न यातायात व्यवस्था कार्यालयहरुमा सरुवा दर्ता गर्दै गैरकानूनी रुपमा चोरी पैठारी गरी ल्याएको सवारी साधनलाई बैधानिकता दिन बा. २ च. ९६५८ नंबरको प्राईभेट जीपमा तत्कालिन यातायात व्यवस्था कार्यालय बागमतीका कार्यालय प्रमुख अब्दुल रईस खां र ना.सु. हुकुम बहादुर कार्कीसंग मिली दर्ता गरेको देखिंएको छ भने अर्को तर्फ उक्त मितिमा दर्ता भएको उक्त सवारी साधनको बिगो कायम गर्दा भन्सार वापतको महशुल आर्थिक वर्ष ०५६/५७ मा १४७% लाग्ने देखिएको र उक्त कम्पनीको सवारी साधनको अधिकृत विक्रेता अमात्य ईन्टर प्राईजेजले समेत भन्सार सहित रु. ५५,००,०००।- पर्छ भनी लेखि पठाएको देखिंदा उक्त सवारीको मूल्य नेपाल सरकारलाई तिर्नुपर्ने कूल भन्सार महशुल १४७% रु. ३२,७३,२७९।३५ तिर्दा भन्सार सहित रु.५५,००,०००।- हुन आउने देखिएको र भन्सार बाहेकको मूल्य रु.२२,२६,७२०।६५ पर्न आउने देखियो । तसर्थ तथ्यको आधारमा गैरकानूनी रुपमा दर्ता हुन आएको बा. २ च. ९६५८ नंबरको मित्सुविसी जीप उक्त नंबरमा दर्ता हुंदा साविक बा. अ. ञ. ८१७६ नंबरको प्राईभेट कारको दर्ता नंबर लिई सो कारको अभिलेख बिबरणमा झुट्ठा गैरकानूनी तवरले चोरी पैठारी गरी ल्याएको उक्त मित्सुविसी जीपको बिबरण लेखी मिति २०५७/४/२७ मा जिल्ला झापा, दमक नगरपालिका वडा नं.-२ वस्ने राजकुमार श्रेष्ठको नाममा दर्ता गरेको देखिएतापनि निजले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १४ र १५ एवं सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम ३ र ४ बमोजिमको कानूनी प्रकृया एवं रित पुऱ्याई सवारी दर्ता गरेको देखिएन । उक्त ऐनको दफा १४ र १५ मा "कुनै पनि सवारी दर्ता गराउनु परेमा त्यस्तो सवारी खरिद गर्ने व्यक्ति, फर्म वा

कम्पनी वा एजेन्टले खरिद गरेको निस्सा, त्यस्तो सवारी बिदेशबाट पैठारी गरेको भए पैठारी गर्ने व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले सो सवारीको भन्सार महशुल तिरेको निस्सा तथा अन्य सम्बन्धीत कागजात पेश गर्नुपर्ने" स्पष्ट कानूनी व्यवस्था छ । तर निज राजकुमार श्रेष्ठको नाममा दर्ता कायम हुंदा भन्सार तिरेको निस्सा पेश भए गरेको कागजात कहीं कतैबाट देखिंदैन । निजले आफ्नो वयानमा समेत तत् सम्बन्धमा स्पष्ट खुलाउन सकेको देखिंदैन भने अर्को तर्फ उक्त मित्सुविसी पजेरो जापानिज जीपको अधिकृत बिक्रेता अमात्य ईन्टरप्राईजेजले समेत निजको कम्पनीबाट बिक्री नभएको भनी जवाफ लेखि पठाएको देखिंदा निज राज कुमार श्रेष्ठले तेश्रो मुलुकबाट खरिद गरी ल्याएको सवारी साधन नेपाल भित्र ल्याउंदा नेपाल सरकारलाई भन्सार वापतको बुझाउनु पर्ने महशुल नतिरी गैर बाटो हुंदै चोरी पैठारी गरी नेपाल भित्र्याई तत्कालिन यातायात व्यवस्था कार्यालय, बागमतीका कार्यालय प्रमुख अब्दुल रईस खां र सवारी फांटमा कार्यरत ना.सु.हुकुम बहादुर कार्की संग मिली नेपाल सरकारलाई हानी नोक्सानी र आफूलाई लाभ पुऱ्याउने काम गरेको पुष्टि हुन आएको हुंदा उक्त मितिमा दर्ता भएको सवारी साधनको भन्सार महशूल दर कायम गर्दा आर्थिक वर्ष ०५६/५७ मा १४७% लाग्ने देखिएको र उक्त कम्पनीको सवारी साधनको अधिकृत विक्रेता अमात्य ईन्टर प्राईजेजले भन्सार सहित रु.५५,००,०००।- पर्छ भनी लेखि पठाएकोले उक्त सवारीको मूल्य नेपाल सरकारलाई तिर्नु पर्ने कूल भन्सार महशुल १४७% रु. ३२,७३,२७९।३५ तिर्दा भन्सार सहित रु.५५,००,०००।- हुन आउने देखिएको र भन्सार बाहेकको मूल्य रु.२२,२६,७२०।६५ पर्न आउने देखिएकोले उक्त रकम मध्ये भन्सार बापतको महशूल छली नेपाल सरकारलाई राजश्व वापत रु. ३२,७३,२७९।३५ हानी नोक्सानी पुऱ्याएको देखियो । अतः यस बिषयमा आयोगको मिति २०६२।११।१९ को बैठकबाट देहाय बमोजिम गर्ने निर्णय भयो :

**क. सवारी धनी राजकुमार श्रेष्ठको हकमा :**

मिति २०५७/४/२७ मा दर्ता हुंदाका सवारी धनी राजकुमार श्रेष्ठले उपरोक्त अनुसारको सवारी साधन नियमानुसार खरिद गरी भन्सार महशूल वापतको राजश्व नबुझाई छली गैर बाटो प्रयोग गरी नेपाल भित्र्याई नेपाल सरकारलाई तिर्नु पर्ने कूल राजश्व रकम रु. ३२,७३,२७९।३५ नबुझाई यातायात व्यवस्था कार्यालय, बागमतीका कर्मचारीसंग मिलेमतो गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) ले सजाय हुने भ्रष्टाचारजन्य कसूर गरी नेपाल सरकालाई हानी नोक्सानी पुऱ्याई आफूलाई फाईदा हुने काम गरेको देखिंदा उक्त ऐन बमोजिम हदैसम्म सजाय गरी सरकारलाई तिर्नु/ बुझाउनु पर्ने बिगो समेत निजबाट असूल उपर गर्न माग गर्ने ।

**ख. तत्कालिन यातायात व्यवस्था कार्यालय बागमतीका कार्यालय प्रमुख अब्दुल रईस खां र सवारी फांटमा कार्यरत ना.सु. हुकुम बहादुर कार्कीको हकमा :**

तत्कालिन यातायात व्यवस्था कार्यालय, बागमतीका कार्यालय प्रमुख अब्दुल रईस खां र सवारी फांटमा कार्यरत ना.सु.हुकुम बहादुर कार्की समेतले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २२ र ३७ र यातायात व्यवस्था नियमावली २०५४ को नियम १२ तथा यातायात व्यवस्था बिभागको च.न.१० मिति २०५४/४/१ को सरुवा दर्ता सम्बन्धी परिपत्र बमोजिम रित पुऱ्याई भन्सार महशूल तिरेको निस्सा समेत पेश नभएको सवारी साधनलाई कार्यालयमा

अभिलेखको रुपमा रहेको बा. अ. ञ. ८१७६ नंबरको प्राईभेट कारको बिबरण भएको मूल ढड्डाको पहिलो पाना च्याती गैरकानूनी रुपमा बिबिध ढड्डा खडा गरी बा. २ च. ८१७६ नं.को प्राईभेट कारमा जीपको बिबरण लेखी बा. २ च. ९६५८ नंबरको मित्सुविसी जीप गैर कानूनी रुपमा दर्ता गरी उक्त सवारी साधनका सवारी धनी राजकुमार श्रेष्ठसंग मिली आफूलाई लाभ र नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याउने काम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) र १२ बमोजिमको भ्रष्टाचारजन्य कसूर गरेको देखिई नेपाल सरकालाई हानी नोक्सानी पुऱ्याई आफूलाई फाईदा हुने काम गरेको देखिंदा उक्त ऐन बमोजिम दुबै जना अब्दुल रईस खाँ र हुकुम बहादुर कार्कीलाई हदैसम्म सजाय गरी सरकारलाई तिर्नु/ बुझाउनु पर्ने बिगो समेत निजहरुबाट असूल उपर गर्न माग गर्ने ।

**ग. बा. २ च. ९६५८ नंबरको सवारी साधनको सवारी धनी सुरेन्द्रमान शाक्यको हकमा :**

राजकुमार श्रेष्ठको नाममा दर्ता भएको वा. २ च. ८१७६ नंबरको सवारी साधन यातायात व्यवस्था कार्यालय भेरी, कोशी हुंदै बागमतीमा बा. २ च. ९६५८ नंबर कायम गरी मिति २०५८/९/१७ गते हाईसेफ फाईनान्स कम्पनीबाट खरिद गरेको देखिएतापनि उक्त सवारी साधन प्रचलित कानून बमोजिम भ्रष्टाचारजन्य देखिने कसूरमा संलग्न रहेको पाईएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम उक्त गाडी जफत गर्ने प्रयोजनको लागि निज सुरेन्द्रमान शाक्यलाई समेत प्रतिवादी वनाई आयोगको मिति २०६२/११/१९ को निर्णयानुसार बिशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६२. यस आयोगमा परेको नि.द. नं. १०६५ मिति ०६२।७।४ को राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, कलैया, बाराबाट भोला बाबा गल्ला भण्डारका प्रो. पुनदेव प्रसाद दासलाई रु. ८ लाख कर्जा प्रवाह गर्दा अर्काको स्वामित्व रहेको घर जग्गालाई आफ्नो स्वामित्वमा रहेको भनी कीर्ते कागजात तयार गरी कर्मचारीको मिलेमतोमा कर्जा लगानी गरेकोले दोषी माथि आवश्यक कारवाही गरी पाउँ भनी राष्ट्रिय बाणिज्य बैंक, केन्द्रीय कार्यालयको च.नं. २०६ मिति २०६२।७।३ बाट प्राप्त उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रिय बाणिज्य बैंक, कलैया शाखाबाट प्रवाहित प्रा.क्षे कर्जा ३६।०७ नं. अन्तर्गत भोला बाबा गल्ला भण्डारका प्रो. पुनदेव प्रसाद दासलाई किस्ता किस्ता गरी जम्मा रु. ८,००,६८६।- कर्जा दिइएको पाइयो । कर्जाको लागि ऋणीले बैंकमा पेश गरेको धितो मध्ये रु. ६,५०,०००।- को लागि लिएको घर जग्गाको धितो आफ्नो स्वामित्व नभएको सम्पत्तिलाई किर्ते कागजात तयार गरी अर्काको नामको घर जग्गालाई निजले आफ्नो नाममा रहेको धनी प्रमाण पुर्जा बनाएको पाइयो । किर्ते कार्यमा निज ऋणी र बैंकका कर्मचारीहरुको बदनियतपूर्वक सहभागीता रहेको भनी ऋणीले किटानी साथ साविति वयान दिइएको समेतबाट पुष्टि भएकोले आयोगको मिति २०६२।११।२२ को बैठकबाट निम्नानुसार गर्ने निर्णय भयो :

**क. ऋणी पुनदेव प्रसाद दासको हकमा:**

राष्ट्रिय बाणिज्य बैंकका तत्कालीन कर्जा इन्चार्ज श्याम बहादुर पोखरेलसंग मिलेमतो गरी वदनियत पूर्वक अर्काको नाममा रहेको घर जग्गालाई किर्ते गरी आफ्नो नाममा रहेको भन्ने प्रमाण बनाई बैंकलाई साँवा रु. ८,००,६८६।- र व्याज रु ९,२०,५५६।- समेत गरी जम्मा रु. १७,२१,२४२।- गैरकानूनी हानी नोक्सानी पुऱ्याई आफू र बैंकका कर्मचारीलाई गैरकानूनी लाभ पुऱ्याएको देखिएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) बमोजिम भ्रष्टाचारको कसूरमा विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।

**ख. प्रबन्धक पुरुषोत्तम बरालको हकमाः**

राष्ट्रिय बाणिज्य बैंक, कलैया शाखाका तत्कालीन प्रबन्धक पुरुषोत्तम बरालले ऋणी पुनदेव प्रसाद दासलाई कर्जा प्रवाह गर्नको लागि आफ्नै बैंकको कर्जा फाँटका कर्जा इन्चार्ज श्याम बहादुर पोखरेल मार्फत किर्ते जग्गाधनी प्रमाण पुर्जा तयार गराई सोही किर्ते धितो जग्गा धनी प्रमाण पुर्जा धितोको रुपमा लिएको, धितो पास गर्नका लागि खटाइएका सहायक ख. छठु चौधरीलाई मालपोत कार्यालयमा पठाउनुको सट्टा कर्जा असूलीको लागि काजमा पठाई धितो पासको लिखतमा मालपोत कार्यालय नपठाई बैंकमै बसाई दस्तखत गराई कीर्ते कार्यको लागि वातावरण सृजना गरेको र सहायक प्रबन्धक नभएको दिन पारी धितो पासको लागि मालपोत कार्यालयलाई पत्र लेखेको आधारमा निज प्रबन्धकले जानी जानी वदनियत पूर्वक बैंकलाई साँवा व्याज समेत गरी जम्मा रु. १७,२१,२४२।- गैरकानूनी हानी नोक्सानी र ऋणी तथा आफूलाई गैरकानूनी लाभ पुऱ्याएको देखिंदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) र दफा १३ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम भ्रष्टाचारको कसूरमा विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।

**ग. तत्कालीन जे. टी. श्याम बहादुर पोखरेलको हकमाः**

राष्ट्रिय बाणिज्य बैंकका तत्कालीन जे.टि. श्याम बहादुर पोखरेलले ऋणी पुनदेव प्रसाद दासलाई बैंकमा बोलाई पैसाको प्रलोभन देखाई अर्काको नामको घर जग्गाको लालपुर्जा किर्ते गरी निज पुनदेव प्रसाद दासको नामको लालपुर्जा बनाई रु. ८,००,६८६।- कर्जा दिन दिलाउन सफल भएको । उक्त रकम मध्ये रु. ४ लाख ऋणीलाई दिई बाँकी बैंकका स्टाफले बाँडी चुँडी खाने भनी निज पोखरेलले लिएको भनी ऋणीले किटानी बयान दिएको । किर्ते धितो पास गर्नको लागि सहायक प्रबन्धक नभएको दिनमा निमित्त सहायक प्रबन्धक भै दस्तखत गरी प्रबन्धक समक्ष मालपोत कार्यालयको लागि लेखिएको पत्र पेश गरेको र मालपोत कार्यालयमा धितो पास गर्न खटाइएका सहायक ख. छठु चौधरीलाई कर्जा इन्चार्जको हैसियतले अन्यत्र खटाउन प्रबन्धक समक्ष सिफारिस गरी निज चौधरीले मालपोत कार्यालयमा गई गर्नु पर्ने दस्तखत बैंकमै गराएको घर जग्गाको मूल्यांकन मुचुल्का तयार गर्नु पर्दा स्थलगत निरीक्षण गरी संधियारलाई बोलाई सोधनी गरी एकिन भए पछि मात्र काम तामेल गर्नेको तर्फबाट दस्तखत गर्नु पर्नेमा सो नगरी जग्गासंग सरोकार नै नभएका व्यक्तिको दस्तखत गराएको आधारमा निज श्याम बहादुर पोखरेलले जानी जानी बदनियत पूर्वक बैंकलाई साँवा व्याज समेत गरी जम्मा रु. १७,२१,२४२।- गैरकानूनी हानी नोक्सानी पुऱ्याउने र ऋणी तथा आफूलाई गैरकानूनी लाभ पुऱ्याउने कार्य गरेकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) र दफा १३ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम भ्रष्टाचारको कसूरमा विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।

**घ. तत्कालीन सहायक प्रबन्धक पन्नालाल केशरीः**

राष्ट्रिय बाणिज्य बैंकका तत्कालीन सहायक प्रंबन्धक पन्नालाल केशरीले पुनदेव प्रसाद दासलाई कर्जा प्रवाह गर्दा कर्जा समितिको सदस्यको हैसियतले दस्तखत गरेको देखिन्छ । बैंकलाई हानि नोक्सानी पुऱ्याउने कार्यमा अदृश्य मतियार भएको देखिनाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको सजायको माग दावी गर्नु पर्ने भएता पनि बाँकी काममा कर्जा

इन्चार्ज र प्रबन्धकले निजलाई गुमराह मै राखेको ब्यहोरा निज बिदा बसेको दिन धितो पास गर्ने पत्र लेखिएबाट पनि देखिएको हुँदा र ऋणी तथा अन्य सहायक कर्मचारी समेतले यिनको मिलेमतो रहेको भनी उल्लेख नगरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ (१५) बमोजिम सजायमा पूर्ण छूट दिई आयोगको साक्षीको रुपमा पेश गर्ने ।

**ङ. तत्कालीन सहायक ख. छठु चौधरी**

प्रबन्धकले आफूलाई लगाएको कार्य सम्बन्धित मालपोत कार्यालयमा नगई बैंकमै सहि गरी अन्य क्षेत्रमा खटाएको देखिन आएकोले गर्नु पर्ने कार्य नगरी नगर्नु पर्ने कार्य गरी गैर जिम्मेवारीपूर्ण कार्य गरी बैंकलाई हानि नोक्सानी पुऱ्याउने कार्यमा मतियार भएको देखिनाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को २२ बमोजिमको सजाय माग दावी गर्नु पर्ने भएता पनि प्रबन्धकले लाए अह्राए बमोजिम मालपोत कार्यालयमा नगई अन्यत्र काज गएको तर आयोगको अनुसन्धान कार्यमा सहयोग पुग्ने गरी खुलस्त वयान दिएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ (१५) बमोजिम सजायमा पूर्ण छूट दिई आयोगको साक्षीको रुपमा पेश गर्ने ।

**च. तत्कालीन वडा सदस्य दुर्गादेवी पौडेल**

चारकिल्ला र मूल्यांकन मुचुल्कामा दस्तखत गर्ने कलैया नगरपालिका वडा नं. २ का तत्कालीन वडा सदस्य दुर्गादेवी पौडेलले बैंकलाई हानि नोक्सानी पुऱ्याउने कार्यमा मतियार भएको देखिनाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको सजाय मागदावी गर्नु पर्ने भएता पनि आफूले दस्तखत गरेको केही समय पछि उक्त कार्य किर्ते रहेछ भन्ने थाहा पाई जिल्ला प्रशासन कार्यालय, डि.एस.पी. कार्यालय र बैंकका प्रबन्धक समेतलाई जानकारी गराएकी र हाल ऋणीलाई पक्राउ गरी आयोगमा उपस्थित गराउन समेत मद्दत गरेकी हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ (१५) बमोजिम सजायमा पूर्ण छूट दिई आयोगको साक्षीको रुपमा पेश गर्ने गरी विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।

६३. ललितपुर उपमहानगरपालिकाका नगर प्रहरी सहायक निरिक्षक कृष्णकुमार श्रेष्ठले नियुक्ति हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी ललितपुर उपमहानगरपालिकाले यस आयोगमा पठाएको उजूरी उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित विहार संस्कृत शिक्षा बोर्ड, पटना, भारतबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/११/२५ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६४. नेपाल टेलीकम काठमाडौं क्षेत्रीय कार्यालय, सुन्धारामा कार्यरत रहेका असिष्टेण्ट ईन्जिनियर आनन्द कुमार ठाकुरले नियुक्ति हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक

छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल टेलीकमले यस आयोगमा पठाएकोमा सो उजूरी उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश ईलाहावाद, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/११/२५ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६५. नेपाल विद्युत प्राधिकरणमा कार्यरत रहेका सहायक स्टोर किपर प्रवेशमान श्रेष्ठले सेवा प्रवेश गर्ने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल विद्युत प्राधिकरणले यस आयोगमा पठाएको उजूरी उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित विहार विद्यालय परीक्षा समिति, पटनाबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/१२/८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६६. नेपाल विद्युत प्राधिकरणमा कार्यरत रहेका इलेक्ट्रिशियन रामशरण खड्काले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल विद्युत प्राधिकरणले यस आयोगमा पठाएको उजूरी उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित विहार विद्यालय परीक्षा समिति, पटनाबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/१२/८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६७. नेपाली सैनिक, गठ्ठाघरका ना.सु. देवीप्रसाद लुइंटेलले बैंकबाट रकम भुक्तानी लिने चेकहरु कीर्ते गरी पटक पटक कार्यालयको वास्तविक खर्च भन्दा बढी रकम भुक्तानी लिई हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान गर्दा निज ना.सु. देवीप्रसाद लुइटेलले आ.ब. २०५३।०५४ देखि २०६१।०६२ सम्म चेकमा अंक अक्षर थपि किर्ते गरी वास्तविक खर्च भन्दा बढी रु. ५९,७०,९६३।४३ बैंकबाट भुक्तानी लिई हिनामिना गरी गलत श्रेस्ता समेत तैयार गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकाले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१), १३, २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा ३ (ज) वमोजिम सजाय गरी हिनामिना गरेको उल्लेखित रकम मध्ये निजबाट बैंक दाखिला भई फिर्ता भएको रु. ५,००,०००।- कटाई बाँकी हुन आउने रु. ५४,७०,९६३।४३ निज ना.सु. देवीप्रसाद लुइंटेलबाटै नेपाल सरकारलाई दिलाई भराई पाउने मागदावी लिई आयोगको मिति २०६२/१२/८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६८. नेपाल खाद्य संस्थान, डिपो कार्यालय, मंगलसेनका, डिपो प्रमुख (पाँचौ तह) पदमा कार्यरत प्रेम वहादुर खड्काले वढुवा तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु उपर आयोगबाट अनुसन्धान हुँदा सम्वन्धित परिषदबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/१२/११ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६९. नवलपरासी जिल्ला, गैडाकोट गा.वि.स. स्थित नारायणी नदी किनार समेतका सार्वजनिक जग्गाहरु मालपोत कार्यालयका कर्मचारी र गैडाकोट निवासी सूर्यभक्त अधिकारी समेतको मिलेमतोमा आफू र आफ्ना नातेदारहरुको नाममा सन्धीसर्पण र नदी क्षेत्रभित्रका जग्गा दर्ता गरी गराई भ्रष्टाचार गरेको हुँदा कारवाही गरी पाउँ भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा आफ्नो साविक लगत तिरो र भोग समेत नभएको पर्ति जग्गा आफ्नो लगत हकभोगको हो भनि झुठो व्यहोरा पेश गरी गैरकानूनी रुपमा जग्गा दर्ता गरी लिने सूर्यभक्त अधिकारी, निजलाई गैरकानूनी फाइदा पुर्‍याउन भोग र प्रमाण नभिडेको जग्गालाई निवेदकको भोग र प्रमाण भिड्छ भनि गलत स्थलगत निरीक्षण प्रतिवेदन पेश गर्ने र सोही आधारमा छुट जग्गा दर्ता सिफारिस समितिको संयोजक भई दर्ता गर्न सिफारिस गर्ने तत्कालिन प्रमुख मालपोत अधिकृत लक्ष्मी प्रसाद ज्ञवाली, गा.वि.स.बाट सार्वजनिक जग्गा भनी दावी विरोध हुँदा हुँदै सो व्यहोरा नखुलाई नभिडेको प्रमाणलाई भिड्छ भन्दै राय सिफारिस पेश गर्ने खरिदार रामबहादुर हमाल, ना.सु. रामपलट प्रसाद चौधरी र प्रमाणको मूल्यांकन नै नगरी साविक लगत, तिरो र भोग नभएको तथा सार्वजनिक भनी दावी विरोध भएकै अवस्थामा र छुट जग्गा दर्ता समेत रोक्का भएको समयमा निवेदकको नाममा जग्गा दर्ता गर्ने प्रमुख मालपोत अधिकृत वासुदेव पौडेल समेतले मालपोत ऐन २०३४ को दफा ७ (२) अनुसारको साविक लगत तिरो र भोग नभएको पर्ति जग्गालाइ व्यक्ति बिशेषका नाममा जग्गा दर्ता गरी मालपोत कर्यालयको हालको न्यूनतम मूल्यांकन अनुसार उक्त जग्गाको हुन आउने रु १,३४,८१,८७५।- को विगो वरावर सूर्यभक्तलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानी हुने गरी बदनियतपूर्वक व्यक्तिका नाममा गैरकानूनी छुट जग्गा दर्ता गर्ने गराउने कार्य गरी भ्रष्टाचार गरेको देखिन आएकोले निज प्रतिवादीहरुलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ७ (१) र दफा २९ वमोजिम तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ज) बमोजिम र गाउँ विकास समितिको वैठकमा सार्वजनिक जग्गा हो भनि निर्णय गरी मालपोतमा दावी विरोध गर्ने र सो दावी विरोध तर्फ हेलचेक्रयाई गरी गा.वि.स.को प्रतिनिधिको हैसियतले समितिमा उपस्थित भई दर्ता सिफारिस गरी भ्रष्टाचारजन्य कार्य गर्ने तत्कालिन गा.वि.स. उपाध्यक्ष कीर्तीनाथ चालिसेलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२), २९ र हाल प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ज) को आधारमा हदैसम्म सजायको मागदावी लिई विशेष अदालतमा मुद्दा दायर गर्ने । साथै उक्त जग्गा दर्ता गरि लिने सूर्यभक्त अधिकारीको २०५८ सालमा मृत्यु भई सकेको र हाल उक्त जग्गा निजका हक खाने हकवाला छोराहरु रोहण भक्त अधिकारी, मदन भक्त अधिकारी, मोहन भक्त अधिकारी, कृष्ण भक्त अधिकारी, सोहन भक्त अधिकारी र महेन्द्र भक्त अधिकारी समेतले जोत कमोद गरी आएको सम्म देखिएको र

निजहरुको नाममा हालसम्म नामसारी भई दाखिल खारेज भएको नदेखिंदा निजहरुलाई आरोप पत्रमा प्रतिवादीसम्म बनाई आयोगको मिति २०६२/१२/१४ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७०. अमिन मोहम्मद सलिम राईन समेतको मिलोमतोमा अनियमित रुपमा नक्सामा हेरफेर गरी जग्गा घटवढ बनाई दर्ता गरी भ्रष्टाचार गरेको सम्वन्धमा अनुसन्धान गर्दा निज अमिन मोहम्मद सलिम राइनले साविकको वास्तविक नक्सा गायव गरी सार्वजनिक जग्गा तथा व्यक्तिगत जग्गा समेत थपघट वनाई नेपाल सरकार समेतलाई हानी पुर्‍याउने वदनियत तथा काल्पनिक नक्सा बनाई नेपाल सरकारको कार्यालयको गलत लिखत तयार गर्ने, क्षेत्रीय किताबको चौहद समेत सच्याई सरकारी कागजात अनाधिकार तथा गैरकानूनी रुपमा सच्याउने, आफूले वुझी लिएको वास्तविक सक्कल ट्रेस नक्सा गायव पार्ने, नेपाल सरकारको सम्पतिलाई हानी नोक्सानी पार्ने समेतको गैरकानूनी कार्य गरी निज अमिन मोहम्मद सलिम राईनले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१), ९, १३ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११, १२ र १७ को कसूर गरेको देखिंदा निज राईन उपर साविक भ्रष्टाचार निवारण ऐन, को दफा ७ (१), ९ तथा १३ अनुसार र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११, १२ र १७ वमोजिम सजाय गरी पाउनको लागि मागदावी लिई आयोगको मिति २०६२/१२/२५ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७१. नेपाल वायुसेवा निगममा कार्यरत रहेकी विमान परिचारिका कला बजगाईले सेवा प्रवेश गर्ने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल वायुसेवा निगमले यस आयोगमा पठाएको उजूरी उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेशबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/१२/२८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७२. जिल्ला शिक्षा कार्यालय, भक्तपुरमा फाजिल दरवन्दीमा कार्यरत मुखिया श्रीमती अम्बिका श्रेष्ठलाई लोकसेवा आयोगले सिफारिश नगरेको र जिल्ला जन स्वास्थ्य कार्यालय, भक्तपुरले पनि स्थायी नियुक्ति नदिएको, त्यस्तै परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीमा कार्यरत खरिदार बालकृष्ण तमखुले पेश गरेको नियुक्ति पत्र पनि फर्जि देखिएकोले आवश्यक कारवाही गरिदिनुहुन भनी सामान्य प्रशासन मन्त्रालयबाट आयोगमा प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा मुखिया अम्विका श्रेष्ठले झुट्टा कागजातहरु आफैले तैयार गरी सरकारी कर्मचारीको किर्ते दस्तखत गरी विभिन्न कार्यालयहरुमा सरकारी नोकरी गरी जम्मा रु. ३,१२,२८४।८० रकम बुझिलिएको पुष्टी हुन आयो । त्यसै गरी खरिदार बालकृष्ण तमखुले पनि झुट्टा कागजातहरु आफैले तैयार गरी सरकारी कर्मचारीको किर्ते दस्तखत गरी विभिन्न कार्यालयहरुमा सरकारी नोकरी गरी जम्मा रु. ३,३१,२६८।- रकम बुझिलिएको पुष्टी हुन आयो । तसर्थ श्रीमती अम्बिका श्रेष्ठ र बालकृष्ण तमखुले गरेको उल्लेखित कार्य तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजायं हुने कसुर भएको हुँदा तत् तत् ऐनको तत् तत् दफा र उप-दफाहरु

बमोजिम हदैसम्म सजायंको मागदावी लिई आयोगको मिति २०६३/१/१२ को निर्णयानुसार निजहरु दुबै जना उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७३. नेपाल खाद्य संस्थान, भैरहवा शाखामा खरिदार सरहको सहायक पदमा कार्यरत रहेका लक्ष्मण प्रसाद आचार्यले बढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल खाद्य संस्थानले यस आयोगमा पठाएको उजूरी उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित माध्यमिक शिक्षा परिषद, वाराणसी, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/१/१३ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७४. प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद् अन्तर्गत कर्णाली प्राविधिक शिक्षालय, जुम्लामा प्रशासकीय सहायक (सहायक स्तर प्रथम प्र.) पदमा कार्यरत रहेका केशव बहादुर के.सी.ले शुरु नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाण पत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद, सानोठीमी, भक्तपुरले यस आयोगमा पठाएको उजूरी उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित माध्यमिक शिक्षा परिषद् वाराणसी भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/१/१७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७५. पश्चिमाञ्चल ग्रामिण विकास बैंक लिमिटेड प्रधान कार्यालय वुटवल अन्तर्गत इलाका कार्यालय परासीमा अधिकृत स्तर सातौं तह (का.मु. प्रबन्धक) पदमा कार्यरत रहेका मुरारी प्रसाद पराजुलीले शुरु नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाण पत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी पश्चिमाञ्चल ग्रामीण विकास बैंक लि.बाट यस आयोगमा पठाएको उजूरी उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित माध्यमिक शिक्षा परिषद् वाराणसी भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६२/१२/२८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७६. नवलपरासी जिल्ला, गैंडाकोट गा.वि.स वडा नं. १, २ र ३ मा पर्ने अधिकांश नारायणी नदी किनाराका सार्वजनिक जग्गाहरु मालपोत कार्यालयका कर्मचारीहरु र गैंडाकोट निवासी केशवराज सापकोटा समेतको मिलेमतोमा आफू र आफ्ना नातेदारहरुको नाममा दर्ता गरी भ्रष्टाचार गरेको हुँदा कारवाही गरी पाउँ भन्ने विषयमा गोपाल पौडेल समेतको नामबाट आयोगमा दर्ता हुन आएको उजूरी उपर अनुसन्धान हुंदा नवलपरासी जिल्ला, गैंडाकोट गा.वि.स., वडा नं. २ क., कि.नं. १५० को ससीम क्षे.फ. ५०-७-३ जग्गा २०२९ सालमा नापी हुँदा क्षेत्रीय कितावमा गौचर जनिई नाप नक्शा भएको देखिन आयो । यस्तो गौचर प्रकृतिको जग्गालाई मालपोत

कार्यालय, नवलपरासीका कर्मचारीहरु समेतको मिलेमतोमा मिति २०५५।३।९ मा केशवराज सापकोटाको नाममा नयाँ कित्ता कायम गरी कि.नं. ३७४ र ३७५ बाट क्षेत्रफल ३७-७-३ रो. जग्गा व्यक्तिका नाममा छुट जग्गा दर्ता गरेको देखिन आयो । उक्त जग्गा दर्ता गर्नका लागि पेश भएका ७ नं. फाँटवारी, ४ नं. अनुसूची, सर्वजीत वोटेसंग २०२२ सालमा खरीद गरेको भनिएको पारित लिखत, मालपोत कार्यालयबाट २०३९।४।१ मा गरेको स्थलगत सर्जमीन, विभिन्न मितिमा भएका फिल्ड निरीक्षण प्रतिवेदनहरु र छूट जग्गा दर्ताको लागि मालपोत विभागमा पेश गरेको रायसाथ प्राप्त भएको सहमतिका आधारमा जग्गा दर्ता गरेको भन्ने भनाई रहेता पनि मालपोत ऐन, २०३४ को दफा २४ अनुसार गौचर जनिएको जग्गाको निवेदनमा दर्ता कारवाही अगाडी बढाउन नमिल्ने भन्ने व्यवस्था हुँदा हुँदै उक्त ऐन र प्रचलनमा रहेको छूट जग्गा दर्ता कार्यनीति, २०५४ को खण्ड १ (ज) (ग) समेत उल्लंघन गरी व्यक्ति विशेषका नाममा छूट जग्गा दर्ता गरी भ्रष्टाचार गरेको देखिन आयो । साथै मालपोत ऐन, २०३४ ले व्यक्तिका नाममा दर्ता गर्न नमिल्ने गौचर जग्गालाई गैरकानूनी रुपले व्यक्तिका नाममा छुट जग्गा दर्ता गरेको भनि उजूरी परे पछि मिति २०५५।७।९ मा नै रोक्का राखी कारवाही अगाडी बढिरहेको जग्गालाई २०५७।७।३० मा रोक्का फुकुवा गरी तत्कालीन मालपोत विभागका कर्मचारीहरुले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ वमोजिमको अनुचित कार्य गरेको समेत देखिन आयो । २०३९।४।१ मा निवेदक केशवराज सापकोटाले पहिले नै दर्ता गरी सकेका जग्गाहरुको ७ नं. फाँटवारी, ४ नं. अनुसूची र २०२२ सालमा सर्वजीत वोटेबाट खरीद गरी लिएको भन्ने राजीनामा लिखत पेश गरी जग्गा दर्ताको लागि माग गरेकोमा उक्त लिखत अनुसारका जग्गाहरु २०२९ सालको नापीकै समयमा निज सापकोटाले अन्यत्रका जग्गा आफ्ना नाममा दर्ता गरेको देखिन आउँदा आउँदै तीनै कागजातहरुलाई आधार मानी निजकै भोग र प्रमाण भिडेको भनी छूट जग्गा दर्ता सिफारिश समितिबाट सिफारिश गर्न लगाउने मालपोत कार्यालय नवलपरासीका तत्कालीन प्रमुख मालपोत अधिकृत लक्ष्मीप्रसाद ज्ञवाली, त्यस्तो गौचर जग्गालाई व्यक्ति विशेषका नाममा दर्ता गर्न मिल्छ भनी सिफारिससाथ समितिमा पेश गर्ने खरिदार रामप्रसाद हमाल, ना.सु. रामपलट प्रसाद चौधरी, यिनै गौचर जग्गाहरु प्रचलित ऐन कानून अनुसार व्यक्ति विशेषका नाउँमा छुट जग्गा दर्ता गर्न विभागीय स्वीकृति भएमा मिल्छ भनी ठोस राय दिई विभागमा स्वीकृतिको लागि पठाउने तत्कालीन का.मु. प्रमुख मालपोत अधिकृत मधुसूदन थपलिया र क्षेत्रीय किताबमा गौचर लेखिएको जग्गालाई सहमति दिनको लागि उपयुक्त हुन्छ भनी टिप्पणी पेश गर्ने मालपोत विभागका उप निर्देशक प्रेम प्रसाद अधिकारी र निजको रायलाई सहमति दिने मालपोत विभागका तत्कालीन महानिर्देशक माधव प्रसाद शर्मा समेतले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) वमोजिमको कसूर गरी नेपाल सरकारलाई हालको प्रचलित मूल्यले हुन आउने रु.४,८९,९६,२५०।- रकम गैरकानूनी हानी र व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने गरी भ्रष्टाचार गरेको देखिन आएकोले निजहरुलाई सोही ऐनको दफा ७ (१), दफा २९ र हाल प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ज) वमोजिम र गा.वि.स.को प्रतिनिधिको हैसियतले छूट जग्गा दर्ता समितिमा रही व्यक्तिका नाममा दर्ता गर्न नमिल्ने गौचर जग्गालाई व्यक्तिका नाममा दर्ता गर्न मिल्छ भनी सिफारिश गर्ने गैंडाकोट गा.वि.स.का तत्कालीन उपाध्यक्ष कीर्तिनाथ चालिसेले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) वमोजिमको कसूर गरेको देखिन आएकोले निजहरुलाई सोही ऐनको दफा ७ (२), दफा २९ र हाल प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन,

२०५९ को दफा ८ (१) (ज) मुताबिक हदैसम्म सजाय गर्ने मागदावी लिई आयोगको मिति २०६३/१/२० को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७७. नेपाल खाद्य संस्थान, शाखा कार्यालय, गोरखामा कार्यरत तह चार का सहायक प्रेम नारायण महतोले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाण पत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल खाद्य संस्थानबाट यस आयोगमा पठाएको उजूरी उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित माध्यमिक शिक्षा परिषद्, वाराणसी, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/२/२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७८. जनकपुर नगरपालिकाका आर्किटेक्चरल ओभरसियर सुनिल कुमार ठाकुरलाई मिति २०४८।५।१ देखि सिभिल ओभरसियरको पदमा मासिक ज्यालादारीमा नियुक्त गरी मिति २०४८।८।१ देखि अस्थाई नियुक्ति गरेकोमा निजको योग्यता विपरीतको सिभिल ओभरसियर पदमा पदपूर्ति सम्वन्धमा अपनाउनु पर्ने कुनै किसिमको प्रक्रिया नपुऱ्याई मिति २०५१।११।२४ को निर्णयानुसार स्थायी नियुक्ति दिएको साथै निजको यस भन्दा अगाडि देखि सर्टिफिकेट समेत छानविन हुँदा हुँदै पनि हाल सम्म कुनै कारवाही नगरिएको हुँदा कारवाही गरी पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा निजले ओभरसियर पदमा नियुक्तिका लागि आर्किटेक्चरल इन्जिनियरिङ विषयको प्रविणता प्रमाणपत्र तह उतिर्ण गरेको भनी पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र त्रिभुवन विश्वविद्यालय, परिक्षा नियन्त्रण कार्यालयको प्राप्त पत्रानुसार झुट्ठा हो भन्ने पुष्टि भएको हुँदा निज प्रतिवादी सुनिल कुमार ठाकुरले झुट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी राष्ट्र सेवकको ओहदा पाएको देखिंदा निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर गरेको पुष्टि भएकाले सो कसूरमा निज उपर सोही दफा वमोजिम सजाय हुन माग दावी लिइ आयोगको मिति २०६३/२/४ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७९. उदयपुर सिमेन्ट उद्योग लि. मा कार्यरत रहेका वरिष्ठ अधिकृत राजेन्द्र थापाले सेवा प्रवेश गर्ने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी उदयपुर सिमेन्ट उद्योग लि. ले आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित वावासाहेब भिमराव अम्वेडकर विहार विश्वविद्यालय, मुजफ्फरपुरबाट प्राप्त पत्र समेतका आधारमा निजको प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/२/८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८०. नेपाल प्रहरी अन्तर्गत जिल्ला प्रहरी कार्यालय, सर्लाहीमा प्रहरी नायव उपरीक्षक पदमा कार्यरत वालकृष्ण थापाले नेपाल प्रहरीको प्रहरी निरीक्षक पदमा स्थायी सेवाको शुरु नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानवीनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी प्रहरी प्रधान कार्यालयले आयोगमा पठाएको पत्र उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित माध्यमिक शिक्षा परिषद, इलाहावाद, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/२/९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८१. दुग्ध विकास संस्थान, हेटौडा दुग्ध वितरण आयोजनाका तत्कालीन जुनियर टेक्नीकल असिष्टेन्ट तह-४ पदमा कार्यरत रहेका दिल वहादुर खड्काले बढुवा नियुक्ति हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी सो संस्थानको छानवीन समितिको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित विहार विद्यालय परीक्षा समिति, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/२/१५ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८२. राष्ट्रिय वाणिज्य वैंक शाखा कार्यालय, धनगढीमा तत्कालिन वरिष्ठ सहायक पदमा कार्यरत रहेका भरतराज श्रेष्ठले वढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र वैंकले सम्वन्धित संस्थामा प्रमाणीकरणको लागि लेखी पठाउंदा सम्बन्धित संस्थाबाट लेखी आएको पत्रको प्रमाणीत प्रतिलिपी र निज कर्मचारीको शैक्षिक योग्यताका प्रमाणपत्रको फोटोकपी संलग्न गरी आवश्यक कारवाहीको लागि भनी राष्ट्रिय वाणिज्य वैंकले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगवाट अनुसन्धान गर्दा सम्बन्धित माध्यमिक शिक्षा परिषद, इलाहावाद, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/२/१५ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८३. राष्ट्रिय वाणिज्य वैंक शाखा कार्यालय, डोटीमा तत्कालीन सहायक ख. पदमा कार्यरत रहेका कृष्ण प्रसाद प्याकुरेलले वढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र वैंकले सम्वन्धित संस्थामा प्रमाणीकरणको लागि लेखी पठाउंदा सम्बन्धित संस्थाबाट लेखी आएको पत्रको प्रमाणीत प्रतिलिपी र निज कर्मचारीको शैक्षिक योग्यताका प्रमाणपत्रको फोटोकपी संलग्न गरी आवश्यक कारवाहीको लागि भनी राष्ट्रिय वाणिज्य वैंकले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगवाट अनुसन्धान गर्दा सम्बन्धित विहार विद्यालय परीक्षा समिति, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/२/१५ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८४. नेपाल टेलिकम काठमाडौं क्षेत्रीय निर्देशनालय, सुन्धारा अन्तर्गत केन्द्रीय टेलिग्राफ, त्रिपुरेश्वरमा अप्रेरटर पदमा कार्यरत रहेका नारायण वहादुर तामाङले शुरु नियुक्ति हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी सो कार्यालयको छानवीन समितिको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित विहार विद्यालय परीक्षा समिति, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा

ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/२/१५ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८५. जनक शिक्षा सामग्री केन्द्र लिमिटेड मा बरिष्ठ सहायक (बाइन्डिग) तह ५ पदमा कार्यरत रहेका ध्रुव प्रसाद सत्यालले वढुवा नियुक्ति हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी सो कार्यालयको छानवीन समितिको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित विहार विद्यालय परीक्षा समिति, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/२/१५ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८६. नेपाल वायु सेवा निगममा जुनियर कप्तान पदमा कार्यरत रहेका उत्सवजी जंग शाहले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी सो कार्यालयको छानवीन समितिको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश क्षेत्रीय कार्यालय इलाहावाद, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/२/१५ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८७. नेपाल खाद्य संस्थान अन्तर्गत अंचल कार्यालय, तुलसीपुरमा सहायक तह चार पदमा कार्यरत रहेका भाष्कर मजगैंयाले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाण पत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल खाद्य संस्थान, प्रधान कार्यालयले यस आयोगमा पठाएको उजूरी उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित माध्यमिक शिक्षा परिषद्, वाराणासी, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/२/१६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८८. दि टिम्वर कर्पोरेशन अफ नेपाल लि.मा सहायक तह ४ पदमा कार्यरत लोकेन्द्र प्रसाद तिमिल्सिनाले शुरु नियुक्ति तथा बढुवा प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित शैक्षिक संस्थाहरुबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/२/१६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८९. नेपाल खानेपानी संस्थानमा कनिष्ठ सहायक पदमा कार्यरत गीता श्रेष्ठले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, बाराणसी, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/२/१६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

९०. नेपाल नागरिक उड्डयन प्राधिकरणमा सातौं तहको अधिकृत पदमा कार्यरत तारानाथ दाहालले वढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित ललितनारायण मिथिला विश्वविद्यालय, दरभंगा, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/२/१६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

९१. साझा स्वास्थ्य सेवा, भरतपुर शाखा, चितवनका सहायक तृतीय भक्तमान श्रेष्ठले वढुवा प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/२/१७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

९२. नेपाल नागरिक उड्डयन प्राधिकरणमा सहायक अधिकृत पदमा कार्यरत रहेका मुकेश वहादुर कडायतले शुरु नियुक्ति हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी सो प्राधिकरणको छानवीन समितिको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय. इलाहावाद, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/२/१७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

९३. नेपाल राष्ट्र माध्यमिक विद्यालय, चोकठांटी, पेलाकोट ७ स्यांग्जाका शिक्षक टुकराज पाठकले वढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित दीनदयाल उपाध्याय गोरखपुर विश्वविद्यालय, गोरखपुर, भारतबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/२/१७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

९४. मिति २०६०/११/१५ गते नेपाली पत्र साप्ताहिकमा “अब चोरीको गाडी कम हुने” शिर्षकमा प्रकाशित समाचार समेतलाई आधार मानी आयोगको मिति २०६०/११/१५ को निर्णयानुसार

भंसार छली चोरी पैठारी भै संचालनमा रहेका र चोरी पैठारीको आशंकामा पक्राउ परी विभिन्न भंसार कार्यालयहरुमा रहेका सवारी साधनहरु मध्ये लु.१ज. ६३५, लु.१ज. ६५० र लु.१ज. ६७६ समेतका यातायात व्यवस्था कार्यालय, बागमतीको सहमती अनुसार यातायात व्यवस्था कार्यालय, सेतीमा दर्ता भै सोही नम्बरमा सञ्चालनमा रहेको थान १ र लुम्बिनीमा सरुवा दर्ता गरिएका जीप थान ६ समेत जम्मा जीप थान ७ सम्बन्धमा विस्तृत अनुसन्धान भै आयोग समक्ष पेश हुंदा आयोगको मिति २०६३/२/२१ को बैठकबाट देहाय बमोजिम गर्ने निर्णय भयो:

- आफ्नो कार्यालयमा रहेको पहिले नै लिलाम भएको व्यहोरा जनिएको अभिलेखलाई बेवास्ता गरी गराई २०४३ मा नै लिलाम भै सकेका जीपहरुलाई अनधिकृत पत्रका आधारमा सेती अञ्चलमा दर्ता गर्न २०५६/१/२४ र २०५६/२/२४ मा सहमती पत्र बनाई दिने यातायात व्यवस्था कार्यालय, बागमतीका तत्कालीन शाखा अधिकृत मुक्ति प्रसाद आचार्य र खरिदार मोहन बहादुर हमाल समेतले भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ७ (१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (३) मा उल्लेखित भ्रष्टाचारजन्य कसूर गरेको देखिन आएको हुंदा सोही बमोजिम हदैसम्म दण्ड सजायको मागदावी गरी विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।
- केरमेट भएको निवेदन तथा रासायनिक पदार्थ प्रयोग गरी एक व्यहोरा मेटाई अर्को व्यहोरा थप गरिएको सरुवा सहमतीपत्रका आधारमा सहमतीका व्यहोरालाई सहमती दिने कार्यालयबाट पुष्ट्याई नगरी उक्त ७ थान जीपहरु दर्ता गरी अञ्चल सरुवाका लागि सहमती समेत दिने कार्य गरेकोमा यातायात व्यवस्था कार्यालय, सेतीका तत्कालीन प्रमुख शा.अ.कमल प्रसाद ढकाल, ना.सु.प्रेम बहादुर सिंह र खरिदार महेश्वर प्रसाद भट्ट समेतले भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ७ (१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (३) मा उल्लेखित भ्रष्टाचारजन्य कसूर गरेको देखिन आएको हुंदा निजहरु विरुद्ध सोही ऐन बमोजिम हदैसम्म दण्ड सजायको मागदावी गरी विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।
- उल्लेखित जीपहरु २०४३ मा नै तत्कालीन यान्त्रिक परिवहन गण नेपाली सेनाबाट लिलाम भै भैरबमान श्रेष्ठले सकार गरी लिएको व्यहोरा लुकाई छिपाई पुनः २०५६/१/२४ मा लिलाम भएको भन्ने व्यहोरा पारी अनधिकृत किर्ते पत्रका आधारमा अञ्चल यातायात व्यवस्था कार्यालय, बागमतीबाट सहमती बनाई अञ्चल यातायात व्यवस्था कार्यालय, सेतीमा दर्ता गर्ने कार्यमा संलग्न नवलपरासी जिल्ला, गैंडाकोट बस्ने अस्मिलाल कंडेल र छविलाल कंडेलले भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (४) मा उल्लेखित भ्रष्टाचारजन्य कसूर गरेको पुष्टी हुन आएको हुंदा निजहरु विरुद्ध सोही ऐन बमोजिम हदैसम्म दण्ड सजायको मागदावी गरी विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।
- उल्लेखित ७ थान जीपहरु अनधिकृत र गैरकानूनी रुपमा दर्ता भै सञ्चालनमा रहेको पुष्टी हुन आएको हुंदा प्रतिवेदनमा उल्लेखित जीपका हालका धनी विरुद्ध सो जीप जफतको प्रयोजनको लागी मात्र प्रतिवादी वनाई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।
- **विगोको हकमा** : प्रतिवादीहरुले अवैध रुपमा दर्ता गरे गराएको उल्लेखित महिन्द्रा जीपहरु भारतवाट अवैध रुपमा पैठारी भई आएको देखिएको र उक्त जीपहरु दर्ता गरेको

वर्ष कानून बमोजिम पैठारी गर्दा असूल उपर हुने राजस्व जम्मा रु. ४१,९५,५९७- देखिन आएकोले प्रतिवादीहरुवाट असूल उपर हुनु पर्ने विगो र सजाय समेतको प्रयोजनका लागि उल्लेखित रकम विगो कायम गर्ने ।

९५. नेपाल बैंक लिमिटेडका वरिष्ठ सहायक अनिल कुमार थापा (३०२९) ले वढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको कसूर देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/२/२४ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

९६. मिति २०६०/११/१५ गतेको नेपालीपत्र साप्ताहिकको "अव चोरीको गाडी कम हुने" भन्ने समाचारलाई दर्ता नंबर २३०३ अन्तर्गत उजूरीको रुपमा ग्रहण गरी अनुसन्धान पछि आयोग समक्ष पेश हुँदा प्रतिवादी अस्मिलाल कंडेलले यातायात व्यवस्था कार्यालय, सेतीका कर्मचारीहरुलाई मिलाई एन.सि.सि.एन., काठमाण्डौबाट यातायात व्यवस्था कार्यालय, सेतीका नाममा बा. अ. ञ. ४१२,४४१, ४६७, ५१०, २०२ र ५१३ समेतका लिलामी सवारी साधनहरु नामसारी दर्ता गरिदिने सम्बन्धमा लेखेको पत्र तथा यातायात व्यवस्था कार्यालय, बागमतीबाट दिईएको सवारी सरुवा सहमति पत्र एवं सवारी दर्ता प्रमाणपत्र समेतमा बिबरणहरु सच्याई सच्चिएको बिबरण अनुसार नै यातायात व्यवस्था कार्यालय, सेतीमा लिलाम भएका भन्दा भिन्दै चोरी पैठारी भई आएका ६ (छ) वटा जीपहरु गैरकानूनी रुपमा दर्ता गरी/गराई निम्न व्यक्तिहरुले निम्न अनुसारको कसूर गरेको देखिंदा कसूर अनुसारको सजायको मागदावी गरी बिशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्न आयोगको मिति २०६३/२/२५ को वैठकबाट निर्णय भएकोले सोही बमोजिम कार्य सम्पादन गरियो ।

- **यातायात व्यवस्था कार्यालय सेतीका तत्कालिन कार्यालय प्रमुख (शाखा अधिकृत) कमल प्रसाद ढकालको हकमा :-**

  एन.सि.सि.एन., काठमाण्डौबाट जारी भएको नामसारी दर्ता गरिदिने बिषयको पत्र, यातायात व्यवस्था कार्यालय, बागमतीबाट जारी भएको सवारी सरुवा सहमति पत्र एवं सवारी दर्ता प्रमाणपत्र समेतमा बिबरणहरु मेटाई अर्को व्यहोरा थप गरी सच्याईएको पत्रहरुलाई आधार मानी उक्त पत्रहरुको सम्बन्धमा सत्यता पुष्ट्यांई नगरी उल्लेखित ६ (छ) वटा जीपहरु अस्मिलाल कंडेलको नाममा दर्ता गरी आफू समेतलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१),२९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (३) मुताबिकको सजाय हुने भ्रष्टाचारजन्य कसूर गरेको देखिन आएको हुंदा निज कमल प्रसाद ढकाललाई सोही ऐन बमोजिम हदैसम्म दण्ड सजायको मागदावी गरी विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।

- **यातायात व्यवस्था कार्यालय सेतीका तत्कालिन ना.सु. प्रेम बहादुर सिंहको हकमा**

  एन.सि.सि.एन., काठमाण्डौबाट जारी भएको नामसारी दर्ता गरिदिने बिषयको पत्र, यातायात व्यवस्था कार्यालय बागमतीबाट जारी भएको सवारी सरुवा सहमति पत्र एवं सवारी दर्ता प्रमाणपत्र समेतमा बिबरणहरु मेटाई अर्को व्यहोरा थप गरी सच्याईएको

पत्रहरुलाई आधार मानी उक्त पत्रहरुको सम्बन्धमा सत्यता पुष्टयाई नगरी उक्त ६ (छ) वटा जीपहरु अस्मिलाल कंडेलको नाममा दर्ता नामसारी गर्न मिल्छ भनी टिप्पणी पेश गरी निर्णय गराएको देखिन आएको र उक्त काममा निजले आफू समेतलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१), २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (३) मा उल्लेखित सजाय हुने भ्रष्टाचारजन्य कसूर गरेको देखिन आएको हुंदा निज प्रेम बहादुर सिंहलाई सोही ऐन बमोजिम हदैसम्म दण्ड सजायको मागदावी गरी विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।

- **यातायात व्यवस्था कार्यालय सेतीका तत्कालिन सि. मे. श्रीकृष्ण महर्जनको हकमा :-**
  एन.सि.सि.एन., काठमाण्डौबाट जारी भएको नामसारी दर्ता गरिदिने बिषयको पत्र, यातायात व्यवस्था कार्यालय बागमतीबाट जारी भएको सवारी सरुवा सहमति पत्र एवं सवारी दर्ता प्रमाणपत्र समेतमा बिबरणहरु मेटाई व्यहोरा थप गरी सच्याईएका पत्रहरुलाई आधार मानी उक्त पत्रहरुको सम्बन्धमा सत्यता पुष्टयाई नगरी उक्त ६ वटा जीपहरु अस्मिलाल कंडेलको नाममा दर्ता नामसारी गर्न मिल्ने भनी प्राबिधिक प्रतिवेदन लगायत टिप्पणीमा राय पेश गरी निर्णय गराएको देखिन आएको र उक्त काममा निजले आफू समेतलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१), २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (३) मा उल्लेखित सजाय हुने भ्रष्टाचारजन्य कसूर गरेको देखिन आएको हुंदा निज श्रीकृष्ण महर्जनलाई सोही ऐन बमोजिम हदैसम्म दण्ड सजायको मागदावी गरी विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।
- **यातायात व्यवस्था कार्यालय, सेतीका तत्कालिन खरिदार महेश्वर प्रसाद भट्टको हकमा :-**
  एन.सि.सि.एन., काठमाण्डौबाट जारी भएको नामसारी दर्ता गरिदिने बिषयको पत्र, यातायात व्यवस्था कार्यालय बागमतीबाट जारी भएको सवारी सरुवा सहमति पत्र एवं सवारी दर्ता प्रमाणपत्र समेतमा बिबरणहरु मेटाई अर्को व्यहोरा थप गरी सच्याईएको पत्रहरुलाई आधार मानी उक्त पत्रहरुको सम्बन्धमा सत्यता पुष्टयांई नगरी उक्त ६ (छ) वटा जीपहरु अस्मिलाल कंडेलको नाममा दर्ता नामसारी गर्न मिल्छ भनी टिप्पणीमा राय पेश गरी निर्णय गराएको देखिन आएको र उक्त काममा निजले आफू समेतलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१), २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (३) मा उल्लेखित सजाय हुने भ्रष्टाचारजन्य कसूर गरेको देखिन आएको हुंदा निज महेश्वर प्रसाद भट्टलाई सोही ऐन बमोजिम हदैसम्म दण्ड सजायको मागदावी गरी विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।
- **अस्मिलाल कंडेलको हकमा :-**
  एन.सि.सि.एन., काठमाण्डौबाट जारी भएको नामसारी दर्ता गरिदिने बिषयको पत्र, यातायात व्यवस्था कार्यालय बागमतीबाट जारी भएको सवारी सरुवा सहमति पत्र एवं सवारी दर्ता प्रमाणपत्र समेतमा बिबरणहरु मेटाइ अर्को व्यहोरा थप गरी ६ (छ) वटा जीपहरु यातायात व्यवस्था कार्यालय, सेतीमा आफ्नो नाममा दर्ता गर्ने कार्यमा संलग्न

जिल्ला नवलपरासी, गैडाकोट गा.वि.स. वडा नं.-१ वस्ने अस्मिलाल कंडेलले उक्त काम गरी आफू समेतलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (४) मा उल्लेखित सजाय हुने भ्रष्टाचारजन्य कसूर गरेको पुष्टी हुन आएको हुंदा निज अस्मिलाल कंडेललाई सोही ऐन बमोजिम सजाय हुन तथा निजबाट बिगो समेत असूल गर्ने मागदावी सहित विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।

- **बिगोको हकमा :-**
  प्रतिवादी अस्मिलाल कंडेल, कमल प्रसाद ढकाल, प्रेम बहादुर सिंह, श्रीकृष्ण महर्जन र महेश्वर प्रसाद भट्ट समेतको मिलेमतोमा दर्ता गरे/गराएका उल्लेखित ६ वटा जीपहरु भारतबाट अबैध रुपमा पैठारी भई आएको देखियो । यी प्रतिवादीहरुले गरेको कसूरबाट रु. ३५,८३,६४१।- नेपाल सरकारलाई भन्सार राजश्व वापतको रकम हानी नोक्सानी भएको देखिएकोले प्रतिवादीहरुबाट असूल उपर गर्नुपर्ने बिगो र सजाय समेतको प्रयोजनको लागि रु. ३५,८३,६४१।- बिगो कायम गर्ने ।

- **अन्य माग दावी :**
  - भन्सार चोरी पैठारी गरी ल्याई गैरकानूनी रुपमा दर्ता गरेका उल्लेखित गाडीहरु जफतको मागदावी लिने ।
  - गैरकानूनी रुपमा दर्ता भै अन्य व्यक्तिलाई बिक्री भई गएका गाडीहरुका हालका सवारी धनीहरु तारा प्रसाद छन्तेल, कर्ण बहादुर मगर, भागीरथ चौधरी र महेश शर्मा समेतलाई गाडी जफत गर्ने प्रयोजनको लागि प्रतिवादी कायम गर्ने ।

९७. मिति २०६०/११/१५ गतेको नेपाली पत्र साप्ताहिकको "अव चोरीको गाडी कम हुने" भन्ने समाचारलाई दर्ता नंबर २३०३ अन्तर्गत उजूरीको रुपमा ग्रहण गरी आयोगको मिति २०६२/५/३१ को निर्णय अनुसार गैरकानूनी रुपमा सवारी साधन दर्ता गरे भन्ने सम्बन्धमा अनुसन्धान भै आयोग समक्ष पेश हुँदा अनुसन्धानबाट संकलित कागजात प्रमाण तथा सम्बन्धित व्यक्तिको वयान समेतका आधारमा प्रतिवादी अस्मिलाल कंडेलले यातायात व्यवस्था कार्यालय, राप्तीका कर्मचारीहरुलाई मिलाई ललितपुर उपमहानगरपालिकाबाट यातायात व्यवस्था कार्यालय राप्तीका नाममा बा. अ. त. ४५८ नंबरको टयाक्टर नामसारी गरिदिने सम्बन्धमा लेखिएको पत्र तथा यातायात व्यवस्था कार्यालय, बागमतीबाट दिइएको सवारी सरुवा सहमति पत्र एवं सवारी दर्ता प्रमाणपत्र समेतमा बिबरणहरु सच्याई सच्चिएको व्यहोरा बिबरण अनुसार नै यातायात व्यवस्था कार्यालय, राप्तीमा लिलाम भएका भन्दा भिन्दै चोरी पैठारी भई आएको महिन्द्रा जीप गैरकानूनी रुपमा दर्ता गरे/गराएको देखिन आयो । अतएव निम्न व्यक्तिहरुले निम्न अनुसारको कसूर गरेको देखिंदा कसूर अनुसारको सजायको मागदावी गरी बिशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्न आयोगको मिति २०६३/२/२८ को वैठकबाट निर्णय भएको हुंदा सोही बमोजिम कार्य सम्पादन गरियो ।

- **यातायात व्यवस्था कार्यालय राप्तीका तत्कालिन नि.का.प्र.ना.सु.राजुलाल शर्माको हकमा:**
  ललितपुर उपमहानगरपालिकाबाट जारी भएको नामसारी गरिदिने बिषयको पत्र, यातायात व्यवस्था कार्यालय, बागमतीबाट जारी भएको सवारी सरुवा सहमति पत्र, एवं

सवारी दर्ता प्रमाणपत्र समेतमा बिबरणहरु मेटाई अर्को व्यहोरा थप गरी सच्याईएको पत्रहरुलाई आधार मानी उक्त पत्रहरुको सत्यता सम्बन्धमा बुझ्ने कार्य नगरी सवारीको प्राबिधिक परीक्षण समेत नगराई लिलाम भएको भन्दा भिन्दै चोरी पैठारी भई आएको महिन्द्रा जीप गैरकानूनी रुपमा अस्मिलाल कंडेलको नाममा दर्ता गर्ने निर्णय गरी आफू समेतलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (३) मा उल्लेखित सजाय हुने भ्रष्टाचारजन्य कसूर गरेको देखिन आएको हुंदा निज राजुलाल शर्मालाई सोही ऐन बमोजिम हदै सम्मको दण्ड सजाय मागदावी गरी बिशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।

- **यातायात व्यवस्था कार्यालय राप्तीका तात्कालिन खरिदार ध्रुवराज रेग्मीको हकमा :-**
  ललितपुर उपमहानगरपालिकाबाट जारी भएको नामसारी गरिदिने बिषयको पत्र, यातायात व्यवस्था कार्यालय बागमतीबाट जारी भएको सवारी सरुवा सहमति पत्र, एवं सवारी दर्ता प्रमाणपत्र समेतमा बिबरणहरु मेटाई अर्को व्यहोरा थप गरी सच्याईएको पत्रहरुलाई आधार मानी उक्त पत्रहरुको सत्यता सम्बन्धमा बुझ्ने कार्य नगरी, सवारीको प्राबिधिक परीक्षण समेत नगराई लिलाम भएको भन्दा भिन्दै चोरी पैठारी भई आएको महिन्द्रा जीप गैरकानूनी रुपमा अस्मिलाल कंडेलको नाममा दर्ता नामसारी गर्न मिल्छ भनी टिप्पणी पेश गरी निर्णय गराएको देखिन आएको र उक्त काममा निजले आफू समेतलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(३) मा उल्लेखित सजाय हुने भ्रष्टाचारजन्य कसूर गरेको देखिन आएको हुंदा निज ध्रुवराज रेग्मीलाई सोही ऐन बमोजिम हदै सम्म दण्ड सजाय मागदावी गरी बिशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।

- **अस्मिलाल कंडेलको हकमा :-**
  ललितपुर उपमहानगरपालिकाबाट जारी भएको नामसारी गरिदिने बिषयको पत्र, यातायात व्यवस्था कार्यालय बागमतीबाट जारी भएको सवारी सरुवा सहमति पत्र, एवं सवारी दर्ता प्रमाणपत्र समेतमा बिबरणहरु मेटाई अर्को व्यहोरा थप गरी लिलाम भएको भन्दा भिन्दै चोरी पैठारी भई आएको महिन्द्रा जीप गैरकानूनी रुपमा यातायात व्यवस्था कार्यालय राप्तीमा आफ्नो नाममा दर्ता गर्ने कार्यमा संलग्न जिल्ला नवलपरासी, गैडाकोट गा.वि.स. वडा नं.-१ वस्ने अस्मिलाल कंडेलले उक्त काम गरी आफू समेतलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (४) मा उल्लेखित सजाय हुने भ्रष्टाचारजन्य कसूर गरेको पुष्टी हुन आएको हुंदा निजलाई सोही ऐन बमोजिम सजाय हुन तथा निजबाट बिगो समेत असूल हुन मागदावी गरी बिशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।

- **छवीलाल कंडेलको हकमा :-**
  ललितपुर उपमहानगरपालिकाबाट जारी भएको नामसारी गरिदिने बिषयको पत्र, यातायात व्यवस्था कार्यालय, बागमतीबाट जारी भएको सवारी सरुवा सहमति पत्र, एवं

सवारी दर्ता प्रमाणपत्र समेतमा बिबरणहरु मेटाई अर्को व्यहोरा थप गरी लिलाम भएको भन्दा भिन्दै चोरी पैठारी भई आएको महिन्द्रा जीप गैरकानूनी रुपमा यातायात व्यवस्था कार्यालय राप्तीमा अस्मिलाल कंडेलको नाममा दर्ता गर्ने कार्यमा मुख्य सहयोगीको भूमिका निर्वाह गर्ने जिल्ला नवलपरासी, गैडाकोट गा.वि.स. वडा नं.-२ वस्ने छवीलाल कंडेलले उक्त काम गरी आफू समेतलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (४) मा उल्लेखित सजाय हुने कसूर गर्ने अभियुक्तलाई सहयोग गरी मतियार भई काम गरेको देखिंदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ क. तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम हदै सम्म दण्ड सजाय मागदावी गरी बिशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।

- **बिगोको हकमा :-**
  प्रतिवादी अस्मिलाल कंडेल, छवीलाल कंडेल, राजुलाल शर्मा र ध्रुवराज रेग्मी समेतको मिलेमतोमा दर्ता गरे/गराएको उल्लेखित महिन्द्रा जीप भारतबाट अबैध रुपमा पैठारी भई आएको देखिएको र यी प्रतिवादीहरुले गरेको कसूरबाट रु. ५,८८,९८४।२२ नेपाल सरकालाई भन्सार राजश्व वापतको रकम गैरकानूनी हानी नोक्सानी भएको देखिएकोले प्रतिवादीहरुबाट असूल उपर गर्नु पर्ने बिगो र सजाय समेतको प्रयोजनको लागि रु. रु. ५,८८,९८४।२२ बिगो कायम गर्ने ।
- **अन्य माग दावी :-**
  - भन्सार चोरी पैठारी गरी ल्याई गैरकानूनी रुपमा यातायात व्यवस्था कार्यालय राप्तीमा दर्ता भई हाल यातायात व्यवस्था कार्यालय लुम्बिनीमा लु. १ ज. ६६५ नं.मा दर्ता भई संचालनमा रहेको उल्लेखित गाडी जफतको मागदावी लिने ।
  - गैरकानूनी रुपमा दर्ता भै अन्य व्यक्तिलाई बिक्री भई गएको गाडीको हालको सवारी धनी पश्चिमाञ्चल फाईनान्स कम्पनी बुटबल तथा ऋणी कृष्ण प्रसाद पौडेललाई गाडी जफत गर्ने प्रयोजनको लागि प्रतिवादी कायम गर्ने ।

९८. संखुवासभा जिल्ला, दिदिङ गा.वि.स. वार्ड नं. ५ मा पर्ने चिचिला वेतवारी, सामुदायिक वन उपभोक्ता समूहले उपभोग गर्दै आएको कि.नं. १४२३ को राष्ट्रिय वन क्षेत्रको जग्गासंग जोडिएको कि.नं. १४६० का जग्गा धनी समेतले कि.नं. १४२३ को सरकारी जग्गाको क्षेत्रफल सानो र कि.नं. १४६० को जग्गा ठुलो हुने गरी आफूहरुलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानि हुने गरी सरकारी कागजात सच्याई सरकारी जग्गा अतिक्रमण गरी भ्रष्टाचार गरे भन्ने उजुरीमा अनुसन्धान हुँदा आयोगको मिति २०६३/२/३० को बैठकबाट निम्न ब्यक्तिहरुलाई निम्न बमोजिमको सजायको माग दावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने निर्णय गरियो :

- नापी शाखा, संखुवासभामा रहेका उक्त जग्गासंग सम्बन्धित सिट नं. १६६/४१८ को नक्सा, प्लट रजिष्टर, नापी क्षेत्रीय किताव समेतका सरकारी कागजातमा रहेको ब्यहोरा र अंक अक्षर सच्याई किरण शाक्य र जागृति घिमिरेको नाउँमा रहेको कि.नं. १४६० को जग्गाको क्षेत्रफल बढाई सरकारी तथा सार्वजनिक जग्गा ब्यक्ति विशेषका जग्गामा घुसाई

आफू समेतलाई गैरकानूनी लाभ र नेपाल सरकार तथा सार्वजनिक संस्थालाई गैरकानूनी हानी नोक्सानी पुग्ने भ्रष्टाचारजन्य कसूर नापी शाखा संखुवासभाका तत्कालीन सर्भेक्षक राम सागर पंडित र अमिन हरि नारायण यादव समेतको मिलेमतोबाट भए गरेको पुष्टि भएको र निजहरुको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०१७ को ७ (१) र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १ को देहाय खण्ड (ज) तथा उपदफा ३ अनुसारको सजाय हुने कसूर देखिएकाले निजहरुलाई ऐं. ऐन बमोजिम सजायको मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।

- किरण शाक्य, जागृति घिमिरे, हेमराज घिमिरे समेतसंग मिलेमतो गरी मालपोत कार्यालय, संखुवासभाको मोठ फाँटमा कार्यरत खरिदार विष्णु प्रसाद ढकालले किरण शाक्य र जागृति घिमिरेका नाउँको संयुक्त दर्ता श्रेस्ता र साविक सिम खर्क अलैची उद्योगको नामबाट खारेज भएको दर्ता श्रेस्ताको कि.नं. १४६० को क्षेत्रफल महलमा ०.४४५५लाई २.४४५५ बनाएको र तामेली फाँटमा रहने र.नं.२७४ मिति ०५२।९।१७ को किरण शाक्य र जागृति घिमिरेका नाउँमा पारित लिखतको कि.नं. १४६० को क्षेत्रफल महलमा ०.४४५५ व.मि. जग्गालाई मोतिलाल वस्नेतले मिति ०५२।९।१७ मा पारित भएको लिखतको क्षेत्रफल महलमा ०.४४५५ लाई सच्याई २.४४५५ बनाई आफू समेतलाई गैरकानूनी लाभ र नेपाल सरकार तथा सार्वजनिक संस्थालाई हानि नोक्सानी पुग्ने गरी भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि भएकोले निज खरिदार विष्णु प्रसाद ढकाल र खरिदार मोतिलाल वस्नेतको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०१७ को ७ (१) र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १ को देहाय खण्ड (ज) तथा उपदफा ३ अनुसारको सजाय हुने कसूर भएकाले निजहरुलाई ऐं. ऐन बमोजिम सजायको मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।
- संखुवासभा जिल्ला, दिदिङ गा.वि.स. वडा नं. ५ मा पर्ने कि.नं. १४६० क्षेत्रफल ०.४४५५ को जग्गा किरण शाक्य र जागृति घिमिरेका नाउँमा लिखत पारित गरी दर्ता श्रेस्ता कायम भएकोमा निजहरुले नापी शाखा र मालपोत कार्यालयका कर्मचारीसंग मिलेमतो गरी उक्त कित्तासंग जोडिने हाल चिचिला वेतवारी सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरिक गरिएको सरकारी वन क्षेत्रको जग्गाको नक्सा सच्याई सरकारी जग्गाको नक्सामा कमी र निजहरुको उक्त जग्गाको नक्सामा बेसी पारी, पार्न लगाई तथा सोही अनुरुप हुने गरी नापी शाखा संखुवासभामा रहेका नापी क्षेत्रीय किताव, प्लट रजिष्टर, मालपोत कार्यालय, संखुवासभामा रहेका किरण शाक्य र जागृति घिमिरेका नाउँको जग्गा धनी श्रेस्ता साविक सिम खर्क अलैंची उद्योगका नाउँमा रहेको हाल खारेज भैसकेको दर्ता श्रेस्ता, र.नं. २७४ मिति २०५२।९।२२ मा पारित लिखतको क्षेत्रफल महलमा रहेको ०.४४५५ अंकलाई २.४४५५ बनाई किरण शाक्य, जागृति घिमिरे र हेमराज घिमिरे समेतले आफूलाई गैरकानूनी लाभ र नेपाल सरकार तथा सार्वजनिक संस्थालाई गैरकानूनी हानी नोक्सानी पुऱ्याउने कार्य गरेको पुष्टि हुन आएको र निजहरुले गरेको सो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) बमोजिम सजाय हुने कसूर भएकोले निजहरुलाई ऐं. ऐन बमोजिम सजायको मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने ।

९९. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन आवश्यक कारवाहीका लागि आयोगमा प्राप्त भएको र सो प्रतिवेदनमा उल्लेख भएका तथा यस आयोगमा दर्ता भएका विभिन्न उजुरीहरु समेतका आधारमा हाल आन्तरिक राजश्व विभागका निर्देशक मुरारी बहादुर कार्कीको रु. ५६,६२,८००।- बराबरको सम्पत्ति भएकोमा रु.४३,५५,२६१।-बराबरको सम्पत्तिको स्रोत नखुलेको भन्ने उल्लेख भएको समेतका आधारमा अनुसन्धान हुँदा निज मुरारी बहादुर कार्कीले आर्जन गरेको सम्पत्ति निजको स्रोत खुलेको आयको अनुपातमा स्वभाविक नदेखिएकोले निजले अमिल्दो र अस्वाभाविक जीवन स्तर व्यतित गरेको देखिन आएकोले निजको परिवारका सदस्यहरुका नाममा रहेको समेत स्रोत खुल्न नआएको रु.१,६३,६७,५६०।९२ बराबरको सम्पत्तिका सम्वन्धमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७ (१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) बमोजिमको कसूर देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७ (१), १०, १५ र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) बमोजिम कैद र जरिवानाको सजाय गरी त्यसरी भ्रष्टाचारजन्य ढंगले आर्जन गरी लुकाई छिपाई वेपत्ता पारेको विगो रकम समेत निजको अन्य स्रोत खुलेको सम्पत्तिबाट असूल उपर गर्न र गैरकानूनी ढंगले आर्जन गरिएका सम्पत्तिहरु मध्ये निज र निजकी पत्नीका नाममा रहेका घर जग्गाहरु एंव बैंक मौज्दातबाट साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ (ग) र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम जफत गरी असूल उपर गरी पाउन मागदावी लिने तथा निज मुरारी बहादुर कार्कीले भ्रष्टाचार गरी गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति निजकी पत्नी शकुन्तला कार्की समेतका नाममा राखेकोले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ (ग) तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) समेतका आधारमा सो सम्पत्ति जफत गर्ने प्रयोजनका लागी निजलाई समेत प्रतिवादी कायम गरी आयोगको मिति २०६३/३/४ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

१००. राष्ट्रिय खेलकूद परिषदका जुडो सहायक प्रशिक्षक रोमबहादुर लामाले सेवा प्रवेश पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र सोही ऐनको दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/३/७ को निर्णयानुसार विशेष अदालत, काठमाडौमा मुद्दा दायर गरियो ।

१०१. नेपाल टेलिकम, दूर संचार कार्यालय, खांदवारीका अप्रेटर डक्टर प्रसाद पराजुलीले वढुवा प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र सोही ऐनको दफा २९ एवं

प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/३/८ को निर्णयानुसार विशेष अदालत, काठमाडौमा मुद्दा दायर गरियो ।

१०२. नेपाल राष्ट्र बैंकका तत्कालिन, नगद सहायक नीरा रसिक राईले वढुवा प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र सोही ऐनको दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/३/८ को निर्णयानुसार विशेष अदालत, काठमाडौमा मुद्दा दायर गरियो ।

१०३. साझा स्वास्थ्य सेवा, केन्द्रिय कार्यालय, काठमाडौंका सहायक द्वितीय राम प्रसाद सापकोटाले वढुवा प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र सोही ऐनको दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/३/८ को निर्णयानुसार विशेष अदालत, काठमाडौमा मुद्दा दायर गरियो ।

१०४. बि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका जुनियर क्लर्क कलिम अन्सारीले सेवा प्रवेशका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र सोही ऐनको दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/३/८ को निर्णयानुसार विशेष अदालत, काठमाडौमा मुद्दा दायर गरियो ।

१०५. बि.वि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका रिसेप्सनिष्ट कन्हैयालाल कर्णले सेवा प्रवेशका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र सोही ऐनको दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/३/८ को निर्णयानुसार विशेष अदालत, काठमाडौमा मुद्दा दायर गरियो ।

१०६. साझा स्वास्थ्य सेवा, केन्द्रिय कार्यालय, काठमाडौंका सहायक द्वितीय सुखचन्द्र सिंहले वढुवा प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा

देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र सोही ऐनको दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/३/८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१०७. नेपाल खाद्य संस्थानका जुनियर मेकानिक्स, उत्तम शाहीले सेवा प्रवेशको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र सोही ऐनको दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/३/८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१०८. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन आवश्यक कारवाहीका लागि आयोगमा प्राप्त भएको र सो प्रतिवेदनमा उल्लेख भएका तथा यस आयोगमा दर्ता भएका विभिन्न उजुरीहरु समेतका आधारमा पूर्व उपसचिव शेखरनाथ खनालको जम्मा रु.६२,१२,०००।- बराबरको चल अचल सम्पत्ति भएकोमा रु.४६,७९,६८९।- बराबरको सम्पत्तिको आय स्रोत पुष्टि हुन आएन भन्ने उल्लेख भएको समेतको सम्वन्धमा अनुसन्धान हुँदा निज शेखरनाथ खनाल एवं निजको परिवारको नाममा काठमाडौं तथा नवलपरासी जिल्लामा रु. ५७,०२,७८६।४२ मूल्य पर्ने २ बटा घरहरु निर्माण गरेको, काठमाडौं, चितवन र नवलपरासी जिल्लाहरुमा पटक पटक गरी रु.३,५५,२८,९५०।- मूल्य पर्ने क्षेत्रफल १४-४-०-३ रोपनी घडेरी जग्गा खरीद गरेको, छोरीहरुलाई विदेशमा अध्ययन गराउंदा रु.१३,६०,०००।- खर्च गरेको, चुनदेवी मानव संशाधन विकास प्रतिष्ठानको रु.४,००,०००।- मूल्य बराबरको शेयर खरीद गरेको र आफ्नो तथा परिवारको नाममा विभिन्न बैंकहरुमा रु.४,७४,८५४।५६ नगद मौज्दात राखेको देखिन आएकोले निज शेखरनाथ खनाल र निजका परिवारको सम्पत्ति बैधानिक आयस्रोतसंग अमिल्दो देखिएको र निजले अस्वभाविक जीवनस्तर व्यतीत गरेको देखिन आएकोले निजको परिवार समेतका नाममा रहेको स्रोत खुल्न नआएको रु.३,२०,००,९६२।७१ मूल्य बराबरको सम्पत्तिका हकमा अभियोग दावी लिने तथा निज शेखरनाथ खनालले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७ (१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) बमोजिमको कसूर गरेकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७ (१), १० र १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) बमोजिम सजाय गरी त्यसरी गैरकानूनी ढंगले आर्जन गरेको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ (ग) र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम जफत गरी असूल उपर गरी पाउन मागदावी लिने तथा निजले भ्रष्टाचार गरी गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति निजको पत्नी भवानी खनाल समेतका नाममा राखेकोले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ (ग) तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) समेतको

आधारमा सो सम्पत्ति जफत गर्ने प्रयोजनको लागि निज भवानी खनाललाई प्रतिवादी कायम गरी आयोगको मिति २०६३/३/१२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१०९. वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत रहेका जुनियर क्लर्क नईम अन्सारीले सेवा प्रवेश गर्ने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी वि. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित विहार विद्यालय परीक्षा समिति पटनाबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र सोही ऐनको दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/३/१२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

११०. बुटवल बहुमुखी क्याम्पसमा कार्यरत रहेका लेखापाल दिनेश अर्यालले सेवा प्रवेश गर्ने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी त्रि.वि.वि., शिक्षाध्यक्षको कार्यालयले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, वाराणसीबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र सोही ऐनको दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/३/१३ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

## आर्थिक वर्ष २०६२/६३ मा विशेष अदालतबाट भएका फैसलाहरुको स्थिति

विशेष अदालतबाट यस आर्थिक वर्षमा जम्मा १०९ वटा मुद्दाहरु फैसला भएका छन । ती मध्ये ८९ वटा मुद्दामा अभियोग मागदावी वमोजिम कसूर ठहर भएको छ भने २० वटा मुद्दामा कसूर ठहर हुन सकेन । कसूर ठहर भएका उल्लेखित ८९ मुद्दाहरुमा जम्मा रु.६०,५०,६७,०४६।९४ (साठि करोड पचास लाख सतसठ्ठि हजार छयालिस रुपैया चौरानब्बे पैसा)बराबरको सम्पत्ती जफत/जरिवाना गर्ने फैसला भएको छ ।

आर्थिक वर्ष २०६२/६३ मा विशेष अदालतबाट फैसला भएका मुद्दाहरुको हार-जीतको तथ्यांकगत विवरण, अभियोजन र अन्य कारवाहीको विवरण र विशेष अदालतमा दायर गर्न निर्णय भएका मुद्दाहरुको किसिम क्रमशः अनुसूची- १०, ११ र १२ मा दिइएको छ ।

## परिच्छेद – ४
## पुनरावेदन/पुनरावलोकन गरिएका मुद्दाहरू

आ.ब. २०६२।६३ मा भ्रष्टाचार सम्बन्धी मुद्दामा जिल्ला अदालत, पुनरावेदन अदालत र विशेष अदालतबाट भएका फैसलाहरू उपर आयोगको चित्त नबुझी गरिएका पुनरावेदन तथा सर्वोच्च अदालतबाट भएको फैसला उपर आयोगको चित्त नबुझी पुनरावलोकनका लागि दिइएको निवेदन सम्बन्धी विवरण देहायमा उल्लेख गरिएको छ ।

१. **जिल्ला सर्लाही गडहिया गा.वि.स.वडा नं. १ घर भई मनुष्मारा सिंचाइ प्रणाली (वसवरिया) दोस्रो चरण जल उपभोक्ता संस्था सेखौला मूल संस्थाका अध्यक्ष वर्ष ६० को अमिरी राय यादव, सर्लाहीका तत्कालीन प्रहरी उपरीक्षक अरूणकुमार सिंह रहेको वन मासी भ्रष्टाचार गरेको मुद्दा ।**

**फैसला मिति** : २०६२।११।१०

**फैसलाको प्रकृति र आधारहरू** :

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरूलाई साविक भ्र.नि.ऐन, २०१७ को दफा ७(१)८, २९ तथा प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा ८(३)(४) बमोजिम कसूर एवं सजाय ठहर गरी जनही बिगो रु ६,१९,११,६४७।४० तथा सो बमोजिम जरिवाना समेत गरी पाउँ भनी मुद्दा दायर गरिएकोमा अदालतबाट प्रतिवादीमध्येका अमिरी राय यादवले भ्र.नि.ऐन, २०१७ को दफा ८ बमोजिमको कसूर गरेकोले बिगो रु. १,७५,९२,६५०।- असूल गरी एक वर्ष कैद गर्ने र प्र.मध्येका सरोजानन्द मिश्र र अरूणकुमार सिंहले ऐजन ऐनको दफा ७(१) बमोजिम कसूर गरेको ठहरी जनही रु. ५,०००।- जरिवाना हुने ठहऱ्याएको ।

**फैसलाका आधारहरू:**

(क) प्रतिवादी मध्येका अमिरी राय यादवले १४२३ रूख कटान गरेको सो बाहेक अरू वन तस्करहरूले रूख काटेको भनी बयानमा लेखाएको,

(ख) अदालतमा म्याद थप गर्दा प्र.अमिरी राय यादवलाई रु १,७७,५४,१५०।- बिगो कायम गरी अनुसन्धानको क्रममा सोही रकम धरौट मागिएको,

(ग) प्र.अमिरी राय यादवले हरिया रूख ३२,४०० सुकेको सिसौ २,४१५ र अन्य जातका ३११ बुझे मध्ये हाल बाँकी ८७९ रूखको बिगो कटाई दाबी लिएको भन्ने आरोपपत्रबाट देखिएन,

(घ) १,८४९।४२ क्यू फि काठ डाक बढाबढ भई दाखिल भएको रु १,६१,५००।- कटाउँदा बाँकी हुने रु १,७५,९२,६५०।- बराबरको बिगोसम्म हानि पुऱ्याएको देखिन आयो,

(ङ) प्रतिवादी सरोजानन्द मिश्र र अरूणकुमार सिंहले आरोपित कसूर गरे पनि बिगो तर्फ दाबी नहुँदा जनही रु ५,०००।- जरिवाना हुने ।

**पुनरावेदनका आधारहरू :**

(क) प्रतिवादी अमिरी राय यादव उपभोक्ता समितिको अध्यक्ष भएपछि आफूले बुझेर लिएका रूखहरू वन तस्करले चोरी गरी कटान गर्न लागेको भनी तत्काल सम्बन्धित निकायमा उजूर गर्नुपर्दथ्यो ।

त्यस्तो उजूर गरेको थिएँ भनी कहीं कतै उल्लेख गर्न सकेको छैन । निजले आफ्नो संरक्षणमा रहेको रूख बिरूवा कटान गर्नुपर्ने भए जिल्ला वन अधिकृत समक्ष पत्राचार गरी के कति स्थानमा के कुन नाप साइज र परिमाणका रूख काट्नु पर्ने हो भन्ने सबै व्यहोरा उल्लेख गरी रूख कटान गर्ने इजाजतको लागि माग गर्ने कार्य गर्नु पर्नेमा सो नगरी निमित्त वन अधिकृत सरोजानन्द मिश्रबाट हचुवा तवरले इजाजत लिने कार्य गरेको स्वयम्मा दूषित छ । यस्तो स्थान, संख्या, परिमाण उल्लेख नभएको अनधिकृत इजाजतले अनियमित तवरबाट र असीमित रूख काट्ने मनसाय राखेको प्रस्ट हुन्छ । निज अमिरी राय यादवकै बयानबाट पनि हरियो रूख ३२,४०० सुकेको सिसौ रूख २,४१५ र अन्य ३११ रूख हस्तान्तरण गरी लिएको तथ्यमा विवाद देखिदैन । तस्करबाट रूख चोरी भएको भए कटान गर्नु पर्ने अवस्था नै रहदैन । रूख काट्नु पर्दा लगत नलिनु र छपान नगराउनुबाट निजको गलत मनसाय पुष्टि हुन्छ । काटेको रूखको समेत प्रक्रिया पुर्‍याई बिक्री वितरणको स्वीकृति लिनु पर्ने व्यबस्था छ । समूहभन्दा बाहिरको व्यक्तिले काठ दाउरा खरिद गरेमा राजस्वसमेत तिर्नुपर्ने  हुन्छ । ती कुनै प्रक्रिया पुर्‍याएको छैन । अनधिकृत तवरले रूख कटान गर्दा प्रहरी खटाइ मागेको र तिनीहरूलाई दैनिक खाना तथा खाजा खर्च दिएको भनी स्वीकार गरेको अवस्था हुँदा तत्काल स्थलगत जाँचबुझ गरी फोटोसमेत खिची उल्लेख गरेको भन्दा कम संख्यामा मात्र रूख कटान भएको भन्ने कुरा प्रमाण ऐन, २०३१ को दफा २७ ले प्रतिवादीले प्रमाण पुर्‍याउनु पर्ने विषय  हो । आफूले जिम्मा लिएको आरोपमा उल्लेख भएका रूखमध्ये यति रूख सम्बन्धी दाबी झूटा हो भनी प्रमाण पुर्‍याउने भार प्रतिवादीकै हो । अतएव निजलाई कम बिगो कायम गरी उन्मुक्ति दिनु त्रुटिपूर्ण छ ।

(ख) आयोगले प्रारम्भिक रूपमा अनुसन्धान गर्दाको अवस्थामा सम्पूर्ण अनुसन्धान पूरा नगरेको हुनाले तत्कालको प्रमाण अनुसारको बिगोलाई आधार मानी धरौट मागेको र सोही व्यहोरा म्याद थपको अवस्थामा उल्लेख गरे भन्ने तर्क गर्दा अदालतबाट अनुसन्धान गर्नको लागि म्याद थप आदेश लिई थप अनुसन्धान गरेको कुरा मिसिल सम्बद्ध प्रमाणबाट देखिएकै छ । अनुसन्धान गर्दा वढी वा घटी धरौटी माग्नु वा धरौटी नै नलिई अनुसन्धान गर्न पनि सकिन्छ । तर तत्काल प्रतिवादीको उपस्थिति सुनिश्चित गर्न कम धरौटी लिएको कार्य अनुसन्धान सम्पन्न भएपछि कायम हुने बिगो भन्दा घटी बढी जे पनि हुन सक्ने हुनाले सोही धरौटीलाई टेकेर बिगो कम गर्नु कानूनसंगत र औचित्यपूर्ण हुन सक्दैन । प्रतिवादी स्वयमले आफूले बुझेको रूख काटेको स्वीकारोक्ति जनाएपछि तस्करले रूख काटेको भन्दैमा सो कुरा स्वीकार हुन सक्ने अवस्था नभएकोले अदालतले विश्वास गर्ने पनि कुनै आधार प्रमाण छैन ।

(ग) आयोगका तर्फबाट आरोपपत्रमा बाँकी रहेका रूखहरू कटाएर दाबी लिएको हुँदाहुँदै त्यसलाई आरोपपत्रमा समेत उल्लेख गर्दा गर्दै पनि सम्पूर्ण आरोपपत्रको न्यायकर्ताबाट न्यायिक मन प्रयोग गरी प्रमाणको समुचित मूल्यांकन गर्न सकेको पाइँदैन । यदि आरोपपत्रमा कटाउनुपर्ने बिगो नकटाई दाबी लिएको भए प्रमाणले पुष्टि हुने बिगो कटाउन सकिन्छ । तर अदालतले पनि बिगो यकिन गर्न सकेन भन्दैमा हचुवा तवरले वादी पक्षबाट पेश भएको प्रमाणले पुष्टि हुने रूख काठको बिगोलाई अन्यथा भनी फैसला गर्नु सर्वथा त्रुटिपूर्ण छ ।

(घ) अभियोजन पक्षबाट दाबी लिएको बिगोमा लिलाम बढाबढबाट प्राप्त रकम कटाउँदा पनि बाँकी सम्पूर्ण बिगो कायम गर्नुपर्ने अदालतको फैसलाको ठहर खण्डबाट स्पष्ट हुन्छ । तर अदालतले आफ्नै फैसलाको आफै खण्डन हुने गरी फैसलामा त्रुटिपूर्ण बिगो उल्लेख गरेको प्रस्ट छ ।

(ङ) प्रतिवादीमध्येको सरोजानन्द मिश्र र अरूणकुमार सिहले दाबी बमोजिम कसूर गरेको ठहर गरे तापनि निजहरूका सम्बन्धमा पनि बिगो रु ६,१९,११,६७४।४० बमोजिम सजाय गरी पाउँ भन्ने स्पष्ट मागदाबी लिएको आरोपपत्रबाट देखिंदा देखिँदै पनि अदालतबाट सम्पूर्ण आरोपपत्रको अध्ययन मनन गर्दै नगरी हचुवा एवं गैरकानूनी फैसला गरेको प्रस्ट हुन्छ ।

२. **सुनसरी जिल्ला धरान नगरपालिका वडा नं. १४ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ५ मा स्थायी बसोबास गर्ने भौतिक योजना तथा निर्माण मन्त्रालयका सह-सचिव (प्रा.) वर्ष ५७ को आनन्दप्रसाद खनाल......**

ऐ.ऐ. बस्ने श्रीमती पद्मा खनाल ........................................................

ऐ.ऐ. बस्ने वर्ष २९ को अनिल खनाल ..................................................

ऐ.ऐ. बस्ने अमित खनाल ...............................................................

ऐ.ऐ. बस्ने आभाष खनाल ....................समेत रहेको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

**फैसला मिति** : २०६२।२।२०

**फैसलाको प्रकृति र आधारहरू :**

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्र. आनन्दप्रसाद खनाल उपर साविक भ्र.नि.ऐन, २०१७ को दफा ७(१),१६(ग) र हाल प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा २०(१) को कसूर अपराधमा उक्त भ्र.नि.ऐन, २०५९ को दफा २०(२) बमोजिम दण्ड सजाय गरी गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिको बिगो बमोजिम रु ३,९७,४०,०७३।३६ जरिवाना र उक्त बिगो जफत हुन र निज प्र. आनन्दप्रसाद खनालकी श्रीमती पद्मा खनाल, छोराहरू प्र.अनिल खनाल, अमित खनाल र आभाष खनालका नाउँहरूमा समेत रहे भएको अवैध आर्जनका सम्पत्ति उक्त भ्र.नि.ऐन, २०५९ को दफा २०(२) ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) र ऐ.ऐ.को दफा ३० बमोजिम जफत हुन मागदाबी लिइएकोमा उक्त विशेष अदालतबाट केही कुराहरूमा वादी दाबी बमोजिम ठहर गरी कतिपय कुरामा दाबी नपुग्ने ठहर गरेको ।

**पुनरावेदन गर्नुपर्ने आधार र कारणहरू :**

(क) बिगो कायम गर्ने सम्बन्धमाः- आयोगले प्रतिवादीसँग रहे, भएको चल अचल स्रोत खुलेको र नखुलेको समेत सम्पत्ती चलन चल्ती तथा हालको मूल्य र मूल्यांकनको आधारमा जम्मा रु ४,६४,१२,८२१।२१ देखिन आएको र त्यो कुल जम्मा सम्पत्तिको अंकमा प्र. को स्रोत खुलेको सम्पत्ति तर्फ रु ६६,७२,७४७।२१ र स्रोत नखुलेको अर्थात् गैरकानूनी रूपबाट आर्जित सम्पत्तिको बिगो अंक रु ३,९७,४०,०७३।३६ देखिन आएकोमा सो गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति जफत हुने भ्र.नि.ऐन, २०५९ को दफा २०(२) र दफा ४७ को कानूनी प्रावधान अनुसार जफत गरी बिगो बमोजिम जरिवाना र कैद समेत गरी पाउँ भनी आरोपपत्र पेश गरेकोमा अदालतले

प्रतिवादीसँग रहे भएको चल अचल कुल जम्मा सम्पत्तिको बिगो रु २,३६,२८,३२७।९२ मात्र कायम गरी यस सम्पत्तिमा प्रतिवादीको स्रोत खुलेको सम्पत्ति रु १,१६,०५,११७।०७ र स्रोत नखुलेको रु १,२०,२३,२१०।८५ कायम गरी बिगो निर्धारण गरेको देखिन्छ । अदालतले मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्यलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ । प्रतिवादीको सम्पत्ति नै गैरकानूनी आर्जन भनी वादीले आरोपपत्रमा दाबी लिएको अवस्था छ । भ्रष्टाचारको कसूर अपराधमा वैध आर्जन भनी प्रमाणित गर्ने प्रतिवादीको निरपेक्ष दायित्व रहेको हुन्छ । यस्तो अवस्थामा गैरकानूनी रूपमा आर्जित सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति जफत हुने कानूनी व्यवस्था भ्र.नि.ऐन, २०५९ को दफा २०(२) र ४७ समेतले गरेको छ । हाल तथा चलन चल्तीको मूल्यांकनलाई आधार मानी बिगो कायम गरिएको तथ्यलाई गौण तथा अन्यथा मानी अदालतले सम्पत्ति आर्जन गर्दाको समयको मूल्य र आफू स्वंयमले अनुमान गरी निर्धारण गरेको मूल्यलाई आधार मानी फैसला गरेको छ । कसूर हुँदाका अवस्थाको मूल्यलाई आधार मानी सोका आधारमा सजाय गर्दा वस्तुको मूल्य निरन्तर बढ्दै जाने तर मुद्राको वास्तविक क्रयशक्ति घट्दै जाने यथार्थका कारण गैरकानूनी आर्जनबाट र सोबाट बढे बढाएको सम्पत्ति जफत गर्ने ऐनको प्रावधान विपरीत फैसला हुन पुगेको छ । उक्त फैसला भ्र.नि.ऐन, २०५९ को दफा २० (२) को मनसाय तथा भावनाको प्रतिकूल भएकोले फैसला त्रुटिपूर्ण छ । यस्तो त्रुटिपूर्ण फैसलाबाट भ्रष्टाचार जस्तो संस्थागत एवं सांगठनिक रूपमा हुने अपराध नियन्त्रण तथा निर्मूल गर्ने लक्ष्य बोकेको ऐनको उद्देश्य त पराजित हुन्छ नै प्रकारान्तरले भ्रष्टाचारको अपराध गर्ने अपराधीलाई नै फाइदा तथा लाभ पुग्न जाने अवस्था पर्दछ ।

(ख) <u>खेतीपाती तथा कृषि आय तर्फः-</u> यी प्रतिवादीका नाउमा सुनसरी जिल्लामा खेती योग्य जग्गा धनहर खेत १५-१८-१७ विगाह र यसमा पनि हांसपोसा ९(क) कि.नं. १५ को ०-९-१५ को जग्गामा मोही समेत लागेको छ । त्यस्तै प्रतिवादीको भिटपाखो अब्बल जग्गा ९-०-३ विगाहमध्ये १-५-१५ विगाह जग्गामा मोही लागेको र यसमध्ये पनि १-०-१ जग्गामा घर, बगैचा, बाँसघारी छ । यसबाट यो ९-०-३ जग्गामध्ये ६-१४-७ मा मोही नलागेको र १-५-१५ मा मोही लागेको जग्गा कृषि योग्य रहेको छ । मोही नलागेको भोटे पुलको कि.नं. ३८० को ज.वि. ०-१०-१२ को जग्गा ०४२ सालबाटै भाडामा लगाएको देखिएको हुनाले सो ०-१०-१२ जग्गाको कृषि आय हुन सक्दैन । प्रतिवादीको कृषि आयको जाँच अवधि ०२५ देखि ०५८ सालसम्मको रहेको छ । उल्लेखित जग्गाहरूको उल्लेखित अवधिको प्रतिवादीको कृषि आय रु ४४,९४,१८४।४५ कायम गरी प्र. को वैध आर्जन भनी अदालतले ठहर गरेको छ । ०२५ देखि ०५८ सालसम्मको कृषि उपजलाई धानको हकमा २०३० सालमा निर्धारण भएको प्रतिमन मूल्य रु. ६५।- र मकैको हकमा २०४१ सालमा निर्धारण गरिएको प्रतिमन रु. १०२।- कायम गरी र पहिलेको सालहरूको सरदर मूल्य रु. ९०।- अनुमानित आधारमा कायम गरिएको छ । यसरी अनुमान गरी आय कायम गर्नु त्रुटिपूर्ण हुन्छ । कृषि आय कायम गर्दा अदालतले मुख्य बालीको मोही नभएको अवस्थामा तोकिएको कुत बालीको दोब्बरसम्मका हिसाबले हुन आउने आयस्तालाई आयमा गणना गरेको छ । प्रतिवादी सरकारी सेवामा रहेको र निजका परिवारहरू तथा निज आफैले कृषि कार्य गरेको भन्ने कुराको पुष्टि हुन सकेको पनि छैन । अन्य व्यक्तिद्वारा खेती गराइँदा त्यसबाट प्राप्त हुने प्रतिफल मोहीले दिने कुतबालीको दोब्बर हिसाबले प्राप्त गरेको भनी गणना गर्नु आत्मनिष्ट अनुमान मात्र हो । त्यसमा पनि प्रतिवादी आनन्दप्रसाद खनाल र निजका

परिवारहरूको भरण, पोषण, पढाइ इत्यादिमा पनि खर्च हुन सक्दछ । खेती गर्नलाई मल, बीउ, ज्याला आदिमा खर्च हुन्छ । कृषि आय भनेको हाम्रो जस्तो देशमा अधिकांश स्थानमा मौसममा भर पर्नुपर्ने कुरा त  छँदैछ । त्यसैले प्रत्येक वर्ष उत्तिकै परिमाणमा कृषि उपज र आय हुन्छ भनी अनुमान गर्न पनि तर्क संगत हुँदैन । सबै खर्च कटाउँदा कृषि आय नगन्य नै हुन्छ । अतः यो अवस्थामा प्रतिवादीको कृषि आय खास बचत हुन सक्ने अवस्था नदेखिएकोले वादी दाबीमा सो कृषि आयलाई बचत योग्य आयको रूपमा उल्लेख नहुनु, नगरिनु स्वाभाविक हो । तसर्थ त्यति ठूलो अंकको राशि प्रतिवादीको कृषि आय कायम गरी भएको फैसला वस्तुनिष्ट भई न्यायिक मन प्रयोग गर्नुपर्ने सिद्धान्त विरुद्ध रहेको स्पष्ट हुँदा फैसला त्रुटिपूर्ण छ ।

(ग) सुन तथा हिरा जडित गहना तर्फः- प्रतिवादी आनन्दप्रसाद खनालले १४५ तोला सुन पैत्रिक र ३० तोला सुन आफूले खरिद गरेको जिकिर लिएको देखिन्छ । यसको अतिरिक्त निजको ने.बै.लि. बैंकिङ अफिस, काठमाडौंको लकरबाट रु ६,७४,०००।- मूल्यको हिराजडित गहना बरामद भएको पनि देखिन्छ । बैंकको लकरबाट बरामद भएका सुन तथा जवाहरातका गहनाहरूको बिगो रु १५,२१,८८२।४६ स्रोत नखुलेको अवैध आर्जन भनी आरोपपत्रमा उल्लेख छ । अदालतले फैसलामा प्रतिवादीको ६५ तोला सुनलाई वैध आर्जन कायम गरी सो ६५ तोलाको ०५९।९।३० को सुनचाँदी व्यवसायी संघको मूल्यांकनको अनुसार भन्दै रु ६,६१,२२८।८८ को सुनका गहनाको स्रोत खुलेको ठहराई र रु ९,१०,६५३।५८ बराबरको सुन तथा हिराजडित गहनाहरूको भने स्रोत नखुलेको पुष्टि भएको भनी अवैध ठहराएको छ । ६५ तोला सुनका गहनालाई वैध ठहराए पनि प्रतिवादीले वैधताको स्रोत देखाउन सकेका  छैनन् । त्यति ठूलो परिमाणको सुन तथा गहनाहरू अमिल्दो तथा अस्वाभाविक छ । प्रतिवादीले सो सुन के कस्तो स्रोतबाट आर्जन गरेको पुष्टयाई तथा प्रमाणित गर्न सकेका छैनन् । उक्त सम्पत्तिको आयस्रोत वैध स्रोत रहेको भनी प्रमाणित गर्ने प्रमाणको भार प्रतिवादीमा रहने कानूनी व्यवस्था भ्र.नि.ऐन, २०५९ को दफा २० मा भएको परिप्रेक्षमा बिना आधार प्रमाण स्रोत खुलेको भनी गरेको ठहर उक्त दफा २० को विपरीत हुँदा फैसला त्रुटिपूर्ण छ ।

(घ) घरभाडा तर्फः- घरभाडा तर्फ निज प्र. आनन्दप्रसाद खनालको स्रोत खुलेको सम्पत्तिमा जिकिर गरेको छैन । कारण प्रतिवादीले उल्लेख्य रूपमा घर भाडा आउने ल.पु.कुपण्डोल स्थित घर र का.जि.कैलाश मार्ग स्थित रहेको घर जग्गालाई स्रोत नखुलेको सम्पत्तिबाट आर्जन गरेको आरोपपत्रमा दाबी लिएको छ । यसरी अवैध रूपमा आर्जन भएको जग्गामा अवैध आर्जनको रकमबाटै बनेको घरहरूको भाडा रकमलाई भने वैध आम्दानी मान्ने प्रश्नै आउँदैन । प्रतिवादीको घरभाडा तर्फको आयको दाबी रु ५७,२३,४४४।- रहेको छ । अदालतले रु ३१,८१,७०८।- घर भाडा बापतको आय आर्जन गरेको भनी घर भाडा कायम गरिदिएको छ । यसरी अदालत स्वयंले अनुमान गरी घर भाडा निर्धारण गर्नु न्यायसंगत नदेखिँदा उल्लेखित आधारहरूबाट फैसला त्रुटिपूर्ण छ । अतः उल्लेखित आधार तथा बुँदाहरूको आधारमा र कसूर कायम भइसकेको अवस्थामा अनुमानका आधारमा स्रोत पुष्टि भएको भनी र वादी दाबी भन्दा कम बिगो कायम गरी भएको फैसला त्रुटिपूर्ण भएकोले शुरु आरोपपत्र मागदाबी बमोजिम ठहर गरी पाउँ ।

**३. जिल्ला सर्लाही धनकौल पछवारी वार्ड नं. ९ घर भई हिरापुर ब्यारेज मनुष्मारा सिंचाइ प्रणाली वसवरिया प्रथम चरणका अध्यक्ष सुरेन्द्रप्रसाद सिंह** ................

विन्दालाल साहको छोरा सर्लाही जिल्ला धनगढा गा.वि.स.वडा नं. ५ घर भई ऐ.जल उपभोक्ता संस्थाको उपाध्यक्ष नवल किशोरप्रसाद साह ......................

असर्फी पण्डितको छोरा ऐ.ऐ.जिल्ला बगदह गा.वि.स.वडा नं. १ घर भई ऐ.का दशै पण्डित

बिर्जु महतोको छोरा सर्लाही जिल्ला सिसौटिया गा.वि.स.वडा नं. ७ घर भई ऐ. का सचिव गोनोर महतो .....................................................................

रामदेव रायको छोरा ऐ.जिल्ला बकैनिया गा.वि.स.वडा नं. ३ घर भई ऐ.का सदस्य तेजनारायण राय. रामेश्वर मण्डलको छोरा ऐ.जिल्ला सिसौटिया गा.वि.स.वडा नं. ७ घर भई ऐ. का सदस्य हरिनायारण मण्डल ..............................................................

नन्दलाल राउतको छोरा ऐ.जिल्ला धनगडा गा.वि.स.वडा नं. ९ घर भई ऐ.का सदस्य रामनरेश राउत .......................................................................

जुगल रायको छोरा ऐ.जिल्ला सेखौना गा.वि.स.वडा नं. ३ घर भई ऐ. का सदस्य हुलास राय.........

गुलाम राउतको छोरा ऐ.जिल्ला भवानीपुर गा.वि.स.वडा नं. २ घर भई ऐ. का सदस्य अमिरी राउत.

ऐ.का सदस्य दीपलाल साह ..................................................................

जागेश्वर सिंहको छोरा ऐ.जिल्ला धनकोल गा.वि.स.वडा नं. ९ घर भई ऐ.का सदस्य राम प्रेम सिंह..

सुकेश्वरप्रसाद साहको छोरा ऐ.जिल्ला धनगढा गा.वि.स.वडा नं. ५ घर भई ऐ. का सदस्य रामदेवप्रसाद साह ..................................................................

ऐ.का सदस्य भूपनारायण साह ..............................................................

साधो साहको छोरा ऐ.जिल्ला भवानीपुर गा.वि.स.वडा नं. १ घर भई ऐ. का सदस्य रामाश्रय साह..

स्वरूप साहको छोरा ऐ.जिल्ला धनकोल गा.वि.स.वडा नं. ३ घर भई ए.का सदस्य बेनी साह .....

ऐ.ऐ.जिल्ला भवानीपुर गा.वि.स.वडा नं. ६ घर भई ऐ.का सदस्य लालवावु महतो

फाँदी रायको छोरा ऐ.जिल्ला भवानपुर गा.वि.स.वडा नं. ८ बस्ने ऐ.का सदस्य राजाराम राय ......

रामगुलाम महतोको छोरा सर्लाही जिल्ला भवानीपुर वडा नं. ६ घर भई भवानीपुर गा.वि.स.का तत्कालीन अध्यक्ष नन्दलाल महतो ............................

हरकठवा गा.वि.स.का तत्कालीन अध्यक्ष फकिरा महतो ..............................

धनकौल गा.वि.स.का तत्कालीन अध्यक्ष रामश्रय साह ................................

ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. ३ पुल्चोक घर भई जिल्ला सिंचाइ कार्यालय, सर्लाहीका तत्कालीन सि.डि.ई. रामेश्वर प्रसाद भारती

जिल्ला स्याङ्जा मल्यांकोट ६ विनदी घर भई तत्कालीन इलाका प्रहरी कार्यालय, बरहथवाका प्रहरी निरीक्षक नारायणप्रसाद अधिकारी ...................................

सप्तरी जिल्ला खोकसर प्रवाहा गा.वि.स.वडा नं. ७ घर भई जिल्ला सिंचाइ कार्यालय सर्लाही मलंगवाका ओभर सियर बन्धुलाल चौधरी .............समेत रहेको वनमासी भ्रष्टाचार गरेको मुद्दा ।

**फैसला मिति** : २०६२।११।१०

**फैसलाको प्रकृति :**

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरूलाई साविक भ्र.नि.ऐन, २०१७ को दफा ३,७(१),८ र २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३), ८(४) बमोजिमको कसूरमा ऐजन ऐन बमोजिम सजाय गरी बिगो रु ३,८४,९७,३८०।- भराई जरिवाना समेत गरी पाउँ भनी आरोपपत्र दायर गरिएकोमा अदालतबाट प्रतिवादीहरू सुरेन्द्रप्रसाद सिंह, रामेश्वर भारती र नारायण प्रसाद अधिकारीले कसूर गरेको ठहर गरी प्र. सुरेन्द्र प्रसाद सिंहलाई बिगो रु २,८९,७६,४६०।- मात्र जरिवाना हुने, प्र. रामेश्वरप्रसाद भारती र नारायणप्रसाद अधिकारीलाई रु ५०००।- मात्र जरिवाना हुने र अन्य सबै प्रतिवादीहरूले आरोपित कसूरबाट सफाइ पाउने ठहऱ्याइएको ।

**फैसलाका आधारहरू**

(क) प्रतिवादी नवल किसोर प्रसाद यादव समेतले अध्यक्षबाट पेश भएको रूख कटान गर्ने भन्ने प्रस्ताव असल नियतबाट अनुमोदन गरेको,

(ख) सफाइ पाउने प्रतिवादीहरूको रूख कटान गर्ने कार्यमा संलग्नता नरहेको,

(ग) आभरसियर बन्धुलाल चौधरीले प्रतिवेदन दिँदा नहर किनारामा रहेको सडे, लडे र सुकेका रूख विरूवा हटाउनुपर्ने प्रतिवेदन दिएको आधारमा रूख काटिएकोलाई आधिकारिक मान्न सकिन्न,

(घ) प्र.नारायण प्रसाद अधिकारीले ने.बै.लि.बरहथवा बचत हि.नं.६८५५ मा रु४,२६,५६८।- जम्मा गरेको देखिए तापनि वैध स्रोत भनेकोले सो रकम जफत हुन नसक्ने,

(ङ) प्रतिवादी सुरेन्द्रप्रसाद सिंह समेतले १८,१८१ रूख काटेको भनी बिगो रु ३८४९७३८०।- को दाबी लिए तापनि १४,३३८ वटा रूखका ठुटासम्म गणना गरी रु २,८९,७६,४६०।- मात्र बिगो कायम हुने ।

**पुनरावेदनका आधारहरू**

(क) आरोपबाट सफाइ पाउने प्रतिवादी नवल किसोर प्रसाद समेत उपभोक्ता समितिका पदाधिकारी हुन भन्नेमा कसैले विवाद गर्न सकेको छैन । समितिका यी पदाधिकारीहरूले आफ्नो समितिको संरक्षणमा रहेको रूख बिरुवाको संरक्षण गर्ने दायित्व निजहरू समेतको हुँदा हुँदै रूख बिरुवा कटान गर्ने भनी २०५८।११।१६ मा निर्णय गर्दा नहरको कुन कुन ठाउँको, के कति परिमाणमा रूख कटान गर्ने र त्यसको के कसरी व्यवस्थापन गर्ने भन्ने जस्ता कुनै कुरा उल्लेख नगरी प्र.अध्यक्ष सुरेन्द्र प्रसाद सिंहलाई जिम्मा दिएको र पछि मिति २०५८।१२।१ मा के कति रूख बिरुवा कटान भए र त्यसको के कस्तो प्रक्रिया पुऱ्याइयो भन्ने हेर्दै नहेरी प्र. सुरेन्द्रप्रसाद सिहले गरेको कार्यको अनुमोदन गरेको अवस्थामा आफूले रूख कटान नगरेको भनी आफ्नो दायित्वबाट पन्छिएर बयान गर्दैमा फुर्सद पाउने अवस्था हुँदैन । गैरकानूनी काम गराउने मनसाय नभएको र नहरका रूख बिरुवाको उचित संरक्षण गर्न चाहेर अध्यक्षलाई जिम्मा दिने निर्णय गरेको भए नहरमा के कति रूख बिरुवा छन् ? ती रूख बिरुवाको नापजाँच गरी कुन कुन चेनेज अन्तर्गत के कति रूख सडे लडे, पडेका छन् र तिनीहरूलाई के कसरी व्यवस्थापन गरिएका छन् भन्ने

यकिन गरी त्यस्ता रूख बिरुवाको लिलाम बिक्रीबाट प्राप्त भएका के कति रकम छन् भन्नेसम्म पनि नहेरी गैरकानूनी तवरबाट भएको कटानीलाई अनुमोदन गरी अनियन्त्रित एवं असीमित रूख कटान गर्ने गराउने कार्यमा यी सफाइ पाउने सबै प्रतिवादीहरूको स्पष्टतः संलग्नता देखिँदा देखिँदै प्रमाणको समुचित मूल्यांकन नगरी प्रमाण ऐन, २०३१ को दफा ५४ र अ.बं. १८४ (क) समेतको त्रुटि गरी फैसला गरिएको छ ।

(ख) सफाइ पाउने प्रतिवादी नन्दलाल महतो समेतको संलग्नता नभए यी गाउँ विकास समितिका पूर्व अध्यक्षहरूले समयमा नै जथाभावी रूख काट्यो भनी आफ्नो गाउँ विकास समिति भित्र सरकारी रूख बिरुवा कटान भएको सम्बन्धमा सम्बन्धित निकायमा सूचना गर्नु पर्ने हो । सो नगर्नुको अतिरिक्त अनियन्त्रित र असीमित रूख बिरुवा काटेको भन्ने स्पष्टसँग देख्दादेख्दै अनुमोदन गर्नु स्वयम्मा प्रतिवादी, मध्येको सुरेन्द्र प्रसाद सिंहसँगको मिलोमतो प्रस्ट छ । अदालतले आफ्नो फैसलामा उल्लेख गरे अनुसार रूख काट्ने निर्णयमा प्रतिवादीहरूले समर्थन जनाएको स्पष्ट भएको र आफू सदस्य रहेको जल उपभोक्ता समिति अन्तर्गतकै वनका रूख गैरकानूनी ढंगबाट कटाई सरकारी सम्पत्ति नाश भएको देख्दादेख्दै प्र.सुरेन्द्र प्रसाद सिंहले गरेको गैरकानूनी कार्यलाई अनुमोदन समर्थन गरेबाट प्र. सुरेन्द्र प्रसाद सिंहसँग निजहरूको मिलोमतो रहेको पुष्टि हुन्छ । प्रतिवादीहरूले आफैले रूख नकाटेको र प्रत्यक्ष फाइदा लिएको नदेखिएको भन्ने मात्र आधारमा सफाइ दिनु प्रमाणको समुचित मूल्यांकन नभई त्रुटिपूर्ण फैसला भएको छ ।

(ग) प्रतिवादी मध्येको ओभरसियर वन्धुलाल चौधरी नहरका किनारामा रहेको रूख बिरुवाहरूको अवस्था जाँचबुझ गर्न पठाइएका व्यक्ति हुन् । निजले नहरको किनारामा के कति सडे, गले, पडेका रूखहरू छन, यी रूखहरू मध्ये के कति छाँटकाट गरी हटाउनुपर्ने अवस्थाका छन् भन्ने यकिन नापजाँच सहित प्रतिवेदन दिनुपर्नेमा निजको प्रतिवेदनमा त्यस्तो कुनै कुरा उल्लेख नै गरेको देखिंदैन । यी प्रतिवादीको समेत प्र.मध्येका सुरेन्द्र प्रसाद सिंहसँगको मिलेमतो हुँदा सडे, पडे, लडेको रूख बिरुवा हटाउने निर्णय गराउने प्रयोजनको लागि प्रतिवेदन बनाउन लगाएको र अवैध रूख कटान गर्नेले मागे अनुसारको प्रतिवेदन दिने कार्य गरेकोले निजको अधुरो प्रतिवेदनले अवैध कार्य गर्ने मार्ग प्रशस्त गरेको स्पष्ट छ । निजले यो यति रूख मात्र काट्ने भनी स्पष्ट हुने गरी प्रतिवेदन नदिई अन्योल अस्थिर प्रतिवेदन दिने कार्यबाटै निजको संलग्नता प्रस्टिन्छ । यी व्यक्ति भनेको प्राविधिक व्यक्ति हुन् । निजले दिएको प्रतिवेदनमा स्पष्ट प्राविधिक नापजाँच सहितको कारण उल्लेख नहुनु र त्यसैलाई आधार मानेर उपभोक्ता समितिले रूख काट्ने कार्य गर्नु स्वयम्मा गैरकानूनी छ ।

(घ) प्रतिवादी मध्येको नारायणप्रसाद अधिकारी भनेको प्रहरी निरीक्षक जस्तो जिम्मेवार कर्मचारी हुन् । निज समेतको संलग्नतामा नहर किनाराको रूख बिरुवा कटान गरेको भनी कसूर ठहरिएपछि अब निजले आफू खटिएको कार्यालय नजिकैको बैंकमा खाता खोली त्यति धेरै रकम जम्मा गर्नु भनेको त्यही सरकारी रूख बिरुवा कटान गर्ने कार्यमा प्रहरी खटाई दिई सहयोग गरेको कारणबाट प्राप्त भएको रकम भन्ने स्पष्ट छ । निजको तलब भत्ता तथा अन्य स्रोत पुष्टि हुने सम्पत्ति प्रमाणित नभएको स्थितिमा सो रकम जफत हुनुपर्दछ । अदालतले फैसला गर्दा पनि निजले बैंकमा रकम जम्मा गरेको मिति अवैध रूपमा रूख कटान गरेकै अवधिभित्र पर्दछ भन्ने स्वीकार गरेपछि अब त्यस्तो अवैध कमाइलाई अन्यथा भन्नु कानूनतः त्रुटिपूर्ण हुन्छ । कुनै कार्य गरी अवैध रकम जम्मा गरेको प्रमाणित भएमा प्रतिवादीले जम्मा गरेको सो रकम भ्रष्टाचारबाट आर्जन गरेको रकम ठहर भई सो सम्पत्ति जफत हुन प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा ४७

को कानूनी व्यवस्थालाई उपेक्षा गरी जफत नहुने ठहर गरेको फैसला त्रुटिपूर्ण छ । रूख कटानी गर्ने भ्रष्टाचार जन्य कसूरमा निजको संलग्न रहेको कुरा अदालतले ठहर गरेको छ ।

(ङ) प्रतिवादीमध्येको सुरेन्द्रप्रसाद सिंह समेतले १८१८१ रूख काटेको भन्ने आयोगको अनुसन्धानबाट पुष्टि हुने गरी रूख काट्दा गणना गरिएको भन्ने प्रमाणहरू मिसिल संलग्न छन् । सोही आधारमा अभियोग माग दाबीमा बिगो रु ३,८४,९७,३८०।- कायम गरिएको भन्ने पनि खुलस्त पारिएको छ । त्यस्तो स्थितिमा गैरकानूनी रूख कटान गर्ने व्यक्तिको बयानमा १४३३८ वटा मात्र रूख काटेको भनी लेखाउँदैमा अनुसन्धानको क्रममा तत्काल स्थानीय रूपमा तयार भएको मुचुल्कासमेतले कानूनी मान्यता नपाई प्रमाण अयोग्य हुने तर अपराधीको भनाइलाई कुनै प्रमाणले पुष्टि नगरे पनि प्रमाण योग्य ठहऱ्याउनु प्रमाण ऐन, २०३१ को दफा २७(१) विपरीत भई त्रुटिपूर्ण छ । मुचुल्कामा उल्लेखित ठुटाले नै प्रमाणित गरेको आधारमा कायम गरिएको माग दाबी बमोजिमको बिगो प्रतिवादीहरूबाट असूल उपर भई जरिवाना समेत हुनुपर्दछ ।

४. **काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ४, विशालनगर बस्ने विनोदप्रसाद शर्मा रौतहट जिल्ला, जुडीवेला गा.वि.स.वडा नं. ८ घर भई काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३२ घट्टेकुलो, सितागल्ली १८/१३ डेरा गरी बस्ने प्रदीपराज कँडेल**..........................................................................................

सुनसरी जिल्ला, हासपोसा गा.वि.स.वडा नं. २ तरहरा बस्ने ओमराज पुरी .......

काभ्रे जिल्ला, सापिङ्ग गा.वि.स.वडा नं. ९ घर भई हाल काठमाडौं जिल्ला, का.म. न.पा. वडा नं. ३४, शंखमुल बस्ने प्रदीपकुमार खरेल ..................................

का.जि.का.म.न.पा.वडा नं. ७ चावहिल बस्ने दुर्गाबहादुर कार्की ....................

उदयपुर जि.त्रियुगा नगरपालिका वडा नं. ५ घर भई हाल का.जि.इचङगुनारायण गा.वि.स.वडा नं. ५ गैरीगाउँ बस्ने सुरेन्द्र के.सी.........................................

भारत दार्जिलिङ टुङसुङ तेन्जिङ नोर्गे रोड घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३३ कालोपुल डेरा गरी बस्ने फिरोज देवान...........................................

भारत दार्जिलिङ बस्ने गजेन्द्र गुरूङ्ग........................................................

भारत दार्जिलिङ बस्ने फुर्वा शेर्पा .......................................समेत रहेको अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने मुद्दा ।

**<u>फैसला मिति</u>** : २०६२।८।६

**<u>फैसलाको प्रकृति</u> :**

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरू गोविन्द खनाल, टेकराज ज्ञवाली, बिष्णु प्रसाद अर्याल, दुर्गाबहादुर कार्की उपर साविक भ्र.नि.ऐन, २०१७ को दफा ३, ७ (१), २९ र हाल प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसूर अपराधमा कारबाही सजाय हुन, प्रतिवादी घनेन्द्र कुमार सुब्बालाई सोही कसूरमा साबिक भ्र.नि.ऐन, २०१७ को दफा १६क. तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९को दफा २२ बमोजिम दण्ड सजाय हुन र प्रतिवादी फिरोज देबान र सुसान्त कार्कीलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ५, २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,

२०५९ को दफा ३ बमोजिमको कसूरमा सोही ऐनको दफा १६(क), २२ तथा ३ (३) बमोजिम कारबाही एवं सजाय हुने माग दाबी लिइएकोमा विशेष अदालतबाट सजायको माग दाबी नपुग्ने ठहऱ्याई प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको ।

**फैसलाका आधारहरू :**

(क) प्रतिवादी फिरोज देवान र सुरेन्द्र के.सी.को अनुसन्धानको क्रममा भएको पोलयुक्त साविती बयान अन्य स्वतन्त्र र विश्वसनीय सबुदप्रमाणबाट समर्थन हुन नसकेको,

(ख) प्रतिवादीहरूले एक आपसमा गैरनेपालीहरूलाई राहदानी बनाई दिई सो बापत प्राप्त भएको रकम बण्डा गरेको भन्ने अभियोग कथन पुष्टि हुन नसकेको,

(ग) प्रतिवादीहरूले दिएको राहदानी प्राप्त गर्नेवालाको फोटो, विवरण, दरखास्त फाराम कसलाई भर्न लगाए भन्ने समेत अनुसन्धानबाट खुल्न नसकेको,

(घ) राहदानी बनाउने कार्यमा संलग्न रहेका भनिएका प्रतिवादीहरू दुर्गाबहादुर कार्की समेतले रिसवत लिनु खानु गरे भन्ने कुरा अनुसन्धान र अदालतमा समेत इन्कार रहेको,

(ङ) अनुसन्धानको क्रममा पोल गर्ने प्रतिवादीहरू अदालत समक्ष कसूरमा इन्कार रहेका,

(च) बेजिल्लाको नागरिकता र बसाईं सराई प्रमाणपत्र शंका लागेमा स्पष्ट हुन बुझ्नुपर्ने भए तापनि त्यस्तो बुझ्ने परिपाटी नरहेको भनी प्र.जि.अ.ले भनेको,

(छ) प्रतिवादी दुर्गाबहादुर कार्की, फिरोज देवान र सुरेन्द्र के.सी. उपर चलेको राहदानी मुद्दामा काठमाडौं, जिल्ला अदालतबाट सफाइ पाइ सकेको,

**पुनरावेदनका आधारहरू**

(१) प्रस्तुत मुद्दामा गैरनेपाली नागरिकलाई राहदानी जारी भएको तथ्यमा विवाद छैन । राहदानी जारी गर्नुपर्दा निवेदकलाई राम्ररी चिनेजानेको नेपाल सरकारको अधिकृतस्तरको कर्मचारीले सिफारिस गर्नुपर्ने तथा राहदानी वितरण गर्दा के कस्ता कुरा बुझ्नुपर्ने हुन्छ भनी नेपाल सरकार गृह मन्त्रालयले मिति २०५७।१०।२५ र २०५२।१२।११ मा जारी गरेका परिपत्र राहदानी जारी गर्ने दायित्व भएका कर्मचारीले कानून सरह पालन गर्नुपर्ने विषय भएको तर उक्त परिपत्रले निर्देश गरेको कुरा पालन नभएकोमा पनि विवाद छैन ।

(२) आयोगबाट प्रतिवादीहरूलाई तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को दफा ३, दफा ७(१) र दफा ८ को तथा प्रचलित भ्र.नि.ऐन, २०५९ दफा ३ को कसूरमा सजायको माग दाबी गरी आरोपपत्र पेश गरिएको हो । आरोपपत्रमा रिसवत लिनु दिनु गरेको भन्ने आरोपका साथै गैरकानूनी कार्य गरी बदनियतपूर्वक अन्य कसैलाई गैरकानूनी लाभ पुऱ्याई भ्रष्टाचार गरेको भन्ने समेत आरोप छ । तर विशेष अदालतबाट भएको फैसलामा रिसवत लिए दिएको आरोप प्रमाणबाट पुष्टि नभएको भन्ने आधारमा मात्र प्रतिवादीहरूलाई सफाइ दिइएको छ । तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को दफा ७(१) तथा दफा ८ को कसूरको आरोप किन पुष्टि हुन सकेन सो तर्फ विवेचना गरिएको छैन । आरोप लगाइएका दुई कसूर मध्ये कुनै एक कसूर मात्र प्रमाणित भएमा पनि प्रतिवादीहरूलाई सजाय हुन सक्ने अवस्था भएकोमा प्रतिवादीहरूले कानून उल्लंघन गरी गरेको कार्यबाटै भ्रष्टाचारको कसूर गरेको तथ्य पुष्टि भए तर्फ अदालतले ध्यान दिएको छैन । अतएव, आरोपपत्रका सबै आरोपहरूलाई प्रमाणको आधारमा विश्लेषण गरी फैसला गर्नु पर्नेमा आंशिक

आरोपको पुष्टि हुन नसकेको भनी अन्य आरोपबाट पनि सफाइ दिनु अ.बं.१८५ नं. को त्रुटि गरी फैसला गरिएको छ ।

(३) विशेष अदालतबाट प्रमाणको समुचित मूल्यांकन गरिएको छैन । गैरनेपाली नागरिकलाई राहदानी उपलब्ध गराउन कर्मचारीलाई रिसवत दिने भनी आरोप लगाइएका प्र. फिरोज देवान र प्र.सुरेन्द्र के.सी. को अनुसन्धान अधिकृत समक्ष भएको साविती बयानलाई शंका गर्नुपर्ने र प्रमाणमा लिन नसकिने कुनै आधार छैन । प्रमाण ऐन, २०३१ को दफा ९ ले निर्धारण गरेको प्रमाणमा लिन हुने परिधिभित्रको उक्त बयानलाई प्रमाणमा लिनुपर्ने कुरामा आपत्ति मान्नुपर्ने अवस्था छैन । प्रतिवादीहरू स्वयंका हस्ताक्षरबाट लेखिएका बयान हुनाले र अन्य व्यक्तिलाई जानकारी हुन नसक्ने तथ्यसँग सम्बन्धित बयान हुनाले सो बयान स्वेच्छाको बयान भएको स्पष्ट छ । यसका साथै गैरनागरिकलाई राहदानी दिएको पुष्टि हुने निर्णय सहितका कागजातबाट निजहरूले गरेका साविती बयानलाई पुष्टि गरेको अवस्था हुनाले अदालतले प्रमाणको उचित मूल्यांकन नगरेको स्पष्ट छ ।

(४) प्रतिवादीहरूले अदालत वा अन्यत्र बयान गर्दा कसूर अस्वीकार गर्नु सामान्य कुरा हो । अभियोजनले आरोप लगाएका विषयका तथ्य स्थापित भएपछि सो कुरा झूठो हो भनी पुष्टि गर्ने भार प्रतिवादीहरूको हो । प्रमाण ऐन, २०३१ को दफा ९ मा उल्लेख भएका यी यी अवस्थामा परेर स्वेच्छा विरुद्ध बयान गर्नु परेको भनी प्रतिवादीले भन्न सकेका छैनन र प्रमाणबाट पुष्टि भएको छैन । अतएव, प्रतिवादीको साविती बयानलाई प्रमाणमा नलिनु पर्ने र त्यसमा भर पर्ने कारण छैन ।

(५) अन्य प्रतिवादी आरोपमा इन्कार रहेका भन्ने कुरालाई अदालतले सफाइको आधार बनाएको देखिन्छ । इन्कार हुनु मात्र सफाइको आधार बन्न नसक्ने भनी सम्मानित सर्वोच्च अदालतले विभिन्न मुद्दामा नजिर समेत कायम गरिसकेको छ । कागज प्रमाणबाट गैरकानूनी कार्य भएको पुष्टि भएको र त्यसबाट गैरनेपाली नागरिकलाई गैरकानूनी फाइदा पुगेको स्पष्ट भएको अवस्थामा तत्कालीन भ्र.नि.ऐन, २०१७ को दफा ७(१) र दफा ८ को कसूर गरेको देखिएकोमा अदालतले सफाइ दिने त्रुटिपूर्ण निर्णय गरेको छ ।

(६) प्रतिवादी सुरेन्द्र के.सी. समेतले प्रतिवादी दुर्गाबहादुर कार्कीलाई रकम समेत दिएकोले निजले राहदानी दिने दिलाउने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पुरा गरी गराई गैरनेपालीलाई राहदानी बनाई दिएको भन्ने पोल गरेको र सो पोल बमोजिम राहदानी बन्ने बनाउने कार्यमा संलग्न रहेको सबै प्रतिवादीहरूलाई रकम बण्डा लिनु खानु नगरेका भए कानूनी प्रावधान, परिपत्र र पुऱ्याउनु पर्ने प्रक्रियालाई उल्लंघन गरी गैरनेपालीलाई राहदानी बनाउनु पर्ने कुनै अवस्था र कारण देखिदैन ।

(७) प्रतिवादीमध्येको फिरोज देवान र सुरेन्द्र के.सी.ले दुर्गाबहादुर कार्कीलाई राहदानी प्राप्त कर्ताको फोटो, फाराम, विवरण कसलाई भर्न लगाए भनी अनुसन्धानबाट खुल्न नसक्दैमा सो कुरा सफाइ दिने आधार बन्न सक्दैन । राहदानी प्राप्त गर्ने व्यक्तिका लागि प्र. फिरोज देवान र प्र. सुरेन्द्र के.सी. ले रकम समेत प्र. दुर्गाबहादुर कार्कीलाई दिएको भनी सावित भएपछि फाराम भर्ने वा फोटो दिने अन्य कुनै व्यक्ति खोजी गर्नुपर्ने आवश्यकता नै रहँदैन । त्यस्तो कसूर गर्ने व्यक्तिले जो कसैलाई पनि फारम भर्न लगाउने हुँदा सोही आधारमा कसूर अपराधबाट सफाइ पाउने अवस्था पर्दैन ।

(८) राहदानी प्राप्तकर्ता बेजिल्लाका हुन् भन्ने राहदानी दरखास्त साथ पेश गरेको नागरिकता र बसाइसराईको प्रतिलिपिहरूबाट देखिन्छ । त्यस्तोमा ती जिल्ला प्रशासन कार्यालयहरूसँग बुझ्नु पर्ने भन्ने गृह मन्त्रालयको मिति २०५२।१२।२१ र मिति २०५७।११।२५ को परिपत्रमा स्पष्टसँग उल्लेख हुँदा हुँदै शंका नगरिकन सोझै राहदानी बनाउनु पर्ने केवल रिसवत लिनु दिनु बाहेक अरू कुनै कारण देखिदैन ।

(९) राहदानी बनाउन सम्बन्धित व्यक्तिहरू स्वयम् आएका थिए । निजहरूले नै दर्खास्तमा विवरण भरी दिएको हुनाले कानून बमोजिम निर्णय गरेको भन्न नसकी सरकारी अड्डाको कर्मचारीको दस्तखत, सिफारिस र अड्डाको छाप समेत लागेको देखिएकोले परिपत्रको अवज्ञा गरेको भनि सबै प्रतिवादीहरूले भन्दा भन्दै त्यस तर्फ कुनै विवेचना नै नगरी अ.बं. १८४ (क) तथा १८५ समेतको त्रुटि गरी फैसला भएको छ ।

(१०) प्रतिवादी सुरेन्द्र के.सी. समेत उपर चलेको राहदानी मुद्दामा काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीहरूले सफाइ पाए भन्दैमा सो कुरा यो भ्रष्टाचार मुद्दामा सफाइ पाउने आधार बन्न सक्दैन । राहदानी मुद्दा र भ्रष्टाचारको कसूर छुट्टाछुट्टै ऐन बमोजिम कारबाही हुने मुद्दा भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को कसूरलाई अन्यथा व्याख्या गरिनु कानूनी रुपले त्रुटिपूर्ण हुन्छ ।

(११) राहदानीको दर्खास्तमा सिफारिस गर्ने अधिकृत कर्मचारीहरूले राहदानी ऐन, २०२४ बमोजिम सिफारिस गर्दा राहदानी पाउनेहरूको सम्पूर्ण विवरण सहितको जानकारी प्राप्त भएमा मात्र राहदानी प्राप्त गर्नको लागि सिफारिस गर्नुपर्नेमा त्यस्तो कुनै चिनजान विना र सम्पूर्ण विवरण थाहा जानकारी प्राप्त नगरी नागरिकता समेतको आधारमा सिफारिस गरेको भनी बयान गरेको अवस्थामा सिफारिसकर्ताले गैरकानूनी रूपमा सिफारिस गरेको प्रस्ट हुँदाहुँदै पनि त्यसतर्फ प्रमाणको मूल्यांकन नगरी प्र.लाई सफाइ दिई त्रुटिपूर्ण फैसला भएको छ । अतः उल्लेखित आधार तथा बुँदाहरूको आधारमा अभियोग माग दाबी पुग्न नसक्ने ठहर गरी प्रतिवादीहरूलाई सफाइ दिने गरेको सम्मानित विशेष अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी शुरु आरोपपत्र माग दाबी बमोजिम ठहर गरी पाउँ ।

५. **काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं.४, विशालनगर बस्ने विनोदप्रसाद शर्मा रौतहट जिल्ला, जुडीवेला गा.वि.स.वडा नं. ८ घर भई काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३२ घट्टेकुलो, सितागल्ली १८/१३ डेरा गरी बस्ने प्रदीपराज कँडेल**.....................................

संखुवासभा जिल्ला, धुयु गा.वि.स. वडा नं. ७ घर भई हाल का.जि. बानेश्वर बस्ने जनार्दन भट्टराई .

काभ्रे जिल्ला, सापिङ्ग गा.वि.स.वडा नं. ९ घर भई हाल काठमाडौं जिल्ला, का.म. न.पा. वडा नं. ३४, शंखमूल बस्ने प्रदीपकुमार खरेल ..................................

का.जि.का.म.न.पा.वडा नं. ७ चाबहिल बस्ने दुर्गाबहादुर कार्की ....................

उदयपुर जि.त्रियुगा नगरपालिका वडा नं. ५ घर भई हाल का.जि.इचङगुनारायण गा.वि.स.वडा नं. ५ गैरीगाउँ बस्ने सुरेन्द्र के.सी.........................................

भारत दार्जिलिङ टुङसुङ तेन्जिङ नोर्गे रोड घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३३ कालोपुल डेरा गरी बस्ने फिरोज देवान...........................................

भारत दार्जिलिङ कर्साङ बस्ने सगेन्द्र प्रधान.............................................

भारत दार्जिलिङ सिगमारी बस्ने सरेश तामाङ्ग......................समेत रहेको अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

**फैसला मिति** : २०६२।८।६

**फैसलाको प्रकृति** :

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरू गोबिन्द खनाल, टेकराज ज्ञवाली, विष्णु प्रसाद अर्याल, दुर्गा बहादुर कार्की उपर साविक भ्र.नि.ऐन, २०१७ को दफा ३,७(१),२९ र हाल प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसूर अपराधमा कारबाही सजाय हुन, प्रतिवादी घनेन्द्र कुमार सुब्बालाई सोही कसूरमा साबिक भ्र.नि.ऐन, २०१७ को दफा १६क तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९को दफा २२ बमोजिम दण्ड सजाय हुन र प्रतिवादी फिरोज देबान र सुसान्त कार्कीलाई साबिक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ५, २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिमको कसूरमा सोही ऐनको दफा १६(क) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९को दफा १६(क), २२ तथा ३ (३) बमोजिम कारबाही एबं सजाय हुने माग दाबी लिइएकोमा विशेष अदालतबाट सजायको माग दाबी नपुग्ने ठहऱ्याई प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको ।

**फैसलाका आधारहरू**

(क) प्रतिवादी फिरोज देवान र सुरेन्द्र के.सी.को अनुसन्धानको क्रममा भएको पोलयुक्त साविती बयान अन्य स्वतन्त्र र विश्वसनीय सवूदप्रमाणबाट समर्थन हुन नसकेको,

(ख) प्रतिवादीहरूले एक आपसमा गैरनेपालीहरूलाई राहदानी बनाई दिई सो बापत प्राप्त भएको रकम बण्डा गरेको भन्ने अभियोग कथन पुष्टि हुन नसकेको,

(ग) प्रतिवादीहरूले दिएको राहदानी प्राप्त गर्नेवालाको फोटो, विवरण, दरखास्त फारामको कसलाई भर्न लगाए भन्ने समेत अनुसन्धानबाट खुल्न नसकेको,

(घ) राहदानी बनाउने कार्यमा संलग्न रहेका भनिएका प्रतिवादीहरू दुर्गावहादुर कार्की समेतले रिसवत लिनु खानु गरेमा अनुसन्धान र अदालतमा समेत इन्कार रहेको,

(ङ) अनुसन्धानको क्रममा पोल गर्ने प्रतिवादीहरू अदालत समक्ष कसूरमा इन्कार रहेका,

(च) बेजिल्लाको नागरिकता र बसाइसराई प्रमाणपत्र शंका लागेमा स्पष्ट हुन बुझ्नु पर्ने भए तापनि त्यस्तो बुझ्ने परिपाटी नरहेको भनी प्र.जि.अ.ले भनेको,

(छ) प्रतिवादी दुर्गाबहादुर कार्की, फिरोज देवान र सुरेन्द्र के.सी. उपर चलेको राहदानी मुद्दामा काठमाडौं, जिल्ला अदालतबाट सफाइ पाइसकेको,

**पुनरावेदनका आधारहरू**

(क) प्रस्तुत मुद्दामा गैरनेपाली नागरिकलाई राहदानी जारी भएको तथ्यमा विवाद छैन । राहदानी जारी गर्नुपर्दा निवेदकलाई राम्ररी चिने जानेको नेपाल सरकारको अधिकृतस्तरको कर्मचारीले सिफारिस गर्नुपर्ने तथा राहदानी वितरण गर्दा के कस्ता कुरा बुझ्नुपर्ने हुन्छ भनी नेपाल सरकार गृह मन्त्रालयले मिति २०५७।१०।२५ र २०५२।१२।११ मा जारी गरेका परिपत्र राहदानी जारी गर्ने

दायित्व भएका कर्मचारीले कानून सरह पालन गर्नुपर्ने विषय भएको तर उक्त परिपत्रले निर्देश गरेको कुरा पालन नभएकोमा पनि विवाद छैन ।

(ख) आयोगबाट प्रतिवादीहरूलाई तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को दफा ३ दफा ७(१) र दफा ८ को तथा प्रचलित भ्र.नि.ऐन, २०५९ दफा ३ को कसूरमा सजायको माग दाबी गरी आरोपपत्र पेश गरिएको हो । आरोपपत्रमा रिसवत लिनु दिनु गरेको भन्ने आरोपका साथै गैरकानूनी कार्य गरी बदनियतपूर्वक अन्य कसैलाई गैरकानूनी लाभ पुर्‍याई भ्रष्टाचार गरेको भन्ने समेत आरोप छ । तर विशेष अदालतबाट भएको फैसलामा रिसवत लिए दिएको आरोप प्रमाणबाट पुष्टि नभएको भन्ने आधारमा मात्र प्रतिवादीहरूलाई सफाइ दिइएको छ । तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को दफा ७ (१) तथा दफा ८ को कसूरको आरोप किन पुष्टि हुन सकेन सो तर्फ विवेचना गरिएको छैन । आरोप लगाइएका दुई कसूर मध्ये कुनै एक कसूर मात्र प्रमाणित भएमा पनि प्रतिवादीहरूलाई सजाय हुन सक्ने अवस्था भएकोमा प्रतिवादीहरूले कानून उल्लंघन गरी गरेको कार्यबाटै भ्रष्टाचारको कसूर गरेको तथ्य पुष्टि भएतर्फ अदालतले ध्यान दिएको छैन । अतएव, आरोपपत्रका सबै आरोपहरूलाई प्रमाणको आधारमा विश्लेषण गरी फैसला गर्नुपर्नेमा आंशिक आरोपको पुष्टि हुन नसकेको भनी अन्य आरोपबाट पनि सफाइ दिनु अ.ब.१८५ नं. को त्रुटि गरी फैसला गरिएको छ ।

(ग) विशेष अदालतबाट प्रमाणको समुचित मूल्यांकन गरिएको छैन । गैरनेपाली नागरिकलाई राहदानी उपलब्ध गराउन कर्मचारीलाई रिसवत दिने भनी आरोपपत्र लगाइएका प्र. फिरोज देवान र प्र.सुरेन्द्र के.सी. को अनुसन्धान अधिकृत समक्ष भएको साविती बयानलाई शंका गर्नुपर्ने र प्रमाणमा लिन नसकिने कुनै आधार छैन । प्रमाण ऐन, २०३१ को दफा ९ ले निर्धारण गरेको प्रमाणमा लिन हुने परिधिभित्रको उक्त बयानलाई प्रमाणमा लिनुपर्ने कुरामा आपत्ति मान्नुपर्ने अवस्था छैन । प्रतिवादीहरू स्वयंका हस्ताक्षरबाट लेखिएका बयान हुनाले र अन्य व्यक्तिलाई जानकारी हुन नसक्ने तथ्यसँग सम्बन्धित बयान हुनाले सो बयान स्वेच्छाको बयान भएको स्पष्ट छ । यसका साथै गैरनागरिकलाई राहदानी दिएको पुष्टि हुने निर्णय सहितका कागजातबाट निजहरूले गरेका साविती बयानलाई पुष्टि गरेको अवस्था हुनाले अदालतले प्रमाणको उचित मूल्यांकन नगरेको स्पष्ट छ ।

(घ) प्रतिवादीहरूले अदालत वा अन्यत्र बयान गर्दा कसूर अस्वीकार गर्नु सामान्य कुरा हो । अभियोजनले आरोप लगाएका विषयका तथ्य स्थापित भएपछि सो कुरा झूटो हो भनी पुष्टि गर्ने भार प्रतिवादीहरूको हो । प्रमाण ऐन, २०३१ को दफा ९ मा उल्लेख भएका यी यी अवस्थामा परेर स्वेच्छा विरुद्ध बयान गर्नु परेको भनी प्रतिवादीले भन्न सकेका छैन र प्रमाणबाट पुष्टि भएको छैन । अतएव, प्रतिवादीको साविती बयानलाई प्रमाणमा नलिनु पर्ने र त्यसमा भर नपर्नु पर्ने कारण छैन ।

(ङ) अन्य प्रतिवादी आरोपमा इन्कार रहेका भन्ने कुरालाई अदालतले सफाइको अधार बनाएको देखिन्छ । इन्कार हुनु मात्र सफाइको आधार बन्न नसक्ने भनी सम्मानित सर्वोच्च अदालतले विभिन्न मुद्दामा नजिर समेत कायम गरिसकेको छ । कागज प्रमाणबाट गैरकानूनी कार्य भएको पुष्टि भएको र त्यसबाट गैरनेपाली नागरिकलाई गैरकानूनी फाइदा पुगेको स्पष्ट भएको अवस्थामा तत्कालीन भ्र.नि.ऐन, २०१७ को दफा ७(१) र दफा ८ को कसूर गरेको देखिएकोमा अदालतले सफाइ दिने त्रुटिपूर्ण निर्णय गरेको छ ।

(च) प्रतिवादी सुरेन्द्र के.सी. समेतले प्रतिवादी दुर्गाबहादुर कार्कीलाई रकम समेत दिएकोले निजले राहदानी दिने दिलाउने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पुरा गरी गराई गैरनेपालीलाई राहदानी बनाई दिएको भन्ने पोल गरेको र सो पोल बमोजिम राहदानी बन्ने बनाउने कार्यमा संलग्न रहेको सबै प्रतिवादीहरूलाई रकम बण्डा लिनु खानु नगरेका भए कानूनी प्रावधान, परिपत्र र पुऱ्याउनु पर्ने प्रक्रियालाई उल्लंघन गरी गैरनेपालीलाई राहदानी बनाउनु पर्ने कुनै अवस्था र कारण देखिदैन ।

(छ) प्रतिवादी मध्येको फिरोज देवान र सुरेन्द्र के.सी.ले दुर्गाबहादुर कार्कीलाई राहदानी प्राप्तकर्ताको फोटो, फाराम, विवरण कसलाई भर्न लगाए भनी अनुसन्धानबाट खुल्न नसक्दैमा सो कुरा सफाइ दिने आधार बन्न सक्दैन । राहदानी प्राप्त गर्ने व्यक्तिका लागि प्र. फिरोज देवान र प्र. सुरेन्द्र के.सी. ले रकम समेत प्र. दुर्गाबहादुर कार्कीलाई दिएको भनी सावित भएपछि फाराम भर्ने वा फोटो दिने अन्य कुनै व्यक्ति खोजी गर्नुपर्ने आवश्यकता नै रहँदैन । त्यस्तो कसूर गर्ने व्यक्तिले जो कसैलाई पनि फारम भर्न लगाउन सक्ने हुँदा सोही आधारमा कसूर अपराधबाट सफाइ पाउने अवस्था पर्दैन ।

(ज) राहदानी प्राप्तकर्ता बेजिल्लाका हुन् भन्ने राहदानी दरखास्त साथ पेश गरेको नागरिकता र बसाइसराईको प्रतिलिपिहरूबाट देखिन्छ । त्यस्तोमा ती जिल्ला प्रशासन कार्यालयहरूसँग बुझ्नुपर्ने भन्ने गृह मन्त्रालयको प.सं.ना.अ.१३।०५२।५३ च.नं. ११०४ मिति २०५२।१२।२१ र प.सं.ना.अ. १३।०५७।५८ च.नं. २९५ मिति २०५७।११।२५ को परिपत्रमा स्पष्टसँग उल्लेख हुँदाहुँदै शंका नगरिकन सोझै राहदानी बनाउनु पर्ने केवल रिसवत लिनु दिनु बाहेक अरू कुनै कारण देखिँदैन ।

(झ) राहदानी बनाउन सम्बन्धित व्यक्तिहरू स्वयम आएका थिए । निजहरूले नै दर्खास्तमा विवरण भरी दिएको हुनाले कानून बमोजिम निर्णय गरेको भन्ने नसकी सरकारी अड्डाको कर्मचारीको दस्तखत, सिफारिस र अड्डाको छाप समेत लागेको देखिएकोले परिपत्रको अवज्ञा गरेको भन्ने स्वयम् सबै प्रतिवादीहरूले भन्दाभन्दै त्यसतर्फ कुनै विवेचना नै नगरी अ.बं.१८४(क) तथा १८५ समेतको त्रुटि गरी फैसला भएको छ ।

(ञ) प्रतिवादी सुरेन्द्र के.सी. समेत उपर चलेको राहदानी मुद्दामा काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीहरूले सफाइ पाए भन्दैमा यो भ्रष्टाचार मुद्दामा सफाइ पाउने आधार बन्न सक्दैन । राहदानी मुद्दा र भ्रष्टाचारको कसूर छुट्टाछुट्टै ऐन बमोजिम कारबाही हुने मुद्दा भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को कसूरलाई अन्यथा व्याख्या गरिनु कानूनी त्रुटिपूर्ण हुन्छ ।

(ट) राहदानीको दर्खास्तमा सिफारिस गर्ने अधिकृत कर्मचारीहरूले राहदानी ऐन, २०२४ बमोजिम सिफारिस गर्दा राहदानी पाउनेहरूको सम्पूर्ण विवरण सहितको जानकारी प्राप्त भएमा मात्र राहदानी प्राप्त गर्नको लागि सिफारिस गर्नुपर्नेमा त्यस्तो कुनै चिनजान विना र सम्पूर्ण विवरण थाहा जानकारी नगरी नागरिकता समेतको आधारमा सिफारिस गरेको भनी बयान गरेको अवस्थामा सिफारिस कर्ताले गैरकानूनी रूपमा सिफारिस गरेको प्रस्ट हुँदाहुँदै पनि त्यसतर्फ प्रमाणको मूल्यांकन नगरी प्र.लाई सफाइ दिई त्रुटिपूर्ण फैसला भएको छ । अतः उल्लेखित आधार तथा बुँदाहरूको आधारमा अभियोग माग दाबी पुग्न नसक्ने ठहर गरी प्रतिवादीहरूलाई सफाइ दिने गरेको सम्मानित विशेष अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी शुरु आरोपपत्र माग दाबी बमोजिम ठहर गरी पाउँ ।

६. **काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ४, विशालनगर बस्ने विनोदप्रसाद शर्मा मोरङ जिल्ला विराटनगर उपमहानगरपालिका वडा नं. ६ चाँदनीचोक घर भई का.जि.का.म.न.पा.वडा नं. ३३ रातोपुल बस्ने गोपालप्रसाद रेग्मी....................**

स्याङ्जा जिल्ला, रत्नपुर गा.वि.स.वडा नं. ५ बेल्टारी बस्ने रूद्रप्रसाद भट्टराई......

का.जि.का.म.न.पा.वडा नं. ७ चावहिल बस्ने दुर्गाबहादुर कार्की ....................

उदयपुर जि.त्रियुगा नगरपालिका वडा नं. ५ घर भई हाल का.जि.इचङगुनारायण गा.वि.स.वडा नं. ५ गैरीगाउँ बस्ने सुरेन्द्र के.सी........................................

भारत दार्जिलिङ टुङसुङ तेन्जिङ नोर्गे रोड घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३३ कालोपुल डेरा गरी बस्ने फिरोज देवान...........................................

भारत दार्जिलिङ बस्ने अनिल थापा...............................समेत रहेको अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

**फैसला मिति** : २०६२।८।६

**फैसलाको प्रकृति :**

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरू गोविन्द खनाल, टेकराज ज्ञवाली, बिष्णु प्रसाद अर्याल, दुर्गाबहादुर कार्की उपर साविक भ्र.नि.ऐन, २०१७ को दफा ३, ७(१), २९ र हाल प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसूर अपराधमा कारबाही सजाय हुन, प्रतिवादी घनेन्द्र कुमार सुब्बालाई सोही कसूरमा साबिक भ्र.नि.ऐन, २०१७ को दफा १६क तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९को दफा २२ बमोजिम दण्ड सजाय हुन र प्रतिवादी फिरोज देबान र सुशान्त कार्कीलाई साबिक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ५, २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिमको कसूरमा सोही ऐनको दफा १६(क) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(क) २२ तथा ३(३) बमोजिम कारबाही एबं सजाय हुने माग दाबी लिइएकोमा विशेष अदालतबाट सजायको माग दाबी नपुग्ने ठहऱ्याई प्रतिवादीहरूलाई सफाइ दिने ठहर भएको ।

**फैसलामा लिएका आधारहरू :**

(क) प्रतिवादी फिरोज देवान र सुरेन्द्र के.सी.को अनुसन्धानको क्रममा भएको पोलयुक्त साविती बयान अन्य स्वतन्त्र र विश्वसनीय सवुदप्रमाणबाट समर्थन हुन नसकेको,

(ख) प्रतिवादीहरूले एक आपसमा गैरनेपालीहरूलाई राहदानी बनाई दिई सो बापत प्राप्त भएको रकम बण्डा गरेको भन्ने अभियोग कथन पुष्टि हुन नसकेको,

(ग) प्रतिवादीहरूले दिएको राहदानी प्राप्त गर्नेवालाको फोटो, विवरण, दरखास्त फारामको कसलाई भर्न लगाए भन्ने समेत अनुसन्धानबाट खुल्न नसकेको,

(घ) राहदानी बनाउने कार्यमा संलग्न रहेका भनिएका प्रतिवादीहरू दुर्गाबहादुर कार्की समेतले रिसवत लिनु खानु गरेमा अनुसन्धान र अदालतमा समेत इन्कार रहेको,

(ङ) अनुसन्धानको क्रममा पोल गर्ने प्रतिवादीहरू अदालत समक्ष कसूरमा इन्कार रहेका,

(च) बेजिल्लाको नागरिकता र बसाइसराइ प्रमाणपत्र शंका लागेमा स्पष्ट हुन बुझ्नुपर्ने भए तापनि त्यस्तो बुझ्ने परिपाटी नरहेको भनी प्र.जि.अ.ले भनेको,

(छ) प्रतिवादी दुर्गाबहादुर कार्की, फिरोज देवान र सुरेन्द्र के.सी. उपर चलेको राहदानी मुद्दामा काठमाडौं, जिल्ला अदालतबाट सफाइ पाइसकेको,

**पुनरावेदनका आधारहरू**

(१) प्रस्तुत मुद्दामा गैरनेपाली नागरिकलाई राहदानी जारी भएको तथ्यमा विवाद छैन । राहदानी जारी गर्नुपर्दा निवेदकलाई राम्ररी चिने जानेको नेपाल सरकारको अधिकृतस्तरको कर्मचारीले सिफारिस गर्नुपर्ने तथा राहदानी वितरण गर्दा के कस्ता कुरा बुझ्नुपर्ने हुन्छ भनी नेपाल सरकार गृह मन्त्रालयले मिति २०५७।१०।२५ र २०५२।१२।११ मा जारी गरेका परिपत्र राहदानी जारी गर्ने दायित्व भएका कर्मचारीले कानून सरह पालन गर्नुपर्ने विषय भएको तर उक्त परिपत्रले निर्देश गरेको कुरा पालन नभएकोमा पनि विवाद छैन ।

(२) आयोगबाट प्रतिवादीहरूलाई तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को दफा ३, दफा ७(१) र दफा ८ को तथा प्रचलित भ्र.नि.ऐन, २०५९ दफा ३ को कसूरमा सजायको माग दाबी गरी आरोपपत्र पेश गरिएको हो । आरोपपत्रमा रिसवत लिनु दिनु गरेको भन्ने आरोपका साथै गैरकानूनी कार्य गरी बदनियतपूर्वक अन्य कसैलाई गैरकानूनी लाभ पुऱ्याई भ्रष्टाचार गरेको भन्ने समेत आरोप छ । तर विशेष अदालतबाट भएको फैसलामा रिसवत लिए दिएको आरोप प्रमाणबाट पुष्टि नभएको भन्ने आधारमा मात्र प्रतिवादीहरूलाई सफाइ दिइएको छ । तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को दफा ७ (१) तथा दफा ८ को कसूरको आरोप किन पुष्टि हुन सकेन सो तर्फ विवेचना गरिएको छैन । आरोप लगाइएका दुई कसूर मध्ये कुनै एक कसूर मात्र प्रमाणित भएमा पनि प्रतिवादीहरूलाई सजाय हुन सक्ने अवस्था भएकोमा प्रतिवादीहरूले कानून उल्लंघन गरी गरेको कार्यबाटै भ्रष्टाचारको कसूर गरेको तथ्य पुष्टि भए तर्फ अदालतले ध्यान दिएको छैन । अतएव, आरोपपत्रका सबै आरोपहरूलाई प्रमाणको आधारमा विश्लेषण गरी फैसला गर्नुपर्नेमा आंशिक आरोपको पुष्टि हुन नसकेको भनी अन्य आरोपबाट पनि सफाइ दिनु अ.ब.१८५ नं. को त्रुटि गरी फैसला गरिएको छ ।

(३) विशेष अदालतबाट प्रमाणको समुचित मूल्यांकन गरिएको छैन । गैरनेपाली नागरिकलाई राहदानी उपलब्ध गराउन कर्मचारीलाई रिसवत दिने भनी आरोपपत्र लगाइएका प्र. फिरोज देवान र प्र.सुरेन्द्र के.सी. को अनुसन्धान अधिकृत समक्ष भएको साविती बयानलाई शंका गर्नुपर्ने र प्रमाणमा लिन नसकिने कुनै आधार छैन । प्रमाण ऐन, २०३१ को दफा ९ ले निर्धारण गरेको प्रमाणमा लिन हुने परिधिभित्रको उक्त बयानलाई प्रमाणमा लिनुपर्ने कुरामा आपत्ति मान्नुपर्ने अवस्था छैन । प्रतिवादीहरू स्वयंका हस्ताक्षरबाट लेखिएका बयान हुनाले र अन्य व्यक्तिलाई जानकारी हुन नसक्ने तथ्यसँग सम्बन्धित बयान हुनाले सो बयान स्वेच्छाको बयान भएको स्पष्ट छ । यसका साथै गैरनागरिकलाई राहदानी दिएको पुष्टि हुने निर्णय सहितका कागजातबाट निजहरूले गरेका साविती बयानलाई पुष्टि गरेको अवस्था हुनाले अदालतले प्रमाणको उचित मूल्यांकन नगरेको स्पष्ट छ ।

(४) प्रतिवादीहरूले अदालत वा अन्यत्र बयान गर्दा कसूर अस्वीकार गर्नु सामान्य कुरा हो । अभियोजनले आरोप लगाएका विषयका तथ्य स्थापित भएपछि सो कुरा झूटो हो भनी पुष्टि गर्ने भार प्रतिवादीहरूको हो । प्रमाण ऐन, २०३१ को दफा ९ मा उल्लेख भएका यी यी अवस्थामा परेर स्वेच्छा विरुद्ध बयान गर्नु परेको भनी प्रतिवादीले भन्न सकेका छैनन् र प्रमाणबाट पुष्टि भएको छैन । अतएव, प्रतिवादीको साविती बयानलाई प्रमाणमा नलिनु पर्ने र त्यसमा भर नपर्नु पर्ने कारण छैन ।

(५) अन्य प्रतिवादी आरोपमा इन्कार रहेका भन्ने कुरालाई अदालतले सफाइको आधार बनाएको देखिन्छ । इन्कार हुनु मात्र सफाइको आधार बन्न नसक्ने भनी सम्मानित सर्वोच्च अदालतले विभिन्न मुद्दामा नजिर समेत कायम गरिसकेको छ । कागज प्रमाणबाट गैरकानूनी कार्य भएको पुष्टि भएको र त्यसबाट गैरनेपाली नागरिकलाई गैरकानूनी फाइदा पुगेको स्पष्ट भएको अवस्थामा तत्कालीन भ्र.नि.ऐन, २०१७ को दफा ७(१) र दफा ८ को कसूर गरेको देखिएकोमा अदालतले सफाइ दिने त्रुटिपूर्ण निर्णय गरेको छ ।

(६) प्रतिवादी सुरेन्द्र के.सी. समेतले प्रतिवादी दुर्गाबहादुर कार्कीलाई रकम समेत दिएकोले निजले राहदानी दिने दिलाउने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पुरा गरी गराई गैरनेपालीलाई राहदानी बनाई दिएको भन्ने पोल गरेको र सो पोल बमोजिम राहदानी बन्ने बनाउने कार्यमा संलग्न रहेको सबै प्रतिवादीहरूलाई रकम बण्डा लिनु खानु नगरेका भए कानूनी प्रावधान, परिपत्र र पु¥याउनु पर्ने प्रक्रियालाई उल्लंघन गरी गैरनेपालीलाई राहदानी बनाउनु पर्ने कुनै अवस्था र कारण देखिँदैन ।

(७) प्रतिवादी मध्येको फिरोज देवान र सुरेन्द्र के.सी.ले दुर्गाबहादुर कार्कीलाई राहदानी प्राप्तकर्ताको फोटो, फाराम, विवरण कसलाई भर्न लगाए भनि अनुसन्धानबाट खुल्न नसक्दैमा सो कुरा सफाइ दिने आधार बन्न सक्दैन । राहदानी प्राप्त गर्ने व्यक्तिका लागि प्र. फिरोज देवान र प्र. सुरेन्द्र के.सी. ले रकम समेत प्र. दुर्गाबहादुर कार्कीलाई दिएको भनी सावित भएपछि फाराम भर्ने वा फोटो दिने अन्य कुनै व्यक्ति खोजी गर्नुपर्ने आवश्यकता नै रहँदैन । त्यस्तो कसूर गर्ने व्यक्तिले जो कसैलाई पनि फारम भर्न लगाउन सक्ने हुँदा सोही आधारमा कसूर अपराधबाट सफाइ पाउने अवस्था पर्दैन ।

(८) राहदानी प्राप्तकर्ता बेजिल्लाका हुन् भन्ने राहदानी दरखास्त साथ पेश गरेको नागरिकता र बसाइसराईको प्रतिलिपिहरूबाट देखिन्छ । त्यस्तोमा ती जिल्ला प्रशासन कार्यालयहरूसँग बुझ्नु पर्ने भन्ने गृह मन्त्रालयको मिति २०५२।१२।२१ र मिति २०५७।११।२५ को परिपत्रमा स्पष्टसँग उल्लेख हुँदा हुँदै शंका नगरिकन सोझै राहदानी बनाउनु पर्ने केवल रिसवत लिनु दिनु बाहेक अरू कुनै कारण देखिदैन ।

(९) राहदानी बनाउन सम्बन्धित व्यक्तिहरू स्वयम् आएका थिए । निजहरूले नै दर्खास्तमा विवरण भरी दिएको हुनाले कानून बमोजिम निर्णय गरेको भन्ने नसकी सरकारी अड्डाको कर्मचारीको दस्तखत, सिफारिस र अड्डाको छापसमेत लागेको देखिएकोले परिपत्रको अवज्ञा गरेको भन्ने स्वयम् सबै प्रतिवादीहरूले भन्दाभन्दै त्यसतर्फ कुनै विवेचना नै नगरी अ.बं.१८४(क) तथा १८५ समेतको त्रुटि गरी फैसला भएको छ ।

(१०) प्रतिवादी सुरेन्द्र के.सी. समेत उपर चलेको राहदानी मुद्दामा काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीहरूले सफाइ पाए भन्दैमा यो भ्रष्टाचार मुद्दामा सफाइ पाउने आधार बन्न सक्दैन । राहदानी मुद्दा र भ्रष्टाचारको कसूर छुट्टाछुट्टै ऐन बमोजिम कारबाही हुने मुद्दा भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को कसूरलाई अन्यथा व्याख्या गरिनु कानूनी त्रुटिपूर्ण हुन्छ ।

(११) राहदानीको दर्खास्तमा सिफारिस गर्ने अधिकृत कर्मचारीहरूले राहदानी ऐन, २०२४ बमोजिम सिफारिस गर्दा राहदानी पाउनेहरूको सम्पूर्ण विवरणसहितको जानकारी प्राप्त भएमा मात्र राहदानी प्राप्त गर्नको लागि सिफारिस गर्नुपर्नेमा त्यस्तो कुनै चिनजान विना र सम्पूर्ण विवरण थाहा जानकारी नगरी नागरिकता समेतको आधारमा सिफारिस गरेको भनी बयान गरेको अवस्थामा सिफारिसकर्ताले गैरकानूनी रूपमा सिफारिस गरेको प्रस्ट हुँदाहुँदै पनि त्यसतर्फ

प्रमाणको मूल्यांकन नगरी प्र.लाई सफाइ दिईत्रुटिपूर्ण फैसला भएको छ । अतः उल्लेखित आधार तथा बुँदाहरूको आधारमा अभियोग माग दाबी पुग्न नसक्ने ठहर गरी प्रतिवादीहरूलाई सफाइ दिने गरेको सम्मानित विशेष अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी शुरु आरोपपत्र माग दाबी बमोजिम ठहर गरीपाउँ ।

७. **काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ४, विशालनगर बस्ने विनोदप्रसाद शर्मा मोरङ जिल्ला विराटनगर उपमहानगरपालिका वडा नं. ६ चाँदनीचोक घर भई का.जि.का.म.न.पा.वडा नं. ३३ रातोपुल बस्ने गोपालप्रसाद रेग्मी....................**

गुल्मी जिल्ला, दरवार देवस्थान गा.वि.स.वडा नं. २ घर भई काठमाडौं जिल्ला, कलंकी बस्ने देवेन्द्रबहादुर कार्की ............................................................

काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ७ चावहिल बस्ने दुर्गाबहादुर कार्की .......

उदयपुर जि.त्रियुगा नगरपालिका वडा नं. ५ घर भई हाल का.जि.इचङगुनारायण गा.वि.स.वडा नं. ५ गैरीगाउँ बस्ने सुरेन्द्र के.सी........................................

भारत दार्जिलिङ टुङसुङ तेन्जिङ नोर्गे रोड घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३३ कालोपुल डेरा गरी बस्ने फिरोज देवान...........................................

भारत दार्जिलिङ मिरिक बस्ने मनोज देवान....................समेत रहेको अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

**<u>फैसला मिति</u>** : २०६२।८।६

**<u>फैसलाको प्रकृति</u>** :

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरू गोबिन्द खनाल, टेकराज ज्ञवाली, बिष्णु प्रसाद अर्याल, दुर्गाबहादुर कार्की उपर साविक भ्र.नि.ऐन, २०१७ को दफा ३, ७(१), २९ र हाल प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसूर अपराधमा कारबाही सजाय हुन, प्रतिवादीघनेन्द्र कुमार सुब्बालाई सोही कसूरमा साबिक भ्र.नि.ऐन, २०१७ को दफा १६क तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९को दफा २२ बमोजिम दण्ड सजाय हुन, र प्रतिवादी फिरोज देबान र सुसान्त कार्कीलाई साबिक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ५,२९तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिमको कसूरमा सोही ऐनको दफा १६(क) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९को दफा १६(क) २२ तथा ३(३) बमोजिम कारबाही एबं सजाय हुने माग दाबी लिइएकोमा विशेष अदालतबाट सजायको माग दाबी नपुग्ने ठहऱ्याई प्रतिवादीहरूलाई सफाइ दिने ठहर भएको ।

**<u>फैसलाका आधारहरू</u>**

(क) प्रतिवादी फिरोज देवान र सुरेन्द्र के.सी.को अनुसन्धानको क्रममा भएको पोलयुक्त साविती बयान अन्य स्वतन्त्र र विश्वसनीय सबुदप्रमाणबाट समर्थन हुन नसकेको,

(ख) प्रतिवादीहरूले एक आपसमा गैरनेपालीहरूलाई राहदानी बनाई दिई सो बापत प्राप्त भएको रकम बण्डा गरेको भन्ने अभियोग कथन पुष्टि हुन नसकेको,

(ग) प्रतिवादीहरूले दिएको राहदानी प्राप्त गर्ने वालाको फोटो, विवरण, दरखास्त फारामको कसलाई भर्न लगाए भन्ने समेत अनुसन्धानबाट खुल्न नसकेको,

(घ) राहदानी बनाउने कार्यमा संलग्न रहेका भनिएका प्रतिवादीहरू दुर्गाबहादुर कार्की समेतले रिसवत लिनु खानु गरेमा अनुसन्धान र अदालतमा समेत इन्कार रहेको,

(ङ) अनुसन्धानको क्रममा पोल गर्ने प्रतिवादीहरू अदालत समक्ष कसूरमा इन्कार रहेका,

(च) बेजिल्लाको नागरिकता र बसाइसराई प्रमाणपत्र शंका लागेमा स्पष्ट हुन बुझ्नुपर्ने भए तापनि त्यस्तो बुझ्ने परिपाटी नरहेको भनी प्र.जि.अ.ले भनेको,

(छ) प्रतिवादी दुर्गाबहादुर कार्की, फिरोज देवान र सुरेन्द्र के.सी. उपर चलेको राहदानी मुद्दामा काठमाडौं, जिल्ला अदालतबाट सफाइ पाइसकेको,

**पुनरावेदनका आधारहरू**

(१) प्रस्तुत मुद्दामा गैरनेपाली नागरिकलाई राहदानी जारी भएको तथ्यमा विवाद छैन । राहदानी जारी गर्नुपर्दा निवेदकलाई राम्ररी चिने जानेको नेपाल सरकारको अधिकृतस्तरको कर्मचारीले सिफारिस गर्नुपर्ने तथा राहदानी वितरण गर्दा के कस्ता कुरा बुझ्नु पर्ने हुन्छ भनी नेपाल सरकार गृह मन्त्रालयले मिति २०५७।१०।२५ र २०५२।१२।११ मा जारी गरेका परिपत्र राहदानी जारी गर्ने दायित्व भएका कर्मचारीले कानून सरह पालन गर्नुपर्ने विषय भएको तर उक्त परिपत्रले निर्देश गरेको कुरा पालन नभएकोमा पनि विवाद छैन ।

(२) आयोगबाट प्रतिवादीहरूलाई तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को दफा ३ दफा ७(१) र दफा ८ को तथा प्रचलित भ्र.नि.ऐन, २०५९ दफा ३ को कसूरमा सजायको माग दाबी गरी आरोपपत्र पेश गरिएको हो । आरोपपत्रमा रिसवत लिनु दिनु गरेको भन्ने आरोपका साथै गैरकानूनी कार्य गरी बदनियतपूर्वक अन्य कसैलाई गैरकानूनी लाभ पुऱ्याई भ्रष्टाचार गरेको भन्ने समेत आरोप छ । तर विशेष अदालतबाट भएको फैसलामा रिसवत लिए दिएको आरोप प्रमाणबाट पुष्टि नभएको भन्ने आधारमा मात्र प्रतिवादीहरूलाई सफाइ दिइएको छ । तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को दफा ७ (१) तथा दफा ८ को कसूरको आरोप किन पुष्टि हुन सकेन सो तर्फ विवेचना गरिएको छैन । आरोप लगाइएका दुई कसूर मध्ये कुनै एक कसूर मात्र प्रमाणित भएमा पनि प्रतिवादीहरूलाई सजाय हुन सक्ने अवस्था भएकोमा प्रतिवादीहरूले कानून उल्लंघन गरी गरेको कार्यबाटै भ्रष्टाचारको कसूर गरेको तथ्य पुष्टि भए तर्फ अदालतले ध्यान दिएको छैन । अतएव, आरोपपत्रका सबै आरोपहरूलाई प्रमाणको आधारमा विश्लेषण गरी फैसला गर्नु पर्नेमा आंशिक आरोपको पुष्टि हुन नसकेको भनी अन्य आरोपबाट पनि सफाइ दिनु अ.ब.१८५ नं. को त्रुटि गरी फैसला गरिएको छ ।

(३) विशेष अदालतबाट प्रमाणको समुचित मूल्यांकन गरिएको छैन । गैरनेपाली नागरिकलाई राहदानी उपलब्ध गराउन कर्मचारीलाई रिसवत दिने भनी आरोपपत्र लगाइएका प्र. फिरोज देवान र प्र.सुरेन्द्र के.सी. को अनुसन्धान अधिकृत समक्ष भएको साविती बयानलाई शंका गर्नुपर्ने र प्रमाणमा लिन नसकिने कुनै आधार छैन । प्रमाण ऐन, २०३१ को दफा ९ ले निर्धारण गरेको प्रमाणमा लिन हुने परिधिभित्रको उक्त बयानलाई प्रमाणमा लिनुपर्ने कुरामा आपत्ति मान्नुपर्ने अवस्था छैन । प्रतिवादीहरू स्वयंका हस्ताक्षरबाट लेखिएका बयान हुनाले र अन्य व्यक्तिलाई जानकारी हुन नसक्ने तथ्यसँग सम्बन्धित बयान हुनाले सो बयान स्वेच्छाको बयान भएको स्पष्ट छ । यसका साथै गैरनागरिकलाई राहदानी दिएको पुष्टि हुने निर्णयसहितका कागजातबाट निजहरूले गरेका साविती बयानलाई पुष्टि गरेको अवस्था हुनाले अदालतले प्रमाणको उचित मूल्यांकन नगरेको स्पष्ट छ ।

(४) प्रतिवादीहरूले अदालत वा अन्यत्र बयान गर्दा कसूर अस्वीकार गर्नु सामान्य कुरा हो । अभियोजनले आरोप लगाएका विषयका तथ्य स्थापित भएपछि सो कुरा झूटो हो भनी पुष्टि गर्ने भार प्रतिवादीहरूको हो । प्रमाण ऐन, २०३१ को दफा ९ मा उल्लेख भएका यी यी अवस्थामा परेर स्वेच्छा विरुद्ध बयान गर्नु परेको भनी प्रतिवादीले भन्न सकेका छैनन् र प्रमाणबाट पुष्टि भएको छैन । अतएव, प्रतिवादीको साविती बयानलाई प्रमाणमा नलिनु पर्ने र त्यसमा भर नपर्नु पर्ने कारण छैन ।

(५) अन्य प्रतिवादी आरोपमा इन्कार रहेका भन्ने कुरालाई अदालतले सफाइको अधार बनाएको देखिन्छ । इन्कार हुनु मात्र सफाइको आधार बन्न नसक्ने भनी सम्मानित सर्वोच्च अदालतले विभिन्न मुद्दामा नजिर समेत कायम गरी सकेको छ । कागज प्रमाणबाट गैरकानूनी कार्य भएको पुष्टि भएको र त्यसबाट गैरनेपाली नागरिकलाई गैरकानूनी फाइदा पुगेको स्पष्ट भएको अवस्थामा तत्कालीन भ्र.नि.ऐन, २०१७ को दफा ७(१) र दफा ८ को कसूर गरेको देखिएकोमा अदालतले सफाइ दिने त्रुटिपूर्ण निर्णय गरेको छ ।

(६) प्रतिवादी सुरेन्द्र के.सी. समेतले प्रतिवादी दुर्गाबहादुर कार्कीलाई रकम समेत दिएकोले निजले राहदानी दिने दिलाउने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पुरा गरी गराई गैरनेपालीलाई राहदानी बनाई दिएको भन्ने पोल गरेको र सो पोल बमोजिम राहदानी बन्ने बनाउने कार्यमा संलग्न रहेको सबै प्रतिवादीहरूलाई रकम बण्डा लिनु खानु नगरेका भए कानूनी प्रावधान, परिपत्र र पुऱ्याउनु पर्ने प्रक्रियालाई उल्लंघन गरी गैरनेपालीलाई राहदानी बनाउनु पर्ने कुनै अवस्था र कारण देखिँदैन ।

(७) प्रतिवादी मध्येको फिरोज देवान र सुरेन्द्र के.सी.ले दुर्गाबहादुर कार्कीलाई राहदानी प्राप्तकर्ताको फोटो, फाराम, विवरण कसलाई भर्न लगाए भनि अनुसन्धानबाट खुल्न नसक्दैमा सो कुरा सफाइ दिने आधार बन्न सक्दैन । राहदानी प्राप्त गर्ने व्यक्तिका लागि प्र. फिरोज देवान र प्र. सुरेन्द्र के.सी. ले रकम समेत प्र. दुर्गाबहादुर कार्कीलाई दिएको भनी सावित भएपछि फाराम भर्ने वा फोटो दिने अन्य कुनै व्यक्ति खोजी गर्नुपर्ने आवश्यकता नै रहँदैन । त्यस्तो कसूर गर्ने व्यक्तिले जो कसैलाई पनि फारम भर्न लगाउने हुँदा सोही आधारमा कसूर अपराधबाट सफाइ पाउने अवस्था पर्दैन ।

(८) राहदानी प्राप्तकर्ता बेजिल्लाका हुन् भन्ने राहदानी दरखास्त साथ पेश गरेको नागरिकता र बसाइसराईको प्रतिलिपिहरूबाट देखिन्छ । त्यस्तोमा ती जिल्ला प्रशासन कार्यालयहरूसँग बुझ्नु पर्ने भन्ने गृह मन्त्रालयको मिति २०५२।१२।२१ र मिति २०५७।११।२५ को परिपत्रमा स्पष्टसँग उल्लेख हुँदा हुँदै शंका नगरिकन सोझै राहदानी बनाउनु पर्ने केवल रिसवत लिनु दिनु बाहेक अरू कुनै कारण देखिदैन ।

(९) राहदानी बनाउन सम्बन्धित व्यक्तिहरू स्वयम् आएका थिए । निजहरूले नै दर्खास्तमा विवरण भरी दिएको हुनाले कानून बमोजिम निर्णय गरेको भन्न नसकी सरकारी अड्डाको कर्मचारीको दस्तखत, सिफारिस र अड्डाको छाप समेत लागेको देखिएकोले परिपत्रको अवज्ञा गरेको भन्ने स्वयम सबै प्रतिवादीहरूले भन्दाभन्दै त्यसतर्फ कुनै विवेचना नै नगरी अ.बं.१८४(क) तथा १८५ समेतको त्रुटि गरी फैसला भएको छ ।

(१०) प्रतिवादी सुरेन्द्र के.सी. समेत उपर चलेको राहदानी मुद्दामा काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीहरूले सफाइ पाए भन्दैमा सो कुरा यो भ्रष्टाचार मुद्दामा सफाइ पाउने आधार बन्न

सक्दैन । राहदानी मुद्दा र भ्रष्टाचारको कसूर छुट्टाछुट्टै ऐन बमोजिम कारबाही हुने मुद्दा भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को कसूरलाई अन्यथा व्याख्या गरिनु कानूनी त्रुटिपूर्ण हुन्छ ।

(११) राहदानीको दर्खास्तमा सिफारिस गर्ने अधिकृत कर्मचारीहरूले राहदानी ऐन, २०२४ बमोजिम सिफारिस गर्दा राहदानी पाउनेहरूको सम्पूर्ण विवरण सहितको जानकारी प्राप्त भएमा मात्र राहदानी प्राप्त गर्नको लागि सिफारिस गर्नुपर्नेमा त्यस्तो कुनै चिनजान विना र सम्पूर्ण विवरण थाहा जानकारी नगरी नागरिकता समेतको आधारमा सिफारिस गरेको भनी बयान गरेको अवस्थामा सिफारिसकर्ताले गैरकानूनी रूपमा सिफारिस गरेको प्रस्ट हुँदाहुँदै पनि त्यसतर्फ प्रमाणको मूल्यांकन नगरी प्र.लाई सफाइ दिई त्रुटिपूर्ण फैसला भएको छ । अतः उल्लेखित आधार तथा बुँदाहरूको आधारमा अभियोग माग दाबी पुग्न नसक्ने ठहर गरी प्रतिवादीहरूलाई सफाइ दिने गरेको सम्मानित विशेष अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी शुरु आरोपपत्र माग दाबी बमोजिम ठहर गरी पाउँ ।

८. **गोरखा जिल्ला तान्द्राङ्ग गा.वि.स.वडा नं. २ घर भई हाल का.जि.कीर्तिपुर न.पा.वडा नं १ मा बस्ने गोविन्द खनाल**........................................

गुल्मी जिल्ला दौंघा गा.वि.स.वडा नं. ८ बस्ने टेकराज ज्ञवाली ............

स्याङ्गजा जिल्ला, सोरेक गा.वि.स.वडा नं. ७ घर भई का.जि.का.म.न.पा.वडा नं. २९ सामाखुसी डेरा गरी बस्ने विष्णुप्रसाद अर्याल

का.जि.का.म.न.पा.वडा नं. ७ चावहिल बस्ने दुर्गाबहादुर कार्की ....................

उदयपुर जि.त्रियुगा नगरपालिका वडा नं. ५ घर भई हाल का.जि.इचङगुनारायण गा.वि.स.वडा नं. ५ गैरीगाउँ बस्ने सुरेन्द्र के.सी........................................

भारत दार्जिलिङ टुङसुङ तेन्जिङ नोर्गे रोड घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३३ कालोपुल डेरा गरी बस्ने फिरोज देवान..........................................

भारत दार्जिलिङ बस्ने बबीन खत्री........................................................

ऐ.ऐ. चोकबजार भोटेवस्ती बस्ने अभिशेष मुखिया ....................................

ऐ.ऐ.बस्ने जेफिरि खत्री ..............................................समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

**फैसला मिति** : २०६२।८।६

**फैसलाको प्रकृति :**

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरू गोविन्द खनाल, टेकराज ज्ञवाली, बिष्णु प्रसाद अर्याल, दुर्गाबहादुर कार्की उपर साविक भ्र.नि.ऐन, २०१७ को दफा ३, ७(१), २९ र हाल प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसूर अपराधमा कारबाही सजाय हुन, प्रतिवादी घनेन्द्र कुमार सुब्बालाई सोही कसूरमा साबिक भ्र.नि.ऐन, २०१७ को दफा १६क तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९को दफा २२ बमोजिम दण्ड सजाय हुन, र प्रतिवादी फिरोज देबान र सुसान्त कार्कीलाई साबिक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ५,२९ तथा

प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिमको कसूरमा सोही ऐनको दफा १६(क) २२ तथा ३ (३) बमोजिम कारबाही एवं सजायँ हुने माग दाबी लिइएकोमा विशेष अदालतबाट सजायँको माग दाबी नपुग्ने ठहऱ्याई प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको ।

**फैसलाका आधारहरू :**

(क) प्रतिवादी फिरोज देवान र सुरेन्द्र के.सी.को अनुसन्धानको क्रममा भएको पोलयुक्त साविती बयान अन्य स्वतन्त्र र विश्वसनिय सबुदप्रमाणबाट समर्थन हुन नसकेको,
(ख) प्रतिवादीहरूले एक आपसमा गैरनेपालीहरूलाई राहदानी बनाई दिई सो बापत प्राप्त भएको रकम बण्डा गरेको भन्ने अभियोग कथन पुष्टि हुन नसकेको,
(ग) प्रतिवादीहरूले दिएको राहदानी प्राप्त गर्ने वालाको फोटो, विवरण, दरखास्त फारामको कसलाई भर्न लगाए भन्ने समेत अनुसन्धानबाट खुल्न नसकेको,
(घ) राहदानी बनाउने कार्यमा संलग्न रहेका भनिएका प्रतिवादीहरू दुर्गाबहादुर कार्की समेतले रिसवत लिनु खानु गरेमा अनुसन्धान र अदालतमा समेत इन्कार रहेको,
(ङ) अनुसन्धानको क्रममा पोल गर्ने प्रतिवादीहरू अदालत समक्ष कसूरमा इन्कार रहेका,
(च) बेजिल्लाको नागरिकता र बसाइसराई प्रमाणपत्र शंका लागेमा स्पष्ट हुन बुझ्नु पर्ने भए तापनि त्यस्तो बुझ्ने परिपाटी नरहेको भनी प्र.जि.अ.ले भनेको,
(छ) प्रतिवादी दुर्गाबहादुर कार्की, फिरोज देवान र सुरेन्द्र के.सी. उपर चलेको राहदानी मुद्दामा काठमाडौं, जिल्ला अदालतबाट सफाइ पाइसकेको,

**पुनरावेदनका आधारहरू**

(१) प्रस्तुत मुद्दामा गैरनेपाली नागरिकलाई राहदानी जारी भएको तथ्यमा विवाद छैन । राहदानी जारी गर्नु पर्दा निवेदकलाई राम्ररी चिने जानेको नेपाल सरकारको अधिकृत स्तरको कर्मचारीले सिफारिस गर्नुपर्ने तथा राहदानी वितरण गर्दा के कस्ता कुरा बुझ्नु पर्ने हुन्छ भनी नेपाल सरकार गृह मन्त्रालयले मिति २०५७।१०।२५ र २०५२।१२।११ मा जारी गरेका परिपत्र राहदानी जारी गर्ने दायित्व भएका कर्मचारीले कानून सरह पालन गर्नु पर्ने विषय भएको तर उक्त परिपत्रले निर्देश गरेको कुरा पालन नभएकोमा पनि विवाद छैन ।
(२) विशेष अदालतबाट भएको फैसलामा रिसवत लिए दिएको आरोप प्रमाणबाट पुष्टि नभएको भन्ने तर्फ तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को दफा ७(१) तथा दफा ८ को कसूरको आरोप किन पुष्टि हुन सकेन र आरोप लगाइएका दुई कसूर मध्ये कुनै एक कसूर मात्र प्रमाणित भएमा पनि प्रतिवादीहरूलाई सजाय हुन सक्ने अवस्था भएकोमा प्रतिवादीहरूले कानून उल्लंघन गरी गरेको कार्यबाटै भ्रष्टाचारको कसूर गरेको तथ्य पुष्टि भएतर्फ अदालतले ध्यान दिएको छैन
(३) विशेष अदालतबाट प्रमाणको समुचित मूल्यांकन गरिएको छैन । गैरनेपाली नागरिकलाई राहदानी उपलब्ध गराउन कर्मचारीलाई रिसवत दिने भनी आरोप लगाइएका प्र. फिरोज देवान र प्र.सुरेन्द्र के.सी. को अनुसन्धान अधिकृत समक्ष भएको साविती बयानलाई शंका गर्नुपर्ने र प्रमाणमा लिन नसकिने कुनै आधार छैन । प्रमाण ऐन, २०३१ को दफा ९ ले निर्धारण गरेको प्रमाणमा लिन हुने परिधि भित्रको उक्त बयानलाई प्रमाणमा लिनुपर्ने कुरामा आपत्ति मान्नुपर्ने अवस्था छैन । प्रतिवादीहरू स्वयंका हस्ताक्षरबाट लेखिएका बयान हुनाले र अन्य व्यक्तिलाई जानकारी हुन

नसक्ने तथ्यसँग सम्बन्धित बयान हुनाले सो बयान स्वेच्छाको बयान भएको स्पष्ट छ । यसका साथै गैरनागरिकलाई राहदानी दिएको पुष्टि हुने निर्णय सहितका कागजातबाट निजहरूले गरेका साविती बयानलाई पुष्टि गरेको अवस्था हुनाले अदालतले प्रमाणको उचित मूल्यांकन नगरेको स्पष्ट छ ।

(४) प्रतिवादीहरूले अदालत वा अन्यत्र बयान गर्दा कसूर अस्वीकार गर्नु सामान्य कुरा हो । अभियोजनले आरोप लगाएका विषयका तथ्य स्थापित भएपछि सो कुरा झूटो हो भनी पुष्टि गर्ने भार प्रतिवादीहरूको हो । प्रमाण ऐन, २०३१ को दफा ९ मा उल्लेख भएका यी यी अवस्थामा परेर स्वेच्छा विरुद्ध बयान गर्नु परेको भनी प्रतिवादीले भन्न सकेका छैन र प्रमाणबाट पुष्टि भएको छैन । अतएव, प्रतिवादीको साविती बयानलाई प्रमाणमा नलिनु पर्ने र त्यसमा भर नपर्नु पर्ने कारण छैन ।

(५) अन्य प्रतिवादीहरू इन्कार हुनु मात्र सफाइको आधार बन्न नसक्ने भनी सम्मानित सर्वोच्च अदालतले विभिन्न मुद्दामा नजिर समेत कायम गरी सकेको छ । कागज प्रमाणबाट गैरकानूनी कार्य भएको पुष्टि भएको र त्यसबाट गैरनेपाली नागरिकलाई गैरकानूनी फाइदा पुगेको स्पष्ट भएको अवस्थामा तत्कालीन भ्र.नि.ऐन, २०१७ को दफा ७(१) र दफा ८ को कसूर गरेको स्पष्ट छ ।

(६) प्रतिवादी सुरेन्द्र के.सी. समेतले प्रतिवादी दुर्गाबहादुर कार्कीलाई रकम समेत दिएकोले निजले राहदानी दिने दिलाउने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पुरा गरी गराई गैरनेपालीलाई राहदानी बनाई दिएको भन्ने पोल गरेको र सो पोल बमोजिम राहदानी बन्ने बनाउने कार्यमा संलग्न रहेको सबै प्रतिवादीहरूलाई रकम बण्डा लिनु खानु नगरेका भए कानूनी प्रावधान, परिपत्र र पुऱ्याउनु पर्ने प्रक्रियालाई उल्लंघन गरी गैरनेपालीलाई राहदानी बनाउनु पर्ने कुनै अवस्था र कारण देखिदैन ।

(७) प्रतिवादी मध्येको फिरोज देवान र सुरेन्द्र के.सी.ले दुर्गाबहादुर कार्कीलाई राहदानी प्राप्त कर्ताको फोटो, फाराम, विवरण कसलाई भर्न लगाए भनि अनुसन्धानबाट खुल्न नसक्दैमा सो कुरा सफाइ दिने आधार बन्न सक्दैन । राहदानी प्राप्त गर्ने व्यक्तिका लागि प्र. फिरोज देवान र प्र. सुरेन्द्र के.सी. ले रकम समेत प्र. दुर्गा बहादुर कार्कीलाई दिएको भनी सावित भएपछि फाराम भर्ने वा फोटो दिने अन्य कुनै व्यक्ति खोजी गर्नुपर्ने आवश्यकता नै रहँदैन । त्यस्तो कसूर गर्ने व्यक्तिले जो कसैलाई पनि फारम भर्न लगाउन सक्ने हुँदा सोही आधारमा कसूरबाट सफाइ पाउने अवस्था हुँदैन ।

(८) राहदानी प्राप्तकर्ता बेजिल्लाका हुन् भन्ने राहदानी दरखास्तसाथ पेश गरेको नागरिकता र बसाइसराइको प्रतिलिपिहरूबाट देखिन्छ । त्यस्तोमा ती जिल्ला प्रशासन कार्यालयहरूसँग बुझ्नु पर्ने भन्ने गृह मन्त्रालयको मिति २०५२।१२।२१ र मिति २०५७।११।२५ को परिपत्रमा स्पष्टसँग उल्लेख हुँदा हुँदै शंका नगरिकन सोझै राहदानी बनाउनु पर्ने केवल रिसवत लिनु दिनु बाहेक अरू कुनै कारण देखिँदैन ।

(९) राहदानी बनाउन सम्बन्धित व्यक्तिहरू स्वयम् आएका थिए । निजहरूले नै दर्खास्तमा विवरण भरी दिएको हुनाले कानून बमोजिम निर्णय गरेको भन्ने नसकी सरकारी अड्डाको कर्मचारीको दस्तखत, सिफारिश र अड्डाको छाप समेत लागेको देखिएकोले परिपत्रको अवज्ञा गरेको भन्ने स्वयम सबै प्रतिवादीहरूले भन्दा भन्दै त्यसतर्फ कुनै विवेचना नै नगरी अ.बं.१८४(क) तथा १८५ समेतको त्रुटि गरी फैसला भएको छ ।

(१०) प्रतिवादी सुरेन्द्र के.सी. समेत उपर चलेको राहदानी मुद्दामा काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीहरूले सफाइ पाए भन्दैमा सो कुरा यो भ्रष्टाचार मुद्दामा सफाइ पाउने आधार बन्न सक्दैन । राहदानी मुद्दा र भ्रष्टाचारको कसूर छुट्टाछुट्टै ऐन बमोजिम कारबाही हुने मुद्दा भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को कसूरलाई अन्यथा व्याख्या गरिनु कानूनी त्रुटिपूर्ण हुन्छ ।

(११) राहदानीको दर्खास्तमा सिफारिस गर्ने अधिकृत कर्मचारीहरूले राहदानी ऐन, २०२४ बमोजिम सिफारिस गर्दा राहदानी पाउनेहरूको सम्पूर्ण विवरण सहितको जानकारी प्राप्त भएमा मात्र राहदानी प्राप्त गर्नको लागि सिफारिस गर्नुपर्नेमा त्यस्तो कुनै चिनजान बिना र सम्पूर्ण विवरण थाहा जानकारी नगरी नागरिकता समेतको आधारमा सिफारिस गरेको भनी बयान गरेको अवस्थामा सिफारिसकर्ताले गैरकानूनी रूपमा सिफारिस गरेको प्रस्ट हुँदाहुँदै पनि त्यसतर्फ प्रमाणको मूल्यांकन नगरी प्र.लाई सफाइ दिई त्रुटिपूर्ण फैसला भएको छ । अतः उल्लेखित आधार तथा बुँदाहरूको आधारमा अभियोग माग दाबी पुग्न नसक्ने ठहर गरी प्रतिवादीहरूलाई सफाइ दिने गरेको सम्मानित विशेष अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरि शुरु आरोपपत्र माग दाबी बमोजिम ठहर गरी पाउँ ।

९. **काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ४, विशालनगर बस्ने विनोदप्रसाद शर्मा..**
**रौटहट जिल्ला जुडिबेला गा.वि.स.वडा नं. ८ घर भई का.जि.का.म.न.पा.वडा नं. ३२, घट्टेकुला, सितागल्ली १८/१३ डेरा गरी बस्ने प्रदिपराज कडेल ...............**
कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. २ मिरूवा घर भई हाल का.जि.का.म.न.पा.वडा नं. २९ सामाखुसी डेरा गरी बस्ने श्रीमती कमला रेग्मी.........................................................................................
का.जि.का.म.न.पा.वडा नं. ७ चावहिल बस्ने दुर्गाबहादुर कार्की .....................
उदयपुर जि.त्रियुगा नगरपालिका वडा नं. ५ घर भई हाल का.जि.इचङगुनारायण गा.वि.स.वडा नं. ५ गैरीगाउँ बस्ने सुरेन्द्र के.सी........................................
भारत दार्जिलिङ टुङसुङ तेन्जिङ नोर्गे रोड घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३३ कालोपुल डेरा गरी बस्ने फिरोज देवान.........................................
भारत दार्जिलिङ बस्ने रिवाज गुरूङ.......................................................
ऐ.ऐ.बस्ने संजय गुरूङ समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

**फैसला मिति** : २०६२।८।६

**फैसलाको प्रकृति :**

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरू गोविन्द खनाल, टेकराज ज्ञवाली, बिष्णु प्रसाद अर्याल, दुर्गाबहादुर कार्की उपर साविक भ्र.नि.ऐन, २०१७ को दफा ३,७(१),२९ र हाल प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसूर अपराधमा कारबाही सजाय हुन, प्रतिवादी घनेन्द्रकुमार सुब्बालाई सोही कसूरमा साबिक भ्र.नि.ऐन, २०१७ को दफा १६क तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम दण्ड सजाय हुन र प्रतिवादी फिरोज देबान र सुसान्त कार्कीलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ५, २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,

२०५९ को दफा ३ बमोजिमको कसूरमा सोही ऐनको दफा १६(क) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(क) २२ तथा ३(३) बमोजिम कारबाही एवं सजाय हुने माग दाबी लिइएकोमा विशेष अदालतबाट सजायको माग दाबी नपुग्ने ठहऱ्याई प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको ।

**फैसलाका आधारहरू**

(क) प्रतिवादी फिरोज देवान र सुरेन्द्र के.सी.को अनुसन्धानको क्रममा भएको पोलयुक्त साविती बयान अन्य स्वतन्त्र र विश्वसनीय सबुदप्रमाणबाट समर्थन हुन नसकेको,

(ख) प्रतिवादीहरूले एक आपसमा गैरनेपालीहरूलाई राहदानी बनाई दिई सो बापत प्राप्त भएको रकम बण्डा गरेको भन्ने अभियोग कथन पुष्टि हुन नसकेको,

(ग) प्रतिवादीहरूले दिएको राहदानी प्राप्त गर्नेवालाको फोटो, विवरण, दरखास्त फाराम कसलाई भर्न लगाए भन्ने समेत अनुसन्धानबाट खुल्न नसकेको,

(घ) राहदानी बनाउने कार्यमा संलग्न रहेका भनिएका प्रतिवादीहरू दुर्गाबहादुर कार्की समेतले रिसवत लिनु खानु गरेमा अनुसन्धान र अदालतमा समेत इन्कार रहेको,

(ङ) अनुसन्धानको क्रममा पोल गर्ने प्रतिवादीहरू अदालत समक्ष कसूरमा इन्कार रहेका,

(च) बेजिल्लाको नागरिकता र बसाइसराई प्रमाणपत्र शंका लागेमा स्पष्ट हुन बुझ्नु पर्ने भए तापनि त्यस्तो बुझ्ने परिपाटी नरहेको भनी प्र.जि.अ.ले भनेको,

(छ) प्रतिवादी दुर्गाबहादुर कार्की, फिरोज देवान र सुरेन्द्र के.सी. उपर चलेको राहदानी मुद्दामा काठमाडौं, जिल्ला अदालतबाट सफाइ पाइसकेको,

**पुनरावेदनका आधारहरू**

(१) प्रस्तुत मुद्दामा गैरनेपाली नागरिकलाई राहदानी जारी भएको तथ्यमा विवाद छैन । राहदानी जारी गर्नुपर्दा निवेदकलाई राम्ररी चिने जानेको नेपाल सरकारको अधिकृत स्तरको कर्मचारीले सिफारिस गर्नुपर्ने तथा राहदानी वितरण गर्दा के कस्ता कुरा बुझ्नु पर्ने हुन्छ भनी नेपाल सरकार गृह मन्त्रालयले मिति २०५७।१०।२५ र २०५२।१२।११ मा जारी गरेका परिपत्र राहदानी जारी गर्ने दायित्व भएका कर्मचारीले कानून सरह पालन गर्नुपर्ने विषय भएको तर उक्त परिपत्रले निर्देश गरेको कुरा पालन नभएकोमा पनि विवाद छैन ।

(२) आयोगबाट प्रतिवादीहरूलाई तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को दफा ३ दफा ७(१) र दफा ८ को तथा प्रचलित भ्र.नि.ऐन, २०५९ दफा ३ को कसूरमा सजायको माग दाबी गरी आरोपपत्र पेश गरिएको हो । आरोपपत्रमा रिसवत लिनु दिनु गरेको भन्ने आरोपका साथै गैरकानूनी कार्य गरी बदनियतपूर्वक अन्य कसैलाई गैरकानूनी लाभ पुऱ्याई भ्रष्टाचार गरेको भन्ने समेत आरोप छ । तर विशेष अदालतबाट भएको फैसलामा रिसवत लिए दिएको आरोप प्रमाणबाट पुष्टि नभएको भन्ने आधारमा मात्र प्रतिवादीहरूलाई सफाइ दिइएको छ । तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को दफा ७(१) तथा दफा ८ को कसूरको आरोप किन पुष्टि हुन सकेन सो तर्फ विवेचना गरिएको छैन । आरोप लगाइएका दुई कसूरमध्ये कुनै एक कसूर मात्र प्रमाणित भएमा पनि प्रतिवादीहरूलाई सजाय हुन सक्ने अवस्था भएकोमा प्रतिवादीहरूले कानून उल्लंघन गरी गरेको कार्यबाटै भ्रष्टाचारको कसूर गरेको तथ्य पुष्टि भएतर्फ अदालतले ध्यान दिएको छैन । अतएव, आरोपपत्रका सबै आरोपहरूलाई प्रमाणको आधारमा विश्लेषण गरी फैसला गर्नुपर्नेमा आंशिक

आरोपको पुष्टि हुन नसकेको भनी अन्य आरोपबाट पनि सफाइ दिनु अ.ब.१८५ नं. को त्रुटिगरी फैसला गरिएको छ ।

(३) विशेष अदालतबाट प्रमाणको समुचित मूल्यांकन गरिएको छैन । गैरनेपाली नागरिकलाई राहदानी उपलब्ध गराउन कर्मचारीलाई रिसवत दिने भनी आरोप लगाइएका प्र. फिरोज देवान र प्र.सुरेन्द्र के.सी. को अनुसन्धान अधिकृत समक्ष भएको साविती बयानलाई शंका गर्नुपर्ने र प्रमाणमा लिन नसकिने कुनै आधार छैन । प्रमाण ऐन, २०३१ को दफा ९ ले निर्धारण गरेको प्रमाणमा लिन हुने परिधिभित्रको उक्त बयानलाई प्रमाणमा लिनुपर्ने कुरामा आपत्ति मान्नुपर्ने अवस्था छैन । प्रतिवादीहरू स्वयंका हस्ताक्षरबाट लेखिएका बयान हुनाले र अन्य व्यक्तिलाई जानकारी हुन नसक्ने तथ्यसँग सम्बन्धित बयान हुनाले सो बयान स्वेच्छाले गरेको स्पष्ट छ । यसका साथै गैरनागरिकलाई राहदानी दिएको पुष्टि हुने निर्णयसहितका कागजातबाट निजहरूले गरेका साविती बयानलाई पुष्टि गरेको अवस्था हुनाले अदालतले प्रमाणको उचित मूल्यांकन नगरेको स्पष्ट छ ।

(४) प्रतिवादीहरूले अदालत वा अन्यत्र बयान गर्दा कसूर अस्वीकार गर्नु सामान्य कुरा हो । अभियोजनले आरोप लगाएका विषयका तथ्य स्थापित भएपछि सो कुरा झूटो हो भनी पुष्टि गर्ने भार प्रतिवादीहरूको हो । प्रमाण ऐन, २०३१ को दफा ९ मा उल्लेख भएका यी यी अवस्थामा परेर स्वेच्छा विरुद्ध बयान गर्नुपरेको भनी प्रतिवादीले भन्न सकेका छैनन र प्रमाणबाट पुष्टि भएको छैन । अतएव, प्रतिवादीको साविती बयानलाई प्रमाणमा नलिनु पर्ने र त्यसमा भर नपर्नु पर्ने कारण छैन ।

(५) अन्य प्रतिवादी आरोपमा इन्कार रहेका भन्ने कुरालाई अदालतले सफाइको अधार बनाएको देखिन्छ । इन्कार हुनु मात्र सफाइको आधार बन्न नसक्ने भनी सम्मानित सर्वोच्च अदालतले विभिन्न मुद्दामा नजिर समेत कायम गरिसकेको छ । कागज प्रमाणबाट गैरकानूनी कार्य भएको पुष्टि भएको र त्यसबाट गैरनेपाली नागरिकलाई गैरकानूनी फाइदा पुगेको स्पष्ट भएको अवस्थामा तत्कालीन भ्र.नि.ऐन, २०१७ को दफा ७(१) र दफा ८ को कसूर गरेको देखिएकोमा अदालतले सफाइ दिने त्रुटिपूर्ण निर्णय गरेको छ ।

(६) प्रतिवादी सुरेन्द्र के.सी. समेतले प्रतिवादी दुर्गाबहादुर कार्कीलाई रकम समेत दिएकोले निजले राहदानी दिने दिलाउने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पूरा गरी गराई गैरनेपालीलाई राहदानी बनाई दिएको भन्ने पोल गरेको र सो पोल बमोजिम राहदानी बन्ने बनाउने कार्यमा संलग्न रहेको, सबै प्रतिवादीहरूलाई रकम बण्डा लिनु खानु नगरेका भए कानूनी प्रावधान, परिपत्र र पुऱ्याउनु पर्ने प्रक्रियालाई उल्लंघन गरी गैरनेपालीलाई राहदानी बनाउनु पर्ने कुनै अवस्था र कारण देखिदैन ।

(७) प्रतिवादी मध्येको फिरोज देवान र सुरेन्द्र के.सी.ले दुर्गाबहादुर कार्कीलाई राहदानी प्राप्तकर्ताको फोटो, फाराम, विवरण कसलाई भर्न लगाए भनी अनुसन्धानबाट खुल्न नसक्दैमा सो कुरा सफाइ दिने आधार बन्न सक्दैन । राहदानी प्राप्त गर्ने व्यक्तिका लागि प्र. फिरोज देवान र प्र. सुरेन्द्र के.सी. ले रकम समेत प्र. दुर्गाबहादुर कार्कीलाई दिएको भनी सावित भएपछि फाराम भर्ने वा फोटो दिने अन्य कुनै व्यक्ति खोजी गर्नुपर्ने आवश्यकता नै रहँदैन । त्यस्तो कसूर गर्ने व्यक्तिले जो कसैलाई पनि फारम भर्न लगाउन सक्ने हुँदा सोही आधारमा कसूर अपराधबाट सफाइ पाउने अवस्था पर्दैन ।

(८) राहदानी प्राप्तकर्ता बेजिल्लाका हुन् भन्ने राहदानी दरखास्तसाथ पेश गरेको नागरिकता र बसाइसराईको प्रतिलिपिहरूबाट देखिन्छ । त्यस्तोमा ती जिल्ला प्रशासन कार्यालयहरूसँग बुझ्नुपर्ने भन्ने गृह मन्त्रालयको मिति २०५२।१२।२१ र मिति २०५७।११।२५ को परिपत्रमा स्पष्टसँग उल्लेख हुँदा हुँदै शंका नगरिकन सोझै राहदानी बनाउनु पर्ने केवल रिसवत लिनु दिनु बाहेक अरू कुनै कारण देखिँदैन ।

(९) राहदानी बनाउन सम्बन्धित व्यक्तिहरू स्वयम् आएका थिए । निजहरूले नै दर्खास्तमा विवरण भरी दिएको हुनाले कानून बमोजिम निर्णय गरेको भन्न नसकी सरकारी अड्डाको कर्मचारीको दस्तखत, सिफारिस र अड्डाको छाप समेत लागेको देखिएकोले परिपत्रको अवज्ञा गरेको भन्ने स्वयम सबै प्रतिवादीहरूले भन्दाभन्दै त्यसतर्फ कुनै विवेचना नै नगरी अ.बं.१८४(क) तथा १८५ समेतको त्रुटि गरी फैसला भएको छ ।

(१०) प्रतिवादी सुरेन्द्र के.सी. समेत उपर चलेको राहदानी मुद्दामा काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीहरूले सफाइ पाए भन्दैमा सो कुरा यो भ्रष्टाचार मुद्दामा सफाइ पाउने आधार बन्न सक्दैन । राहदानी मुद्दा र भ्रष्टाचारको कसूर छुट्टाछुट्टै ऐन बमोजिम कारबाही हुने मुद्दा भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को कसूरलाई अन्यथा व्याख्या गरिनु कानूनतः त्रुटिपूर्ण हुन्छ ।

(११) राहदानीको दर्खास्तमा सिफारिस गर्ने अधिकृत कर्मचारीहरूले राहदानी ऐन, २०२४ बमोजिम सिफारिस गर्दा राहदानी पाउनेहरूको सम्पूर्ण विवरण सहितको जानकारी प्राप्त भएमा मात्र राहदानी प्राप्त गर्नको लागि सिफारिस गर्नुपर्नेमा त्यस्तो कुनै चिनजान विना र सम्पूर्ण विवरण थाहा जानकारी नगरी नागरिकता समेतको आधारमा सिफारिस गरेको भनी बयान गरेको अवस्थामा सिफारिसकर्ताले गैरकानूनी रूपमा सिफारिस गरेको प्रस्ट हुँदाहुँदै पनि त्यसतर्फ प्रमाणको मूल्यांकन नगरी प्र.लाई सफाइ दिई त्रुटिपूर्ण फैसला भएको छ । अतः उल्लेखित आधार तथा बुँदाहरूको आधारमा अभियोग माग दाबी पुग्न नसक्ने ठहर गरी प्रतिवादीहरूलाई सफाइ दिने गरेको सम्मानित विशेष अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी शुरु आरोपपत्र माग दाबी बमोजिम ठहर गरी पाउँ ।

१०. **काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ४, विशालनगर बस्ने विनोदप्रसाद शर्मा..............**
**मोरङ जिल्ला विराटनगर उपमहानगरपालिका वडा नं. ६ चाँदनीचोक घर भई का.जि.का.म.न.पा.वडा नं. ३३ रातोपुल बस्ने गोपालप्रसाद रेग्मी ..................**
गुल्मी जिल्ला, दरवार देवी स्थान गा.वि.स.वडा नं. २ घर भई काठमाडौं जिल्ला कलंकी बस्ने देवेन्द्रबहादुर कार्की ..........................................................
का.जि.का.म.न.पा.वडा नं. ७ चावहिल बस्ने दुर्गाबहादुर कार्की ....................
उदयपुर जि.त्रियुगा नगरपालिका वडा नं. ५ घर भई हाल का.जि.इचङगुनारायण गा.वि.स.वडा नं. ५ गैरीगाउँ बस्ने सुरेन्द्र के.सी.........................................
भारत दार्जिलिङ टुङसुङ तेन्जिङ नोर्गे रोड घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३३ कालोपुल डेरा गरी बस्ने फिरोज देवान..........................................
भारत दार्जिलिङ कालेवुङ बस्ने ललित क्षेत्री ............................................
भारत दार्जिलिङ बस्ने सारथी बस्नेत ..............................समेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

**फैसला मिति** : २०६२।८।६

**फैसलाको प्रकृति** :

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरू गोविन्द खनाल, टेकराज ज्ञवाली, विष्णु प्रसाद अर्याल, दुर्गाबहादुर कार्की उपर साविक भ्र.नि.ऐन, २०१७ को दफा ३, ७(१), २९ र हाल प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसूर अपराधमा कारबाही सजाय हुन, प्रतिवादी घनेन्द्र कुमार सुब्बालाई सोही कसूरमा साबिक भ्र.नि.ऐन, २०१७ को दफा १६क तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम दण्ड सजाय हुन र प्रतिवादी फिरोज देबान र सुसान्त कार्कीलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ५, २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिमको कसूरमा सोही ऐनको दफा १६(क), २२ तथा ३ (३) बमोजिम कारबाही एवं सजाय हुने माग दाबी लिइएकोमा विशेष अदालतबाट माग दाबी नपुग्ने ठहर्‍याई प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको

**फैसलाका आधारहरू**

(क) प्रतिवादी फिरोज देवान र सुरेन्द्र के.सी.को अनुसन्धानको क्रममा भएको पोलयुक्त साविती बयान अन्य स्वतन्त्र र विश्वसनीय सबुदप्रमाणबाट समर्थन हुन नसकेको,

(ख) प्रतिवादीहरूले एक आपसमा गैरनेपालीहरूलाई राहदानी बनाई दिई सो बापत प्राप्त भएको रकम बण्डा गरेको भन्ने अभियोग कथन पुष्टि हुन नसकेको,

(ग) प्रतिवादीहरूले दिएको राहदानी प्राप्त गर्ने वालाको फोटो, विवरण, दरखास्त फारामको कसलाई भर्न लगाए भन्ने समेत अनुसन्धानबाट खुल्न नसकेको,

(घ) राहदानी बनाउने कार्यमा संलग्न रहेका भनिएका प्रतिवादीहरू दुर्गाबहादुर कार्की समेतले रिसवत लिनु खानु गरेमा अनुसन्धान र अदालतमा समेत इन्कार रहेको,

(ङ) अनुसन्धानको क्रममा पोल गर्ने प्रतिवादीहरू अदालत समक्ष कसूरमा इन्कार रहेका,

(च) बेजिल्लाको नागरिकता र बसाइसराई प्रमाणपत्र शंका लागेमा स्पष्ट हुन बुझ्नु पर्ने भए तापनि त्यस्तो बुझ्ने परिपाटी नरहेको भनी प्र.जि.अ.ले भनेको,

(छ) प्रतिवादी दुर्गाबहादुर कार्की, फिरोज देवान र सुरेन्द्र के.सी. उपर चलेको राहदानी मुद्दामा काठमाडौं, जिल्ला अदालतबाट सफाइ पाइसकेको,

**पुनरावेदनका आधारहरू**

(१) प्रस्तुत मुद्दामा गैरनेपाली नागरिकलाई राहदानी जारी भएको तथ्यमा विवाद छैन । राहदानी जारी गर्नुपर्दा निवेदकलाई राम्ररी चिनेजानेको नेपाल सरकारको अधिकृतस्तरको कर्मचारीले सिफारिस गर्नुपर्ने तथा राहदानी वितरण गर्दा के कस्ता कुरा बुझ्नुपर्ने हुन्छ भनी नेपाल सरकार, गृह मन्त्रालयले मिति २०५७।१०।२५ र २०५२।१२।११ मा जारी गरेका परिपत्र राहदानी जारी गर्ने दायित्व भएका कर्मचारीले कानून सरह पालना गर्नुपर्ने विषय भएको तर उक्त परिपत्रले निर्देश गरेको कुरा पालन नभएकोमा पनि विवाद छैन ।

(२) आयोगबाट प्रतिवादीहरूलाई तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को दफा ३ दफा ७(१) र दफा ८ को तथा प्रचलित भ्र.नि.ऐन, २०५९ दफा ३ को कसूरमा सजायको माग दाबी गरी

आरोपपत्र पेश गरिएको हो । आरोपपत्रमा रिसवत लिनु दिनु गरेको भन्ने आरोपका साथै गैरकानूनी कार्य गरी बदनियतपूर्वक अन्य कसैलाई गैरकानूनी लाभ पुऱ्याई भ्रष्टाचार गरेको भन्ने समेत आरोप छ । तर विशेष अदालतबाट भएको फैसलामा रिसवत लिए दिएको आरोप प्रमाणबाट पुष्टि नभएको भन्ने आधारमा मात्र प्रतिवादीहरूलाई सफाइ दिइएको छ । तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को दफा ७(१) तथा दफा ८ को कसूरको आरोप किन पुष्टि हुन सकेन सो तर्फ विवेचना गरिएको छैन । आरोप लगाइएका दुई कसूर मध्ये कुनै एक कसूर मात्र प्रमाणित भएमा पनि प्रतिवादीहरूलाई सजाय हुन सक्ने अवस्था भएकोमा प्रतिवादीहरूले कानून उल्लंघन गरी गरेको कार्यबाटै भ्रष्टाचारको कसूर गरेको तथ्य पुष्टि भए तर्फ अदालतले ध्यान दिएको छैन । अतएव, आरोपपत्रका सबै आरोपहरूलाई प्रमाणको आधारमा विश्लेषण गरी फैसला गर्नुपर्नेमा आंशिक आरोपको पुष्टि हुन नसकेको भनी अन्य आरोपबाट पनि सफाइ दिनु अ.ब.१८५ नं. को त्रुटि गरी फैसला गरिएको छ ।

(३) विशेष अदालतबाट प्रमाणको समुचित मूल्यांकन गरिएको छैन । गैरनेपाली नागरिकलाई राहदानी उपलब्ध गराउन कर्मचारीलाई रिसवत दिने भनी आरोप लगाइएका प्र. फिरोज देवान र प्र.सुरेन्द्र के.सी. को अनुसन्धान अधिकृत समक्ष भएको साविती बयानलाई शंका गर्नुपर्ने र प्रमाणमा लिन नसकिने कुनै आधार छैन । प्रमाण ऐन, २०३१ को दफा ९ ले निर्धारण गरेको प्रमाणमा लिन हुने परिधि भित्रको उक्त बयानलाई प्रमाणमा लिनुपर्ने कुरामा आपत्ति मान्नुपर्ने अवस्था छैन । प्रतिवादीहरू स्वयंका हस्ताक्षरबाट लेखिएका बयान हुनाले र अन्य व्यक्तिलाई जानकारी हुन नसक्ने तथ्यसँग सम्बन्धित बयान हुनाले सो बयान स्वेच्छाको बयान भएको स्पष्ट छ । यसका साथै गैरनागरिकलाई राहदानी दिएको पुष्टि हुने निर्णय सहितका कागजातबाट निजहरूले गरेका साविती बयानलाई पुष्टि गरेको अवस्था हुनाले अदालतले प्रमाणको उचित मूल्यांकन नगरेको स्पष्ट छ ।

(४) प्रतिवादीहरूले अदालत वा अन्यत्र बयान गर्दा कसूर अस्वीकार गर्नु सामान्य कुरा हो । अभियोजनले आरोप लगाएका विषयका तथ्य स्थापित भएपछि सो कुरा झूटो हो भनी पुष्टि गर्ने भार प्रतिवादीहरूको हो । प्रमाण ऐन, २०३१ को दफा ९ मा उल्लेख भएका यी यी अवस्थामा परेर स्वेच्छा विरुद्ध बयान गर्नु परेको भनी प्रतिवादीले भन्न सकेका छैनन र प्रमाणबाट पुष्टि भएको छैन । अतएव, प्रतिवादीको साविती बयानलाई प्रमाणमा नलिनु पर्ने र त्यसमा भर नपर्नु पर्ने कारण छैन ।

(५) अन्य प्रतिवादी आरोपमा इन्कार रहेका भन्ने कुरालाई अदालतले सफाइको आधार बनाएको देखिन्छ । इन्कार हुनु मात्र सफाइको आधार बन्न नसक्ने भनी सम्मानित सर्वोच्च अदालतले विभिन्न मुद्दामा नजिर समेत कायम गरिसकेको छ । कागज प्रमाणबाट गैरकानूनी कार्य भएको पुष्टि भएको र त्यसबाट गैरनेपाली नागरिकलाई गैरकानूनी फाइदा पुगेको स्पष्ट भएको अवस्थामा तत्कालीन भ्र.नि.ऐन, २०१७ को दफा ७(१) र दफा ८ को कसूर गरेको देखिएकोमा अदालतले सफाइ दिने त्रुटिपूर्ण निर्णय गरेको छ ।

(६) प्रतिवादी सुरेन्द्र के.सी. समेतले प्रतिवादी दुर्गाबहादुर कार्कीलाई रकम समेत दिएकोले निजले राहदानी दिने दिलाउने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पुरा गरी गराई गैरनेपालीलाई राहदानी बनाई दिएको भन्ने पोल गरेको र सो पोल बमोजिम राहदानी बन्ने बनाउने कार्यमा संलग्न रहेको सबै प्रतिवादीहरूलाई रकम बण्डा गरी लिनु खानु नगरेका भए कानूनी प्रावधान, परिपत्र र

पुर्‍याउनु पर्ने प्रक्रियालाई उल्लंघन गरी गैरनेपालीलाई राहदानी बनाउनु पर्ने कुनै अवस्था र कारण देखिदैन ।

(७) प्रतिवादीमध्येको फिरोज देवान र सुरेन्द्र के.सी.ले दुर्गाबहादुर कार्कीलाई राहदानी प्राप्तकर्ताको फोटो, फाराम, विवरण कसलाई भर्न लगाए भनि अनुसन्धानबाट खुल्न नसक्दैमा सो कुरा सफाइ दिने आधार बन्न सक्दैन । राहदानी प्राप्त गर्ने व्यक्तिका लागि प्र. फिरोज देवान र प्र. सुरेन्द्र के.सी. ले रकम समेत प्र. दुर्गाबहादुर कार्कीलाई दिएको भनी सावित भएपछि फाराम भर्ने वा फोटो दिने अन्य कुनै व्यक्ति खोजी गर्नुपर्ने आवश्यकता नै रहँदैन । त्यस्तो कसूर गर्ने व्यक्तिले जो कसैलाई पनि फारम भर्न लगाउन सक्ने हुँदा सोही आधारमा कसूर अपराधबाट सफाइ पाउने अवस्था पर्दैन ।

(८) राहदानी प्राप्तकर्ता बेजिल्लाका हुन् भन्ने राहदानी दरखास्त साथ पेश गरेको नागरिकता र बसाइसराईको प्रतिलिपिहरूबाट देखिन्छ । त्यस्तोमा ती जिल्ला प्रशासन कार्यालयहरूसँग बुझ्नु पर्ने भन्ने गृह मन्त्रालयको मिति २०५२।१२।२१ र मिति २०५७।११।२५ को परिपत्रमा स्पष्टसँग उल्लेख हुँदा हुँदै शंका नगरिकन सोझै राहदानी बनाउनु पर्ने केवल रिसवत लिनु दिनु वाहेक अरू कुनै कारण देखिदैन ।

(९) राहदानी बनाउन सम्बन्धित व्यक्तिहरू स्वयम् आएका थिए । निजहरूले नै दर्खास्तमा विवरण भरी दिएको हुनाले कानून बमोजिम निर्णय गरेको भन्न नसकी सरकारी अड्डाको कर्मचारीको दस्तखत, सिफारिस र अड्डाको छाप समेत लागेको देखिएकोले परिपत्रको अवज्ञा गरेको भन्ने स्वयम सबै प्रतिवादीहरूले भन्दा भन्दै त्यसतर्फ कुनै विवेचना नै नगरी अ.बं.१८४(क) तथा १८५ समेतको त्रुटि गरी फैसला भएको छ ।

(१०) प्रतिवादी सुरेन्द्र के.सी. समेत उपर चलेको राहदानी मुद्दामा काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीहरूले सफाइ पाए भन्दैमा यो भ्रष्टाचार मुद्दामा सफाइ पाउने आधार बन्न सक्दैन । राहदानी मुद्दा र भ्रष्टाचारको कसूर छुट्टाछुट्टै ऐन बमोजिम कारबाही हुने मुद्दा भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को कसूरलाई अन्यथा व्याख्या गरिनु कानूनी त्रुटिपूर्ण हुन्छ ।

(११) राहदानीको दर्खास्तमा सिफारिस गर्ने अधिकृत कर्मचारीहरूले राहदानी ऐन, २०२४ बमोजिम सिफारिस गर्दा राहदानी पाउनेहरूको सम्पूर्ण विवरण सहितको जानकारी प्राप्त भएमा मात्र राहदानी प्राप्त गर्नको लागि सिफारिस गर्नुपर्नेमा त्यस्तो कुनै चिनजान विना र सम्पूर्ण विवरण थाहा जानकारी नगरी नागरिकता समेतको आधारमा सिफारिस गरेको भनी बयान गरेको अवस्थामा सिफारिस कर्ताले गैरकानूनी रूपमा सिफारिस गरेको प्रस्ट हुँदाहुँदै पनि त्यसतर्फ प्रमाणको मूल्यांकन नगरी प्रतिवादीहरूलाई सफाइ दिई त्रुटिपूर्ण फैसला भएको छ । अतः उल्लेखित आधार तथा बुँदाहरूको आधारमा अभियोग माग दाबी पुग्न नसक्ने ठहर गरी प्रतिवादीहरूलाई सफाइ दिने गरेको सम्मानित विशेष अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी शुरु आरोपपत्र माग दाबी बमोजिम ठहर गरी पाउँ ।

११. **काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ४, विशालनगर बस्ने विनोदप्रसाद शर्मा..**
**डडेलधुरा जिल्ला, चिपुर गा.वि.स. वडा नं. ५ चौडी बस्ने यज्ञराज बोहरा .......**
कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. २ मिरूवा घर भई हाल का.जि.का.म.न.पा.वडा नं. २९ सामाखोसी डेरा गरी बस्ने श्रीमती कमला रेग्मी..
का.जि.का.म.न.पा.वडा नं. ७ चावहिल बस्ने दुर्गाबहादुर कार्की .....................

उदयपुर जि.त्रियुगा नगरपालिका वडा नं. ५ घर भई हाल का.जि.इचङगुनारायण गा.वि.स.वडा नं. ५ गैरीगाउँ बस्ने सुरेन्द्र के.सी.........................................

भारत दार्जिलिङ टुङसुङ तेन्जिङ नोर्गे रोड घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३३ कालोपुल डेरा गरी बस्ने फिरोज देवान...........................................

भारत दार्जिलिङ वडाकागजोडा रोज बैंक बस्ने सुरेन तामाङ्ग ........................

ऐ.ऐ.लेबुङ बस्ने उदय गुरूङ ...............................................................

ऐ.ऐ. कर्साङ बस्ने शैलेन्द्र थापा..........................................................

ऐ.ऐ.बस्ने रमेश राई ......................................................................

भारत दार्जिलिङ बस्ने पासाङ शेर्पा ........................................ समेत रहेको अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

**फैसला मिति** : २०६२।८।६

**फैसलाको प्रकृति** :

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरू गोविन्द खनाल, टेकराज ज्ञवाली, बिष्णु प्रसाद अर्याल, दुर्गाबहादुर कार्की उपर साविक भ्र.नि.ऐन, २०१७ को दफा ३, ७(१), २९ र हाल प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसूर अपराधमा कारबाही सजाय हुन, प्रतिवादी घनेन्द्र कुमार सुब्बालाई सोही कसूरमा साबिक भ्र.नि.ऐन, २०१७ को दफा १६क तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९को दफा २२ बमोजिम दण्ड सजाय हुन र प्रतिवादी फिरोज देबान र सुसान्त कार्कीलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ५, २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिमको कसूरमा सोही ऐनको दफा १६(क), २२ तथा ३(३) बमोजिम कारबाही एबं सजाय हुने माग दाबी लिइएकोमा विशेष अदालतबाट सजायको माग दाबी नपुग्ने ठहऱ्याई प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको ।

**फैसलाका आधारहरू:**

(क) प्रतिवादी फिरोज देवान र सुरेन्द्र के.सी.को अनुसन्धानको क्रममा भएको पोलयुक्त साविती बयान अन्य स्वतन्त्र र विश्वसनीय सबुदप्रमाणबाट समर्थन हुन नसकेको,

(ख) प्रतिवादीहरूले एक आपसमा गैरनेपालीहरूलाई राहदानी बनाई दिई सो बापत प्राप्त भएको रकम बण्डा गरेको भन्ने अभियोग कथन पुष्टि हुन नसकेको,

(ग) प्रतिवादीहरूले दिएको राहदानी प्राप्त गर्नेवालाको फोटो, विवरण, दरखास्त फारामको कसलाई भर्न लगाए भन्ने समेत अनुसन्धानबाट खुल्न नसकेको,

(घ) राहदानी बनाउने कार्यमा संलग्न रहेका भनिएका प्रतिवादीहरू दुर्गाबहादुर कार्की समेतले रिसवत लिनु खानु गरेमा अनुसन्धान र अदालतमा समेत इन्कार रहेको,

(ङ) अनुसन्धानको क्रममा पोल गर्ने प्रतिवादीहरू अदालत समक्ष कसूरमा इन्कार रहेका,

(च) बेजिल्लाको नागरिकता र बसाइसराई प्रमाणपत्र शंका लागेमा स्पष्ट हुन बुझ्नु पर्ने भए तापनि त्यस्तो बुझ्ने परिपाटी नरहेको भनी प्र.जि.अ.ले भनेको,

(छ) प्रतिवादी दुर्गाबहादुर कार्की, फिरोज देवान र सुरेन्द्र के.सी. उपर चलेको राहदानी मुद्दामा काठमाडौं, जिल्ला अदालतबाट सफाइ पाइसकेको,

## पुनरावेदनका आधारहरू

(१) प्रस्तुत मुद्दामा गैरनेपाली नागरिकलाई राहदानी जारी भएको तथ्यमा विवाद छैन । राहदानी जारी गर्नु पर्दा निवेदकलाई राम्ररी चिने जानेको नेपाल सरकारको अधिकृतस्तरको कर्मचारीले सिफारिस गर्नुपर्ने तथा राहदानी वितरण गर्दा के कस्ता कुरा बुझ्नु पर्ने हुन्छ भनी नेपाल सरकार गृह मन्त्रालयले मिति २०५७।१०।२५ र २०५२।१२।११ मा जारी गरेका परिपत्र राहदानी जारी गर्ने दायित्व भएका कर्मचारीले कानून सरह पालन गर्नुपर्ने विषय भएको तर उक्त परिपत्रले निर्देश गरेको कुरा पालन नभएकोमा पनि विवाद छैन ।

(२) आयोगबाट प्रतिवादीहरूलाई तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को दफा ३ दफा ७(१) र दफा ८ को तथा प्रचलित भ्र.नि.ऐन, २०५९ दफा ३ को कसूरमा सजायको माग दाबी गरी आरोपपत्र पेश गरिएको हो । आरोपपत्रमा रिसवत लिनु दिनु गरेको भन्ने आरोपका साथै गैरकानूनी कार्य गरी बदनियतपूर्वक अन्य कसैलाई गैरकानूनी लाभ पुर्‍याई भ्रष्टाचार गरेको भन्ने समेत आरोप छ । तर विशेष अदालतबाट भएको फैसलामा रिसवत लिए दिएको आरोप प्रमाणबाट पुष्टि नभएको भन्ने आधारमा मात्र प्रतिवादीहरूलाई सफाइ दिइएको छ । तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को दफा ७(१) तथा दफा ८ को कसूरको आरोप किन पुष्टि हुन सकेन सो तर्फ विवेचना गरिएको छैन । आरोप लगाइएका दुई कसूर मध्ये कुनै एक कसूर मात्र प्रमाणित भएमा पनि प्रतिवादीहरूलाई सजायँ हुन सक्ने अवस्था भएकोमा प्रतिवादीहरूले कानून उल्लंघन गरी गरेको कार्यबाटै भ्रष्टाचारको कसूर गरेको तथ्य पुष्टि भए तर्फ अदालतले ध्यान दिएको छैन । अतएव, आरोपपत्रका सबै आरोपहरूलाई प्रमाणको आधारमा विश्लेषण गरी फैसला गर्नु पर्नेमा आंशिक आरोपको पुष्टि हुन नसकेको भनी अन्य आरोपबाट पनि सफाइ दिनु अ.बं.१८५ नं. को त्रुटि गरी फैसला गरिएको छ ।

(३) विशेष अदालतबाट प्रमाणको समुचित मूल्यांकन गरिएको छैन । गैरनेपाली नागरिकलाई राहदानी उपलब्ध गराउन कर्मचारीलाई रिसवत दिने भनी आरोपपत्र लगाइएका प्र. फिरोज देवान र प्र.सुरेन्द्र के.सी. को अनुसन्धान अधिकृत समक्ष भएको साविती बयानलाई शंका गर्नुपर्ने र प्रमाणमा लिन नसकिने कुनै आधार छैन । प्रमाण ऐन, २०३१ को दफा ९ ले निर्धारण गरेको प्रमाणमा लिन हुने परिधि भित्रको उक्त बयानलाई प्रमाणमा लिनु पर्ने कुरामा आपत्ति मान्नु पर्ने अवस्था छैन । प्रतिवादीहरू स्वयंका हस्ताक्षरबाट लेखिएका बयान हुनाले र अन्य व्यक्तिलाई जानकारी हुन नसक्ने तथ्यसँग सम्बन्धित बयान हुनाले सो बयान स्वेच्छाले बयान गरेको स्पष्ट छ । यसका साथै गैरनागरिकलाई राहदानी दिएको पुष्टि हुने निर्णय सहितका कागजातबाट निजहरूले गरेका साविती बयानलाई पुष्टि गरेको अवस्था हुनाले अदालतले प्रमाणको उचित मूल्यांकन नगरेको स्पष्ट छ ।

(४) प्रतिवादीहरूले अदालत वा अन्यत्र बयान गर्दा कसूर अस्वीकार गर्नु सामान्य कुरा हो । अभियोजनले आरोप लगाएका विषयका तथ्य स्थापित भएपछि सो कुरा झूटो हो भनी पुष्टि गर्ने भार प्रतिवादीहरूको हो । प्रमाण ऐन, २०३१ को दफा ९ मा उल्लेख भएका यी यी अवस्थामा परेर स्वेच्छा विरुद्ध बयान गर्नु परेको भनी प्रतिवादीले भन्न सकेका छैनन् र प्रमाणबाट पुष्टि भएको छैन । अतएव, प्रतिवादीको साविती बयानलाई प्रमाणमा नलिनु पर्ने र त्यसमा भर नपर्नु पर्ने कारण छैन ।

(५) अन्य प्रतिवादी आरोपमा इन्कार रहेका भन्ने कुरालाई अदालतले सफाइको आधार बनाएको देखिन्छ । इन्कार हुनु मात्र सफाइको आधार बन्न नसक्ने भनी सम्मानित सर्वोच्च अदालतले

विभिन्न मुद्दामा नजिर समेत कायम गरिसकेको छ । कागज प्रमाणबाट गैरकानूनी कार्य भएको पुष्टि भएको र त्यसबाट गैरनेपाली नागरिकलाई गैरकानूनी फाइदा पुगेको स्पष्ट भएको अवस्थामा तत्कालीन भ्र.नि.ऐन, २०१७ को दफा ७(१) र दफा ८ को कसूर गरेको देखिएकोमा अदालतले सफाइ दिने त्रुटिपूर्ण निर्णय गरेको छ ।

(६) प्रतिवादी सुरेन्द्र के.सी. समेतले प्रतिवादी दुर्गाबहादुर कार्कीलाई रकम समेत दिएकोले निजले राहदानी दिने दिलाउने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पुरा गरी गराई गैरनेपालीलाई राहदानी बनाई दिएको भन्ने पोल गरेको र सो पोल बमोजिम राहदानी बन्ने बनाउने कार्यमा संलग्न रहेको सबै प्रतिवादीहरूलाई रकम बण्डा गरी लिनु खानु नगरेका भए कानूनी प्रावधान, परिपत्र र पुऱ्याउनु पर्ने प्रक्रियालाई उल्लंघन गरी गैरनेपालीलाई राहदानी बनाउनु पर्ने कुनै अवस्था र कारण देखिदैन ।

(७) प्रतिवादी मध्येको फिरोज देवान र सुरेन्द्र के.सी.ले दुर्गाबहादुर कार्कीलाई राहदानी प्राप्तकर्ताको फोटो, फाराम, विवरण कसलाई भर्न लगाए भनि अनुसन्धानबाट खुल्न नसक्दैमा सो कुरा सफाइ दिने आधार बन्न सक्दैन । राहदानी प्राप्त गर्ने व्यक्तिका लागि प्र. फिरोज देवान र प्र. सुरेन्द्र के.सी. ले रकम समेत प्र. दुर्गाबहादुर कार्कीलाई दिएको भनी सावित भएपछि फाराम भर्ने वा फोटो दिने अन्य कुनै व्यक्ति खोजी गर्नुपर्ने आवश्यकता नै रहँदैन । त्यस्तो कसूर गर्ने व्यक्तिले जो कसैलाई पनि फारम भर्न लगाउन सक्ने हुँदा सोही आधारमा कसूर अपराधबाट सफाइ पाउने अवस्था पर्दैन ।

(८) राहदानी प्राप्तकर्ता बेजिल्लाका हुन् भन्ने राहदानी दरखास्त साथ पेश गरेको नागरिकता र बसाइसराईको प्रतिलिपिहरूबाट देखिन्छ । त्यस्तोमा ती जिल्ला प्रशासन कार्यालयहरूसँग बुझ्नु पर्ने भन्ने गृह मन्त्रालयको मिति २०५२।१२।२१ र मिति २०५७।११।२५ को परिपत्रमा स्पष्टसँग उल्लेख हुँदा हुँदै शंका नगरिकन सोझै राहदानी बनाउनु पर्ने केवल रिसवत लिनु दिनु बाहेक अरू कुनै कारण देखिदैन ।

(९) राहदानी बनाउन सम्बन्धित व्यक्तिहरू स्वयम आएका थिए । निजहरूले नै दर्खास्तमा विवरण भरी दिएको हुनाले कानून बमोजिम निर्णय गरेको भन्ने नसकी सरकारी अड्डाको कर्मचारीको दस्तखत, सिफारिस र अड्डाको छाप समेत लागेको देखिएकोले परिपत्रको अवज्ञा गरेको भन्ने स्वयम् सबै प्रतिवादीहरूले भन्दाभन्दै त्यसतर्फ कुनै विवेचना नै नगरी अ.बं.१८४(क) तथा १८५ नं. समेतको त्रुटि गरी फैसला भएको छ ।

(१०) प्रतिवादी सुरेन्द्र के.सी. समेत उपर चलेको राहदानी मुद्दामा काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीहरूले सफाइ पाए भन्दैमा सो कुरा यो भ्रष्टाचार मुद्दामा सफाइ पाउने आधार बन्न सक्दैन । राहदानी मुद्दा र भ्रष्टाचारको कसूर छुट्टाछुट्टै ऐन बमोजिम कारबाही हुने मुद्दा भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को कसूरलाई अन्यथा व्याख्या गरिनु कानूनी त्रुटिपूर्ण हुन्छ ।

(११) राहदानीको दर्खास्तमा सिफारिस गर्ने अधिकृत कर्मचारीहरूले राहदानी ऐन, २०२४ बमोजिम सिफारिस गर्दा राहदानी पाउनेहरूको सम्पूर्ण विवरण सहितको जानकारी प्राप्त भएमा मात्र राहदानी प्राप्त गर्नको लागि सिफारिस गर्नुपर्नेमा त्यस्तो कुनै चिनजान विना र सम्पूर्ण विवरण थाहा जानकारी नगरी नागरिकता समेतको आधारमा सिफारिस गरेको भनी बयान गरेको अवस्थामा सिफारिसकर्ताले गैरकानूनी रूपमा सिफारिस गरेको प्रस्ट हुँदाहुँदै पनि त्यसतर्फ प्रमाणको मूल्यांकन नगरी प्र.लाई सफाइ दिई त्रुटिपूर्ण फैसला भएको छ । अतः उल्लेखित आधार तथा बुँदाहरूको आधारमा अभियोग माग दाबी पुग्न नसक्ने ठहर गरी प्रतिवादीहरूलाई सफाइ

दिने गरेको सम्मानित विशेष अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी शुरु आरोपपत्र माग दाबी बमोजिम ठहर गरी पाउँ ।

१२. **गोरखा जिल्ला तान्द्राङ्ग गा.वि.स.वडा नं. २ घर भई हाल का.जि.कीर्तिपुर न.पा. वडा नं. १ बस्ने गोविन्द खनाल**..........................................................
इलाम जि.फिक्कल गा.वि.स.वडा नं. ६ घर भई हाल का.जि.का.म.न.पा.वडा नं. १० नयाँ बानेश्वर बस्ने घनेन्द्रकुमार सुब्बा .............................................
गुल्मी जि.दौंघा गा.वि.स.वडा नं. ८ बस्ने टेकराज ज्ञवाली ..........................
स्याङ्गजा जि. सोरेक गा.वि.स.वडा नं. ७ घर भई का.जि.का.म.न.पा. वडा नं.२९ सामाखुसी डेरा गरी बस्ने विष्णु प्रसाद अर्याल ........................................
का.जि.का.म.न.पा.वडा नं. ७ चावहिल बस्ने दुर्गाबहादुर कार्की ....................
उदयपुर जि.त्रियुगा नगरपालिका वडा नं. ५ घर भई हाल का.जि.इचङगुनारायण गा.वि.स.वडा नं. ५ गैरीगाउँ बस्ने सुरेन्द्र के.सी.........................................
भारत दार्जिलिङ टुङसुङ तेन्जिङ नोर्गे रोड घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३३ कालोपुल डेरा गरी बस्ने फिरोज देवान...........................................
भारत दार्जिलिङ कालिम्पोङ बस्ने सुसान्त कार्की .......................................समेत रहेका अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

**फैसला मिति** : २०६२।८।६

**फैसलाको प्रकृति :**

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरू गोविन्द खनाल, टेकराज ज्ञवाली, बिष्णु प्रसाद अर्याल, दुर्गाबहादुर कार्की उपर साविक भ्र.नि.ऐन, २०१७ को दफा ३,७(१),२९ र हाल प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसूर अपराधमा कारबाही सजायँ हुन, प्रतिवादी घनेन्द्र कुमार सुब्बालाई सोही कसूरमा साबिक भ्र.नि.ऐन, २०१७ को दफा १६क तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९को दफा २२ बमोजिम दण्ड सजाय हुन र प्रतिवादी फिरोज देबान र सुसान्त कार्कीलाई साबिक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ५, २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिमको कसूरमा सोही ऐनको दफा १६(क), २२ तथा ३(३) बमोजिम कारबाही एबं सजायँ हुने माग दाबी लिइएकोमा विशेष अदालतबाट सजायको माग दाबी नपुग्ने ठहऱ्याई प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको ।

**फैसलाका आधारहरू**

क) प्रतिवादी फिरोज देवान र सुरेन्द्र के.सी.को अनुसन्धानको क्रममा भएको पोलयुक्त साविती बयान अन्य स्वतन्त्र र विश्वसनीय सवूदप्रमाणबाट समर्थन हुन नसकेको,

(ख) प्रतिवादीहरूले एक आपसमा गैरनेपालीहरूलाई राहदानी बनाई दिई सो बापत प्राप्त भएको रकम बण्डा गरेको भन्ने अभियोग कथन पुष्टि हुन नसकेको,

(ग) प्रतिवादीहरूले दिएको राहदानी प्राप्त गर्ने वालाको फोटो, विवरण, दरखास्त फाराम को कसलाई भर्न लगाए भन्ने समेत अनुसन्धानबाट खुल्न नसकेको,

(घ) राहदानी बनाउने कार्यमा संलग्न रहेका भनिएका प्रतिवादीहरू दुर्गाबहादुर कार्की समेतले रिसवत लिनु खानु गरेमा अनुसन्धान र अदालतमा समेत इन्कार रहेको,

(ङ) अनुसन्धानको क्रममा पोल गर्ने प्रतिवादीहरू अदालत समक्ष कसूरमा इन्कार रहेका,

(च) बेजिल्लाको नागरिकता र बसाइसराई प्रमाणपत्र शंका लागेमा स्पष्ट हुन बुझ्नु पर्ने भए तापनि त्यस्तो बुझ्ने परिपाटी नरहेको भनी प्र.जि.अ.ले भनेको,

(छ) प्रतिवादी दुर्गाबहादुर कार्की, फिरोज देवान र सुरेन्द्र के.सी. उपर चलेको राहदानी मुद्दामा काठमाडौं, जिल्ला अदालतबाट सफाइ पाइसकेको,

**पुनरावेदनका आधारहरू :**

(१) प्रस्तुत मुद्दामा गैरनेपाली नागरिकलाई राहदानी जारी भएको तथ्यमा विवाद छैन । राहदानी जारी गर्नुपर्दा निवेदकलाई राम्ररी चिने जानेको नेपाल सरकारको अधिकृतस्तरको कर्मचारीले सिफारिस गर्नुपर्ने तथा राहदानी वितरण गर्दा के कस्ता कुरा बुझ्नु पर्ने हुन्छ भनी नेपाल सरकार गृह मन्त्रालयले मिति २०५७।१०।२५ र २०५२।१२।११ मा जारी गरेका परिपत्र राहदानी जारी गर्ने दायित्व भएका कर्मचारीले कानून सरह पालन गर्नुपर्ने विषय भएको तर उक्त परिपत्रले निर्देश गरेको कुरा पालन नभएकोमा पनि विवाद छैन ।

(२) आयोगबाट प्रतिवादीहरूलाई तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को दफा ३ दफा ७(१) र दफा ८ को तथा प्रचलित भ्र.नि.ऐन, २०५९ दफा ३ को कसूरमा सजायको माग दाबी गरी आरोपपत्र पेश गरिएको हो । आरोपपत्रमा रिसवत लिनु दिनु गरेको भन्ने आरोपका साथै गैरकानूनी कार्य गरी बदनियतपूर्वक अन्य कसैलाई गैरकानूनी लाभ पुऱ्याई भ्रष्टाचार गरेको भन्ने समेत आरोप छ । तर विशेष अदालतबाट भएको फैसलामा रिसवत लिए दिएको आरोप प्रमाणबाट पुष्टि नभएको भन्ने आधारमा मात्र प्रतिवादीहरूलाई सफाइ दिइएको छ । तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को दफा ७(१) तथा दफा ८ को कसूरको आरोप किन पुष्टि हुन सकेन सो तर्फ विवेचना गरिएको छैन । आरोप लगाइएका दुई कसूर मध्ये कुनै एक कसूर मात्र प्रमाणित भएमा पनि प्रतिवादीहरूलाई सजाय हुन सक्ने अवस्था भएकोमा प्रतिवादीहरूले कानून उल्लंघन गरी गरेको कार्यबाटै भ्रष्टाचारको कसूर गरेको तथ्य पुष्टि भए तर्फ अदालतले ध्यान दिएको छैन । अतएव, आरोपपत्रका सबै आरोपहरूलाई प्रमाणको आधारमा विश्लेषण गरी फैसला गर्नु पर्नेमा आंशिक आरोपको पुष्टि हुन नसकेको भनी अन्य आरोपबाट पनि सफाइ दिनु अ.ब.१८५ नं. को त्रुटि गरी फैसला गरिएको छ ।

(३) विशेष अदालतबाट प्रमाणको समुचित मूल्यांकन गरिएको छैन । गैरनेपाली नागरिकलाई राहदानी उपलब्ध गराउन कर्मचारीलाई रिसवत दिने भनी आरोपपत्र लगाइएका प्र. फिरोज देवान र प्र.सुरेन्द्र के.सी. को अनुसन्धान अधिकृत समक्ष भएको साविती बयानलाई शंका गर्नुपर्ने र प्रमाणमा लिन नसकिने कुनै आधार छैन । प्रमाण ऐन, २०३१ को दफा ९ ले निर्धारण गरेको प्रमाणमा लिन हुने परिधि भित्रको उक्त बयानलाई प्रमाणमा लिनु पर्ने कुरामा आपत्ति मान्नुपर्ने अवस्था छैन । प्रतिवादीहरू स्वयंका हस्ताक्षरबाट लेखिएका बयान हुनाले र अन्य व्यक्तिलाई जानकारी हुन नसक्ने तथ्यसँग सम्बन्धित बयान हुनाले सो बयान स्वेच्छाको बयान भएको स्पष्ट छ । यसका साथै गैरनागरिकलाई राहदानी दिएको पुष्टि हुने निर्णय सहितका कागजातबाट

निजहरूले गरेका साविती बयानलाई पुष्टि गरेको अवस्था हुनाले अदालतले प्रमाणको उचित मूल्यांकन नगरेको स्पष्ट छ ।

(४) प्रतिवादीहरूले अदालत वा अन्यत्र बयान गर्दा कसूर अस्वीकार गर्नु सामान्य कुरा हो । अभियोजनले आरोप लगाएका विषयका तथ्य स्थापित भएपछि सो कुरा झूटो हो भनी पुष्टि गर्ने भार प्रतिवादीहरूको हो । प्रमाण ऐन, २०३१ को दफा ९ मा उल्लेख भएका यी यी अवस्थामा परेर स्वेच्छा विरुद्ध बयान गर्नु परेको भनी प्रतिवादीले भन्न सकेका छैनन् र प्रमाणबाट पुष्टि भएको छैन । अतएव, प्रतिवादीको साविती बयानलाई प्रमाणमा नलिनु पर्ने र त्यसमा भर नपर्नु पर्ने कारण छैन ।

(५) अन्य प्रतिवादी आरोपमा इन्कार रहेका भन्ने कुरालाई अदालतले सफाइको आधार बनाएको देखिन्छ । इन्कार हुनु मात्र सफाइको आधार बन्न नसक्ने भनी सम्मानित सर्वोच्च अदालतले विभिन्न मुद्दामा नजिर समेत कायम गरिसकेको छ । कागज प्रमाणबाट गैरकानूनी कार्य भएको पुष्टि भएको र त्यसबाट गैरनेपाली नागरिकलाई गैरकानूनी फाइदा पुगेको स्पष्ट भएको अवस्थामा तत्कालीन भ्र.नि.ऐन, २०१७ को दफा ७(१) र दफा ८ को कसूर गरेको देखिएकोमा अदालतले सफाइ दिने त्रुटिपूर्ण निर्णय गरेको छ ।

(६) प्रतिवादी सुरेन्द्र के.सी. समेतले प्रतिवादी दुर्गाबहादुर कार्कीलाई रकम समेत दिएकोले निजले राहदानी दिने दिलाउने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पुरा गरी गराई गैरनेपालीलाई राहदानी बनाई दिएको भन्ने पोल गरेको र सो पोल बमोजिम राहदानी बन्ने बनाउने कार्यमा संलग्न रहेको सबै प्रतिवादीहरूलाई रकम बण्डा गरी लिनु खानु नगरेका भए कानूनी प्रावधान, परिपत्र र पुऱ्याउनु पर्ने प्रक्रियालाई उल्लंघन गरी गैरनेपालीलाई राहदानी बनाउनु पर्ने कुनै अवस्था र कारण देखिदैन ।

(७) प्रतिवादी मध्येको फिरोज देवान र सुरेन्द्र के.सी.ले दुर्गाबहादुर कार्कीलाई राहदानी प्राप्तकर्ताको फोटो, फाराम, विवरण कसलाई भर्न लगाए भनि अनुसन्धानबाट खुल्न नसक्दैमा सो कुरा सफाइ दिने आधार बन्न सक्दैन । राहदानी प्राप्त गर्ने व्यक्तिका लागि प्र. फिरोज देवान र प्र. सुरेन्द्र के.सी. ले रकम समेत प्र. दुर्गाबहादुर कार्कीलाई दिएको भनी सावित भएपछि फाराम भर्ने वा फोटो दिने अन्य कुनै व्यक्ति खोजी गर्नुपर्ने आवश्यकता नै रहँदैन । त्यस्तो कसूर गर्ने व्यक्तिले जो कसैलाई पनि फारम भर्न लगाउन सक्ने हुँदा सोही आधारमा कसूर अपराधबाट सफाइ पाउने अवस्था पर्दैन ।

(८) राहदानी प्राप्तकर्ता काठमाडौंबाट ना.प्र.प. लिइएको भन्ने हुँदा निजको नागिरकताको अभिलेख हेर्ने, यकिन गर्ने समेतको कार्य नगरी सोझै राहदानी बनाउनु पर्ने केवल रिसवत लिनु दिनु बाहेक अरू कुनै कारण देखिदैन ।

(९) राहदानी बनाउन सम्बन्धित व्यक्तिहरू स्वयम् आएका थिए । निजहरूले नै दर्खास्तमा विवरण भरी दिएको हुनाले कानून बमोजिम निर्णय गरेको भन्ने नसकी सरकारी अड्डाको कर्मचारीको दस्तखत, सिफारिस र अड्डाको छाप समेत लागेको देखिएकोले परिपत्रको अवज्ञा गरेको भन्ने स्वयम् सबै प्रतिवादीहरूले भन्दाभन्दै त्यसतर्फ कुनै विवेचना नै नगरी अ.बं.१८४(क) तथा १८५ नं. समेतको त्रुटि गरी फैसला भएको छ ।

(१०) प्रतिवादी सुरेन्द्र के.सी. समेत उपर चलेको राहदानी मुद्दामा काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीहरूले सफाइ पाए भन्दैमा सो कुरा यो भ्रष्टाचार मुद्दामा सफाइ पाउने आधार बन्न

सक्दैन । राहदानी मुद्दा र भ्रष्टाचारको कसूर छुट्टाछुट्टै ऐन बमोजिम कारबाही हुने मुद्दा भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को कसूरलाई अन्यथा व्याख्या गरिनु कानूनी त्रुटिपूर्ण हुन्छ ।

(११) राहदानीको दर्खास्तमा सिफारिस गर्ने अधिकृत कर्मचारीहरूले राहदानी ऐन, २०२४ बमोजिम सिफारिस गर्दा राहदानी पाउनेहरूको सम्पूर्ण विवरण सहितको जानकारी प्राप्त भएमा मात्र राहदानी प्राप्त गर्नको लागि सिफारिस गर्नुपर्नेमा त्यस्तो कुनै चिनजान विना र सम्पूर्ण विवरण थाहा जानकारी नगरी नागरिकता समेतको आधारमा सिफारिस गरेको भनी बयान गरेको अवस्थामा सिफारिसकर्ताले गैरकानूनी रूपमा सिफारिस गरेको प्रस्ट हुँदाहुँदै पनि त्यसतर्फ प्रमाणको मूल्यांकन नगरी प्र.लाई सफाइ दिई त्रुटिपूर्ण फैसला भएको छ । अतः उल्लेखित आधार तथा बुँदाहरूको आधारमा अभियोग माग दाबी पुग्न नसक्ने ठहर गरी प्रतिवादीहरूलाई सफाइ दिने गरेको सम्मानित विशेष अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी शुरु आरोपपत्र माग दाबी बमोजिम ठहर गरी पाउँ ।

१३. **गोरखा जिल्ला तान्द्राङ्ग गा.वि.स.वडा नं. २ घर भई हाल का.जि.कीर्तिपुर न.पा.वडा नं १ मा बस्ने गोविन्द खनाल**..................................................

डडेल्धुरा जिल्ला, चिपुर गा.वि.स.वडा नं. ५ चौडी बस्ने यज्ञराज बोहरा ..........

स्याङ्गजा जिल्ला, सोरेक गा.वि.स.वडा नं. ७ घर भई का.जि.का.म.न.पा.वडा नं. २९ सामाखुसी डेरा गरी बस्ने विष्णुप्रसाद अर्याल ......................................

का.जि.का.म.न.पा.वडा नं. ७ चावहिल बस्ने दुर्गाबहादुर कार्की ....................

उदयपुर जि.त्रियुगा नगरपालिका वडा नं. ५ घर भई हाल का.जि.इचङगुनारायण गा.वि.स.वडा नं. ५ गैरीगाउँ बस्ने सुरेन्द्र के.सी.........................................

भारत दार्जिलिङ टुङसुङ तेन्जिङ नोर्गे रोड घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३३ कालोपुल डेरा गरी बस्ने फिरोज देवान............................................

भारत दार्जिलिङ बस्ने सुरज राई...................................समेत रहेको अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

**फैसला मिति** : २०६२।८।६

**फैसलाको प्रकृति :**

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरू गोविन्द खनाल, टेकराज ज्ञवाली, बिष्णु प्रसाद अर्याल, दुर्गाबहादुर कार्की उपर साविक भ्र.नि.ऐन, २०१७ को दफा ३,७(१),२९ र हाल प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसूर अपराधमाकारबाही सजाय हुन, प्रतिवादी घनेन्द्र कुमार सुब्बालाई सोही कसूरमा साबिक भ्र.नि.ऐन, २०१७ को दफा १६क तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९को दफा २२ बमोजिम दण्ड सजाय हुन, र प्रतिवादी फिरोज देबान र सुसान्त कार्कीलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ५, २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिमको कसूरमा सोही ऐनको दफा १६(क), २२ तथा ३(३) बमोजिम कारबाही एबं सजाय हुने माग दाबी लिइएकोमा विशेष अदालतबाट सजायको माग दाबी नपुग्ने ठहऱ्याई प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको ।

**फैसलाका आधारहरू**

(क) प्रतिवादी फिरोज देवान र सुरेन्द्र के.सी.को अनुसन्धानको क्रममा भएको पोलयुक्त साविती बयान अन्य स्वतन्त्र र विश्वसनीय सबुदप्रमाणबाट समर्थन हुन नसकेको,

(ख) प्रतिवादीहरूले एक आपसमा गैरनेपालीहरूलाई राहदानी बनाई दिई सो बापत प्राप्त भएको रकम बण्डा गरेको भन्ने अभियोग कथन पुष्टि हुन नसकेको,

(ग) प्रतिवादीहरूले दिएको राहदानी प्राप्त गर्नेवालाको फोटो, विवरण, दरखास्त फाराम को कसलाई भर्न लगाए भन्ने समेत अनुसन्धानबाट खुल्न नसकेको,

(घ) राहदानी बनाउने कार्यमा संलग्न रहेका भनिएका प्रतिवादीहरू दुर्गाबहादुर कार्की समेतले रिसवत लिनु खानु गरेमा अनुसन्धान र अदालतमा समेत इन्कार रहेको,

(ङ) अनुसन्धानको क्रममा पोल गर्ने प्रतिवादीहरू अदालत समक्ष कसूरमा इन्कार रहेका,

(च) बेजिल्लाको नागरिकता र बसाइसराई प्रमाणपत्र शंका लागेमा स्पष्ट हुन बुझ्नु पर्ने भए तापनि त्यस्तो बुझ्ने परिपाटी नरहेको भनी प्र.जि.अ.ले भनेको,

(छ) प्रतिवादी दुर्गाबहादुर कार्की, फिरोज देवान र सुरेन्द्र के.सी. उपर चलेको राहदानी मुद्दामा काठमाडौं, जिल्ला अदालतबाट सफाइ पाइसकेको,

**पुनरावेदनका आधारहरू**

(१) प्रस्तुत मुद्दामा गैरनेपाली नागरिकलाई राहदानी जारी भएको तथ्यमा विवाद छैन । राहदानी जारी गर्नुपर्दा निवेदकलाई राम्ररी चिने जानेको नेपाल सरकारको अधिकृत स्तरको कर्मचारीले सिफारिस गर्नुपर्ने तथा राहदानी वितरण गर्दा के कस्ता कुरा बुझ्नु पर्ने हुन्छ भनी नेपाल सरकार गृह मन्त्रालयले मिति २०५७।१०।२५ र २०५२।१२।११ मा जारी गरेका परिपत्र राहदानी जारी गर्ने दायित्व भएका कर्मचारीले कानून सरह पालन गर्नुपर्ने विषय भएको तर उक्त परिपत्रले निर्देश गरेको कुरा पालन नभएकोमा पनि विवाद छैन ।

(२) आयोगबाट प्रतिवादीहरूलाई तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को दफा ३ दफा ७(१) र दफा ८ को तथा प्रचलित भ्र.नि.ऐन, २०५९ दफा ३ को कसूरमा सजायको माग दाबी गरी आरोपपत्र पेश गरिएको हो । आरोपपत्रमा रिसवत लिनु दिनु गरेको भन्ने आरोपका साथै गैरकानूनी कार्य गरी बदनियतपूर्वक अन्य कसैलाई गैरकानूनी लाभ पुऱ्याई भ्रष्टाचार गरेको भन्ने समेत आरोप छ । तर विशेष अदालतबाट भएको फैसलामा रिसवत लिए दिएको आरोप प्रमाणबाट पुष्टि नभएको भन्ने आधारमा मात्र प्रतिवादीहरूलाई सफाइ दिइएको छ । तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को दफा ७(१) तथा दफा ८ को कसूरको आरोप किन पुष्टि हुन सकेन सो तर्फ विवेचना गरिएको छैन । आरोप लगाइएका दुई कसूर मध्ये कुनै एक कसूर मात्र प्रमाणित भएमा पनि प्रतिवादीहरूलाई सजाय हुन सक्ने अवस्था भएकोमा प्रतिवादीहरूले कानून उल्लंघन गरी गरेको कार्यबाटै भ्रष्टाचारको कसूर गरेको तथ्य पुष्टि भए तर्फ अदालतले ध्यान दिएको छैन । अतएव, आरोपपत्रका सबै आरोपहरूलाई प्रमाणको आधारमा विश्लेषण गरी फैसला गर्नु पर्नेमा आंशिक आरोपको पुष्टि हुन नसकेको भनी अन्य आरोपबाट पनि सफाइ दिनु अ.ब.१८५ नं. को त्रुटि गरी फैसला गरिएको छ ।

(३) विशेष अदालतबाट प्रमाणको समुचित मूल्यांकन गरिएको छैन । गैरनेपाली नागरिकलाई राहदानी उपलब्ध गराउन कर्मचारीलाई रिसवत दिने भनी आरोपपत्र लगाइएका प्र. फिरोज देवान र प्र.सुरेन्द्र के.सी. को अनुसन्धान अधिकृत समक्ष भएको साविती बयानलाई शंका गर्नुपर्ने र प्रमाणमा लिन नसकिने कुनै आधार छैन । प्रमाण ऐन, २०३१ को दफा ९ ले निर्धारण गरेको

प्रमाणमा लिन हुने परिधि भित्रको उक्त बयानलाई प्रमाणमा लिनुपर्ने कुरामा आपत्ति मान्नुपर्ने अवस्था छैन । प्रतिवादीहरू स्वयंका हस्ताक्षरबाट लेखिएका बयान हुनाले र अन्य व्यक्तिलाई जानकारी हुन नसक्ने तथ्यसँग सम्बन्धित बयान हुनाले सो बयान स्वेच्छाको बयान भएको स्पष्ट छ । यसका साथै गैरनागरिकलाई राहदानी दिएको पुष्टि हुने निर्णय सहितका कागजातबाट निजहरूले गरेका साविती बयानलाई पुष्टि गरेको अवस्था हुनाले अदालतले प्रमाणको उचित मूल्यांकन नगरेको स्पष्ट छ ।

(४) प्रतिवादीहरूले अदालत वा अन्यत्र बयान गर्दा कसूर अस्वीकार गर्नु सामान्य कुरा हो । अभियोजनले आरोप लगाएका विषयका तथ्य स्थापित भएपछि सो कुरा झूटो हो भनी पुष्टि गर्ने भार प्रतिवादीहरूको हो । प्रमाण ऐन, २०३१ को दफा ९ मा उल्लेख भएका यी यी अवस्थामा परेर स्वेच्छा विरुद्ध बयान गर्नु परेको भनी प्रतिवादीले भन्न सकेका छैन र प्रमाणबाट पुष्टि भएको छैन । अतएव, प्रतिवादीको साविती बयानलाई प्रमाणमा नलिनु पर्ने र त्यसमा भर नपर्नु पर्ने कारण छैन ।

(५) अन्य प्रतिवादी आरोपमा इन्कार रहेका भन्ने कुरालाई अदालतले सफाइको आधार बनाएको देखिन्छ । इन्कार हुनु मात्र सफाइको आधार बन्न नसक्ने भनी सम्मानित सर्वोच्च अदालतले विभिन्न मुद्दामा नजिर समेत कायम गरी सकेको छ । कागज प्रमाणबाट गैरकानूनी कार्य भएको पुष्टि भएको र त्यसबाट गैरनेपाली नागरिकलाई गैरकानूनी फाइदा पुगेको स्पष्ट भएको अवस्थामा तत्कालीन भ्र.नि.ऐन, २०१७ को दफा ७(१) र दफा ८ को कसूर गरेको देखिएकोमा अदालतले सफाइ दिने त्रुटिपूर्ण निर्णय गरेको छ ।

(६) प्रतिवादी सुरेन्द्र के.सी. समेतले प्रतिवादी दुर्गाबहादुर कार्कीलाई रकम समेत दिएकोले निजले राहदानी दिने दिलाउने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पुरा गरी गराई गैरनेपालीलाई राहदानी बनाई दिएको भन्ने पोल गरेको र सो पोल बमोजिम राहदानी बन्ने बनाउने कार्यमा संलग्न रहेको सबै प्रतिवादीहरूलाई रकम बण्डा गरी लिनु खानु नगरेका भए कानूनी प्रावधान, परिपत्र र पुऱ्याउनु पर्ने प्रक्रियालाई उल्लंघन गरी गैरनेपालीलाई राहदानी बनाउनु पर्ने कुनै अवस्था र कारण देखिदैन ।

(७) प्रतिवादी मध्येको फिरोज देवान र सुरेन्द्र के.सी.ले दुर्गाबहादुर कार्कीलाई राहदानी प्राप्तकर्ताको फोटो, फाराम, विवरण कसलाई भर्न लगाए भनी अनुसन्धानबाट खुल्न नसक्दैमा सो कुरा सफाइ दिने आधार बन्न सक्दैन । राहदानी प्राप्त गर्ने व्यक्तिका लागि प्र. फिरोज देवान र प्र. सुरेन्द्र के.सी. ले रकम समेत प्र. दुर्गाबहादुर कार्कीलाई दिएको भनी सावित भएपछि फाराम भर्ने वा फोटो दिने अन्य कुनै व्यक्ति खोजी गर्नुपर्ने आवश्यकता नै रहँदैन । त्यस्तो कसूर गर्ने व्यक्तिले जो कसैलाई पनि फारम भर्न लगाउन सक्ने हुँदा सोही आधारमा कसूर अपराधबाट सफाइ पाउने अवस्था पर्दैन ।

(८) राहदानी प्राप्तकर्ता बेजिल्लाका हुन् भन्ने राहदानी दरखास्त साथ पेश गरेको नागरिकता र बसाइसराईको प्रतिलिपिहरूबाट देखिन्छ । त्यस्तोमा ती जिल्ला प्रशासन कार्यालयहरूसँग बुझ्नु पर्ने भन्ने गृह मन्त्रालयको मिति २०५२।१२।२१ र मिति २०५७।११।२५ को परिपत्रमा स्पष्टसँग उल्लेख हुँदा हुँदै शंका नगरिकन सोझै राहदानी बनाउनु पर्ने केवल रिसवत लिनु दिनु बाहेक अरू कुनै कारण देखिदैन ।

(९) राहदानी बनाउन सम्बन्धित व्यक्तिहरू स्वयम् आएका थिए । निजहरूले नै दर्खास्तमा विवरण भरी दिएको हुनाले कानून बमोजिम निर्णय गरेको भन्ने नसकी सरकारी अड्डाको कर्मचारीको

दस्तखत, सिफारिस र अड्डाको छापसमेत लागेको देखिएकोले परिपत्रको अवज्ञा गरेको भन्ने स्वयम् सबै प्रतिवादीहरूले भन्दा भन्दै त्यसतर्फ कुनै विवेचना नै नगरी अ.बं.१८४(क) तथा १८५ समेतको त्रुटि गरी फैसला भएको छ ।

(१०) प्रतिवादी सुरेन्द्र के.सी. समेत उपर चलेको राहदानी मुद्दामा काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीहरूले सफाइ पाए भन्दैमा सो कुरा यो भ्रष्टाचार मुद्दामा सफाइ पाउने आधार बन्न सक्दैन । राहदानी मुद्दा र भ्रष्टाचारको कसूर छुट्टा छुट्टै ऐन बमोजिम कारबाही हुने मुद्दा भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को कसूरलाई अन्यथा व्याख्या गरिनु कानूनी त्रुटिपूर्ण हुन्छ ।

(११) राहदानीको दर्खास्तमा सिफारिस गर्ने अधिकृत कर्मचारीहरूले राहदानी ऐन, २०२४ बमोजिम सिफारिस गर्दा राहदानी पाउनेहरूको सम्पूर्ण विवरण सहितको जानकारी प्राप्त भएमा मात्र राहदानी प्राप्त गर्नको लागि सिफारिस गर्नु पर्नेमा त्यस्तो कुनै चिनजान विना र सम्पूर्ण विवरण थाहा जानकारी नगरी नागरिकता समेतको आधारमा सिफारिस गरेको भनी बयान गरेको अवस्थामा सिफारिसकर्ताले गैरकानूनी रूपमा सिफारिस गरेको प्रस्ट हुँदाहुँदै पनि त्यसतर्फ प्रमाणको मूल्यांकन नगरी प्र.लाई सफाइ दिई त्रुटिपूर्ण फैसला भएको छ । अतः उल्लेखित आधार तथा बुँदाहरूको आधारमा अभियोग माग दाबी पुग्न नसक्ने ठहर गरी प्रतिवादीहरूलाई सफाइ दिने गरेको सम्मानित विशेष अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी शुरु आरोपपत्र माग दाबी बमोजिम ठहर गरी पाउँ ।

## १४. सप्तरी जिल्ला हरिपुर गा.वि.स.वडा नं. ९ मा बस्ने बुद्धेश्वर चौधरीले भ्रष्टाचार गरे भन्ने मुद्दा ।

**फैसला मिति** : २०६२।६।९

उल्लेखित प्रतिवादी उपर विशेष प्रहरी विभागबाट काठमाडौं जिल्ला अदालतमा दायर गरिएको उल्लेखित मुद्दामा उक्त अदालतबाट प्रतिवादीको कसूर ठहर गरी फैसला भएको, सो फैसला उपर प्रतिवादीको पुनरावेदन अदालत, पाटन, ललितपुरमा पुनरावेदन परी उक्त अदालतबाट काठमाडौं जिल्ला अदालतमा दायर गरिएको आरोपपत्र खारेज हुने ठहऱ्याई फैसला गरेको ।

**फैसलाका आधारहरू**

पुनरावेदन अदालत, पाटनले उक्त आरोपपत्र खारेज गर्ने निर्णय गर्दा संविधान र सो अन्तर्गत बनेको कानूनले भ्रष्टाचार सम्बन्धी अनुसन्धान तहकिकात र मुद्दा दायर गर्ने समेतको अधिकार प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट कानून बमोजिम अधिकार प्रत्यायोजन नहुँदासम्म विशेष प्रहरी विभागले त्यस सम्बन्धी अधिकारको प्रयोग गरी गरेको कार्यलाई कानून अनुरूप भएको मान्न नसकिने हुँदा क्षेत्राधिकार विहीन विशेष प्रहरी विभागले आयोगबाट अधिकार प्राप्त नगरी दायर गरेको आरोपपत्र खारेज हुने भन्ने आधार लिएको छ ।

**पुनरावेदनका आधारहरू**

(क) पुनरावेदक पूर्व प्रहरी निरीक्षक उपर विशेष प्रहरी विभागबाट भ्रष्टाचारको कसूरमा अनुसन्धान तहकिकात भई मिति २०४९।१०।१९ मा श्री काठमाडौं जिल्ला अदालत समक्ष मुद्दा दायर भएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग (पहिलो संशोधन) ऐन, २०४८ को दफा ४(१) अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग (यसपछि आयोग भनिएको) लाई मिति

२०४९।२।२६ मा भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको पहिलो संशोधनपश्चात् ऐनको दफा ४(१) मा उल्लेख गरिएको पदाधिकारीको सम्बन्धमा मात्र अनुसन्धान तहकिकात गर्ने अधिकार रहन गएकोमा अन्य व्यक्ति वा पदाधिकारीको सम्बन्धमा भ्रष्टाचारको कसूरमा अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्ने क्षेत्राधिकार तत्काल प्रचलित अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम विशेष प्रहरी विभागमा रहेकोले कानून अनुकूल नै सो मुद्दा दायर भएको प्रस्ट छ ।

(ख) सम्मानित सर्वोच्च अदालतबाट अधिवक्ता बालकृष्ण न्यौपाने विरुद्ध यस आयोग समेत भएको मुद्दामा (निर्णय नं. ६२०५ ने.का.प.०५३ अंक ६ पृष्ठ ४५०) फैसला भएको मिति २०५३।६।८ बाट मात्र लागू हुने गरी अ.दु.अ.आ.ऐनको दोस्रो संशोधनबाट कायम भएका कतिपय प्रावधान अमान्य र बदर भए तापनि सो फैसलाको मितिसम्म उक्त प्रथम संशोधन अनुसार भए गरेका कार्य बदर हुने अवस्था छैन ।

(ग) पुनरावेदकलाई विभागीय कारबाही भए पश्चात नेपाल सरकारबाट २०४९।४।२३ मा नोकरीबाट बर्खास्त भई निज सार्वजनिक जवाफदेहीको पदबाट अलग भएको अवस्था छ । सार्वजनिक पदबाट अलग भइसकेका पुनरावेदक उपर विशेष प्रहरी विभागले भ्रष्टाचारको कसूरमा अनुसन्धान तहकिकात गरी मुद्दा दायर गरेको कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग (पहिलो सशोधन) ऐन, २०४८ को दफा ३५ अनुसार कानून सम्मत भएको र उक्त विभागबाट भए गरेको सो कार्य क्षेत्राधिकार विहीन निकायले गरेको कार्य भन्न मिल्दैन । अतएव, प्रकरण (ख) मा उल्लेखित सम्मानित सर्वोच्च अदालतको फैसला समेतको आधारमा आयोगबाट अधिकार प्रत्यायोजन नभई विशेष प्रहरी विभागले पुनरावेदक उपर भ्रष्टाचारको कसूरमा अनुसन्धान तहकिकात गरी मुद्दा दायर गरेको अनधिकृत भएको भनी पुनरावेदन अदालत, पाटनले मुद्दाको तथ्यमा प्रवेश नै नगरी मुद्दा खारेज हुने भनी गरेको फैसला कानूनतः त्रुटिपूर्ण छ । पुनरावेदन अदालत, पाटनबाट भएको उक्त फैसला बदर गरी शुरु जिल्ला अदालतले गरेको फैसला कायम गरी पाउँ ।

१५. **शालिकराम सापकोटाको छोरा नवलपरासी, गैंडाकोट-८ बस्ने द्रोणराज सापकोटा**.........
शालिकराम सापकोटाकी श्रीमती ऐ.ऐ.बस्ने नन्दकुमारी सापकोटा.....................
लक्ष्मीप्रसाद खनालको छोरा चितवन शारदानगर-९ घर भई राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, गैडाकोटमा स.ख.पदमा कार्यरत गिरीराज खनाल....................
श्रीकृष्ण ढकालको छोरा तनहुँ मिर्लुङ गा.वि.स.वडा नं. २ रतनपुर घर भई तत्काल ऐ.ऐ. बैंक, शाखाका सहायक प्रवन्धक हाल सोही बैंकको क्षेत्रीय कार्यालय, काठमाडौंमा कार्यरत प्रेमहरी ढकाल........................................................
हरिप्रसाद उपाध्यायको छोरा पाल्पा, पोखराथोक-१ घर भई तत्काल ऐ.ऐ. बैंक, शाखाका प्रबन्धक हाल राष्ट्रिय वाणिज्य बैंक, शहीदचोक, नारायणगढमा कार्यरत विनोदकुमार नेपाल...........................................................................
सन्तमान महर्जनको छोरा चितवन, भरतपुर ३ बस्ने केशव महर्जन................समेत रहेको भ्रष्टाचार मुद्दा ।

**फैसला मिति** : २०६२।१।१६

**फैसलाको प्रकृति :**

उल्लेखित प्रत्यर्थीहरूका विरुद्ध दायर गरिएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ५ समेतको कसूरमा सजाय समेत गरी पाउन माग दाबी लिइएकोमा विशेष अदालत, काठमाडौंबाट फैसला गरिँदा प्रतिवादीहरूले बैंकबाट कर्जा लिंदा दिँदा धितोको अत्यधिक मूल्यांकनको कसूर गरेको ठहर गरी सजाय समेत गर्ने गरी फैसला गरेको भए पनि कर्जा लिनु दिनु गर्दा रिसवत लिए दिएको भन्ने समेतका दाबीबाट प्रतिवादीहरूलाई सफाइ दिएको ।

**पुनरावेदनका आधारहरू :**

(क) कर्जा लिनु दिनु गर्दा रिसवत लिए दिएको दाबी नपुग्ने ठहऱ्याएको तर्फः- धितो मूल्यांकन गर्नका लागि जग्गासम्म पुगेका प्र.गिरिराज खनालले तयार गरेको भनेको मुचुल्कामा विभिन्न व्यक्तिको नाम लेखी आफै कीर्ते दस्तखत गरेको कुरा र त्यस समयमा प्र. द्रोणराज सापकोटा समेत साथै रहेको भन्ने स्थापित तथ्यले प्र.गिरिराज खनालले विवादको कर्जा प्रवाह गर्दा जग्गाको अवस्थाको वास्तविकता थाहा पाएको देखिन्छ । यसैगरी कर्जा दिने बैंक र धितो रहेको जग्गा एकै गाउँ विकास समितिमा रहेको र गाउँको ४-१०-३ रोपनी जग्गाको मूल्यांकन गर्दा रु १४,००,०००।- कर्जा दिन सकिने गरी मूल्यांकन भएको देखिन्छ । जुन जग्गा उक्त कर्जा लेनदेन गरिएको चार वर्षपछि रु १,५७,०००।- मा राजीनामा पारित गरिएको छ ।
कर्जा लिंदा दिंदाको कार्यमा प्रत्यक्ष संलग्न रहेको प्रतिवादीको उल्लिखित कामको प्रकृतिबाटै विना घूस रिसवत उक्त काम भएको नदेखिने अवस्थालाई स्पष्ट आधार विना अस्वीकार गरेको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

(ख) व्याज समेत भराई पाऊँ भनी लिएको दाबी नपुग्ने ठहऱ्याएको तर्फः- कर्जा लिने दिनेको मिलेमतोको कारण बैंकलाई गैरकानूनी नोक्सान परेको अवस्था प्रस्तुत मुद्दामा स्पष्ट देखिएको छ। कर्जा दिएको रकमको घट्दो क्रयशक्तिलाई परिपूर्ति गर्नका लागि नै बैंकले प्रवाहित कर्जामा व्याज लिने हो । प्रस्तुत मुद्दामा पनि प्रतिवादीको कामबाट बैंकको कर्जा असूल उपर नभई उक्त कर्जाको रकमको क्रयशक्ति घटेको अवस्था छ । यस कुरालाई बेवास्ता गरी भरिभराउ हुँदाका दिनसम्मको हानि व्याज मार्फत भराइ पाउन गरिएको दाबी देवानी प्रकृतिको हुँदा भराउन नमिल्ने भनी गरेको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

(ग) कर्जा लिंदा दिंदा धितो बापत दिएको जग्गाका सम्बन्धमा फैसलामा नबोलिएको तर्फः- धितो बापत दिएको जग्गा प्र. द्रोणराज सापकोटा र निजकी आमाको नाममा संयुक्त दर्ता रहेको जग्गा हो । उक्त जग्गा हाल प्र.केशव महर्जनका नाममा रहेकोछ । प्रस्तुत मुद्दाको फैसलाबाट धितो बापत दिइएको उक्त जग्गा पनि प्रभावित भइरहेको छ । तर फैसला हुँदा अनुसन्धानकै समयदेखि रोक्का राखिएको उक्त जग्गाको बारेमा केही पनि बोलिएको छैन । धितोवापत दिएको एवं रोक्का रहेका अवस्थामा नै राजीनामाको लिखतबाट हक हस्तान्तरण भएको उक्त जग्गाको सम्बन्धमा केही पनि नबोलिएको फैसला त्यस हदसम्म त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

(घ) ऋणीबाट असूल उपर हुन नसकेमा बैंक कर्मचारीबाट बिगो असूल उपर गरिपाउन गरेको दाबीका सम्बन्धमा नबोलिएको तर्फः- वाणिज्य बैंकको कर्जा कारोबार व्यवस्थापन प्रणाली २०५० को दफा ५.३ र १२.४ को व्यवस्था अनुसार ऋणीबाट प्राप्त आवेदन र कागजात छानबिन गर्ने गराउने जिम्मेवारी त्यस कामसँग सम्बन्धित कर्मचारीको हुने र असुरक्षित कर्जा प्रवाह भई कर्जा

चुक्ता हुन नसकेमा सम्बन्धित पदाधिकारी जिम्मेवार हुनुपर्ने हुँदा वाणिज्य बैंकलाई हानि नोक्सानी हुन गएको रकम ऋणीबाट असूल उपर हुन नसकेको अवस्थामा सम्बन्धित कर्मचारीहरूबाट असूल गरिपाउन लिएको दाबीतर्फ नबोलिएको फैसला त्यस हदसम्म त्रुटिपूर्ण हुँदा बदरभागी छ । उपरोक्त आधारहरूबाट उल्लिखित बिषयका हकमा विशेष अदालतबाट मिति २०६२।१।१६ गते भएको फैसलामा चित्त नबुझेको हुँदा सो हदसम्म उक्त फैसला बदर गरी अभियोग माग दाबी बमोजिम गरी पाऊँ ।

१६. **अछाम जिल्ला जुपु गा.वि.स.वार्ड नं. ३ बस्ने बलबहादुर रावलको छोरा नेपाल खाद्य संस्थान, कोल्टी डिपोका तत्कालीन डिपो प्रमुख रेवन्तबहादुर रावल ......समेत रहेको भ्रष्टाचार मुद्दा ।**

**फैसला मिति** : २०६१।१०।२७

उल्लेखित प्रत्यर्थीसमेत विरुद्ध दायर गरिएको प्रस्तुत मुद्दामा प्रतिवादी उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ को कसूरमा सजाय गरी ऐ. दफा २९(२) बमोजिम बिगो असूल एवं जरिवाना समेत गरी पाउन माग दाबी लिइएकोमा विशेष अदालत, काठमाडौंबाट फैसला गरिँदा प्रतिवादी मध्येको गणेशबहादुर खडकालाई अभियोग माग दाबी बमोजिम कसूर एवं सजाय हुने ठहऱ्याए पनि प्र. रेवन्तबहादुर रावललाई सफाइ दिएको ।

**फैसलाका आधारहरू**

(क) प्रतिवादी आरोपित कसूरमा इन्कार रहेका,

(ख) आफूले बुझेको खाद्यान्नको अलग सहायक गोदाम रजिष्ट्रर राखी खाद्यान्नको हरहिसाव दुरुस्त राखेको,

(ग) हिनामिना भएको भनिएको खाद्यान्न तथा बोरा यी प्रतिवादीको जिम्मा नभई प्र.गणेश बहादुरको जिम्मा रहेको,

(घ) रेवन्तबहादुर रावल समेत भई खाद्यान्न हिनामिना गरेको भन्ने तथ्ययुक्त सवूद प्रमाणको अभावमा डिपो प्रमुखको हैसियतले रेखदेख नियन्त्रण नगरेको भन्ने कारणले मात्र भ्रष्टाचारको कसूर गरेको ठहर गर्न नमिल्ने ।

**पुनरावेदनका आधारहरू :**

(क) यी प्रतिवादी रेवन्तबहादुर रावल कार्यालय प्रमुख भएको कुरामा विवाद छैन । त्यसमा पनि नेपाल खाद्य संस्थान, कोल्टी डिपोमा के कति खाद्यान्न आयो र ती खाद्यान्न के कुन किसिमबाट बिक्री गरियो भन्ने कुरा निजलाई थाहा जानकारी नहुने अवस्था आउँदैन । निज प्र.रेवन्तबहादुर रावलले विक्री भएका खाद्यान्न सहितको मासिक विवरण प्रमाणित गरी पठाउने गरेको भन्ने स्पष्ट देखिन आउँछ । खाद्यान्नको मौज्दात नगदी जिन्सी निरीक्षण र बैक मौज्दात समेत नहेरी हानि नोक्सानी हुन दिएबाट निज समेत खाद्यान्न तथा रकम हिनामिना गर्ने कसूरमा सम्लग्न भइरहेको स्वतः देखिन्छ । त्यस्तो अवस्थामा सहायक रजिष्टर खडा गरी खाद्यान्न बिक्री गरेको हुँ भनी इन्कारी बयान गर्दैमा त्यसको पुष्टयाइँ हुने आधार विना नै सफाइ दिने फैसला अ.ब. १८५ नं. समेतको त्रुटि हुने गरी फैसला भएको छ ।

(ख) प्रतिवादी मध्येको गणेशबहादुर खड्काको अनुपस्थितिमा निज जिम्माको खाद्यान्न तथा गोदामको काम रेवन्तबहादुर रावलले गर्ने गरेको भन्ने कुरामा प्र. रेवन्तबहादुर रावलले कुनै विवाद उठाउन

सकेको पाइँदैन । त्यस्तोमा गणेशबहादुरको अनुपस्थितिमा रेवन्तबहादुर रावल मात्र डिपोमा बसी उक्त गोदामबाट खाद्यान्नहरू बिक्री वितरण गरेपछि त्यसमा भएको हिनामिनाको दोष समेत गणेशबहादुर खड्का माथि मात्र थोपार्ने कार्य भएको प्रस्ट छ ।

(ग) प्रतिवादी गणेशबहादुर खड्काको अनुपस्थितिमा यी रेवन्तबहादुर रावलले गोदाम र खाद्यान्नको काम गरेपछि त्यसमा के कति स्टक थियो भन्ने कुरा खुलाएर मात्र काम शुरु गरेको भन्ने कुरा पुष्टि नभएको अवस्था हुँदा बलराम आचार्यको मिति २०५७।४।२० को प्रतिवेदन र भौतिक परीक्षण प्रतिवेदन समेतबाट खाद्यान्न हिनामिना भएको देखिँदा प्रतिवादीको सहमति विना हिनामिना हुन सक्ने अवस्था नै छैन । यी दुवैको संलग्नता नभए यी प्र. रेवन्तबहादुर रावलले डिपो प्रमुखको हैसियतले गणेशबहादुर खड्का उपस्थित छँदैको अवस्थामा रेखदेख नियन्त्रण नगर्नु नै दुवै प्रतिवादीको खाद्यान्न हिनामिना गर्ने कार्यगत एकता रहेको प्रस्ट हुँदाहुँदै पनि प्रमाण ऐन, २०३१ को दफा ५४ को त्रुटिपूर्ण हुने गरी फैसला भएको छ ।

(च) एउटै कार्यालयका एक कर्मचारीले खाद्यान्न समेतको बिक्रीको रकम रु ३१,३४,३९२।५२ हिनामिना गरेको कुरा कार्यालय प्रमुखलाई जानकारी नहुने र खाद्यान्न हिनामिना भएको अवस्थामा गणेबहादुरले पेश गरेको मासिक प्रतिवेदन समेतका कागजात सदर गर्ने निज रेवन्तबहादुर रावलको कुनै दायित्व नरही निज प्र. रेवन्तबहादुर रावललाई निर्दोष छन् भनी सफाइ दिने फैसला प्रमाणको सही मूल्यांकन नभई त्रुटिपूर्ण भएको छ । अतएव, विशेष अदालतबाट भएको मिति २०६१।१०।२७ को फैसला उपरोक्त कारणवाट त्रुटिपूर्ण हुँदा उक्त फैसला सो हदसम्म बदर गरी आरोप पत्रमा उल्लेख गरिए बमोजिम प्रतिवादीहरूलाई अभियोग मागदाबी अनुसार सजायँ गरी पाऊँ ।

१७. **धादिङ, बेनीघाट गा.वि.स.वडा नं. १ बेनीघाट घर भएको रामजीप्रसाद मरहठ्ठा...**
ऐ. रिचोकटार घर भएको एकराज त्रिपाठी...................................................
ऐ. गा.वि.स.वडा नं. १ घर भएको रोजप्रसाद त्रिपाठी....................................
कास्की जिल्ला पोखरा उ.म.न.पा.वडा नं. १३ घर भएको हरिप्रसाद मरहठ्ठा..समेत रहेको भ्रष्टाचार मुद्दा ।

**फैसला मिति** : २०६१।११।१४

(१) उल्लेखित प्रत्यर्थीसमेत विरुद्ध दायर गरिएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ को कसूरमा सजाय गरी ऐ. दफा २९ बमोजिम बिगो असूल एवं जरिवाना समेत गरी पाउन माग दाबी लिइएकोमा विशेष अदालत, काठमाडौंबाट फैसला गरिँदा अन्य प्रतिवादीहरूले कसूर गरेको ठहर गरी बिगो भराउने समेत फैसला गरेको भए पनि माथि विरुद्ध खण्डमा नाम उल्लिखित प्रतिवादीहरूलाई सफाइ दिएको ।

**फैसला तथा.पुनरावेदनका आधारहरू** :

(क) प्र. हरिप्रसाद मरहठ्ठा र प्र.रामजी प्रसाद मरहठ्ठाको हकमाः- प्र.हरिप्रसाद मरहठ्ठा र प्र.रामजी प्रसाद मरहठ्ठा समेतका नाउँमा रहेको गंगासागर आयल स्टोर निजहरूकै नाममा रहेको अवस्थामा उक्त आयल स्टोरको तर्फबाट प्र. महेन्द्रपाल सिंले मिति २०५६।१।३१ मा राष्ट्रिय

वाणिज्य बैंक केन्द्रीय कार्यालय, सिंहदरबारमा उक्त बैंकका कार्यकारी अध्यक्षलाई सम्बोधन गरी पत्र लेखेको देखिन्छ । यसैगरी यी खाता आफ्नो जिम्मामा नै हुँदा प्र. हरिप्रसाद मरहठ्ठाले रु १४ लाख ओभरड्रन गरी अनिल क्षेत्रीका नाउँमा चेक काटेको छ । यी समेतका आधार र प्रमाणहरूबाट ओभरड्रनको कसूर गरेको भनी अदालतले ठहराएका प्रतिवादीहरू महेन्द्रपाल सिंह र अनिल क्षेत्रीसँग यी प्रतिवादीहरूको उक्त कार्यका लागि मिलेमतो र संलग्नता भएको पुष्टि भएको अवस्था छ । यसबाहेक राष्ट्रिय वाणिज्य बैंक गजुरी शाखामा रहेको च.हि.नं. ४०१ को खाताबाट मिति २०५६।१।२१ गतेका दिन काटिएको चेकबाट रु १४,००,०००।- झिकिएको छ । उक्त रकम निकाल्दा उक्त खाताका सञ्चालक निज हरिप्रसाद मरहठ्ठा रहेको देखिन्छ । आफ्नो उक्त खातामा त्यति रकम छैन भन्ने कुरा यी प्रतिवादीलाई थाहा भएको अवस्था छ । निजको नाममा रहेको र निजले सञ्चालन गरिरहेको खाताबाट मौज्दात रहेकोभन्दा बढि परिमाणको रकम यी प्रतिवादीले निकालेको स्पष्ट देखिई रहेको अवस्थामा निजले आफ्नो दायित्व अन्य प्रतिवादीलाई सार्ने गरी अदालतमा गरेको बयानको आधारमा निजको दायित्व मुक्त गर्ने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

त्यस्तै अनिल क्षेत्रीकै च.हि.नं. ५४६ बाट ओभरड्रन गरी जनरल ट्रान्सफर गरी रु १३,५२,८८४।- रकम प्र. रामजी प्र. मरहठ्ठाको खातामा जम्मा गरिएको छ । यसबाट दाबीको कसूरमा यी प्रतिवादी समेतको संलग्नता पुष्टि भइरहेको छ । यस अवस्थामा प्र.रामजी प्रसाद मरहठ्ठालाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

(ग) <u>प्रतिवादीहरू एकराज त्रिपाठी र राजप्रसाद त्रिपाठीः-</u> यी दुईजना प्रतिवादीहरूको खातामा अनिल क्षेत्री र महेन्द्रपाल सिंको खाताबाट ओभरड्रन गरी झिकेका रकम राखिएको छ । प्र. गणेशबहादुर रायमाझीले जिल्ला सरकारी वकील कार्यालय, धादिङ समक्ष बयान गर्दा बैंकलाई झुक्याई हानि नोक्सानी पार्नेमा यी प्रतिवादीहरूको नाम समेत उल्लेख गरेका छन् । उक्त आधारमा ओभरड्रन गर्ने कार्यमा यी प्रतिवादीहरूको संलग्नता भएको देखिएको छ । यस अवस्थामा यी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

**१८. का.जि.का.म.न.पा.वडा नं. ५ मालिगाउँ बस्ने अर्थ मन्त्रालयका उप-सचिव वर्ष ४८ को ईश्वरप्रसाद पोखरेल**..................................................................

ऐ.ऐ. बस्ने ईश्वरप्रसाद पोखरेलको श्रीमती वर्ष ४३ की उषा पोखरेल...............

ऐ.ऐ. बस्ने ईश्वरप्रसाद पोखरेलको छोरा वर्ष २० को किरण पोखरेल................

ऐ.ऐ. बस्ने ईश्वरप्रसाद पोखरेलको छोरा वर्ष १९ को प्रवीण पोखरेल................समेत रहेको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।

**<u>फैसला मिति</u>** : २०६२।३।२

**<u>फैसलाको प्रकृति</u> :**

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्र. ईश्वरप्रसाद पोखरेल उपर साविक भ्र.नि.ऐन, २०१७ को दफा ७(१),१६(ग) र हाल प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा २०(१)र(२) बमोजिम दण्ड सजाय गरी गैरकानूनी रूपमा आर्जन गरेको बिगो बमोजिम रु १,२३,०३,६९५।१७ जरिवाना गरी बिगो जफत हुन र निज प्रतिवादी

ईश्वरप्रसाद पोखरेलको श्रीमती उषा पोखरेल, छोराहरू किरण पोखरेल र प्रविण पोखरेल उपर निजहरूका नाउँमा रहेको अवैध आर्जनको सम्पत्तिसमेत उक्त भ्र.नि.ऐनको दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफत हुन माग दाबी लिएकोमा उक्त अदालतबाट केही कुराहरूमा वादीदाबी बमोजिम ठहर गरी कतिपय कुरामा दाबी नपुग्ने ठहर भएको ।

***फैसला एवं पुनरावेदनका आधारहरू***

(क) बिगो कायम गर्ने सम्बन्धमा:-

प्रतिवादीसँग रहे भएको चल, अचल गरी कुल सम्पत्ति चलन चल्ति तथा हालको मूल्य र मूल्यांकनको आधारमा स्रोत खुलेको र नखुलेको समेत गरी जम्मा रु १,७५,९८,०६८।६७ अंकको देखिई कुल सम्पत्तिको अंकमा प्रतिवादीको स्रोत खुलेको सम्पत्ति तर्फ रु ५२,९४,३७९।५० र स्रोत नखुलेको अर्थात अवैध गैरकानूनी आर्जन गरेको सम्पत्तिको बिगो अंक रु १,२३,०३,६९५।१७ देखिन आएकोमा सो गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति सहित जरिवाना र कैद समेत गरी पाउँभनि आरोपपत्र पेश गरिएकोमा अदालतले प्रतिवादीसँग रहे, भएको चल, अचल कुल जम्मा सम्पत्ति रु. ८१,६६,९५४।१३ मात्र कायम गरी यस मध्येमा प्रतिवादीको स्रोत खुलेको रु. ५१,५९,८२९।९८ र स्रोत नखुलेको रु २८,३५,७५१।७९ भनि बिगो कायम गरेको देखिन्छ । अदालतले मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको लिखतमा उल्लेखित मूल्य (अन्यथा प्रमाणित भएको अवस्थामा बाहेक) प्रतिवादीले स्वीकार गरेको मूल्य तथा अदालत स्वयंम्ले निर्धारण गरेको मूल्यलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ । त्यस्तै प्रतिवादीको आम्दानीको स्रोत नखुलेको अवैध आर्जन भनी ठहर गरिएको सम्पत्तिलाई सोही आधारमा कम बिगो कायम गरिएको अवस्था छ । भ्रष्टाचारको कसूर अपराधमा वैध आर्जनको सम्पत्ति हो भनी प्रमाणित गर्ने प्रमाणको भार प्रतिवादी माथि हुन्छ । यो प्रतिवादी माथिको निरपेक्ष दायित्व पनि हो । यस्तो अवस्थामा गैरकानूनी रूपमा आर्जित सम्पत्ति र सोबाट बढे, बढाएको सम्पत्ति जफत हुने कानूनी व्यवस्था भ्र.नि.ऐन, २०५९ को दफा २०(२) र दफा ४७ ले गरेको छ । बादीले हाल चलन चल्तीको मूल्यलाई मूल्यांकनको आधार मानी वास्तविक न्यायोचित बिगो कायम गरिएको तथ्यलाई अदालतले अस्वीकार गरी सम्पत्ति आर्जन गर्दाको समयको मूल्य र कतिपय कुराहरूको आफू स्वयंले अनुमान गरी निर्धारण गरेको मूल्यलाई आधार मानी फैसला गरेको छ । कसूर हुँदाको अवस्थाको मूल्यलाई आधार मनिएकोले वस्तुको मूल्य निरन्तर बढ्दै जाने तर मुद्राको क्रयशक्ति ह्रास हुँदै जाने यथार्थताको कारण गैरकानूनी रूपमा आर्जित सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति जफत गर्न ऐनको प्रावधान विपरीत फैसला हुन पुगेको छ । उक्त फैसला भ्र.नि.ऐन, २०५९ को दफा २०(२) को मनसाय विपरीत भएकोले त्रुटिपूर्ण छ । यस्तो त्रुटिपूर्ण फैसलाबाट भ्रष्टाचार जस्तो संस्थागत एवं संगठित स्वरूपमा हुने अपराध नियन्त्रण तथा निर्मूल गर्ने ऐनको उद्देश्य प्रत्यक्षतः पराजित हुन्छ । प्रकारान्तरले परोक्ष रूपमा अपराधीलाई नै फाइदा एवं लाभ हुन जान्छ । वादीले आरोपपत्रमा उल्लेख गरेको प्रतिवादीको स्रोत नखुलेको भनी माग दाबी लिएको सम्पत्तिको बिगो कम गरी घटाउनु पर्ने ठोस आधार र प्रमाण फैसलामा उल्लेख छैन ।

(ख) घरभाडातर्फ

प्रतिवादीले यति नै भाडा पाउछन् भनी आरोपपत्रमा स्रोत खुलेको सम्पत्तिको रूपमा उल्लेख गरिएको छैन । अदालतले काठमाडौंको घरको घर भाडा ०४७ चैत्र देखि ०५८ कात्तिकसम्मको प्रतिमहिना छ हजार र विरगंजको घरभाडा ०५६ बैशाख देखि ०५९ आषाढसम्मको प्रतिमहिना रु ६ हजारका दरले दुवै घरको जम्मा रु. १०,५०,०००।- घर भाडा प्राप्त गरेको र सो भाडा वैध आर्जन हो भनी फैसलामा उल्लेख गरेको छ । घर भाडा लगाएको कुनै शर्त सम्झौता पत्र पनि छैन र भाडामा लगाए बापत कर बुझाएको पनि छैन । मालिगाउँको घर भाडामा बस्ने व्यक्तिलाई साक्षी राखेको पनि छैन र वीरगन्जको घर भाडा लगाएको भन्ने पनि कुनै साक्षी छैन । यस्तो अवस्थामा प्रतिवादीले आफ्नो वैध आय आर्जनको स्रोत बढाउनका लागि यति रकम घर भाडा बापत प्राप्त गरेको भन्ने अमूर्त भनाइलाई मात्र आधार लिनु तर्कसंगत छैन ।

(ग) कृषिआय तर्फः-

यी प्रतिवादी राष्ट्रसेवक कर्मचारी हुन् । नोकरीको सिलसिलामा अधिराज्यको पर्सा लगायतका दर्जनौ विभिन्न स्थान र जिल्लामा कार्यरत छन् । यी प्रतिवादी ०३२ सालमा छुट्टी भिन्न भएका छन् । यिनको परिवारमा एक श्रीमती, २ छोरा र आफू समेत ४ जनाको घर परिवारमा छोरा विद्यार्थी छन् । यस्तो अवस्थामा निजले आफ्नो सिप र श्रमले खेती गर्न सक्ने अवस्था छैन । यी प्रतिवादीको अधिकांश जग्गा मोही लागेको छ । यी प्रतिवादीको कृषि आय अवधि ०३४ साल देखि ०५८ सालसम्मको लागि लिईएको छ । प्रतिवादीको वैध कृषि आयमा रु ३,१४,०६२।- कायम गरिएको छ । यी प्रतिवादीसँग उल्लेख्य आय हुने परिमाणको जग्गा पनि देखिदैन । यी प्रतिवादी तथा यिनका संगोलका परिवारका नाउँमा २०३४ साल देखि २०५१ सालसम्म १।९।११ विगाहा धनहर दोयम, (२०३४ सालमा २।६।११, २०३५ साल देखि २०४७ सालसम्म ०।१६।९ र २०४८ सालदेखि २०५८ सालसम्म ०।७।१४ विगाहा मोही लागेको धनहर अवल) जग्गा रहे भएको देखिन्छ भने मोही नलागेको जग्गामा २०३४ सालदेखि २०४२ सालसम्म ०।१३।१, २०४३ देखि २०४५ सालसम्म ०।१५।१, २०४६ र २०४७ सालमा ०।१६।११, २०४८ सालमा ०।१५।१, २०४९ सालमा ०।१६।६, २०५० देखि २०५२ सालसम्म ०।१४।६, २०५३ सालदेखि २०५८ सालसम्म ०।१८।१७ विगाहा धनहर अबल जग्गा र २०४४ सालदेखि २०४७ सालसम्म ०।१।०, २०५२ सालदेखि २०५६ सालसम्म ०।२।५, २०५७ र २०५८ सालमा ४।२।५ विगाहा धनहर दोयम जग्गा प्रतिवादीको स्वामित्वमा रहे भएको देखिन्छ । २०५३।२।११ मा खरिद गरेको डेढ रोपनी भिट दोयम जग्गा पनि प्रतिवादीका नाउँमा देखिन्छ । उल्लेखित मोही लागेको जग्गामा बाहेक अन्य जग्गामा मल, बीउ, ज्याला जस्ता खर्चको न्यायोचित हिसाब नगरी सोझै सबै उब्जनी आम्दानीको रूपमा लिइएको छ, यो तर्कसंगत छैन । मिलेको छैन ।

(घ) प्रतिवादीको खर्चतर्फः-

यी प्रतिवादीले मासिक घरको एक तल्लाको रु ८०००।- आम्दानी गर्दछन् र मासिक ८०००।- जति खर्च पनि हुन्छ भनेका छन् । यी प्रतिवादीको सम्पत्तिको जाँच अवधि ०३४।९।२१ देखि ०५८।८।२८ सम्मको छ । यो अवधि भनेको २४ वर्ष लगभग हो । यो चौबीस वर्षको अवधिमा मासिक रु ८०००।- ले लगभग खर्च रु २,३४,०००।- लाग्छ । यो प्रतिवादीले स्वीकार गरेको तथ्यगत कुरा हो । यसतर्फ फैसला मौन छ र यी प्रतिवादी लगायतका परिवारको भरण पोषण र पठन पाठन लगायतका खर्च हुन्छन् । छोरालाई मासिक रु ८००।- पठाई खर्च लाग्छ भनी

यी प्रतिवादीले स्वीकारेकै छन् । यसतर्फ पनि फैसला मौन छ । प्रतिवादीको तलब, घर भाडा जस्ता रकम मासिक रूपमा आम्दानी हुने, कृषि कार्य, वार्षिक, एवं अर्ध वार्षिक रूपमा हुने र खर्च पनि हुँदै जाने हुँदा, तलब घरभाडा, कृषि आय जस्ता आयहरू उल्लेख्य रूपमा बचत हुनै सक्दैनन् । घरभाडा र कृषि आय जस्ता प्रमाणले समर्थन नगरेका आयलाई न्यायसंगत रूपमा भनी अदालतले अनुमान गर्दा प्रतिवादीले तत् अवधिमा गर्ने पारिवारिक खर्चलाई सोही आधारमा अनुमान गरी कटाउनुपर्नेमा आयको मात्र अनुमान गरी आय थप गर्न मिल्ने होइन । तसर्थ प्रतिवादीको आयहरूलाई जस्ताको तस्तो बचत हुने र खर्चहरू भने नहुने तर्क र मनसाय झल्कने गरी भएको उक्त फैसला त्रुटिपूर्ण छ ।

१९. **लुम्बिनी अञ्चल अर्घाखाँची जिल्ला नरपानी गा.वि.स.वडा नं. ३ भुवनडाडा घर भई हाल काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. १० बानेश्वर बस्ने मेची भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत वर्ष ५१ को केशरजंग खड्का**.....................

ऐ.ऐ.बस्ने वर्ष ५१ की श्रीमती सीतादेवी खड्का..........................................

ऐ.ऐ.बस्ने वर्ष २४ को रामजंग खड्का ....................................................

ऐ.ऐ. बस्ने हाल Private Bag 3016 CNR Ruakura and Moring Ville Road, न्युजिल्याण्डमा अध्ययन गर्ने वर्ष २४ को लक्ष्मणजंग खड्का...............समेत रहेको भ्रष्टाचार मुद्दा ।

**<u>फैसला मिति</u>** : २०६१।१२।२२

**<u>फैसलाको प्रकृति</u> :**

(१) उल्लेखित प्रत्यर्थीसमेत विरुद्ध दायर गरिएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१),१५,१६,र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) र २० (२) को कसूरमा उक्त दफा बमोजिम सजाय गरी गैरकानूनी आर्जनको सम्पत्ति जफत गरी पाउँ भन्ने समेतको माग दाबी लिई मुद्दा दायर भएकोमा विशेष अदालत, काठमाडौंबाट फैसला हुंदा आयोगले दाबी गरे भन्दा कम बिगोको सम्पत्ति गैरकानूनी आर्जन गरेको ठहर गरी फैसला भएको ।

**<u>फैसलाका आधार तथा पुनरावेदनका आधारहरू:</u>**

२ <u>घर भाडा सम्बन्धमा:-</u> प्रतिवादी केशरजङ्ग खड्काले २०४७ साल देखि ०५८ सालसम्म घरभाडा समेत बापत रु १२,००,०००।- आम्दानी गरेको भनी अनुसन्धानको क्रममा उल्लेख गरे पनि यो यसलाई यो अवधिदेखि यो अवधिसम्म घर भाडामा दिएको भन्ने कुनै प्रमाण खुलाउन सकेको छैन । अदालतमा मुद्दा दायर भइसकेपछि आफ्नो घर भाडामा दिएको सम्झौताको कागज छ भनी पेश गरेबाट त्यस्तो जतिवेला पनि घरमा नै तयार हुन सक्ने कागजातलाई अदालतले प्रमाणमा लिई २०४७-२०५३ सम्मको घरभाडाको रकम रु ६,२१,६००।- प्राप्त गरेको भन्ने अनुमान गरी सो रकमलाई वैध ठहऱ्याएकोले सो हदसम्म प्रमाण ऐन, २०३१ को दफा ५४ को विपरीत व्याख्या हुन पुगेको छ । प्रतिवादीले घरभाडा बापत त्यति रकम प्राप्त गर्न सम्भव छैन ।

३. कृषि आय सम्बन्धमाः- यी प्रतिवादी तथा निजको परिवारले कृषि कार्य गरी आय प्राप्त गर्ने अवस्था देखिदैन । निज प्रतिवादी सरकारी नोकरीको सिलसिलामा आफ्नो जग्गा भएको स्थानमा भन्दा अलग स्थानमा रहेको हुँदा  खेतीपाती गर्न सक्ने अवस्था नै छैन । आफूले खेती गरेको भन्ने नै पुष्टि नभएको अवस्था हुँदा विना आधार प्रमाण हिउँदे र वर्षे आम्दानी प्राप्त गरेको भनी आय यकिन गरिएको समेत त्रुटिपूर्ण छ । सो कृषि आय बापत त्यति रकम आय हुने अवस्था छैन ।

४ जग्गा खरिदको मोल बिगो सम्बन्धमाः- तत्काल प्रतिवादीले जग्गा खरिद गर्दा जे जति रकममा खरिद गरेको भए पनि यी जग्गाहरू प्रतिवादीकै भोगचलनमा रहेको हुँदा जग्गाको मोल बिगो पनि मुद्दा अनुसन्धान हुँदाको अवस्थाकै कायम हुनुपर्छ । प्रतिवादीले खरिद गरेको जग्गा निजैको भोग चलनमा रहेको अवस्थामा हाल मूल्य जे जति हुन पुग्दछ सोही अनुसारको मूल्य कायम गरिनु पर्ने हुन्छ । गैरकानूनी आर्जनको सम्पत्ति र सोबाट बढेबढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हालको मूल्य कायम गरिनु कानून सम्मत हुन्छ । हालको बिगोको रकमबाटै जरिवाना नगरेमा गैरकानूनी रकमबाट बढेबढाएको सम्पत्ति मध्येबाट केही अंश जरिवाना तिरी बाँकी गैरकानूनी सम्पत्तिले वैधता प्राप्त गर्ने हुँदा तत्कालीन रकमको मोलबिगो कायम गर्नु भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० विपरीत हुँदा सजाय गर्ने प्रयोजनको लागि जग्गा घरको मूल्य हालकै कायम हुनुपर्दछ ।

५ फर्निचर तथा विद्युतीय सामान समेतको मोल बिगो सम्बन्धमाः- अनुसन्धानको क्रममा प्रतिवादीका घरमा जडान गरी प्रयोग भएका फर्निचर तथा विद्युतीय सामानहरूको अनुसन्धानको क्रममा विशेषज्ञद्वारा मूल्यांकन गराई मोल बिगो कायम गरी अभियोग पत्र पेश गरेकोमा त्यस्तो सामानहरूको मोलबिगो कायम गरिएको ठीक छैन भन्ने लागेमा प्रतिवादी स्वयम्ले ती सामान खरिद गर्दाको बिल पेश गर्न सक्नुपर्ने अवस्थाका अतिरिक्त अदालत समेतमा पनि बिल पेश गर्न नसकेको हुँदा आयोगको विशेषज्ञद्वारा मूल्यांकन भएको प्रमाणलाई अन्यथा भन्न सक्ने अवस्था नहुँदा प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिनु पर्नेमा अदालतले अनुमानको भरमा फर्निचर समेतका सामानमा ५०% कम गरी बिगो कायम गरेको त्रुटिपूर्ण छ ।

२०. **का.जि.का.म.न.पा.वडा नं. १० बस्ने वैदेशिक हुलाक भन्सार कार्यालयका ना.सु. वर्ष ५२ को केशवराज गौतम** ...........................................................

ऐ.ऐ.बस्ने केशवराज गौतमकी श्रीमती वर्ष ५० की केशवी गौतम ................

ऐ.ऐ.बस्ने केशवराज गौतमका छोरा वर्ष २७ का लिलाराज गौतम .................

ऐ.ऐ.बस्ने केशवराज गौतमका छोरा वर्ष २३ का राजु गौतम ........................

ऐ.ऐ.बस्ने केशवराज गौतमकी बुहारी वर्ष २६ की गंगाकुमारी गोतम (खड्का) .....समेतले गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको

**फैसला मिति** : २०६२।११।१९

**फैसलाको प्रकृति** :

उल्लेखिति प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्र.केशवराज गौतम उपर साविकको भ्र.नि.ऐन, २०१७ को दफा ७(१) तथा १६(ग) र हाल प्रचलित भ्र.नि.ऐन, २०५९

को दफा २०(२) बमोजिम दण्ड सजाय गरी गैरकानूनी रूपमा आर्जन गरेको बिगो बमोजिम रु १,७९,५३,११२।६३ जरिवाना गरी बिगो जफत हुन र निज प्रतिवादी केशवराज गौतमको श्रीमती केशवी गौतम छोराहरू लिलाराज गौतम राजु गौतम र बुहारी गंगा कुमारी गौतम (खड्का) उपर निजहरूका नाउँमा रहेको अवैध आर्जनको सम्पत्ति समेत उक्त भ्र.नि.ऐनको दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफत हुन माग दाबी लिएकोमा उक्त अदालतबाट केही कुराहरूमा वादी दाबी बमोजिम ठहर गरी कतिपय कुरामा दाबी नपुग्ने ठहर भएको फैसला एवं पुनरावेदनका आधारहरू ।

(क) बिगो कायम गरेको सम्बन्धमा:-

वादीले प्रतिवादीसँग रहे भएको चल अचल गरी कुल सम्पत्ति चलन चल्ती तथा हालको मूल्य र मूल्यांकनको आधारमा स्रोत खुलेको र नखुलेको समेत गरी जम्मा सम्पत्ति रु ३,४०,८१,६१६।३५ को देखिई उक्त कुल सम्पत्ति मध्ये स्रोत नखुलेको सम्पत्ति तर्फ रु १,७९,५३,१२२।६३ देखिन आई सो गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिका आधारमा कैद र जरिवाना हुन भनी आरोपपत्र पेश गरेकोमा अदालतले प्रतिवादीसँग भएको जम्मा मोल बिगो रु १,१७,५१,१८३।१७ को सम्पत्तिको स्रोत पुष्टि हुन आएको, बिगो रु ५१,७२,०१६।७९ को र बैंक निक्षेपबाट बढे बढाएको व्याज रु १०,४१,६२७।८४ समेतका चल अचल सम्पत्तिको स्रोत पुष्टि हुन नआएको भनी बिगो रु ५१,७२,०१६।७९ कायम गरी सोही बिगोका आधारमा प्रतिवादीलाई जरिवाना समेतको सजाय गर्ने गरी फैसला गरेको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको बिगो बरावरको जरिवाना र कैद समेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दाबी गरिएको छ ती सम्पत्तिहरूको हालको मूल्यलाई आधार मानी बिगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सोबाट बढेबढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा बिगो कायम गरिनु नै कानून सम्मत हुन्छ । तर अदालतले सम्पत्ति आर्जन गर्दाको अवस्थाको मूल्यलाई आधार मानी बिगो कायम गरेको छ । गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनुपर्दछ भन्ने कानूनको मानसाय हो । विगतमा जे जति सम्पत्ति गैरकानूनी रूपबाट प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हालको मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यलाई आधार मानी जरिवाना नगरेमा गैरकानूनी रूपमा बढेबढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको मूल्यको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुन्छ । यसो हुन गएमा गैरकानूनी आर्जनको बिगोको परिमाण बराबर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन्छ । तसर्थ हालको मूल्यबाट कायम गरिएको बिगोलाई गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिको बिगो मान्नु समेत कानून संगत हुन्छ ।

अतः विशेष अदालतले गैरकानूनी आर्जन भनी ठहर गरेको सम्पत्तिको बिगो हालको मूल्यको आधारमा कायम गरी तदनुकूल कानून बमोजिम सजाय गरी पाउँ ।

(ख) कृषि आय सम्बन्धमा:-

अदालतबाट फैसला हुँदा मोरङ झोराहाट र काठमाडौं बौद्धको कि.नं. १६४ को जग्गाबाट रु ३,८६,०५४।- बराबर प्रतिवादीको कृषि आय बचत भएको भनी उल्लेख भएको छ । प्रतिवादी केशवराज गौतमका ३ छोरा १ छोरी र लोग्ने स्वास्नी २ जना तथा बुहारीहरू समेतको परिवार

रहेको छ । निज प्रतिवादीलाई आफू लगायत निजको परिवारको पालन पोषण, छोरा छोरीहरूको शिक्षा दिक्षा र परिवार संचालनका लागि उल्लेख्य खर्च लाग्ने भएकाले त्यसलाई मनन् गरी तलब भत्ता लगायतका स्रोतहरूलाई बचत मानिएको हो । तसर्थ, प्रतिवादीको कृषि आय परिवार संचालन र छोरा छोरीहरूको पढाइ लेखाइ आदिमा नै खर्च हुने भएकाले कृषि आय बचत हुने अवस्था छैन । यस अतिरिक्त काठमाडौं बौद्धको जग्गा घडेरी प्रकृतिको भएकाले त्यसबाट कृषि आय प्राप्त हुन सक्ने अवस्था देखिदैन भने मोरङ झोराहाटको जग्गाबाट समेत अदालतले निर्धारण गरे जति कृषि आय प्राप्त हुने देखिदैन । अदालतले जग्गाबाट हुने आय सरकारले तोकेको कुतवालीको आय बराबर मान्नु पर्ने भनी सोही आधार लिएको भए तापनि आफू र आफ्नो परिवार कृषि कार्यमा नरही जग्गा रहेको स्थान झोराहाटबाट बाहिर बसोबास गर्ने प्रतिवादीले निजको जग्गाबाट मोहीबाट प्राप्त गर्न सक्ने आयको दोब्बर आय प्राप्त गर्न सक्ने र थप हिउँदेबाली बापत समेत आय प्राप्त गर्न सक्ने स्थिति हुँदैन ।

(ग) बैंक मौज्दात सम्बन्धमा:-

प्रतिवादी केशवराज गौतमको विभिन्न बैंकहरूमा रु ८०,४५,६७८।२४ मौज्दात रहेको छ । उक्त बैंक मौज्दातको स्रोत पुष्टि हुन सकेको अवस्था छैन । न्यायिक अनुपातका तवरले हिसाब गर्दा भनी अदालतले स्रोत खुलेको निक्षेप मौज्दात रु २८,८३,६५५।११ र स्रोत नखुलेको निक्षेप मौज्दात रु ३१,७४,०७३।२९ कायम गरी सोही अनुपातमा स्रोत खुलेको निक्षेपको व्याज रु ९,४६,३२२।- र स्रोत नखुलेको निक्षेपको व्याज रु १०,४१,६२७।८४ कायम गरेको छ । न्यायिक अनुपात आरोपपत्र, प्रतिवादीको जिकिर तथा आयस्रोत समेतका आधारमा निर्धारण गरिएको भनी फैसलामा उल्लेख भएको भए पनि आरोपपत्रको कुन व्यहोरा प्रतिवादीको कुन जिकिर र कुन आयस्रोतबाट सो अनुपात निर्धारण गरिएको हो फैसलामा कुनै विवेचना नभएबाट फैसला तथ्यमा आधारित नभई मनोगत धारणामा आधारित छ । अतएव मनोगत धारणामा आधारित निष्कर्ष त्रुटिपूर्ण छ ।

(घ) सुनका गहना र चाँदीका सामान सम्बन्धमा:-

आमाले दिएको २०।२५ तोला सुन समेतबाट घर निर्माण गरेको भन्ने प्रतिवादीको कथन रहेको छ । बरामद चाँदीका सामानहरूको वैध स्रोत निजले खुलाउन सकेको स्थिति छैन । बुहारी सगुन गौतमले सुनको औठी दुई, झुम्का दुई, पत्थर औठी एक चुरा दुई चाँदीको सादा करूवा र प्लेट १ त्यस्तै गंगा खड्का (गौतम) ले तीन तोला सुनको गहना बिबाह गरी आउँदा ल्याएको भनी बयानमा उल्लेख गरेका छन् । यस अवस्थामा रु ३,०३,७३५।२२ का गहना र चाँदीका सामान प्रतिवादीको स्रोत खुलेको सम्पत्ति हुन नसक्नेमा आमाले दिएको सुन र दाइजो पेवाबाट प्राप्त हुन सक्ने भन्दै स्रोत खुलेको भनी अदालतले गरेको फैसला न्यायसंगत छैन ।

(ङ) प्रतिवादीको खर्च सम्बन्धमा:-

प्रतिवादीको सम्पत्तिको जाँच अवधि २०३५।४।१ देखि २०५९।८।९ सम्मको छ । यो अवधि भनेको लगभग २४ वर्ष हो । प्रतिवादीको तलब, घर भाडा जस्ता रकम मासिक रूपमा आम्दानी हुने कृषि आय बार्षिक एवं अर्ध बार्षिक रूपमा हुने र त्यसबाट प्राप्त आय खर्च पनि हुँदै जाने हुँदा, तलव भाडा र कृषि आय उलेख्य रूपमा बचत हुन सक्ने स्थिति नै हुदैन । घरभाडा र कृषि आय जस्ता आयलाई न्यायसंगत भनी अदालतले अनुमान गर्दा प्रतिवादीले तत् अवधिमा गर्ने पारिवारिक खर्चलाई पनि न्यायसंगत रूपमा अनुमान गरी कटाउनु पर्नेमा आयको मात्र अनुमान

गरी आयमा थप गर्न मिल्ने होइन । तसर्थ प्रतिवादीको आयहरूलाई जस्ताको तस्तो बचत हुने तर खर्च नहुने भन्ने तर्क र मनसाय प्रदर्शित हुने गरी भएको उक्त फैसला त्रुटिपूर्ण छ ।

२१. **बैतडी जिल्ला महादेवस्थान गा.वि.स.वडा नं. ३ बस्ने पदमबहादुर वम.....रहेको भ्रष्टाचार मुद्दा ।**

फैसला मिति : २०६२।२।२

उल्लेखित प्रत्यर्थी विरुद्ध दायर गरिएको प्रस्तुत मुद्दामा प्रतिवादी उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,४(क) को कसूरको दुरूत्साहन दिएमा सोही ऐनको दफा ५ बमोजिम सजायको माग दाबी लिइएकोमा पुनरावेदन अदालत, महेन्द्रनगरबाट फैसला गरिँदा प्रतिवादी पदमबहादुर वमले अभियोग माग दाबीबाट सफाइ पाउने ठहऱ्याएको ।

फैसलाका आधारहरू

क) लगाउको वनपैदावार मुद्दामा यी प्रतिवादीले सफाइ पाउने ठहर भएको ।

(ख) आरोपित कसूर प्रमाणित गर्ने विशेष प्रमाण दिएको देखिन आउँदैन ।

पुनरावेदनका आधारहरू:

(क) यी प्रतिवादीले तीनवटा ट्रकमा ल्याएको जडीबुटीको निकासी पुर्जी समेतको इजाजत थिएन भन्ने कुरा स्वयम प्रतिवादीले अधिकार प्राप्त अधिकारी तथा अदालतसमक्ष बयान गर्दा समेत स्वीकार गरेको अवस्था छ । प्रतिवादीले जडिबुटी संकलन तथा बिक्री गर्ने निकासी पूर्जी वन निरीक्षणकर्ताहरूलाई देखाउन नसकी ती कर्मचारीहरूलाई प्रभावमा पारेर अवैधरूपमा संकलन गरेको जडीबुटी ओसारपसार गर्नु वन ऐन विपरीत गरी गैरकानूनी उद्देश्य पूरा गर्नका लागि घूस बापत भा.रु १०,०००।- कर्मचारी चढेको मोटरभित्र हालिदिएको भनी वन अधिकृत प्रकाश लम्साल, कृष्णदेव भट्ट, हेमलाल न्यौपाने, रेन्जर द्रोण विक्रम कार्की समेतले स्पष्टसँग वकपत्र गरिदिएबाट यी प्रतिवादीको भ्रष्टाचारको कसूर अपराध प्रमाणित भएको छ ।

(ख) प्रतिवादीको अवैध जडीबुटी संकलन गरी ओसारपसार सहित बिक्री गर्न निकासी पूर्जी समेत साथ हुनु पर्नेमा नभएकोले वनका कर्मचारीले उक्त जडीबुटीले भरिएका तीनवटा ट्रक समेत कब्जामा लिदा सो अपराधबाट बच्न वनको रेखदेख तथा संरक्षण गर्नुपर्ने पदीय दायित्व भएका कर्मचारीहरूलाई यी प्रतिवादीले नै घूस दिएको हो भन्ने पुष्टि हुन आउँछ । बरामद भएको घूस भा.रु १०,०००।- वनका कर्मचारीहरूले स्वयम् चढेको बा.१ झ ५०८४ नं. को मोटरमा राखेर आफ्नै पैसा बरामद गराउनुपर्ने कुनै कारण र अवस्था छैन ।

(ग) यसरी माथि उल्लेखित कसूरको दशी भा.रु १०,०००।- बरामदी मुचुल्का, प्रतिवादीको बयान, बरामद गर्ने कर्मचारीहरूको बकपत्र समेतको प्रमाणलाई उचित मूल्यांकन नगरी भएको फैसला अन्यायपूर्ण भएकोले यी प्रतिवादीलाई अभियोग माग दाबी बमोजिम कसूर ठहर गरी सजाय समेत गरी पाउं ।

२२. **लक्ष्मीनाथ अर्यालको नाति केशरवावु अर्यालको छोरा का.जि.का.म.न.पा. वडा नं. १० नयाँ बानेश्वर घर भई नेपाल दूर संचार संस्थान, क्षेत्रीय कार्यालय, सुन्धाराका तत्कालीन व्यापार अधिकृत (सातौ तह) हाल केन्द्रीय कार्यालय वरिष्ठ प्रशासकीय अधिकृत राजुबाबु अर्याल .......**

नन्दराज कोइरालाको नाति, टेकराज कोइरालाको छोरा सुनसरी जिल्ला इनरुवा नगरपालिका वडा नं. ५ घर भई नेपाल दूर संचार संस्थान, क्षेत्रीय कार्यालय, सुन्धाराका तत्कालीन सहायक (चौथो तह) सेल्स शाखामा कार्यरत हाल ठिमी एक्चेन्जमा कार्यरत दिनेश कुमार कोइराला ................ विशेश्वर अधिकारीको नाति, कालीप्रसाद अधिकारीको छोरा चन्द्रेश्वर गा.वि.स. वडा नं. ८ लमजुङ घर भई नेपाल दूर संचार संस्थान क्षेत्रीय कार्यालयका तत्कालीन आ.सु.भा.पदमा कार्यरत हाल केवुल नेटवर्क विभाग छाउनीमा कार्यरत गोपीनाथ अधिकारी .......................... अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको ।

**फैसला मिति** : २०६२।११।२५

**फैसलाको प्रकृति :**

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरूलाई साविक भ्र.नि.ऐन, २०१७ को दफा ७(२), दफा १३ एवं दफा २९ बमोजिम सजाय हुने माग दाबी लिइएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको ।

**फैसलाका आधारहरू**

(क) सक्कल कागजसँग प्रतिलिपि भिडाउने प्रचलन नभएको अवस्थामा पेश भएका कागजातलाई नै आधिकारिक भन्नुपर्ने स्थिति पनि रहेको र त्यस्तो प्रतिलिपिको आधिकारिकता त्यतिबेला जानकारी हुन पनि नसक्ने भएकाले प्रचलनको कारणबाट त्रुटि हुन गएको भन्ने प्रतिवादीहरूको बयानबाट देखिएको ।

(ख) प्रतिवादी गोपिनाथ अधिकारीले कोठा खोजी दिएको भन्ने कुरा उल्लेख भए पनि सो कुरा प्रमाणबाट पुष्टि नभएको ।

(ग) टेलिफोन वितरण र संचालनमा संस्थानले अवलम्बन गरेको नीति तथा कार्यक्रममा त्रुटिहरू भएकाले दुर्घटना हुन गएको भनी संस्थान स्वयंले भनेको ।

(घ) संस्थानकै भनाईबाट टेलिफोन वितरण गर्ने कार्यमा प्रतिवादीहरूको बदनियत नरहेको भन्ने देखिएको ।

**पुनरावेदनका आधारहरू**

(क) विवादित नम्बरका टेलिफोनहरू वितरण र जडान गर्ने कार्यमा प्रतिवादीहरूको प्रत्यक्ष संलग्नता रहेको भन्ने कुरालाई निजहरूले नै स्वीकार गरेकाले सो कुरा विवादविहीन तत्थ्यको रूपमा रहेको छ ।

(ख) जाहेरवालाले फोन जडानको लागि निवेदन दर्ता गर्दा पेश गरेको नागरिकता प्रमाणपत्रमा टाँसेको फोटो जन्ममिति समेतका विवरणसँग फरक पर्ने फोटो र विवरण भएको नागरिकता प्रमाणपत्र संलग्न गरी नक्कली कागजात तयार गरी फोन जडान गर्ने गरिदिने कार्य भएको छ । टेलिफोन जडानको लागि निवेदन दर्ता गर्दा व्यक्तिगत विवरण खुल्ने कागजात पेश गर्न अनिवार्य गर्नुको उद्देश्य खराब व्यक्तिको नाममा टेलिफोन जडान हुन नपाओस् भन्ने हो । सो उद्देश्य परिपूर्तिका लागि पेश गर्न लगाइएको कागजात हेर्नु तथा जाँच्नु प्रतिवादीहरूको पदीय कर्तव्य हो । निजहरूले सो कर्तव्यप्रति बेवास्ता गरेबाट निजहरूको बदनियत पुष्टि भएको छ ।

(ग) टेलिफोन जडान गर्ने घर भाडामा खोजिदिन प्रतिवादी गोपिनाथले गौतम हरी खड्गीलाई भनेको भनी गौतम हरी खड्गीले अनुसन्धानको क्रममा कागज गर्दा लेखाई दिई अदालतमा बकपत्र गर्दा

समेत सो कुरालाई पुष्टि गरिदिएको अवस्थामा यो कुरा प्रमाणबाट पुष्टि नभएको भन्ने आधार लिई भएको फैसला त्रुटिपूर्ण छ ।

(घ) मुद्दा दायर भए पश्चात् व्यवस्थापकीय त्रुटिका कारणले टेलिफोन वितरण र जडान भएको हो भनी संस्थानले भनेकै आधारमा प्रतिवादीहरूको भ्रष्टाचारजन्य कार्यलाई बचावट गर्न मिल्ने होइन । व्यवस्थापकीय कमजोरी भिन्न प्रकृतिको कार्य हो भने भ्रष्टाचारको अपराध भिन्न प्रकृतिको अपराध हो त्यसका आफ्नै किसिमका तत्वहरू हुन्छन् । प्रतिवादीहरूको विभिन्न कार्यबाट निजहरूले भ्रष्टाचारजन्य कार्य गरेको प्रस्ट भएको अवस्थामा व्यवस्थापकीय कमजोरी भन्ने आधारमा प्रतिवादीहरूले कसूरबाट फुर्सद पाउन सक्ने होइनन् । त्यसमा पनि नेपाल टेलिकम जस्तो पुरानो र अग्रणी संचार संस्थामा त्यत्रो व्यवस्थापकीय कमजोरी थियो होला भनी विश्वास गर्न सकिने स्थिति समेत छैन ।

(ङ) नेपाल टेलिकमले आरोपित कसूरको घटनालाई दुर्घटना भन्ने नाम दिएको वा कर्मचारीको गल्ती छैन भनी उल्लेख गरेको आधारमा प्रमाण र परिवन्दबाट कसूर देखिएको कुरालाई सफाइ दिने आधार बनाउन मिल्दैन ।

(च) Switching ले धरौटी भन्दा बढी रकमको फोन भएमा फोन कनेक्सन बन्द गर्ने प्रविधि तत्काल नभएको भन्ने आधारमा प्रतिवादीहरूको कार्यलाई संस्थानले दुर्घटना भनेको पुष्टि हुँदैन । त्यही कमी कमजोरीबाट फाइदा लिन प्रतिवादीहरूले मिलोमतो गरी नक्कली मानिसको नामबाट फोन जडान गरी गराई प्रयोग गरी संस्थानलाई हानि नोक्सानी पुऱ्याएको तथ्य प्रतिवादीहरूको अन्य कार्यबाट स्पष्ट भइरहेको छ ।

२३. **का.जि.का.म.न.पा.वडा नं. १० नयाँ बानेश्वर ओखरबोट मार्ग बस्ने त्रिभुवन विमानस्थल भन्सार कार्यालयका खरिदार वर्ष ३६ को रामकृष्ण तिवारी** ...........
ऐ.ऐ.बस्ने रामकृष्ण तिवारीको श्रीमती वर्ष ३२ की दुर्गा तिवारी ...................समेत रहेको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।

**फैसला मिति** : २०६२।२।२५

**फैसलाको प्रकृति :**

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्र. रामकृष्ण तिवारी उपर साविक भ्र.नि.ऐन, २०१७ को दफा ७(१),१६ र हाल प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा २०(१) को कसूर अपराधमा उक्त भ्र.नि.ऐन, २०५९ को दफा २०(२) बमोजिम दण्ड सजाय गरी गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिको बिगो बमोजिम रु ७२,२८,३५४।१३ जरिवाना गरी उक्त बिगो जफत हुन र निजको श्रीमती दुर्गा तिवारीको नाउँमा समेत रहे भएको अवैध आर्जनका सम्पत्ति उक्त भ्र.नि.ऐन, २०५९ को दफा २०(२) ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) र ऐ.ऐ.को दफा ३० बमोजिम जफत हुन माग दाबी लिइएकोमा विशेष अदालतबाट दावि नपुग्ने ठहऱ्याई प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको

## फैसला तथा पुनरावेदनका आधारहरू

२. कृषि आय:- विशेष अदालतबाट प्रतिवादीले संगोलको जग्गा जमिनबाट रु १,६८,६६२।- कृषि आय प्राप्त गरेको भनी आय कायम गरेको छ । सरकारी सेवामा रहेको व्यक्तिले सगोलको जग्गाबाट कुनै कृषि आय आफैले कृषि कार्य गरी आय आर्जन गरे सरह कायम गर्न मिल्दैन । प्रतिवादी स्वयमको श्रम र शिपबाट कृषि कार्य गर्न सक्ने अवस्था नभएपछि संगोलको कृषि कार्यबाट हुने आम्दानीबाटै अन्य सम्पत्ति जोडेको भन्ने पुष्टयाई हुन सक्ने प्रमाणको अभावमा गरिएको हचुवा अनुमानले यथार्थ आम्दानीको प्रमाणीकरण हुन सक्दैन ।

३. व्याज:- प्रतिवादीले बैंकमा जम्मा गरेको रकमबाट रु २,६७,४०२।३८ व्याज प्राप्त गरेको भनी अदालतले आय कायम गरिदिएको छ । बैंकमा जम्मा भएका रकम वैध आय भन्ने प्रमाणित भएको छैन । आय स्रोत प्रमाणित गर्ने भार प्रतिवादीको हो । अप्रमाणित आय बैंकमा जम्मा गरेकै कारणले सोबाट प्राप्त व्याजलाई वैध आय भन्न मिल्दैन ।

४. सुन बिक्री:- प्रतिवादीले रु १० हजार मात्र अंश लिएको भन्ने आधारमा सो अघि नै सुन लिएर बिक्री गरी रु २ लाख आय गरेको भनी अदालतले आय कायम गरेको छ । अंशबण्डा नै नभएसम्म संगोलको चल सम्पत्ति एक जना अंशियारलाई दिएको होला भनी अनुमान गर्न मिल्ने होइन । प्र. रामकृष्ण तिवारीले अंशबण्डा हुनु अघि नै सुन लिएको भए यति मूल्यको सुन लिइ सकेको भनी बण्डा पत्रमा उल्लेख हुने थियो । अतएव निजले भनेका मात्र आधारमा २ लाखको सुन बिक्री गरेको भनी अनुमान गर्न मिल्दैन ।

५. घर जग्गा बिक्री:- घर जग्गा बिक्रीबाट रु १७,१०,१००।- नाफा भएको भन्ने भनाइ कानून संगत छैन । प्रतिवादीको घर बनाउँदा १६ लाख खर्च भएको भनी भनेकोमा सो घर ०५५ सालमै बनेको कुरा निजले भन्सार विभागमा पेश गरेको विवरणबाट देखिएको छ । निजले सो घर बनाउँदा लागेको लागतको आयस्रोत मध्ये सेयर मार्केटबाट लिएको ऋण रु ६ लाख बाहेक अन्य स्रोत पुष्टि भएको छैन । यसरी स्रोत नै पुष्टि नभएको घर बिक्री गरी रु १७,१०,१००।- नाफा गरेको भन्ने तर्क गरी प्रतिवादीको आयस्रोत कायम गर्न मिल्ने देखिँदैन ।

६. सम्पत्ति मूल्यांकन:- अदालतले प्रतिवादीको सम्पत्तिको मूल्यांकनमा पनि त्रुटि गरेको छ । प्रतिवादीको घरको मूल्य रु ३०,५७,५०५।३३ हुने भनी विशेषज्ञले नाप जाँच गरी मूल्यांकन गरेका हुन् । विशेष प्रकृतिको कार्यको रु ४,००,०००।- र विद्युतीय सामान र फर्निचरको रु ४९७४८०।- समावेश भएकोमा विशेष प्रकृतिको निर्माणमा लाग्ने रु ४ लाखलाई अदालतले अस्वीकार गर्नुपर्ने आधार छैन । घर निरीक्षण नाप जाँच गर्ने विशेषज्ञले विशेष प्रकृतिको कार्य उल्लेख गरी प्रतिवेदन दिएका छन् । अतएव घरको मूल्यमा उक्त ४ लाख घटाउनु पर्ने कुनै आधार छैन । प्रतिवादीको घर बनेको जग्गालाई रु. ३८ लाख परेको प्रमाण प्रतिवादीबाटै वरामद भएको छ । घर र जग्गालाई ३८ लाख लागत लाग्ने हुनाले हकवालाले उकास्ने डरले करारनामाको कागज बनाएको भन्ने देखिन्छ । प्रतिवादीको उक्त घर र जग्गाको मूल्यांकन घरको रु २६,५७,५०५।- र जग्गाको रु १८,८४,३७५।३२ ( फर्निचर र विद्युतीय सामग्री बाहेक) गरी जम्मा रु ४५,४१,८८०।३३ भएकोमा प्रतिवादीले लाग्ने लागत भनी स्वीकार गरेको ३८ लाख मध्ये रु २२ लाख घर निर्माणमा लागेको कटाई बाँकी हुने रु १६ लाख जग्गाको मूल्य निजकै बयानबाट पनि पुष्टि हुने देखिन्छ । यसरी प्रतिवादीकै घरबाट प्राप्त कागजमा उल्लेख भएको रकम र निजको बयानबाट पुष्टि भएको रकम रु १६ लाखलाई पनि

अस्वीकार गरी लिखतको अंकलाई मात्र आधार लिई जग्गाको मूल्य रु ९,४३,०००।- कायम गरेको त्रुटिपूर्ण छ ।

७. स्रोत पुष्टि नभएको सम्बन्धमाः- यसका साथै रु १,७५,१८८।६७ सम्पत्तिको आयस्रोत नपुग भएकोमा न्यून परिमाणको रकम मानी माग दाबी नपुग्ने ठहराउनु पर्ने पनि कानूनसंगत छैन । स्रोत नखुलेको सम्पत्ति गैरकानूनी आर्जनको मानिने र सो सम्पत्ति जफत भई बिगो बरावर जरिवाना र कैद समेत हुने भ्र.नि.ऐन, २०५९ को दफा २०(२) को व्यवस्था हुनाले कम परिमाणको रकम भनी दाबी पुग्न सक्दैन भन्न मिल्ने होइन । स्रोत पुष्टि हुन नसकेपछि जतिसुकै रकम भए पनि त्यस्तो सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति ठहर गरी कानून बमोजिम सजाय गर्नुपर्ने हुन्छ । स्रोतपुष्टि नभएको सम्पत्ति भ्रष्टाचारबाट आर्जित सम्पत्ति हो भन्ने तथ्य स्थापित भएकोमा न्यायकर्ताले सहमति जनाइसकेपछि पनि त्यस्तो गैरकानूनी आर्जनको सम्पत्तिलाई भ्रष्टाचार नठहऱ्याइएको फैसला कानूनतः त्रुटिपूर्ण छ । अतः उल्लेखित आधार तथा बुँदाहरूको आधारमा अभियोग माग दाबी पुग्न नसक्ने ठहर गरी प्रतिवादीहरूलाई सफाइ दिने गरेको सम्मानित विशेष अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी शुरु आरोपपत्र माग दाबी बमोजिम ठहर गरी पाउँ ।

२४. **का.जि.का.म.न.पा.वडा नं. १० नयाँ बानेश्वर ओखरबोट मार्ग बस्ने त्रिभुवन विमानस्थल भन्सार कार्यालयका खरिदार वर्ष ३६ को रामकृष्ण तिवारी ...........**
ऐ.ऐ.बस्ने रामकृष्ण तिवारीको श्रीमती वर्ष ३२ की दुर्गा तिवारी ........................समेत रहेको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

**फैसला मिति** : २०६२।२।२५

**फैसलाको प्रकृति :**

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्र. रामकृष्ण तिवारी उपर साविक भ्र.नि.ऐन, २०१७ को दफा ७(१),१६ र हाल प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा २०(१) को कसूर अपराधमा उक्त भ्र.नि.ऐन, २०५९ को दफा २०(२) बमोजिम दण्ड सजाय गरी गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिको बिगो बमोजिम रु ७२,२८,३५४।१३ जरिवाना गरी उक्त बिगो जफत हुन र निजको श्रीमती दुर्गा तिवारीको नाउँमा समेत रहे भएको अवैध आर्जनका सम्पत्ति उक्त भ्र.नि.ऐन, २०५९ को दफा २०(२) ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) र ऐ.ऐ.को दफा ३० बमोजिम जफत हुन माग दाबी लिइएकोमा विशेष अदालतबाट दाबी नपुग्ने ठहऱ्याई प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको ।

**फैसला तथा पुनरावेदनका आधारहरू**

१. कृषि आयः- विषेश.अदालतबाट प्रतिवादीले संगोलको जग्गा जमिनबाट रु १,६८,६६२।- कृषि आय प्राप्त गरेको भनी आय कायम गरेको छ । सरकारी सेवामा रहेको व्यक्तिले सगोलको जग्गाबाट आफैले कृषि कार्य गरी आय आर्जन गरे सरह कायम गर्न मिल्दैन । प्रतिवादी स्वयमको श्रम र सिपबाट कृषि कार्य गर्न सक्ने अवस्था नभएपछि संगोलको कृषि कार्यबाट हुने आम्दानीबाटै अन्य

सम्पत्ति जोडेको भन्ने पुष्टयाई हुन सक्ने प्रमाणको अभावमा गरिएको हचुवा अनुमानले यथार्थ आम्दानीको प्रमाणीकरण हुन सक्दैन ।

२. व्याजः- प्रतिवादीले बैंकमा जम्मा गरेको रकमबाट रु २,६७,४०२।३८ व्याज प्राप्त गरेको भनी अदालतले आय कायम गरिदिएको छ । बैंकमा जम्मा भएका रकम वैध आय भन्ने प्रमाणित भएको छैन । आय स्रोत प्रमाणित गर्ने भार प्रतिवादीको हो । अप्रमाणित आय बैंकमा जम्मा गरेकै कारणले सोबाट प्राप्त व्याजलाई वैध आय भन्न मिल्दैन ।

३. सुन बिक्रीः- प्रतिवादीले रु १० हजार मात्र अंश लिएको भन्ने आधारमा सो अघि नै सुन लिएर बिक्री गरी रु २ लाख आय गरेको भनी अदालतले आय कायम गरेको छ । अंशबण्डा नै नभएसम्म संगोलको चल सम्पत्ति एकजना अंशियारलाई दिएको होला भनी अनुमान गर्न मिल्ने होइन । प्र. रामकृष्ण तिवारीले अंशबण्डा हुनु अघि नै सुन लिएको भए यति मूल्यको सुन लिइसकेको भनी बण्डापत्रमा उल्लेख हुने थियो । अतएव निजले भनेका मात्र आधारमा २ लाखको सुन बिक्री गरेको भनी अनुमान गर्न मिल्दैन ।

४. घरजग्गा बिक्रीः- घर जग्गा बिक्रीबाट रु १७,१०,१००।- नाफा भएको भन्ने भनाई कानूनसंगत छैन । प्रतिवादीको घर बनाउँदा १६ लाख खर्च भएको भनी भनेकोमा सो घर ०५५ सालमै बनेको कुरा निजले भन्सार विभागमा पेश गरेको विवरणबाट देखिएको छ । निजले सो घर बनाउँदा लागेको लागतको आयस्रोत मध्ये सेयर मार्केटबाट लिएको ऋण रु ६ लाख बाहेक अन्य स्रोत पुष्टि भएको छैन । यसरी स्रोत नै पुष्टि नभएको घर बिक्री गरी रु १७,१०,१००।- नाफा गरेको भन्ने तर्क गरी प्रतिवादीको आयस्रोत कायम गर्न मिल्ने देखिदैन ।

५. सम्पत्ति मूल्यांकनः- अदालतले प्रतिवादीको सम्पत्तिको मूल्यांकनमा पनि त्रुटि गरेको छ । प्रतिवादीको घरको मूल्य रु ३०,५७,५०५।३३ हुने भनी विशेषज्ञले नापँजाँच गरी मूल्यांकन गरेका हुन् । विशेष प्रकृतिको कार्यको रु ४,००,०००।- र विद्युतीय सामान र फर्निचरको रु ४९७४८०।- समावेश भएकोमा विशेष प्रकृतिको निर्माणमा लाग्ने रु ४ लाखलाई अदालतले अस्वीकार गर्नुपर्ने आधार छैन । घर निरीक्षण नाप जाँच गर्ने विशेषज्ञले विशेष प्रकृतिको कार्य उल्लेख गरी प्रतिवेदन दिएका छन । अतएव घरको मूल्यमा उक्त ४ लाख घटाउनु पर्ने कुनै आधार छैन । प्रतिवादीको घर बनेको जग्गालाई रु ३८ लाख परेको प्रमाण प्रतिवादीबाटै बरामद भएको छ । घर र जग्गालाई ३८ लाख लागत लाग्ने हुनाले हकवालाले उकास्ने डरले करारनामाको कागज बनाएको भन्ने देखिन्छ । प्रतिवादीको उक्त घर र जग्गाको मूल्यांकन घरको रु २६,५७,५०५।- र जग्गाको रु. १८,८४,३७५।३२ (फर्निचर र विद्युतीय सामग्री बाहेक) गरी जम्मा रु ४५,४१,८८०।३३ भएकोमा प्रतिवादीले लाग्ने लागत भनी स्वीकार गरेको ३८ लाख मध्ये रु २२ लाख घर निर्माणमा लागेको कटाई बाँकी हुने रु १६ लाख जग्गाको मूल्य निजकै बयानबाट पनि पुष्टि हुने देखिन्छ । यसरी प्रतिवादीकै घरबाट प्राप्त कागजमा उल्लेख भएको रकम र निजको बयानबाट पुष्टि भएको रकम रु १६ लाखलाई पनि अस्वीकार गरी लिखतको अंकलाई मात्र आधार लिई जग्गाको मूल्य रु ९,४३,०००।- कायम गरेको त्रुटिपूर्ण छ ।

६. स्रोत पुष्टि नभएको सम्बन्धमाः- यसका साथै रु १,७५,१८८।६७ सम्पत्तिको आयस्रोत नपुग भएकोमा न्यून परिमाणको रकम मानी माग दाबी नपुग्ने ठहराउनु पर्ने पनि कानूनसंगत छैन । स्रोत नखुलेको सम्पत्ति गैरकानूनी आर्जनको मानिने र सो सम्पत्ति जफत भई बिगो बराबर जरिवाना र कैद समेत हुने भ्र.नि.ऐन, २०५९ को दफा २०(२) को व्यवस्था हुनाले कम

परिमाणको रकम भनी दाबी पुग्न सक्दैन भन्न मिल्ने होइन । स्रोत पुष्टि हुन नसकेपछि जतिसुकै रकम भए पनि त्यस्तो सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति ठहर गरी कानून बमोजिम सजाय गर्नुपर्ने हुन्छ । स्रोत पुष्टि नभएको सम्पत्ति भ्रष्टाचारबाट आर्जित सम्पत्ति हो भन्ने तथ्य स्थापित भएकोमा न्यायकर्ताले सहमति जनाइसकेपछि पनि त्यस्तो गैरकानूनी आर्जनको सम्पत्तिलाई भ्रष्टाचार नठहऱ्याइएको फैसला कानूनतः त्रुटिपूर्ण छ । अतः उल्लेखित आधार तथा बुँदाहरूको आधारमा अभियोग माग दाबी पुग्न नसक्ने ठहर गरी प्रतिवादीहरूलाई सफाइदिने गरेको सम्मानित विशेष अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी शुरु आरोपपत्र माग दाबी बमोजिम ठहर गरी पाउँ ।

२५. **बाँके जिल्ला नेपालगञ्ज न.पा.वडा नं. ५ घर भई हाल का.जि.का.म.न.पा.वडा नं. ४ धुम्बाराही बस्ने मोहन साहनी ......................................................**

भक्तपुर जिल्ला दधीकोट गा.वि.स.वडा नं.२ बस्ने ऋषीराम घिमिरे ................

डडेलधुरा जिल्ला रूपाल गा.वि.स.वडा नं. ५ बस्ने दुर्गादत्त पाण्डे ..................

का.जि.का.म.न.पा.वडा नं. १२ टेकु बस्ने शान्ती श्रेष्ठ ................................

का.जि.का.म.न.पा.वडा नं. ३३ बस्ने प्रकाश राना .....................................

सप्तरी जिल्ला राजविराज न.पा.वडा नं.७ बस्ने वालाकान्त चौधरी .................

सिरहा जिल्ला इनरवा गा.वि.स.वडा नं. ७ बस्ने अजयकुमार चौधरी .............

का.जि.का.म.न.पा.वडा नं. २७ अशन बस्ने प्रदीपरत्न तुलाधर ......................

ऐ.ऐ.बस्ने सर्वज्ञरत्न तुलाधर ...............................................................

ऐ.ऐ.वडा नं. २० मरूटोल बस्ने अम्बरराज ताम्राकार .................................

का.जि.का.म.न.पा.वडा नं. २ क्षेत्रपाटी बस्ने विध्या परियार .........................

गोर्खा जिल्ला फिनाम गा.वि.स.वडा नं.७ बस्ने प्रशस्ती थापा .......................

ऐ.ऐ.बस्ने राजकुमार थापा ...................................................................

ल.पु.जि.ल.पु.न.पा.वडा नं. १४ सातदोबाटो बस्ने मनोजकुमार पण्डित .........

का.जि.का.म.न.पा.वडा नं. २ लाजिम्पाट बस्ने कर्णविर सिंह उपरकोटी ..........

का.जि.का.म.न.पा.वडा नं.१५ घर हुने नेपाल बैंक लिमिटेडका पूर्व नायव महाप्रबन्धक शेरबहादुर थापा ..............................................................

ऐ.वडा नं. ३२ डिल्लीवजार घर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका उत्तमकुमार नेपाल..

ऐ.वडा नं. ३० असन घर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङकार्यालयका पुरूषोत्तम प्रसाद श्रेष्ठ ....

ऐ.वडा नं. १६ भर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका विष्णुराम श्रेष्ठ ....

भक्तपुर बालकोट गा.वि.स.वडा नं. ५ घर भई नेपाल बैंक लिमिटेडका पूर्व कर्मचारी लोकबहादुर श्रेष्ठ ....

का.जि.का.म.न.पा.वडा नं. ३४ बुद्धनगर घर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका तिर्थराम श्रेष्ठ .........................................................

ऐ.वडा नं. ३२ डिल्लीबजार बस्ने नेपाल बैंक लिमिटेडका पूर्व कर्मचारी कृष्णबहादुर कारंजित .................

का.म.न.पा.वडा नं.२७ घर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका शशिकिरण श्रेष्ठ ........
का.म.न.पा.वडा नं. ३१ बागबजार घर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका इन्दिरा गुरूङ्ग..
ऐ.वडा नं. ३४ घर भई नेपाल बैंक लिमिटेड, बैंकिङ कार्यालयका पूर्व कर्मचारी रजनीलोचन प्रसाद तण्डुकार.
का.जि. सांखु पुखुलाक्षी गा.वि.स.वडा नं. ४ घर भई हाल नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका नरेन्द्रमेहर श्रेष्ठ ....
का.जि.का.म.न.पा.वडा नं. ३३ ज्ञानेश्वर घर भई नेपाल बैंक लिमिटेडमा कार्यरत प्रदीप न्यौपाने ................................................................................
पाल्ला जिल्ला तानसेन न.पा.ब्लक नं. ८/७६ घर भई हाल नेपाल बैंक लिमिटेडमा कार्यरत रवी श्रेष्ठ ..........................................................
ललितपुर जिल्ला ल.पु.उ.म.न.पा.पूर्णचण्डी घर भई नेपाल बैंक लिमिटेडमा कार्यरत रोशनमान जोशी........ का.जि.का.म.न.पा.वडा नं. ६ वौद्ध घर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका पूर्णराम शर्मा दवाडी........ ................................................
का.जि.का.म.न.पा. वडा नं. १७ ठहिटी बस्ने प्रकाश मानन्धर ......................
का.जि.का.म.न.पा.वडा नं. ३ धापासी बस्ने ध्रुवराम प्रधान .........................
का.जि.का.म.न.पा.वडा नं. २४ बस्ने ईश्वरमान जोशी ...............................
का.जि.का.म.न.पा.वडा नं. १२ बस्ने तीर्थनारायण महर्जन ...........................
ल.पु.जि.ल.पु.उ.म.न.पा.वडा नं. ४ धोविघाट निवासी डा.हरिबंश झा ............
काभ्रेपलान्चोक जिल्ला धुलिखेल न.पा.का.-५ निवासी इन्जिनियर केशवलाल श्रेष्ठ
का.म.न.पा.वडा नं. ४ विशालनगर निवासी इन्जिनियर नरेन्द्रराज भट्टराई ......
का.जि.का.म.न.पा.वडा नं. ३३ डिल्लीबजार बस्ने मदनप्रसाद ढुंगेल ...............
का.जि.का.म.न.पा.वडा नं. २४ भोंसिको टोल बस्ने विनोद साही ..................
का.जि.का.म.न.पा.वडा नं.१४ कुलेश्वर बस्ने हेमा जोशी ...........................
का.जि.का.म.न.पा.वडा नं.२२ धर्मपथ बस्ने शंकरप्रसाद जोशी .....................
कञ्चनपुर जिल्ला महेन्द्रनगर न.पा.वडा नं. ४ बस्ने बासुदेव जोशी ..............
झापा जिल्ला दमन न.पा.वडा नं. १६ बस्ने भूपालप्रसाद बास्तोला ................
काभ्रे जिल्ला सेतीदेवी (सोंखेल) वडा नं. ५ बस्ने भक्तवहादुर थापा ................
काभ्रे जिल्ला पनौती न.पा.वडा नं. ६ बस्ने कान्छी प्रधान ...........................
काभ्रे जिल्ला बनेपा न.पा.४ बस्ने लालवहादुर श्रेष्ठ ...................................
काभ्रे जिल्ला बनेपा न.पा.वडा नं. ६ बस्ने श्यामकृष्ण मानन्धर ....................
काभ्रे जिल्ला उग्रतारा जनागाल गा.वि.स.वडा नं. ६ बस्ने हरिबहादुर खड्का.....
काभ्रे जिल्ला उग्रतारा जनागाल गा.वि.स.वडा नं. ६ बस्ने विष्णुबहादुर खड्का...
का.जि.कीर्तिपुर न.पा.वडा नं.१४ बस्ने सुकुलाल महर्जन ............................
भक्तपुर जिल्ला, भक्तपुर न.पा.वडा नं.१० बस्ने रत्नमाया सुवाल ...................
काभ्रे जिल्ला पनौती न.पा.वडा नं. १० बस्ने अक्कल बहादुर खत्री ................
ऐ.ऐ.बस्ने काजीबहादुर खत्री ...............................................................

काभ्रे जिल्ला पनौती न.पा.वडा नं. ३ (कुशादेवी) बस्ने प्रल्हाद थापा ...............
का.जि.स्युचाटार गा.वि.स.वडा नं. २ बस्ने रत्नकाजी बज्राचार्य ...................समेत रहेको अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

**फैसला मिति** : २०६२।७।१३

**फैसलाको प्रकृति :**
उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरू मोहन साहनी समेतलाई साविक भ्र.नि.ऐन, २०१७ को दफा ७(१),७(२) ८,१५,१६र२९ बमोजिम कसूर एवं सजाय हुने माग दाबी लिइएकोमा विशेष अदालतबाट केही प्रतिवादीहरू मोहन साहनी समेतलाई माग दाबी बमोजिम कसूर अपराध गरेको ठहऱ्याई प्र.शेरबहादुर थापा समेतलाई कैद तथा रु ५०००।- मात्र जरिवाना हुने र शंकरप्रसाद जोशी समेतका केही प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको

**फैसला तथा पुनरावेदनका आधारहरू**

(क) सबै प्रतिवादीहरू उपर एउटै बिगोको दाबी लिई सबै प्रतिवादीले बराबर पाएको वा यो यसले यति पाएको भन्ने उजूरी प्रतिवेदनबाट नखुलेको अवस्थामा प्रतिवादीहरू सबैबाट भराउन न्यायसंगत नहुने ।

(ख) कसूर ठहर भएका प्रतिवादी शेरबहादुर थापा समेतलाई बिगो बमोजिम जरिवाना समेत हुनु पर्नेमा रु ५०००।- मात्र जरिवाना गर्ने गरेको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा माग दाबी अनुसार नै सजाय हुनुपर्दछ ।

**फैसलाका आधारहरू**

(अ) रवी श्रेष्ठः-
- भ्रूटा विवरणलाई सत्य हो भनी प्रतिवेदन दिएको भन्ने दाबी जिकिर तथ्यमा आधारित नदेखिएको ।
- यी प्रतिवादीको प्रतिवेदनमा दस्तखत नभएको ।

(आ) विनोद शाही र भूपालप्रसाद बास्तोलाः-
- कान्ति खाद्य उद्योग निजहरूको नाममा नरही छोडेपछि लिएको कर्जामा निजहरूको संलग्नता नरहने ।

(इ) शंकरप्रसाद जोशी-
- कम्पनीले व्यहोर्नु पर्ने दायित्वमा संलग्नता नरहेको ।

(ई) वासुदेव जोशीः-
- शेयर धनी र संचालक पदबाट छाडिसकेकोले कर्जा कारोबारमा निजको संलग्नता नरहेको ।

(उ) हेमा जोशीः-

– कर्जा कारोबार गर्न व्यक्तिगत धन जमानी दिएकै कारणले दूषित र बदनियतपूर्ण कार्य भन्न नमिल्ने ।

(ऊ) भक्तबहादुर थापा मगर, कान्छी प्रधान, लालबहादुर श्रेष्ठ, श्यामकृष्ण मानन्धर, हरिबहादुर खड्का, विष्णबहादुर खड्का, सुकुलाल महर्जन, रत्नमाया सुवाल, अक्कलबहादुर खत्री, काजिबहादुर खत्री, रत्नकाजी बज्राचार्य र प्रल्हाद थापा ।

– धितो राख्न मन्जुरी दिँदा गैरकानूनी एवं बदनियतपूर्ण रूपले कर्जा लिनु दिनु गरेको कार्यमा यिनीहरूको संलग्नता नभएको ।

पुनरावेदनका आधारहरू

(अ) रवि श्रेष्ठ

– कोल्ड स्टोरको कारोबार गर्ने पार्टी वेष्ट वे सेन्टरलाई १ करोड १ लाख ३० हजार बराबरको खाद्यान्न स्टकमा रहेको भनी झुठ्ठा विवरणलाई सत्य हो भनी जसरी भए पनि सार्वजनिक संस्थाबाट कर्जा प्रवाह गरी ऋणीलाई र आफूलाई समेत गैरकानूनी लाभ लिने उद्देश्यले स्टक मूल्यांकन गरेकोमा कुनै विवाद छैन ।

– सही मेरो होइन मूल्यांकन मैले गरेको होइन/छैन भन्ने बयानमा उल्लेख गरे पनि स्टक मूल्यांकन गरेको भनिएको कागजमा कोष्ठमा प्रतिवादीको नाम लेखिएको छ । मूल्यांकन नै नगरी कोष्ठमा राख्नुपर्ने अवस्था रहेको भनी मान्ने अवस्था छैन ।

– मुद्दामा उजूरी परेर अनुसन्धान शुरु भएपछि मात्र आफू कसूरबाट उम्कन प्रतिवादीले मैले स्टक मूल्यांकन गरेको छैन अरू कसैले मेरो नाम लेखिदियो होला, को कसले लेख्यो थाहा छैन भनेका भरमा कसूरबाट उम्कन सक्ने अधार बन्न नसक्ने स्पष्ट छ ।

– प्रतिवादी रवि श्रेष्ठ सम्बन्धित शाखाकै कर्मचारी भएको तथा छानबिन हुनु अगाडि कही कतै निजको मूल्यांकनमा विमती रहेको भन्ने अवस्था पनि छैन । प्रतिवादीले कसूर गरेको हो भन्ने सम्बन्धमा एकैदिन फैसला भएको अर्को मुद्दामा कसूर समेत स्थापित भइसकेकोले यो मुद्दामा पनि प्रतिवादीले कसूर गरेको स्पष्ट आधार देखिएकोमा निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(आ) विनोद शाही समेतः-

– यी प्रतिवादी समेतको नामबाट दर्ता भएको कान्ति खाद्य उद्योग संचालनमा नरहेको भन्ने स्थापित भएको छ । कान्ति खाद्य उद्योगका लागि ७० लाख कर्जा प्राप्त गरी नेपाल बैंक लिमिटेडलाई रु १,१४,३१,१५७२२ हानि नोक्सानी पुऱ्याएकोमा विवाद छैन ।

– मौका र अदालतमा समेत उपस्थित नभई अभियोग स्वीकार गरी बसेकोमा विना आधार प्रमाणमा प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(इ) शंकरप्रसाद जोशीः-

– कर्जा रु २४८००००।- प्राप्त गरी नेपाल बैंक लिमिटेडलाई रु ४०३९९३९।- हानि नोक्सानी पारेकोमा कुनै विवाद छैन ।

– प्रतिवादीले अनुसन्धानको क्रममा उपस्थित भई कसूरको प्रतिवाद गर्न सकेको अवस्था छैन । अदालतमा बयान गर्दा इन्कारी बयान गरे पनि नेपाल बैंक लिमिटेडबाट २०५५।३।१४ मा कर्जा प्राप्त गरेको देखिन्छ भने २०५५।४।१० मा प्रतिवादीले एसेल

इन्टरनेशनल प्रा.लि.को संचालकबाट हट्ने भन्ने निवेदन कम्पनी रजिष्ट्रारको कार्यालयमा दिएको देखिन्छ । ऋण लिएर चलाखीपूर्ण ढंगबाट संचालकबाट हट्ने भनेर निवेदन दिएको तथ्यलाई ख्यालै नगरी आत्मनिष्ट ढंगले अदालतबाट सफाइ दिइएको छ । बैंकको ऋण लिई तिर्नुपर्ने दायित्वबाट पन्छिने बदनियत प्रतिवादीको रहेको छ । प्रतिवादीको बदनियतपूर्ण कार्य नै निजलाई सफाइ दिने आधार बन्न सक्दैन ।

- ऋण उपभोग गरिसकेपछि ऋण उपभोग गरेको छैन भन्ने समेत व्यहोराबाट काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको विषय पनि कसूरबाट उम्कने आधार हुन र आधार मान्न मिल्दैन बैंकको ऋण तिर्नुपर्ने दायित्वबाट उम्कन परस्परमा मुद्दा गरेको देख्दादेख्दै सोलाई सफाइ दिने आधार बनाउनु त्रुटिपूर्ण छ ।

(ई) <u>वासुदेव जोशीः-</u>

- फेयर डिल इन्टरनेशनलका नाममा रु १३५८२८९२।- नेपाल बैंक लिमिटेडबाट प्राप्त गरी बैंकलाई रु २१२२८३९८।७१ नोक्सान पुऱ्याएको भन्ने तथ्य स्थापित भएको छ ।
- अनुसन्धानको क्रममा उपस्थित नभई अदालतमा उपस्थित भएर आफू कसूरमा संलग्न नरहेको भन्दैमा सफाइको आधार बन्न नसक्ने स्पष्ट छ । आफू समेतको संलग्नतामा फेयर डिल इन्टरनेशनल मिति २०५४।१२।१ मा दर्ता भएको र २०५५।७।२४ मा नेपाल बैंक लिमिटेडबाट ऋण लिएको भन्ने तथ्य स्थापित भएको छ । लिएको ऋण नतिर्ने मनसाय राखी लिएको भन्ने पनि स्थापित भइरहेको अवस्थामा प्रतिवादीलाई आरोप दाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(उ) <u>हेमा जोशी-</u>

- कंचन ट्रेड कन्सर्न नामको फर्मदर्ता गरी रु ९८०००००।- ऋण प्राप्त गरेको तथा बैंकलाई रु१५८२०२९२।२५ हानि नोक्सानी पुऱ्याएको तथ्य स्थापित भइसकेको छ ।
- पती दुर्गादत्त पाण्डेलाई फर्मको तर्फबाट मन्जुरीनामा दिएको तथा मैले कुनै पनि कारोवार गरेको छैन भन्ने भनाई सफाइको आधार बन्न सक्दैन । कसूर भएको भन्ने सम्बन्धमा कुनै विवाद छैन । जुन फर्मको नामबाट ऋण प्राप्त गरी हिनामिना गरियो सोही फर्म दर्ता गर्ने व्यक्ति कसूरको दायरामा नपर्ने भन्ने आत्मनिष्ट भनाईको आधारमा प्रतिवादी हेमा जोशीलाई सफाइ दिनेगरी भएको फैसला त्रुटिपूर्ण छ ।
- (ऊ) भक्तवहादुर थापामगर, कान्छी प्रधान, लालवहादुर श्रेष्ठ, श्यामकृष्ण मानन्धर, हरिबहादुर खड्का, विष्णु बहादुर खड्का, सुकुलाल महर्जन, रत्नमाया सुवाल, अक्कलबहादुर खत्री, काजी वहादुर खत्री, रत्नकाजी बज्राचार्य र प्रल्हाद थापाको हकमा -
- प्रतिवादीहरूले आफ्नो नाममा दर्ता रहेको जग्गा प्रतिवादी मोहन साहनीलाई प्रयोग गर्न दिएकोमा विवाद छैन । कमसल तथा कममोल पर्ने जग्गा बढी मोलपर्ने भनी बैंकमा जग्गा धितो राखी कसूरजन्य कार्य गरेको भन्ने स्पष्ट जानकारी भएर नै आफ्ना् जग्गा धितो राख्ने मंजुरी दिएको अवस्था रहेको छ । कसूर गरेको हो भन्ने जान्दा जान्दै आर्थिक प्रलोभनमा परी आन्तरिक साँठ-गाँठबाट कार्य भए गरेको स्पष्ट छ । यस्तो अवस्थामा कसूर गर्नमा सहयोगी भएका अर्थात कसूरका सहयोगी मतियारको रूपमा सजायको दाबी लिइएकोमा सबै प्रतिवादीलाई सफाइ दिनेगरी फैसला भएको छ । यी प्रतिवादीले धितोको रूपमा जग्गा दिएकै समेत कारणबाट कसूरले पूर्णता प्राप्त गरेको अवस्थामा यी

प्रतिवादीलाई आरोप दाबीबाट सफाइ दिनेगरी भएको फैसला त्रुटिपूर्ण भएकोले बदर भागी छ ।

– आफ्नो नाममा रहेको जग्गा कस्लाई किन वा के कुन प्रयोजनको लागि दिँदै छु र यसको नतिजा के हुन सक्छ भन्ने नबुझी वा नजानेर नै कुनै अमुक प्रयोजनको लागि सदासयता वस आफ्नो जग्गा दिए होलान् भनी मान्न सक्ने अवस्था रहन्न । कसूर गर्ने मध्येको मुख्य व्यक्ति नभएपनि कसूर गर्नमा सहयोगी देखिएका प्रतिवादीहरूलाई सफाइ दिनेगरी भएको फैसला त्रुटिपूर्ण छ ।

५. प्रतिवादी मोहन साहनी, ऋषीराम घिमिरे, विनोद साही, दुर्गाप्रसाद पाण्डे, शान्ती श्रेष्ठ, प्रकाश राना, वालकान्त चौधरी, अजयकुमार चौधरी, प्रदीप रत्न तुलाधर, सर्वज्ञरत्न तुलाधर, अम्बरराज ताम्राकार, विध्या परियार, प्रशस्ती थापा, राजकुमार थापा, मनोकुमार पण्डीत र कर्णविर सिंह उपरकोटी समेतलाई कसूरको गाम्भीर्यताको आधारमा कैद सजाय नगर्ने गरेको त्रुटिपूर्ण हुँदा यी प्रतिवादीहरू सबैलाई कैदको सजाय समेत गरी पाउँ ।

६ अतः उल्लेखित आधार तथा बुँदाहरूको आधारमा कम जरिवाना गर्ने र अभियोग माग दाबी पुग्न नसक्ने ठहर गरी केही प्रतिवादीहरूलाई सफाइ दिने गरेको समेत सम्मानित विशेष अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी शुरु आरोपपत्र माग दाबी बमोजिम ठहर गरी पाउँ ।

**२६. डोलबहादुरको छोरा भ.पु.जि.वालकोट गा.वि.स.वडा नं. ६ घर भई नेपाल बैंक लिमिटेडमा व.स. पदमा कार्यरत शिवहरि पौडेल.......................................रहेको भ्रष्टाचार मुद्दा ।**

**फैसला मिति** : २०६२।३।३०

(१) उल्लेखित प्रत्यर्थीहरूका विरुद्ध दायर गरिएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा १६(१) समेतको कसूरमा सजाय गरी पाउने माग दाबी लिइएकोमा फैसला गरिँदा प्रतिवादीलाई सफाइ दिएको ।

**फैसलाका आधारहरू**

(क) प्रतिवादीले अनुसन्धान र अदालतमा गरेको बयानमा कसूरमा इन्कार,

(ख) अनुसन्धानको क्रममा प्रतिवादीले शैक्षिक योग्यता फर्जी भन्ने प्रमाणीकरण गरेको भए पनि माध्यामिक शिक्षा परिषदले पछि लिपिकीय त्रुटि भई संशोधन गरी द्वितीय श्रेणीमा उर्त्तीण भएको भनी प्रमाणीकरण गरी पठाएको,

(ग) आधिकारिक, निकायबाट अन्यथा प्रमाणित नभएसम्म प्रमाणमा लिनु पर्ने,

(घ) प्रमाणपत्र सक्कली देखिन आयो ।

**पुनरावेदनका आधारहरू**

(क) प्रतिवादीले ने.बै.लि.को टाइपिष्ट पदमा बढुवा पाउने उद्देश्यले माध्यमिक शिक्षा परिषद् बाराणसीबाट हाइस्कुल परीक्षा उर्त्तीण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरेको हो भनी प्रतिवादीले बयानमा स्वीकार गरेको पाइन्छ । उक्त प्रमाणपत्र ने.बै.लि.बाट प्रमाणीकरणको लागि लेखी पठाउँदा माध्यमिक शिक्षा परिषद्को सत्यापन, २१९ दिनाङ्क ६।३।२००२ को पत्रसाथ प्राप्त

विवरणको सि.नं. ३ हाइस्कुल वर्ष १९९२ अनुक्रमाङ्क १७१७११९ परीक्षार्थी शिवहरि पौडेल परीक्षाफलमा "टिकाराम सुवेदी नकी शिवहरि पौडेल प्रकरण फर्जी है" भनी लेखी आएको उक्त परिषद्को पत्र नेपाल बैंक लिमिटेडको प.सं. नं. १।८।६५।६०७२ मिति २०५९।७।७ को पत्रबाट आयोगमा प्राप्त हुन आएको देखिन्छ । लिपिकीय त्रुटि मात्र भए शिवहरि पौडेलको फर्जी प्रमाणपत्रको सट्टामा टिकाराम सुवेदीको भनी लेखेर आउने थिएन । जतिवेला नेपाल बैंक लिमिटेडबाट प्रमाणीकरणको लागि लेखी पठाउँदा फर्जी भनेर लेखेर आयो, त्यतिबेला यी प्रतिवादीको प्रमाणपत्र फर्जी नै थियो भन्ने पुष्टि हुन्छ । पछि प्रतिवादीले आयोगबाट अनुसन्धान तहकिकात हुँदाका अवस्थामा पेश दाखिल गर्न नसकेको प्रमाणपत्रलाई परिषद्मा पुगी गलत सत्यापन गराई लिपिकीय त्रुटि हुँदा संशोधन गरी द्वितीय श्रेणीमा यी प्रतिवादीले हाइस्कुल परीक्षा उर्त्तीण गरेको भन्ने लेखी लेख्न लगाई अदालतमा गलत प्रमाणपत्र पेश गरी आयोगबाट बच्ने प्रयास गरेको हो भन्ने स्पष्ट हुन्छ । त्यस्तो अवस्थामा कसूरमा इन्कारी रहँदैमा सफाइको आधार बन्न सक्दैन ।

(ख) अदालतबाट पनि आयोगले अनुसन्धान तहकिकात गरी दायर गरेको मुद्दामा यी प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणीकरण गराउनु पर्दा नेपालकै उच्च माध्यमिक शिक्षा परिषद् मार्फत गर्नुपर्नेमा शैक्षिक योग्यता परीक्षा, प्रमाणपत्र जस्ता विषयसँग असम्बद्ध नेपाल बैंक लिमिटेड मार्फत गराएको उक्त प्रमाणीकरणको सत्यतालाई यथार्थ मान्न सकिने अवस्था छैन । आयोगबाट दायर भएका मुद्दामा थप प्रमाण बुझ्नु वा झिकाउनु परे आयोग मार्फत बुझ्न वा झिकाउन सकिनेमा अदालतबाट सोझै ने.बैं.लि. मार्फत प्रमाणीकरण गराइनु त्रुटिपूर्ण कारबाही भएको स्पष्ट छ ।

(ग) अदालत समक्ष दुई किसिमको प्रमाणपत्रको विवाद उत्पन्न हुन आयो भने पनि सो सम्बन्धी यकिन गर्न पठाउने निकाय उच्च माध्यमिक शिक्षा परिषद् हो । सो निकाय मार्फत प्रमाणीकरण नगराई नेपाल बैंक लिमिटेड मार्फत प्रमाणीकरण गराउँदा प्रक्रियागत त्रुटि हुन्छ । त्यस्तो प्रक्रियागत त्रुटि गरी भएको प्रमाणीकरणलाई मान्यता दिन मिल्ने होइन ।

३. अतः एकपटक फर्जी प्रमाणपत्र भनि सके पछि अर्को पटक सक्कली भनी स्वयम् नै विरोधाभाषपूर्ण प्रमाणीकरण गर्ने माध्यमिक शिक्षा परिषद्को पत्रलाई पुष्टि हुने अन्य प्रमाण नबुझी सक्कली प्रमाण ठहर गर्ने विशेष अदालतको फैसला त्रुटिपूर्ण छ ।

२७. **महोत्तरी जिल्ला गौशाला गा.वि.स.वडा नं. ७ बस्ने केशवप्रसाद भट्टराई ..........**
का.जि.का.म.न.पा.वडा नं. महाराजगञ्ज बस्ने विजयप्रसाद लोहनी ..............
झापा जिल्ला गौरीगञ्ज गा.वि.स.वडा नं. ८ बस्ने महेन्द्रप्रसाद गर्तौला ..........
का.म.न.पा.वडा नं.१५ निवासी नेपाल बैंक लिमिटेडका पूर्व नायव महाप्रबन्धक शेरवहादुर थापा..
ऐ.वडा नं. ३२ डिल्लीवजार घर भई नेपाल बैंक लि., काठमाडौं बैंकिङ कार्यालयका उत्तमकुमार नेपाल ..........................................................
ऐ.वडा नं. ३० असन घर भई नेपाल बैंक लि., काठमाडौं बैंकिङ कार्यालयका पुरुषोत्तम प्रसाद श्रेष्ठ........................
ऐ.ऐ.वडा नं. ९ बस्ने उज्जलकुमार ढकाल ..............................................
ऐ.वडा नं. १६ घर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका विष्णुराम श्रेष्ठ..........

भक्तपुर जि बालकोट गा.वि.स.वडा नं. ५ घर भई नेपाल बैंक लि.का पूर्व कर्मचारी लोकबहादुर श्रेष्ठ का.जि.का.म.न.पा.वडा नं.२९ ठमेल बस्ने बैंकका उप-प्रवन्धक शान्ता मानन्धर........................

ऐ.वडा नं. ३२ डिल्लीबजार बस्ने नेपाल बैंक लिमिटेडका पूर्व कर्मचारी कृष्णबहादुर कारंजित..

का.प.जि.धुलिखेल न.पा.वा.नं.५ बस्ने मूल्यांकन कर्ता इन्जिनियर केशवलाल श्रेष्ठ ..........

ल.पु.जि.सिद्धिपुर गा.वि.स.वडा नं. ३ बस्ने चल्ती विभाग इन्चार्ज महन्तबहादुर महर्जन ..........

का.म.न.पा.वडा नं. ३१ बागबजार घर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका इन्दिरा गुरुङ ...................................................................

ऐ.वडा नं. ३४ घर भई नेपाल बैंक लिमिटेड, बैंकिङ कार्यालयका पूर्व कर्मचारी रजनीलोचन प्रसाद तण्डुकार ................................................................

का.जि. साँखु पुखुलाक्षी गा.वि.स.वडा नं. ४ घर भई हाल नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका नरेन्द्रमेहर श्रेष्ठ .........................................

का.जि.का.म.न.पा.वडा नं. ९ बस्ने लक्ष्मण के.सी. ...................................समेत रहेको अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

**फैसला मिति** : २०६२।७।१३

**फैसलाको प्रकृति**

(१) उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरूलाई साविक भ्र.नि.ऐन, २०१७ को दफा ७(१),७(२)८,१५,१६ र २९ बमोजिम कसूर एवं सजाय हुने माग दाबी लिइएकोमा विशेष अदालतबाट आरोपपत्रमा बिगो रु ९,६१,२८,५३२।०१ दाबी भएकोमा प्रतिवादीहरू महेन्द्रप्रसाद गर्तौला, विजयकुमार लोहनी र केशवप्रसाद भट्टराईलाई कसूर ठहर गरी बिगो बमोजिम जरीवाना हुने र शेरबहादुर थापा, उत्तमकुमार नेपाल, पुरुषोत्तमप्रसाद श्रेष्ठ, रजनी लोचनप्रसाद तण्डुकार, महन्तबहादुर महर्जन, उज्ज्वलकुमार ढकाल, विष्णुराम श्रेष्ठ, लोकबहादुर श्रेष्ठ, कृष्णबहादुर कारन्जित र नरेन्द्र श्रेष्ठलाई कैद तथा रु ५०००।- जरिवाना गर्ने र केही प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको ।

**फैसलाका आधारहरू**

(क) प्रतिवादी इन्दिरा गुरुङ कर्जा इन्चार्ज नभएको ।

(ख) कर्जा कमिटीका सबै सदस्यले २०५५।१२।१२ मा सही गरिसकेपछि सही गराउन ल्याएकोले दबावमा परी मिति २०५५।१२।१९ मा सही गरी दिएको भन्ने प्रतिवादीको जिकिर रहेको ।

(ग) कमिटीको बैठकमा बसी बैंकको नीति निर्देशन विपरीत हुने गरी गैरकानूनी तरिकाले कर्जा प्रवाह गर्दा जानी बुझी बदनियत राखी निर्णयमा सही गरेको भन्न सकिने अवस्था मिसिल प्रमाणबाट पुष्टि हुन नआएको ।

**पुनरावेदनका आधारहरू**

(क) प्रतिवादी इन्दिरा गुरुङ कर्जा कमिटीको सदस्य भएको कुरामा विवाद छैन । प्रचलित कानून र विभागीय परिपत्र आदि समेतको व्यवस्था अनुसार कर्जा कमिटी र त्यसका इन्चार्ज तथा सदस्यहरूको जिम्मेवारी स्पष्ट रूपमा तोकिएको हुन्छ । इन्चार्ज मात्र जिम्मेवार हुने सदस्य चाहिँ

जिम्मेवार नहुने भनी अर्थ लगाउनु तर्कसम्मत हुन सक्दैन । कर्जा कमिटीका अन्य सदस्यहरू समेत कसूरमा सहभागी भएको हुनाले इन्चार्ज मात्र जिम्मेवार हुने सदस्य नहुने भन्ने गरी भएको फैसला त्रुटिपूर्ण छ । तसर्थ प्रतिवादी इन्दिरा गुरुङ कर्जा कमिटीको इन्चार्ज नभएको भनी कसूरको गुरुत्वलाई हल्का र कम मान्नु ज्यादै त्रुटिपूर्ण छ ।

(ख) कर्जा लगानी गर्नुपूर्व कर्जा कमिटीले स्वीकृत गरेर मात्र लगानी गर्नुपर्ने, काठमाडौं अफिसको कर्जा कमिटी प्रत्येक दिन बस्ने लगायतका कुराहरूका सम्बन्धमा कर्मचारी प्रशासन विभागबाट जारी भएको प.सं. ५४/४९०३ मिति २०४८।६।२० को परिपत्रलाई उल्लघन गरी कर्जा लगानी गर्ने निर्णयपश्चात् सो निर्णयमा निजले समर्थन जनाएकोले निजलाई सो गैरकानूनी कार्यमा संलग्न नभएको भन्न मिल्ने देखिदैन ।

(ग) २०५५।१२।१२ को निर्णयमा २०५५।१२।१९ गते दबावमा परी सही गरेको भन्ने प्रतिवादी इन्दिरा गुरुङको भनाइ विश्वासयोग्य देखिदैन किनकि सही गर्न कसले कसरी कस्तो दबाव दिए ? सो कुरा निजले खुलाउन सकेकी छैनन् । नत सो कुरालाई मिसिल प्रमाणले पुष्टि गरेको अवस्था छ । निजले निर्णय माइन्युटमा सही गर्दा फरक राय लेखेको समेत पाइँदैन । तल्लो तहका कर्मचारीहरूले फरक राय लेख्न सकिदैनथ्यो भनी निजले बयान गरे पनि को कसले निज समेतलाई फरक राय लेख्न बन्देज लगाएको थियो, सो समेत खुलाउन सकेको अवस्था छैन । अतः दबावमा परी ७ दिनपछि सही गरेको भन्ने प्रतिवादीको भनाइलाई सफाइ दिने आधार बनाइएको त्रुटिपूर्ण छ ।

(घ) कर्जा सीमा सम्बन्धी २०५४।१२।२१ प.सं. ६०।३१७१ को ऋणको सीमा उल्लंघन गरी एउटा कर्जा बाँकी छँदै पुनः अर्को कर्जा नदिने भन्ने निर्देशन परिपालन नगरी राजीनामाको हकमा ६ महिना ३५ दिन र बकसपत्रको हकमा २ वर्ष ३५ दिन भुक्तान नभई जग्गा सुरक्षण नलिने भन्ने निर्देशनलाई उल्लंघन गरी जग्गा लिएको केही दिनमै कैयौं गुणा अधिक मूल्यांकन भई आएको मूल्यांकनकर्ताहरूको प्रतिवेदन स्वीकार गरी, एक पटक के कति धितो लिने भन्ने २०५२।४।८ को परिपत्रलाई उल्लघन गरी भएको कर्जा कमिटीको निर्णयमा सही गरेबाट प्रतिवादीले जानी बुझी बदनियत राखी सही गरेको भन्ने प्रस्ट रूपमा प्रमाणित भइरहेकोमा निजले जानी बुझी बदनियत राखी निर्णयमा सही गरेको रहेछ भन्न सकिने अवस्था मिसिलबाट देखिन आउँदैन भन्ने अदालतको तर्क मिसिल र तथ्यसम्मत छैन ।

(ङ) ऋण प्रवाह गर्नु पूर्व कर्जा कमिटीले निर्णय गर्नुपर्ने विषयलाई सो नगरी पहिले गैरकानूनी तवरबाट ऋण प्रवाह गरी कर्जा कमिटीबाट धेरै लामो समयपश्चात अनुमोदन गर्नु आफैमा बदनियतपूर्ण रहेको छ ।

२. <u>प्रतिवादी शान्ता मानन्धरका हकमा</u>

(क) प्रतिवादी शान्ता मानन्धरले यो यस्तो कार्य गरी स्थानीय प्रतीतपत्रको बिल नेगेसियट हुन गई भुक्तानी गएको भन्न स्वयं वादीले नसकेको ।

(ख) उजूरी प्रतिवेदनमा डकुमेण्ट नेगोसियट गर्ने कार्यमा निज प्रतिवादकिो प्रत्यक्ष संलग्नता नरहेको भन्ने देखिन्छ ।

(ग) टिप्पणी नलेखी सहमति जनाई सही गरेको भन्नेसम्म अभियोग भएको ।

(घ) डकुमेण्ट नेगोसियट गर्न रोक लगाउन सक्ने स्थिति र अवस्था पनि प्रतिवादीको नदेखिएको ।

३. पुनरावेदनका आधारहरू -

(क) डकुमेण्ट नेगोसियसन तथा भुक्तानीका क्रममा पेश भएका सम्पूर्ण कागजातहरू झूटा र प्रक्रिया विपरित आएका भन्ने कुरा विवादरहित रूपमा स्थापित भएको छ । यस्ता झूटा र प्रक्रिया विपरीतको कागजातहरू आफू समक्ष पेश भएपछि प्रतीतपत्र निर्यात फाँटको इन्चार्जको हैसियतले निजले राम्रोसँग हेरी गलत कार्य हुनबाट रोक्नुपर्नेमा जानी बुझी रोक्ने प्रयास नगरी शेरबहादुर थापा तथा उत्तमकुमार नेपालको बदनियतपूर्ण कार्यमा प्रत्यक्ष सघाउ पुऱ्याउने कार्य गरेको स्पष्ट रूपमा देखिएको छ । त्यस्तै तलबाट Documents are checked as per the terms of l/c and found correct except the following discrepencies भन्ने उल्लेख गरी उठाइएको टिप्पणीमा प्रतिवादीले ति आधारहरूलाई हेरी भुक्तानी रोक्नेतर्फ प्रयास गरेको देखिदैन न त त्यसमा आफ्नो विमति राय नै लेखेकी छन् । त्यसरी पूर्णतया गलत कागजातको आधारमा डकुमेण्ट नेगोसियट भई भुक्तानी गई बैंकलाई नोक्सानी पुऱ्याउने कार्य प्रतिवादीबाट भएको स्पष्ट रूपमा देखिएकोमा प्रतिवादीको के कस्तो कार्यबाट डकुमेण्ट नेगोसियट हुन गई भुक्तानी गएको हो वादीले भन्न नसकेको भनी सफाइ दिई भएको फैसला त्रुटिपूर्ण छ ।

(ख) निज प्रतिवादी प्रतीतपत्र निर्यात फाँटको इन्चार्जको नाताले अन्तिम भुक्तानी दिने जिम्मेवार कर्मचारी भएको सन्दर्भमा पार्टीको साख, विश्वसनीयता तथा कागजातहरू हेरी जाँची बुझी भुक्तानी दिने दायित्व निजमा रहेको हुँदा निजले प्रतीतपत्र नखोलेको डकुमेण्ट नेगोसियट नगरेको भन्ने मात्र आधारमा निजले मूल प्रतिवादीको गलत कार्यमा सहमति नजनाएको, गलत कार्यमा संलग्नता नराखेको भनी सम्झन मिल्ने अवस्था नरहेको हुँदा कसूर ठहर हुन पर्ने अवस्था छ ।

४. प्रतिवादी लक्ष्मण के.सी.लाई सफाइका आधारहरू

(क) दाबीको कर्जा लिने खाने बदनियतले आफ्नो जग्गा प्रतिवादी लक्ष्मण के.सी.ले धितो सुरक्षणमा दिएको र व्यक्तिगत जमानी बसेको भन्ने सबुदप्रमाणहरूबाट पुष्टि नभएको ।

(ख) कर्जा दिने र लिनेले धितोको जग्गाको अत्यधिक मूल्यांकन गरी गराई कर्जा लिनु दिनु गरेको कारणले मात्र प्रतिवादीले बैंकलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याउने बदनियतले धितो सुरक्षणको लागि जग्गा दिई र व्यक्तिगत जमानी बसी मतियारको कसूर गरेको पुष्टि हुन नआउने ।

५. लक्ष्मण के.सी.लाई सफाइ दिई भएको फैसलाको पुनरावेदनका आधारहरू-

(क) प्रतिवादीहरूले पेश गरेको कागजात र गरेको कार्य केवल रकम निकाली खानकै लागि मात्र थियो भन्ने पुष्टि भएकै छ ।

(ख) प्रतिवादीले धितो दिएको जग्गाको गा.वि.स.ले गरेको हालको मूल्यांकन केवल १३ लाख मात्र रहेकोमा प्रतिवादीले इन्जिनियरको मूल्यांकन ३९ लाखमा गराउनु, कर्मचारीबाट पनि अत्यधिक मूल्यांकन रु २७ लाख गराई धितो पास गराएकोबाट प्रतिवादीको संलग्नता पुष्टि भइरहेको छ ।

(ग) कर्जा निकालेपछि निज प्रतिवादीले कर्जावालाले कर्जा के गऱ्यो साँवा व्याज चुक्ता गऱ्यो गरेन भन्ने सम्बन्धमा खोजीनीति नगरी आफ्नो जग्गा फुकुवा गर्नेतर्फ समेत कुनै चासो नदेखाएबाट न्यून मूल्यको जग्गा जानीजानी बैंकलाई नोक्सानी गर्न बढी मूल्य कायम गरी कर्जा लिन धितो दिएको स्पष्ट देखिएको छ ।

(घ) प्रतिवादीले पुनः सिद्धी इन्टरप्राइजेजले लिएको हाइ पे कर्जामा रु ६५ लाख बापत व्यक्तिगत धनजमानी दिएका छन् जवकी व्यक्तिगत जमानी दिन प्रशासन विभागको

परिपत्रहरू अनुसार केवल महाप्रबन्धकलाई मात्र अधिकार हुनेमा अन्य कर्मचारीहरूलाई मिलाई ऋण प्रवाह गर्नमा र लिने खाने प्रयोजनमा प्रतिवादीले मिलोमतो गरेको स्पष्ट हुन्छ ।

(ङ) जग्गा मूल्यांकन गर्ने इन्जिनियरले र अन्य मूल्यांकनकर्ता कर्मचारीहरूले अत्यधिक मूल्यांकन र गैरकानूनी कार्य गरी भ्रष्टाचार गरेको भन्ने कुरा पुष्टि भई निजहरूलाई सजाय भइरहेको सन्दर्भमा उक्त गैरकानूनी कार्यमा धनजमानी र धितो दिने प्रतिवादीको कार्यबाटै निज कसूरमा संलग्न रहेको स्पष्ट हुन्छ ।

(च) ऋण प्रवाहपश्चात प्रतिवादीले व्यक्तिगत धनजमानीको दायित्व पूरा गरेको नदेखिनुका अतिरिक्त सम्बन्धित ऋणीबाट साँवा व्याज तिराउने प्रयास नगरेकोबाट बैंकको कर्जा नतिर्ने नतिराउने बदनियत राखी धन जमानी दिएको प्रमाणित भएको छ ।

(छ) ऋण दिलाउन पूर्ण सहयोग गरी मतियार भएपश्चात अनुसन्धानको अवस्थामा र मुद्दा दायर भई म्यादजारी हुँदा समेत उपस्थित नभई प्रतिवादीले प्रतिवादको मौका समेत गुजारी फरार रहेबाट र आफू उपर लागेको आरोपमा सफाइ दिन नआएबाट पनि निज कसूरदार भएको पुष्टि हुन्छ । अतः प्रतिवादीले बदनियतसाथ आफ्नो जग्गा धितो सुरक्षण दिएको र व्यक्तिगत जमानी बसेको पुष्टि नभएको भनी निजलाई सफाइ दिएको फैसला त्रुटिपूर्ण छ ।

६. प्रतिवादी महेन्द्रप्रसाद गर्तौला, विजयप्रसाद लोहनी र केशवप्रसाद भट्टराईलाई कसूरको गाम्भिर्यताको आधारमा कैद सजाय नगरेकोले यी प्रतिवादीहरूलाई कैदको सजाय समेत गरीपाउँ ।

७. कसूर ठहर भएका प्रतिवादी शेरबहादुर थापा, उत्तमकुमार नेपाल, पुरुषोत्तमप्रसाद श्रेष्ठ, रजनी लोचन तण्डुकार, महन्तबहादुर महर्जन, उज्ज्वलकुमार ढकाल, विष्णुराम श्रेष्ठ, कृष्णबहादुर कारंजित, नरेन्द्र मेहर श्रेष्ठ र केशवलाल श्रेष्ठ समेतलाई बिगो बमोजिम जरिवाना समेत हुनुपर्नेमा बिगो नखुलेको मुद्दामा जस्तो गरी कैद तथा रु ५०००।- मात्र जरिवाना गर्ने गरेको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा माग दाबी अनुसार नै सजाय गरी पाउँ ।

८. अतः उल्लेखित आधार तथा बुँदाहरूको आधारमा कैदको सजाय नगर्ने, कम जरिवाना गर्ने र अभियोग माग दाबी पुग्न नसक्ने ठहर गरी केही प्रतिवादीहरूलाई सफाइ दिने गरेको समेत सम्मानित विशेष अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी शुरु आरोपपत्र माग दाबी बमोजिम ठहर गरी पाउँ ।

२८. **झापा जिल्ला गरामुनी गा.वि.स.वडा नं. ७ घर भई का.जि.का.म.न.पा.वडा नं. ३२ बस्ने लक्ष्मीप्रसाद आचार्य** ..............................................................

ऐ.ऐ.बस्ने चिरञ्जीवी आचार्य ..............................................................

चितवन जिल्ला सौराहा गा.वि.स.वडा नं. २ घर भई का.जि.का.म.न.पा.वडा नं. ७ बस्ने अच्यूतप्रसाद रिजाल ..............................................................

मोरङ जिल्ला बखरी गा.वि.स.वडा नं. ८ घर भई का.जि.का.म.न.पा.वडा नं. ३२ घट्टेकुलो बस्ने भरतराज कोइराला ........................................................

मोरङ जिल्ला राजघाट गा.वि.स.वडा नं. ८ बस्ने रूद्रप्रसाद भट्टराई .................

का.जि.का.म.न.पा.वडा नं. ४ धुम्बाराही बस्ने मोती उप्रेती ...........................

सिन्धुली जिल्ला अम्बोटे गा.वि.स.वडा नं.९ घर भई का.जि.सन्तगल गा.वि.स.वडा नं. ७ बस्ने कृष्णप्रसाद लुइँटेल ..............................................................

२/१२ वेष्टमेनरोड, अमरज्योति गार्डेन, काङ्गेपामरोड तिरूपुर ६४१६०४ भारत बस्ने कटनरिच प्रा.लि.का संचालक एपाची गाउण्डर चन्दन .........................

ऐ.ऐ.बस्ने पदमावती चन्दन ....................................................................

आलोवाइस भवन, अलिरिक्काप्लाजा देइरा दुवई युनाइटेड अरव इमिरेटस् बस्ने पुलिकल रविन्द्रन.....

का जि का.म.न.पा.७ मित्रपार्क चावहिल बस्ने विमा समितिको अध्यक्ष तथा नेपाल बैंक लिमिटेडका तत्कालीन संचालक समितिका सदस्य डा.प्रफुल्लकुमार काफ्ले ......

ललितपुर जिल्ला ल.पु.उप.म.न.पा.३ बस्ने नेपाल बैंक लिमिटेडका तत्कालीन संचालक समितिका सदस्य डा. विश्वम्भर प्याकुरेल ..................................

का.म.न.पा.४ गौरीधारा बस्ने नेपाल बैंक लिमिटेडका तत्कालीन संचालक समितिका सदस्य मुकुन्दप्रसाद अर्याल ...................................................

का जि का.म.न.पा.३ कुन्जु निवास, महाराजगन्ज बस्ने नेपाल बैंक लिमिटेडका तत्कालीन संचालक समितिका सदस्य झरेन्द्र शम्सेर ज.व.रा.......................

का जि का.म.न.पा.२ लाजिम्पाट रानीवारी बस्ने नेपाल बैंक लिमिटेडका तत्कालीन महाप्रबन्धक गौरीलाल श्रेष्ठ ...................................................

का.जि.कपन गा.वि.स.३ घर भई नेपाल बैंक लि., प्रधान कार्यालयका मुख्य प्रवन्धक अम्बरकुमार खड्का ...............................................................

मोरङ जि विराटनगर उप महानगरपालिका १२ रंगेलीरोड घर भई हाल नेपाल इस्योरेन्स कम्पनी लि.का महाप्रबन्धक तथा नेपाल बैंक लिमिटेडका तत्कालीन मुख्य प्रवन्धक दिव्यकुमार अधिकारी.. का जि का.म.न.पा.५ विशालनगर निवासी नेपाल बैंक लिमिटेडका पूर्व महाप्रबन्धक भवानीदेवी शर्मा

का जि का.म.न.पा.३४ मीनभवन खरिवोट निवासी नेपाल बैंक लिमिटेडको पूर्व महाप्रबन्धक भवनाथ उपाध्याय ............................................................

का जि का.म.न.पा.वडा नं. १५ निवासी नेपाल बैंक लि.का पूर्व नायव महाप्रबन्धक शेरबहादुर थापा.

ऐ.वडा नं. ३२ डिल्लीवजार घर भई नेपाल बैंक लि.,काठमाडौं बैंकिङ कार्यालयका उत्तमकुमार नेपाल ...........................................................

ऐ.वडा नं. ३० असन घर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका पुरूषोत्तम प्रसाद श्रेष्ठ .......................................................

ऐ.वडा नं. १६ घर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका विष्णुराम श्रेष्ठ..........

भक्तपुर बालकोट गा.वि.स.वडा नं. ५ घर भई नेपाल बैंक लिमिटेडका पूर्व कर्मचारी लोकबहादुर श्रेष्ठ ..................................................................

का.जि.का.म.न.पा.वडा नं. ३४ बुद्धनगर घर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका तिर्थराम श्रेष्ठ .........................................................

ऐ.वडा नं. ३२ डिल्लीबजार बस्ने नेपाल बैंक लिमिटेडका पूर्व कर्मचारी कृष्णबहादुर कारंजित.........
का जि का.म.न.पा.वडा नं.२७ घर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका शशिकिरण श्रेष्ठ ..............................................................
का जि का.म.न.पा.वडा नं. ३१ बागबजार घर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका इन्दिरा गुरूङ्ग .............................................
ऐ.वडा नं. ३४ घर भई नेपाल बैंक लिमिटेड, बैंकिङ कार्यालयका पूर्व कर्मचारी रजनीलोचन प्रसाद तण्डुकार ..............................................................
का.जि. सांखु पुखुलाक्षी गा.वि.स.वडा नं. ४ घर भई हाल नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङकार्यालयका नरेन्द्रमेहर श्रेष्ठ .........................................
का.जि.का.म.न.पा. वडा नं. ३ धापासी बसुन्धरा घर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका सवललाल सिंह ...........................................
ल.पु.जि.ल.पु.उप.म.न.पा.पूर्ण चण्डी घर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका रोशनमान जोशी .....................................................
का जि का.न.पा.वा.नं ६ बौध्द घर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका पूर्णराम शर्मा दवाडी ...............................................
झापा जिल्ला अर्जुनधारा-६ घर भई नेपाल बैंक लि., विर्तामोड शाखाका पदम कुमार प्रधान..........
झापा जिल्ला, भद्रपुर-७ घर भई नेपाल बैंक लि.,विर्तामोड शाखाका प्रदिपकुमार चापागाई............
ल.पु.सिद्धिपुर-३ घर भई नेपाल बैंक लिमिटेड, बैंकिङकार्यालयका महन्तबहादुर महर्जन.............. का जि का.म.न.पा.वडा नं. २९ गल्कोपाखा निवासी नेपाल बैंक लिमिटेड प्रधान कार्यालयका शैलेन्द्रकुमार शाक्य .........................................................
का जि का.म.न.पा.वडा नं. ९ बत्तीसपुतली निवासी नेपाल बैंक लिमिटेड, प्रधान कार्यालयका पुरूषोत्तम मल्ल ................................................................
का जि का.म.न.पा.वडा नं. ३३ सानो गौचर ज्ञानेश्वर निवासी नेपाल बैंक लिमिटेड, क्षेत्रीय कार्यालय, कुपण्डोलका शुरेशकुमार न्यौपाने ........................
का जि का.म.न.पा. वडा नं. १३ ताहाचल निवासी नेपाल बैंक लिमिटेड, प्रधान कार्यालयका प्रयागराज रंजित ............................................................
ल.पु.जि.ल.पु.उ.म.न.पा.वडा नं. ४ धोविघाट निवासी डा.हरिबंश झा ............
काभेंपलान्चोक जिल्ला धुलिखेल न.पा.का.-५ निवासी इन्जिनियर केशवलाल श्रेष्ठ
का.म.न.पा.वडा नं. ४ विशालनगर निवासी इन्जिनियर नरेन्द्रराज भट्राई .......
ल.पु जि ल पु. उ.म.न.पा.-४ सानेपा निवासी इन्जिनियर एस.पी. श्रेष्ठ .........
सुनसरी जि इटहरी नगरपालिका-४ स्थित क्रियटिभ इन्जिनियरिङ्ग कन्सल्टेन्सीका इन्जिनियर टेकनाथ चम्लागाई ......................................................
का.जि.का.म.न.पा.१५ स्वयम्भू बस्ने सरस्वती थापा ................................
का.जि.,कपन-३ बस्ने कालिका आचार्य (खड्का) .......................................
का.जि.का.म.न.पा.४ धुम्वाराही बस्ने भक्ति उप्रेती ....................................

का.जि.का.म.न.पा. ४ बालुवाटार बस्ने माला खड्का ..............................
मोरङ्ग जिल्ला सुन्दरपुर-८ बस्ने चुम्बक बहादुर बुढाथोकी ..........................
काभ्रे जिल्ला श्यामपाटी गा.वि.स.वडा नं. २ बस्ने राम प्रसाद पाण्डे .........समेत रहेको
अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

**फैसला मिति** : २०६२।७।१३

**फैसलाको प्रकृति :**

१ उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरू लक्ष्मीप्रसाद आचार्य समेतलाई साविक भ्र.नि.ऐन, २०१७ को दफा ७ (१),७(२)८,१५,१६२९ बमोजिम कसूर एबं सजाय हुने माग दाबी लिइएकोमा विशेष अदालतबाट केही प्रतिवादीहरू लक्ष्मीप्रसाद आचार्य समेतलाई माग दाबी बमोजिम कसूर अपराध गरेको ठहऱ्याई कैद नगरी बिगो बमोजिम जरिवानासम्म गरेको, शेरबहादुर थापा समेतका केही प्रतिवादीहरूलाई कम जरिवाना सजाय गरी र डा. प्रफुल्लकुमार काफ्ले समेतका केही प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेका ।

**फैसलाका आधारहरू**

(क) प्रस्तुत मुद्दामा प्रतिवादीहरूले गरेको कसूरमा समावेश भएको बिगो खुलाई सजायको माग दाबी गरिएकोमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ को २ बमोजिम हानि नोक्सानी पुऱ्याएको बिगो बमोजिम प्रतिवादीलाई जरिवाना गर्नुपर्नेमा प्रतिवादीहरू शेरबहादुर थापा, अम्बरकुमार खड्का, डोर बहादुर थापा, उत्तरकुमार नेपाल, पुरूषोत्तमप्रसाद श्रेष्ठ, लोकवहादुर श्रेष्ठ, तिर्थराम श्रेष्ठ, कृष्णबहादुर रंजितकार, शशिकिरण श्रेष्ठ, इन्दिरा गुरुङ, रजनीप्रसाद तण्डुकार, नरेन्द्र मेहर श्रेष्ठ, सवललाल सिंह, रोशनमान जोशी, पदमकुमार प्रधान, प्रदिपकुमार चापागाई, महन्तबहादुर महर्जन, डा.हरिवंश झा, केशवलाल श्रेष्ठ, नरेन्द्रराज भट्टराई, टेकनाथ चौलागाईलाई जरिवाना तर्फ बिगो नखुलेको मुद्दामा जस्तो गरी कैद तथा रु ५०००।- जरिवाना गर्ने ठहऱ्याएको फैसला कानूनतः त्रुटिपूर्ण छ । बिगो बमोजिम सजाय समेत गरी पाउँ ।

२ डा. प्रफुल्ल कुमार काफ्ले, विश्वम्भर प्याकुरेल, मुकुन्दप्रसाद अर्याल र झरेन्द्र शमशेर ज.ब.रा.समेतका.प्रतिवादीहरूलाई सफाइ दिँदा लिइएका आधारहरू निम्न बमोजिम छन्-

(क) समूहको बाँकी व्याज सम्पूर्ण चुक्ता गराई लिई तथा परियोजनाको स्थिर सम्पत्ति सुरक्षणले बैंक नियम अनुसार कभर गराई लिई मात्र गराउने गरी रु १ करोड रिभल्भिङ चालू पूँजी स्वीकृत गर्ने भनी निर्णयमा उल्लेख भएको ।

(ख) फण्डेड कर्जा सीमा ५ करोड हुँदाहुँदै रु ५,७७,१४,९००।- लगानी गरेको देख्दादेख्दै भन्ने सन्दर्भमा पार्टीकै यु.एस.डलरको मुद्दती खातामा रहेको रकमको धितोको ९०% मा नबढाई व्याज ओ.डि.सुविधा दिएकोले सीमा नाघेको भन्न नमिल्ने ।

(ग) झरेन्द्र सम्शेर ज.व.रा.ले बैठकको निर्णयमा सही नै नगरेको ।

(घ) अनियमित भएको थाहा भएपछि संचालक समिति बसी शेरबहादुर थापालाई हटाउने भनी मिति २०५५।१२।५ मा निर्णय भएको ।

**<u>पुनरावेदनका आधार र कारणहरू</u>**

(क) लक्ष्मी आचार्य समूह अन्तर्गतको बाग्मती ऊनी धागो कटाई उद्योगलाई यी प्रतिवादीहरूको निर्णयबाट चालू पूँजीमा रु १ करोड कर्जा स्वीकृत गरिएकोमा कुनै विवाद नभएको । महाप्रबन्धक स्तरीय कर्जा कमिटीबाट यस समूहलाई रु ५,७७,१४,९००।- कर्जा प्रवाह भइसकेको र यस समितिले कर्जा स्वीकृत गर्दासम्म बैंकको सो बाँकी कर्जा रकम असूल उपर नभएको स्पष्ट रूपमा जानकारी भएको भन्ने तथ्यलाई यी प्रतिवादीहरूले इन्कार गर्न नसकेको र विशेष अदालतले समेत सो तथ्य स्वीकार गरेको छ ।

(ख) कर्जा कमिटीको निर्देशिका २०४८ ले कर्जा स्वीकृत गर्नुभन्दा पहिले पार्टी-पार्टीको कारोबार, हैसियत साख, बैंकिङ बाँकी कर्जा, सुरक्षणको पर्याप्तता आदि हेर्नु पर्दछ भन्ने स्पष्ट व्यवस्था गरेकोमा यस समूहले बैंकलाई बुझाउनु पर्ने रकम बाँकी देख्दा देख्दै र कर्जाको धितो सुरक्षण बैंकले लिई नसकेको र बाग्मती ऊनी धागो कताई उद्योग ठूलो स्तरको उद्योग नभई हाते चर्खाले चल्ने उद्योग भनी प्रतिवादी लक्ष्मी आचार्यले स्वीकार गरिरहेको हुँदा यी प्रतिवादीहरूले ती सम्पूर्ण पक्षको विश्लेषण नगरी बदनियतपूर्वक रु १ करोड कर्जा स्वीकृत गरेको हुँदा लक्ष्मी आचार्य समूहसँग मिलोमतो गरी कर्जा स्वीकृत गरेको पुष्टि भएको छ ।

(ग) महाप्रबन्धक स्तरीय कर्जा कमिटीबाट दिइएको कुल कर्जा रु ५,७७,१४,९००।- मध्ये ओ.डी. मा दिएको रु ७८,२०,०००।- कर्जा यू.एस. डलर पार्टीकै मुद्दती खातामा रहेको रकमलाई धितो राखी कर्जा दिएको हुँदा महाप्रबन्धक स्तरीय कर्जा कमिटीबाट फण्डेड कर्जा सीमा रु ५ करोड नाघेको भन्न नमिल्ने भनी दिइएको तर्क सन्दर्भमा महाप्रबन्धक स्तरीय कर्जा कमिटीले पुरानो बैंकले दिएको कर्जा असूल नगरी एक पछि अर्को कर्जा थप्दै गएको र त्यसमा पनि टि.आर (तीन महिने) जस्तो छोटो अवधिको कर्जा बारे असूली तुरून्त हुनुपर्नेमा थप चालू पूँजी दिन महाप्रबन्धकले सिफारिस गर्दा लक्ष्मी आचार्य समूहलाई दिइएको कर्जा तुरून्त असूल उपर गरी यस्तो बदनियतपूर्वक कर्जा लगानी गर्ने कर्मचारीलाई कारबाही गर्नुपर्ने हुन्छ । यसै गरी महाप्रबन्धकलाई फण्डेडतर्फ रु ५ करोड मात्र कर्जा स्वीकृत गर्ने अधिकार भएकोले धितोको स्थितिलाई हेरी अधिकार सीमाको व्याख्या गर्न मिल्दैन । धितो के कसरी रहेको छ भनी त्यस आधारमा जति पनि रकम कर्जा स्वीकृत गर्दै जान मिल्दैन । महाप्रबन्धकले एउटा समूह वा व्यक्तिलाई आफूलाई प्राप्त ५ करोडभन्दा बढी कर्जा दिनु नै हुँदैन । अतः महाप्रबन्धकबाट अधिकार सीमा नाघी कर्जा प्रवाह भइसकेको लक्ष्मी आचार्य समूहले लिएको पुरानो कर्जा बाँकी देखिएकोमा नीति तथा व्यवस्था उप समितिले थप रु १ करोड स्वीकृत गर्नु यी प्रतिवादीहरूको लक्ष्मी आचार्यसँगको मिलोमतोको कारणले कर्जा स्वीकृत गरेको भन्ने पुष्टि हुन्छ ।

(घ) प्र.झरेन्द्र शम्सेर ज.ब.रा.ले बैठकको निर्णयमा सही नगर्नुको मुख्य कारण समय र स्थितिको मूल्यांकन गरी सही गर्ने मानसिकता बनाएको भन्ने प्रस्ट हुन्छ । निज बैठकमा उपस्थित भएकोमा कुनै विवाद नभएको तर कर्जा कमिटीको निर्णयमा सही नगर्नुको कारण कुनै विवादमा वा कारबाहीमा परिन्छ कि भन्ने उद्देश्यले तत्काल सही नगरेको र पछि साँच्चै नै विवाद र छानबिन प्रारम्भ भएकोले सही नै नगरेको स्पष्ट हुन्छ । तर कमिटीको निर्णय भएको ४८ घण्टा

भित्रसम्म नोट अफ डिसेन्ट नलेखी बसेमा सही नगरे पनि सही गरेको मानिने बैंकिङ प्रक्रिया रहेको छ । त्यसैले यी प्रतिवादीको पनि यस कसूरमा पूर्ण रूपमा संलग्नता रहेको पुष्टि हुन्छ ।

(ङ) प्रस्तुत भ्रष्टाचारको कसूर एउटा व्यक्ति विशेषले मात्र गरेको नभई संगठित रूपमा गरिएको अपराध हो । यसमा महाप्रबन्धकदेखि तल्लो स्तरको कर्मचारीसम्मको संलग्नता रहेको छ । एकजना शेरबहादुरलाई सेवाबाट हटाउने निर्णय गर्दैमा नीति तथा व्यवस्था उपसमितिका सदस्यहरूले बदनियतपूर्वक लगानी गरेको कर्जाको आपराधिक दायित्वबाट उन्मुक्ति पाउन सक्दैनन् । यहाँ मुख्य अभियोग बदनियतपूर्वक कर्जा लगानी गरेको भन्ने हो । संचालक समितिले कर्जा लगानी गर्ने कर्मचारीलाई कारबाही गऱ्यो गरेन भन्ने होइन ।

३. गौरीलाल श्रेष्ठ, दिव्यकुमार अधिकारी, भवानी देवी शर्मा र भवनाथ उपाध्यायलाई सफाइ दिँदा लिएको आधार ।

(क) लक्ष्मी आचार्य समूहमा यी यी फर्म उद्योग कम्पनी पर्दछन् भनी नत ने.बैं.लि., काठमाडौं अफिसले उल्लेख गरेको छ नत प्रधान कार्यालयले कर्जा लगानी विभागले गरेको छ ।

(ख) महाप्रबन्धकीय कर्जा किमिटीले २०५४।१०।३ मा सुरक्षणले राम्ररी कभर गराउने गरी उक्त समूहल टोटल एक्सपोजर रु. ५ करोडमा नबढ्ने गरी रु १ करोड १० लाख स्थिर पूँजी कर्जा नियमानुसार निकासा गर्ने भनी निर्णय भएको देखिन्छ ।

(ग) बाग्मती ऊनी धागो कताई उद्योगको लागि कर्जा प्रवाह गर्दा बैंकका अधिकारी र कर्मचारीले कर्जावाल पार्टीको जे जस्तो कारोबार र कर्जा स्थिति प्रस्तुत गरेको हुन्छ प्रधान कार्यालय वा संचालक समितिले त्यसैमा विश्वास गर्नुपर्दछ ।

(घ) रोशन हेण्डीक्राफ्ट समूह भित्र नपर्ने भएमा र रु ५ करोड ननाघ्ने भएमा मात्र कर्जा दिने भनी सर्त सहितको निर्णय गरिनुबाट यी प्रतिवादीहरू कर्जा सीमा र समूह सम्बन्धमा सतर्क थिएनन् र बैंक हितको कुनै विचार नगरी गैरकानूनी लाभ पुऱ्याउने उद्देश्यले कर्जा स्वीकृत गरेका हुन् भन्न युक्तिसंगत नहुने ।

(ङ) प्र.भवनाथ उपाध्यायको हकमा दाबी स्पष्ट नभएको र यी प्रतिवादीहरूको कर्जावालाहरूसँग मिलोमतो थियो भन्न नसकिने ।

(च) मिति ०५५।११।४ को कर्जा कमिटी निर्णयमा महाप्रबन्धकको सही नै नगराई कार्यान्वयनका लागि अम्बरकुमार खड्काले काठमाडौं अफिसमा पठाएको देखिन्छ ।

(छ) अगाडि कर्जा उपभोग गराइसकेपछि लिमिट कायम नहुने गरी एक पटकको लागि उक्त उपभोग गरिसकेको कर्जा समर्थन गर्ने भनी गरिएको निर्णयमा सही गरे भन्नेसम्म आधारमा यी प्र.हरूले कसूर गरेका हुन् भनी ठहर गर्न नहुने ।

४. <u>पुनरावेदनका आधार र कारणहरू</u>

(क) लक्ष्मीप्रसाद आचार्य समूह अन्तर्गत संचालित विभिन्न उद्योग व्यवसायहरू (जस्तै, बाग्मती ऊनी धागो कताई उद्योग, राधिका ह्याण्डीक्राफ्ट, बाग्मती ट्रेडर्स, रोशन ह्याण्डीक्राफ्ट लगायतका ९ उद्योग व्यवसाय) मा लगानी गरेको कर्जामा असूल उपर हुन र कर्जाको भाका नाघेको देख्दादेख्दै महाप्रबन्धक स्तरीय कर्जा कमिटीबाट बाग्मती धागो कताई उद्योग लगायतका एकै समूहका अन्य उद्योगहरूमा एकपछि अर्को कर्जा थप्दै रु ५ करोडभन्दा बढी

कर्जा प्रवाह गरेकोमा कुनै विवाद नभएको र सो तथ्यलाई विशेष अदालतले समेत स्वीकार गरेको छ ।

(ख) कर्जा प्रवाह गर्दा वाणिज्य बैंक ऐन २०३१, कर्जा सापटी निर्देशिका एवं कार्य प्रणाली, २०५५, राष्ट्र बैंक तथा वाणिज्य बैंक केन्द्रीय अफिसको विभिन्न मितिमा जारी गरिएको निर्देशन बमोजिम कर्जा प्रवाह गर्दा पार्टिको व्यावसायिक हैसियत, प्रोजेक्ट एप्रेजल, धितो सुरक्षण, भाखा नाघेको पुरानो बाँकी कर्जा छ छैन र लगानी जोखिम कस्तो छ जस्ता विविध पक्ष तथा फिल्ड निरीक्षण, फाइल निरीक्षण र कर्जा लगानी गरी रहेको बैंक शाखाहरूको विस्तृत प्रतिवेदन लिई कर्जा स्वीकृत गर्नुपर्ने स्पष्ट मापदण्ड भइरहेकोमा यी प्रतिवादीहरूले कर्जा स्वीकृत गर्दा त्यस्ता प्रक्रियाको पालना नगरी कर्जा दिन नहुने स्थिति रहँदारहँदै मिलेमतोमा कर्जा प्रवाह गरेका छन् ।

(ग) प्रतिवादी गौरीलाल श्रेष्ठ, दिब्यकुमार अधिकारी तथा भवानी देवी शर्माले बाग्मती ऊनी धागो कताई उद्योगलाई मिति ०५४।१।९ गते स्थिर पूँजी कर्जामा रु १ करोड १० लाख, मिति ०५५।७।१६ मा टि. आर. मारु ५८ लाख, राधिका हेण्डीक्राफ्टलाई धितो कर्जा २ करोड २५ लाख दिइएकोमा भाखा नाघेको मिति ०५५।१०।२६ मा हाइपो कर्जामा परिणत गरेको र त्यसैगरी मिति ०५५।१०।२५ गते टि.आर. मा रु १,०२,९३,९९५।४८ कर्जा स्वीकृत गर्नुका साथै राधिका ह्याण्डिक्राफ्टको लागि थप चालू पूँजीमा रु १ करोड कर्जा प्रदान गर्न नीति तथा व्यवस्था उपसमितिमा सिफारिस गरेको, कर्जा कमिटीको माइन्युटिङ्गबाट स्पष्ट देखाइएको छ । त्यसैगरी महाप्रबन्धक स्तरीय कर्जा कमिटीको माइन्युटको अध्ययन गर्दा भवनाथ उपाध्याय समेतले राधिका हेण्डीक्राफ्टको लागि टि.आर. कर्जामा रु १,०२,९३,९९५।४८ दिने निर्णय गरेका छन् । यसरी यी प्रतिवादीहरूले कहां के कसरी बदनियतपूर्वक कर्जा दिइएको हो भन्ने स्पष्ट देखिंदा देखिंदै माग दाबीमा स्पष्टता नभएको भनी विशेष अदालतले यी प्रतिवादीहरूलाई सफाइ दिएको त्रुटिपूर्ण छ ।

(घ) स्वीकृत गर्दा कर्जा कमिटीबाट पार्टीको पुरानो बाँकी बक्यौता नभएका कर्जालाई धितोले खाम्ने गरी जस्ता शब्दहरू राखी मातहतका निकायलाई निर्देशन दिँदै कर्जा स्वीकृत गर्ने अधिकार कुनै पनि कानून र निर्देशिकाले दिएको छैन । कर्जा स्वीकृत गर्नुभन्दा पहिले ती सबै पक्षको व्यापक खोजी र छानबिन गर्नुपर्ने दायित्व कर्जा कमिटी निर्देशिका २०४८ तथा कर्जा निर्देशिका २०५५ ले कर्जा कमिटीलाई नै तोकेको छ । नीति तथा व्यवस्था समितिमा थप १ करोड कर्जा स्वीकृत हुन यी प्रतिवादीहरूले सिफारिस गर्दा बैंकको पुरानो कर्जा बाँकी नै रहेको, धितोको कर्जा कभर नगरेको, भाखा नाघेको कर्जालाई देख्दादेख्दै थप कर्जा दिएको भन्ने स्पष्ट रूपमा पुष्टि भइरहेको छ ।

(ङ) विशेष अदालतले प्रतिवादी शेरबहादुर थापा र लक्ष्मीप्रसाद आचार्यलाई कसूर ठहर गर्दा लक्ष्मी आचार्य समूह अन्तर्गत ९ समूह रहेको भनी स्वीकार गरिसकेपछि पुनः यी प्रतिवादीहरूका हकमा कति उद्योग व्यवसाय रहेको हो यकिन नभएको भनी व्याख्या गर्दै महाप्रबन्धकको फण्डेड कर्जा सीमा ५ करोड ननाघेको भन्नु यी प्रतिवादीहरूलाई सफाइ दिन तथ्यको गलत व्याख्या भएको भन्ने पुष्टि हुन्छ ।

(च) प्रस्तुत भ्रष्टाचार मुद्दामा यी प्रतिवादीहरूले अख्तियारी सीमा नाघी कर्जा प्रवाह गरेको हो होइन भनी हेर्ने मात्र होइन कि बदनियतपूर्ण कर्जा दिने निर्णय गरेको छ छैन भनी हेरिनुपर्दछ । काठमाडौं बैंकिङ अफिसले यस समूहलाई बदनियतपूर्वक करोडौं कर्जा दिएको देख्दादेख्दै

त्यसको कुनै खोजतलास र आवश्यक कारबाही नगरी यी प्रतिवादीहरूले वाणिज्य बैंक ऐन, निर्देशन र परिपत्रको विपरित हुने गरी कर्जा माथि कर्जा थप्दै जाने, एउटा शीर्षकमा दिएको कर्जा अर्को शीर्षकमा परिवर्तन गरी ऋणीलाई सुरक्षित बनाउन खोज्ने, भाखा नाघेको कर्जामा कुनै कारबाही नै नगर्ने, धितो सुरक्षणको खोजबिन नै नगर्ने, कर्जा माग गरे अनुसारको उद्योग व्यवसाय संचालन छ छैन छानबिन नगर्ने आदि कार्यहरू गरी लगानीलाई ठूलो जोखिमा पार्ने मात्र होइन कि कर्जा उठ्न नै नसक्ने देख्दादेख्दै यी प्रतिवादीहरूबाट लक्ष्मी आचार्य समूहलाई कर्जा दिने कार्य भएकोले यी प्रतिवादीहरू समेतको मिलोमतोमा कर्जा दिने कार्य भएको भन्ने स्पष्ट पुष्टि भएको छ ।

(छ) यी प्रतिवादीहरूले महाप्रबन्धक स्तरीय कर्जा कमिटीबाट कर्जा दिने निर्णय गर्दा त्यही कमिटीमा वसी सही गर्ने प्रतिवादी अम्बरकुमार खड्कालाई माग दाबी बमोजिम सजाय गरी सकेको हुँदा त्यही कमिटीमा वसी कर्जा स्वीकृत गर्ने अन्य प्रतिवादीहरूलाई सफाइ दिने भनी गरेको फैसला आफैमा त्रुटिपूर्ण छ ।

(ज) बिगो दाबीको भिन्नताले सजायमा सफाइ पाउने आधार बन्न सक्दैन । यी प्रतिवादीहरूले कुन मितिमा के कति कर्जा स्वीकृत गरेको हो भन्ने स्पष्ट रूपमा प्रमाणबाट देखिई रहेकोमा बिगोमा तल माथि पर्‍यो भनी धितोलाई सफाइको आधार बनाइएको विशेष अदालतको फैसलामा आंशिक त्रुटि भएकोले सो हदसम्म को फैसला त्रुटिपूर्ण छ ।

५. प्रतिवादी तीर्थराम श्रेष्ठ, सुरेशकुमार न्यौपानेलाई सफाइ दिंदा लिएका आधारहरू-

(क) प्रतिवादी तीर्थराम श्रेष्ठको हकमा अभियोग माग दाबी खण्डमा यी प्रतिवादीको कसूर उल्लेख गरी दाबी गरेको नदेखिएको । ०५४।९।८ को कर्जा कमिटीमा उपस्थित भएको र सही भएको नदेखिएको ।

(ख) प्रतिवादी तीर्थरामकै कारणबाट एल.सी.६१/१०८ र १३१८ खोलेको भन्न नमिल्ने ।

(ग) कुन पार्टीले दिएको सुरक्षणको अत्यधिक मूल्यांकनलाई कर्जा कमिटी सदस्यको हैसियतले समर्थन जनाएको कसूर र बदनियत खण्डमा विवेचना नभएको ।

(घ) प्रतिवादी सुरेशकुमार न्यौपाने कर्जा कमिटीमा संलग्न नभएको र ऋण दिनु पर्दछ भनि कर्जा फाइल अगाडि बढाएको देखिदैन ।

(ङ) बाग्मती एपरल्सलाई हालको नीति अनुरूप ६०:४० को अनुपातमा रु ८५ लाख हुन आउने व्यहोरासम्म उल्लेख गरेको तर त्यति रकम दिनुपर्दछ भनी सिफारिस नगरेको ।

६. विशेष अदालतको फैसला निम्न कारणहरूबाट त्रुटिपूर्ण भई बदर भागी छ ।

(क) भ्रष्टाचारको कसूरमा मतियारको रूपमा रहेका प्रतिवादी तीर्थराम श्रेष्ठले गरेको कसूर सन्दर्भमा अभियोग खण्डको पृ.१०९ मा स्पष्ट रूपमा उल्लेख गरेको छ भने तदनुरूप मतियारमा सजाय हुन अभियोग खण्डमा पाना १३२ मा सजायको माग दाबी लिएको छ ।

(ख) एल.सी. ६१/१०८ र १३१८ प्रतिवादी तीर्थरामको कारणबाट खुलेको भन्ने अभियोग पत्रको आसय नभई मातहतका कर्मचारीबाट लिमिट नभएको धितो सुरक्षण नभएको भनी स्पष्ट उल्लेख गरिसकेकोले बैंक कानून र प्रक्रिया बमोजिम प्रतिवादी तीर्थरामले यस्तो एलसी. खोल्न नै नमिल्ने भनी स्पष्ट रूपमा टिप्पणीमा जनाउनु पर्नेमा एलसी.

खोल्ने तर्फ फाइल अगाडि बढाई यो एलसी. खोली यसबाट बैंकलाई हानि पुग्न गएको छ ।

(ग) प्रतिवादी तीर्थरामले धितोको अत्यधिक मूल्यांकन गरेको होइन कि गैरकानूनी रूपमा धितो फुकुवा गरेको भनी कसूर खण्डमा उल्लेख गरेको छ ।

(घ) प्रतिवादी सुरेशकुमार न्यौपाने कर्जा कमिटीमा संलग्न रहेको भनी अभियोग खण्डमा कहीँ पनि उल्लेख गरिएको छैन । उनले महाप्रबन्धकको अधिकार सीमा फण्डेड कर्जामा रु ५ करोड भन्दा बढी कर्जा लक्ष्मी आचार्य समूहलाई गइसकेको छ भनि स्पष्ट टिप्पणीमा उल्लेख गर्नु पर्नेमा सो तथ्यलाई लुकाई ५ करोड भन्दा कम कर्जा गएको भनि देखाउने कार्य गरेको र बाग्मती एपरल्सको सुरक्षण नै नभए पनि रु ८५ लाखसम्मको कर्जा दिन सकिने भनी राय लेख्ने कार्य गरी कर्जा प्रवाह गर्नमा वातावरण मिलाउन मतियार भएको भनी अभियोग खण्डको पाना ११३ मा स्पष्ट रूपमा उल्लेख गरिएको छ ।

७. अतः यी निम्न प्रतिवादीहरूलाई सफाइ दिई अभियोग माग दाबीलाई ध्यानै नदिई अन्यथा गरी गरेको फैसला त्रुटिपूर्ण छ ।

(क) प्रतिवादीहरू प्रयागराज रंजित, शैलेन्द्रकुमार शाक्य र पुरूषोत्तम मल्ल काठमाडौं अफिसमा नभएका र कर्जा लगानीको सम्पूर्ण प्रक्रियासँग सम्बन्धित नदेखिएको । अनुसन्धानबाट यिनीहरूले गरेको परियोजना स्थलको निरीक्षण नगराई झूटा प्रमाणित गर्न नसकेको ।

(ख) प्रतिवादी पूर्णराम शर्मा दवाडीको हकमा यहाँ यस्तो जग्गा मूल्यांकन गर्दा यस प्रकार कसूर गरेको भनी किटानी र स्पष्ट माग दाबी नलिएको ।

(ग) प्रतिवादी एस.पि.श्रेष्ठले अत्यधिक मूल्यांकन गरी आरोपित कसूर गरेका हुन् भनी निश्चित गर्न नसकिने ।

८. फैसलामा लिएका उपरोक्त आधारहरू देहायको कारणहरूले त्रुटिपूर्ण भई बदरभागी छ ।

(क) लक्ष्मी आचार्य समूहलाई ने.बैं.लि.,काठमाडौं अफिस, लगायत केन्द्रीय अफिस समेतबाट कर्जा लगानी गरिएको हुँदा यी कार्यालयहरूबाट कर्जा लगानी गर्दा आफ्नो कर्मचारीहरूले अफिसले तोकेको कार्य इमान्दारीसाथ गर्नु पर्दछ । प्र.प्रयागराज रंजित, शैलेन्द्रकुमार शाक्य र पुरूषोत्तम मल्लले बाग्मती ऊनी धागो कताई उद्योग परियोजना बमोजिम उद्योग स्थापित भई उद्योगको लागि भवन, कम्पाउण्ड धारो तथा अन्य निर्माण कार्य सम्पन्न भइसकेको र उत्पादन कार्य शुरु भएको भन्ने प्रतिवेदन दिएकोमा परियोजना बमोजिमको यो उद्योग नभई हाते चर्खाले चलाउने उद्योग भनी लक्ष्मीप्रसाद आचार्यले निवेदन दिएको हुँदा (फाइल १६ को पाना ३१) यी प्रतिवादीहरूले उल्लेख गरे झैं उद्योग स्थापना भई निर्माण कार्य भएको हुन सक्दछ कि सक्दैन ? विवेकसम्मत तर्क गर्न सकिन्छ । लक्ष्मी आचार्यले हाते चर्खाले चल्ने उद्योग भनी लिखित निवेदन दिइसकेपछि अनुसन्धान परियोजना स्थलमा जानुपर्ने कुनै औचित्य नै नभएको । यी प्रतिवादीहरूले दिएको प्रतिवेदन झूटो भन्ने स्पष्ट देखिरहेकै छ । अपितु यी प्रतिवेदनहरू परियोजना स्थलमा नगई मिलोमतोमा झूटो प्रतिवेदन दिएको भन्ने पुष्टि भइरहेको छ । यसैगरी एस.पि.श्रेष्ठले मूल्यांकन गरेको दुई कित्ता जग्गाको ४७ लाखभन्दा बढी पर्ने भने तापनि अनुसन्धानको सिलसिलामा जग्गाहरू रु ३० लाख पर्ने भनी आएकोले यी

प्रतिवादीले पनि कमसल मूल्यको जग्गालाई बढी मूल्यांकन गरी बैंकबाट धेरै रुपैयाँ निकाल्नमा सहयोग गरेको भन्ने पुष्टि भएको छ । यस्तो स्थितिमा यी प्रतिवादीलाई सफाइ दिने गरेको विशेष अदालतको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

९. प्रतिवादी रामप्रसाद पाण्डे, माला खड्का र चुम्बक बहादुर बुढाथोकीको हकमा सफाइ दिंदा लिएका आधारहरूः-

(क) निजहरूले आफ्नो नाउं दर्ताको जग्गा बैंक कर्जाको लागि धितो राख्न मन्जुरी दिएका, जग्गाको मूल्यांकन र कर्जा प्रवाह सम्बन्धी कार्य र धितो पास गराउने कार्यमा अरू प्रतिवादीसँग मिलोमतोमा संलग्नता नरहेको ।

१०. विशेष अदालतको फैसला गर्दा लिएको उपरोक्त आधारहरू देहायको कारणले त्रुटिपूर्ण छ-

(क) यी प्रतिवादीहरूको नाममा रहेको कमसल मूल्यको जग्गा बढी मूल्यांकन गराई धितो राखेकोमा कुनै विवाद नभएको ।

(ख) लक्ष्मी आचार्य समूहसँग कुनै घरायसी नाता सम्बन्ध र व्यापारिक सम्बन्ध नभएका व्यक्तिहरूले कमसल मूल्यको जग्गा बढी मूल्यांकन गराई तदनुरूप बैंकको नाममा दृष्टि बन्धक गराउँदा कुनै मिलोमतो थिएन भनी विशेष अदालतले गरेको व्याख्या त्रुटिपूर्ण छ । आफ्नो जग्गाको मूल्य कति पर्ने हो भन्ने तथ्य निजहरूलाई जानकारी हुँदाहुँदै बढी मूल्यमा दृष्टिबन्धक पास गराउने यी प्रतिवादीहरूको अन्य प्रतिवादीहरूसँग मिलोमतो रहेको पुष्टि भएको छ ।

११. प्रतिवादीहरू सरस्वती थापा, कालीका खड्का र भक्ति उप्रेतीलाई सफाइ दिँदा लिएका आधारहरूः-

क. प्र.सरस्वती थापा र कालीका आचर्य (खड्का) ले शुरु म्याद गुजारी बसेका,

ख. भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ अन्तर्गत कसूर स्थापित गरी सजाय माग दाबी गर्न नसकेको ।

१२. <u>पुनरावेदनका आधारहरू</u>

(क) प्रतिवादी सरस्वती थापा र कालीका खड्का अदालतमा उपस्थित नभई कसूर स्वीकार गरी बसेका छन् र विशेष अदालतले उपस्थित नभएको तथ्यलाई स्वीकार गरेको छ ।

(ख) यी प्रतिवादीहरूका लोग्ने प्र. हरू शेरवहादुर थापा, अम्बरकुमार खड्का र मोती उप्रेतीले बैंकको रकम अनियमित रूपमा निकाली भ्रष्टाचार गरी खाएको भन्ने तथ्यलाई विशेष अदालतले स्वीकार गर्दै सजाय समेत गरिसकेको छ । यी प्रतिवादीहरूले अनियमितता गरी जम्मा गरेको रुपैयाँबाट आफ्ना श्रीमतीहरू सरस्वती थापा, कालीका खड्का र भक्ति उप्रेतीको नाममा घरजग्गा तथा शेयर खरिद गरेको अभियोग खण्डको पाना १२४ र १३५ मा स्पष्ट रूपमा उल्लेख गरिएको छ । प्र. सरस्वती थापाले आफ्नो नाममा खरिद गरेको सो घरजग्गा वैधानिक रूपमा आय आर्जन गरी खरिद गरेको घरजग्गा हो भनी अदालतमा आई बयान गर्न सकेको छैन भने कालीका खड्काको नाममा रहेको शेयर पनि वैधानिक आयस्रोतबाट जम्मा भएको रकमले खरिद गरेको भनी अदालतमा आई बयान गर्न सकेको छैन । यसरी प्रतिवाद नै गर्न नसकिरहेको स्थितिमा निजका लोग्नेहरूले भ्रष्टाचार गरी जम्मा गरेको रकमले सो घरजग्गा तथा शेयर खरिद गरेको पुष्टि भइरहेको छ । यसै गरी मोती उप्रेतीले भ्रष्टाचारबाट संकलन गरेको रुपैयाँबाट आफ्नो श्रीमतीको नाममा शेयर खरिद गरेको भन्ने प्रमाणित भइरहेको छ । यसरी

लोग्नेले भ्रष्टाचार गरी संकलन गरेको रुपैयाँबाट यी प्रतिवादीहरूको नाममा खरिद गरेको घर जग्गा तथा शेयर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को कसूर भएकोले ऐ.ऐनको दफा १६(ग) बमोजिम त्यस्तो सम्पत्ति जफत हुन माग दाबी लिइरहेको अवस्थामा विशेष अदालतले आत्मनिष्ठ व्याख्या गरी जफत नगर्ने ठहऱ्याएको हदसम्म फैसला त्रुटिपूर्ण हुँदा अभियोग माग दाबी बमोजिम यी प्रतिवादीहरूको नामको सम्पत्ति जफत हुनु पर्ने ।

१३. प्रतिवादी लक्ष्मीप्रसाद आचार्य, चिरञ्जीवी आचार्य, अच्यूतप्रसाद रिजाल, भरतराज कोइराला, रूद्रप्रसाद भट्टराई, मोती उप्रेती, कृष्णप्रसाद कुइकेल, एपाची गाउण्डर चन्दन, पदमावती चन्दन र पुलीकल रविन्द्रन समेतलाई कसूरको गाम्भीर्यताको आधारमा अदालतबाट कैद सजाय नगरेको हदसम्म त्रुटिपूर्ण हुँदा यी प्रतिवादीहरूलाई अभियोग माग बमोजिम कैदको समेत सजाय गरीपाउँ ।

१४. अतः उल्लेखित आधार तथा बुँदाहरूको आधारमा प्रतिवादीहरूलाई आरोपपत्र माग दाबी बमोजिम हदैसम्म सजायँ गरीपाउँ ।

२९. **धादिङ नलाङ गा.वि.स.वडा नं. ३ बस्ने विश्वप्रिया मल्ल ............................**
ऐ.ऐ.घर भई हाल क.जि.का.म.न.पा.वा. नं. ३४ बानेश्वर बस्ने गेहेन्द्रवहादुर मल्ल
का.जि. थानकोट गा.वि.स.वडा नं.१ बस्ने राम खड्का ..............................
का.म.न.पा.वडा नं.१५ निवासी नेपाल बैंक लिमिटेडका पूर्व नायव महाप्रबन्धक शेरवहादुर थापा..
ऐ.वडा नं. ३२ डिल्लीवजार घर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका उत्तमकुमार नेपाल ........................................................
ऐ.वडा नं. ३० असन घर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका पुरुषोत्तम प्रसाद श्रेष्ठ .......................................................
भक्तपुर बालकोट गा.वि.स.वडा नं. ५ घर भई नेपाल बैंक लिमिटेडका पूर्व कर्मचारी लोकबहादुर श्रेष्ठ .................................................................
ऐ.वडा नं. ३२ डिल्लीबजार बस्ने नेपाल बैंक लिमिटेडका पूर्व कर्मचारी कृष्णबहादुर कारंजित ....
का.म.न.पा.वडा नं. ३१ बागबजार घर भई नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ कार्यालयका इन्दिरा गुरुङ ..................................................................
ऐ.वडा नं. ३४ बस्ने रजनीलोचन प्रसाद तण्डुकार ...................................
ऐ.ऐ.भोटाहिटी बस्ने मूल्यांकन कर्जा इन्जिनियर रमेश मानन्धर ....................
ऐ.वडा नं. १७ ठहिटी बस्ने सोही बैंकका सहायक प्रबन्धक प्रकाश मानन्धर ....
का.जि.का.म.न.पा.वा. नं. ३ धापासी बस्ने सोही बैंकका सुपरिक्षक धुवराम प्रधान पाल्पा जि.तानसेन नगरपालिका बस्ने सोही बैंकका सहायक प्रबन्धक रवि श्रेष्ठ
का.जि.का.म.न.पा.वडा नं. ३३ ज्ञानेश्वर बस्ने सुपरिक्षक प्रदिप न्यौपाने ........
धादिङ नालाङ्ग गा.वि.स.वडा नं. ३ बस्ने रामप्रसाद अधिकारी ......................
का.जि.थानकोट गा.वि.स.वडा नं. १ बस्ने पृथ्वी बहादुर लामा .....................
ऐ.का.म.न.पा.वडा नं. २७ न्हैकतला बस्ने पुरूषोत्तम कायस्थ .....................

ऐ.थानकोट गा.वि.स.वडा नं. १ बस्ने राम तामाङ ..............................समेत रहेको अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

**फैसला मिति** : २०६२।७।१३

**फैसलाको प्रकृति :**

१ उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरू उपर साविक भ्र.नि.ऐन, २०१७ को दफा ७(१), ७(२), ८, १५, १६ र २९ बमोजिम प्रतिवादीहरूलाई कसूर एवं सजाय हुने माग दाबी लिइएकोमा विशेष अदालतबाट विश्वप्रिया मल्ल समेतका केही प्रतिवादीहरूलाई माग दाबी बमोजिम कसूर अपराध गरेको ठहऱ्याई, शेरबहादुर थापा समेतका केही प्रतिवादीहरूलाई कम सजाय गरी र केही प्रतिवादी इन्दिरा गुरुङ समेतलाई सफाइ दिने ठहर गरेको

फैसलाका आधार- :

(क) सबै प्रतिवादीहरू उपर एउटै बिगोको दाबी लिई सबै प्रतिवादीले बराबर पाएको वा यो यसले यति पाएको भन्ने उजूरी प्रतिवेदनबाट नखुलेको अवस्थामा प्रतिवादीहरू सबैबाट भराउन न्यायसंगत नहुने ।

**२. पुनरावेदनका आधार र कारण**

(क) एउटाको मात्र कार्यले भ्रष्टाचारको कसूर पूरा नहुने हुँदा सबै जनाको कार्यको समष्टीरूपले भ्रष्टाचारको कार्य भएको हुँदा सबै व्यक्तिको कार्यलाई एकीकृत रूपमा हेरी निजहरू उपर हानि नोक्सानी भएको रकमलाई कसूरको बिगो कायम गरी सोही बमोजिम जरिवाना हुनुपर्नेमा बिगो नखुलेको कसूर बापत जस्तो गरी प्रतिवादी शेरबहादुर थापा समेतलाई कैद तथा रु ५०००।- मात्र जरिवाना गरेको फैसला त्रुटिपूर्ण छ । सबै प्रतिवादीहरूलाई बिगो बमोजिम जरिवाना समेत गरी पाउँ ।

३. प्रतिवादीहरू इन्दिरा गुरुङ, रामप्रसाद अधिकारी, पृथ्वीबहादुर लामा, राम तामाङ र पुरुषोत्तम प्रसाद कायस्थलाई अभियोग दाबीबाट सफाइ दिने फैसलाका आधार ।

(क) प्रतिवादीहरूले कर्जा कमिटीको निर्णयमा पछि सही गरेको हुँदा बैंक नीति निर्देशन विपरित जानी बुझी बदनियत राखी निर्णय सही नगरेको ।

(ख) कम मूल्यको जग्गा बढी मूल्यमा दृष्टिबन्धक पारित गराई धितो राखी कर्जा लिने दिने कार्यमा पृथ्वीबहादुर, रामप्रसाद अधिकारी, पुरुषोत्तम प्रसाद कायस्थ, राम तामाङ समेतको संलग्नता नरहेको ।

४. प्रतिवादी इन्दिरा गुरुङ समेतका हकमा पुनरावेदनका आधार र कारणः-

(क) प्र.इन्दिरा गुरुङले मिति २०५५।१२।१२ मा भएको कर्जा कमिटीको निर्णयमा मिति २०५५।१२।१९ मा सही गरेको हुँदा सोही कार्यले निज भ्रष्टाचार जन्य कसूरमा संलग्न भएको पुष्टि हुने । निजले निर्णयमा समर्थन जनाएबाट नै भ्रष्टाचार जन्य कार्यमा निजको सहभागिता पुष्टि हुन्छ ।

(ख) नेपाल बैंकबाट ऋण लिनका लागि धितो स्वरूप आफ्ना नाममा तथा स्वामित्वमा रहेको जग्गा धितो स्वरूप दिने प्रतिवादीहरू रामप्रसाद अधिकारी, पृथ्वीवहादुर लामा, राम तामाङ र पुरुषोत्तम प्रसाद कायस्थले कम मूल्यमा खरिद गरेको जग्गालाई बढी मूल्यमा धितोको लागि दृष्टिबन्धक पास गरी मन्जुरी सहित दिएको कुरा विवाद रहित रहेको छ । यी प्रतिवादीहरू समेतको कार्यको परिणामबाट भ्रष्टाचार जन्य कसूर भएकोले निजहरूलाई आरोपित कसूरबाट सफाइ दिन मिल्ने होइन ।

५ अत: उल्लेखित आधार तथा बुँदाहरूको आधारमा कम जरिवाना गर्ने र अभियोग माग दाबी पुग्न नसक्ने ठहर गरी केही प्रतिवादीहरूलाई सफाइ दिने गरेको सम्मानित विशेष अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी शुरु आरोपपत्र माग दाबी बमोजिम ठहर गरी पाउँ ।

३०. **पर्सा जि. वीरगन्ज उपनगरपालिका वडा नं. १४ घर भई रा.बा.बैंक बानेश्वर शाखाका तत्कालीन प्रवन्धक दिलिपकुमार श्रेष्ठ** .........................................

का.जि.का.म.न.पा.वडा नं. १ नक्शाल घर भई ऐ.ऐ.का तत्कालीन शाखा प्रबन्धक वीरेन्द्रनाथ लोहनी ...........................................................................

ऐ.ऐ.वडा नं. २७ त्यौड टोल घर भई ऐ.ऐ.का प्रबन्धक श्रीकृष्ण श्रेष्ठ ................

का.जि.गोठाटार गा.वि.स.वडा नं. ८ घर भई ऐ.ऐ.का तत्कालीन लेखा अधिकृत भरतबहादुर बस्नेत ........................................................................

मेची अंचल इलाम न.पा. स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. ३२ घट्टेकुलो बस्ने ऐ.ऐ.का तत्कालीन सहलेखा अधिकृत गीता पराजुली ................

भक्तपुर जि.मध्येपुर ठिमी न.पा.वडा नं. ४ नगदेश घर भई ऐ.ऐ.का तत्कालीन वरिष्ठ साहायक महेन्द्रभक्त प्रधानाङ्ग .......................................................

हरिनगर नयाँ दिल्ली घर भई हाल (२।२७) नक्साल भगवतीबहाल, काठमाडौं बस्ने डि.एण्ड डि. क्लोदिङ्ग प्रा.लि.का प्रवन्धक निर्देशक कृष्णनाथ गायकवाड .............समेत रहेको भ्रष्टाचार मुद्दा ।

**फैसला मिति** : २०६२।१।८।५

**फैसलाको प्रकृति** :

१. उल्लेखित प्रत्यर्थीहरूका विरुद्ध दायर गरिएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२), ८ तथा दफा २९ समेतको कसूरमा सोही ऐन बमोजिम सजाय गरी पाउं भन्ने माग दाबी लिइएकोमा विशेष अदालत, काठमाडौंबाट फैसला गरिंदा प्रतिवादी श्रीकृष्ण श्रेष्ठले अभियोग माग दाबीबाट पूरै सफाइ पाउने र अन्य प्रतिवादीहरू कृष्णनाथ गायकवाड समेतले अभियोग माग दाबी बमोजिम कसूर गरेको ठहर गरे पनि माग दाबी भन्दा कम सजाय गर्ने ठहऱ्याएको ।

**फैसलामा लिएका आधार एवं पुनरावेदन जिकिरहरू**

(क) प्र.कृष्णनाथ गायकवाडले विदेशी आयातकर्ताको निमित्त वैदेशिक बैंकले जारी गरेका आयात प्रतीतपत्र पेश गरी (यस कार्यलाई बैंकिङ कारोबारमा फरेन बिल्स नेगोसियसन (संक्षिप्तमा

एफ.वि.एन. भनिन्छ) राष्ट्रिय वाणिज्य बैंकको बानेश्वर शाखाबाट रु ९,८०,०७,२१०।१२ भुक्तानी लिएको निजले पेश गरेको कागजातहरू नक्कली, जालसाजी, किर्ते र सच्चाइएका देखी देखी बैंकका सो सम्बन्धी कानून र परिपत्र समेतको उल्लघन गरी निजलाई सो शाखामा काम गर्ने कर्मचारीहरूले सो रकम उपलब्ध गराएका र सो गैरकानूनी कार्य कर्मचारी र प्र.कृष्णनाथ गायकवाडको मिलोमतोमा गरिएको बदनियतपूर्ण कार्य भएको र सो कार्यबाट बैंकलाई हानि नोक्सानी भएको भन्ने नै प्रस्तुत मुद्दाको अभियोग हो ।

(ख) प्रतिवादी मध्येको कृष्णनाथ गायकवाडले मिति २०५३।६।३० देखि मिति २०५५ साल आषाढ मसान्तसम्मा विभिन्न ४९ वटा फोरन विल्स नेगोसियसन (FBN) बाट राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखाबाट रु. ९,८०,०७,२१०।१२ भुक्तानी लिएको भन्ने कुरामा कुनै विवाद छैन । त्यसरी भुक्तानी लिन पेश गरेका कागजहरू किर्ते, जालसाजी र नक्कली हुनुका अतिरिक्त ती कागजहरू पनि अंक, अक्षर सच्चाइएको स्पष्ट भएको कुरामा र त्यस्ता नक्कली किर्ते जालसाजी र सच्चिएको कागजातहरूको आधारमा बैंकका कर्मचारीहरूले पालना गर्नुपर्ने कानूनी दायित्व उल्लंघन गरी बदनियतपूर्वक बैंकलाई हानि नोक्सानी पार्ने र प्रतिवादी मध्येको कृष्णनाथ गायकवाड समेतलाई गैरकानूनी लाभ पुऱ्याउने काम गरेको तथ्यलाई अदालतले स्पष्ट रूपमा ठहर गरिसकेको छ । यसरी प्रतिवादीहरूको बदनियतपूर्ण र कसूरजन्य कामबाट बैंकको रु ९,८०,०७,२१०।१२ निजलाई भुक्तानी भएको भन्ने तथ्यलाई अदालतले ठहर गरिसकेको अवस्थामा छ । यस प्रकार प्रतिवादीहरूको बदनियतपूर्ण मिलोमतोबाट भएको कसूर सम्बन्धमा कानून बमोजिम सजाय गर्ने प्रयोजनको लागि समेत रु ९,८०,०७,२१०।१२ बिगो कायम गरी सोही बमोजिम सजाय गर्नुपर्नेमा कम बिगो कायम गरी सजाय गरेको त्रुटिपूर्ण छ ।

(ग) प्रतिवादीहरूबाट भएको भ्रष्टाचारजन्य कसूर उपर उजूरी परी अनुसन्धान कारबाही शुरु भएपछि मात्र उल्लेखित बिगोको केही रकम तिरे बुझाएको आधारमा सजाय गर्ने प्रयोजनको लागि घटी बिगो कायम गर्न वा सफाइ दिन समेत मिल्दैन । कसूर हुंदाको अवस्थाको बिगो नै सजायको प्रयोजनको लागि कायम गरिने बिगो हो । कसूर प्रकाश भएपछि, कारबाही शुरु भएपछि रकम बुझाएमा वा बिगो फिर्ता गरेमा सो रकमलाई कसूरको बिगो नमान्नु फौज्दारी कानूनको दण्ड व्यवस्था प्रतिकूल हुन्छ । बिगो र सजाय कसूर गरेकै दिनको कायम गरिनु पर्दछ । अन्यथा कसूर सम्बन्धमा उजूरी परेमा, कारबाही भएमा वा मुद्दा परेमा बिगो बुझाई सजायबाट उम्कन पाउने कारबाही नभएसम्म आफैले उपभोग गर्न पाउने अवसर कसूरदारलाई प्राप्त हुन गई अपराधीलाई प्रश्रय मिल्न जान्छ । अपराधीलाई प्रश्रय मिल्ने गरी कानूनको व्याख्या र फौज्दारी कानूनको प्रयोग गर्न मिल्दैन । कसूर उपर अनुसन्धान शुरु भएपछि तिरे बुझाएको रकमलाई घटाएर अथवा कसूरको बिगो नै नमानेर सम्मानित विशेष अदालतको फैसलाबाट आपराधिक मनोवृत्तिले हौसला पाउने त्रुटिपूर्ण व्याख्या भएको छ । यसका साथै असूल उपर गर्न उल्लेख गरिएको बिगोलाई कसूरको बिगो भन्ने मानेर सम्मानित विशेष अदालतले तथ्यगत रूपमा पनि त्रुटिपूर्ण निर्णय गरेको प्रस्ट छ ।

(घ) अतएव, प्र. श्री कृष्ण श्रेष्ठले निज प्रवन्धक हुँदा भुक्तानी दिएको रकम रु २७,८०,९२८।- बिगो कायम गरी सोही आधारमा सजाय हुनु पर्ने र प्र. कृष्णनाथ गायकवाड उपर सम्पूर्ण बिगो रु ९,८०,०७,२१०।१२ बिगो कायम गरी सजाय हुनु पर्नेमा प्र. श्रीकृष्ण श्रेष्ठलाई सफाइ दिएको र प्र. कृष्णनाथ गायकवाडलाई कसूरको बिगो रु ६,४५,३०,८२७४६ मात्र कायम गरी सोही बिगो अनुसार मात्र सजाय गर्ने गरेको फैसला त्रुटिपूर्ण छ ।

(ङ) प्र. महेन्द्रभक्त प्रधानांग समेतका प्रतिवादीहरूका सम्बन्धमा निजहरूले भ्र.नि.ऐन, २०१७ को दफा ७(२) बमोजिम सजाय हुने कसूर गरको कुरालाई अदालतले स्वीकार गरेको छ तापनि सजाय गर्दा निजहरू सम्लग्न भएको कसूरसँग सम्बन्धित बिगोका आधारमा सजाय नगरी बिगो नखुलेको कसूरमा हुने सरहको सजाय गरेको हुनाले सो हदसम्म फैसला त्रुटिपूर्ण छ । प्रतिवादी कृष्णनाथ गायकवाडले पेश गरेको किर्ते तथा दुषित कागजातलाई स्वीकार गरी निजलाई रु ९,८०,०७,२१०।१२ भुक्तानी दिने मध्ये कुन कुन प्रतिवादीहरू के कति रकम भुक्तानी गर्ने कार्यमा संलग्न छन् सो उल्लेख गरी प्रतिव्यक्ति बिगो उल्लेख गरेर अभियोग पत्र पेश गरेको हुँदा बिगो नखुलेको कसूरमा हुने सजाय गर्नु त्रुटिपूर्ण छ । अतः सबै प्रतिवादीहरूलाई अभियोग माग दाबी बमोजिम सजाय गरी पाउँ ।

२ आरोपपत्रमा प्र. कृष्णनाथ गायकवाडबाट निजले बैंकलाई नबुझाई हानि नोक्सानी पारेको रकम रु ६,४५,३०,८२७।४६ र सो को व्याज समेतको दाबी गरिएको सम्बन्धमा प्रस्तुत मुद्दा सावाँ व्याज भराई पाउँ भन्ने देवानी प्रकृतिको नभएको गैरकानूनी हानि नोक्सानी भएको बिगो भराई पाऊँ भन्ने भएको हुनाले अदालत स्वयमले व्याजको अंक यकिन गरी बिगो कायम गर्न नमिल्ने भन्ने आधारमा व्याज भराउन नमिल्ने फैसला गरिएको छ । सम्मानित अदालतको सो निर्णय निम्न आधारमा त्रुटिपूर्ण छ ।

(क) सम्मानित विशेष अदालतले प्र.कृष्णनाथ गायकवाडले गैरकानूनी तवरबाट रु ९,८०,०७,२१०।१२ बैंकबाट भुक्तानी लिएको तथ्य ठहर गरिसकेको अवस्था छ । एकातिर कसूर हुँदाको समयमा बैंकलाई गैरकानूनी हानि नोक्सानी पारेको बिगोका आधारमा सजाय नगरी मुद्दा दायर गर्नुअघि बुझाएको बिगोलाई घटाएर बाँकी बिगोको आधारमा मात्र सजाय गरिएको छ भने सो बाँकी बिगोको व्याज भराउनु नपर्ने फैसला गरेर गैरकानूनी कार्य गरी रकम लिई वर्षौंसम्म उपभोग गर्ने, लाभ फाइदा लिने तर कसूरमा कारबाही भएमा सो रकम फिर्ता गर्ने तिर्ने बुझाउने व्यक्तिलाई सजाय पनि नहुने र व्याज पनि बुझाउनु नपर्ने स्थिति सृजना गरी कसूर गर्ने कसूरदार नै पुरस्कृत हुने अवस्था फैसलाबाट भएको छ ।

(ख) सम्मानित अदालतले लिएको तर्कका आधारमा यदि प्र.कृष्णनाथ गायकवाडले गैरकानूनी तवरबाट लिएको बिगो रु ९,८०,०७,२१०।१२ प्रस्तुत मुद्दा दायर हुने एकदिन अघिमात्र व्यांकमा जम्मा गरेको भएमा कसूर बापत सजाय पनि नहुने र गैरकानूनी हानि नोक्सानी गरेको बिगोको व्याज पनि बुझाउनु नपरी पुरस्कृत हुने अवस्था हुन्छ । अतएव, कसूरदारलाई निजले गरेको कसूर बापत हुनु पर्ने सजाय र निजले व्यहोर्नु पर्ने आपराधिक क्षति (Criminal Damage) बाट पनि उन्मुक्ति दिने परिणाम हुने गरी निर्णयाधार बनाउन हुँदैन ।

(ग) अदालतले व्याजको रकम यकिन गरी अंक किटान गरी रहनु आवश्यक छैन । आपराधिक कार्यबाट परेको हानि नोक्सानीको क्षतिपूर्ति प्रतिवादीले व्यहोर्नु पर्ने हुँदा बिगो र कानून बमोजिम बुझाउनु पर्ने व्याज व्यांकले भरी पाउनेसम्म अदालतले ठहर गर्नुपर्नेमा सोसम्म ठहर नगरेको निर्णय त्रुटिपूर्ण छ ।

अतएव: माथि प्रकरणहरूमा गरिएका जिकिरहरूको आधारमा विशेष अदालत, काठमाडौंले गरेको मिति २०६२।१।८।५ को फैसला सो हदतक बदर गरी अभियोग माग दाबी बमोजिम सजाय गरी बैंकलाई हानि नोक्सानी परेको बिगो र सोको व्याज समेत भराई पाउँ ।

## पुनरावलोकनको निवेदन :

३१. **विषय : पुनरावलोकन गरी पाउं ।**

**निवेदक** : गुठी संस्थान केन्द्रीय कार्यालयमा मुख्य अधिकृत पदमा कार्यरत दिपक बहादुर पाण्डे ।
**फैसला गर्ने अदालत** : सर्वोच्च अदालत, काठमाडौं ।

**फैसला मिति** : २०६२।३।२८

**फैसलामा लिइएका पुनरावलोकनका आधारहरू**

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ( यस पछि 'ऐन' भनिएको) को दफा १२(१) र (२) मा सार्वजनिक पद धारण गरेको व्यक्तिलाई कस्तो प्रकारको विभागीय सजाय गर्ने हो सो को आफैं ठहर निर्णय गर्ने वा सजाय प्रस्तावित गर्ने अधिकार आयोगलाई प्रदान गरेको नभई विभागीय कारबाही गर्न अख्तियारवालालाई लेखी पठाउनसम्मको अधिकार प्रदान गरेको कानूनी व्यवस्था रहेकोले आयोगले गरेको निर्णय र सो निर्णय सदर गरेको गुठी संस्थान संचालक समितिको निर्णय बदर हुने ।

**पुनरावलोकनका आधारहरू**

(क) संविधान तथा कानूनले आयोगलाई अख्तियारवाला समक्ष विभागीय सजाय गर्न लेखी पठाउने अधिकार प्रदान गरेको सम्बन्धमा कुनै विवाद छैन । यसरी लेखी पठाएपश्चात विभागीय कारबाही गर्दा पुऱ्याउनु पर्ने आवश्यक प्रक्रिया पुऱ्याई सजायको प्रस्ताव गर्ने र उपयुक्त सजाय गर्ने अधिकार अख्तियारवालाको भएको स्थितिमा आयोगबाट दुई तलब वृद्धि रोक्का गर्ने भनी सजायको प्रकृति उल्लेख भएको मात्र कारणले आयोगले विभागीय सजायको लागि अख्तियारवाला समक्ष लेखी पठाउने भनी गरेको निर्णय समेतलाई कानून विपरीत मान्न मिल्दैन । आयोगले सजायको प्रकृति किटान गरी अख्तियारवाला समक्ष पठाएको यस्तै प्रकृतिको निर्णय समेतलाई बदर गरी पाउँ भनी रिट निवेदक तिर्थनाथ ठाकुरले दायर गर्नु भएको २०६१ सालको रिट नं. ३०५२ को मुद्दामा सम्मानित अदालतबाट मिति २०६१।७।२४ गते फैसला हुँदा आयोगबाट विभागीय सजायको लागि लेखी पठाउने गरेकोसम्म कार्यलाई कानूनसम्मत मानी आयोगको निर्णयलाई बदर नगरिएको हुँदा सो फैसलाबाट स्थापित हुन आएको नजिरसँग प्रस्तुत मुद्दाको नजिर बाझेको स्पष्ट छ । अतएव सो आधारमा प्रस्तुत मुद्दामा भएको फैसला पुनरावलोकन गरी रिट खारेज गरी पाउँ ।

(ख) प्रस्तुत मुद्दाको फैसलाले स्थापित गरेको नजिर र यो भन्दा पहिले सम्मानित अदालतबाट भएको फैसलाले स्थापित गरेको नजिर बाझिन गएको हुनाले प्रस्तुत मुद्दाको फैसला पुनरावलोकन गरी

पाउं भन्ने माथि प्रकरण (क) मा लिइएको आधारमा प्रतिकूल असर नपारी फैसला पुनरावलोकन हुनु पर्ने अन्य आधार निम्नानुसर छन् -

१. कुनै संवैधानिक वा कानूनी निकाय वा अधिकारीले आफ्नो क्षेत्राधिकारभित्रका विषयमा गरेको कुनै निर्णयमा क्षेत्राधिकार भित्र नपर्ने विषय पनि रहेछ भने त्यत्ति मात्र कारणले त्यस्ता निकायले गरेको सम्पूर्ण निर्णय नै गैरकानूनी हुने वा बदरभागी हुने होइन । क्षेत्राधिकार भन्दा बाहिरको विषयमा गरेको निर्णयसम्म कार्यान्वयन गर्नु नपर्ने वा आवश्यक परे बदर हुन सक्ने हुन्छ तर क्षेत्राधिकार भित्रको विषयमा गरेको निर्णय यथावत नै रहन्छ । क्षेत्रधिकार भित्र पर्ने विषय र क्षेत्राधिकार भित्र नपर्ने विषय छुट्याउन सकिने स्थिति भएसम्म क्षेत्राधिकार भित्र नपर्ने कानून असम्मत अंशसम्म निरस्त गर्न सकिन्छ । Doctrine of Severability को सिद्धान्तको आधारमा पनि आयोगले 'दुई तलब वृद्धि रोक्का गर्नु' भनी उल्लेख गरेको अंश कानूनसम्मत नठहरेको अवस्थामा पनि विभागीय सजायको लागि अख्तियारवालासमक्ष लेखी पठाउने निर्णय कानून सम्मत छ र बदर हुनुपर्ने होइन ।

२. आयोगले अख्तियारवाला समक्ष विभागीय कारबाहीको लागि लेखी पठाउने निर्णय गरेकोमा अख्तियारवालाले ऐनको दफा १२(२) अनुसार उपयुक्त सजायको प्रस्ताव गर्न र कानूनी प्रक्रिया पूरा गरी उपयुक्त सजायको आदेश गर्न सक्ने निजको अधिकारमा आयोगको निर्णयले आँच पुऱ्याएको वा बाधा व्यवधान खडा गरेको छैन । विभागीय सजाय गर्न अधिकारप्राप्त अख्तियारवालाले सम्मानित अदालतमा पेश गरेको लिखित जवाफमा पनि आफ्नो अधिकार आयोगको निर्णयका कारणले कुण्ठित भएको वा उपयुक्त सजाय प्रस्ताव गरी सजायको आदेश गर्न सक्ने अधिकार आयोगको निर्णयका कारणले सीमित भएको भन्ने जिकिर लिएको पनि देखिदैन ।

३. माथि प्रकरण-प्रकरणमा वर्णित आधारहरूबाट सम्मानित अदालतबाट मिति २०६२।३।२८ मा भएको प्रस्तुत मुद्दाको निर्णयमा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को देहाय (ख) को अवस्था विद्यमान भएको हुँदा प्रस्तुत मुद्दाको उक्त निर्णय सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ५३ बमोजिम यसै निवेदनपत्रबाट पुनरावलोकन गरी पाउँ ।

## परिच्छेद – ५
## पुनरावेदन नगरिएका मुद्दाहरुको संक्षिप्त विवरण

आ.व. २०६२/६३ मा बिभिन्न अदालतबाट भएका फैसला उपर आयोगको चित्त बुझी पुनरावेदन नगरिएका मुद्दाहरुको संक्षिप्त विवरण देहायमा उल्लेख गरिएको छ :

१. वादी नेपाल सरकार प्रतिवादी जयन्द्रप्रसाई समेत रहेको किर्ते शैक्षिक योग्यता बनाई भ्रष्टाचार गरे भन्ने मुद्दा विशेष अदालत, काठमाडौबाट मिति २०६१।१२।८ मा फैसला भएकोमा सफाई पाउने प्रतिवादहिरु धेरै जसो राष्ट्रसेवक कर्मचारी नभएका र केही राष्ट्रसेवक कर्मचारीहरु भए पनि आफ्नो विवेक प्रयोग गरी निर्णायक तहका नभएका, राष्ट्रसेवक कर्मचारी समेतका यी प्रतिवादीहरुले आफ्नो ओहदा सम्बन्धी कुनै काम गर्न गराउन घुस रिशवत लिएको नदेखिएको, यी प्रतिवादीहरु नक्कली मार्कसिट समेत बनाउने ओहदाका मानिस भएको पनि नदेखिएको, यी प्रतिवादीहरुले जानीजानी नेपाल कानूनको पालना नगरी सरकारी सुविधा वा अधिकारको दुरुपयोग गरेको पनि नदेखिएको, यो मुद्दा कुनै संघ सगठित संस्थासँग गरिएको संझौता कवुलियतसँग सम्बन्धित विषय पनि नदेखिएको, यी प्रतिवादीहरुले योग्यता वा ओहदा समेत ढाँटेको भन्ने पनि नपाइएको, यी प्रतिवादीहरु उपर मतियारको दावी लिएको पनि नपाइएको आधारमा आयोगको मिति २०६२।४।२ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२. वादी नेपाल सरकार प्रतिवादी मिनवहादुर श्रेष्ठ समेत रहेको मुद्दा पुनरावेदन अदालत, बुटवलबाट मिति २०६२।३।२६ मा फैसला भएकोमा प्रतिवादी मिनबहादुर श्रेष्ठले अनुसन्धान अधिकृत तथा अदालत समक्ष बयान गर्दा आफुले प्रधानपञ्चको दस्तखत किर्ते गर्ने गराउने कार्य नगरेको भनी कसूरमा इन्कार गरी बयान गर्नुका अतिरिक्त निजबाट कुनै दशीको रकम बरामद नभएको समेत कारण जनाई निजलाई सफाई दिने गरी भएको फैसला उपर पुनरावेदन गर्नु पर्ने अवस्था नदेखिँदा आयोगको मिति २०६२।७।२१ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

३. वादी नेपाल सरकार प्रतिवादी केदारनाथ ढुंगाना समेत रहेको अकूत सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरे भन्ने मुद्दा विशेष अदालत, काठमाडौंबाट मिति २०६२।७।२७ मा फैसला भएकोमा प्रतिवादी केदारनाथ ढुंगानाको अदालतमा भ्रष्टाचार मुद्दा चल्दा चल्दैको अवस्थामा मृत्यु भै सकेको भन्ने फैसलामा नै उल्लेख भएको पाइदा तत्कालको मूल्यमा विगो ठहर भए पनि दण्ड सजायको महल को ३ नं ले पुनराबेदन गरी थप विगो कायम गराई जरिबाना हुन सक्ने अवस्था नभएको तथा प्रतिवादी केदारनाथ ढुंगानाको बाबु सोमनाथ मोहि जनिएको कि.नं. १२१ को जग्गामा भएका दुई घर मध्ये प्रतिबादी बसेको घर दाबी बमोजिम ठहर भएको तर २०२१ सालको नापी नक्सामा नै घर देखिइ निजको भाई श्याम ढुंङ्गाना बस्दै आएको घर मर्मत गरी बनाई १५ बर्ष देखि अलग बसेको ब्यहोरा मूल्याङ्कन प्रतिबेदन तथा मुचुल्काबाट देखिनुको अतिरिक्त निजलाई आरोपपत्रमा प्रतिबादी बनाईएको समेत नहुँदा आयोगको मिति २०६२।१०।१९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

४. वादी नेपाल सरकार विरुद्ध प्रतिवादी चुमवहादुर जि.सी. भएको भ्रष्टाचार मुद्दामा विशेष अदालत, काठमाडौबाट मिति २०६२।१०।१ मा फैसला भएकोमा उच्च माध्यमिक शिक्षा परिषद मार्फत

प्रतिवादीको प्रमाणपत्र पुनः प्रमाणीकरणका लागि पठाएकोमा सक्कली भन्ने सम्बन्धित विश्व विद्यालयबाट लेखिआएको, तृतीय श्रेणीमा उर्त्तिण भएको भनी नक्कली प्रमाणपत्र पेश गर्ने संभावना कम रहेको, बढुवाको प्रयोजनका लागि नक्कली प्रमाणपत्र पेश गरेको कुरामा प्रतिवादी अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दा इन्कार रहेका तथा प्रस्तुत मुद्दामा आयोगको तर्फबाट पुनरावेदन गरी सफलता प्राप्त हुने संभावना र अवस्था नरहेको आधारमा आयोगको मिति २०६३/१/११ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

५. वादी नेपाल सरकार विरुद्ध फत्तेबहादुर बुढाथोकी र मंगलसेन गर्ग प्रतिवादी रहेको मल दाखिल नगरी भ्रष्टाचार गरे भन्ने मुद्दा विशेष अदालत, काठमाडौंबाट मिति २०६२।१२।२१ मा फैसला भएकोमा प्रतिवादी मध्येका मंगलसेन गर्गले संस्थानसँग ४१ मे.ट. (८२० बोरा) मल ढुवानी गर्न ठेकेदार नियुक्ती भई मल ढुवानी नगरेकाले सो मलको हुन आउने रु. ५,०५,८१७०८ रकम र हर्जना समेत असुल उपर भई सक्यो भनी अदालतमा गरेको बयानको पुष्टाई अदालतको फैसलामा समेत उल्लेख भएको देखिएको, प्रतिवादी मध्येको मंगलसेन गर्गले मल ढुवानी गरी बुझाएको भर्पाइ छ भनी बयानमा उल्लेख गरे अनुसार सम्बन्धित कर्मचारीबाट उक्त मल ढुवानीको परिमाण बुझिलिएको प्रमाणित र स्पष्ट आधार नदेखिएको, संस्थानको रकम असूल भई सकेको अवस्थामा कुनै नोक्सानी भएको नदेखिएको, संस्थानको स्टोरमा दाखिला भई सकेपछि मल हिनामिना भएको भन्ने कुनै अभिलेखबाट पुष्टि हुन नआएको, उक्त मल ननडेलीभरीमा राखी सो मल र ढुवानी बापतको रकम र हर्जाना कट्टा गरेको देखिएको अवस्थामा भ्रष्टाचारको कसूर प्रमाणित हुन नआउने, प्रतिवादीहरुको भ्रष्टाचार गर्ने बदनियत पुष्टि हुन सक्ने आधार प्रमाण मिसिल संलग्न नभएको समेतको आधारमा आयोगको मिति २०६३/२/२८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

## परिच्छेद – ६
## विभागीय कारवाही

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टिकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत गराउने वा कसूरको मात्रा अनुसार कारण र आधार खुलाई विभागीय सजाय गर्न अख्तियारवालालाई लेखी पठाउन सक्ने व्यवस्था छ। सोही अनुरुप आर्थिक वर्ष २०६२/६३ मा विभागीय कारवाहीका लागि बिभिन्न निकायमा लेखी पठाईएको मन्त्रालयगत बिबरण देहाय बमोजिम उल्लेख गरिएको छ।

**(क) अर्थ मन्त्रालय अन्तर्गत**

१. कृषि विकास वैंक, वैंकिंग कार्यालय, पुतली सडक, काठमाडौंबाट कर्जा लगानी गर्दा अनियमित गरी वैंक डुवाउने काम भएकोले उल्लिखित ऋणीहरुको फाइल छानवीन होस् भनी दिएको उजूरी उपर अनुसन्धान हुँदा ऋणीले कर्जा लिंदा धितो राखेको जग्गा र आवश्यक परे पछिवाट वैंकले ऋणीका पिताका नामको रोक्का रहेको घर जग्गा समेतबाट वैंकको सम्पूर्ण लेना रकम असूल गर्न बैंकको प्रचलित कानून बमोजिम गर्नु भनी कृषि विकास बैंकलाई लेखिएको तथा धितो मूल्यांकनकर्ता एवं ऋण कमिटीका सदस्यहरु तत्कालिन शाखा अधिकृत शशिराज सिंह (हाल शाखा प्रमुख, ठमेल) र कार्यालय सहायक सुवर्ण मान रंजितले वैंकको नीति निर्देशन विपरित धितो लिन नहुने जग्गाको धितो मूल्यांकन गरी प्रतिवेदन दिई ऋण कमिटीमा वसी कर्जा दिने निर्णयमा समेत संलग्न भएको देखिंदा निजहरुलाई वैंकको नियमानुसार कारवाही गरी सो को जानकारी आयोगमा पठाउन आयोगको मिति २०६२/५/१५ को निर्णयानुसार कृषि विकास वैंकलाई लेखी पठाईएको।

२. कृषि विकास बैंकका महाप्रबन्धक रामचन्द्र महर्जन समेतको मिलेमतोमा अनिता इलेक्ट्रीकल एण्ड मेकानिक कम्पनी प्रा.लि., रवि इन्टरनेशनल र काठमाण्डौ टुकटुक प्रा.लि.का संचालक जगरनाथ प्रसाद सोनार समेतबाट हायरपर्चेज अन्तर्गत नेपाल अधिराज्य भरीका कृषि विकास बैंकबाट हालसम्ममा करीव एक अरव रुपैंया डुबेको भन्ने विषयको उजूरी उपर अनुसन्धान गर्दा आयोगको मिति २०६२/९/१२ को निर्णयानुसार देहायका पदाधिकारीहरु उपर देहायको कारवाही गर्न लेखी पठाइएको :

- कृषि विकास बैंक, लगनखेल शाखाका तत्कालिन मुख्य प्रबन्धक पवन कुमार बज्राचार्य( १७७) ले प्रचलित कानून विपरित हुने गरी कार्य गरेको, रिफरेन्स नं. र मिति नै नभएको कोटेशन स्वीकृत गरेको, मू.अ.क. विजक पेश नभएको र भंसार प्रज्ञापनपत्र लगायतका कागजातहरु समेत पेश नभएको, नगराएको लगायतका अनियमित कार्यहरु गरेको देखिएकोले निजले पदीय दायित्व र जिम्मेवारी पूरा नगरेको देखिएको र उक्त कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को (ख), (ग), (घ) र (छ) अन्तरगत अनुचित कार्य गरेको देखिनुका साथै कृषि विकास बैंक, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०२४ को परिच्छेद ७ को नियम ७ (क) को कसूर गरेको पुष्टि भएबाट ऐ. परिच्छेद ७ को नियम १ को (ख) अनुसार खाई पाई आएको ग्रेड मध्येबाट ५ (पाँच) ग्रेड घटुवा गर्ने।

- कृषि विकास बैंक, लगनखेल शाखाका तत्कालिन शाखा प्रमुख जगदिश प्रसाद पोखरेल ( ६४६) ले मिति बिनाको कोटेशन राखिएको समेतका अनियमित कार्यहरु गरको देखिई निजले पदीय दायित्व पूरा नगरेको देखिएबाट निजको उक्त कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को (ख) अन्तरगत अनुचित कार्य गरेको देखिनुका साथै कृषि विकास बैंक, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०२४ को परिच्छेद ७ को नियम ७ (क) को कसूर गरेको पुष्टि भएबाट ऐ. परिच्छेद ७ को नियम १ को (ख) अनुसार खाई पाई आएको ग्रेड मध्येबाट २ (दुई) ग्रेड घटुवा गर्ने ।
- कृषि विकास बैंक, लगनखेल शाखाका तत्कालिन शाखा अधिकृत केशवलाल पालिखे ( ८५५) ले ऋणीले बैंकमा ३० प्रतिशत रकम दाखिला गरेपछि मात्र ऋण लगानी गर्ने सम्बन्धमा बैंक र ऋणी बीच भएको सम्झौताको शर्त नं. १ मा स्पष्ट हुँदा हुँदै पुनः लगानी गर्दा ३० प्रतिशत रकम बैंकमा जम्मा नगराएको, प्रदूषणमुक्त प्रमाण फाइलमा नरहेको, पुन लगानी गर्दा पनि शुरुकै बराबर रकम लगानी गरिएको, कोटा प्राप्त हुनुपूर्व नै लगानी गरेको र कतिपय गाडीको बीमा गरेको प्रमाण नरहेको तथा मिति बिनाको कोटेशन राखिएको समेतका अनियमित कार्यहरु गरेको देखिएकोले निजले पदीय दायित्व पुरा नगरेको देखिन गएकोले निजको उक्त कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को (ख) अन्तरगत अनुचित कार्य गरेको देखिनुका साथै कृषि विकास बैंक, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०२४ को परिच्छेद ७ को नियम ७ (क) को कसूर गरेको पुष्टि भएबाट ऐ. परिच्छेद ७ को नियम १ को (ख) अनुसार खाई पाई आएको ग्रेड मध्येबाट २ (दुई) ग्रेड घटुवा गर्ने ।
- कृषि विकास बैंक, वीरगञ्ज शाखाका तत्कालिन प्रबन्धक ओम बहादुर श्रेष्ठ (३९८) ले ऋणीले ३० प्रतिशत रकम कम्पनीमा दाखिला गरेको आधारमा ७० प्रतिशत लगानी गर्दा बैंक र ऋणी बीच भएको सम्झौताको शर्त नं. १ को विपरित हुने गरी लगानी गरी जिम्मेवारी पूरा नगरेको समेतको आधारमा निजको उक्त कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को (ख), (ग) र (घ) अन्तरगत अनुचित कार्य गरेको देखिनुका साथै कृषि विकास बैंक, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०२४ को परिच्छेद ७ को नियम ७ (क) को कसूर गरेको पुष्टि भएबाट ऐ. परिच्छेद ७ को नियम १ को (ख) अनुसार खाई पाई आएको ग्रेड मध्येबाट ४ (चार) ग्रेड घटुवा गर्ने ।
- कृषि विकास बैंक, वीरगञ्ज शाखाका तत्कालिन शाखा अधिकृत कृष्णकुमार साह ( १०७६) ले परिपत्र र कार्यविधि विपरित कार्य गरी पदीय दायित्व पूरा नगरेको आधारमा निजको उक्त कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को (ख) अन्तरगत अनुचित कार्य गरेको देखिनुका साथै कृषि विकास बैंक, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०२४ को परिच्छेद ७ को नियम ७ (क) को कसूर गरेको पुष्टि भएबाट ऐ.परिच्छेद ७ को नियम १ को (ख) अनुसार खाई पाई आएको ग्रेड मध्येबाट २ (दुई) ग्रेड घटुवा गर्ने ।
- कृषि विकास बैंक, वीरगञ्ज शाखाका तत्कालिन का.मु.शाखा अधिकृत झपसी मण्डल ( ३२१३) ले ऋण प्रवाह गर्दा पूरा गर्नु पर्ने शर्त विपरित कार्य गरी पदीय दायित्व र जिम्मेवारी पूरा नगरेको समेतको आधारमा उक्त कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को (ख) अन्तरगत अनुचित कार्य गरेको देखिनुका साथै कृषि विकास बैंक,

कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०२४ को परिच्छेद ७ को नियम ७ (क) को कसूर गरेको पुष्टि भएबाट ऐ. परिच्छेद ७ को नियम १ को (ख) अनुसार खाई पाई आएको ग्रेड मध्येबाट २ (दुई) ग्रेड घटुवा गर्ने ।

- कृषि विकास बैंक, वीरगञ्ज शाखाका तत्कालिन कार्यालय सहायक बिनोद बराल (२६१२) ले ऋण प्रवाह गर्दा अपनाउनु पर्ने शर्त विपरित कार्य गरी पदीय दायित्व र जिम्मेवारी पूरा नगरेको समेतको आधारमा उक्त कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को (ख) अन्तरगत अनुचित कार्य गरेको देखिनुका साथै कृषि विकास बैंक, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०२४ को परिच्छेद ७ को नियम ७ (क) को कसूर गरेको पुष्टि भएबाट ऐ. परिच्छेद ७ को नियम १ को (ख) अनुसार खाई पाई आएको ग्रेड मध्येबाट १ (एक) ग्रेड घटुवा गर्ने ।
- कृषि विकास बैंक, वीरगञ्ज शाखाका तत्कालिन कार्यालय सहायक रामप्रसाद गजुरेल (४९८२) ले ऋण सम्झौताका शर्त विपरित कार्य गरी पदीय दायित्व र जिम्मेवारी पूरा नगरेको समेतको आधारमा उक्त कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को (ख) अन्तरगत अनुचित कार्य गरेको देखिनुका साथै कृषि विकास बैंक, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०२४ को परिच्छेद ७ को नियम ७ (क) को कसूर गरेको पुष्टि भएबाट ऐ. परिच्छेद ७ को नियम १ को (ख) अनुसार खाई पाई आएको ग्रेड मध्येबाट १ (एक) ग्रेड घटुवा गर्ने ।
- कृषि विकास बैंक, भैरहवा शाखाका तत्कालिन प्रबन्धक लोकनाथ नेपाल (३८२) ले ऋण सम्झौता गर्दा पूरा गर्नुपर्ने प्रक्रिया पूरा नगरी पदीय दायित्व र जिम्मेवारी पूरा नगरेको समेतको आधारमा उक्त कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को (ख),(ग) र (घ) अन्तरगत अनुचित कार्य गरेको देखिनुका साथै कृषि विकास बैंक, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०२४ को परिच्छेद ७ को नियम ७ (क) को कसूर गरेको पुष्टि भएबाट ऐ. परिच्छेद ७ को नियम १ को (ख) अनुसार खाई पाई आएको ग्रेड मध्येबाट ४ (चार) ग्रेड घटुवा गर्ने ।
- कृषि विकास बैंक, भैरहवा शाखाका तत्कालिन शाखा अधिकृत प्रेम नारायण अर्याल (१९३१) ले बैंक र ऋणी बीच भएको सम्झौताको शर्त नं. १ मुताबिक लगानी गर्दा ऋणीबाट ३० प्रतिशत रकम बैंकमा जम्मा नगराएको, प्रदुषणमुक्त भएको प्रमाण फाइलमा नरहेको, कतिपय कर्जा फाइलमा रुट परमिट संलग्न नभएको जस्ता आधारमा पदीय दायित्व र जिम्मेवारी पूरा गरेको नदेखिएकाले निजको उक्त कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को (ख) अन्तरगत अनुचित कार्य गरेको देखिनुका साथै कृषि विकास बैंक, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०२४ को परिच्छेद ७ को नियम ७ (क) को कसूर गरेको पुष्टि भएबाट ऐ परिच्छेद ७ को नियम १ को (ख) अनुसार खाई पाई आएको ग्रेड मध्येबाट २ (दुई) ग्रेड घटुवा गर्ने ।
- कृषि विकास बैंक, भैरहवा शाखाका तत्कालिन शाखा अधिकृत हरिहर प्रसाद नेपाल (२८६३) ले बैंक र ऋणी बीच भएको सम्झौताको शर्त नं. १ मुताबिक लगानी गर्दा ऋणीबाट ३० प्रतिशत रकम बैंकमा जम्मा नगराएको, प्रदुषणमुक्त भएको प्रमाण फाइलमा नरहेको, कतिपय कर्जा फाइलमा रुट परमिट संलग्न नभएको जस्ता आधारमा पदीय दायित्व र जिम्मेवारी पूरा नगरेको समेतको आधारमा उक्त कार्य अ.दु.अ.आयोग

ऐन, २०४८ को दफा ३ को (ख) अन्तरगत अनुचित कार्य गरेको देखिनुका साथै कृषि विकास बैंक, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०२४ को परिच्छेद ७ को नियम ७ (क) को कसूर गरेको पुष्टि भएबाट ऐ. परिच्छेद ७ को नियम १ को (ख) अनुसार खाई पाई आएको ग्रेड मध्येबाट २ (दुई) ग्रेड घटुवा गर्ने ।

- कृषि विकास बैंक, नारायणगढ शाखाका तत्कालिन प्रबन्धक नरेन्द्र बहादुर चन्द (४३८) ले ऋणीले ब्यहोर्ने ३० प्रतिशत रकम बैंकमा दाखिला नगराई गाडी सप्लाई गर्ने कम्पनीमा जम्मा गरेकोलाई हायर पर्चेज कर्जा लगानी कार्यविधि २०५० अनुसार बैंकमा दाखिला गरिरहनु नपर्ने भनी कम्पनीमा जम्मा गरेकोलाई मान्यता दिई लगानी गरेको जस्ता कार्य गरी पदीय दायित्व र जिम्मेवारी पूरा नगरेको समेतको आधारमा उक्त कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को (ख) र (ग) अन्तरगत अनुचित कार्य गरेको देखिनुका साथै कृषि विकास बैंक, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०२४ को परिच्छेद ७ को नियम ७ (क) को कसूर गरेको पुष्टि भएबाट ऐ. परिच्छेद ७ को नियम १ को (ख) अनुसार खाई पाई आएको ग्रेड मध्येबाट ३ (तीन) ग्रेड घटुवा गर्ने ।
- कृषि विकास बैंक, नारायणगढ शाखाका तत्कालिन शाखा अधिकृत तिलकराम श्रेष्ठ (२८३४) ले परिपत्र, कार्यविधि विपरित कार्य गरी पदीय दायित्व पूरा नगरेको आधारमा उक्त कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को (ख) अन्तरगत अनुचित कार्य गरेको देखिनुका साथै कृषि विकास बैंक, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०२४ को परिच्छेद ७ को नियम ७ (क) को कसूर गरेको पुष्टि भएबाट ऐ. परिच्छेद ७ को नियम १ को (ख) अनुसार खाई पाई आएको ग्रेड मध्येबाट २ (दुई) ग्रेड घटुवा गर्ने ।
- कृषि विकास बैंक, नारायणगढ शाखाका तत्कालिन ऋण अधिकृत राज बहादुर गुरुङ्ग (२१३७) ले परिपत्र, कार्यविधि विपरित कार्य गरी पदीय दायित्व पूरा नगरेको देखिन गएको आधारमा उक्त कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को (ख) अन्तरगत अनुचित कार्य गरेको देखिनुका साथै कृषि विकास बैंक, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०२४ को परिच्छेद ७ को नियम ७ (क) को कसूर गरेको पुष्टि भएबाट ऐ. परिच्छेद ७ को नियम १ को (ख) अनुसार खाई पाई आएको ग्रेड मध्येबाट २ (दुई) ग्रेड घटुवा गर्ने ।
- कृषि विकास बैंक, इटहरी शाखाका तत्कालिन शाखा अधिकृत चुडामणि दाहाल (१२५७) ले विद्यमान सर्त र परिपत्र अनुसार काम नगरी पदीय दायित्व पूरा नगरेको आधारमा उक्त कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को (ख) अन्तरगत अनुचित कार्य गरेको देखिनुका साथै कृषि विकास बैंक, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०२४ को परिच्छेद ७ को नियम ७ (क) को कसूर गरेको पुष्टि भएबाट ऐ. परिच्छेद ७ को नियम १ को (ख) अनुसार खाई पाई आएको ग्रेड मध्येबाट २ (दुई) ग्रेड घटुवा गर्ने ।
- कृषि विकास बैंक, इटहरी शाखाका तत्कालिन शाखा अधिकृत दिनेश प्रसाद घिमिरे (८६७) ले परिपत्र, कार्यविधिका सर्त पालन नगरी पदीय दायित्व पूरा नगरेको समेतको आधारमा उक्त कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को (ख) अन्तरगत अनुचित

कार्य गरेको देखिनुका साथै कृषि विकास बैंक, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०२४ को परिच्छेद ७ को नियम ७ (क) को कसूर गरेको पुष्टि भएबाट ऐ. परिच्छेद ७ को नियम १ को (ख) अनुसार खाई पाई आएको ग्रेड मध्येबाट २ (दुई) ग्रेड घटुवा गर्ने ।

- कृषि विकास बैंक, इटहरी शाखाका तत्कालिन का.मु.शाखा अधिकृत गोपाल बहादुर कटुवाल (३२९५) ले विद्यमान सर्त तथा परिपत्रको पालना नगरी पदीय दायित्व पूरा नगरेको समेतको आधारमा उक्त कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को (ख) अन्तरगत अनुचित कार्य गरेको देखिनुका साथै कृषि विकास बैंक, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०२४ को परिच्छेद ७ को नियम ७ (क) को कसूर गरेको पुष्टि भएबाट ऐ. परिच्छेद ७ को नियम १ को (ख) अनुसार खाई पाई आएको ग्रेड मध्येबाट २ (दुई) ग्रेड घटुवा गर्ने ।

३. कृषि विकास वैंक, वैंकिंग कार्यालय, पुतली सडक, काठमाडौंबाट सालु इन्टरप्राइजेज (प्रो. गंगा दाहाल) लाई रु. १०,००,०००। कर्जा प्रवाह गर्दा अनियमितता भयो भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा सो बैंकका तत्कालिन प्रवन्धक एवं ऋण कमिटीका अध्यक्ष पवन कुमार वज्राचार्य र शा.अ. एवं धितो मूल्यांकनकर्ता तथा ऋण कमिटिका सदस्य सुशील चरण प्रधानांगले धितोको स्थलगत निरीक्षण एवं पेश भएका कागजहरुको बैधता आदि जांच गर्ने कानूनी कर्तव्य पूरा नगरेकोमा निजहरु दुवै जनालाई बढुवा रोक्का संवन्धी विभागीय कारवाही गर्न आयोगको मिति २०६३/३/११ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाईएको ।

**(ख) <u>उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत</u>**

घरेलु तथा साना उद्योग कार्यालय, काभ्रेपलाञ्चोकले विभागीय कार्यविधि दिग्दर्शन २०६० मा स्पष्ट व्यवस्था हुदाँ हुदैं वनेपा न.पा.- ११ मा वनजन्य कच्चा पदार्थमा आधारित हंस भेनियर उद्योग ०६१।७।२४ मा दर्ता गर्ने निर्णय गरी अनियमित कार्य गरेको सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३/३/२६ को वैठकबाट देहाय वमोजिम गर्ने निर्णय भयो :-

- वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३ संग संम्वन्धित अनुसूची २ मा कच्चा पदार्थको लागी वनमा आधारित र प्रशोधन विधि प्रयोग हुने वन क्षेत्रको १ कि.मी. भित्र स्थापना गर्ने रोजिन, टर्पेन्टाइन, प्लाइउड, भेनियर समेतका उद्योग स्थापना गर्न वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने भन्ने प्रावधान रहेको साथै घरेलु तथा साना उद्योग विभागको कार्यविधि दिग्दर्शन २०६० को नियम १०.५.८ को खण्ड ग मा वन क्षेत्रवाटै वन पैदावार उपलब्ध गराउन पर्ने उद्योगलाई तराई तथा भित्री मधेशमा वन क्षेत्रवाट कम्तीमा ५ कि.मी. टाढा र पहाडमा ३ कि.मी. टाढा हुनुपर्ने र यस्तो उद्योग दर्ताको जानकारी वन विभाग तथा जिल्ला वन कार्यालयलाई अनिवार्य रुपले दिनुपर्ने प्रावधान रहेकोमा घरेलु तथा साना उद्योग कार्यालयवाट वन क्षेत्रवाट ८०० मिटर भित्र स्थापना भएको उद्योगलाई १ कि.मी. टाढा उद्योग संचालन गर्नु पर्ने शर्त राखी उद्योग दर्ता गरेको पाइएकोले घरेलु तथा साना उद्योग विभागलाई सो विभागको कार्यविधि दिग्दर्शन तथा वातावरण संरक्षण नियमावली २०५४ मा व्यवस्था गरिएको प्रावधान अनुरुपको प्रक्रिया अवलम्वन गरी सो कार्यविधि दिग्दर्शन समेतमा व्यवस्थित दूरीमा सो उद्योग सार्न लगाई सारी सकेपछि मात्रै उक्त उद्योग संचालन गर्ने गरी उक्त हंस भेनियर

उद्योगको उत्पादन तथा संचालन तुरुन्त रोक्न लगाउने र सो कारवाहीको जानकारी आयोगलाई गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा १२ क. अनुसार घरेलु तथा साना उद्योग विभागलाई लेखी पठाउने निर्णय भई सम्वन्धित निकायलाई लेखि पठाएकोमा उक्त उद्योगको उत्पादन तथा संचालन बन्द भए नभएको जानकारी पठाउन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लेखी पठाईएको ।

- खरिदार पुरुषोत्तम अर्याल आफू केही दिनको निमित्त कार्यालय प्रमुख रहेको अवस्थामा वातावरण संरक्षण नियमावली तथा घरेलु तथा साना उद्योग विभागको कार्यविधि दिग्दर्शन, २०६० को विपरीत उद्योग दर्ता गरी वाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यविधि पालना नगरेको र उक्त निर्देशिकामा यस्ता प्रकारका उद्योगमा शर्त राखी दर्ता गर्न मिल्ने प्रावधान समेत भएको नदेखिंदा खरिदार तहको कर्मचारी निमित्त हुंदा यस प्रकारको निर्णय गर्न अधिकार समेत नभएकोमा निजले उद्योग दर्ताको निर्णय गरी अनुचित कार्य गरेको देखिंदा कानूनको रीत पुऱ्याई विभागीय कारवाही र सजाय गर्न अख्तियारवाला समक्ष लेखी पठाईएको ।
- घरेलु तथा साना उद्योग कार्यालय, काभ्रेपलान्चोकका तत्कालिन कार्यालय प्रमुख कृष्ण वहादुर कार्कीको हकमा निजले वयान गर्दा खरिदार पुरुषोत्तम अर्याललाई फोन गरी दर्ता गरीदिने भनेको होइन भनी उल्लेख गरेका तर पुरुषोत्तम अर्यालले आयोग समक्ष वयान गर्दा उक्त उद्योग दर्ता गर्न कृष्ण वहादुर कार्की समेतले टेलिफोनबाट भन्नु भएको हो भनी उल्लेख गरेको पाइएको साथै हंस भेनियर उद्योग दर्ता गर्ने प्रयोजनको लागि निज कार्यालय प्रमुखले विभाग समक्ष पत्र पठाएको र विभागवाट जिल्ला स्थित कार्यालयवाटै आवश्यक कारवाही गर्नु भन्ने पत्र प्राप्त भइसकेपछि पनि कुनै निर्णय नगरी आफू काठमाण्डौं गएको अवस्थामा खरिदारबाट निमित्त जनाई उद्योग दर्ता गरेको र वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३ संग सम्वन्धित वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावहरुमा कच्चा पदार्थको लागि वन क्षेत्रमा आधारित उद्योगको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेमा सो सम्वन्धी कार्यविधिको परिपालना गरी सो कार्यविधि पूरा गर्नु पर्ने कार्य निज कार्यालय प्रमुख कृष्ण वहादुर कार्कीले नगरेको साथै निज कार्यालयमा फर्कि हाजिर भएपछि उक्त उद्योग दर्ता भएको व्यहोरा जानकारी पाएर पनि मौन वसेको देखिंदा कानूनको रीत पुऱ्याई विभागीय कारवाही र सजायँ गर्न अख्तियारवाला समक्ष लेखी पठाईएको ।

**(ग) <u>गृह मन्त्रालय अन्तर्गत</u>**

१. जिल्ला प्रशासन कार्यालय, म्याग्दीका प्रमुख जिल्ला अधिकारी ज्ञान प्रसाद भट्टराईले हवाई दुर्घटनामा मृत्यु भएका अमर बहादुर चोखालको बीमा रकम भुक्तानी दिंदा रु.६,००,०००। आफैंले लिएको साथै म्याग्दी पुनः निर्माण एवं कार्यालयका विभिन्न काममा समेत अनियमित तवरले रकम लिने खाने आदि गरी भ्रष्टाचार गरेको भन्ने विषयको उजूरी उपर अनुसन्धान हुंदा जिल्ला विकास समिति, म्याग्दीमा दरवन्दी रही जिल्ला प्रशासन कार्यालय, म्याग्दीमा कार्यरत लेखापाल गम्बर बहादुर शाहीले आफू अनुपस्थित भएको समयमा कार्यालयको चेकमा सही गरी छोडेर रकम निकाल्नलाई सहज परिस्थिति मिलाई दिएको, दैवी प्रकोप उद्दार कोषको रकम प्रमुख जिल्ला अधिकारीलाई गैरकानूनी कार्यमा प्रयोग गर्न उपलब्ध गराएको जस्ता कार्यहरु गरेको

देखिंदा निजलाई निजामती सेवा ऐन र नियमावली अनुसार आवश्यक कारवाही गर्न आयोगको मिति २०६२।५।९ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाईएको ।

२. धनुषा जिल्ला, देवपुरा रुपैठा गा.वि.स. वडा नं. ५ वस्ने रामपृत दासले जन्म मिति ढाँटी दोहोरो नागरिकता लिएकोले कारवाही गरी पाउं भन्ने बिषयको उजुरी उपर अनुसन्धान गर्ने सिलसिलामा उक्त सक्कल नागरिकताको प्रमाणपत्र आयोगबाट माग गर्दा जिल्ला प्रशासन कार्यालय, धनुषाको मिति २०६२।१।३० का पत्रसाथ सक्कलै नागरिकताको ठेली प्राप्त हुन आएको देखिएकोले कार्यालयमा सक्कल रेकर्ड हुँदा हुँदै फेला नपरेको भनी दस्तखत गर्ने कर्मचारी उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम विभागीय कारवाही गर्न आयोगको २०६२/५/२८ को निर्णयानुसार सम्बन्धित मन्त्रालयमा लेखी पठाईएको ।

३. जिल्ला प्रशासन कार्यालय, चितवनका प्रशासकीय अधिकृत चन्द्रकान्त न्यौपाने समेतले वास्तविक उमेर भन्दा ४ वर्ष कम गरी उत्तम प्रसाद रिजाल समेतका नाममा प्रतिलिपी नागरिकताको प्रमाणपत्र जारी गरे भन्ने विषयको उजुरी निवेदन उपर अनुसन्धान हुँदा निजले गरेको सो कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा ३(छ) बमोजिमको अनुचित कार्य भएकोले निजलाई निजामती सेवा ऐन,२०४९ को दफा ६०क. को देहाय (ग) को कसूरमा ऐ. ऐनको दफा ५९ को (क) (३) अनुसार २ दुई तलव बृद्धि रोक्का गरी आयोगलाई जानकारी गराउन आयोगको मिति २०६२/६/२० को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाईएको ।

४. आ.व.०५८।५९ मा जिल्ला प्रहरी कार्यालय, रोल्पाका प्रहरी अधिकृत तथा जवानको लागि राशन ठेक्काको बोलपत्र फाराममा अंक सच्याई कम अंकको बोलपत्र फारामलाई बढी देखाई बढी अंकको बोलपत्र फारामलाई कम देखाई अनियमित गरी भ्रष्टाचार गरेको भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा प्र.ना.उ.श्री महेश विक्रम शाह कार्यालय प्रमुखको हैसियतले, तत्कालिन प्र.ना.नि. श्री चिन्तामणि वुढाथोकी लेखा फाँटको प्रमुखको हैसियतले र तत्कालिन प्र.स.नि. कृष्ण प्रसाद खनाल लेखा फाँटको काम तामेल गर्ने सहायक कर्मचारीको हैसियतले तोकिएको जिम्मेवारी पूरा नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (ख) वमोजिमको अनुचित कार्य गरेको देखिन आएकोले निजहरुलाई प्रहरी नियमावली २०४९ को नियम ८४(घ) वमोजिम २ (दुई) तलव बृद्धि रोक्का गर्ने सँजाय गरी आयोगलाई जानकारी दिन आयोगको मिति २०६२/९/१० को निर्णयानुसार अख्तियारवाला लाई लेखी पठाईएको ।

५. अध्यागमन कार्यालय, सिन्धुपाल्चोकका स.ले.पा. विष्णु प्रसाद पराजुलीले आफू जिम्मा लिएका एराईभल स्टिकरहरु काल्पनिक व्यक्तिहरुको राहदानीमा प्रयोग भएको भनी खर्च देखाई व्यक्तिहरुसँग रकम लिएको, भिसा दस्तुर र विलम्व शुल्क वापतको राजश्व हिनामिना गरेको उजुरी उपर अनुसन्धान हुँदा निज विष्णु प्रसाद पराजुलीले उक्त विभागबाट बुझिलिएका नम्वरका एराईभल स्टिकरहरु मध्ये १० थान स्टिकर असम्वद्ध व्यक्तिका हातमा पुगेको प्रमाण पेश भएबाट आफैले वुझिलिएका एराईभल स्टिकरहरु सावुत रुपमा बुझाउनु पर्ने दायित्व पूरा नगरी अख्तियारको दुरुपयोग गरी अनुचित कार्यगरेको देखिएकोले निज विष्णु प्रसाद पराजुलीलाई निजामती सेवा (संशोधन सहित) ऐन, २०४९ को दफा ५९ (क) (३) अनुसार १ (एक) तलव बृद्धि रोक्का गर्न आयोगको मिति २०६३/१/१५ को निर्णयानुसार अख्तियारबालालाई लेखी पठाईएको ।

**(घ) जलस्रोत मन्त्रालय अन्तर्गत**

१. नेपाल विद्युत प्राधिकरणका कर्मचारीहरू आफू खुसी विदेश गई लामो अवधिसम्म गैर हाजिर रहेको अवधिको विशेष बिदा स्वीकृत गराई हाजिर गराएको भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा कार्यालयलाई जानकारी नदिई ३० दिनभन्दा बढी अनुपस्थित भएका कर्मचारी स्वतः आफ्नो सेवाबाट हटेको मानिने व्यवस्था नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०५० को विनियम ६३ को उपनियम (४) मा भएको पाईन्छ । एकवर्ष विशेष बिदा उपयोग गरी तत्पश्चात झण्डै ६ महिनासम्म कार्यालयमा गैर हाजिर रहेका कार्यालय सहायक जनार्दन भट्टराईले घरायसी तथा स्वास्थ्यको कारणले विगत वर्ष देखि कार्यालयमा उपस्थित हुन नसकेको भन्ने कारण देखाई कार्यालयमा हाजिर हुनको लागि मिति २०६१।१०।२५ मा दिनु भएको निवेदनको आधारमा २०६१।४।३२ देखि २०६१।१०।२२ सम्म गयल कट्टी गरी हाजिर गराउने गरी मिति २०६१।१२।१८ मा भएको निर्णय माथि उल्लेखित विनियम विपरित देखिएकोले निज कार्यालय सहायक जनार्दन भट्टराईलाई नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०५० को विनियम ६३ को उपविनियम (४) बमोजिम स्वतः आफ्नो सेवाबाट हटेको जानकारी दिन लेखि पठाईएको । साथै मिति २०६२।५।१४ को निर्णय अनुसार मिति २०६०।६।२५ देखि कार्यालयमा हाजिर नरहेकी सिनियर मिटर रिडर श्रीमती सिन्धु राणालाई सोही मिति देखि नै लागू हुने गरी निजको सेवा स्वतः समाप्त भएको सूचना दिएको देखियो । तर करिव २ (दुई) वर्ष लामो अवधिसम्म निज कार्यालयमा अनुपस्थित रहेको वारेमा सूचना दिनु पर्ने जिम्मेवार अधिकारीले आफ्नो जिम्मेवारी पूरा गरेको नपाईएकोले सम्बद्ध अधिकारी उपर ने.वि.प्रा. कर्मचारी सेवा विनियमावली, २०५० बमोजिम विभागीय कारवाई गर्न आयोगको २०६२/५/२८ को निर्णयानुसार लेखी पठाईएको ।

२. "जलेको बिजुलीको मिटर परिवर्तन गर्न घुस मागेकोले आवश्यक कारवाही गरी पाउँ " भन्ने बिषयको उजूरी निवेदन उपर सिनियर मिटर रिडर हेमन्त सिंहको हकमा अनुसन्धान हुँदा निजको जिम्मेवारी क्षेत्र भित्र ग्राहक गौरीभक्त प्रधानले औद्योगिकमा दर्ता गरी गार्हस्थ्यमा मिटर प्रयोग गरेको सन्दर्भमा निजलाई जानकारी भएर पनि कार्यालयमा समयमै प्रतिबेदन गर्नुपर्नेमा सो नगरी पदीय दायीत्व अनुसार काम नगरेकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा ३ को खण्ड (छ) अन्तर्गतको अनुचित कार्य गरेको देखिएको हुदा निजलाई नेपाल बिद्युत प्राधिकरण कर्मचारी सेवा नियमावली २०५० को विनियम ११७, १ (ग) अनुसार २ वर्ष सम्म बढुवा रोक्काको सजाय गर्ने र निज आफनो दायित्व प्रति उदासिन रहेको पाईएकाले बढी आर्थिक कारोबार हुने क्षेत्रमा कार्य नतोक्नका लागि आयोगको मिति २०६२/७/२२ को निर्णयानुसार सम्बन्धित कार्यालय लाई निर्देशन दिइएको ।

३. नेपाल विद्युत प्राधिकरण अन्तर्गतको वितरण केन्द्र दुहवी शाखाबाट गायत्री वरफ उद्योगमा मिटर रिडिङ गर्ने कार्यमा खटिएका मिटर रिडर समेतको मिलेमतोमा सो उद्योगको खपत युनिट कम गरी स्टक युनिट राखी अनियमितता गरेको भन्ने विषयमा अनुसन्धान हुँदा नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा, दुहवी शाखा अन्तर्गतको ग्राहक नं. ३–१५–५०१ को गायत्री वरफ उद्योगको मिटर रिडिङ गर्ने काममा खटिई जाने कर्मचारी ईलेक्ट्रीसीयन कुमार प्रसाद पराजुलीले उक्त उद्योगको मिटर रिडिङ गर्दा मिटरको वास्तविक अंक लुकाई सो उद्योगले मासिक रुपले खपत गरेको मिटरमा जनिएको भन्दा कम अंक देखाई उक्त उद्योगको नाममा पटकै पिच्छे विद्युत सेवाको विल दिई विद्युत खपत स्टक राखी अनुचित कार्य गरेको दुहवी

शाखाबाट भएको छानविन समेतबाट देखियो । नेपाल विद्युत प्राधिकरण, कर्मचारी प्रशासन सेवा विनियमावली २०५० को विनियम ११७ को उपविनियम (१) को खण्ड (ङ) मा उपखण्ड (ङ) बमोजिम मिटर रिडिङ गर्ने कर्मचारीको कारणले विद्युत खपत स्टक राखेको ठहर भएमा भविष्यमा प्राधिकरणको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्नु पर्ने वाध्यात्मक व्यवस्था रहेको देखियो । सो अनुचित कार्य गर्ने कर्मचारीलाई निजले गरेको उक्त कसुर ठहर भए पछि प्रचलित विनियमावली बमोजिम भविष्यमा प्राधिकरणको सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गर्ने गरी कारवाही अगाडि बढाउनु पर्नेमा सो नगरी निजलाई कम सजाय दिने मनशायले सो विनियमावलीको विनियम ११७ को खण्ड (ग) बमोजिम एक पटकको लागि बढुवा रोक्का गर्न ने.वि.प्रा.दुहवी शाखाका तत्कालीन प्रमुख नरेश पाण्डे र पूर्वान्चल क्षेत्रीय कार्यालयका तत्कालीन सहायक निर्देशक नारायण प्रसाद श्रेष्ठले सजाय प्रस्ताव गरेको र सो मा पूर्वान्चल क्षेत्रीय कार्यालयका तत्कालीन निर्देशक युगल किशोर साहले निर्णय दिएको कार्य समेत अनुचित देंखिदा आयोगको मिति २०६२/११/१ को वैठकबाट देहाय बमोजिम गर्ने निर्णय भयो :–

- नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा विनियमावली २०५० को विनियम ११७ को उपविनियम (१) को खण्ड (ङ) को उपखण्ड (ङ) बमोजिम कसूर गरेको ठहर भएमा त्यस्ता कर्मचारीलाई सोही विनियमावलीको विनियम ११७ (१) (ङ) बमोजिम प्राधिकरणको सेवाकोलागि भविष्यमा अयोग्य ठहरिने गरी बर्खास्त गर्नु पर्नेमा सो नगरी कम सजाय गर्ने निर्णय गरी वाध्यात्मक रुपमा पालना गर्नु पर्ने कानूनी व्यवस्था विपरीत गई अनुचित निर्णय गरेको देंखिदा सो गर्ने प्राधिकरण अन्तर्गत कै पूर्वान्चल क्षेत्रीय कार्यालयका तत्कालीन निर्देशक हाल प्राधिकरण अन्तर्गत ग्रीड सन्चालन विभाग, मीन भवनमा निर्देशक पदमा रही काम गर्ने युगल किशोर साहलाई नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली २०५० को विनियम ११७ को उपविनियम (१) को खण्ड (ख) वमोजिम ३ (तीन) तलब वृद्धि रोक्का गर्न नेपाल विद्युत प्राधिकरणमा लेखी पठाउने ।
- नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा विनियमावली २०५० को विनियम ११७ को उपविनियम (१) को खण्ड (ङ) को उपखण्ड (ङ) बमोजिम कसूर गरेको ठहर भएमा त्यस्ता कर्मचारीलाई सोही विनियमावलीको विनियम ११७ (१) (ङ) बमोजिम प्राधिकरणको सेवाकोलागि भविष्यमा अयोग्य ठहरिने गरी बर्खास्त गर्न सजाय प्रस्ताव गर्नु पर्नेमा सो नगरी कम सजाय गर्ने गलत मनशायले विनियम बमोजिम वाध्यात्मक रुपमा पालना गर्नु पर्ने व्यवस्था नै उल्लेख नगरी कानून विपरीत गई अनुचित सिफारिश गरेको देंखिदा सो गर्ने ने.वि.प्रा. दुहवी शाखाका तत्कालीन प्रमुख भई हाल वितरण केन्द्र, किर्तीपुरका प्रमुख नरेश पाण्डे र ने.वि.प्रा. पूर्वान्चल क्षेत्रीय कार्यालयका तत्कालीन सहायक निर्देशक हाल सोही प्राधिकरण अन्तर्गत पश्चिामान्चल क्षेत्रीय कार्यालय, बुटवलका उप निर्देशक नारायण प्रसाद श्रेष्ठलाई नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा विनियमावली २०५० को विनियम ११७ को उपविनियम (१) को खण्ड (ख) वमोजिम २ (दुई) तलब वृद्धि रोक्का गर्न नेपाल विद्युत प्राधिकरणमा लेखी पठाउने ।

४. मध्यमाञ्चल सिंचाई विकास डिभिजन नं. ३, सर्लाहीका प्रमुख सुगम्बर यादव समेतले सिलवन्दी हैण्डसीपमा भएको काममा ठेकेदारहरुसँग मिलेमतो गरी ३५% देखि ५०% सम्म कमिशन लिई

एक आर्थिक वर्षमा एक जनालाई एउटा काम दिनु पर्नेमा ५ वटासम्म काम दिई आर्थिक नियम उलंघन गरी अनियमित काम गरेको भन्ने विषयमा अनुसन्धान हुँदा डिभिजन प्रमुख सुगंम्बर यादव, इ.श्यामानन्दन यादव, ध्रुवनारायण प्रसाद, ओ.सी.हरु कौशलकिसोर ठाकुर, बुद्धिलाल विश्वकर्मा, वन्तीलाल रावत, चन्द्रकिशोर प्रसाद साह, परशुराम चौधरी, रामप्रसाद चौधरी, ले.अ.रुद्र कोइराला र ले.पा. लिलावहादुर थापा समेतले अ.दु.अ.आ.ऐन, २०४८ को दफा ३ को (क) र (छ) अनुसार अनुचित कार्य गरेको पाईएकोले निजहरुलाई कसूरको मात्रा अनुसार निजामती सेवा ऐन, नियमानुसार आवश्यक विभागीय कारवाही गर्न र यस्ता कार्यहरु दोहोरिन नदिने व्यवस्था गर्न २०६०।०६१ को लेखा परीक्षण प्रतिवेदन र मध्यमाञ्चल क्षेत्रीय सिंचाई निर्देशनालयमा ले.अ. रामनारायण प्रसाद रिजाल र शा.अ. सोमराज बराल समेतले २०६१।२।२२ मा दिएको प्रतिवेदनमा औल्याएका सवै कैफियतहरुमा यथाशिध्र कार्वाही गरी आयोगमा सोको जानकारी पठाई दिन आयोगको मिति २०६३/१/२४ को निर्णयानुसार जलश्रोत मन्त्रालयमा लेखी पठाईएको ।

५. सुनसरी मोरङ सिंचाई योजनाको निर्माण कार्यमा योजना प्रमुखको मिलेमतोमा विभिन्न भ्रष्टाचारहरु भएका छन् भन्ने विषयको आयोगमा पटक पटक परेको उजूरीहरु उपर अनुसन्धान गर्दा उक्त सिंचाई योजनाका प्रमुख अनिल कुमार पोखरेलले विगतमा उक्त योजनाको निर्माण, मर्मत तथा सुधारका कार्यहरु गर्दा प्रयोगशालाको उचित व्यवस्था नै नगरेको तथा निर्माण कार्य गर्ने सम्झौतामा गुणस्तर परीक्षण तथा नियन्त्रणको कुरा समेत उल्लेख नगरेबाट निज अनिल कुमार पोखरेलले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३. को देहाय (क), (ख) र (छ) बमोजिमका अनुचित कार्यहरु गरेको देखिंदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ बमोजिम निजलाई निजामती सेवा ऐन २०४९ को दफा ५९ (क) (३) मा भएको व्यवस्था अनुसार ३ बर्षसम्म बढुवा रोक्का गर्ने विभागीय कारवाही गर्न आयोगको मिति २०६३/२/१८ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाईएको ।

६. मित्तल टी स्टेटको मिटर वदली गरेर नयाँ मिटर जडान गर्दा नेपाल विद्युत प्राधिकरण, भद्रपुर केन्द्रका कर्मचारी मिली विलिङ्ग वापत लिनुपर्ने रु. २० लाख नलिई भ्रष्टाचार गरे भन्ने उजुरी उपर अनुसन्धान गर्दा चुहावट नियन्त्रण महाशाखाले थप विलिङ्ग गर्ने सम्बन्धी मेमो मिति २०६०।१०।१३ मा भद्रपुर शाखालाई पठाई सकिएको भनी मिति २०६२।३।२४ मा टिप्पणी आदेश गरेको देखियो । नेपाल विद्युत प्राधिकरण भद्रपुर केन्द्रले औद्योगिक ग्राहक मित्तल टी स्टेट झापालाई वितरण तथा ग्राहक सेवाको मिति २०६२।३।२८ को निर्णय बमोजिम Outage देखिएको अवधि मिति २०५९।७।१३ देखि मिति २०६०।१०।७ गते सम्म ४४९ दिनको थप विलिङ्ग गर्दा रु. ३२,०२,३५२।४९ हुन आएकोले सो विद्युत महशुल वुझाउन भनी मिति २०६२।४।२३ मा पत्र लेखेकोमा रकम वुझाउने वारेको उक्त पत्रको विरुद्ध मित्तल टी स्टेटको तर्फबाट पुनरावेदन समिति, नेपाल विद्युत प्राधिकरण समक्ष मिति २०६२।५।१६ मा पुनरावेदन पत्र दर्ता गरी मिति २०६२।६।४ मा सक्कल फाईल समेत प्राप्त हुन आएको व्यहोरा फाइल संलग्न पत्रहरुबाट देखियो । यसरी तालुक निकायले दिएको निर्देशनको समय मै कार्यान्वयन नगर्दा त्यसबाट नेपाल विद्युत प्राधिकरणलाई आर्थिक रुपमा नोक्सानी समेत पुग्न गएको देखियो । यसरी विलिङ्ग गर्नु पर्ने मेमो पठाएकोमा सो लाई कार्यान्वयन नगरी कस्को कारणबाट ढिलाई हुन गएको हो छानविन गरी ७ दिन भित्र प्रतिवेदन पेश गर्ने भन्ने मिति २०६२।३।२८ को नेपाल विद्युत प्राधिकरणका

महाप्रबन्धकको आदेशानुसार गठित ३ सदस्यीय छानविन टोलीको मिति २०६२।४।१६ को प्रतिवेदनमा तत्कालिन शाखा प्रमुख अनिल कुमार शाह, तत्कालिन केन्द्र प्रमुख मनोज कुमार सिंह र तत्कालिन क्षेत्रीय निर्देशक युगल किशोर शाह समेतको कारणबाट विलिङ्ग गर्ने कार्यमा ढिलाई हुन गएको हो भनी उक्त प्रतिवेदनमा किटानी गरिएको देखियो । त्यसरी तालुक निकायको आदेशको समयमै कार्यान्वयन नगरी कुनै नयाँ तथ्यको उल्लेख विना नै पुनः मिटर टेष्ट गर्ने भनी अनावश्यक ढंगले लामो समय सम्म विलिङ्ग गर्ने कार्यमा अवरोध पुग्न गएको देखिएकोले निजहरुको उक्त कार्य असल मनसायले गरिएको जिम्मेवारीपूर्ण थियो भनी भन्न सकिने स्थिति देखिएन । तसर्थ तत्कालिन शाखा प्रमुख अनिलकुमार शाह, केन्द्र प्रमुख मनोज कुमार सिंह र तत्कालिन क्षेत्रीय निर्देशक युगल किशोर शाहलाई नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०६२ बमोजिम विभागीय कारवाही गरी ३ महिना भित्र आयोगमा जानकारी पठाउन आयोगको मिति २०६३।२।२२ को निर्णयानुसार संचालक समिति, नेपाल विद्युत प्राधिकरणमा लेखी पठाईएको ।

७. नारायणी सिंचाई व्यवस्थापन डिभिजन नं. ५ पर्सा, विरगञ्जमा कार्यरत अमिन राजेन्द्र महत्तोको सर्टिफिकेट नक्कली भएको, कार्यालय प्रमुख (डि.ई) रामचरित्र महतोले अमिन राजेन्द्र महत्तोलाई आ.व. ०५९।६० मा विभिन्न तालीम गोष्ठी, समिति गठन सुधार गर्न एकलौटी पेश्की दिएको, पेट्रोल, डिजेल, मट्टीतेल निजी प्रयोगमा नै खर्च गर्ने गरेको भन्ने समेतको उजुरीहरु उपर अनुसन्धान हुँदा नारायणी सिंचाई व्यवस्थापन डिभिजन नं. ५मा तत्कालिन कार्यालय प्रमुख रामचरित्र महतोले स्थायी कर्मचारी मिश्रीलाल यादवले आफ्नो पदीय काम कर्तव्य अनुसार संस्थागत सुधार तर्फको कुनै काम नगरेको, गैर हाजीर भइरहने भनी निजलाई आफ्नो पदीय काम कर्तव्य पालन गराउन कार्यवाही चलाउनुको बदला विकास तर्फको अस्थायी अमिन राजेन्द्र महत्तोलाई अनियमित रुपले अधिक मात्रामा पेश्की समेत उपलव्ध गराई संस्थागत सुधारको काम लगाएको र कार्यालय भवन तथा आवास क्षेत्र भित्रका भवन मर्मत सुधारको रकम रु. ३,९३,०००।- को एकै कामलाई अनावश्यक रुपमा टुका टुका पारी विना प्रतिस्पर्धा पाँच विभिन्न निर्माण सेवा संग सोझै सम्झौता गरी काम गराएकोले निज डि.ई रामचरित्र महतोलाई विभागीय कारवाही गरी सजाँय समेत गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ वमोजिम अख्तियारवालालाई लेखी पठाईएको । साथै लामो समयसम्म अमिन पदमा अस्थायी कर्मचारी राखी रहनु पर्नाको कारण र औचित्य समेत स्पष्ट हुन सकेको नदेखिंदा दरवन्दी भएको पदमा स्थायी रुपमा पद पूर्ति गर्न आयोगको मिति २०६३/३/१५ को निर्णयानुसार जलश्रोत मन्त्रालयका सचिवलाई लेखी पठाईएको ।

**(ङ) <u>भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत</u>**

१. सुकुम्वासी समस्या समाधान आयोग झापामा कार्यरत छँदा ७ नं. नापी गोश्वारा झापाका नापी निरीक्षक मान कुमार प्रधानले सुकुम्वासीलाई वितरण हुने जग्गा आफ्ना नाममा दर्ता गरेको भन्ने विषयमा अनुसन्धान गर्दा सुकुम्वासी समस्या समाधान आयोगका तत्कालीन सदस्य सचिव तथा ७ नं. नापी गोश्वाराका प्रमुख नापी अधिकृत हृदय नारायण मिश्रले निर्णय वा आदेश गर्दा वाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यविधिको पालना नगरेको र तजविजी अधिकार वदनियत साथ र स्वेच्छाचारी रुपमा प्रयोग गर्नुको साथै पदीय दायित्व र कर्तव्य समेत पालना नगरेको भन्ने उजुरी उपर छानविन हुँदा निजले गरेको प्रस्तुत काम कारवाही सुकुम्वासी समस्या

समाधान आयोग गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी कार्यनीति २०५६ को दफा ३(३) र निजामती सेवा ऐन, २०४९ को ६१(१) (च) विपरित देखिएको हुँदा निज हृदय नारायण मिश्रलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१(१) (च) को कसुरमा ५९ (ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम अख्तियारवालालाई लेखी पठाईएको । नापी निरीक्षक मान कुमार प्रधानको हक्मा निज सुकुम्वासी समस्या समाधान आयोग, झापामा कार्यरत हुँदा झापा जिल्ला मेची नगरपालिका वडा नं. १० को कि.नं. ११६४ को ०-१-० र कि.नं. १८९२ को ०-०-१५, ऐ सतासीधाम गा.वि.स. वडा नं. ५, झापाको कि.नं. ७२९६ को ०-०-३, कि.नं. ७२९८ को ०-१-० ऐ वडा नं. ३ को कि.नं. ५११ को ०-२-० समेत जम्मा ०-४-१८ (चार कट्ठा अठार धूर) जग्गा अनियमित रुपमा आफनो नाउँमा ५ ठाउँमा अव्यवस्थित बसोवासी भनी सुकुम्वासी सरह निःशुल्क जग्गा दर्ता गरी आफैले निर्णय लेख्ने र आफैले पूर्जा समेत बनाउने गरी पूर्जा प्राप्त गरेको पाईयो । निजले गरेको उल्लेखित काम कारवाही सुकुम्वासी समस्या समाधान आयोग गठन काम कर्तव्य र अधिकार सम्बन्धी कार्यनीति २०५६ को दफा ३(३) तथा निजामती सेवा ऐन, २०४९ को दफा ६०(ज) को विपरित भएको हुँदा निज मान कुमार प्रधानलाई ऐ ऐनको दफा ५९(क) (३) बमोजिम विभागीय कारवाही गर्न आयोगको मिति २०६२।४।४ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाईएको ।

२. मालपोत कार्यालय मोरङ, रोक्का फाँटका तत्कालिन कर्मचारीहरुले रोक्का रहेको जग्गा रोक्का छैन भनि राजिनामाको लिखत पारित गरि दिएको भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा नन्दकुमारी पराजुलीको नाममा दर्ता रहेको मोरङ जिल्ला साविक बखरी गा.वि.स. को वडा नं. ८ क. को कि.नं. ३५९ को ०-१-१२$\frac{1}{2}$ क्षेत्रफल भएको घर जग्गा धितो लिई राष्ट्रिय वाणिज्य बैंक, रानीशाखा, मोरङ्गले कर्जा प्रवाह गरेको र सो धितो आधिकारिक रुपमा फुकुवा नहुँदै कृषि विकास बैंक, मोरङबाट सोही घरजग्गा लिलाम गर्ने जानकारी पाई लिलामी हुँदा समेत ऋणीबाट कानून बमोजिम ऋण असूल उपर गर्ने प्रभावकारी कारवाही अगाडी बढाएको नदेखिएकोले राष्ट्रिय वाणिज्य बैंक, रानीशाखा, मोरङ्गका तत्कालिन कर्मचारी उपर आवश्यक छानविन गरी दोषी कर्मचारी उपर हदैसम्मको विभागीय कारवाई गर्न आयोगको मिति २०६२/५/२ को निर्णयानुसार राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालय, काठमाडौंमा लेखी पठाईएको ।

३. मालपोत कार्यालय, डिल्लीवजारले वेसरोकारवालाको नाउंमा जग्गा दर्ता गरी जग्गा धनी प्रमाणपूर्जा दिएको, सो को प्रमाणित प्रतिलिपि उतार गर्न खोज्दा मिसिल समेत हराएको भन्ने जवाफ पाएकोले सम्बन्धित फाँटवाला र अधिकारी माथि कारवाही गरी पाउँ भन्ने उजुरीउपर अनुसन्धान हुँदा मालपोत कार्यालय, काठमाडौं, डिल्लीवजारबाट २०५९।१२।२७ मा मोहीको नाउंमा दर्ता नामसारी गर्ने गरेको निर्णय निष्क्रिय र प्रभावहीन भएकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ ख बमोजिम दुष्परिणाम सच्याउन लेखी पठाउन र उक्त दुष्परिणाम सच्याई ०४१।१०।१ को विर्तावारको तर्फबाट परेको निवेदन र ०५३।३।२८ को मोहीको तर्फबाट परेको निवेदन साथै राखी कानून बमोजिम बुझ्नु पर्ने कुरा बुझी निर्णय गर्न भनी मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंलाई लेखी पठाईएको तथा उक्त जग्गाहरु कस्को नाममा दर्ता हुने भन्ने अन्तिम टुंगो नलागेसम्म हाल जो जस्का नाममा छ, यथास्थितिमा रहने गरी बेच विखन आदि गर्न नपाउने गरी रोक्का राख्न लगाउनुका साथै २०५९।१२।२७ मा मोहीका नाममा अनुचित तवरबाट जग्गा दर्ता गर्ने गराउने काममा संलग्न कर्मचारीहरुलाई विभागीय

कारवाही गर्नु भनी आयोगको मिति २०६२/५/९ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाईएको ।

४. का.जि.तिनथाना गा.वि.स.निवासी मोहन प्रसाद लामिछानेले नाम थाहा नभएको गुरुङसंग तिनथाना गा.वि.स.ढुङ्गाअड्डा स्थित घरजग्गा खरिद गर्दा जग्गामा करिब १० बर्ष अघि बनेको पक्की ढलान घर भएकोमा सो छिपाई राजस्व घोटाला गरेको हुंदा छानविन तथा कारवाही होस् भन्ने सम्वन्धमा अनुसन्धान हुँदा अमिन मनभरण चौधरीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ खण्ड (छ) अन्तर्गतको अनुचित कार्य गरेको पाइएकोले निज विरुद्ध निजामती सेवा ऐन २०४९ दफा ६० खण्ड (ज), संसोधित अध्यादेशको दफा ६०क. खण्ड (ग) को कसूरमा ऐ. ऐनको दफा ५९ उपदफा ४ बमोजिम पांच वर्षसम्म बढुवा रोक्का गर्ने गरी विभागीय सजाय गर्न आयोगको मिति २०६२/५/२८ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाईएको ।

५. "जग्गा धनी प्रमाण पत्र वितरण गर्दा भ्रष्टाचार भएको" भन्ने विषयमा अनुसन्धान हुँदा तत्कालिन कार्यालय प्रमुख खरिदार कमल ढुङ्गेललाई थप अनुसन्धान गरेर मात्र श्रेस्ता कायम गर्नु पर्नेमा ब्यक्तिको सम्पत्ति सम्बन्धि अधिकारको हनन हुन सक्ने गंभीर विषयमा वेवास्ता गरेर कुनै निर्णय वा आदेश गर्दा वाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यविधिको पालना गर्नु पर्नेमा सो नगरी जानजानी वा लापरवाही साथ पदम बहादुर लिम्बूको नाममा एकल मोठ कायम गरेकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा ३ को खण्ड (ख) अर्न्तगतको अनुचित कार्य गरेको तथा निजामति सेवा ऐन,२०४९ को दफा ६० क को देहाय "ग" को कसुर गरेको देखियो । अत निजामति सेवा ऐन, २०४९ को दफा ६० (क) अनुसार तीन (३) तलब बृद्धि रोक्काको सजाय गर्ने र खरिदार किरण कार्की लाई सोही दफा अनुसार दुई (२) तलब बृद्धि रोक्काको सजाय गर्न सम्बन्धित अख्तियारवालालाई लेखि पठाईएको साथै पदम बहादुर लिम्बू र गौरीमान लिम्बूको संयुक्त नाममा दर्ता रहेको उक्त जग्गा पदम बहादुर लिम्बूको नाममा एकल मोठ कायम गर्ने मालपोत कार्यालय, चैनपुर बाट मिति २०६१/५/३१ गते गरेको त्रुटीपूर्ण निर्णय बदर गरी पदम बहादुर लिम्बू र गौरीमान लिम्बूको संयुक्त नाममा ३ महिना भित्र श्रेस्ता कायम गर्न आयोगको मिति २०६२/९/४ को निर्णयानुसार सम्बन्धित निकायमा लेखी पठाईएको ।

६. मालपोत कार्यालय, धादिङ्गका तत्कालिन ना.सु.अनन्त हुमागाई र नापी शाखा, धादिङ्गका अमिन बिश्वकुमार वस्नेतले कम मूल्य पर्ने जग्गालाई बढी मूल्यांकन गराई श्रम तथा रोजगार प्रवर्द्धन विभागवाट थुनामा रहेका मनराजा डंगोललाई धरौटीमा छुटाएको भनी परेको उजुरी उपर अनुसन्धान हुँदा मालपोत कार्यालय, धादिङ्गका तत्कालिन ना.सु.अनन्त हुमागाईको हकमा कम मूल्य पर्ने जग्गाको वढी मूल्य कायम गराई श्रम तथा रोजगार प्रबर्द्धन विभागबाट वैदेशिक रोजगार ठगी मुद्दामा थुनामा रहेका मनराजा डंगोललाई धरौटीमा छुटाउन गरेको कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(छ) वमोजिमको अनुचित कार्य भएकोले निजामती सेवा ऐन, २०४९ को दफा ६०.क को देहाय (ग) को कसुरमा ऐ. ऐनको दफा ५९ (क) को देहाय ३ बमोजिम निज अनन्त हुमागाईलाई २(दुई) तलब बृद्धि रोक्का गर्न अख्तियारवालालाई लेखी पठाईएको । साथै अमिन विश्वकुमार बस्नेतले दोहोरो अर्थ लाग्ने जवाफ दिई कम मूल्य पर्ने जग्गालाई वढी मूल्याङ्कन गर्ने गराउने गरी गरेको कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग, ऐन २०४८ को दफा ३(छ) वमोजिमको अनुचित कार्य भएकोले निजामती सेवा ऐन, २०४९ को दफा ६०.क को देहाय (ग) को कसुरमा ऐ. ऐनको दफा ५९ (क) को

देहाय ४ बमोजिम निज बस्नेतको ३ (तीन) तलब बृद्धि रोक्का गर्न आयोगको मिति २०६२/९/२५ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाईएको ।

७. छूट जग्गा दर्ता नामसारी गर्न घुस मागेकोले आवश्यक कारवाही गरी पाउँ भन्ने बिषयको उजूरी निवेदन उपर अनुसन्धान हुँदा मालपोत कार्यालय, डिल्लीबजार, काठमाण्डौको रोक्का फाँटमा कार्यरत खरिदार प्रकाश नारायण भट्टले सरकारी कर्मचारी नै नभएका व्यक्ति चन्द्रबहादुर खड्कालाई आफ्नो फांटमा राखी काम गराउँदै आएको प्रमाणित भएकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (ग) तथा (छ) बमोजिमको अनुचित कार्य गरेको कसूरमा निजामति सेवा ऐन, २०४९ (संसोधित) को दफा ५९ (क) को खण्ड ३ बमोजिम निज भट्टको २ (दुई) तलव बृद्धि रोक्काको सजायँ गर्न आयोगको मिति २०६२/१०/२५ को निर्णयानुसार भूमि सुधार तथा व्यवस्था बिभागमा लेखी पठाईएको ।

८. धनुषा जिल्ला अदालतबाट मालपोत कार्यालय, धनुषालाई जग्गा रोक्का राखिदिने विषयमा पठाएको च.नं. ९३३८ मिति २०६०।९।१७ को पत्र सो कार्यालयका मुखिया हिरालाल ठाकुरले बुझी गायव गरेको कारण जग्गाको रोक्का नजनिई हक हस्तान्तरण भएको सम्बन्धमा अनुसन्धान हुँदा धनुषा जिल्ला अदालतबाट मालपोत कार्यालय, धनुषालाई पठाएको उल्लेखित पत्र निज ठाकुर आफैंले बुझेको स्वीकार गरी सो पत्र गायब गरेको सम्बन्धमा निजको पेश गरको स्पष्टीकरण सन्तोषजनक नभएको हुँदा निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ६० क. को देहाय (ग) को कसूरमा ऐ. ऐनको दफा ५९ को खण्ड (क) को देहाय (५) बमोजिम ५ (पाँच) तलव बृद्धि रोक्काको सजायँ गर्न आयोगको मिति २०६२/१०/२५ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम भूमिसुधार तथा व्यवस्थापन विभागमा लेखि पठाईएको ।

९. भक्तपुर जिल्ला, बालकुमारी गा.वि.स. वार्ड नं. ६ का कि.नं. ७१३, ६२५, ६२३, ६७०, ६७९ का जग्गाहरुमा किर्ते मानिस खडा भई मालपोत कार्यालय, भक्तपुरका कर्मचारीहरु समेतको मिलेमतोमा ठगी गरेको हुँदा कारवाही गरि पाउँ भन्ने उजूरी निवेदन उपर अनुसन्धान हुँदा देहाय वमोजिम विभागीय सजायं गर्न मिति २०६२/१२/२२ को आयोगको निर्णयानुसार अख्तियारवालालाई लेखी पठाईएको :

- ना.सु.भूप बहादुर वोगटीको हकमाः- निज मालपोत कार्यालय कै जिम्मेवार कर्मचारी भएर आफूलाई नखटाएको, नतोकिएको काममा संलग्न भएको, त्यसरी संलग्न हुंदा समेत निवेदकहरुको हित संरक्षण गर्ने कुनै काम गरेको नदेखिएको र यसरी निजको संलग्नताबाट ठगीको कार्यका लागि सहयोग पुग्न गएको देखिएको हुँदा निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (क), (ख), (ङ) र (छ) बमोजिमको अनुचित कार्य गरेको पाईएकोले निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९(क) को देहाय (५) बमोजिम ५ (पाँच) तलब वृद्धि रोक्का गर्ने ।
- ना.सु.नेत्र प्रसाद पोखरेलले लिखत पारित गर्ने कामको लागि वेइलाकामा गएको, कागजात भिडाई आफैले नहेरेको, नगरपालिकाको घरबाटोको सिफारिस वेगर लिखत पारित गर्ने काममा संलग्न भई जग्गा खरिद बिक्रीको आंशिक लेनदेनको काम कारोवारको लिखतमा सनाखत गराई ठगी गर्ने काममा सहयोग पुर्‍याई आफुलाई तोकिएको एवं प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने कानूनी कर्तव्यको पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (क), (ख), (

ग) र (छ) बमोजिम अनुचित कार्य गरेको देखिएकोले निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क) को देहाय (५) बमोजिम ३ (तीन) तलव वृद्धि रोक्का गर्ने ।

- खरिदार रामहरि उपाध्यायले लिखत पारित गर्ने कार्यको लागि वेईलाकामा गएको, कागजात भिडाई आफैले नहेरेको, नगरपालिकाको घर बाटोको सिफारिस बेगर लिखत पारित गर्ने कार्यमा संलग्न भई जग्गा खरिद बिक्रीको आंशिक लेनदेनको कारोबारको लिखतमा सनाखत गराई ठगी हुने कार्यमा सहयोग पुऱ्याई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (क), (ख), र (छ) बमोजिम अनुचित कार्य गरेको देखिएकोले निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क) को देहाय (५) बमोजिम ३ (तीन) तलव वृद्धि रोक्का गर्ने ।

१०. कम थैली राखी घटी राजस्व लिई घर जग्गा पारित गरी दिने कार्यमा संलग्न मालपोत कार्यालय पर्साका ना.सु. पशुपतिनाथ ठाकुर र खरिदार सुरेश चन्द्र लाल कर्णलाई निजामती सेवा ऐन २०४९ को ६०क को देहाय (ग) को कसूरमा ऐ ऐनको दफा ५९ को खण्ड (क) को देहाय (३) बमोजिम २ (दुई) तलब वृद्धि रोक्का सजायँ गर्न आयोगको मिति २०६३/२/८ को निर्णयानुसार भूमि सुधार तथा व्यवस्थापन विभागमा लेखी पठाईएको ।

११. नवलपरासी जिल्ला, गैडाकोट गा.वि.स. वडा नं. १,२ र ३ मा पर्ने नारायणी नदी किनारा समेतका अधिकांश सार्वजनिक जग्गाहरु मालपोत कार्यालयका कर्मचारीहरु र गैडाकोट निवासी केशवराज सापकोटा समेतको मिलेमतोमा आफू आफ्ना नातेदारहरुको नाममा जग्गा दर्ता गरी भ्रष्टाचार गरे भन्ने उजुरी उपर अनुसन्धान गर्दा आयोगको मिति २०६३।२।३० को बैठकबाट तपसिलका व्यक्तिहरुलाई देहाय वमोजिम गर्ने निर्णय गरियो :-

**रुद्रकुमार श्रेष्ठ, सहसचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय**

शा.अ.ले मिति ०५७।७।२७ मा पेश गरेको तथा निर्देशकले मिति ०५७।७।३० मा पेश गरेको राय टिप्पणीमा के कति कारणले फुकुवा गरी फाइल फिर्ता पठाउन खोजिएको हो ? एक पटक व्यक्ति विशेषको नाममा दर्ता भएको गौचर जनिएको जग्गा मालपोत ऐन, २०३४ को दफा २४(२) अनुसार फुकुवा गर्नुपर्ने कारण खुलाउन आदेश गर्नुपर्नेमा सो नगरी र पूर्व महानिर्देशक समेतले रोक्का गरी यस कार्यमा संलग्न रहेका कर्मचारीको नाम नामेसी पठाउन ताकेता भई रहेको र कार्यालयले नपठाएको अवस्थामा विभागीय प्रमुखको हैसियतले थप कारवाही गरी मालपोत ऐन, २०३४ को दफा २४(२) अनुसार दर्ता बदर गरी सार्वजनिक कायम गर्ने गराउने तर्फ कार्वाही अघि वढाउनु पर्नेमा सो नगरी फुकुवा गर्न निर्णय गरेको देखिएको हुँदा निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ६०(क) को खण्ड (.ग) को कसूरमा सोही ऐनको दफा ५९ (क)(५) अनुसार ३ (तिन) तलव वृद्धि रोक्का हुने गरी विभागीय सजाय गर्न अख्तियारवाला समक्ष लेखी पठाउने ।

**राजेन्द्र राउत, शा.अ., भूमिसुधार तथा व्यवस्था मन्त्रालय**

निजले मालपोत विभागको मिति २०५५।७।९ को आदेशवाट रोक्का भएको गैडाकोट गा.वि.स. वडा नं.२ क साविक कि.नं.३७४ र ३७५ को क्षे.फ ७४-१४-० रोपनी गौचर जग्गा दर्ता गर्ने कर्मचारीको वारेमा कारवाही भइ रहेको अवस्थामा सो वमोजिमको कारवाही नगरी विभागीय प्रमुखलाई समेत आफ्नो पक्षमा पारी औचित्यहिन रुपले रोक्का रहेको जग्गा फुकुवा गर्ने गरी आफ्नो राय पेश गरी सोही रायलाई निर्देशक र महानिर्देशकवाट सदर गराई अख्तियार दुरुपयोग

अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ बमोजिम अनुचित कार्य गरेको देखिन आएको हुँदा निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ६० (क) को खण्ड (.ग) को कसूरमा सोही ऐनको दफा ५९ (क) (५) अनुसार ३ (तिन) तलव वृद्धि रोक्का हुने गरी विभागीय सजाय गर्न अख्तियारवाला समक्ष लेखी पठाउने ।

**विजयकुमार श्रेष्ठ, खरिदार, जिल्ला प्रशासन कार्यालय, नवलपरासी**

निजले मालपोत कार्यालयमा जिल्ला प्रशासन कार्यालयको तर्फवाट उपस्थिति जनाई छुट जग्गा दर्ता समितिमा गौचर जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्ने गरी सिफारिस गरेको देखिएको हुंदा निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ६० (क) को खण्ड (.ग) को कसूरमा सोही ऐनको दफा ५९(क) (५) अनुसार ३ (तिन) तलव वृद्धि रोक्का हुने गरी विभागीय सजायँ गर्न अख्तियारवाला समक्ष लेखी पठाउने ।

**(च) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत**

पूर्वाञ्चल डिभिजन सडक कार्यालय, विराटनगर अन्तर्गत आ.व. २०५६।५७ देखि आ.व. २०५९।६० सम्म विभिन्न निर्माण एवं मर्मत संभार तथा खरीदका कार्यहरु गर्दा गराउँदा व्यापक अनियमितता एवं भ्रष्टाचार भएको भन्ने सम्बन्धमा पर्न आएको उजुरी उपर अनुसन्धान गर्दा तत्कालीन डिभिजन प्रमुख विष्णुप्रसाद श्रेष्ठले उक्त कार्यालय अन्तर्गत आ.व. २०५७।५८ र २०५८।५९ मा पुल पुलेसा र सडक निर्माण सुधारका विभिन्न काम टुक्रा टुक्रामा विभाजन गरी वार्ताबाट गराएको देखियो । आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ६३ को उपनियम (५) मा लागत अनुमान तयार गर्दा सामान्यतया एउटै कामलाई टुक्रा टुक्रा गरी गर्न नहुने, एउटै कामको सम्बन्धमा टुक्रा टुक्रा गरी लागत अनुमान तयार गर्नुपर्ने भएमा सोको प्राविधिक पुष्ट्याईं र अन्य कारण समेत उल्लेख गरी विभागीय प्रमुखको स्वीकृति लिनुपर्ने अवस्था भएकोमा तत्कालीन डिभिजन प्रमुखको हैसियतले निज श्रेष्ठले त्यसो नगरी मनासिव आधार र पर्याप्त पुष्ट्याईं बेगर नै स्थानीय आवश्यकतालाई दृष्टिगत गरी बोलपत्रबाट गराउन असजिलो भएको र विशेष परिस्थिति परेको भन्ने जस्ता मनोगत आधारहरु पेश गरी लागत अनुमान टुक्रयाई सोझै वार्ताद्वारा वा अमानतमा काम गराउने व्यहोरा पेश गरी माथिल्लो अधिकृतबाट स्वीकृत गरी गराई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (ग) र खण्ड (छ) बमोजिम अनुचित कार्य गरेको देखिन आयो । त्यसै गरी तत्कालीन लेखा अधिकृत कुमारप्रसाद पोखरेलले प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियम कानूनको पालना गर्नु पर्नेमा सो गरेको नदेखिएको र तत्कालीन सहलेखापाल गुणराज खनालले आफू उक्त कार्यालयमा कार्यरत रहेको आ.व. २०५७।५८ र ०५८।०५९ मा सडक निर्माण र मर्मत संभारको कार्य गर्दा गराउँदा आफ्नै श्रीमती भगवती खनाल प्रोप्राइटर भएको भगवती कन्स्ट्रक्शन नामको फर्मलाई उक्त कार्यालयको निर्माण तथा सप्लाईको कामहरु गर्न दिए दिलाएको देखिन आएको हुँदा निजहरु तीनै जना (तत्कालीन डिभिजन प्रमुख विष्णुप्रसाद श्रेष्ठ, तत्कालीन लेखा अधिकृत कुमारप्रसाद पोखरेल र तत्कालीन सहलेखापाल गुणराज खनाल) लाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क) को देहाय (५) बमोजिम दुई तलव बृद्धि रोक्का गर्ने विभागीय कारवाहीं गर्न आयोगको मिति २०६२/७/२२ को निर्णयानुसार भौतिक योजना तथा निर्माण मन्त्रालय र महालेखा नियन्त्रकको कार्यालयमा लेखी पठाईएको ।

**(छ) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत**

१. त्रिभुवन विश्वविद्यालय सेवा आयोगवाट लिइएको विज्ञापन नं. २।०६०।६१ सिनियर बुक वाइण्डर (खुला) र विज्ञापन नं. १५।०५८।०५९ राजनीतिशास्त्र, उपप्राध्यापक पद (खुला) पदको परीक्षामा अनियमितता भएको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा त्रिभुवन विश्वविद्यालय सेवा आयोगवाट लिइएको विज्ञापन नं. २।०६०।०६१ सिनियर वुक वाइण्डर (खुला) पदको लिखित परीक्षामा उम्मेदवारले प्राप्त गरेको अंक फरक पारी गलत ढंगले प्राप्तांक विवरण फाराम भर्ने कार्यमा संलग्न त्रि.वि. सेवा आयोगको कार्यालयकी सहायक प्रशासक विना पन्त र टाइपिष्ट ख. वावु प्रसाद रिसालले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (ख) र (छ) अन्तरगतको अनुचित कार्य गरेको देखिएकोले निजहरुलाई त्रि.वि. शिक्षक कर्मचारी सेवा सम्वन्धी नियम २०५० को नियम ८२ (क) ३ अनुसार विभागीय सजाय गर्न र परीक्षा सम्वन्धी कार्यको जिम्मेवारी नदिन त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारलाई लेखि पठाईएको । साथै त्रिभुवन विश्वविद्यालयवाट लिइएको विज्ञापन नं. १५।०५८।०५९ राजनीतिशास्त्र, उपप्राध्यापक पदको लिखित परीक्षामा कोड नं. ८३८ को उत्तरपुस्तिकामा आफुले पहिले दिएको अंक अनुचित ढंगले केरमेट गर्ने नेपाल तथा एशियाली अनुसन्धान केन्द्रका प्राध्यापक डा. यज्ञ प्रंसाद अधिकारीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (घ) र (छ) अन्तरगतको अनुचित कार्य गरेको देखिएकोले निजलाई त्रि.वि. शिक्षक कर्मचारी सेवा सम्वन्धी नियम २०५० को नियम ८२ (क) २ अनुसार विभागीय सजाय गर्न र परीक्षा सम्वन्धी कार्यको जिम्मेवारी नदिन त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारलाई लेखी पठाईएको । साथै त्रिभुवन विश्वविद्यालयवाट लिइएको विज्ञापन नं. १५।०५८।०५९ राजनीतिशास्त्र, उपप्राध्यापक पदको लिखित परीक्षाको प्राप्तांक विवरण फाराम तयार गर्दा कोड नं. ८३८ को प्राप्तांक केरमेट गरी प्राप्तांक विवरण फाराममा उल्लेख गर्ने त्रि.वि.सेवा आयोगको कार्यालयका उपप्राध्यापक निरञ्जन ओझा र सहायक प्रशासक सुवास चन्द्र कडेल तथा उपरोक्त दुवै पदको लिखित परीक्षाका उत्तरपुस्तिका एवं प्राप्तांक विवरण फाराम राम्रोसंग रुजु नगरी आयोगको वैठकमा पेश गर्ने त्रि.वि.सेवा आयोगको कार्यालयका प्रमुख रामचन्द्र नेपालले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (ख) र (छ) अन्तरगतको अनुचित कार्य गरेको देखिएकोले निजहरुलाई परीक्षा संवन्धी कार्यको जिम्मेवारी नदिन आयोगको मिति २०६२/५/९ को निर्णयानुसार त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारलाई लेखी पठाईएको ।

२. वर्दिया जिल्लाका विभिन्न विद्यालयमा जाइकाबाट प्राप्त विद्यालय निर्माणका सामग्री र नगद हिनामिना गरी भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान गर्दा उल्लेखित कार्यक्रम संचालन गर्ने कार्यमा विद्यालयमा प्राप्त निर्माण सामग्री भन्दा बढी भरपाईमा दस्तखत गरेको र कार्य सम्पन्न नहुँदै नापी किताबमा दस्तखत गरि दिएको देखिएको हुँदा प्रधानाध्यापकहरु विनोद गौतम, पदम प्रसाद अधिकारी, राजकुमार रेग्मी, ओम बहादुर थापा, महेश चौधरी, जगत बहादुर शाही, कर्ण कुमार चौधरी, स्थानेश्वर घिमिरे, विश्वबन्धु चौधरी, झक बहादुर शाही, मनिराम धमला, तीर्थराज शर्मा, कुमार लामिछाने, काशिकान्त प्रतिहस्त, नारायण पौडेल, भुवनेश्वर शर्मा, बसन्त कुमार गौतम, नकुल राज चौधरी, मधुसुदन रेग्मी, मदन कुमार थारु, कृष्ण प्रसाद लम्साल, माधवी के.सी., विल्टु ठाकुर, र शालिकराम ज्ञवाली र सहायक शिक्षक झक्कु प्रसाद चौधरीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) अनुसार आफ्नो पदको प्रकृति अनुसार पालना गर्नु पर्ने पदीय दायित्व पाालना गरेको नदेखिएको हुँदा निजहरुलाई

सो नियमावलीको नियम १३५ अनुसार कारवाही गर्न आयोगको मिति २०६२।५।३० को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाईएको ।

३. सर्लाही जिल्ला, मुसौली गा.वि.स. वडा नं. ३ वस्ने अजमत अली समेतको उजुरी उपर अनुसन्धान गर्दा बौधीदेवी नि.मा.वि. मुसौली सर्लाही हाल सरस्वती नि.मा.वि. अर्नाह सर्लाहीका प्रधानाध्यापक श्यामवावु सिंहले प्रा.वि. शिक्षक पदमा नियुक्ति गराई दिन्छु भनी मिति ०५३।१।३० मा जिल्ला सर्लाही मुसौली गा.वि.स. वडा नं. ३ वस्ने अजमत अलीसंग रु. १४,०००।- (चौध हजार) ऐ. ऐ. वडा नं. ५ वस्ने सुरेन्द्र महतोसंग २०,०००।- (विस हजार) तथा ऐ.ऐ. वडा नं. ६ वस्ने नागेन्द्र रायसंग १८,०००।- (अठार हजार) वौधीदेवी नि.मा.वि. को लेटर प्याडमा भरपाई गरि रकम लिएको देखिदा निज प्रधानाध्यापक श्यामवावु सिंहलाई शिक्षा नियमावली २०५९ को नियम १३७ को खण्ड (क) वमोजिम अनुशासनहीन कार्य गरेकोले सोही नियम वमोजिम ५ तलव वृद्धि रोक्का गर्न आयोगको मिति २०६२/९/१९ को निर्णयानुसार शिक्षा नियमावली २०५९ को नियम १४३ को उप नियम १ को खण्ड (ख) वमोजिम अख्तियारवाला लाई लेखी पठाईएको ।

४. वर्दिया जिल्लाका विद्यालयहरुलाई जाइकाबाट प्राप्त विद्यालय निर्माणका सामग्री र नगद हिनामिना गरी भ्रष्टाचार गरे भन्ने विषयको उजूरी उपर अनुसन्धान भई आयोगको मिति २०६३/३/२५ को बैठकमा पेश हुँदा जिल्ला शिक्षा अधिकारी राकेश श्रीवास्तवले सो कार्यक्रम अन्तर्गत विद्यालयहरुको भौतिक पूर्वाधार वनाउने कार्य सम्पन्न नहुँदै पेश भएका नापी किताव स्वीकृत गरेको, मातहतका कर्मचारीहरुको रेखदेख र अनुगमन नगरेको तथा योग्यता नपुगेका कर्मचारीहरुलाई स्टोरको जिम्मा दिएको तथा शाखा अधिकृत नवराज पौडेलले विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्ने कार्यको कार्य सम्पन्न नहुँदै नापी किताव भर्न ओभरसियरहरुलाई आदेश दिएको कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) अनुसार आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय दायित्व पालना नगरेको एवं निजामती सेवा ऐन, २०४९ (निजामती सेवा अध्यादेश, २०६२) को दफा ६० क को देहाय (ग) अनुसार पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा गरेको नदेखिएको हुँदा निज जिल्ला शिक्षा अधिकारी राकेश श्रीवास्तव र शाखा अधिकृत नवराज पौडेललाई विभागीय कारवाही गर्न लेखी पठाइएको । त्यसैगरी प्राप्त निर्माण सामग्री विक्री गरेको र निर्माण सामग्री बुझाउने रजिष्टरमा भरपाई भएको भन्दा कम मात्र सरसामान बुझाएको र भरपाई सच्चाई, केरमेट गरी अंक थपी विद्यालयलाई बुझाउनु पर्ने वास्तविक सामान नबुझाएको हुँदा खरीदार सीताराम चौधरीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को देहाय (३) अनुसार कसूर गरेको र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) अनुसार आफ्नो पदको प्रकृति अनुसार पालना गर्नु पर्ने पदीय दायित्व पालना नगरेको एवं निजामती सेवा ऐन, २०४९ (निजामती सेवा अध्यादेश, २०६२) को दफा ६० क अनुसार पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा गरेको नदेखिएको हुँदा निज सीताराम चौधरीलाई समेत विभागीय कारवाही गर्न अख्तियारवाला समक्ष लेखी पठाईएको । साथै इन्जिनियर इन्द्रनारायण साहले सो कार्यक्रम अन्तर्गत विद्यालयहरुको भौतिक पूर्वाधार वनाउने कार्यको कार्य सम्पन्न नहुँदै नापी किताव भरेको भराएको र निम्न गुणस्तरको सिमेन्ट स्वीकार गरी निर्माण कार्यमा प्रयोग समेत गर्न दिएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) एवं नि.से. ऐन २०४९ (नि.से. अध्यादेश २०६२) को दफा ६० क को देहाय (ग) अनुसार कार्य गरेको नदेखिएको हुंदा निजलाई करार /अस्थायी सेवावाट मुक्त गर्न अख्तियारवाला समक्ष लेखी पठाईएको ।

**(ज) <u>संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत</u>**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयले टेण्डर आव्हान नगरी नियम विपरित कोटेशनबाट काम गराएको भन्ने उजूरी सम्बन्धमा आयोगको मिति २०६३/२/१४ को वैठकबाट निम्नानुसार गर्ने निर्णय भयो :-

- **तत्कालीन सिभिल मर्मत महाशाखा प्रमुख पुण्य राज शाक्यको हकमा :** कार्यालयको पम्प हाउसको निर्माण कार्य, विमानस्थलको ह्याङ्गर प्यारेलल ट्याक्सी वे, डोमेस्टिक एप्रोन तथा छेउछाउको प्याचवर्क मर्मत कार्य, कार्गो भवन, सो भवनको ल्याण्ड साइड तथा एअर साइडको सर सफाई गर्ने कार्य समेतको टेण्डर छल्ने अभिप्रायले टुक्रा टुक्रा लागत अनुमान तयार गरी प्रतिस्पर्धा वेगर कार्य गराएको व्यहोरा प्राधिकरणको आर्थिक प्रशासन सम्वन्धी नियमावली २०५७ को व्यवस्थाको प्रतिकूल देखिन आएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ को देहाय (छ) अनुसार आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय दायित्व पालना नगरेको एवं नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवा शर्त र सुविधा सम्वन्धी नियमावली २०५६ ( संसोधन सहित) को नियम १३.१(ख) वमोजिम निजको ३ (तीन) तलव वृद्धि रोक्का गर्न अख्तियारवाला समक्ष लेखी पठाउने ।
- **तत्कालीन महाप्रवन्धक योगेन्द प्रसाद राउत र तत्कालीन अर्थ महाशाखा प्रमुख कुमार प्रसाद लामिछानेको हकमा :** कार्यालयको कार्गो भवन, सो भवनको ल्याण्ड साइड तथा एअर साइडको सरसफाई गर्ने कार्य समेतको टेण्डर छल्ने अभिप्रायले टुक्रा टुक्रा लागत अनुमान तयार गरी प्रतिस्पर्धा वेगर कार्य गराएको व्यहोरा प्राधिकरणको आर्थिक प्रशासन सम्वन्धी नियमावली २०५७ को व्यवस्थाको प्रतिकूल देखिन आएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ को देहाय (छ) अनुसार आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय दायित्व पालना नगरेको एवं नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवा शर्त र सुविधा सम्वन्धी नियमावली २०५६ ( संसोधन सहित) को नियम १३.५ (छ) वमोजिम आफ्नो पदको जिम्मेवारी पूरा गरेको नदेखिएकोले निजहरुलाई सोही कसुरमा सोही नियमावलीको नियम १३.१ (ख) वमोजिम ३ (तीन) तलव वृद्धि रोक्का गर्न अख्तियारवाला समक्ष लेखी पठाउने ।
- **अर्थ महाशाखा प्रमुख शालीग्राम पौडेलको हकमा :** कार्यालयको पम्प हाउसको निर्माण कार्य समेतको टेण्डर छल्ने अभिप्रायले टुक्रा टुक्रा लागत अनुमान तयार गरी प्रतिस्पर्धा वेगर कार्य गराई र आ.ब. २०६१।६२ मा गायत्री निर्माण सेवा, ढकाल कन्स्ट्रक्सन , मोहन एण्ड वेसीगाउँ निर्माण सेवा समेतबाट एउटै आ.ब.मा एउटै ठेकेदारबाट एक भन्दा वढी दरभाउपत्र लिई निर्माण तथा मर्मत कार्य गराएको व्यहोरा प्राधिकरणको आर्थिक प्रशासन सम्वन्धी नियमावली २०५७ को व्यवस्थाको प्रतिकूल देखिन आएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ को देहाय (छ) अनुसार आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय दायित्व पालना नगरेको एवं नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवा शर्त र सुविधा सम्वन्धी नियमावली २०५६ (संसोधन सहित) को नियम १३.५ (छ) वमोजिम आफ्नो पदको जिम्मेवारीको वरावर वेवास्ता गरेको देखिएकोले निजलाई सोही कसुरमा सोही नियमावलीको नियम

१३.१ (ख) वमोजिम ३ (तीन) तलव वृद्धि रोक्का गर्न अख्तियारवाला समक्ष लेखी पठाउने ।

- **तत्कालीन महाप्रवन्धक दिनेश प्रसाद श्रेष्ठ र तत्कालीन सिभिल मर्मत महाशाखा प्रमुख अनन्त कुमार देवकोटा को हकमा :** आ.ब. २०६१।६२ मा गायत्री निर्माण सेवा, ढकाल कन्स्ट्रक्सन, मोहन एण्ड वेसीगाउ निर्माण सेवा समेतबाट एउटै आ.ब.मा एउटै ठेकेदारबाट एक भन्दा वढी दरभाउपत्र लिई निर्माण तथा मर्मत कार्य गराएको र अन्तर्राष्ट्रिय टर्मिनल विल्डिङ, डोमेस्टीक टर्मिनल विल्डिङ समेतको एउटै प्रकृतिको र एकै स्थानमा हुने निर्माण तथा मर्मत कार्यको टेण्डर छल्ने अभिप्रायले टुक्रा टुक्रा लागत अनुमान तयार गरी प्रतिस्पर्धा वेगर कार्य गराएको व्यहोरा प्राधिकरणको आर्थिक प्रशासन सम्वन्धी नियमावली २०५७ को व्यवस्थाको प्रतिकूल देखिन आएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ को देहाय (छ) अनुसार आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय दायित्व पालना नगरेको एवं नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवा शर्त र सुविधा सम्वन्धी नियमावली २०५६ ( संसोधन सहित) को नियम १३.५ (छ) वमोजिम आफ्नो पदको जिम्मेवारीको वरावर वेवास्ता गरेको देखिएकोले निजहरुलाई सोही कसुरमा सोही नियमावलीको नियम १३.१( ख) वमोजिम १ (एक) तलव वृद्धि रोक्का गर्न अख्तियारवाला समक्ष लेखी पठाउने ।
- **तत्कालीन महाप्रवन्धक केशव राज खनाल र सिभिल मर्मत महाशाखा प्रमुख मुकुन्द प्रसाद भण्डारी को हकमा :** आ.ब. २०६१।६२ मा शान्ती विहार निर्माण सेवा समेतबाट एउटै आ.ब.मा एउटै ठेकेदारबाट एकभन्दा वढी दरभाउपत्र लिई निर्माण तथा मर्मत कार्य गराएको र अन्तर्राष्ट्रिय टर्मिनल विल्डिङ, डोमेस्टीक टर्मिनल विल्डिङ समेतको एउटै प्रकृतिको र एकै स्थानमा हुने निर्माण तथा मर्मत कार्यहरुको टेण्डर छल्ने अभिप्रायले टुक्रा टुक्रा लागत अनुमान तयार गरी प्रतिस्पर्धा वेगर कार्य गराएको व्यहोरा प्राधिकरणको आर्थिक प्रशासन सम्वन्धी नियमावली २०५७ को व्यवस्थाको प्रतिकूल हुने गरी कार्य गरेको देखिन आएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ को देहाय (छ) अनुसार आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय दायित्व पालना नगरेको एवं नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवा शर्त र सुविधा सम्वन्धी नियमावली २०५६ (शंसोधन सहित) को नियम १३.५ (छ) वमोजिम आफ्नो पदको जिम्मेवारीको वरावर वेवास्ता गरेको देखिएकोले निजहरुलाई सोही कसुरमा सोही नियमावलीको १३.१(ख) वमोजिम १ (एक) तलव बृद्धि रोक्का गर्न अख्तियारवाला समक्ष लेखी पठाउने ।

**(झ) <u>स्थानीय विकास मन्त्रालय अन्तर्गत</u>**

१. पोखरा, पृथ्वीचोकमा नयाँ वसपार्क निर्माण गर्ने समेत प्रयोजनको लागि अधिग्रहण भएको पोखरा उप-महानगरपालिका वा.नं. ९ समेतका जग्गा विक्री वितरण गर्दा, सट्टा भर्ना गर्दा नेपाल सरकारको स्वीकृती लिएर मात्र गर्नु पर्ने, नगर विकास ऐन तथा आर्थिक ऐन नियम अनुसार गर्नु पर्ने चन्दा आर्थिक सहयोग समेतका कार्यहरु सो विपरित गरी आएको भन्ने बिषयमा अनुसन्धान गर्दा सम्बन्धित ऐन, कानून र सार्वजनिक हितलाई ध्यानमा राखी उक्त निर्णयमा उल्लेख गरे अनुसार गर्न गराउन सम्बन्धित मन्त्रालयलाई लेखि पठाउने तथा समितिको सदस्य सचिवको

रुपमा कार्यरत शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयका प्रमुख भवरत्न रञ्जितकारले नेपाल सरकारबाट स्वीकृति लिएर मात्र खर्च गर्नु पर्ने रकम समितिको निर्णयको आधारमा मात्र खर्च गरेको देखिनाले निजलाई मन्त्रालयबाटै उपयुक्त विभागीय कारवाही गर्न आयोगको मिति २०६२/४/१८ को निर्णयानुसार लेखी पठाईएको ।

२. नुवाकोट फिकुरी गा.वि.स.का सचिव बुद्धिबहादुर प्याकुरेलले गा.वि.स.को रकम मासी भ्रष्टाचार गरे भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा निजले गा.वि.स.को रकम स्वीकृती वेगर आफ्नो काममा प्रयोग गरी आफ्नो पदको प्रकृति अनुसार पालन गर्नुपर्ने कर्तब्य पालन नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (छ) मा उल्लेखित अनुचित कार्य गरेको देखिन आएको र निजको तत्कालिन परिस्थितीलाई समेत विचार गरी निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ६०क. को खण्ड (ग) मा उल्लेखित कसूरमा सोही ऐनको दफा ५९(क)(५) बमोजिम ५(पाँच) तलब वृद्धि रोक्का हुनेगरी विभागीय कारवाही गर्न आयोगको मिति २०६२/८/२६ को निर्णयानुसार जिल्ला विकास समितिको कार्यालय, नुवाकोटका स्थानीय विकास अधिकारीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम लेखी सो को जानकारी स्थानीय विकास मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, नुवाकोटलाई समेत दिइएको ।

३. ललितपुर जिल्ला ललितपुर उप महानगरपालिका वडा नं. १९ निवासी विमला गिरीले ललितपुर उप महानगरपालिका वडा नं. ५ (छ) मा बसोबास गरी आएकी शीलकुमारी शाहीबाट र.नं.३६२८ मिति २०५९।९।२ ऐ. कि.नं.२९७ को जग्गा र सोमा बनेको घर समेत खरिद गर्दा घर भएको जग्गालाई घर छैन भनी कम मूल्य राखी झुक्याई नापी शाखा ललितपुरका कर्मचारी समेतको मिलेमतोमा राजश्व छलेको हुंदा कारवाही गरी पाउ भन्ने समेत व्यहोराको कृष्ण बहादुर लामाको उजुरी परेको र सोही उजुरी उपर अनुसन्धान भैरहेकै वखत सोही कित्ता जग्गा र घर समेत विमला गिरीले मिति २०६१।३।८ मा लक्ष्मी शाक्यलाई राजीनामा बिक्री गर्दा करिव रु.६ लाखको लेनदेन गरी रु.३,४२,०००।- मूल्य राखी पारित गरी राजश्व छलेको हुंदा कारवाही गरि पाउ भन्ने समेत व्यहोराको दोश्रो उजुरीका सम्बन्धमा समेत अनुसन्धान हुँदा राजश्व रकम रु.११,५१६।२२ विमला गिरीले छलेको देखिंदा निज विमला गिरीबाट मिति २०६२।६।१६ मा राखिएको धरौट रु.२३,६१०।- मध्येबाट रु.११,५१६।२२ राजश्व खातामा दाखेल गरी बांकी रकम निजलाई फिर्ता गर्नु भनी मालपोत कार्यालय ललितपुरमा लेखीएको तथा घर भएको जग्गामा घर छैन भनी लेखी राजश्व छल्नमा मद्दत गर्ने नापी शाखा ललितपुरका अमिन हाल ६ नं. नापी गोश्वारा वसुन्धरामा कार्यरत तिलकराम काफ्लेले आफ्नो अपराध स्वीकार गरेको देखिंदा निज तिलकराम काफ्लेले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (छ) अन्तरगतको अनुचित कार्य गरेको पाईएकोले निज विरुद्ध निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क) को देहाय (५) बमोजिम ५ तलव वृद्धि रोक्का गर्ने गरी विभागीय सजाय गर्न आयोगको मिति २०६२/८/२७ को निर्णयानुसार नापी विभागमा लेखि पठाईयो ।

४. जिल्ला विकास समिति, खोटाङ्गका तत्कालीन सभापति परशुराम कार्की, निमित्त स्थानीय विकास अधिकारी खगेन्द्र चुडाल र निज मातहतका अन्य कर्मचारी समेतको मिलेमतोमा जिल्ला विकास समितिको रकम खर्च गर्दा भ्रष्टाचार भएको भन्ने उजूरीको विषयमा अनुसन्धान हुँदा जिल्ला विकास समिति, खोटाङ्गको आ.व. २०५४।०५५ देखि आ.व.०५७।५८ सम्म तत्कालीन निमित्त स्थानीय विकास अधिकारी खगेन्द्र चुडाल र लेखापाल गजेन्द्र कुमार थापाले बजेट रकम खर्च

गर्दा विभिन्न व्यक्ति, फर्म, ठेकेदार आदिबाट काम गराई भुक्तानी गर्दा नियमानुसार कट्टा गरिराखेको आयकर, अग्रिम आयकर, पारिश्रमिक कर एवं ठेक्का कर रकम आर्थिक वर्ष ०५५।०५६ को रु.१,६८,०००।-, ०५६।०५७ को रु.१,११,०००।- र ०५७।०५८ को रु.९०,०००।- समेत जम्मा रु. ३,६९,०००।- म.ले.प. को वार्षिक प्रतिवेदनहरु समेतबाट कर कट्टा गरेको रकम संचित कोष दाखिला नगरेको भनी औंल्याएको र निजहरुले अर्को आर्थिक वर्षमा सम्बन्धित राजश्व खातामा दाखिला भएको भन्ने बयान दिएतापनि सम्बन्धित निकायहरुबाट अभिलेख झिकाई हेर्दा भिडेको नदेखिएकोले राजश्व दाखिला हुन बाँकी देखिएको रकम रु.३,३०,१६५।७९ मध्ये दामासाहीको हिसावले जनही रु.१,६५,०८२।९० निजहरु द्वय निमित्त स्थानीय विकास अधिकारी खगेन्द्र चुडाल र लेखापाल गजेन्द्र कुमार थापाबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क बमोजिम भरि भराउ गर्न अख्तियारवालालाई लेखी पठाइयो । साथै निज निमित्त स्थानीय विकास अधिकारी खगेन्द्र चुडाल र लेखापाल गजेन्द्र कुमार थापाले गरेको उक्त कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (छ) र निजामति सेवा ऐन, २०४९ को दफा ६० क. को देहाय (ग) विपरित देखिंदा निजहरुलाई निजामति सेवा ऐन, २०४९ को दफा ५९ (क) को देहाय (४) बमोजिम पाँच (५) वर्षसम्म बढुवा रोक्काको विभागीय कारवाही गर्न आयोगको मिति ०६२/८/२७ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाईयो ।

५. काठमाण्डौ महानगरपालिका अन्तरगत टेकूमा विभागीय भवन ब्लक 'ए' र 'बि' निर्माण गर्दा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६२/११/२२ को वैठकबाट निम्नानुसार गर्ने निर्णय भयो :-

- प्राविधिक प्रस्ताव मूल्याङ्कन समितिका तत्कालीन संयोजक, तथा काठमाण्डौ महानगरपालिका तत्कालीन कार्यकारी अधिकृत एवं हाल स्थानीय विकास मन्त्रालयका सह-सचिव सूर्यप्रसाद सिलवालका सम्बन्धमाः- सूर्य प्रसाद सिलवाल मूल्याङ्कन समितिको संयोजकमा मनोनयन भै पेश हुन आएका प्राविधिक प्रस्तावहरु निज समेतबाट मूल्याङ्कन भएको देखियो । हरिहरि निर्माण सेवा प्रा. लि. ले प्राविधिक प्रस्तावसाथ आ.व. ०५२।५३ देखि ०५६।५७ सम्मको लेखा परीक्षण प्रतिवेदनको फोटोकपि पेश गरेको, सो मा पेश गर्नेको दस्तखत नभएको र प्रतिलिपी प्रमाणित समेत नभएकोमा त्यस्तो कागजात समेतका आधारमा मूल्याङ्कन गरी अंक दिएको, प्राविधिक प्रस्तावसाथ एभरेष्ट कन्स्ट्रक्शन प्रा.लि. का तर्फबाट पेश भएको सो प्रा.लि. को नाममा दर्ता भएको भनिएको ट्रकको सवारी धनी प्रमाण पत्रको आधिकारीकता जाँच नगरी किर्ते गरी तैयार गरेको कागजातका आधारमा मूल्याङ्कन गरी अंक दिएको, यमनराज श्रेष्ठ र श्याममणी काफ्लेलाई ओभरसियर पदमा प्रस्ताव गरिएकोमा बायोडाटामा निजहरुको दस्तखत नै नभएको र सो कागज पेश गर्ने ठेकेदार समेतले सो कागजमा कम्पनीको छाप नलगाएको र दस्तखत समेत नगरेको कागजलाई आधारमानी मूल्याङ्कन गरी अंक दिएको, जेनेरेटर, कंक्रिट मिक्स्चर मेसीन, लेवल मेसीन, भाइब्रेटरहरु, थेवडोलाइट, वाटर पम्प आदिको स्वामित्व देखिने कागजातहरु नभएकोमा समेत मूल्याङ्कन गरी अंक दिएको, ठेकेदार/प्रस्तावकको स्वामित्वमा भएको यान्त्रिक उपकरणको मात्र अंक दिन मिल्नेमा प्रस्तावकको स्वामित्वमा नै नभएको र उनाउ व्यक्ति/फर्मले उपलब्ध गराइ दिन्छु भनी लेखेको फोटोकपि पत्रका आधारमा अंक दिई मूल्याङ्कन गरेको र ६० भन्दा वढी अंक

प्राप्त गर्ने ७ वटै फर्मलाई प्रिक्वालिफाई गर्नु पर्नेमा ५ वटा फर्मलाई मात्र प्रिक्वालिफाई गर्न राय ठहरसाथ सिफारिस समेत गरी बढी प्रतिस्पर्धा हुन नपाओस भन्ने मनसाय राखी गैरकानूनी रुपमा प्राविधिक प्रस्ताव मूल्याङ्कन र पिक्युको लागि सिफारिस समेत गरेको र २०५९ सालमा काठमाण्डौ महानगरपालिका कार्यालयको 'बि' ब्लक भवन निर्माण गर्न छुट्टै प्रिक्वालिफिकेसन गर्नु पर्नेमा सो नगरी ब्लक 'ए' भवन निर्माणको लागि मिति ०५७।१२।६ मा प्रिक्वालिफाई भएका ५ वटा फर्महरुबाट मात्र 'बि' ब्लक भवन निर्माणको लागि आर्थिक प्रस्ताव माग गर्ने गरी मिति ०५९।१।२७ मा सिफारिस समेत गरी सूर्य प्रसाद सिलवालले प्रचलित कानुनले तोकेको पदिय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरी अख्तियारको दुरुपयोग गरी अनुचित कार्य गरेको पुष्टि हुन आएकाले निजामती सेवा (संशोधन सहित) ऐन, २०४९ को दफा ५९ (क) (३) बमोजिम कानूनको रित पुऱ्याई निज सूर्यप्रसाद सिलवालको २ तलव वृद्धि रोक्का गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम स्थानीय विकास मन्त्रालयमा लेखी पठाईएको ।

- प्राविधिक प्रस्ताव मूल्याङ्कन समितिका तत्कालीन सदस्य काठमाण्डौं महानगरपालिका कार्यालय, सार्वजनिक निर्माण बिभागका तत्कालीन प्रमुख एवं खानेपानी तथा ढल निकास बिभाग अन्तर्गतका ईन्जिनीयर ज्योति भूषण प्रधानका सम्बन्धमाः- प्राविधिक प्रस्ताव मूल्याङ्कनको लागि ज्योति भूषण प्रधान मूल्याङ्कन समितिको सदस्यमा मनोनयन भै पेश हुन आएका प्राविधिक प्रस्तावहरु निज समेतबाट मूल्याङ्कन भएको देखियो । हरिहरि निर्माण सेवा प्रा.लि. ले प्राविधिक प्रस्तावसाथ आ.व. ०५२।५३ देखि ०५६।५७ सम्मको लेखा परीक्षण प्रतिवेदनको फोटोकपि पेश गरेको, सो मा पेश गर्नेको दस्तखत समेत नभएको र प्रतिलिपी प्रमाणित समेत नभएकोमा त्यस्तो कागजात समेतका आधारमा मूल्याङ्कन गरी अंक दिएको, प्राविधिक प्रस्तावसाथ एभरेष्ट कन्स्ट्रक्शन प्रा.लि. का तर्फबाट पेश भएको सो प्रा.लि. को नाममा दर्ता भएको भनिएको ट्रकको सवारी धनी प्रमाण पत्रको आधिकारीकता जाँच नगरी किर्ते गरी तैयार गरेको कागजातका आधारमा मूल्याङ्कन गरी अंक दिएको, यमनराज श्रेष्ठ र श्याममणी काफ्लेलाई ओभरसियर पदमा प्रस्ताव गरिएकोमा बायोडाटामा निजहरुको दस्तखत नै नभएको र सो कागज पेश गर्ने ठेकेदार समेतले सो कागजमा कम्पनीको छाप नलगाएको र दस्तखत समेत नगरेको कागजलाई आधार मानि मूल्याङ्कन गरी अंक दिएको, जेनेरेटर, कंक्रिट मिक्स्चर मेसीन, लेवल मेसीन, भाइब्रेटरहरु, थेवडोलाइट, वाटर पम्प आदिको स्वामित्व देखिने कागजातहरु नभएकोलाई समेत आधारमानी मूल्याङ्कन गरी अङ्क दिएको, ठेकेदार/प्रस्तावकको स्वामित्वमा भएको यान्त्रिक उपकरणको मात्र अंक दिन मिल्नेमा प्रस्तावकको स्वामित्वमा नै नभएको र उनाउ व्यक्ति/फर्मले उपलब्ध गराइ दिन्छु भनी लेखेको फोटोकपि पत्रका आधारमा अंक दिई मूल्याङ्कन गरेको र ६० भन्दा वढी अंक प्राप्त गर्ने ७ वटै फर्मलाई प्रिक्वालिफाई गर्नु पर्नेमा ५ वटा फर्मलाई मात्र प्रिक्वालिफाई गर्न राय ठहरसाथ सिफारिस समेत गरी बढी प्रतिस्पर्धा हुन नपाओस भन्ने मनसाय राखी ज्योति भूषण प्रधानले गैरकानूनी रुपमा प्राविधिक प्रस्ताव मूल्याङ्कन र पिक्युको लागि सिफारिस समेत गरेको देखियो । त्यस्तै गरी २०५९ सालमा काठमाडौं महानगरपालिका कार्यालय अन्तर्गत 'बी' ब्लक भवन निर्माण गर्न छुट्टै प्रिक्वालिफिकेशन

गर्नु पर्नेमा सो नगरी ब्लक 'ए' भवन निर्माणको लागि मिति २०५७।१२।६ मा प्रिक्वालिफाई भएका ५ (पाँच) वटा फर्महरुबाट मात्र 'बी' ब्लक भवन निर्माणको लागि आर्थिक प्रस्ताव माग गर्ने गरी मिति ०५९।१।२७ मा सिफारिश गरेको समेत देखियो । ब्लक 'ए' भवनको शुरु देखि नै ड्इङ्ग डिजाइन परिर्वत गरी भेरिएसन गराएको, तर सोको संशोधित ड्इङ्ग डिजाइन बमोजिमको संशोधित ल.ई. तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत समेत नगराई ठेकेदारलाई संशोधित नक्सा डिजाइन बमोजिम काम गराई लिखित रुपमा भेरिएसनको कार्यादेश नदिई संझौता विपरित हुने गरी निर्माण कार्य गराई भुक्तानि समेत दिइ निज ज्योति भूषण प्रधानले प्रचलित कानूनले तोकेको पदिय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरी अख्तियारको दुरुपयोग गरी अनुचित कार्य गरेको देखिएकोले निजामती सेवा (संशोधन सहित) ऐन, २०४९ को दफा ५९ (क) (३) बमोजिम कानूनको रित पुऱ्याई निज ज्योति भूषण प्रधानको २ (दुई) तलव वृद्धि रोक्का गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम खानेपानी तथा ढल निकास विभागलाई लेखी पठाईएको ।

- तत्कालीन निर्माण तथा यातायात मन्त्रालयका उप सचिव, ठेकेदार बर्गीकरण समितिका तत्कालीन सदस्य सचिव एवं हाल जिल्ला विकास समितिको कार्यालय, बाराका स्थानीय विकास अधिकारी भूपनाथ शर्माका सम्बन्धमाः- ठेकेदार वर्गिकरण समितिको सदस्य सचिवका हैसियतले भूपनाथ शर्माले एभरेष्ट कन्स्ट्रक्शन प्रा.लि. लाई 'ख' बर्गको ठेकेदारी इजाजत पत्र प्रदान गर्न उक्त समिति समक्ष फाइल कागजात पेश गरी सदस्य सचिवको हैसियतले त्यस्तो इजाजत पत्र प्रदान गर्न सिफारिस समेत गरेको देखियो । तत्काल प्रचलित ठेकेदार सम्बन्धी (संशोधन सहित) नियमावली, २०३१ को अनुसूचि १ को दफा २ बमोजिम डम्प ट्रक-२ थान र लोडर १ थान समेत घटीमा ५० लाख वरावरको निर्माण मेशिनरी तथा उपकरणहरु आफ्नै कम्पनीको स्वामित्वमा भएको, घटीमा १५ लाख रुपैयाँ सम्मको चालु पूंजी भै नेपाल सरकार वा संगठित संस्थामा घटीमा १० वर्षको अविछिन्न कार्य अनुभव प्राप्त इञ्जिनियर संचालक भएको फर्मलाई मात्र सिधै 'ख' बर्गको ठेकेदारी इजाजत पत्र प्रदान गर्न मिल्नेमा उक्त एभरेष्ट कन्स्ट्रक्शन प्रा.लि. का संचालक निर्मलराज शर्माको इञ्जिनियरिङ्ग विषयमा स्नातक गरेको शैक्षिक योग्यताको प्रमाण पत्र नै ४ अगस्त १९९२ अर्थात ०४९।४।२० मा मात्र जारी भएको देखिएकोले इजाजत पत्र जारी गर्न सिफारिस गरेको मिति ०५५।१२।२६ र इजाजत पत्र जारी गरेको मिति ०५५।१२।२९ सम्ममा ६ बर्ष ८ महिना मात्र पुगेको उक्त प्रा.लि. को स्वामित्वमा नरहेको बा. अ. ञ. ६६९९ नं. को निजी कारको सवारी धनी प्रमाण पत्रको फोटोकपिमा ट्रक उल्लेख गरी सच्याई किर्ते गरेको किशोर चन्द्र अधिकारीका नाममा भएको सवारी साधनको किर्ते गरेको ब्लु वुकको फोटोकपि र मुकुन्दराज चालिसेको नाममा भएको ना अ ख ७५९१ नं. को ट्रकको सवारी धनी प्रमाण पत्रको फोटोकपि फाइल साथ पेश भएको देख्दा देख्दै इजाजत प्राप्त गर्न आवेदन दिने फर्मको स्वामित्वमा नै उक्त ट्रकहरु अनिवार्य रुपमा हुनुपर्ने कानूनी प्रावधानको उलंघन गरी सो प्रा.लि. ले पछि नामसारी गरी लिने दिने गरी गरेको भनिएको फोटोकपि कागजका आधारमा र लोडरको समेत स्वामित्व पत्र विना नै सो प्रा.लि. सँग उक्त ट्रकहरु एवं लोडर भएको भनी र उक्त प्रा.लि. को आफ्नै रु. १५ लाख रुपैंया सम्मको चालु पूंजी हुनु पर्नेमा त्यस्तो

चालु पूंजी बापत पेश गरेको संचालकको बचत खातामा भएको बैंक मौज्दातलाई समेत आधार मानी तत्काल प्रचलित कानूनको उल्लंघन गरी एभरेष्ट कन्स्ट्रक्शन प्रा.लि.ले निवेदन दिए कै दिन ठेकेदार वर्गिकरण समितिमा इजाजतका लागि निज भूपनाथ शर्माले पेश गरेको देखियो । त्यस्तै गरी नेपाल सरकार वा संगठित संस्थामा घटीमा १० वर्षको अविछिन्न कार्यानुभव प्राप्त घटीमा २ जना सिभिल ओभरसियर संचालक रही ट्रक/डम्प ट्रक १ थान समेत भएको फर्मलाई सिधै 'ग' बर्गको ठेकेदारी इजाजत पत्र जारी गर्न मिल्नेमा त्रि-कन प्रा.लि. का सञ्चालकहरु मध्ये निर्मलराज शर्मा १ जना मात्र त्यस्तो अनुभव प्राप्त संचालक रहेको र उक्त फर्मको स्वामित्वमा कुनै ट्रक नरहेको अवस्थामा समेत आवश्यक न्युनतम आधार पूरा गरेको भनी ठेकेदार वर्गिकरण समितिको वैठकमा निज भूपनाथ शर्माले पेश गरी प्रचलित कानूनले तोकेको पदिय दायित्व पूरा नगरी अख्तियारको दुरुपयोग गरी अनुचित कार्य गरेको देखिएकोले निजामती सेवा (संशोधन सहित) ऐन, २०४९ को ५९ (क) (३) बमोजिम कानूनको रित पुऱ्याई निज शर्माको २ (दुई) तलव बृद्धि रोक्का गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ बमोजिम स्थानीय विकास मन्त्रालयमा लेखी पठाईएको ।

- प्राविधिक प्रस्ताव मूल्याङ्कन समितिका तत्कालीन सदस्य तथा काठमाण्डौ महानगरपालिका कार्यालय, प्रशासन विभागका प्रमुख शान्ताराम पोखरेलका सम्बन्धमा :- शान्ताराम पोखरेल मूल्याङ्कन समितिको सदस्यमा मनोनयन भै पेश हुन आएका प्राविधिक प्रस्तावहरु निज समेतबाट मूल्याङ्कन भएको देखियो । हरिहरि निर्माण सेवा प्रा.लि. ले प्राविधिक प्रस्तावसाथ आ.व. ०५२।५३ देखि ०५६।५७ सम्मको लेखा परीक्षण प्रतिवेदनको फोटोकपि पेश गरेको, सो मा पेश गर्नेको दस्तखत समेत नभएको र प्रतिलिपी प्रमाणित समेत नभएकोमा त्यस्तो कागजात समेतका आधारमा मूल्याङ्कन गरी अंक दिएको, प्राविधिक प्रस्तावसाथ एभरेष्ट कन्स्ट्रक्शन प्रा.लि. का तर्फबाट पेश भएको सो प्रा.लि. को नाममा दर्ता भएको भनिएको ट्रकको सवारी धनी प्रमाण पत्रको आधिकारीकता जाँच नगरी किर्ते गरी तैयार गरेको कागजातका आधारमा मूल्याङ्कन गरी अंक दिएको, यमनराज श्रेष्ठ र श्याममणी काफ्लेलाई ओभरसियर पदमा प्रस्ताव गरिएकोमा बायोडाटामा निजहरुको दस्तखत नै नभएको र सो कागज पेश गर्ने ठेकेदार समेतले सो कागजमा कम्पनीको छाप नलगाएको र दस्तखत समेत नगरेको कागजलाई आधार मानि मूल्याङ्कन गरी अंक दिएको, जेनेरेटर, कंक्रिट मिक्स्चर मेसीन, लेवल मेसीन, भाइब्रेटरहरु, थेवडोलाइट, वाटर पम्प आदिको स्वामित्व देखिने कागजातहरु नभएकोलाई समेत आधारमानी मूल्याङ्कन गरी अङ्क दिएको, ठेकेदार/प्रस्तावकको स्वामित्वमा भएको यान्त्रिक उपकरणको मात्र अंक दिन मिल्नेमा प्रस्तावकको स्वामित्वमा नै नभएको र उनाउ व्यक्ति/फर्मले उपलब्ध गराइ दिन्छु भनी लेखेको फोटोकपि पत्रका आधारमा अंक दिई मूल्याङ्कन गरेको र ६० भन्दा वढी अंक प्राप्त गर्ने ७ वटै फर्मलाई प्रिक्वालिफाई गर्नु पर्नेमा ५ वटा फर्मलाई मात्र प्रिक्वालिफाई गर्न सिफारिस गरी बढी प्रतिस्पर्धा हुन नपाओस भन्ने मनसाय राखी गैरकानूनी रुपमा शान्ताराम पोखरेलले प्राविधिक प्रस्ताव मूल्याङ्कन र पिक्युको लागि सिफारिस समेत गरेको र निज शान्तराम पोखरेलकी श्रीमती जयन्ती पोखरेल र भाई सुरेन्द्र पोखरेल समेत संचालक भएको एभरेष्ट कन्स्ट्रक्शन प्रा.लि. का नाममा ट्रक, लोडर आदि जस्ता कुनै यान्त्रिक उपकरण नभएकोमा अन्य

व्यक्तिको स्वामित्वमा भएको ट्रकको ब्लु वुकको फोटोकपी गरी सो सच्याई उक्त प्रा.लि. को स्वामित्वको जस्तो देखिने फर्जी ब्लुवुकको फोटोकपि तैयार गरी गराई त्यस्तो किर्ते कागजलाई निज शान्ताराम पोखरेलले प्रमाणित गरी लोडर खरीद विक्री नै नभएकोमा खरीद विक्री गरेको नक्कली कागज तैयार गरी गराई त्यस्तो कागजमा समेत निज शान्ताराम पोखरेलले आफु साक्षी बसी प्रमाणित गरेको देखियो । श्रीमती समेत संचालक रहेको फर्मको प्राविधिक प्रस्ताव मूल्याङ्कनका क्रममा आफू र उक्त एभरेष्ट कन्स्ट्रक्शन प्रा.लि. वीचको सम्बन्धलाई छिपाएको, प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेको र स्थानीय स्वायत्त शासन (संशोधन सहित) नियमावली, २०५६ को नियम २६४ को (ङ) बिपरित हुने गरी कानूनले तोकेको आचरणको उलंघन समेत गरी अख्तियारको दुरुपयोग गरी अनुचित कार्य गरेको देखिएकोले निज शान्ताराम पोखरेललाई स्थानीय स्वायत्त शासन (संशोधन सहित) नियमावली, २०५६ को नियम २२७ (क) (३) बमोजिम कानूनको रित पुऱ्याई ३ वर्षसम्म बढुवा रोक्का गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम कार्यकारी अधिकृत काठमाडौं महानगरपालिकालाई लेखी पठाईएको ।

- प्राविधिक प्रस्ताव मूल्याङ्कन समितिका तत्कालीन सदस्य एवं काठमाण्डौ महानगरपालिका कार्यालय, शहरी विकास बिभागका प्रमुख देबेन्द्र डंगोलका सम्बन्धमा :- देबेन्द्र डंगोल मूल्याङ्कन समितिको सदस्यमा मनोनयन भै पेश हुन आएका प्राविधिक प्रस्तावहरु निज समेतबाट मूल्याङ्कन भएको देखियो । हरिहरि निर्माण सेवा प्रा.लि. ले प्राविधिक प्रस्ताव साथ आ.व. ०५२।५३ देखि ०५६।५७ सम्मको लेखा परीक्षण प्रतिवेदनको फोटो कपि पेश गरेको, सो मा पेश गर्नेको दस्तखत समेत नभएको र प्रतिलिपी प्रमाणित समेत नभएकोमा त्यस्तो कागजात समेतका आधारमा मूल्याङ्कन गरी अंक दिएको, प्राविधिक प्रस्तावसाथ एभरेष्ट कन्स्ट्रक्शन प्रा.लि. का तर्फबाट पेश भएको सो प्रा.लि. को नाममा दर्ता भएको भनिएको ट्रकको सवारी धनी प्रमाण पत्रको आधिकारीकता जाँच नगरी किर्ते गरी तैयार गरेको कागजातका आधारमा मूल्याङ्कन गरी अंक दिएको, यमनराज श्रेष्ठ र श्याममणी काफ्लेलाई ओभरसियर पदमा प्रस्ताव गरिएकोमा बायोडाटामा निजहरुको दस्तखत नै नभएको र सो कागज पेश गर्ने ठेकेदार समेतले सो कागजमा कम्पनीको छाप नलगाएको र दस्तखत समेत नगरेको कागजलाई आधारमानि मूल्याङ्कन गरी अंक दिएको, जेनेरेटर, मिक्स्चर मेसीन, लेवल मेसीन, भाइब्रेटरहरु, थेवडोलाइट, वाटर पम्प आदिको स्वामित्व देखिने कागजातहरु नभएकोलाई समेत आधारमानी मूल्याङ्कन गरी अङ्क दिएको, ठेकेदार/प्रस्तावकको स्वामित्वमा भएको यान्त्रिक उपकरणको मात्र अंक दिन मिल्नेमा प्रस्तावकको स्वामित्वमा नै नभएको र उनाउ व्यक्ति/फर्मले उपलब्ध गराइ दिन्छु भनी लेखेको फोटोकपि पत्रका आधारमा अंक दिई मूल्याङ्कन गरेको र ६० भन्दा वढी अंक प्राप्त गर्ने ७ वटै फर्मलाई प्रिक्वालिफाई गर्नु पर्नेमा ५ वटा फर्मलाई मात्र प्रिक्वालिफाई गर्न राय ठहर साथ सिफारिस समेत गरी बढी प्रतिस्पर्धा हुन नपाओस भन्ने मनसाय राखी गैरकानूनी रुपमा प्राविधिक प्रस्ताव मूल्याङ्कन र पिक्यूको लागि सिफारिस समेत गरी प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारी पूर्वक पूरा नगरी अख्तियारको दुरुपयोग गरी अनुचित कार्य गरेको देखिएकोले स्थानीय स्वायत्त शासन (संशोधन सहित) नियमावली, २०५६ को नियम २२७ (क) (२) बमोजिम

कानूनको रित पुऱ्याई निज देबेन्द्र डंगोलको २ दुई तलव वृद्धि रोक्का गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम कार्यकारी अधिकृत, काठमाडौं महानगरपालिकालाई लेखी पठाईएको ।

- काठमाण्डौ महानगरपालिका कार्यालयका तत्कालीन साइट ईन्जिनीयर एवं हाल धोबिखोला करिडोर आयोजनाका प्रमुख राम बहादुर थापाका सम्बन्धमाः- निज साइट इञ्जिनियर तोकिई सो भवन निर्माण गराई ठेक्का विल भुक्तानिको लागि सिफारिस समेत गरी विल भुक्तानि समेत भए गरेको देखियो । सो भवन निर्माण कार्यको ड्रइङ्ग डिजाइन संशोधन गरी शुरु देखि नै भेरिएसन गरी संझौतामा उल्लेख भएको परिमाण भन्दा बढी र संझौतामा उल्लेख नै नभएको निर्माण कार्यहरु समेत गरे गराएको, तर संशोधित ड्रइङ्ग डिजाइन र संशोधित लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत समेत नगराएको । लिखित रुपमा भेरिएसन अर्डर दिएर मात्र त्यस्तो काम गराउनु पर्ने गरी संझौता भएकोमा त्यस्तो भेरिएसन अर्डर विना संझौतामा उल्लेखै नभएको काम र उल्लेख भएको भन्दा बढी परिमाणको निर्माण कार्य समेत गराई त्यस्तो निर्माण कार्यको ठेक्का विल भुक्तानिको लागि सिफारिस समेत गरेको हुँदा स्थानीय स्वायत्त शासन (संशोधन सहित) नियमावली, २०५६ को नियम २२७ (क) (२) बमोजिम कानुनको रित पुऱ्याई निज राम बहादुर थापाको १ (एक) तलव वृद्धि रोक्का गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम काठमाडौं महानगरपालिकालाई लेखी पठाईएको ।

६. बीरगंज उपमहानगरपालिका वडा नं. १७ को कि.नं. २८० को ०-०-१०-० दश धुर जग्गा मालपोत कार्यालय, पर्साबाट रजिष्ट्रेशन पारित गर्दा राजस्व छलेको भन्ने विषयको उजुरी उपर अनुसन्धान भै आयोगको मिति २०६३/३/२२ को वैठकमा पेश हुँदा देहाय वमोजिम गर्न लेखी पठाउने निर्णय भयो :-

- अमिन राजेन्द्र प्रसाद यादवले आफै स्थलगत रुपमा गई बुझी प्रतिवेदन दिनु पर्नेमा सो नगरी हचुवा प्रतिवेदन दिई आफ्नो पदको प्रकृति अनुसार गर्नुपर्ने कर्तव्य पालन नगरी निजामती सेवा ऐन, २०४९ को दफा ६०क को देहाय (ख) बमोजिम र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को ३ को देहाय (छ) मा उल्लेखित अनुचित कार्य गरेको देखिएकोले निजले नक्सामा घर नभएको भनी दिएको स्पष्टीकरणको व्यहोरा समेतलाई विचार गर्दा निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९(क) को देहाय (३) बमोजिम २ (दुई) तलव वृद्धि रोक्का गर्ने विभागीय सजाय गर्न अख्तियारवालालाई लेखी पठाउने ।
- ना.सु. हरिनारायण मिश्र र खरिदार विन्ध्याचल ठाकुर दुवैले आफ्नो पदको प्रकृति अनुसार गर्नु पर्ने कर्तव्य पालन नगरी निजामती सेवा ऐन, २०४९ को दफा ६० क को देहाय ( ख) बमोजिम र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को ३ को देहाय ( छ) मा उल्लेखित अनुचित कार्य गरेको देखिएकोले जानी जानी वा बद्नियत पूर्वक राजस्व छल्ने काम नगरेको भनी दिएको निजहरुको स्पष्टीकरणको व्यहोरा समेतलाई विचार गर्दा निजहरुले गरेको कसूरमा निजहरुलाई निजामती सेवा ऐन, २०४९ को दफा

५९ (क) को देहाय (३) बमोजिम २ (दुई) तलव वृद्धि रोक्का गर्ने विभागीय सजायँ गर्न अख्तियारवालालाई लेखी पठाउने ।

## (ञ) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत

१. उपत्यका ट्राफिक प्रहरी कार्यालयको पत्रानुसार गैरकानूनी किसिमबाट ना. १ च. ७१८८ नं. को निसान जिप दर्ता गरी संचालन गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा बरामद भै आएका ना. १ च ७१८८ नं. को निशान जिप जस्तै अन्य जिपहरु समेत ४ वटा जिप गैरकानूनी तवरले दर्ता गरेको भनिएका सवारी साधनहरु दर्ता बदर गरि सकेको, त्यसमा संलग्न कर्मचारीहरु मध्ये तत्कालीन कर्मचारी ना.सु. शोभाखर पोखरेल र ख. हरिभक्त पोखरेललाई आवश्यक विभागीय कारवाही गर्न भनी निजहरुको बयान कागजातको फोटोकपी सहीत निज हाल वहाल रहेका सम्बन्धित विभाग/मंत्रालयमा आयोगको मिति २०६२/६/४ को निर्णयानुसार लेखी पठाईएको ।

२. यातायात व्यवस्था विभागले ८० ग्रामको कागजमा व्लु वुक छपाई गर्नु पर्नेमा ५८ ग्रामको कागजमा छपाई गराई भ्रष्टाचार गरेको भन्ने उजूरी उपर अनुसन्धान हुँदा २२.५ ह १४ से.मी साइजको नगदी रसिद र ८० ग्रामको कागजमा व्लुवुक छपाई गर्ने गरी ठेक्का सम्झौता भएकोमा १७ ह ११ से.मी. साइजको नगदी रसिद र करिब ५६ ग्रामको कागजमा व्लुवुक छपाई गरी विभिन्न फर्महरुले यातायात व्यवस्था विभागमा बुझाएको व्यहोरा पुष्टि हुन आयो । यसरी तोकिए भन्दा कम गुणस्तर र साइजको व्लुवुक र नगदी रसिद प्राप्त हुन आएकोमा सो विभागका तत्कालीन स्टोर किपर हाल मुद्रण विभागका टा.ना.सु. बलदेव भण्डारी र हालका स्टोरकिपर (ना.सु.) मनोहर पुरीले “जाँची हेर्दा ठीक दुरुस्त भएको” भनी दाखिला रिपोर्ट तैयार गरी दिएको र सोही दाखिला रिपोर्टको आधारमा सम्झौतामा तोकिए भन्दा कम गुणस्तर र कम साइजको व्लुवुक र नगदी रसिदको भुक्तानी भएको पाईयो । यसरी निज बलदेव भण्डारी र मनोहर पुरीले पदिय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेको हुँदा निजहरुलाई निजामती सेवा ( संशोधन सहित) ऐन, २०४९ को दफा ५९ (क) (५) बमोजिम ३ (तीन) तलव बृद्धि रोक्काको विभागीय कारवाही गर्न आयोगको मिति २०६२/११/१५ को निर्णयानुसार यातायात व्यवस्था विभाग र मुद्रण विभागमा लेखी पठाईयो ।

## (ट) वन तथा भू संरक्षण मन्त्रालय अन्तर्गत

१. जिल्ला वन कार्यालय, हुम्लाका जिल्ला वन अधिकृत वावुकाजी डल्लाकोटीले कस्तुरीको विना चोरी निकासी मुद्दामा मिति २०६२।१।१२ मा फैसला गर्दा दोहोरो मापदण्ड अपनाई आरोपित व्यक्तिलाई सफाई दिने गरी फैसला गरे भन्ने विषयमा अनुसन्धान गर्दा वरामदी वस्तु कस्तुरीको विना नै हो भनी परिक्षण भएको नदेखिएको भनी वाध्यात्मक रुपमा अवलम्वन गर्नु पर्ने वस्तुगत प्रमाणलाई आधार नलिई सो सम्बन्धी कानूनी व्यवस्थाको वर्खिलाप गरी दोहोरो मापदण्ड अपनाई प्रतिवादीलाई सफाई दिने गरी फैसला गरेको देखिएकोले निजलाई निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० अनुसार विभागीय कारवाही गर्न आयोगको मिति २०६२/७/७ को निर्णयानुसार वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखी पठाईएको ।

२. मकालु बरुण राष्ट्रिय निकुञ्ज, संखुवासभाको मध्यवर्ति क्षेत्रको व्यवस्थापन कार्य योजना काल्पनिक रुपमा तयार गरी गैर सरकारी संस्थाबाट प्राप्त रकम सो कार्यालयका तत्कालिन प्रमुखले लिई भ्रष्टाचार गरे भन्ने बिषयको उजूरी निवेदनउपर अनुसन्धान भै पेश हुँदा मकालु

बरुण राष्ट्रिय निकुञ्ज संखुवासभाका तत्कालिन निमित्त प्रमुख संरक्षण अधिकृत निलाम्बर मिश्रले मध्यवर्ति क्षेत्र व्यवस्थापन समितिको माग वमोजिम विभिन्न उपभोक्ता समितिका पदाधिकारीहरु, मध्यक्षेत्र विकास परिषदका पदाधिकारीहरु, स्थानिय क्लवका प्रतिनिधीहरु, स्थानिय गैर सरकारी संस्थाहरु तथा सम्वन्धित सरकारी निकायहरुको प्रतिनिधीहरुको उपस्थितिमा आवश्यक अन्तरकृया, गोष्ठी, आदि संचालन गरी सोही गोष्ठी, अन्तरकृयाबाट प्राप्त सुझाव सल्लाहको आधारमा र कार्यालयका केही कर्मचारीहरुको समेत उपयोग गरी मध्यवर्ति क्षेत्रको व्यवस्थापन कार्य योजना मध्यवर्ती क्षेत्र नियमावली, २०५२ को परिधि भित्र रही तयार गरेको देखियो । तर सो कार्य योजना तयार गर्ने सिलसिलामा अन्तराष्ट्रिय गैर सरकारी संस्था ईको हिमालबाट सहयोग रकम लिंदा आर्थिक प्रशासन नियम, २०५६ को नियम २६ को प्रकृया अवलम्वन नगरी ३ किस्तामा सोझै रु ६,५०,०००।- रकम लिई कार्यालयको खातामा समेत जम्मा नगरी बिना वील भर्पाइ खर्च गरेको देखिदा सो कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (क), (ख) र (छ) वमोजिमको अनुचित कार्य भएकोले तत्कालिन निमित्त प्रमुख संरक्षण अधिकृत निलाम्वर मिश्रलाई निजामती सेवा ऐन (संशोधन सहित), २०४९ को दफा ५९ खण्ड (क) को (३) वमोजिम २ (दुई) तलब बृद्धि रोक्का गर्ने बिभागीय कारवाही गर्न मिति २०६२/१२/९ को आयोगको निर्णयानुसार अख्तियारवालालाई लेखी पठाईएको ।

**(ठ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत**

१. सेती अञ्चल अस्पताल धनगढीका मे.सु. डा. कृष्ण कुमार राईले अस्पताल गेटमा पाले घर भनी बनाइएको घरलाई औषधी पसलको टेण्डर गराई रु. २०,५००।- मा कबुल गरेकालाई नदिई आर्थिक प्रलोभनमा परी पांचौ स्थानमा रहेको रु. १३,०००।- मा आफ्नो इच्छाएको व्यक्तिलाई दिने लगायतका गलत कार्यहरु गरेको हुंदा निजलाई कारवाही होस् भन्ने उजुरी सम्वन्धमा अनुसन्धान हुँदा निज डा. कृष्ण कुमार राई हाल कीटजन्य रोग अनुसन्धान तथा तालीम केन्द्र, हेटौंडाको कार्यकारी प्रमुखमा खटिएकोमा निज मिति २०६२।३।२४ मा हाजिर हुनु पर्ने गरी घर बिदामा गएको तर हालसम्म पनि कार्यालयमा हाजिर भएको नदेखिंदा निजले नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को दफा ७४ उपदफा (१) खण्ड (ज) मा उल्लेखित कसूर गरेकोले निज उपर ऐ. ऐनको दफा ७२ खण्ड (ख) बमोजिम कारवाही गरी सो को जानकारी आयोगलाई दिन आयोगको मिति २०६२/७/२४ को निर्णयानुसार स्वास्थ्य मन्त्रालयमा लेखी पठाईएको ।

२. मध्य पश्चिमाञ्चल क्षेत्रीय मेडिकल स्टोरका प्रमुख श्याम कुमार अधिकारीले औषधि ढुवानी गराउँदा अनियमितता गरे भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा क्षेत्रीय मेडिकल स्टोर, नेपालगन्जबाट आ.व. ०५९।६० र आ.व. ०६०।६१ मा औषधि एवं उपकरणहरु मध्यपश्चिमान्चल विकास क्षेत्रको विभिन्न जिल्लाहरुमा ढुवानी गराउने क्रममा दूर्गम पहाडी जिल्लाहरु जुम्ला, हुम्ला, मुगू, कालिकोट, डोल्पा र रुकुममा हवाई मार्गबाट र अन्य जिल्लामा स्थलमार्गबाट ढुवानी गराएको पाइयो । हवाई मार्गबाट ढुवानी गराउँदा बोलपत्रको माध्यमबाट दररेट माग गरी सबैभन्दा कम दररेट पेश गर्ने ठेकेदारबाट ढुवानी गराए तापनि औषधि उपकरणहरु ढुवानी गराउँदा प्रचलित आ.प्र.सम्बन्धी नियमावली, २०५६ को नियम ६१ क. अनुसार लागत अनुमान तयार गरी सो अनुसार विडवण्ड र स्वीकृत भएको बोलपत्रदाताबाट परफरमेन्स बण्ड लिई काम गराउनु पर्नेमा सो नगराई ढुवानी गराएको, त्यसैगरी आ.व. ०५९।६० मा रु. ४,७४,४१७।- र आ.व. ०६०।६१ मा रु. ४,१३,७२८।- पटक पटक गरी सोझै ढुवानीमा खर्च गरेको देखिन आयो ।

अतः आ.व. ०५९।६० का तत्कालिन प्रमुख वरिष्ठ फार्मेसी अधिकृत प्रकाशराज पन्तले प्रचलित आ.प्र.सम्बन्धी नियमावली, २०५६ को नियम ६१क. को व्यवस्था विपरित टेण्डर स्वीकृत गरेको, आ.व.०६०।६१ मा तत्कालिन प्रमुख श्यामकुमार अधिकारीले पनि सोही प्रकृयाबाट टेण्डर स्वीकृत गर्नुका अतिरिक्त ती दुबै आ.व.हरुमा रु. १ लाख भन्दा बढीको ढुवानी गराउँदा सिलबन्दी दरभाउ पत्रको आधारमा गराउनु पर्नेमा उल्लेखित नियमावलीको नियम ५८ (१) (ख) को व्यवस्था विपरित निज प्रमुख श्यामकुमार अधिकारी र लेखापाल गणेश प्रसाद ज्ञवालीले सोझै खर्च गरी क्षेत्रीय मेडिकल स्टोरका तत्कालिन प्रमुखहरु वरिष्ठ फार्मेसी अधिकृत प्रकाशराज पन्त, का.मु. फार्मेसी अधिकृत श्यामकुमार अधिकारी र तत्कालिन लेखापाल गणेश प्रसाद ज्ञवालीले वाध्यात्मक रुपमा अपनाउनुपर्ने कार्यविधि नअपनाउनुका साथै आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने कर्तव्य पालन नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (ख) र (छ) मा उल्लेखि अनुचित कार्य गरेको देखिन आएकोले निजहरु उपर प्रचलित कानून बमोजिम आवश्यक विभागीय कारवाही गर्नु भनी आयोगको मिति २०६२/७/२७ को निर्णयानुसार स्वास्थ्य मन्त्रालयलाई लेखी पठाईएको ।

# परिच्छेद – ७
# सचेत

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (१) मा सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टिकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत वा सजग गराउन सक्ने व्यवस्था गरिएको छ । सोही व्यवस्था अनुरुप आयोगबाट आर्थिक वर्ष २०६२/६३ मा सचेत गराइएका राष्ट्र सेवकहरुको विवरण देहायमा उल्लेख गरिएको छ ।

**(क) <u>अर्थ मन्त्रालय अन्तर्गत</u>**

१. कृषि विकास बैंक, बैंकिङ्ग कार्यालय, महाराजगन्ज शाखाका लेखा अधिकृत डालेन्द्र थापा र कार्यालय सहायक मिनदत्त ढुङ्गानाले कर्जा समितिको सदस्यको हैसियतले एभरेष्ट ब्याग उद्योगबाट पेश हुन आएका कागजातहरुको आधिकारिकता परीक्षण नगरी कर्जा कमिटीको निर्णयमा सहमत भै कर्जा स्वीकृत गरेको देखिएकोले अव आइन्दा त्यस्तो अनुचित कार्य नगर्ने गरी निजहरु डालेन्द्र थापा र मिनदत्त ढुङ्गानालाई सचेत पार्न आयोगको मिति २०६२।५।७ को निर्णयानुसार सम्बन्धित निकायमा लेखी पठाईएको ।

२. पूर्वाञ्चल ग्रामिण बिकास बैंक, वविया शाखाका तत्कालीन का.मु.सहायक प्रथम (एकाउण्टेण्ट) मनोज कुमार चापागाईले आफ्नो जिम्माको लेखा कारोवारको पोष्टिङ्ग कार्य नियमित रुपमा नगरेको, फिल्ड सहायकले बितरण गरेको कर्जाको लेखा अद्यावधिक नगरेको, फि.स.प्रेम प्रसाद कोईरालाको कैफियत भनी फिल्डमा संकलित रकम भन्दा कम रकम बैंकमा दाखिला गरेको भनी टिपोट गरेकोमा पनि सो असूल उपर गर्ने तर्फ कारवाही नगरेको निजले आफ्नो जिम्मेवारी सजग र सतर्क भई पूरा गरेको नदेखिएता पनि निजबाट बैंकको कुनै रकम हानी नोक्सानी भएको नदेखिएको साथै उक्त घटनामा निजको कुनै संलग्नता समेत नदेखिएकोले निजलाई आफ्नो कर्तव्य र जिम्मेवारी उपर सचेत गराउन आयोगको मिति २०६२।९।४ को निर्णयानुसार सम्बन्धित अख्तियारवालालाई लेखी पठाईएको ।

३. कृषि विकास बैंक, बैंकिग कार्यालय, पुतली सडकबाट रमा ट्रेडिङ्ग कन्सर्न समेतका १९ वटा फर्महरुलाई कर्जा प्रवाह गर्दा बैंकका कर्मचारीहरुले ऋणीहरुसँग मिलेमतो गरी कमजोर धितो स्वीकार गरी गैर कानूनी रुपमा कर्जा दिई बैंक डुवाउने कार्य गरेको सम्वन्धमा धितो निरीक्षणकर्ता प्रबन्धक विनोदनाथ आचार्यलाई अव आइन्दा यसरी बैंकको कर्जा रकम जोखिममा पर्ने गरी धितो निरीक्षण, मूल्याङ्कन एवं कर्जा स्वीकृत गर्ने गराउने लगायतका कार्य नगर्न नगराउन सचेत गराउन आयोगको मिति २०६२।९।२८ को निर्णयानुसार कृषि विकास बैंकलाई लेखी पठाइएको ।

४. राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, कलैया, बाराबाट भोला बाबा गल्ला भण्डारका प्रो. पुनदेव प्रसाद दासलाई रु. ८ लाख कर्जा प्रवाह गर्दा धितो कीर्ते वा सद्दे के हो एकिन नगरी प्रस्तुत कर्जाको धितो मूल्यांकन गर्ने प्राविधिक मूल्यांकनकर्ता ईन्जिनियर राजेन्द्र प्रसाद जैसवाल, ओभरसियर दिनेश कुमार ढुंगेलले हचुवाको भरमा मूल्यांकन गरी पेश गरेकोले निजहरुलाई सचेत गराउन आयोगको मिति २०६२।११।२२ को निर्णयानुसार निजहरुको तालुक मन्त्रालयमा लेखी पठाईएको ।

**(ख) गृह मन्त्रालय अन्तर्गत**

राशन टेण्डर स्वीकृत गर्दा आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ७१(३) बमोजिम बोलपत्र खोल्दाको मुचुल्कामा बोलपत्रमा सच्याइएका सबै महलहरुको कैफियत जनाउनुपर्नेमा सो बाध्यात्मक कार्यविधि पालना नगरी लापरवाही गरेको देखिएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (ख) बमोजिम अनुचित कार्य गरेको देखिएकोले बोलपत्र खोल्दाको मुचुल्कामा रोहवरमा बसेका प्रतिनिधि जिल्ला प्रशासन कार्यालय, रोल्पाका तत्कालिन स.प्र.जि.अ. प्रकाश प्रसाद पोखरेल र कोष तथा लेखा नियन्त्रक कार्यालय, रोल्पाका तत्कालिन नि. कोष नियन्त्रक ईश्वरी गौतमलाई सचेत गराई जानकारी दिन आयोगको मिति २०६२।५।२२ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाईएको ।

**(ग) जलस्रोत मन्त्रालय अन्तर्गत**

१. नेपाल विद्युत प्राधिकरणका कर्मचारीहरू आफू खुसी विदेश गई लामो अवधिसम्म गैर हाजिर रहेको अवधिको विशेष बिदा स्वीकृत गराई हाजिर गराएको भन्ने विषयमा नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०५० को विनियम ५७ अनुसार विशेष कारण वा परिस्थिति परेमा "एकपटकमा तीस दिनमा नबढाई" विशेष बिदा दिन सकिने व्यवस्था विपरित निमित्त महानिर्देशक भोजराज रेग्मीले सुपरभाईजर इन्द्रप्रसाद न्यौपानेको र निर्देशक विनोद कुमार ढकालले प्रशासकीय अधिकृत गोकुलराज खत्री, कार्यालय सहायक जनार्दन भट्टराईको लामो अवधिको विशेष विदालाई निरन्तर रुपमा थप गरी स्वीकृत गरेको देखिएकोले भविष्यमा त्यस तर्फ सजग रहन आयोगको मिति २०६२।५।२८ को निर्णयानुसार निमित्त महानिर्देशक भोजराज रेग्मी र निर्देशक विनोद कुमार ढकाललाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ को उपदफा (१) बमोजिम सचेत गराइएको ।

२. सिंचाई विभाग अन्तर्गत यान्त्रिक डिभिजन नं. २ वहुअरी वीरगञ्जका नि. प्रमुख (मेकानिकल इञ्जिनीयर) सूर्य नारायण ठाकुरले आ.व. २०६०/०६१ मा मेसिनका स्पेयर पार्टस खरीद गर्न पटक-पटक सिलवन्दी टेण्डर आव्हान गर्दा आर्थिक नियमानुसार पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेमा नगरेको भएतापनि प्रतिस्पर्धा भै इष्टिमेटभन्दा कमको दरभाउ पत्र स्वीकृत भएको र लामो समयदेखि सो कार्यालयमा सत्येन्द्र लालकर्णलाई सिनियर मेकानिक (रा.प.अ.प्रथम प्रा.) पदमा ज्यालादारीमा कामकाज लगाई निजले समेत निरन्तरता दिई निजामती सेवा ऐन, २०४९ को विपरित अनियमित काम गरेको विषयमा निजलाई स्पष्टीकरण सोधनी गर्दा कार्यालयमा दरवन्दी अनुसार प्राविधिक कर्मचारी पूर्तिको लागि सम्बन्धित निकायमा माग गर्दा पूर्ति हुन नसकेकोले निजलाई कामकाजमा लगाइएको भन्ने जवाफ दिएको र हाल निज कर्मचारीलाई अवकास दिइसकेको हुनाले अव आइन्दा यस्तो गल्ती नदोहोरियोस भनी सतर्क गराउन आयोगको मिति २०६२।६।५ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (१) बमोजिम आयोगबाटै निज सूर्य नारायण ठाकुरलाई सचेत गराइएको ।

३. नेपाल विद्युत प्राधिकरणका निर्देशक श्री युगलकिशोर साह समेतले अनुचित काम गरेकोले ग्रेड रोक्काको विभागीय सजायं हुन यस आयोगबाट लेखी गए बमोजिम प्राधिकरणबाट सजायको आदेश दिएतापनि सो आदेश पुनरावलोकन समितिबाट वदर गरी सफाई दिएको विषयमा विभागीय सजायको आदेश दिंदा अधिकार क्षेत्रको त्रुटी देखिएको अवस्थामा विनियम बमोजिम विवादको तथ्यमा प्रवेश गरी अधिकार प्राप्त अधिकारीबाट पुनः निर्णय गर्नु भनी आदेश दिनु

पर्नेमा सो नगरी निजलाई सफाई दिने उद्देश्यले अधिकार क्षेत्रको प्राविधिक त्रुटी दर्शाई सजायको आदेश वदर गर्ने पुनरावलोकन समितिको निर्णय मिलेको देखिएन । अतः विनियम बमोजिम सजायंको आदेश दिन पाउने अधिकारीबाट तीन महिना भित्र सो सम्बन्धमा पुनः निर्णय गरी आयोगलाई जानकारी दिन तथा आयोगको निर्णयको प्रभावकारिता उपर नै प्रतिकूल प्रभाव पार्ने नियत राख्ने सम्बद्ध पदाधिकारी उपर अनुचित कार्य वापत कारवाई हुन सक्ने व्यहोरा तर्फ सम्वद्ध पदाधिकारीलाई सचेत समेत गराउन आयोगको मिति २०६३।२।१० को निर्णयानुसार नेपाल विद्युत प्राधिकरणलाई लेखी पठाइएको ।

४. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनको आधारमा सिंचाई विभागका सिनियर डिभिजनल इन्जिनियर सुमन सिजापतीले खाद्य तथा कृषि संगठनले अन फार्म वाटर म्यानेजमेण्ट पाईलट प्रोग्रामका लागि सरकारले लिएको ऋण रकम जम्मा गरी सुमन सिजापतीले स्ट्याण्डर्ड चार्टड बैंक, शाखा कार्यालय, जावलाखेलमा संचालन गरेको व्यक्तिगत बचत खाता नं. १८-०३७६७४४-०१ मा खाद्य तथा कृषि संगठनले रु ५१,६९,१६४।९० जम्मा गरी दिई सोही रकमवाट तालीम तथा गोष्ठीहरु संचालन गरेको पाईयो । निजको उक्त कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (छ) अन्तर्गतको अनुचित कार्य देखिन आएको हुंदा आयोगको मिति २०६३।२।२२ को निर्णयानुसार निजलाई सोही ऐनको दफा १२ को उपदफा (१) वमोजिम सचेत गराईएको ।

## (घ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

मोरङ्ग जिल्लाका तत्कालीन भूमिसुधार अधिकारी सूर्य प्रसाद अधिकारीले निर्णय गर्दा २०५५ सालको कूत बाली नबुझाएकोमा मोही निष्काशन हुने भनी मिति २०५७।१।२६ मा र २०५६ सालको कूत बाली नबुझाएकोमा कूत बाली भराउन नपर्ने र मोही यथावत रहने भनी २०५८।४।८ मा निर्णय गरेको र अघिल्लो निर्णयबाट मोही निष्काशन भई सकेको कुरालाई आफूले दोस्रो निर्णय गर्दा जानकारी राख्न नसकेको र मुद्दाका पक्षले प्रमाण खण्डमा जनाएको अघिल्लो मुद्दाको लगाउको मिसिलको सन्दर्भ उपर समेत दृष्टि पुर्‍याउन नसकेको हदसम्म आफ्नो पदीय दायित्व प्रति निर्णयकर्ताले सजगता नअपनाएको देखिएकोले तत्कालीन भूमिसुधार अधिकारी सूर्य प्रसाद अधिकारी (हाल मालपोत कार्यालय सप्तरीमा प्रमुख मालपोत अधिकृत पदमा कार्यरत) लाई आफ्नो पदीय कर्तब्य एवं कानूनी दायित्वको पालना सतर्कता पूर्वक गर्न लगाउनका साथै निज अधिकारीलाई सचेत गराउन आयोगको मिति २०६२।९।७ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ मुताबिक अख्तियारवाला समक्ष लेखी पठाईएको ।

## (ङ) स्वास्थ्य मन्त्रालय अन्तर्गत

जिल्ला स्वास्थ्य कार्यालय, संखुवासभाबाट जिल्ला स्वास्थ्य कार्यालय, रौतहटमा सि.अ.न.मी. पदमा सरुवा भएकी श्रीमती विजया लक्ष्मी लामाले आफ्नो रमानापत्रमा उल्लिखित "सि.अ.न.मी." पदनाममा हातले "प.हे.न." थपेको अनुसन्धानबाट देखिन आएको । सि.अ.न.मी. र प.हे.न. दुबै पद एउटै सेवा समूह अन्तरगतको एकै तहको भएतापनि सरकारी कार्यालयबाट जारी भएको रमानापत्रमा उल्लिखित "सि.अ.न.मी." सँगै "(प.हे.न.)" थप गर्नु अनियमित भएकोले भविष्यमा त्यस्तो अनियमितता नगर्ने तर्फ सचेत रहन अख्तियार दुरुपयोग अनुसन्धान

आयोग ऐन, २०४८ को दफा १२ को उपदफा (१) बमोजिम जिल्ला स्वास्थ्य कार्यालय रौतहटको सि.अ.न.मी. श्रीमती विजया लक्ष्मी लामालाई सचेत गराउन आयोगको मिति २०६२।८।१९ को निर्णयानुसार स्वास्थ्य सेवा विभागमा लेखी पठाईएको । यसै विवादको अनुसन्धानको सिलसिलामा जिल्ला स्वास्थ्य कार्यालय, बाराको सि.अ.हे.व. गौरीशंकर प्रसादले जिल्ला स्वास्थ्य कार्यालय, संखुवासभामा सरुवा हुँदा आफ्नो रमानापत्रमा उल्लिखित सञ्चित बिदाको अवधि अङ्कमा अगाडी १ अङ्क थपी एकसय दिन बढाएको अनुसन्धानबाट देखिन आएको र सो सम्बन्धमा निजसँग विभागीय कारवाईको क्रममा सजाय प्रस्ताव गर्दा अरुको वहकावमा लागि लोभमा परी त्यस्तो कार्य गरेको, त्यसरी बढाएको विदा अवधि उपभोग नगरेको, वास्तविक सञ्चित बिदाको अभिलेख अद्यावधिक भई सकेको भन्दै एक पटकको लागि क्षमा याचना गरेकोले भविष्यमा त्यस्तो अनियमित कार्य नगर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ को उपदफा (१) बमोजिम जिल्ला स्वास्थ्य कार्यालय, रौतहटका सि.अ.हे.व. गौरीशंकर प्रसादलाई सचेत गराउन आयोगको मिति २०६२।८।१९ को निर्णयानुसार स्वास्थ्य सेवा विभागमा लेखी पठाइएको ।

**(च) <u>स्थानीय विकास मन्त्रालय अन्तर्गत</u>**

१. काठमााडौ महानगरपालिकामा कार्यरत ईन्जिनियर सुरेशहर्ष वज्राचार्यले कार्यालयमा हाजिर गरि ईन्जिनियरिङ्ग क्याम्पस पुल्चोकमा अध्ययन गर्न गएको उजुरी उपर अनुसन्धान हुंदा निजले कार्यालयको समयमा दिवा कक्षामा भर्ना भई अध्ययन गरी प्रमाण पत्र समेत लिइ सकेकोले सो अवधिमा निजले पाएको तलव भत्ता निजवाट असूल उपर गरी काठमााडौं महानगरपालिकामा जम्मा गर्न र निजले दिवा कक्षामा अध्ययन गरेको समयलाई निजको नोकरी अवधिमा नजोडिने गरी असाधारण विदा कायम गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. बमोजिम काठमाडौं महानगरपालिकालाई लेखि पठाइएको । निजको सुपरिवेक्षक ज्योतीभूषण प्रधानलाई आफू अधिनस्थ कर्मचारीलाई उचित सुपरिवेक्षण नगरेकोमा सचेत गराउन आयोगको मिति २०६२।५।५ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको ।

२. नेपालगन्ज नगरपालिका द्वारा सन्चालित बिभिन्न बिकास निर्माण कार्यमा कम गुणस्तरीय सामान प्रयोग गरि अनियमितता गरे भनि परेको उजुरी उपर अनुसन्धान हुँदा भए गरेको काम भन्दा बढी नापी उठाउने साईट ओभरसियर शैलेन्द्र कुमार महर्जन र उक्त नापी चेक गर्ने साईट ईन्जिनियर कर्ण बहादुर के.के. लाई अब आईन्दा यस प्रकारको गल्ती नदोहोर्‍याउन सचेत गराई सो को जानकारी यस आयोगमा पठाउन आयोगको मिति २०६२/६/११ को निर्णयानुसार स्थानिय बिकास मन्त्रालय लाई लेखि पठाईएको ।

३. पोखरा उप महानगरपालिकाका ना.सु. ईन्द्र बहादुर थापा र मुखिया मोहन प्रसाद ढुंङ्गानाले कार्यालयले दिईने कागजात पुन: रितपूर्वक निवेदन दिन नलगाई मौखिक जानकारीको आधारमा पूर्व निवेदनमा केरमेट गरी मिति समेत फरक पारी अगाडिको नाता प्रमाणपत्रको पत्र संख्या र च.नं. मा पछाडि प्रदान गरेको नाता प्रमाणपत्र तयार गरेको देखिएकोले आयोगको मिति २०६२।८।१७ को निर्णयानुसार निजहरुलाइ सचेत गराउन लेखी पठाईएको ।

**(छ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थित अध्यागमन कार्यालयका कर्मचारीहरुले विदेश जान लागेका नेपालीहरुसँग फर्कने मिति कन्फर्म भएको टिकट माग गर्ने गरेको र यस्तो टिकट देखाउन नसक्ने व्यक्तिहरुलाई रकम लेनदेन गरी मात्र विदेश प्रस्थान गर्न दिने गरेको भन्ने कुरा बुझिएको । चेत वहादुर सुव्वा नाम गरेको व्यक्तिलाई शुरुमा विदेश जानबाट रोकेका र पछि निजलाई जान दिएको भन्ने उजुरीमा अनुसन्धान गर्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थित अध्यागमन कार्यालयका तत्कालीन प्रमुख अध्यागमन अधिकृत वेद प्रकाश लेखक, अध्यागमन अधिकृत वीरेन्द्र नाथ शर्मा, अध्यागमन अधिकृत रोहित राज पोखरेल, ब.अ.स.(ना.सु.) थानेश्वर पोखरेल तथा ब.अ.स.(ना.सु.) दुर्गा प्रसाद वस्ताकोटी समेतले चेत बहादुर सुव्वा लगायतका विदेश जाने नेपालीहरुलाई विना कुनै प्रमाणित कारण र ऐन, नियमको अख्तियारी वाहिर गई पहिले फर्काई दिने र पछि उही टिकटबाट जान दिने गरेको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (१) बमोजिम अध्यागमनका उल्लेखित कर्मचारीहरुबाट नेपाली व्यक्तिहरुले दुःख पाएकाले यस्तो अवस्था पुनः दोहोरिन नदिने व्यवस्था मिलाई उल्लेखित कर्मचारीहरुलाई यो एक पटकलाई सचेत गराउन आयोगको मिति २०६३।३।१५ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखि पठाईएको ।

**(ज) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत**

१. परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीबाट २०६१ सालमा लिइएको प्रवेशिका (एस.एल.सी.) परीक्षाको परीक्षाफल प्रकाशनमा अनियमितता सम्वन्धमा माध्यमिक शिक्षा उत्तिर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका अनुसार प्राप्तांक रुजु गरी मार्क लेजरमा इन्ट्री गर्ने जिम्मा रुजूकर्ताको हुने देखियो । आयोगबाट नमूनाको रुपमा लिइएका उत्तर पुस्तिकामा परीक्षक एवं संपरीक्षकले प्रदान गरेको भन्दा फरक अंक इन्ट्री भएको देखिएको र रुजूगर्ने जिम्मेवारी पाएका शिक्षा तथा खेलकूद मन्त्रालयका शाखा अधिकृत गुरु प्रसाद मैनाली र मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयकी प्राविधिक सहायक निर्मला निरौलाले आफ्नो पदीय दायित्व अनुरुप पूरा गर्नुपर्ने दायित्व पूरा नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(ख) र (घ) अन्तर्गतको अनुचित कार्य गरेको देखिएकोले आयोगको मिति २०६२।६।२ को निर्णयानुसारयस्तो कार्यमा आयन्दा सजगता अपनाउन निजहरुलाई सचेत गराईएको ।

२. वर्दिया जिल्लाको विद्यालयहरुलाई जाइकाबाट प्राप्त विद्यालय निर्माणका सामग्री र नगद हिनामिना गरी भ्रष्टाचार गरे भन्ने विषयको उजूरी उपर अनुसन्धान भै आयोगको मिति २०६३/३/२५ को वैठकमा पेश हुँदा भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न नहुँदै नापी किताव भर्न ओभरसियरहरुलाई आदेश दिएको तथा ओ.सि. गजेन्द्र प्रसाद राउत, ओ.सि. दिलिप कुमार साह र ओ.सि. लक्ष्मण के.सी.ले विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न नहुँदै नापी किताव भरेको देखिन आयो । निजहरुले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (छ) अनुसार आफ्नो पदको प्रकृति अनुसार पालना गर्नु पर्ने पदीय दायित्व पालना नगरेको हुँदा ओ.सि. गजेन्द्र प्रसाद राउत, ओ.सि. दिलिप कुमार साह र ओ.सि. लक्ष्मण के.सी.लाई सचेत गराउन आयोगको मिति २०६३।३।२५ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखि पठाईएको ।

**(झ) श्रम तथा यातायात मन्त्रालय अन्तर्गत**

यातायात व्यवस्था कार्यालय, भेरीका तत्कालिन कार्यालय प्रमुख मुक्ति प्रसाद आचार्य, ना.सु.रेशम बहादुर सिंह, खरिदार डिल्लीराज भुसाल समेतले यातायात व्यवस्था कार्यालय बागमतीको बा २ च ८१७६ नंबरको सवारी साधनको सरुवा सहमति सिफारिस पत्र अनुसार भे १ च ३७७ नंबरको जीप दर्ता गरेको स्वीकार गरेको भए पनि पत्रमा उल्लेखित कार शब्द काटी जीप शब्द थपेको बिषय सम्बन्धित यातायात व्यवस्था कार्यालयमा बुझेको देखिएन । सरुवा दर्ता सम्बन्धमा अपनाउनु पर्ने प्रकृयाको सम्बन्धमा यातायात व्यवस्था बिभागले निर्दिष्ट गरेको मिति २०५४/४/१ को परिपत्रमा भएको व्यवस्था अनुसार एक अञ्चलमा दर्ता भएको सवारी अर्को अञ्चलमा सरुवा दर्ताको लागि सहमति दिंदा सो को बोधार्थ अनिवार्य रुपले यस बिभागलाई समेत दिने र सहमतिको आधारमा सवारी सरुवा दर्ता गर्ने कार्यालयले त्यस्तो सहमति नियमित हो वा होईन सहमति दिने कार्यालयलाई सोधेर एकीन गरीमात्र सरुवा दर्ता गर्ने भन्ने प्रकृया अबलम्बन गरी दर्ता गर्नु पर्नेमा भए गरेको निर्देशन बिपरीत सरुवा सहमतिमा भएको “कार” शब्द काटी “जीप” शब्द थपेको बिषय ठीकै हो भनी आफूले गरेको कामको बैधानिकता पुष्टि गर्ने कोशिस निजहरुले आफ्नो वयानमा गरेतापनि तालुक कार्यालयबाट भएको परिपत्र निर्देशन मान्नु सम्बन्धित कार्यालय र मातहत कर्मचारीको अनिवार्य कर्तव्य र दायित्व देखिने हुंदा अव आईन्दा त्यस्तो नगर्न आयोगको मिति २०६२।११।१९ को निर्णयानुसार कार्यालय प्रमुख मुक्ति प्रसाद आचार्य, ना.सु.रेशम बहादुर सिंह र खरिदार डिल्लीराज भुसाललाई सचेत गराईएको ।

**(ञ) सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत**

नेपाल टेलिभिजन संस्थानको विज्ञापन नं. ४१।०६१।०६२ वरिष्ठ व्यापार प्रवर्द्धक तह-७ र वि.नं. ४२।०६२।६३ व्यापार प्रवर्द्धक तह-६ पदको नतिजा प्रकाशित गर्ने चरणसम्मको प्रकृयागत कार्यहरुमध्ये प्रश्नपत्र निर्माणकर्ताबाट प्राप्त प्रश्नपत्र मोडरेशनका लागि खोल्दा सो संस्थानको पदपूर्ति निर्देशिका, २०५७ को निर्देशन नं. ८ ले गरेको व्यवस्था बमोजिम मुचुल्का नगरी खोलिएको, प्रश्नपत्र मोडरेशन गरिंदा उक्त निर्देशिकाको निर्देशन नं.९ को व्यवस्था बमोजिम कम्तिमा २ सेट परिमार्जन गरी तयार गर्नु पर्नेमा त्यसो नगरी १ सेट मात्र तयार गरेको, सो संस्थानको पदपूर्ति निर्देशिकाको व्यवस्था बमोजिम उम्मेदवार (परीक्षार्थी) ले उत्तर लेखेको उत्तर पुस्तिकाको प्रत्येक पानामा सहायक केन्द्राध्यक्षले दस्तखत गर्नु पर्नेमा नगरेको र उत्तर पुस्तिका परीक्षण गर्न सम्बन्धित विशेषज्ञ कहाँ पठाउनु पूर्व उत्तर पुस्तिकामा दुई वटा कोड नं. राख्नुपर्नेमा एउटा कोडमात्र राखी परीक्षण गर्न पठाएको कार्य नेपाल टेलिभिजन पदपूर्ति निर्देशिका, २०५७ को विपरित भएको देखिंदा नेपाल टेलिभिजन पद पूर्ति समितिका सदस्यहरु मदन कुमार शर्मा, रमेश कुमार अधिकारी, सदस्य सचिव र केन्द्राध्यक्षको समेत कार्य गर्ने कीर्ति प्रसाद जोशी, सुपरीवेक्षक विश्व प्रकाश मास्के, उप-केन्द्राध्यक्ष रेखा राजवाहक र सहायक-केन्द्राध्यक्ष गणेश प्रसाद घिमिरेलाई भविष्यमा कानूनद्वारा निर्देशित प्रकृयाहरुको अनिवार्य रुपमा पालना गर्न सचेत गराउन आयोगको मिति २०६२।९।२९ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाईएको ।

## परिच्छेद - ८
## असूल उपर सम्वन्धमा आयोगबाट भएका निर्णयहरु

सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानी, नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानी नोक्सानी सम्वन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारवाही गर्नका लागि सम्वन्धित निकाय वा अधिकारीलाई लेखी पठाउन सक्ने व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. मा भए अनुरुप आर्थिक वर्ष २०६२/६३ मा आयोगबाट निम्न बमोजिम गर्ने गरी अख्तियारवालालाई लेखी पठाईएको छः

**(क) अर्थ मन्त्रालय अन्तर्गत**

१. कृषि विकास बैंक, शाखा कार्यालय, बनेपाका तत्कालिन शाखा प्रबन्धक सुशिल कुमार उपाध्यायले पदको दुरुपयोग गरी बैंकलाई हानी नोक्सानी पुऱ्याएको र आफूले विशेष लाभ लिएको विषयको उजुरीसम्बन्धमा अनुसन्धान भै आयोग समक्ष पेश हुँदा देहाय वमोजिमको कारवाही गर्ने आयोगको मिति २०६२/४/१० को निर्णयानुसार लेखी पठाईयो :

- कृषि विकास बैंक शाखा कार्यालय, बनेपाबाट कृते तामाङ्ग सहित ९ जना ऋणीहरुलाई प्रवाह भएको साँवा कर्जा रु. २९,५०,०००।- र सोको हालसम्मको व्याज धितो रहेको जग्गा समेतबाट लिलाम बिक्री गरी असूल उपर गर्न र सोबाट असूल उपर हुन नसकेमा कृषि विकास बैंक ऐन २०२४, प्रचलित बैंक तथा वित्तीय संस्था अध्यादेश र कृषि विकास बैंक कर्मचारी सेवा शर्त नियमावली २०२४ बमोजिम ३ महिनाभित्र असूल उपर गरी गराई लिन सम्बन्धित कानूनले कृषि विकास बैंकलाई नै अधिकार दिएको देखिंदा अधिकार बमोजिम गरी आयोगलाई जानकारी दिन कृषि विकास बैंक, मुख्य कार्यालयमा लेखी पठाईयो ।
- ढकाल पोल्ट्री फर्म प्रा.लि. र गौरी शंकर फिड मिल्स प्रा.लि. को हकमा : कृषि विकास बैंक शाखा कार्यालय, बनेपाले घटी रकम असूल गरी फुकुवा गरेको देखिएकोले जोखिममा परेको साँवा कर्जा रु. २४,६८,७८४।- र हालसम्मको व्याज ढकाल पोल्ट्री फर्म प्रा.लि. र गौरी शंकर फिड मिल्स प्रा.लि. का अध्यक्ष रामहरी ढकालको तर्फबाट जमानत राखेको का.जि.का.म.न.पा. फुटुङ्ग २ का रामप्रसाद ढकालको नाममा दर्ता श्रेस्ता रहेको भक्तपुर चाँगु वडा नं. ९(घ) स्थित कि.नं. ३९२ को क्षेत्रफल ३-०-०-० रोपनी जग्गा जेथा जमानतबाट समेत असूल उपर गर्न र सो बाट असूल उपर हुन नसकेमा कृषि विकास बैंक शाखा कार्यालय, बनेपाका तत्कालीन शाखा प्रबन्धक सुशिल कुमार उपाध्यायले जेथा जमानत राखेको सुशिल प्रसाद उपाध्यायका नाममा दर्ता श्रेस्ता रहेको का.म.न.पा. ४ बालुवाटार स्थित कि.नं. २७ क्षेत्रफल २४४.०० व.मि. र कि.नं. ३४ क्षेत्रफल ४२४.८० व.मि. तथा सोमा बनेको घरबाट समेत कृषि विकास बैंक ऐन, २०२४ प्रचलित बैंक तथा वित्तीय संस्था अध्यादेश र कृषि विकास बैंक कर्मचारी सेवा शर्त नियमावली, २०२४ बमोजिम ३ महिनाभित्र असूल उपर गरी गराई आयोगलाई जानकारी दिन कृषि विकास बैंक, मुख्य कार्यालयमा लेखी पठाईएको ।

२. राष्ट्रिय बाणिज्य बैंक, भरतपुरका तत्कालीन प्रमुखले रु. १ लाख प्रति कठ्ठा जाने जग्गालाई रु ३ लाख २० हजार बराबर मूल्य कायम गराई बैंक र ऋणीको मिलेमतोबाट सरकारी रकम हिनामिना गर्न खोजेकोले आवश्यक कारवाही गरी पाउँ भन्ने ब्यहोराको उजुरी उपर आयोगबाट अनुसन्धान हुँदा "ऋणी एस.पी.नेपाल इन्टरप्राइजेजका प्रो. सुवासराज कँडेलले राष्ट्रिय बाणिज्य बैंक, शहीद चौक, शाखा चितवनबाट २०५६ सालमा लिएको रु. १० लाखको साँवा तथा सबै खाले ब्याज गरी हाल तिर्न बाँकी रहेको रु. १६,२०,२९६।- देखिएकोमा निजले धितो राखेको साविक भरतपुर न.पा. ३(ख) कि.नं. ४४ को ०-८-५ र कि.नं. २४ को ०-०-१६ क्षेत्रफलको वर्तमान न्यूनतम मूल्य रु. १३ लाख ५० हजार हुने देखिएको तथा निजको वावुको नाममा रहेको पटिहानी गा.वि.स. वडा नं. १क को ०-७-२ र भरतपुर न.पा.१० को (साविक भरतपुर नगरपालिका ६(च) ) कि.नं. ४३० को ०-१-० क्षेत्रफल जग्गा समेत रोक्का रहेको आधारबाट बैंकको ऋण असुरक्षित नदेखिएको हुँदा ६ महिनाभित्र बैंक नियम अनुसार आफ्नो ऋण असूल गरी जानकारी दिन आयोगको मिति २०६२/११/४ को निर्णयानुसार सम्बन्धित निकायमा लेखी पठाईएको ।

३. कृषि विकास वैंक, वैंकिंग कार्यालय, पुतली सडक, काठमाडौंबाट कर्जा लगानी गर्दा अनियमित गरी वैंक डुवाउने काम भएकोले छानवीन होस भन्ने उजुरी उपर अनुसन्धान गर्दा ऋणीले मिति ०६१।३।२० मा कर्जा रकम नविकरण गरेको देखिएको तथा मिति २०६२।३।३० मा ऋणीले वैंकलाई रु ३,००,०००। कर्जा असूली गर्ने गरी धरौटी वापत जम्मा गरेको भनी कृषि विकास वैंक, बैंकिंग कार्यालय, पुतलीसडकबाट लेखी आएको । यस सम्वन्धमा समग्र रुपमा विश्लेषण गर्दा धितो कमजोर एवं असुरक्षित भई कर्जा प्रवाह गरेको कारण वैंकको सावां व्याज असूल हुन नसकेको भन्दा पनि ऋणीबाट भाखा नाघे पछि सम्पूर्ण सावां व्याज नवुझाएका कारण वैंकको लेना रकम वढ्न गएको देखिन आएको तथा धितोवाट सांवा व्याज असूल उपर हुन सक्ने अवस्था देखिएकोले यस विषयमा आयोगवाट केही गर्नु पर्ने देखिएन । प्रचलित कानून वमोजिम कारवाही गरि बैंकको वांकी असूल उपर गरि जानकारी आयोगलाई दिनु भनी आयोगको मिति २०६२/९/२५ को निर्णयानुसार कृषि विकास वैंक, मुख्य कार्यालयलाई लेखी पठाईएको ।

४. कृषि विकास बैंक, बैंकिङ्ग कार्यालय दाङ्ग घोराहीका तत्कालीन प्रबन्धक कमल बहादुर के.सी. र का.स. दीपकराज श्रेष्ठको प्रत्यक्ष संलग्नतामा ऋण प्रवाह गर्दा धितोलाई चलन चल्ती भन्दा बढी मूल्यांकन गरी अकूत सम्पत्ति आर्जन गरेकोले दोषी माथि आवश्यक कारवाही गरी पाउँ भन्ने ब्यहोराको उजुरी उपर आयोगबाट अनुसन्धान हुँदा कृषि विकास बैंक, बैंकिङ्ग कार्यालय घोराही दाङ्गबाट राना मेडिकल स्टोर्स, सुजिता ग्रिल उद्योग, तेजनाथ योगी, हरिनाथ योगी, हिम सिस्नेरी इन्टरप्राइजेज, त्रिचन्द्र इन्टरप्राइजेजलाई कूल रकम रु.५५,७९,९५०।- ऋण प्रदान गरेकोमा बैंकको टोलीबाट २०६० साल चैत्रमा धितो मूल्यांकन हुँदा धितोको लिलामी मूल्य रु. ६७,०९,०६५।- निर्धारण गरेको पाइयो । लगानी गरिएको कर्जाको नियमित रुपमा तिर्नुपर्ने किस्ता ऋणीले नबुझाएको अवस्थामा ऋणको भाखा नाघ्नासाथै असूल उपर गर्न आवश्यक प्रक्रिया अवलम्वन गरी समयमै ऋण असूली गर्न तदारुकता नदेखाउने बैंकका सम्वद्ध कर्मचारी हाल अवकाश भइसकेको अवस्था देखियो । ऋण लगानी गर्दा, घर जग्गा धितो सुरक्षण लिंदा बैंकले अवलम्वन गरेको प्रक्रिया, धितो मूल्यांकनको तरीकाका सम्बन्धमा बैंकको क्षेत्रीय तथा केन्द्रीय कार्यालयबाट बेला बेलामा अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था मिलाई हुन सक्ने कमी कमजोरी र त्रुटीहरु समयमै सच्याउनको लागि कृषि विकास बैंक, मुख्य कार्यालयलाई लेखी

पठाउने तथा उल्लेखित ६ वटा ऋणीहरुलाई प्रदान गरिएको ऋण आवश्यक प्रक्रिया अवलम्वन गरी सम्बन्धित बैंकबाटै ६ महिनाभित्र असूल उपर गरी जानकारी दिन कृषि विकास बैंक, मुख्य कार्यालयलाई निर्देशन दिन आयोगको मिति २०६२/११/१७ को निर्णयानुसार लेखी पठाईएको ।

५. कृषि विकास बैंक, बैंकिङ्ग कार्यालय, महाराजगंजबाट विभिन्न उद्योग व्यवसायमा अनियमित किसिमले कर्जा लगानी गरी भ्रष्टाचार गरे भन्ने उजुरी उपर अनुसन्धान गर्दा कृषि विकास बैंक, जनशक्ति व्यवस्थापन विभागले इन्टलस्याट कम्यूनिकेशन, एशियन नर्थ इन्टरनेशनल, हिमालयन इन्टरनेशनल, लामा थान्का उद्योग, विनायक ह्याण्डिक्रयाफ्टस, एस के स्यानिटरी हार्डवेयर र ए वन इम्पोर्ट एण्ड एक्सपोर्ट समेतको नाममा कर्जा प्रवाह गर्दा बैंकको मौजुदा नीति, नियम, कार्यविधि तथा परिपत्रमा उल्लिखित व्यवस्था अनुरुप भए गरेको नपाइएको भनी आयोगमा दिएको जानकारी अनुसार प्रस्तुत उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान कारवाही भइरहेकै अवधिमा यी ७ वटा फर्म/ऋणीहरु मध्ये इन्टलस्याट कम्यूनिकेशन, एशियन नर्थ इन्टरनेशनल, हिमालयन इन्टरनेशनल, लामा थान्का उद्योग र विनायक ह्याण्डिक्रयाफ्ट गरी ५ वटाले बैंकको लेना सम्पूर्ण रकम चुक्ता गरी सकेको भनी कृषि विकास बैक, महाराजगंजबाट जानकारी आएको देखियो । बांकी २ वटा ऋणीहरु एस. के. स्यानिटरी हार्डवेयर र ए वन इम्पोर्ट एण्ड एक्सपोर्टको बैंकमा राखिएको धितो कर्जा प्रवाह भएको समयमा गरिएको मूल्यांकन भन्दा बढ्ने भई निजहरुको धितो सुरक्षित भएको र निजहरुले बैंकको सांवा व्याज समेत नियमित रुपमा बुझाई रहेको भनी कृषि विकास बैक, महाराजगंजको मिति २०६३।२।१ को पत्रबाट जानकारी पठाएको देखियो । सांवा व्याज चुक्ता गरेका उल्लिखित ऋणीहरुको असुरक्षित धितो स्वीकार गरी कर्जा प्रवाह गरी अनुचित कार्य गरेकोमा सो धितो हेर्ने र मूल्याकंन गर्ने बैंकका कर्मचारीहरु उपर कारवाही गर्नु पर्ने हो कि भन्ने तर्फ विचार गर्दा आयोगबाट अर्कै मुद्दामा विशेष अदालतमा मुद्दा दायर भई सकेका कर्मचारीहरु नै यसमा पनि संलग्न भएको देखिंदा भ्रष्टाचारको अभियोगमा मुद्दा दायर भई निलम्वनमा परेका ती कर्मचारीहरुलाई अनुचित कार्य गरेको सम्बन्धमा विभागिय कारवाही गरी थप सजाय गरि रहनु आवश्यक देखिएन । तसर्थ माथि उल्लेखित २ (दुई) ऋणीहरु एस. के. स्यानिटरी हार्डवेयर र ए वन इम्पोर्ट एण्ड एक्सपोर्ट संग बैंकको लेना बैंकको प्रचलित नियमानुसार असूल गर्न आयोगको मिति २०६३/२/१८ को निर्णयानुसार कृषि विकास बैंक, महाराजगंजमा लेखी पठाइएको ।

## (ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

नेपाल गुणस्तर तथा नापतौल विभागको मेकानिकल इञ्जिनियर (रा.प.तृ) पदमा कार्यरत विष्णु प्रसाद अधिकारीले त्रिभुवन विश्वविद्यालय सेवामा समेत दोहोरो नोकरी स्वीकार गरेको सम्वन्धमा अनुसन्धान हुँदा निजले पाटन संयुक्त क्याम्पसको उपप्राध्यापक पदमा २०५४।६।१५ देखि स्थायी नियुक्ति पाई निजामती सेवामा र त्रि.वि. सेवा समेतमा दोहोरो नोकरी स्वीकार गरी तलव भत्ता एवं सुविधा प्राप्त गरेको देखिन आयो । निजको सो कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (छ) विपरीतको अनुचित कार्य भएकोले निजले त्रि.वि. सेवामा स्थायी नियुक्ति पाएका मितिवाट कर्मचारी संचय कोषमा जम्मा भएको रकम मध्ये आधा (त्रि.वि.वाट थप जम्मा हुने रकम बरावर) रकम निजवाट असूल उपर गर्न र निजले पाउने उपदान नदिनु भनी आयोगको मिति २०६२/४/१२ को निर्णयानुसार त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारलाई लेखी पठाईएको ।

**(ग) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत**

बारा जिल्ला स्थित सेन्ट्रल ह्याचरी, परवानीपुरका तत्कालीन सहायक पशु विकास अधिकृत केदार नाथ सिंहले कुखुरा, चल्ला तथा अण्डा बिक्री गरी प्राप्त भएको रु. २१,९१९।- बराबरको रकम हिनामिना गरेको र सेन्ट्रल पोल्ट्री ह्याचरी कार्यालय भवन मर्मत गरेको भनी देखाई रु.३२,१६७।४०- समेत जम्मा रु. ५४,०८६।४० भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा सेन्ट्रल ह्याचरी, परवानीपुर, बाराबाट उत्पादित अण्डा, चल्ला तथा कुखुरा बिक्री वितरण गर्दा विभिन्न जिल्लामा उधारो गएको भनी देखाई नगद रु.२१,९१९।- लिएको र सो सेन्ट्रल पोल्टी ह्याचरीको भवन मर्मत नगरेको कार्यलाई गरेको भनी बढी काम देखाई रु.३२,१६७।४० खर्च लेखी सो समेत गरी जम्मा रु.५४,०८६।४० तत्कालीन सहायक पशु विकास अधिकृत श्री केदारनाथ सिंह बाटै अनियमित तरिकाले खर्च लेखेको भन्ने पुष्टि हुन आएकोले जिल्ला प्रशासन कार्यालय बाराका तत्कालीन प्रमुख जिल्ला अधिकारी एवं (वि.प्र.अ.)बाट मिति ०५१।६।१२ को आदेश बमोजिम रु. ५४,०८६।४० माग गरिएको धरौटी वापत विजय लक्ष्मी सिंहका मञ्जूरी बमोजिम राखिएको जेथा जमानतबाट उक्त रकम रु. ५४,०८६।४० असूल उपर गरी राजस्व खातामा जम्मा गर्न आयोगको मिति २०६२/१२/११ को निर्णयानुसार लेखी पठाईएको ।

**(घ) गृह मन्त्रालय अन्तर्गत**

आ.व. ०५६।५७ मा मणी अफसेट प्रेसले मतदाता परिचय पत्र तैयार गरी बढी रकम भुक्तानी लिई भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा आ.व. ०५६।५७ मा इलाम, झापा लगायत २७ जिल्लाहरुको ४१ निर्वाचन क्षेत्रका सम्पूर्ण मतदाताहरुलाई मतदाता परिचय पत्र तयार गरी वितरण गर्ने सम्बन्धमा तत्कालीन मतदाता परिचय पत्र व्यवस्थापन अधिकारीको कार्यालय, गृह मन्त्रालय र ठेकेदार मणी अफसेट प्रेस वीच करिब २८ लाख परिचय पत्र तैयार गर्न मिति ०५६।१२।१६ मा संझौता भएको देखियो । उक्त कार्यालयबाट जम्मा १६,६५,५७४ थान परिचय पत्रको रु. ९।७४ का दरले जम्मा रु. १,६२,२२,६९०।१४ भुक्तानी दिएको देखियो । सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त विवरण समेतका आधारमा गृह मंत्रालयबाट गठन भएको अनुसन्धान टोलीले पेश गरेको प्रतिवेदन बमोजिम ठे. मणी अफसेट प्रेसले सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुमा जम्मा मतदाता परिचय पत्र १५,५७,९२८ थान बुझाएकोमा ५३,५०१ थान विग्रेको हुँदा सद्दे परिचयपत्र थान १५,०४,४२७ मात्र भएकोले १,६१,१४७ थान बढी परिचय पत्रको रु. ९।७४ का दरले जम्मा रु. १५,६९,५७१।७८ बढी भुक्तानी भएको पुष्टि हुन आएको हुँदा सो विगो रकम ठेकेदार मणी अफसेट प्रेसबाट असूल उपर गरी सोको जानकारी यस आयोगमा उपलब्ध गराई दिन र अव आइन्दा मातहतका पदाधिकारीहरुबाट यस्तो लापरवाही नगर्ने नगराउने व्यवस्था मिलाउन र त्रुटीपूर्ण मतदाता परिचय पत्रका सम्बन्धमा जो जे गर्न उपयुक्त हुन्छ गृह मन्त्रालयबाटै निर्णय गरी आयोगमा जानकारी गराउन समेत आयोगको मिति २०६२/१०/२३ को निर्णयानुसार गृह मंत्रालयलाई लेखी पठाईएको ।

**(ङ) जलस्रोत मन्त्रालय अन्तर्गत**

नेपाल विद्युत प्राधिकरणका कर्मचारीहरू आफूखुसी विदेश गई लामो अवधिसम्म गैर हाजिर रहेको अवधिको विशेष बिदा स्वीकृत गराई हाजिर गराएको भन्ने उजुरी विषयमा अनुसन्धान हुँदा कार्यालयलाई जानकारी नदिई ३० दिनभन्दा बढी अनुपस्थित भएका कर्मचारी स्वतः आफ्नो सेवाबाट हटेको मानिने व्यवस्था नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०५० को विनियम ६३ को उपनियम (४) मा भएको पाईन्छ । प्राधिकरणबाट प्राधिकरणको कार्यको सिलसिलामा प्राधिकरणको सम्पूर्ण खर्चमा मनोनयन भएकोमा बाहेक अन्य कुनै किसिमबाट मनोनयन भएमा बाटोमा पर्ने दिनहरूको दैनिक भत्ता तथा अन्य कुनै खर्च उपलब्ध गराईने छैन" भन्ने नेपाल विद्युत प्राधिकरण दैनिक तथा भ्रमण भत्ता विनियमहरू, २०४६ को विनियम १७ मा व्यवस्था भएको पाइन्छ । प्राधिकरणबाट मनोनयन नभएको र पूर्व स्वीकृति तथा अनुमति पनि नलिई आफूखुसी व्यक्तिगत निमन्त्रणामा विदेश गएका प्रशासन अधिकृत श्री विश्वनाथ शर्मा तथा सहायक प्रशासन अधिकृत श्री श्यामप्रसाद भण्डारीलाई आते जाते हवाई टिकट, दैनिक भ्रमण भत्ता, भिसा तथा पासपोर्ट खर्च उपलब्ध गराउने मिति २०६०।९।१६ को निर्णय विनियमको उपरोक्त व्यवस्था विपरित भएको देखिएकोले त्यसरी उपलब्ध गराईएको रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. वमोजिम निजहरूबाट असूल उपर गर्न आयोगको मिति २०६२।५।२८ को निर्णयानुसार लेखी  पठाईयो ।

**(च) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत**

का.जि.तिनथाना गा.वि.स.निवासी मोहन प्रसाद लामिछानेले नाम थाहा नभएको गुरुङसंग तिनथाना गा.वि.स.ढुङ्गाअड्डा स्थित घरजग्गा खरिद गर्दा जग्गामा करिब १० बर्ष अघि बनेको पक्की ढलान भएको घर भएकोमा सो छिपाई राजस्व घोटाला गरेको हुंदा छानविन तथा कारवाही होस् भन्ने सम्वन्धमा अनुसन्धान हुँदा घर छैन भन्ने लेखाई रजिष्ट्रेसन पारित गरेको पुष्टि भएको तथा मालपोत नियमावली २०३६ को नियम ५(ख) बमोजिम गठित समितिले कानून बमोजिम गरेको निर्णयमा यदि कसैले न्यूनतम मूल्यांकन कम हुने गरी कार्यालयलाई समेत झुक्याई सडक, घर, बाटो, छैन भनी लिखत पारित गराएमा पछी सडक, बाटो, घर भएको व्यहोरा खुल्न आएमा सरकारी बांकी सरह नपुग राजस्व सम्वन्धित व्यक्तिबाट कार्यालयले असूल उपर गर्ने छ, भन्ने प्रावधान भएकोले सो जग्गा एकका नामबाट अर्कोमा पारित हुंदा घर भएकोमा घर छैन भनी पारित भएको र हाल घर रहेको प्रमाणित हुन आएकोले घर समेत पारित गर्दा लाग्ने राजस्व रकम यकीन गरी सो रकम  सरकारी बांकी सरह असूल उपर गरी आयोगलाई जानकारी दिने भनी मालपोत कार्यालय कलंकी लेखी पठाइएको । साथै फिल्डमा जाँदै नगई फिल्ड चेक गर्दा घर देखिंदैन भनी प्रमाणित गर्ने तत्कालीन नापी शाखा कलंकीमा कार्यरत अमीन मन भरण चौधरीले मिति २०५९।६० देखि नै सम्पत्ति विवरण पेश गरेको देखिन नआएको हुंदा आयोगको मिति २०६२/४/३२ को निर्णयानुसार निजलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ दफा ३१ क. को उपदफा (२) बमोजिम रु. ५,०००।- जरिवाना गरिएको ।

**(छ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत**

नेपाल खानेपानी संस्थानका वरिष्ठ सहायक (पाँचौ तह) का चिरागमान सिंह कुँवरलाई गैरकानूनी रुपमा सेवामा पुनर्वहाली गरिएको हुंदा निजलाई सेवाबाट हटाई निजले सेवामा रहँदा खाएको रकम सर्व संचित कोषमा जम्मा गरी पाउँ भन्ने उजुरीको सन्दर्भमा अनुसन्धान हुँदा आयोगबाट विभागीय कारवाही गर्न भनी बारम्बार पत्राचार गर्दा त्यसको वास्तै नगर्ने र विभागीय कारवाही स्वरुप चिरागमान सिंह कुंवरलाई १ ग्रेड घटाउने निर्णय गरेको २० सौं दिन मै ग्रेड थप दिने निर्णय गर्ने तत्कालीन महाप्रवन्धक हालका नायव महाप्रवन्धक कौशलनाथ भट्टराईलाई निजले थप गरेको ग्रेडबाट संस्थानलाई भएको हानी नोक्सानी हिसाव गरी निजबाट असूल उपर गर्नु भनी आयोगको मिति २०६२/४/३० को निर्णयानुसार नेपाल खानेपानी संस्थानको संचालक समितिलाई लेखी पठाइएको ।

**(ज) महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत**

१. समाज कल्याण परिषद्का तत्कालिन कोषाध्यक्ष श्रीमती ज्योति प्याकुरेलले पदमा नरहेको अवधिको तलव भत्ता र टेलिफोन एवँ इन्धन वापतको सुविधा प्राप्त गरेको कार्य गैरकानूनी र भ्रष्टाचारजन्य कसूर भएकोले कारवाही गरि पाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज तत्कालिन कोषाध्यक्ष ज्योति प्याकुरेलले आफू बहाल नभएको अवस्थामा पनि लिएको टेलिफोन एवं इन्धन सुविधा वापतको रकम रु.८५,६५३।- कानूनसम्मत नदेखिएकोले निज ज्योति प्याकुरेलवाट असूल उपर गर्न आयोगको २०६२।५।२९ को निर्णयानुसार समाज कल्याण परिषदमा लेखि पठाईएको ।

२. समाज कल्याण परिषद्मा आर्थिक कारोवार गर्दा परिषदको नियम विपरीत भएको त्यस परिषदको केही रकम “राइजिङ स्टार सेभिङ एण्ड इन्भेस्टमेण्ट को-अपरेटिभ लिमिटेड” मा राखी आर्थिक हिनामिना भएकोले छानविन गरी पाउं भन्ने उजुरीका सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा समाज कल्याण परिषदका तत्कालीन सदस्य सचिव डा.टीका पोखरेलको निर्णयबाट हरिबोल भट्टराई समेत संचालक रहेको बैंकिङ कारोवार गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति प्राप्त नगरेको राइजिङ स्टार सेभिङ एण्ड इन्भेस्टमेण्ट को-अपरेटिभ लिमिटेडमा जम्मा गरेको रु.४,२५,०००।- हालसम्म समाज कल्याण परिषदले असूल उपर गरेको नदेखिंदा प्रचलित कानून बमोजिम कारवाही गरी उक्त रकम उठाउन र उठ्न नसकेकोमा बांकी रकम निजहरुले राखेको धरौटीबाट असूल उपर गर्नु भनी आयोगको मिति २०६२/९/११ को निर्णयानुसार समाज कल्याण परिषदलाई लेखि पठाईएको ।

**(झ) वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत**

खोटाङ, खार्मी गा.वि.स. मा पर्ने खिसा पत्रे डांडा खर्क सामुदायिक वनका रुखहरु उपभोक्ता समिति कै पदाधिकारीहरुबाट हजारौं क्यू.फि. काठ चिरान गरी सदरमुकाम दिक्तेलमा लगि विक्रि गरेकोले कारवाही होस् भन्ने उजुरी उपर छानविनको लागि जिल्ला प्रशासन कार्यालय खोटाङमा लेखी पठाएकोमा सो अनुसार उक्त कार्यालयबाट कार्य प्रगति सहितको प्राप्त फायल र आयोगबाट भएको थप अनुसन्धान समेतका आधारमा उक्त वनको हानी नोक्सानी हुन गएको रु. २,०९,२८०।- वरावरको विगो पछि उपभोक्ता समितिका पदाधिकारीहरुबाटै दामासाहीको हिसावले असूल उपर गरी सोही खिसा पत्रे सामुदायिक वन उपभोक्ता समितिको खातामा जम्मा गर्नु

गराउनु भनी आयोगको मिति २०६२/७/२४ को निर्णयानुसार सम्बन्धित मन्त्रालयमा लेखी पठाईएको ।

**(ञ) स्थानीय विकास मन्त्रालय अन्तर्गत**

१. जि.वि.स., अछामको आ.व. ०६०।६१ को ग्रामीण पहुँच कार्यक्रमको टेण्डरमा भ्रष्टाचार भयो भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा जिल्ला विकास समिति अछाम अन्तर्गत आ.व. ०६०।६१ मा सञ्चालित ग्रामीण पहुँच कार्यक्रम तर्फ स्वीकृत ल.ई. अनुसार निर्माण सामग्री आपूर्ति गर्न बोलपत्र आह्वान गरी परेका मध्ये सबैभन्दा कम अंक रु. ३४,४२,४९१।१३ कबूल गर्ने जेनिस ट्रेडर्स एण्ड सप्लायर्सको बोलपत्र मिति ०६०।९।१७ मा स्वीकृत गरी सकेको अवस्थामा आ.व. ०६०।६१ को स्वीकृत दररेट भन्दा हाल ग्याबियन तारको दर ३०% ले बृद्धि भएकोले सो मूल्य बृद्धिलाई समावेश गरी रकम बढाई सम्झौता गरी पाउँ भनि ठेकेदारले दिएको मिति ०६०।११।२४ को निवेदन समेतको आधारमा मूल्य बृद्धि भएको । तर रकम बढाई सम्झौता गर्न नमिल्ने र यो समस्या ठेकेदारको काबू बाहिरको परिस्थितिबाट उब्जिएको भन्ने कारण देखाई जि.वि.स. को मिति ०६०।१२।१९ को बैठकले टेण्डर रद्द गरी ठेकेदारको जमानत फिर्ता गर्ने र पुनः टेण्डर गर्ने निर्णय गरेको देखियो । नियमानुसार स्वीकृत भएको बोलपत्र ठेकेदारले सम्झौता गर्न नआएमा वा निजले काम नगरेमा निजले जमानत वापत राखेको रकम जफत गरी निज पछि घटी अंक कबोल गर्ने ठेकेदारको बोलपत्र स्वीकृत गर्नु पर्नेमा सो नगरी ठेकेदारलाई फाइदा पुग्ने गरी टेण्डर नै रद्द गरेको देखिएकोले ठेकेदारले कबूल गरेको रु ३४,४२,४९१।१३ को २.५% ले हुने जमानत वापतको रकम निज ठेकेदारबाट असूल उपर गर्न र कुनै कारणवश ठेकेदारबाट असूल उपर हुन नसकेमा मिति ०६०।१२।१९ को जि.वि.स. बैठकमा उपस्थित भै निर्णय गर्ने पदाधिकारीहरुबाट दामासाहीको दरले असूल उपर गरी जि.वि.स. अछाममा दाखिला गर्न आयोगको मिति २०६२/४/३० को निर्णायानुसार जिल्ला विकास समिति, अछामलाई लेखी सोको जानकारी स्थानीय विकास मन्त्रालय र क्षेत्रीय प्रशासन कार्यालयलाई समेत दिइएको ।

२. काठमााडौ महानगरपालिकामा कार्यरत ईन्जिनियर सुरेशहर्ष वज्राचार्यले कार्यालयमा हाजिर गरि ईन्जिनियरिङ्ग क्याम्पस पुल्चोकमा अध्ययन गर्न गए भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निजले कार्यालयको सयममा दिवा कक्षामा भर्ना भई अध्ययन गरी प्रमाण पत्र समेत लिइ सकेकोले सो अवधिमा निजले पाएको तलव भत्ता निजवाट असूल उपर गरी महानगरपालिकामा जम्मा गर्न र निजले दिवा कक्षामा अध्ययन गरेको समयलाई निजको नोकरी अवधिमा नजोडिने गरी असाधारण विदा कायम गर्न आयोगको मिति २०६२।५।५ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. बमोजिम काठमाडौं महानगरपालिकालाई लेखि पठाईएको ।

३. विरगंज उपमहानगरपालिका वडा नं.२ कि.नं.२४४ क्षेत्रफल ०-८-६ विगाहा जग्गाको रोक्का फुकुवा गरी पाउं भनी यस आयोगमा परेको वीरेन्द्रलाल श्रेष्ठको निवेदन उपर अनुसन्धान हुंदा मुख्य अभियुक्त भोलामिया ठकुराईले मिति २०४०।९।२१ मा विगो वापत रु.२,९४,४००।- र जरिवाना वापत लाग्ने विगो बमोजिमको रु.२,९४,४००।- समेत जम्मा रु.५,८८,८००।- छानविनको सिलसिलामा तत्कालीन विशेष प्रहरी विभागबाट धरौट माग गर्दा रु.२,५७,६३६।- नगदै र बांकी रु.३,३१,१६४।- को हकमा निज वीरेन्द्र लाल श्रेष्ठ र फातमा खातुनका मन्जुरी बमोजिम जेथा जमानत दिएकोमा मुख्य अभियुक्त भोलामिया ठकुराईको मृत्यु भैसकेको भन्ने

देखिंदा भोलामिया ठकुराईले हिनामिना गरे मासेको रु.२,९४,४००।- विगो असूल उपर गर्नु पर्ने हुंदा मिति २०४०।९।२१ मा धरौट राखेको नगद रु. २,५७,६३६।- र नपुग रु.३६,७६४।- को हकमा अघि जेथा जमानत दिएका वीरेन्द्र लाल श्रेष्ठ र फातमा खातुनबाट असूल उपर गर्न आयोगको मिति २०६२।५।२८ को बैठकबाट निर्णय भएकोले सम्बन्धित निकायमा लेखिपठाइएको ।

४. महेन्द्रनगर नगरपालिकाको क्षेत्र भित्र सब्जिमण्डी सेड निर्माण गर्दा भ्रष्टाचार भयो भन्ने उजुरीउपर अनुसन्धान हुँदा, महेन्द्रनगर नगरपालिका, कञ्चनपुरले सब्जिमण्डी सेड निर्माण गराउने क्रममा अनियमितता भएको देखिएकोले देहाय वमोजिम गर्न आयोगको मिति २०६२/६/२ को निर्णयानुसार महेन्द्रनगर नगरपालिकालाई लेखी पठाइयो :

- प्रति बोरा रु ३२७।- को दरले ६७८ बोरा सिमेन्ट खरिद गरेकोमा प्राविधिक मूल्यांकन अनुसार कम सिमेन्ट प्रयोग भै उक्त सिमेन्ट बुझि लिने भोजबहादुर शाहले हिनामिना गरेको भनि उपभोक्ता समितिबाटै निर्णय भएको देखिएकोले ६७८ मध्ये ४५४ बोरा मात्र प्रयोग भएको प्राविधिक मूल्यांकन वाट खुल्न आएको हुँदा बाँकी २२४ वोरा सिमेन्टको मूल्य रु. ७३,२४८।- र निजले लिएको पेश्की रु. २०,१००।- समेत ९३,३४८।- निज भोजबहादुर शाहबाट असूल उपर गर्ने ।
- जयबहादुर कुमालले रु. २०,०००।- पेश्की लिएकोमा निजको मृत्यु भै सकेको भन्ने बुझिएकोले निजको परिवारबाट असूल उपर गर्ने अथवा मिन्हा दिने वारे उपभोक्ता समूहबाट निर्णय गराई टुंगो लगाउने ।

५. नेपालगन्ज नगरपालिका द्वारा सन्चालित बिभिन्न बिकास निर्माण कार्यमा कम गुणस्तरीय सामान प्रयोग गरि अनियमितता गरे भनि परेको उजुरीउपर अनुसन्धान हुँदा नेपालगन्ज नगरपालिका अन्तर्गत आ.व. २०६१।६२ मा सडक बोर्ड नेपाल र नगरपालिकाको रकमबाट सन्चालित बिभिन्न ९ वटा योजनाहरुमा गुणस्तर परीक्षण गर्ने व्यवस्था नमिलाईएको र नेपाली मस्जीद देखि सरदार लण्ड्री सम्मको पि.सि.सि. सडक तथा नाली निर्माण कार्यको आईटम नं ६ (क) र ६ (ख) मा भएको काम भन्दा नापी किताबमा बढी काम देखाई रु १९,६१०।६४ बढी भुक्तानी भएको देखिन आएकोले बढी भुक्तानी भएको रकम ठेकेदारबाट असूल उपर गर्न आयोगको मिति २०६२/६/११ को निर्णयानुसार स्थानीय बिकास मन्त्रालय लाई लेखी सडक बोर्ड नेपाललाई समेत निर्णयको जानकारी दिईएको ।

६. सागर प्रसाद वाग्लेको हकमा धितो दिएको पिस्तादेवी अग्रवालको नाममा रहेको जग्गा काठमाडौं महानगरपालिकाका शाखा अधिकृत ज्ञानेन्द्र कार्कीले फुकुवा गरिदिई भ्रष्टाचार गरे भन्ने उजुरीहरु उपर अनुसन्धान हुँदा काठमाडौं महानगरपालिकाका प्रमुख केशव स्थापितले मिति २०५४।७।२९ मा सागरप्रसाद वाग्लेलाई शाखा अधिकृत पदमा अस्थायी नियुक्ती गर्ने निर्णय गरी नियुक्ति पत्रका साथ दिइएको अधिकार प्रत्यायोजनमा आर्थिक वर्ष ०५४।०५५ को लागि स्वीकृत बजेटमा अनुमान गरिएको आम्दानी अंक भन्दा कम आय गरेमा वा असूल उठ्तीमा उक्त आम्दानी अंक पुऱ्याउन नसकेमा कर्तव्य पुरा गरेको मान्न सकिने छैन भनी जग्गा धितो लिई सो धितो जग्गाबाट बाँकी रकम असूल गर्ने शर्त सहित पिस्तादेवी अग्रवाल र डिल्लीप्रसाद दाहालको नाम दर्तामा रहेका जग्गाहरु धितो जमानत लिएको देखिदा असूल उठ्तीमा उक्त आम्दानी अंक पुऱ्याउन नसकेको रु.३,८५,५०,११३।२७ धितो जग्गाबाट र नपुग रकम काठमाडौं महानगरपालिकाका तत्कालिन प्रमुख केशव स्थापितवाटै असूल गर्न आयोगको मिति २०६२/१२/१३ को निर्णयानुसार काठमाडौं महानगरपालिकालाई लेखी पठाईएको ।

**(ट) <u>संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत</u>**

१. नेपाल वायुसेवा निगमले हिमाल वर्ल्ड सर्भिसलाई टिकट बिक्री गर्न दिंदा गैरकानूनी रुपमा ईन्सेन्टिभ प्रदान गरी भ्रष्टाचार गरे भन्ने उजुरी उपर अनुसन्धान हुँदा ने.वा.नि. र हिमाल वर्ल्ड सर्भिस वीच भएको सन १९९९ को सम्झौताको दफा ०५ (बि.) मा भएको ब्यवस्था उल्लंघन गरेकोले गरी हिमाल वर्ल्ड सर्भिसलाई दिएको रकम ३ महिना भित्र सम्वधित एजेन्टवाट असूल उपर गर्ने । ३ महिना भित्र सो रकम असूल उपर हुन नसकेमा सम्बन्धित कर्मचारीले राखेको जेथा जमानीबाट असूल उपर गर्न आयोगको २०६२।५।२९ को निर्णयानुसार लेखी पठाईएको ।

२. नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक नगेन्द्र प्रसाद घिमिरे समेतले ट्रली सेवा विना टेण्डर निवेदन प्रस्तावको आधारमा गणेश मेन पावर कम्पनीलाई दिएको सम्झौता रद्द गरी आवश्यक कार्यविधि पूरा नगरी असम्बन्धितलाई पास वितरण गरेको, टेण्डरद्वारा ठेक्का लगाउनु पर्नेमा सो अनुसार नगरेको, कार्यालयलाई हानी नोक्सानी पुग्ने गरी आर्थिक कारोवार, जिन्सी सामान खरीद र लिलाम गर्ने कार्य गरी आपसमा मिलेमतो गरी अनियमित लाभ प्राप्त गरे भनि यस आयोगमा पर्न आएको उजुरीमा अनुसन्धान हुंदा ट्रली संचालकले तेश्रो पक्षसंग सम्झौता गरी विज्ञापन वापत दाखिल गर्नु पर्ने रकम दाखिला नभएकोमा कुनै कारवाही गरेको नदेखिनाले १(एक) महिना भित्र बाँकी रकम असूल उपर गरी जानकारी दिन आयोगको मिति २०६२/७/८ को निर्णयानुसार नेपाल नागरिक उड्डयन प्राधिकरणलाई लेखि पठाईएको ।

३. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयमा मध्यरात्री पश्चात काम गर्ने कर्मचारीहरुलाई वितरण गर्न एयरलाइन्सहरुबाट लिइएको ओभरटाइम रकम बितरण गर्दा अनियमितता भएको भन्ने उजुरीउपर अनुसन्धान हुँदा तत्कालिन हवाई विभाग रहेको समयदेखि मिति २०५९।१२।२० सम्ममा नेपाल वायुसेवा निगम लगायत विभिन्न एयरलाइन्सले नर्मल अपरेसन समय अर्थात मध्यरात्री पश्चातका उडान बापत त्रिभुवन अन्तर्राष्ट्रीय.विमानस्थल कार्यालय र नेपाल वायुसेवा निगमको सहमतिको आधारमा कर्मचारीहरुलाई थप प्रोत्साहन वापत नगद रकम उपलब्ध गराउने गरेको र सो रकम बिमानस्थलका कर्मचारीहरुले आफुहरु बीच वितरण गर्ने गरेकोमा बिल भर्पाई बेगर ब्यबस्थापन खर्च भनि रकम खर्च लेखेको, कार्यालयमा अनुपस्थित कर्मचारीहरु लाई समेत ओभर टायम भत्ता बितरण गरेको र राती काम गरे बापत छुट्टै भत्ता प्राप्त गरेको कर्मचारीहरुलाई समेत ओभर टायम भत्ता बितरण गरी दोहोरो भत्ता लिई दिई अनियमितता गरेको अनुसन्धानबाट पुष्टी हुन आएकोले यसरी अनियमित तरीकाले रकम बितरण गरी नेपाल नागरिक उड्डयन प्राधिकरणलाई हानी नोक्सानी पुरयाएको देखिएकोले ओभरटाइम रकम वुझ्ने २७७ जना कर्मचारीहरुबाट हानी नोक्सानी भएको रु २३,६१,५००। असूल उपर गर्न आयोगको मिति २०६२/८/९ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ क. बमोजिम नेपाल नागरिक उड्डयन प्राधिकरणलाई लेखी पठाईएको ।

**(ठ) <u>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत</u>**

सेती अञ्चल अस्पताल, धनगढीका मे.सु. डा. कृष्ण कुमार राईले अस्पताल गेटमा पालेघर भनी बनाइएको घरलाई औषधी पसलको टेण्डर गराई रु. २०,५००।- मा कबुल गरेकालाई नदिई आर्थिक प्रलोभनमा परी पांचौ स्थानमा रहेको रु. १३,०००।- कबुल गरेकालाई दिने लगायतका गलत कार्यहरु गरेको हुंदा निजलाई कारवाही होस भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा

धरौट नै राख्नु नपर्ने गरी बोलपत्रको काम कारवाही गरेकोमा कार्यालय प्रमुख र लेखा प्रमुखको लापरवाही स्पष्ट देखिन आएकोले जफत हुनुपर्ने धरौट बराबरको रकम रु. ३३,७७२।- र दरभाउ पत्र न्यून दरमा बिक्री गर्दा फरक पर्न गएको प्रति थान २००।- का दरले ५० थान दरभाउपत्रको रु. १०,०००।- समेत जम्मा रु. ४३,७७२।- नेपाल सरकारलाई नोक्सानी हुन गएको देखिन्छ । अतः नेपाल सरकारलाई नोक्सानी भएको उक्त रकम तत्कालीन कार्यालय प्रमुख डा. कृष्ण कुमार राई र तत्कालीन लेखापाल बालकृष्ण जोशीबाट दामाशाहीले भराई आयोगलाई जानकारी दिन आयोगको मिति २०६२/७/२४ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ दफा १२ क. बमोजिम स्वास्थ्य मन्त्रालयमा लेखी  पठाइएको ।

# परिच्छेद - ९
# ध्यानाकर्षण

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटी भए अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सुधार गर्न सुझाव दिने वा ध्यानाकर्षण गराउने कानूनी व्यवस्था छ । सोही अनुरुप आ. व. २०६२/६३ मा विभिन्न निकायहरु र त्यहाँ कार्यरत पदाधिकारीहरुबाट जानाजान वा भूलवश भएका काम कारवाहीहरु उपर उनीहरुको ध्यानाकर्षण गराइएको थियो जस्को विवरण निम्न बमोजिम छ ।

**(क) <u>अर्थ मन्त्रालय, जलस्रोत मन्त्रालय अन्तर्गत</u>**

सिंचाई विभागका सिनियर डिभिजनल इन्जिनियर सुमन सिजापतीले स्टाण्डर्डड चार्टर्ड वैंक, शाखा कार्यालय जावलाखेलमा निज सिजापतिको नाममा रहेको बचत खातामा खाद्य तथा कृषि संगठनले On Farm Water Management Pilot Program का लागि सरकारले लिएको ऋण रकम जम्मा गरी तालिम तथा गोष्ठिहरु संचालन गरेको देखिएकोले वैदेशिक ऋृण सहायताका रकम व्यक्तिगत खातामा जम्मा गरेको विषयमा अनुसन्धान हुँदा सरकारले विश्व बैंकसंग ऋण लिई सञ्चालन गरेको नेपाल सिचाई सेक्टर आयोजना अन्तर्गतको एक हिस्सा कृषकको खेतमा जल व्यवस्थापन कार्यक्रमको लागि सिंचाई विभागको राय अनुसार प्राविधिक परामर्शदाताको रुपमा संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठन (FAO) लाई तोकी खाद्य तथा कृषि संगठन र सिचाई विभाग वीच मिति २०५५।१२।१४ मा कार्यक्रम संचालन गर्ने विषयमा सम्झौता भएको देखिन्छ । सम्झौतामा विदेशी परामर्शदाताहरुको छनौट गर्दा निजहरुवाट प्राप्त हुन सक्ने विशिष्टकृत सेवाहरुको वारेमा उल्लेख नगरिएको, आर्थिक प्रशासन सम्वन्धी कानूनहरुलाई पालना नगरिएको, वैदेशिक ऋण रकम परिचालनको विषयमा प्रचलित कानून वमोजिम लेखा परीक्षण महालेखा परिक्षकको विभागवाट हुन सक्ने अवस्था नदेखिएको र सम्झौता वमोजिमका कार्यक्रमहरु संचालन गर्ने तथा प्रतिवेदन तयार गर्ने सम्पूर्ण कार्यमा सरकार कै कर्मचारीहरुको प्रत्यक्ष संलग्नता रही कर्मचारीको व्यक्तिगत वैंक खातामा परामर्शदाताले कार्यक्रम संचालन गर्न भनी रकम जम्मा गरी दिएको देखिंदा सरकार र सरकारमा काम गर्ने कर्मचारीहरुको काम कारवाही, आचरण र व्यवहारलाई वाञ्छनीय भन्न सकिएन । अतः यस्तो विषयमा सम्झौता गर्दाका वखत नै नीतिगत र व्यवहारगत दुवै दृष्टिले उपयुक्ततामा ध्यान दिन आयोगको मिति २०६३/२/२२ को निर्णयानुसार अर्थ मन्त्रालय, जलश्रोत मन्त्रालय र सिंचाई विभागको ध्यानाकर्षण गराइएको ।

**(ख) <u>उद्योग वाणिज्य तथा आपूति मन्त्रालय अन्तर्गत</u>**

खानी तथा भूगर्भ विभाग अन्तर्गत पेट्रोलियम अन्वेषण परियोजनाको परियोजना प्रमुख भरत मणि ज्ञवाली संग सेवा प्रवेशको लागि आवश्यक न्यूनतम योग्यता नभएको भन्ने र सो विभागका कर्मचारीहरुले अन्तर्राष्ट्रिय श्रम संगठनको सहयोगमा खानी क्षेत्रमा कार्यरत बाल मजदुरको अध्ययन गर्ने कार्यमा भ्रष्टाचार गरेको भन्ने बिषयको उजुरी उपर अनुसन्धान हुँदा अन्तर्राष्ट्रिय श्रम संगठनवाट खानी क्षेत्रमा कार्यरत बाल मजदुरको अध्ययन गर्ने कार्यको लागि प्राप्त रकम

खानी तथा भूगर्भ विभागको उपमहानिर्देशक बाबुराजा अर्यालको एक्लो दस्तखतबाट बैंकमा खाता खोली आर्थिक कारोवार गरेको देखिएको हुंदा आइन्दा दातृ संस्थाको लागि कुनै कार्य गरिदिए वापत प्राप्त भएको रकम सम्बन्धमा सम्बन्धित पदाधिकारी र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको सो शाखाको कर्मचारीको संयुक्त दस्तखतबाट बैंकमा खाता सञ्चालन गरी आर्थिक कारोवार गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०६२/६/१३ को निर्णयानुसार सो विभागको ध्यानाकर्षण गर्न लेखी पठाइएको ।

**(ग) गृह मन्त्रालय अन्तर्गत**

जुम्ला सदरमुकामको पुनः निर्माण तथा पुनःस्थापना कार्यमा भ्रष्टाचार भएको भन्ने विषयको उजुरी उपर अनुसन्धान भै पेश भएको प्रतिवेदन उपर छलफल हुँदा जिल्ला सदरमुकाम पुनः निर्माण एवं पुनः स्थापना समिति, जुम्लाले आ.व.२०५९।०६० र २०६०।०६१ मा गरेको सरकारी कार्यालयहरुको पुनः निर्माण कार्यमा उक्त समितिले साविक भवनहरुको पुरानो ढुंगाको सम्बन्धमा कतिपय कार्यालयको लागत अनुमानमा उल्लेख नगरेतापनि स्थलगत निरीक्षण गर्दा पुरानो ढुंगा प्रयोग भएको, कतिपय कार्यालयको लागत अनुमान, नापी किताबमा उल्लेख भए भन्दा फरक परिमाणमा प्रयोग भएको व्यहोरा स्थलगत निरीक्षणबाट देखिन आएकोले यस सम्बन्धमा आयोगको अनुसन्धानबाट देखिएको देहायको तालीका बमोजिमको व्यहोरा प्रति नेपाल सरकार गृह मन्त्रालयको ध्यानाकर्षण गर्न आयोगको मिति २०६२।५।९ को निर्णयानुसार लेखी पठाइएको ।

**तालीका**

| क्र.सं. | पुनः निर्माणको कार्य विवरण | पुरानो ढुंगाको परिमाण (घ.मि.) | | | फरक (घ.मि.) |
|---|---|---|---|---|---|
| | | ल.ई. अनुसार | एम.वी. अनुसार | स्थलगत निरीक्षण अनुसार | |
| १ | जिल्ला प्रशासन कार्यालय कार्यालय भवन | ९५।८ | ७९।०९ | ९९।६६ | २०।५७ |
| २ | क्षेत्रीय प्रहरी इकाई कार्यालयको कार्यालय भवन | ० | ० | ३९।९६ | ३९।९६ |
| ३ | जुम्ला जिल्ला अदालत | ६४।४८ | ७०।११ | १५६।०७ | ८५।९६ |
| ४ | लो.से.आ.को कार्यालय भवन | २८।२५ | ३० | ६७।०६ | ३७।०६ |
| ५ | जि.प्र.का.कम्पाउण्ड वाल | ० | ० | ३८।५६ | ३८।५६ |
| ६ | जिल्ला हुलाक कार्यालय | १६।५६ | २३।०३ | ५०।९५ | २७।९२ |
| ७ | जिल्ला कृषि विकास कार्यालयको कार्यालय भवन | ३४।८८ | २१।४९ | १३३।६८ | ११२।१९ |
| ८ | माध्यमिक शिक्षा विकास इकाईको छात्रावास भवन | ३३।२५ | २९।७२ | ७०।४३ | ४०।७१ |
| ९ | प्र.जि.अ.निवास | ० | ० | ४६।१९ | ४६।१९ |
| १० | जिल्ला भू-संरक्षण कार्यालयको भवन | १८।५३ | १९।८ | ३७।९६ | १८।१६ |

**(घ) जल श्रोत मन्त्रालय अन्तर्गत**

नेपाल विद्युत प्राधिकरण, इन्जिनियरिङ सेवाका इन्जिनियर लगायतका अन्य कर्मचारीहरू समेतले ईन्सेन्टिभ भत्ताको नाउँमा ठूलो रकम लिने गरेकोले प्राधिकरणले वर्षेनी ठूलो आर्थिक दायित्व वहन गर्नु परी घाटा हुन गएको भनी आयोगमा पर्न आएको उजुरीको सम्बन्धमा सम्बद्ध नीति

नियम अध्ययन गर्दा नेपाल विद्युत प्राधिकरण इन्जिनियरिङ सेवाले गर्नु पर्ने प्राविधिक प्रकृतिका कार्यहरू सम्पन्न गर्नको लागि यस सेवालाई कम्पनी ऐन बमोजिम एउटा अलग्गै आर्थिक हैसियत भएको कम्पनीको रुपमा विकास गर्ने सोचाई रहेतापनि हालसम्म कार्यान्वयन भएको नपाइएको तथा प्राधिकरणका हरेक आर्थिक कृयाकलापहरू सञ्चालक समितिले बनाएको विनियम बमोजिम निर्देशित हुनु पर्ने र त्यस्तो विनियम बनाउने अधिकार नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ ले सञ्चालक समितिलाई प्रदान गरेको भएता पनि इन्जिनियरिङ सेवा सञ्चालनकोलागि इन्जिनियरिङ सेवा निर्देशक समिति आफैले आर्थिक निर्देशिका, २०६० बनाई आर्थिक कृयाकलाप सञ्चालन गरेको कुरा नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ बमोजिम नमिलेको तथा इन्जिनियरिङ सेवामा कार्यरत कर्मचारीहरूले प्राविधिक प्रकृतिको विशेष जिम्मेवारी सम्हाले वापत प्रोत्साहन भत्ता दिनु पर्ने विषय प्राधिकरणको आर्थिक दायित्व भित्र पर्न आउने विषय भएकोले त्यस्तो प्रोत्साहन भत्ता सञ्चालक समितिले बनाएको विनियम बमोजिम निर्देशित हुनु पर्नेमा इन्जिनियरिङ सेवा निर्देशक समिति आफैले आर्थिक निर्देशिका, २०६० बनाई सोही समितिको निर्णयको आधारमा प्रदान गर्ने गरेको देखियो जुन कुरा विद्युत प्राधिकरणको विद्यमान कानूनी संरचना बमोजिम भएको देखिएन । अतः प्राधिकरणलाई पर्न आउने आर्थिक दायित्वको विषय र आर्थिक कृयाकलापसँग सम्बन्धित विषय सञ्चालक समितिले बनाएको विनियम बमोजिम मात्र निर्देशित हुन पर्ने साथै प्रोत्साहन भत्ता प्रदान गर्दा के कुन काम वापत कसलाई के कति रकम दिएको भन्ने पारदर्शी हुने गरी मासिक वा वार्षिक रुपमा पाउने अधिकतम सीमा निर्धारण गरी तत्सम्बन्धी व्यवस्था विनियमद्वारा नै निर्देशित हुनुपर्ने तर्फ आयोगको मिति २०६२/४/५ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरण, सञ्चालक समितिको ध्यानाकर्षण गराइएको ।

**(ङ) <u>भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत</u>**

सिंहदरवार सचिवालय पुनः निर्माण आयोजना अन्तरगत आ.व. ०५६।५७ मा पर्खाल निर्माण गर्नका लागि पूर्व योग्यता निर्धारण गर्न वोलपत्र माग गर्दा रकम लिनु खानु गरी आफू अनुकूलका ठेकेदारहरुलाई मात्र पिक्युमा उत्तिर्ण गर्न शुरुको स्वीकृत मूल्याङ्कन क्राइटेरिया समेत फेरबदल गरेको, आ.प्र. सम्बन्धी नियमावलीको नियम ६५ विपरित हुने गरी मनोमानी गरी भ्रष्टाचार गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा उक्त आयोजना भवन विभाग अन्तरगतको आयोजना नभएको हुँदा भवन विभागका महानिर्देशकहरुले ल.ई. स्वीकृत गरेको कार्य पनि कानुन संगत नहुने, एउटा कामको लागि मूल्याङ्कन आधार तय भै सो कामको लागि पिक्यु माग गरी सम्पूर्ण प्रस्ताव मूल्याङ्कन भैसकेपछि अर्को प्रकृतिको निर्माण कार्यको लागि पनि सोही प्रस्तावहरुबाटै पिक्यु गर्ने गरी गरेको निर्णय र सो बमोजिम भए गरेका कार्यलाई उचित मान्न सकिने अवस्था नरहेको । सो कार्यमा संलग्न आवास तथा भौतिक योजना मन्त्रालयका तत्कालीन सचिव खगेन्द्र वस्नेत, भवन विभागका तत्कालीन महानिर्देशकहरु लेखराज उपाध्याय र ज्योती प्रसाद प्रधान एवं तत्कालीन आयोजना प्रमुख प्रदिप आचार्य समेत सबै पदाधिकारीहरु अवकाश भै सकेका हुँदा अव आइन्दा उपरोक्त अनुसारको आयोजनामा त्यस्तो कार्य हुन नदिनेतर्फ आयोगको मिति २०६३/३/४ को निर्णयानुसार भौतिक योजना तथा निर्माण मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

**(च) <u>भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत</u>**

मालपोत कार्यालय बर्दियाले शाही बर्दिया राष्ट्रिय निकुन्ज मध्यवर्ती क्षेत्रको जग्गा व्यक्ति बिशेषको नाममा दर्ता गर्न लागेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय बर्दियाका मालपोत अधिकृत मान बहादुर स्वाँरको हकमा निजले आवश्यक छानविनका सबै प्रकृयाहरु अवलम्वन नगरी मन्त्रिपरिषद्का उपाध्यक्षको संदर्भलाई अनपेक्षित र अनुपयुक्त किसिमले उल्लेख समेत गरी उपर्युक्त जग्गाको सम्वन्धमा मिति २०६२।६।९ मा सूचना निकाल्ने काम गरेको पाइएको भएतापनि निजबाट सो सम्वन्धमा अन्य कुनै निर्णय भैसकेको नदेखिएकोले अब आइन्दा यस्ता विषयमा ध्यान पुऱ्याउन आयोगको मिति २०६२।९।२८ को निर्णयानुसार भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखि पठाईएको ।

# परिच्छेद - १०
# सुझाव

अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा २८ मा आयोगले आफ्नो काम कारवाहीको सिलसिलामा जानकारीमा आएका तथ्यहरुको आधारमा सम्वन्धित कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थालाई सुझाव दिन सक्ने ब्यबस्था भए अनुरुप आर्थिक वर्ष २०६२/६३ मा दिईएको सुझावको विवरण निम्नानुसार छ ।

**(क) <u>अर्थ मन्त्रालय अन्तर्गत</u>**

नेपाल अधिराज्यको संविधान २०४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अनुसार सार्वजनिक पद धारण गरेका पदाधिकारी विरुद्धका अनुचित कार्य र भ्रष्टाचारजन्य कसूरको अनुसन्धानको क्रममा सरकारी स्वामित्वका बैंकहरुमा कर्जा प्रवाह र असूली लगायत अन्य बैंकिङ्ग कारोबारमा समस्या देखियो । समस्याको मुख्य कारण बैंकको व्यवस्थापनको अनुत्तरदायी प्रवृत्ति र वित्तीय नियन्त्रण प्रणाली अवलम्वन नगर्नु नै हो भन्ने आयोगको निर्क्यौल रहेको छ । यसर्थ बैंक तथा वित्तीय संस्थाहरुमा हुने भ्रष्टाचारको रोकथाम गरी बैंक ब्यवस्थापनलाई चुस्त दुरुस्त राख्न नेपाल राष्ट्र बैंक, राष्ट्रिय बीमा संस्थान, नेपाल औद्योगिक विकास निगम, कर्मचारी संचय कोष, नागरिक लगानी कोष, नेपाल बैंक लिमिटेड, राष्ट्रिय बाणिज्य बैंक र कृषि विकास बैंकसंग छलफल तथा परामर्श गरी तयार पारेको सुझावहरु प्रतिक्रिया तथा रायको लागि उल्लेखित संस्थाहरु लगायत अर्थ मन्त्रालयमा समेत पठाई प्राप्त प्रतिक्रिया उपर २०६२।८।१ मा नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग र वित्तीय संस्था नियमन विभागका उच्च अधिकृतसंग छलफल गरी छलफलबाट प्राप्त सुझाव समेत उपर आयोगको बैठकमा छलफल हुँदा आयोगको मिति २०६२।८।५ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ (ख) र (ग) बमोजिम निम्नानुसार सुझाव दिने निर्णय गरियो ।

<u>नेपाल सरकारलाई सुझाव:</u>

- संस्थाको भविष्य त्यसमा संलग्न संचालकको ब्यवसाय प्रतिको इमान्दारिता, क्षमता, दक्षता, उपयुक्त छनौट प्रक्रिया तथा जस्तो सुकै परिस्थितिमा पनि उत्तरदायित्व पुरा गर्ने जस्ता गुणहरुमा निर्भर गर्दछ । ब्यवसाय प्रतिको इमान्दारिता कुनै कमजोरी बिनाको निष्ठा र ब्यवसायको पूर्व अभिलेख अनुभवबाट मात्र गर्न सकिन्छ । खास गरी सरकारी स्वामित्वका बैंक तथा वित्तीय संस्थाहरुमा पदासिन कार्यकारी ब्यवस्थापकहरु सत्ता राजनीतिबाट बढी प्रभावित हुने, संस्थाप्रति उत्तरदायी नभएपनि हुने, नीति निर्देशन तथा योजना कार्यान्वयन जस्ता कुराहरुमा हेलचेकाई गर्ने परिपाटीले संस्थागत संस्कृतिमा समेत नकारात्मक प्रभावहरु बढ्दै गएको विगतका अनुभवबाट छर्लङ्गिएको छ । यस परिप्रेक्ष्यमा संचालक समितिमा सक्षम र संस्था हाक्न सक्ने उच्च मनोबल भएका पदाधिकारीको उपयुक्त चयन नभएमा कुनै पनि बखत संस्था संकटमा परी धराशायी हुनसक्ने हुनाले संचालक समितिका पदाधिकारीको चयन गर्दा मापदण्ड बनाई व्यवसायिक दक्षता भएका र आर्थिक अपराधमा संलग्न नभएको ब्यक्ति चयन गर्नु पर्दछ ।

- विमा संस्थानसँग तरल नगद कोष पर्याप्त भएको देखिन्छ । यसमा खास गरी बीमा क्षेत्रले आफैले प्रत्यक्ष लगानी गर्ने भन्दा पनि अन्य बैंक तथा वित्तीय संस्थाहरुको नेतृत्व रहने कर्न्सोटियम लगानीमा कर्जा प्रवाह गर्ने गरी निर्देशिका बनाउनु उपयुक्त देखिन्छ ।
- सार्वजनिक संस्थामा संचालक मनोनयन गर्दा उक्त संस्थालाई तिर्न बुझाउनु पर्ने रकम बांकी राख्ने तथा नेपाल सरकारलाई नियमित रुपमा राजस्व बुझाउन बांकी राख्ने र जुन संस्था वा निकायमा संचालक नियुक्त हुने हो सो संस्था वा निकायसित आफ्नो वा आफ्नो परिवारको लाभकारी हित या सरोकार गांसिएको ब्यक्तिलाई नियुक्त नगर्ने प्रणालीको अविलम्व शुरुवात गर्नुपर्छ ।

<u>नेपाल राष्ट्र बैंक मार्फत कार्यान्वयन गर्ने गरी वित्तीय संस्था सुदृढीकरण सम्बन्धी सुझाव:</u>

- कुनै ब्यवसाय तथा परियोजनाका लागि कर्जा प्रवाह गर्दा बैंकको लगानी उपर नहुने परिपाटी अन्त्य गर्न ब्यवसायी, उद्यमी र कर्मचारीहरुमा सकारात्मक सोच विकास नगरेसम्म जति सुकै नियम कानून तर्जुमा भएपनि लगानी र असूलीमा सुधार गर्ने प्रयासले साकार रुप लिदैन तसर्थ बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरु, उद्यमी र ब्यवसायीहरुको मनोवृत्तिमा सकारात्मक सोच, परिवर्तन, गतिशीलता ल्याउन सम्बन्धित क्षेत्र र बैंकले समय समयमा चेतना मूलक कार्यक्रमहरु संचालनमा ल्याउनु पर्छ ।
- बैंकहरुबाट कुनै पनि ब्यवसाय/परियोजनाको लागि कर्जा प्रवाह गर्न अघि त्यस सम्बन्धी विस्तृत संभाब्यता अध्ययन गरी आफूले लगानी गरेको रकम निश्चित अवधिमा असूल उपर हुन्छ/हुँदैन सो बारे गहिराईका साथ विवेकपूर्ण, विश्लेषण गरेर उपयुक्त देखिएमा मात्र कर्जा प्रवाह गर्नु पर्छ । बैंकहरुले कर्जा प्रवाह गर्ने परियोजनाहरुको विस्तृत रुपमा अध्ययन विश्लेषण तथा मूल्यांकन गर्दा परियोजनाको ब्यवस्थापन, बजार, प्राविधिक, वित्तीय, वातावरण तथा सुरक्षण पक्ष समेतलाई दृष्टिगत गरी विस्तृत अध्ययन तथा उल्लेखित सबै पक्षको जोखिम विश्लेषण गरी पेश गरेको संभाब्यता अध्ययन प्रतिवेदनहरु बैंकले समग्र रुपमा विश्लेषण गरी उपयुक्त देखिएका परियोजनामा मात्र कर्जा प्रवाह गर्नुपर्छ । बैंकले उपर्युक्त तथ्यहरुलाई मनन गर्नुको अतिरिक्त केही निश्चित रकम भन्दा माथिको कर्जाको नियमित अनुगमन र सुपरिवेक्षण गर्ने प्रणाली अनिवार्य रुपमा विकास गर्नुपर्दछ ।
- कर्जा रकम समयमा असूल हुने या नहुने भन्ने कुरा ऋणीले कर्जा सुरक्षणका लागि उपलब्ध गराएको धितोमा पनि निर्भर रहन्छ । बैंक तथा वित्तीय संस्थाले अचल सम्पत्ति धितो जमानत लिंदा केवल रीत वा औपचारिकता मात्र पुरा गरी वास्तवमा कमसल धितोलाई असल धितोको रुपमा प्रस्तुत गर्ने गरेको कारणले कर्जा रकम डुब्न गई असूलीको लागि निकै ठूलो कसरत गर्नु परेको छ । यसर्थ धितो हेर्न जाँदा नाप नक्शा बमोजिम छ/छैन, मूल्यांकन यथार्थ हो/होइन, आदि कुरा एकिन गरी मात्र कर्जा प्रवाह गर्नु पर्दछ ।
- बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण प्रवाह गर्दा धितो स्वरुप लिइने घर, जग्गाको नापी कार्यालयबाट नक्शा लिंदा बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरुले नापी कार्यालयमा सम्पर्क राखी स्वयंले प्रमाणित नक्शा लिने, यस्तै धितो राखिएको जग्गा कर्मचारी स्वयं गै रोक्का भए नभएको हेर्ने प्रणालीको अनिवार्य रुपमा ब्यवस्था गर्नु पर्दछ ।
- विशेष गरी २०४० साल यता बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्रवाहमा अनियमितता बढेको देखिन्छ । त्यसबेला जारी भएका अस्पष्ट नीति निर्देशन, कार्यबिधि र नीतिगत ब्यवस्था

समयानुकूल नगरिएको र कतिपय क्षेत्रमा त्यस्ता नीति निर्देशन नभएकै कारणले बैंक तथा वित्तीय संस्थाको अवस्था नाजुक भएको विगतको अनुभवलाई दृष्टिगत गरी संस्थाको नीति नियम, कर्जा सापट निर्देशिका, कार्यविधिमा के कसरी सुधार ल्याउँदा बैंकको हित हुन्छ त्यसतर्फ ध्यान दिई आवश्यक निर्देशिका समयमा तयार गर्ने र त्यसलाई नियमित रुपमा परिमार्जन गर्नु पर्दछ ।

- कुनै पनि शाखाहरुबाट प्रवाहित कर्जामा निष्कृय कर्जाको अंश वृद्धि हुँदै गएमा, कर्जा प्रदान हुँदाकै अवस्थामा बदनियत देखिएमा, साँवा ब्याज असुलीमा ठूलो कसरत गर्नु परेमा, ऋणीहरुले नियतवश कर्जा रकम नतिर्ने मनोवृत्ति भएमा, त्यस्ता शाखाहरु उपर सम्बन्धित बैंकको केन्द्रीय कार्यालयबाट तत्कालै के कति कारणले विसंगति, विकृति देखिई प्रतिकूल असर परेको हो सो कर्मचारीको कारणले भएको हो, होइन एकिन गरी, हो भने तत्काल कारवाहीको नीति अवलम्बन गर्नु पर्दछ । यदि ऋणी कै कारणले भएको भए समयमा नै प्रभावकारी कदम अपनाई कर्जा रकम असूल उपर गर्नु पर्दछ ।
- बैंक तथा वित्तीय संस्थाहरुको वित्तीय स्वास्थ्य समय समयमा परीक्षण गर्ने र कमी कमजोरीहरुलाई समयमा नै इङ्गित गरी स्वस्थ राख्ने उद्देश्यले बैंकले प्रतिपादन गरेको नीति निर्देशनको पालना भए नभएको सन्दर्भमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार केही हदसम्म निरीक्षण प्रक्रियालाई अंगिकार गर्ने गरेको छ । यसरी निरीक्षण गरी दिइएका राय तथा सुझावहरुको कार्यान्वयन भयो भएन वा के कति प्रगति भयो भन्ने उद्देश्यले यदाकदा अनुगमन निरीक्षण समेत गर्ने गरे तापनि यो पक्ष उपेक्षित छ । यसर्थ अनुगमन र निरीक्षणको बार्षिक कार्य तालिका बनाई सो अनुसार नियमित अनुगमन गरी दोषी उपर सजाय एवं सुधारको प्रणाली विकास गर्नु पर्दछ ।
- बैंक तथा वित्तीय संस्थाको कर्जा नियतवश नतिर्ने प्रवृतिको विकास हुनु, राजनीतिक हस्तक्षेप हुनु, आदि कारणले निष्कृय कर्जा (भाखा नाघेको कर्जाको अंश वृद्धि भएको) जुन गत वर्षको कूल विकास खर्च भन्दा बढी हुनु नै बैंकिङ्ग प्रणालीका लागि प्रमुख चुनौती भएकोले भाखा नाघेका ऋणीहरुका विषयमा सबै बैकिङ्ग समुदायलाई स्थिर अवधारणा बनाउनका साथै यस्ता खराब कर्जा असूल उपर गर्न रणनीति तर्जुमा गरी रकम असूल गर्ने कार्य अभियानकै रुपमा संचालन गर्न बैंक तथा वित्तीय संस्था अग्रसर हुनु पर्ने देखिन्छ ।
- बैंक तथा वित्तीय संस्थाका ऋण असूली लगायत अन्य अनियमितताका घटनाहरु स्वयंले समाधान गर्न लगाउनुका साथै बैंक तथा वित्तीय संस्थाको ऐन, नियमले कारवाही गर्न सक्नेसम्म स्वयंले गर्ने तर सामान्यतः ऋण असूली/ऋण उठाउन नसकेको स्थितिमा नभई भ्रष्टाचार भएको विषय सन्दर्भमा मात्र आयोग समक्ष सम्वद्ध निकायले उजूरी दिने व्यवस्था बसाल्नु पर्ने देखिन्छ ।
- कर्जाको भुक्तानी म्याद समाप्त भएपछि सो कर्जा र त्यस्को ब्याज समेत म्याद भित्र कर्जा चुक्ता हुन नआएमा कर्जाको म्याद नाघेको तीन महिना पछि कारवाही गरी असूल उपर गर्नु पर्ने व्यवस्था भएको अवस्थामा पनि कर्जाको म्याद नाघेको ५,१० वर्ष भै सक्दा पनि बैंक तथा वित्तीय संस्थाको कर्जा रकम असूली नभएको अवस्था छ । यस सम्बन्धमा यथा समयमा प्रभावकारी कदम अपनाई बैंक तथा वित्तीय संस्थाहरुको लेना रकम असूल उपर गर्नु पर्ने देखिन्छ । यसरी समयमा कारवाही नगर्ने कर्मचारी उपर समेत तत्काल कारवाही हुनु पर्दछ ।
- बैंक तथा वित्तीय संस्थाहरुले न्यून धितो लिई अत्यधिक मात्रामा कर्जा प्रवाह गर्ने र लिलामीमा वोल कवोल हुँदा सबै असूल उपर नभै नगन्य मात्रामा लेना रकम प्राप्त हुने प्रवृत्ति विकास भएकोले त्यस सम्बन्धमा केही समयको लागि निश्चित रकम भन्दा बढी रकम कर्जा प्रवाह गर्दा

बैंकको उच्चस्तरीय कमिटी बनाई उक्त कमिटीको निर्णय बमोजिम मात्र कर्जा प्रवाह गर्ने र धितो स्वीकार गर्न सक्ने व्यवस्था हुनुपर्ने देखिन्छ।

देहायका कुराहरु समेटेर Credit Policy Guidelines बनाउनु उपयुक्त हुन्छ:

- कर्जा स्वपूँजी अनुपातको प्रतिशत निश्चित तोकिनुपर्छ र परियोजनामा स्वपूँजीको निश्चित प्रतिशत लगानी भइसकेको ब्यहोरा मूल्यांकनकर्ताबाट प्रमाणित भएर आएपछि मात्र परियोजना कर्जा प्रवाह हुनुपर्छ।
- चालु पूँजीको निमित्त प्रवाह हुने कर्जामा चालु सम्पत्तीको अतिरिक्त कर्जाको निश्चित प्रतिशत अतिरिक्त धितो (घर जग्गा वा बैंक जमानत) लिन उपयुक्त हुन्छ।
- कुनै संस्थामा एक निश्चित प्रतिशत भन्दा बढी शेयर ग्रहण गर्ने प्रवर्तकको व्यक्तिगत जमानत लिनुपर्ने र व्यक्तिगत जमानत दिनेको Networth अध्ययन गरी त्यस्ता Networth जमानतको अंश भन्दा कम नभएको यकिन गर्नुपर्ने।
- कर्जा स्वपूँजी अनुपात कायम गर्ने प्रयोजनका लागि जग्गाको मूल्यांकन गर्दा सरकारी मूल्यको निश्चित र बजार मूल्यको निश्चित प्रतिशतको योगबाट कम्तिमा एउटा निश्चित प्रतिशत मार्जिन कट्टा गरी बाँकी हुने बट्टा मूल्य लाई यथार्थ मूल्य मान्नु पर्ने।
- बनिसकेका तथा नयाँ निर्माण कार्य र मेशिनरीहरुको मूल्यांकनको आधार तय गर्ने निर्देशिका तयार गर्ने।
- धितो मूल्याकंन गर्ने तरिका, मूल्याकंनकर्ता र मूल्याकंनबाट भएको हानी नोक्सानी असुल उपर गर्ने सम्बन्धी निर्देशिका तयार गर्ने।
- यस्तै बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरुले आफूले निरीक्षण र नियन्त्रण गर्ने संस्थाबाट आफ्ना नातेदारलाई ऋण दिलाउन बैंक तथा वित्तीय संस्थालाई अनुचित दवाब दिने, ती संस्थाहरुमा आफ्ना नातेदार भर्ना गर्ने र गर्न लगाउन प्रत्यक्ष चासो लिने, आफ्ना नातेदारले लिएको ऋणको ब्याज चुक्ता नगरी एकमुष्ट ब्याज मिनाहा गर्न दवाव दिने गरेको अनुसन्धानको क्रममा देखिएको हुंदा यस्तो कार्य अविलम्व रोक्ने व्यवस्था गर्नु पर्दछ।

नेपाल राष्ट्र बैंकलाई सुझाव:

बैंक तथा वित्तीय संस्थाहरुको दिगो विकास, निक्षेपकर्ताहरुको हित संरक्षण तथा देशको वित्तीय प्रणालीको गुणात्मक विकास गर्न नेपाल राष्ट्र बैंकले विभिन्न नीतिगत व्यवस्था गरी निर्देशन जारी गर्दै आएको छ। तथापि बैंक तथा वित्तीय संस्थाहरुमा श्रृंखलाबद्ध रुपमा वित्तीय अनियमितता दिनानुदिन वृद्धि हुँदै गएकोले नेपाल राष्ट्र बैंकको निरीक्षण, अनुगमन र कारवाहीको प्रणाली प्रभावकारी नभएको महसुस हुन्छ। यसर्थ बाणिज्य बैंक तथा वित्तीय संस्थाहरुको कर्जामा देखिएका अनियमितताको नियन्त्रणका लागि नेपाल राष्ट्र बैंकले देहायका कदम चाल्नु पर्दछ:

- बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६१ को दफा ५२ अनुसार नेपाल राष्ट्र बैंकले इजाजतपत्र प्राप्त संस्थाको जुनसुकै बखत जुनसुकै कार्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्ने र गराउन सक्ने व्यवस्था छ तापनि ती संस्थाहरुको निरीक्षण, अनुगमन अपेक्षाकृत रुपमा पर्याप्त र प्रभावकारी नभएको कारणले नै ती संस्थाहरुमा वित्तीय अनियमितता खास गरी कर्जा लगानी हुने तर ऋणीले ऋण नतिर्ने, गलत धितो राख्ने, धितोको बढी मूल्यांकन गर्ने कार्य भई कर्जा रकम

असुरक्षित हुँदै आएको छ । यसर्थ ऐन र विनियमले तोके अनुसार नेपाल राष्ट्र बैंकले निरीक्षण तथा सुपरिवेक्षण कार्यलाई ब्यापक र प्रभावकारी बनाउनु पर्दछ ।

- कुनै इजाजत प्राप्त संस्थाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ वा अध्यादेश २०६१ वा सो अन्तर्गत बनेका नियम वा विनियम वा सो अन्तर्गत जारी भएको आदेश वा निर्देशनको उल्लघंन गरेको वा राष्ट्र बैंकको निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदनबाट इजाजतपत्र प्राप्त संस्थाले निर्वाह गर्नु पर्ने दायित्व पुरा गर्न नसकेको वा नसक्ने संभावना भएको वा बैंक वा वित्तीय संस्था सुचारु रुपले संचालन नभएको वा शेयरधनी वा निक्षेपकर्ताको अहित हुने कार्य गर्ने बाणिज्य बैंक तथा वित्तीय संस्थाहरुलाई उल्लेखित अध्यादेशको दफा ५४ बमोजिम कारवाई गर्न सक्ने ब्यवस्था रहेको छ । तर आर्थिक अनियमिता गर्ने र आफ्नो कार्य सुधार नगर्ने बाणिज्य बैंक तथा वित्तीय संस्थाहरुलाई नियमित रुपमा कारवाही नभएकोले अनियमित लगानीलाई प्रोत्साहन भएको छ । यसर्थ ऐनको मर्म अनुसार कारवाही गर्न नेपाल राष्ट्र बैंक सजग र सचेत हुनु पर्दछ ।
- बैंक तथा वित्तीय संस्थासंग कर्जा कारोबार गर्दा कुनै कैफियत देखा नपरेका ब्यक्ति तथा संस्थाहरुलाई मात्र संभाब्य परियोजनाहरुको लागि कर्जा प्रवाह गर्नु उचित हुन्छ । यसरी कर्जा माग गर्ने ऋणीको अन्य बैंक तथा वित्तीय संस्थासंगको वर्तमान र विगतको कारोबारको सम्बन्धमा आवश्यक र यथार्थ कुराहरु थाहा पाउने प्रणालीको प्रभावकारी ढंगले विकास गर्न नसकेमा असल ऋणीहरु छनोट नभै कर्जा सदुपयोग नहुने र प्रवाह भएको कर्जा पनि समयमा चुक्ता गर्न कठिन हुन सक्ने स्थिति सृजना हुन्छ । यो कार्य गर्न छुट्टै संस्था चाहिने तर यसको नियन्त्रण र निगरानी केन्द्रीय बैंकको हुनु पर्ने हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले नेपाल राष्ट्र बैंकले कर्जा सूचना केन्द्र स्थापना गर्न वा गराउन सक्ने ब्यवस्था गरेको छ । यो केन्द्रले बैंक तथा वित्तीय संस्थाबीच अनिवार्य रुपमा ऋण प्रदान गर्नु अघि ऋणीको सूचना आदान प्रदान गराउन सक्ने हुनुपर्छ, यसो भएमा डिफल्टर र कालो सूचीमा परेका ऋणीहरुले बैंक डुबाउने र आफू उक्सिने वातावरण कम हुने देखिन्छ । साथै केन्द्रले वित्तीय संस्था र बैंकहरुबाट ऋण नतिर्नेको विवरण माग गर्न सक्ने, यसरी ऋण नतिर्ने ऋणीलाई कालो सूचीमा राख्न सक्ने अधिकार कानूनत केन्द्रलाई हुनुपर्ने र केन्द्रको निर्देशन पालना गर्ने जिम्मेवारी बैंक तथा वित्तीय संस्थालाई हुनुपर्ने कानूनी ब्यवस्था आवश्यक देखिन्छ र यो गराउने जिम्मेवारी नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले नेपाल राष्ट्र बैंकलाई दिएको छ । यसर्थ ऐनको मर्म अनुसार केन्द्र संचालन गर्न नेपाल राष्ट्र बैंक गंभिर हुनुपर्छ ।
- बैंक तथा वित्तिय संस्थाहरुले ब्याज मिनाहाको मापदण्ड तयार गरेका छन । तर यी निकायले आफैले निर्धारण गरेको मापदण्ड विपरीत ब्याज मिनाहा गरेको जानकारी आयोगलाई प्राप्त हुने गरेको छ । यसर्थ यस्तो कार्य रोक्ने जिम्मेवारी केन्द्रीय बैंकको नाताले नेपाल राष्ट्र बैंकको हुने निर्विवाद छ । त्यसैले बैंक तथा वित्तिय संस्थाको निरीक्षण अनुगमन गर्दा आफ्नो जाँच सूचीमा यो विषयलाई प्राथमिकताका साथ समावेश गरी निरीक्षण, अनुगमन गर्नु उपयुक्त हुन्छ ।
- प्रवाह भएको कर्जालाई बैंक तथा वित्तीय संस्थाले फरक फरक आधार र तरिका अपनाई पूनर्संरचना र पूनरतालिकीकरण गरेको देखिएको छ । सबै बैंक तथा वित्तीय संस्थालाई मान्य हुने निश्चित र मान्य मापदण्ड बनाएको देखिन्न । यसर्थ सबैलाई मान्य हुने गरी ब्यवहारिक मापदण्ड तयार गर्न नेपाल राष्ट्र बैंक अग्रसर हुनुपर्छ ।
- सहवित्तीयकरण कर्जामा नेतृत्व गर्ने बैंकले गरेको परियोजना विश्लेषणमा विश्वस्त भएर सहभागी बैकहरुले लगानी गरेका हुन्छन् । नेतृत्व गर्ने बैंकको भूमिका प्रभावकारी नभएमा वा

उक्त बैंकले आफ्नो स्वार्थलाई मात्र प्राथमिकता दिएमा वा परियोजनाको कार्यान्वयन नै गलत ढंगले भएमा सहवित्तीयकरण लगानी नै असफल हुने हुँदा नेतृत्व गर्ने बैंकलाई कर्जा लगानी तथा असुलीमा जिम्मेवार बनाउन आवश्यक भएकोले यस सम्बन्धमा छुट्टै निर्देशिका बनाउनुपर्ने देखिन्छ । सहवित्तीयकरण कर्जा लगानी भएका आयोजनाहरुमा एकातिर ठूलो परिमाणमा ऋण लगानी हुने र अर्कोतिर यस्तो लगानी नउठ्ने स्थिति पनि छ । नेपाल राष्ट्र बैंकले सहवित्तीयकरण सम्बन्धी कार्यविधि बनाएको भए तापनि यो पर्याप्त छैन र स्वयंले बनाएको निर्देशिका पनि पूर्ण रुपमा लागु गराउन नेपाल राष्ट्र बैंकबाट प्रभावकारी पहल नभएको कुरा ऋण प्रवाह हुने तर ऋण असुल उपर नहुने प्रवृत्तिले स्पष्ट गर्दछ । यसर्थ यस्तो लगानीको मापदण्ड, कर्जा प्रवाह र असूली प्रकृया र यस्मा नेपाल राष्ट्र बैंकको भूमीका के हुने हो सो सम्बन्धमा स्पष्ट आधार तोकिएको निर्देशिका सहितको कानूनी व्यवस्था हुनुपर्दछ ।

- पुरानो ऋणीलाई नयाँ परियोजनाको निमित्त कर्जा प्रवाह गर्दा पूर्व लगानी गरिएको परियोजनाको Debt Servicing को अवस्था राम्रो भए मात्र कर्जा स्वीकृत गर्नुपर्छ । अन्य बैंक तथा वित्तीय संस्थाहरुसँग कर्जा कारोवार गरिरहेको व्यक्ति, फर्म, कम्पनीलाई एउटा बैंक वा वित्तीय संस्थाले नयाँ वा पुरानो परियोजनाको निमित्त कर्जा दिनु पर्दा अन्य बैंक, वित्तीय संस्थासँगको Track Record, कर्जा सूचना केन्द्रको अभिलेख अध्ययन गरी मात्र थप कर्जा प्रवाह गर्नु पर्दछ । यसको लागि नेपाल राष्ट्र बैंकले छुट्टै कार्यविधि नै तर्जुमा गर्नु उपयुक्त हुन्छ ।
- हालसम्म बैंक वा वित्तीय संस्थामा हुने गरेका ठगी, जालसाजी र किर्तेका कसूरमा नेपाल राष्ट्र बैंकलाई जानकारी भएर पनि सम्बन्धित प्रहरी कार्यालयमा उजूर नगर्ने परिपाटी रहेकोमा अब देखि निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको हकमा राष्ट्र बैंकले आफ्नो निरीक्षणको क्रममा देखेको वा अन्य कुनै माध्यमबाट थाहा पाएको जालसाजी, किर्ते, ठगी र बैंक Fraud का विषयहरुमा कागजात सहित सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा कार्यवाहीको लागि तुरुन्तै पठाउने र त्यसको जानकारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई दिने परिपाटी अविलम्व शुरुवात हुनु पर्दछ।
- बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरुले आफूले निरीक्षण र नियन्त्रण गर्ने संस्थाबाट आफ्ना नातेदारलाई ऋण दिलाउन बैंक तथा वित्तीय संस्थालाई अनुचित दवाब दिने, ती संस्थाहरुमा आफ्ना नातेदार भर्ना गर्ने र गर्न लगाउन प्रत्यक्ष चासो लिने, आफ्ना नातेदारले लिएको ऋणको ब्याज चुक्ता नगरी एकमुष्ट ब्याज मिनाहा गर्न दवाव दिने गरेको अनुसन्धानको क्रममा देखिएको हुंदा यस्तो कार्य अविलम्व रोक्ने तर्फ आवश्यक व्यवस्था हुनु पर्दछ ।

**(ख) जलस्रोत मन्त्रालय अन्तर्गत**

१. निजामती सेवा ऐन, २०४९ (दोश्रो संसोधन) को दफा २ क को उप दफा (३) को व्यवस्था बमोजिम अन्य सरकारी सेवाका कर्मचारीको लागि निजामती सेवा ऐन मार्गदर्शक हुने र यस ऐनको सामान्य सिद्धान्तमा आधारित भएर ने.वि.प्रा.कर्मचारी सेवा विनियमावली २०५० को परिच्छेद १२ को व्यवस्थामा ३ महिना भित्र आवश्यक संसोधन परिमार्जन गर्न आयोगको मिति २०६२।९।१५ को निर्णयानुसार अ.दु.अ.आ ऐन २०४८ को दफा २८ (क) बमोजिम ने.वि.प्रा मा सुझाव पठाईएको ।

२. नेपाल विद्युत प्राधिकरणबाट पदपूर्ति गर्ने सिलसिलामा संचालन भएको इलेक्ट्रिकल इन्जिनियर ( सातौं तह) पदको वस्तुगत प्रश्नको लिखित परीक्षा पद्धति अव्यवहारिक र अमिल्दो देखिएकोले

सो लाई निरन्तरता दिंदा परीक्षामा अनियमितता हुन जाने सम्भावना विद्यमान देंखिदा सो निरुपण गर्न अव आइन्दा देहाय बमोजिमको व्यवस्था गर्न आयोगको मिति २०६२।१०।१९ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २८ को उप-दफा (१) को देहाय (ग) बमोजिम नेपाल विद्युत प्राधिकरण, संचालक समितिलाई सुझाव लेखि पठाइएको:

- पदपूर्ति सम्बन्धि परीक्षाहरु संचालन गर्दा पदपूर्ति हुने निकायको मर्यादा र स्वतन्त्रताको दृष्टिकोणले आंफुले परीक्षा संचालन गर्नु भन्दा छुट्टै निकाय (सकेसम्म सम्बन्धित विषयमा अध्यापन गराईने शैक्षिक निकाय) लाई परीक्षा संचालन गरी उम्मेदवार छनौट गर्न लगाउनु उपयुक्त हुने हुंदा सो सम्बन्धि आवश्यक व्यवस्था गर्ने ।
- परीक्षा संचालन गर्दा,
  - क. सच्याएको वा दोहोरो वा केरमेट भएको उत्तरमा अंक नदिने व्यहोरा स्पष्ट रुपमा प्रश्नपत्रमा नै खुलाउनु पर्ने प्रावधान राख्ने ।
  - ख. उत्तरपुस्तिकाको मुख पृष्ठ भएको पेजसंग प्रश्नावली भएका पेजहरुको अन्तर सम्बन्ध देखिने गरी संकेत, चिन्ह वा नम्वर लगाउने ।
  - ग. परीक्षाको समय समाप्त भए पछि परीक्षार्थीले उत्तर लेखेको प्रत्येक पानामा निरीक्षकले अनिवार्य रुपले दस्तखत गरी खाली ठांउ काटी दिनु पर्ने ।

**(ग) <u>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत</u>**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ (संशोधन सहित) को दफा २ को परिभाषा अनुसार नेपाल रेडक्रस सोसाइटी सार्वजनिक संस्था भएको नदेखिएकोले नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको संस्थाको लगानी वा सालबसाली अनुदानमा चल्ने न भै नेपाली जनताको चन्दा, सहयोग समेतमा चल्ने नेपाल रेडक्रस सोसाइटी र यस्ता अन्तर्राष्ट्रिय स्तरका संघ, संगठन वा राष्ट्रिय स्तरका गैरसरकारी संगठनलाई आर्थिक अनुशासनमा बाँधी नियमन गर्ने कुनै निकाय भए आयोगलाई जानकारी गराउन र कुनै निकाय नभए त्यस तर्फ शीघ्र कानूनी व्यवस्था गर्न आयोगको मिति २०६२।५।१६ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को खण्ड (ख) बमोजिम सुझाव लेखी पठाईएको ।

**(घ) <u>भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत</u>**

१. कुनै पनि सरकारी वा पर्ति जग्गाको भोगाधिकार उपलब्ध गराउंदा भूमिसुधार मन्त्रालयबाट मन्त्रिपरिषद्मा पेश गरेको कार्यनीति, २०६२ स्वीकृत भए पश्चात सो बमोजिम हुने नै हुंदा, उक्त कार्यनीति २०६२ मा नपरेको भए देहायका विषयहरु समेतलाई आधार लिन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा १ को देहाय (ग) बमोजिमका सुझावहरु आयोगको मिति २०६२।४।३२ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको :

- सार्वजनिक एवं सरकारी जग्गाको एकिन गरी स्वामित्व नेपाल सरकारमा नै रहने गरी उक्त जग्गाको स्थिती अनुसार कुन प्रयोजनको लागि दिंदा सार्वजनिक प्रयोगका लागि बढी प्रतिफल मूलक हुन्छ विचार गर्ने । त्यसरी विचार गर्दा त्यस सित सम्वद्ध विषयहरु जस्तै पर्यावरण र अन्य विकल्पहरुको उपलब्धतालाई समेत ध्यानमा राख्ने ।

- सरकारी प्रयोजनको लागि उक्त जग्गा आवश्यक पर्छ, पर्दैन यकिन गरिसके पछि मात्र उक्त जग्गाको प्राकृतिक बनावट अनुसार वातावरण संरक्षण, खेलकुद मैदान, पार्क, चौतारा, सार्वजनिक पुस्तकालय, अस्पताल र सार्वजनिक विद्यालय जस्ता सर्वसाधारणलाई प्रत्यक्ष लाभ पुऱ्याउने कार्यको लागि प्राथमिकता दिनु पर्ने ।
- जुन संस्थालाई भोगाधिकार दिने हो सो संस्थाको बनौट, नियन्त्रण र आर्थिक कृयाकलापको संचालनमा कुनै खास व्यक्ति वा केही सीमित व्यक्तिहरुको मात्र नियन्त्रण हुने संस्थालाई भोगाधिकार नदिने ।
- भोगाधिकार दिइने जग्गा कुन प्रयोजनका लागि दिने हो सोही प्रयोजनको लागि मात्र उपयोग गर्न पाउने गरी सो जग्गाको श्रेस्ता मोठ लगत लगायतका जे जस्ता लगतहरु छन् त्यस्मा स्पष्ट र निश्चित रुपले लेखिएको हुनु पर्ने र त्यस्तो जग्गा सोही प्रयोजनका लागि मात्र उपयोग गर्न पाइने । अन्यथा उपयोग गरिएको पाइएमा पुनः फेरी सरकारी उपयोगमा आउने ।
- सार्वजनिक संस्थाहरुको दर्ता, नियमन र संचालनमा ज्यादै फुकुलोपन देखिन्छ । संस्था दर्ता ऐन अनुसार दर्ता भएका संस्था र किसिम पनि हजारौंको संख्यामा रहेको वर्तमान अवस्थामा सार्वजनिक संस्था भए कै कारणले मात्र त्यस्तो संस्थालाई भोगाधिकार दिंदा सार्वजनिक प्रयोजनको लागि दिइएको नमानी त्यस्ता संस्थाहरुको कार्य, आर्थिक हैसियत, समाजमा त्यस्ता संस्थाले पुऱ्याएको सेवा, त्यस्तो जगाको आवश्यकता जस्ता विषयहरुलाई मूल्यांकन गरेर मात्र वास्तविक अर्थमा बढी से बढी जनतालाई प्रत्यक्ष लाभ दिने सेवा प्रदान गर्न सकिने उद्देश्यले वस्तुनिष्ठ आधारमा स्थापित संस्थालाई मात्र भोगाधिकार दिनु उपयुक्त  हुन्छ । अन्यथा विभिन्न सरकारी, अर्ध सरकारी निकायहरुलाई नै पनि जग्गाहरु अपुग भैरहेको वर्तमान स्थितिमा संस्था दर्ता ऐन अन्तरगत दर्ता गरिने संस्थाहरुलाई सरकारी पर्ति जग्गाहरुको भोगाधिकार दिन उपयुक्त नहुने ।
- सरकारी पर्ति जग्गाको भोगाधिकार दिएपछि सर्बसाधारणले त्यस वापत के सहुलियत सुविधा पाउंछन, सो एकिन हुनु पर्ने ।
- सुरक्षा एवं अन्य सरकारी प्रयोजनको लागि नेपाल सरकारलाई आवश्यक परेमा विना मुआब्जा संरचना सहितको जग्गाको भोगाधिकार फिर्ता लिन सक्ने व्यवस्था हुनु पर्ने ।

२. उपत्यकामा जग्गा खरिद बिक्री गर्ने सिलसिला मिलाई ठगी गर्नेहरुले जग्गा खरिद बिक्रीको लिखतको प्रतिलिपि लिने, सो प्रतिलिपिमा उल्लेख हुने विवरणका आधारमा कीर्ते नागरिकता तयार गर्ने, त्यस्तो नागरिकताको आधारमा जग्गा धनी प्रमाण पुर्जा हराएको भनी फोटो समेत टाँस गरी जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि लिई जग्गा बिक्री गर्ने कार्यमा समेत संलग्न भई ठगी हुने, गर्ने गरेको देखिएकोले मालपोत कार्यालयबाट पारित लिखतको प्रतिलिपि उपलब्ध गराउँदा त्यस्तो प्रतिलिपि सरोकारवालालाई मात्र दिने र जो सुकैले मागे पनि लिखतको प्रतिलिपि लिन पाउने व्यवस्थाको दुरुपयोग भएको एवं त्यस्तो लिखतका प्रतिलिपिका आधारमा ठगीको अपराध हुने गरेको देखिंदा मुलुकी ऐनको रजिष्ट्रेशनको महलको दफा २६ एवं जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा १३७ मा जो सुकैले पनि प्रतिलिपि लिन सक्ने व्यवस्थाको संशोधन आवश्यक देखिएको र कानूनमा संशोधन नहुँदासम्म सरोकार वालाले मात्र लिखतको प्रतिलिपि लिन सक्ने व्यवस्था गर्न उपयुक्त देखिएको ब्यहोरा आयोगको मिति २०६२।१२।२२ को

निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को देहाय (क) बमोजिम भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाउने ।

**(ङ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत**

१. त्रि.बि. शिक्षण अस्पतालमा औषधी खरीद गर्दा कम्पनीको नाम, उत्पादन मिति, व्याच नं., म्याद सकिने मिति आदि केही उल्लेख नभएको केमिकल खरीद गरी प्रयोगमा ल्याउने कार्य त्रुटीपूर्ण देखिएकोले अव उप्रान्त यस प्रकारका संवेदनशील केमिकल औषधी आदि खरिद गर्दा त्रिभुवन बिश्वविद्यालयको ऐन, नियमको उद्देश्य र व्यवस्था अनुरुप प्रकृया पुऱ्याई कम खर्चमा गुणस्तरयुक्त सामान खरीद गर्ने र गुणस्तरयुक्त अवस्थामा नै प्रयोग गर्ने व्यवस्था गर्नु आयोगको मिति २०६२।११।२५ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ (१) (ग) अनुसार त्रि.बि.शिक्षण अस्पताललाई सुझाव लेखी सो को जानकारी त्रि.वि.बिश्वविद्यालय केन्द्रिय कार्यालयलाई दिइएको ।

२. एकै प्रकृतिका सामान एकै पटक खरीद नगरी पटक पटक खरीद गर्ने गरेको देखिएकोले अव उप्रान्त कुनै प्रकारको खरीद वा निर्माण कार्य गर्दा वा सेवा लिंदा वर्ष भरिको कार्य योजना बनाई प्रतिस्पर्धाको माध्यमवाट हुने गरी स्थानीय निकाय (आ.प्र.) नियमावली, २०५६ ले गरेको व्यवस्थाको पूर्ण पालना गर्न आयोगको मिति २०६३।१।५ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान.आयोग ऐन, २०४८ को दफा २८ (१)(ग) अनुसार जिल्ला विकास समिति. रुपन्देहीलाई सुझाव लेखी पठाई सोको जानकारी स्थानीय विकास मन्त्रालयलाई समेत दिईएको ।

३. काठमाण्डौं उपत्यका भित्रका ५ वटै नगरपालिकाहरुको कर्मचारी भर्ना सम्वन्धमा हेर्दा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लागू भए पछिको अवधिमा सो नियमावलीको नियम २१५ र नियम २१६(६) को व्यवस्था विपरित कुनै प्रतिस्पर्धा एवं पदपूर्ति समितिको सिफारिस वेगर अस्थायी/ज्यालादारी/करारमा काठमाण्डौ महानगरपालिकामा ९१ जना, ललितपुर उप-महानगरपालिकामा ७५ जना र भक्तपुर नगरपालिकामा ६० जना (जस मध्ये ३५ जना प्रतिस्पर्धावाट) कर्मचारीहरु भर्ना गरेको पाइयो । उक्त नियमावली लागू हुनु अगावै पनि उल्लेखित तीन वटै नगरपालिका लगायत मध्यपुर थिमी नगरपालिका र कीर्तिपुर नगरपालिकामा समेत खुल्ला प्रतिस्पर्धा वेगर कर्मचारी भर्ना गरेको देखिन आयो । यस प्रकार नियमावलीमा अस्थायी वा ज्यालादारी वा करारमा (आवश्यक प्राविधिक कर्मचारी वाहेक) कुनै पनि प्रकारले कर्मचारी भर्ना गर्न नपाइने व्यवस्था हुँदा हुँदै प्रतिस्पर्धा नगराई अपारदर्शी ढंगले कर्मचारी भर्ना एवं म्याद थप गर्नु उक्त नियमावलीको विपरीत कार्य भएकोले ६ महिना भित्र स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लगायत प्रचलित कानून अनुसार खुल्ला प्रतिस्पर्धा गराई उल्लेखित नगरपालिका लगायत सम्पूर्ण स्थानीय निकायहरुमा कर्मचारीको पदपूर्ति सम्वन्धि व्यवस्था गर्न र त्यस पछि पनि नियम विपरित कर्मचारी नियुक्त गर्ने वा भर्ना गर्ने वा म्याद थप गर्ने पदाधिकारीवाट त्यसरी नियम विपरित भर्ना वा नियुक्ति वा म्याद थप भएका कर्मचारीलाई दिइएको सम्पूर्ण पारिश्रमिक भर्ना म्याद थप गर्ने पदाधिकारीवाटै असूल उपर गरी त्यस्ता पदाधिकारीलाई विभागीय कारवाही समेत गर्न आयोगको मिति २०६३।२।१२ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८(१)(ग) वमोजिम स्थानीय विकास मन्त्रालयलाई सुझाव दिइएको ।

**(च) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत**

१. प्रवेशिका परीक्षामा उत्तर पुस्तिका परीक्षण, सम्परीक्षण, अंक गणना, अंक रुजु तथा इन्ट्री गर्ने जस्ता कार्यलाई नियमित र व्यवस्थित बनाई भविष्यमा यस्ता त्रुटी हुन नदिन सजगता अपनाउन आयोगको मिति २०६२।६।२ को निर्णयानुसार माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समितिलाई सुझाव लेखी पठाईएको ।

२. शिक्षा नियमावली, २०५९ को नियम १७१ अनुसार प्रधानाध्यापकले प्रत्येक वर्ष विद्यालयको आय व्ययको लेखा जिल्ला शिक्षा अधिकारीले तोकेको लेखापरीक्षकद्वारा गराउनु पर्ने स्पष्ट व्यवस्था भएकोमा शिक्षा तथा खेलकूद मन्त्रालयको ०६०।७।१२ को सचिवस्तरीय निर्णय र शिक्षा विभागको ०६०।७।२५ को परिपत्रलाई आधार बनाई विभिन्न जिल्लाका तत्कालीन जिल्ला शिक्षा अधिकारीहरुले आफैले लेखापरीक्षण गराई लेखापरीक्षण वापतको शुल्क रकम पनि आफ्नै कार्यालयवाट लेखा परीक्षकलाई भुक्तानी गरेको देखियो । यसरी नियममा भएको व्यवस्था विपरित कार्य गर्ने प्रबृतिले आर्थिक कारोवारको मान्यता ९ल्यचकक0 मा विचलन आई आर्थिक अनियमितता बढ्ने अवस्था देखिदा अनिवार्य रुपमा प्रचलित कानूनी व्यवस्था अनुरुप मात्र विद्यालयको लेखापरीक्षण गरी गराई तोकिएको प्रक्रिया बमोजिम मात्र रकम भुक्तानी दिने व्यवस्था मिलाउन आयोगको मिति २०६३।२।४ को निर्णयानुसार शिक्षा तथा खेलकूद मन्त्रालयलाई सुझाव पठाईएको ।

**(छ) श्रम तथा यातायात मन्त्रालय अन्तर्गत**

अबैध पैठारी भनी पक्राउ गरिएका गाडीहरु लिलाम गर्नु पूर्व गाडीको इन्जिन र च्यासीसको भौतिक परीक्षण गरी फोटो समेत खिची प्रमाणित गराएर मात्र लिलामी प्रकृया अपनाउने र सो सहितको बिवरण यातायात व्यवस्था कार्यालयमा पठाउने व्यवस्था मिलाउन आयोगको मिति २०६२।५।१ को निर्णयानुसार अर्थ मंत्रालयलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम सुझाव लेखी पठाइएको ।

**(ज) सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत**

गोरखापत्र संस्थानका शाखाका कर्मचारीहरुको अदली वदली हुँदा आवश्यक सूचना आदान प्रदान गर्ने व्यवस्था मिलाउन र अनुसन्धानमा तात्विक महत्व राख्ने कागजातहरु ब्यक्तिगत फाइलमा समेत राखी त्यसको सुरक्षा र वर बुझारथको परिपाटीमा सुधार गर्न आयोगको मिति २०६२।४।३० को निर्णयानुसार गोरखापत्र संस्थानका महाप्रवन्धकलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम सुझाव दिईएको ।

# परिच्छेद – ११
# आयोगबाट भएका अन्य कारवाहीहरु

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. मा सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानी, नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानी नोक्सानी सम्वन्धित व्यक्तिबाट भरि भराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारवाही गर्नका लागि सम्वन्धित निकाय वा अधिकारीलाई लेखी पठाउने र ऐनको दफा १२ ख. मा सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम सच्याउनका लागि आयोगले सम्वन्धित अधिकारी वा निकायलाई लेखी पठाउन सक्ने व्यवस्था भए अनुरुप आर्थिक वर्ष २०६२/६३ मा आयोगबाट निम्न बमोजिम गर्ने गरी अख्तियारवालालाई लेखिपठाइएको छ।

१. नेपाल विद्युत प्राधिकरण, ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण आयोजनाले ग्रामीण विद्युतीकरण तथा वितरण कार्यको लागि माग गरेको बोलपत्रमा अनियमित गरे भन्ने सम्बन्धमा पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोजनाले तयार गरेको विड डकुमेन्ट अध्ययन गर्दा विगतमा त्यस्तै प्रकृतिको निर्माण कार्य गरेको र बोलपत्र दाखिला गर्ने मिति भन्दा कम्तिमा पाँच बर्ष अगावै नेपाल सरकारमा दर्ता भएका फर्मलाई योग्यता पुगेको बोलपत्रदाताको रुपमा स्वीकार गरेको देखिन्छ। बोलपत्र पेश गरेका फर्महरुलाई हेर्दा विभिन्न असम्बन्धित काम गर्ने तर नेपाल सरकारमा दर्ता भएका व्यक्तिगत, फर्म, कम्पनी साझेदारी सवै किसिमका संगठित संस्थाहरु देखिन्छन्। निर्माण व्यवसाय ऐन, २०५५ को दफा ३ ले इजाजतपत्र प्राप्त नगरी कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन नहुने र सोही ऐनको दफा २ को खण्ड (क) ले प्रचलित कानून बमोजिम नेपाल सरकार वा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संस्थाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारको निर्माण कार्यलाई सार्वजनिक निर्माण कार्यको रुपमा परिभाषित गरेकोले नेपाल विद्युत प्राधिकरण, ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण आयोजनाले आव्हान गरेको बोलपत्र बमोजिमको कार्य पनि सार्वजनिक निर्माण कार्यको परिभाषा भित्र नै पर्ने हुनाले सो विद्यमान कानूनी व्यवस्थालाई नकार्न सकिने स्थिति देखिंदैन। नेपाल विद्युत प्राधिकरणले विगतदेखि हालसम्म ट्रान्समिसन लाईन तान्ने, पोल खडा गर्ने जस्ता कामहरुमा उक्त ऐन बमोजिमको प्रकृया अपनाएको देखिएन। उक्त कानूनमा ट्रान्समिसन लाईन तान्ने र पोल खडा गर्ने, ट्रान्सफर्मर जडान गर्ने जस्ता कामको लागि पर्याप्त व्यवस्थाहरु छन् भन्न नसकिए पनि वर्तमान कानूनी व्यवस्थालाई विचार गर्दा उक्त कानूनको उल्लंघन गरी जस्तो सुकै, फर्म, कम्पनी, साझेदारी इत्यादी संगठित संस्थाले प्रस्तावित काम पाउन सक्ने अवस्था नदेखिएकोले आयोगको २०६२/४/४ को निर्णयानुसार विद्यमान कानून बमोजिम बोलपत्र दाताहरुबाट बोलपत्र माग गर्नु पर्ने भएकोले कानून बमोजिम गर्न गराउन लेखिपठाईएको।

२. आर्थिक वर्ष २०५९/०६० मा जिल्ला स्वास्थ्य कार्यालय, लमजुङमा औषधि खरीद लगायतका अन्य विषयमा अनियमितता भएको भनी परेको उजुरीका सम्बन्धमा क्षेत्रीय प्रशासन कार्यालय, पोखराबाट प्राप्त प्रतिवेदन आयोगको वैठकमा पेश हुँदा मिति २०६२।४।४ को आयोगको निर्णयबाट विनियोजित बजेट अन्तर्गत कार्यालयबाट खरीद भएको र अन्य कार्यालयबाट प्राप्त

भएको औषधि स्पष्ट छुट्टिने गरी रीतपूर्वकको जिन्सी अभिलेख ३ (तीन) महिना भित्र तयार गरी सोको जानकारी आयोगलाई दिनु र आइन्दा सोही अनुरुप अभिलेख अद्यावधिक राख्ने गर्न आयोगको २०६२।४।४ को निर्णयानुसार जिल्ला स्वास्थ्य कार्यालय, लमजुङमा लेखी पठाईएको ।

३. भन्सार छली आयात गरिएका सवारी साधनहरु पक्राउ परी विभिन्न भन्सार कार्यालयहरुमा रहेका त्यस्ता सवारी साधनहरु गैरकानूनी प्रकृयाबाट दर्ता गरी संचालनमा रहेको सम्बन्धमा अनुसन्धान टोलीले भैरहवा, नेपालगन्ज, कृष्णनगर लगायतका विभिन्न भन्सार कार्यालयहरुमा गई निरीक्षण गरेको प्राविधिक समेतको प्रतिवेदन, अर्थ मन्त्रालयबाट खटिएको प्राविधिक सहितको टोलीले मिति ०५८।९।५ मा पेश गरेको प्राविधिक प्रतिवेदन, प्रारम्भिक अनुसन्धानको क्रममा हालसम्म संकलित तथ्य प्रमाण कागजातहरुको अध्ययन अनुसन्धान समेतका आधारमा यस सम्बन्धमा के कुन कार्यालयका को को कर्मचारीहरु के कसरी संलग्न भै गैरकानूनी कार्य भएको छ भन्ने कुरा प्राप्त भएसम्मका कागजात प्रमाणबाट स्पष्ट हुन नसकेको र एकिन गर्न सक्ने सम्भावना पनि न्यून रहेको हुँदा विभिन्न ७ थान सवारी साधनहरुको सम्बन्धमा नेपाल सरकारको मिति ०६०।११।१४ को निर्णयानुसार आवश्यक कारवाही गर्न भन्सार विभागमा लेखिपठाइएको । साथै सोही उजुरीको सम्वन्धमा थप २१ वटा सवारी साधनहरुको दर्ता सम्बन्धमा सम्बन्धित कार्यालयहरुबाट उपलब्ध भएसम्मका विवरण संकलन गर्दा र आयोगबाट खटिई गएको मेकानिकल इन्जिनीयर समेत संलग्न रहेको टोलीले प्राविधिक परीक्षण गरी एकिन राय दिन नसकेकोले ती २१ वटा सवारी साधनहरुको सम्बन्धमा प्रचलित कानून बमोजिम गर्न आयोगको मिति २०६२/४/१७ को निर्णयानुसार भन्सार विभागमा लेखी पठाईएको ।

४. त्रिभुवन विश्वविद्यालय सेवा आयोगवाट लिइएको विज्ञापन नं. २।०६०।६१ सिनियर बुक वाइण्डर (खुला) र विज्ञापन नं. १५।०५८।०५९ राजनीतिशास्त्र, उपप्राध्यापक (खुला) पदको लिखित परीक्षामा अनियमितता भएको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा सिनियर बुक वाइण्डर (खुला) पदको लिखित परीक्षामा उत्तर पुस्तिकामा उल्लेख भएको भन्दा फरक अंक प्राप्तांक विवरण फाराममा लेखी त्रुटीपूर्ण परीक्षाफल प्रकाशन भएको देखिंदा उत्तर पुस्तिकामा प्रदान गरे अनुरुप नै प्राप्तांक विवरण फाराम भरी नतिजा प्रकाशन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ ख. अनुसार त्रि.वि. सेवा आयोगलाई लेखि पठाइएको । त्यस्तै राजनीतिशास्त्र, उप प्राध्यापक (खुला) पदको लिखित परीक्षाको कोड नं. ८३८ को उत्तर पुस्तिकामा परीक्षकले पहिले दिएको अंक सच्याईएको, उत्तर पुस्तिकामा परीक्षकले भरेको प्राप्तांक विवरण फाराम र त्रि.वि. सेवा आयोगवाट भरिएको प्राप्तांक विवरण फाराममा समेत अंक सच्याईएको पाइएकोले यसरी अंक सच्च्याउने कार्यलाई नियमित मान्न नसकिने हुंदा सो उत्तर पुस्तिकामा पहिले प्रदान गरेकै अंक कायम गरी नतिजा प्रकाशन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ ख. अनुसार त्रि.वि. सेवा आयोगलाई लेखिपठाईएको । त्रिभुवन विश्वविद्यालय सेवा आयोगका तत्कालीन अध्यक्ष डा. चुडाराज उप्रेती र सदस्य डा. पन्नाकाजी अमात्यले आयोगमा पेश हुन आएको उपरोक्त परीक्षासंग सम्वन्धित प्राप्तांक विवरण फाराम समेतका कागजात राम्रोसंग हेरी परीक्षाफल प्रकाशन गर्नु पर्ने र परीक्षा प्रणालीलाई व्यवस्थित गर्नु पर्नेमा सो नगरी आफ्नो पदको प्रकृति अनुसार पालन गर्नुपर्ने कर्तव्य पुरा नगरेको देखिदा निजहरुलाई जिम्मेवारीपूर्ण पदमा नराख्न वा महत्वपूर्ण जिम्मेवारीको काम नदिन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. अनुसार त्रि.वि. सेवा आयोगका अध्यक्षलाई लेखी त्रिभुवन विश्वविद्यालयका उपकुलपति समेतलाई जानकारी दिइएको ।

लोक सेवा आयोगका सदस्य डा. भीमदेव भट्ट लोक सेवा आयोगवाट प्रतिनिधित्व हुने त्रि.वि. सेवा आयोगको सदस्यका रुपमा कार्यरत रहनु भएको र उपरोक्त परीक्षाफल प्रकाशन संवन्धी निर्णय र प्राप्तांक विवरण फाराममा समेत दस्तखत गर्नु भएको देखिंदा सो परीक्षामा भएका अनियमितता संवन्धमा वहाँलाई जानकारी गराईएको । त्रिभुवन विश्वविद्यालय सेवा आयोगवाट लिइने परीक्षामा सेवा आयोगको कार्यालयका कर्मचारी समेत उम्मेदवार हुने र परीक्षा सम्वन्धी शाखामा रही काम-काज गर्ने गरेको देखिदा परीक्षालाई नियमित एवं मर्यादित बनाउन परीक्षामा उम्मेदवार हुने कर्मचारीलाई यथाशक्य सेवा आयोगमा वा सम्वन्धित परीक्षा शाखामा नराख्न आयोगको मिति २०६२/४/२७ को निर्णयानुसार त्रि.वि. सेवा आयोगका अध्यक्षलाई लेखी त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारलाई समेत जानकारी गराइएको ।

५. नेपाल खानेपानी संस्थानका वरिष्ठ सहायक (पाँचौ तह) का चिरागमान सिंह कुँवरले संस्थानको प्रधान कार्यालयको खरिद शाखामा बसी भ्रष्टाचार गर्दै आएका, निज उपर विभिन्न समयमा विभागीय कारवाही, ग्रेड रोक्का, नोकरीबाट अवकाश समेत गरिएको थियो तर निजलाई गैर कानूनी रुपमा सेवामा पुनर्वहाली गरिएको हुँदा निजलाई सेवाबाट हटाई निजले सेवामा रहँदा खाएको रकम सर्वसंचित कोषमा जम्मा गरी पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा मिति २०४७।२।१० मा निजलाई पुनर्वहाली गरिदिने भनी गरेको निर्णय प्रारम्भबाट नै निस्कृय र कानूनी मान्यता विहिन (शून्य) भएको हुनाले त्यस्तो गैरकानूनी निर्णयबाट भएको पुनर्वहाली कानून सम्मत मान्न नमिल्ने हुँदा क्षेत्राधिकार वाहिर गै गरिएको उक्त निर्णय अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ ख. बमोजिम दुष्परिणाम सच्याउन तथा निज चिरागमान सिंह कुँवर मिति २०४६।५।१४ कै मितिबाट अवकाश पाएको देखिदा निजलाई पुनर्वहाली गर्ने निर्णय लगायतका काम कारवाहीको कुनै कानूनी मान्यता नहुने हुँदा सोही मिति अर्थात ०४६।५।१४ मै निज अवकाश भएको मानी आवश्यक कारवाही गर्नु भनी आयोगको मिति २०६२/४/३० को निर्णयानुसार नेपाल खानेपानी संस्थानलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ क. बमोजिम लेखिपठाईएको ।

६. सम्पत्ति न्यायिक जांचवुझ आयोग, २०५८ को प्रतिवेदन नेपाल सरकारवाट आवश्यक कारवाहीको लागि यस आयोगमा प्राप्त भै सो प्रतिवेदनमा पूर्व प्रहरी नायव उपरिक्षक श्री कृष्णप्रसाद चालिसेको चल अचल गरी कूल स्वआर्जित सम्पत्ति रु.३५,१६,०००।- मध्ये रु. २७,३८,८२०।- सम्पत्तिको आयश्रोत पुष्टि नभएको भन्ने सम्वन्धमा निज चालिसेले सार्वजनिक पदमा बहाल रहंदा आर्जन गरेको स्रोत नखुलेको उक्त सम्पत्ति समेतका सम्वन्धमा प्रारम्भिक अनुसन्धान हुँदा निजले हेटौंडामा प्रहरी सेवामा रहेको पदाधिकार र पारिवारिक अवस्थाका आधारमा निजले आफ्नो श्रीमती रजनी चालिसेको नाममा उल्लेखित जग्गा वन क्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगबाट लिएको एवं पाएको काम कारवाही न्यायसंगत एवं कानून अनुकूल देखिन आएन । निज कृष्ण प्रसाद चालिसेले थप सोधपूछको क्रममा समेत चन्द्र बहादुर भन्ने व्यक्तिलाई लाल पूर्जा लिन काकासंग रु.५,०००।- लिई निज चन्द्र बहादुरलाई दिएको हुंदा निजलाई सहयोग गरे वापत वन क्षेत्र सुदृढिकरण उच्चस्तरीय आयोगबाट श्रीमतीको नाममा जग्गा दिएको भनेर खुलाई दिएकोमा यसरी जग्गा दिलाएको एवं रकम लिएको दिएको समेत प्रमाण केही छैन भनेको हुंदा उल्लेखित व्यहोरालाई जग्गा प्राप्त गर्ने सम्मको आधार मान्न सक्ने देखिंदैन । निज कृष्ण प्रसाद चालिसेकी श्रीमती रजनी चालिसेले सो जग्गा कसरी प्राप्त भयो भन्ने कुरा आफूलाई थाहा नभएको र उक्त जग्गाको दर्ता बदर हुनु नपर्ने कुनै आधार र कारण

समेत आफुलाई थाहा नभएको व्यहोरा बताएकी । यसरी चितवन, मकवानपुर वन क्षेत्र सुदृढिकरण उच्चस्तरीय आयोगबाट पाउनै नसक्ने व्यक्तिले जग्गा लिए पाएको देखिन आएबाट २०४४।३।३२ को निर्णय अनुसार रजनी चालिसेलाई उपलब्ध गराईएको मकवानपुर जिल्ला, रातमाटे गा.वि.स.वडा नं.३ को कि.नं.२०३ को क्षेत्रफल ०-१०-० (दश कठ्ठा) जग्गाको जग्गाधनी दर्ता श्रेस्ता निजको नामबाट हटाई नेपाल सरकारको नाममा प्रचलित कानून बमोजिम कायम गरी यस आयोगमा जानकारी पठाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी सो को जानकारी तत्कालिन वन क्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगको सम्पर्क मन्त्रालयको रुपमा रहेको वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखी पठाई भूमि सुधार तथा व्यवस्था मन्त्रालय एवं वन तथा भू-संरक्षण मन्त्रालयबाट नेपाल सरकारको नाममा उक्त जग्गा कायम नगरेसम्मका लागि उक्त जग्गा रोक्का राखी राख्न आयोगको मिति २०६२/४/३२ को निर्णयानुसार मालपोत कार्यालय, मकवानपुरमा लेखी पठाईएको ।

७. प्रमुख नापी अधिकृत वामदेव दीप अधिकारी ६ नं नापी गोश्वारा काठमाडौंमा कार्यरत रहँदा विभिन्न जग्गाहरु दर्ता गरी अनियमितता गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा जग्गा नाप जाँचको कार्यबाट मोडर्न इण्डियन स्कूलको नाममा साविक स्रेस्ता भन्दा २३-२-१-२.५ रोपनी बढी जग्गा नाप जाँच भई जग्गा दर्ता गर्नको लागि आधार खडा गरेको देखिएकोले सो बराबरको जग्गालाई सार्वजनिक जनाई क्षेत्रीय किताबबाट लगत कट्टा गर्ने र अतिक्रमित उक्त जग्गामा बनेको पर्खाल वा अन्य कुनै संरचना भए सो समेत भत्काई सो जग्गालाई सार्वजनिक रुपमै कायम राख्न आवश्यक व्यवस्था गर्न गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ ख. बमोजिम दुष्परिणाम सच्याउन आयोगको मिति २०६२/५/१ को निर्णयानुसार भूमि सुधार तथा व्यवस्था मन्त्रालयलाई लेखिपठाइएको ।

८. गैरकानूनी रुपमा जीप दर्ता गरी भ्रष्टाचार भएको भन्ने सम्बन्धमा लिलामी भएको सवारी साधन काठमाण्डौं उपत्यकामा संचालन गर्न नपाउने र यातायात व्यवस्था कार्यालय, बागमतीमा सरुवा दर्ता गर्न नहुने नेपाल सरकारको निर्णय विपरित सो जिप म. १ च. ११७ बाट बा. ३ च. ४४४६ नम्वरमा दर्ता हुन आएको देखिंदा साविक दर्ता भएको नम्वर कायम गर्न बागमतीको दर्ता नं. खारेज गर्न यातायात व्यवस्था कार्यालयबाट प्राप्त फाइलहरु समेत संलग्न राखी आयोगको मिति २०६२/५/१ को निर्णयानुसार यातायात व्यवस्था विभागमा पठाइएको । साथै सो गाडी लिलाम सकार गर्ने राधेश्याम पाठकको नागरिकता बिषयमा आशंका देखिएको भनी स्थलगत रुपमा खटी गएको टोलीले प्रतिवेदन दिएको देखिंदा निजको नागरिकता सम्बन्धमा आवश्यक अनुसन्धान कारवाही गर्न सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा लेखी पठाईएको ।

९. प्रधानाध्यापक दिलीप कुमार मल्ल ठकुरीले राजा माध्यमिक विद्यालय, पञ्चनगर, भुताहा, नवलपरासीको रकम भ्रष्टाचार गरेको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, नवलपरासीबाट प्राप्त फाइल उपर तोकिए बमोजिमको अनुसन्धान हुँदा लेखा परीक्षकहरु उत्पलमान सिंह, श्रीराम भट्टराई, रामजी प्रसाद ज्ञवाली, तेजेन्द्र प्रसाद खनाल, दिवाकर अर्याल, गिरी प्रसाद पाण्डेय, गुरुदत्त शर्मा, हिमान सिंह के.सी., विनोद खनालको हकमा निजहरुले लेखा परीक्षण गर्दा बैंक स्टेटमेण्ट हेरेको नपाइएको, पासबुकलाई मात्रै आधार मानी लेखा परीक्षण गरेको जसले गर्दा विद्यालयको रकम हिनामिना हुन मद्दत पुगेको पाइएको, विद्यालयले लेखा श्रेस्ता राख्दा दोहोरो लेखा प्रणाली अवलम्बन नगरेको, घडेरी विक्रीबाट आम्दानी तथा अन्य श्रेस्ता अद्यावधिक नराखिएको अवस्थामा समेत लेखा परीक्षण गरिएको, नेपाल चार्टर्ड एकाउण्टेण्टस् ऐन, २०५३ को

दफा ३४ (९) मा पेशागत प्रमाणपत्र सदस्यले आफ्नो व्यवसायको सिलसिलामा गर्नुपर्ने कर्तव्य सावधानीपूर्वक गर्नुपर्नेछ र प्रचलित कानून तथा लेखा परीक्षण सम्बन्धी मान्य सिद्धान्त अनुरुप नभएको र नगरिएका कुनैपनि मूल भूत कुराहरु माथि सम्बन्धित सबैको ध्यानाकर्षण गराउनु पर्नेछ भन्ने प्रावधान तथा ऐ.ऐनको दफा ३४ (१४) मा लेखा परीक्षण सम्बन्धमा आफ्नो राय व्यक्त गर्नु अगाडी यथेष्ट रुपमा सम्बन्धित सूचना प्राप्त गरेको हुनुपर्दछ भन्ने प्रावधान समेत हुँदा उपरोक्त लेखा परीक्षकहरुले कानूनले निर्दिष्ट गरेको बाध्यात्मक प्रावधान अनुसरण नगरी लेखा परीक्षण गरेको पाइएकोले निजहरु उपर छानवीन गरी आवश्यक कारवाही गर्न आयोगको मिति २०६२/५/२९ को निर्णयानुसार नेपाल चार्टर्ड एकाउण्टेण्टस, अनुशासन समितिमा लेखी पठाईएको ।

१०. समाज कल्याण परिषद्का कोषाध्यक्ष श्रीमती ज्योति प्याकुरेललाई मिति ०५९।१०।१७ देखि सेवाबाट हटाइएको र सर्वोच्च अदालतको आदेशले मिति ०६०।८।२२ मा पुनर्बहाली गरेको । उक्त हटाइएको अवधिको तलव भत्ता र टेलिफोन एवं इन्धन वापतको सुविधा प्राप्त गरेको कार्य गैरकानूनी र भ्रष्टाचारजन्य कसूर भएकोले कारवाही गरि पाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान गर्दा आइन्दा अवकास दिएका पदाधिकारीहरुलाई अदालत वा अन्य कारणले पुनर्वहाली गरिएकोमा अवकासदेखि पुनर्वहाली नभएसम्म अवधिको कानूनले नै तोकेको तलव वाहेक अन्य रकम एवं सुविधा उपलब्ध नगराउने ब्यवस्था मिलाउन आयोगको मिति २०६२/५/२९ को निर्णयानुसार समाज कल्याण परिषदलाई निर्देशन दिईएको ।

११. “कृषि विकास बैंकका महाप्रवन्धक रामचन्द्र महर्जन समेतको मिलेमतोबाट अनिता इलेक्ट्रीक एण्ड मेकानिक कम्पनी प्रा.लि., रवि इन्टरनेशनल र काठमाण्डौ टुक टुक प्रा.लि. का सञ्चालक जगरनाथप्रसाद सोनार समेतबाट हायरपर्चेज कर्जा अन्तर्गत नेपाल अधिराज्य भरीका कृषि विकास बैंकबाट हाल सम्म करीब एक अरव रुपैयाँ डुबेको” भन्ने विषयको उजुरी निवेदन उपर अनुसन्धान हुँदा जगरनाथप्रसाद सोनार सम्बद्ध उक्त ३ वटा कम्पनीले अधिक मूल्यको कोटेशन दिएको तर सो भन्दा कम रकम उल्लेख गरी विजक जारी गरेको, कारोवार गरेको सवारी साधनहरुको संख्या कम देखाएको र निज आफैंले दिएको विवरणको आधारमा र कर कार्यालयले कर निर्धारण गरेको आधारमा समेत निजले तिर्न बुझाउन बाँकी देखिएको कर रकम सम्बन्धमा आयोगले फेला पारेको प्रमाणको प्रतिलिपीहरु समावेश गरी थप अनुसन्धान गर्न आयोगको मिति २०६२/५/३० को निर्णयानुसार राजश्व अनुसन्धान विभागमा लेखी पठाईएको ।

१२. महेन्द्रनगर नगरपालिकाको क्षेत्र भित्र सब्जिमण्डी सेड निर्माण गर्दा भ्रष्टाचार भयो भन्ने उजुरी उपर अनुसन्धान हुँदा उक्त सब्जिमण्डी सेड निर्माण गराउने क्रममा अनियमितता भएको देखिएकोले सब्जिमण्डीको बाँकी निर्माण, सेड वितरण, सेडको आम्दानी, खर्च, सेड नपाउनेलाई फिर्ता आदि विषयलाई नगरपालिका आफैले व्यवस्थित गर्ने वा उपभोक्ता समिति मार्फत व्यवस्थित गराउने हो नगरपालिकाले नै निर्णय गर्न आयोगको मिति २०६२/६/२ को निर्णयानुसार महेन्द्रनगर नगरपालिकालाई लेखिपठाइएको ।

१३. गैरकानूनी किसिमबाट ना. १ च. ७१८८ नं. को निसान जिप दर्ता गरी संचालन गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२/६/४ को निर्णयानुसार देहाय बमोजिम गर्न लेखी पठाइयो :

- सो कार्यमा संलग्न चाइना इन्टरनेशनल वाटर एण्ड इलेक्ट्रिक कर्पोरेशनका प्रोजेक्ट मेनेजर, अन्य व्यक्तिहरु अमिरकृष्ण प्रजापती, अग्नीरत्न कंसाकार, चिनीकाजी तुलाधर, रामप्रवेश शाह, कृष्ण

महर्जन, रामलखन चौधरी, प्रेमकाजी तुलाधर समेतबाट सो सवारी साधनहरु एवं मेशिनरी इक्वीप्मेन्टहरुको तिर्नु पर्ने भंसार कर राजश्व रकम असूल उपर गर्ने र अनुसन्धानको क्रममा बरामद भै आएका उक्त ना. १ च ७१८८ नं. को जिप, स्काभेटर, पानी टैंकर, रोलरहरु जफत गर्ने र यसरी वरामद भएका साधनहरुका साथै अनुसन्धानको क्रममा रामप्रवेश शाहले राखेको जेथा धरौट कागजात सहितका अन्य सम्बन्धित कागजातहरु आवश्यक कारवाही गर्न भंसार विभागमा पठाउने ।

- भंसार विभागसंग समन्वय गरी अन्य कुन कुन ठेकेदारले कुन कुन विभाग वा मंत्रालय अन्तर्गतका कुन कुन आयोजनाहरुका लागि कहिले कहिले के कस्ता मालसामानहरु भंसारमा लगत राखी ल्याएका छन, ती सामानहरु कहां के कस्तो अवस्थामा छन ? सम्बन्धित विभाग तथा मंत्रालयहरुसंग समेत जानकारी लिई आवश्यक कार्यवाही गर्न र कारवाही गर्दै जाँदा राष्ट्र सेवक कर्मचारी समेतको मिलेमतोमा अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार भएको देखिन आएमा यस आयोगमा पठाई दिने भनी हाल अनुसन्धानको सिलसिलामा प्राप्त हुन आएको नारायणी सिंचाई आयोजना र बिरगंज भंसार कार्यालयबाट प्राप्त लगत कागजातहरु राजश्व अनुसन्धान विभागमा पठाउने ।
- नारायणी सिंचाई आयोजनाको लागि ल्याइएका ती सामानहरु संझौता अनुसार फिर्ता नलगी संझौता विपरित विक्री बितरण गरेको सम्बन्धमा ठेकेदार उपर कारवाही गर्न र नारायणी सिंचाई आयोजना लगायत अन्य आयोजनाहरुको लागि यस्तै प्रकारका भंसार लगत राखी अन्य ठेकेदारहरुले पनि सामान आयात गरी ल्याएको भए भंसार तथा राजश्व अनुसन्धान विभागलाई लगत तथा अन्य कागजात उपलब्ध गराई दिने भनी सिंचाई विभागलाई लेख्ने ।
- यातायात ब्यवस्था कार्यालयमा दर्ता गरी दर्ता नम्वर राखी संचालन गर्नु पर्ने मेसिनरी इक्वीप्मेन्ट, बुल्डोजर, स्काभेटर, रोलर आदिमा नम्वर प्लेट राखी संचालन गरेको नपाईएकोले, दर्ता नम्वर प्लेट राखी संचालन गर्ने ब्यवस्था हुन र आयोजनाको लागि भनी विभिन्न आयोजनाका ठेकेदार कम्पनीको नाममा निजी प्लेटमा रहेका गाडीहरु आयोजनाको कार्य सम्पन्न भए पश्चात पनि ठेकेदार कम्पनी कै नाममा राखी विभिन्न ब्यक्तिहरुलाई गैरकानूनी तरिकाबाट विक्री गरी भंसार कर राजश्व समेत छलेको प्रस्तुत नारायणी सिंचाई आयोजनाको लागि आयात गरी ल्याईएका गाडी मेशिनरी इक्वीप्मेन्टको अनुसन्धानबाट देखिन आएकोले तत्सम्बन्धमा उक्त मेशिनरी साधन गाडीहरु हाल कहां के अवस्थामा छन् ? सो को खोजतलास गरी आवश्यक कारवाही गरी जानकारी दिन यातायात ब्यवस्था विभागलाई लेख्ने ।
- आयोजनाहरुलाई कर क्लियरेन्स प्रमाणपत्र दिंदा आयोजनाको सिफारिसमा ठेकेदारले पछि फिर्ता लैजाने गरी भंसारमा लगत राखी ल्याएका माल सामानहरु छन छैनन तत्सम्बन्धमा समेत सम्बन्धित कार्यालयहरु संग बुझी स्पष्ट भए मात्र कर क्लियरेन्स प्रमाणपत्र दिने ब्यवस्था गर्न आन्तरिक राजश्व विमागलाई लेख्ने ।
- आयोजनाहरुको लागि भनी भंसारमा लगत राखी ल्याइएको मालसामान गाडीहरु काम सम्पन्न भएपछि पनि वर्षौंसम्म फिर्ता नगर्ने र लाग्ने राजश्व रकम समेत नतिर्ने गरेको देखिएकोले यस बिषयमा के कस्तो व्यवस्था गर्दा प्रभावकारी अनुगमन हुन सक्ने हो तत्सम्बन्धी आवश्यक नीति तय गर्न अर्थ मंत्रालयलाई लेख्ने ।
- रामप्रवेश शाह समेतको आर. जे. विजनेश ग्रुप प्रा.लि. को नाममा रहेको ग. १ क. ३४ नं. को डम्फर ट्रक सम्बन्धमा दर्ता रजिष्ट्ररबाट सिंचाई तथा जलवायु विज्ञान विभाग, पहाडी सिंचाई

आयोजना पोखरा भनी लेखिएको, तत्सम्बन्धमा बुभ्दा पश्चिमाञ्चल क्षेत्रिय सिंचाई निर्देशनालयको रेकर्डमा नरहेको भन्ने देखिंदा यस बिषयमा बुझी आवश्यक कारवाही गर्न भंसार विभागलाई लेख्ने ।

- आयोजनाको लागी भनी भंसारमा लगत राखी ल्याएका सामान कार्य सम्पन्न भए पछि पनि फिर्ता लैजाने वा राजश्व तिर्ने कार्य नगरेको बिषयमा मिति ०६२/६/३ गते आयोगमा भंसार विभाग, राजश्व अनुसन्धान विभाग, सिंचाई विभाग, सडक विभाग, विद्युत विकास विभाग, यातायात व्यवस्था विभाग र आन्तरिक राजश्व विभागका प्रमुखहरुसंग छलफल भए अनुसार यस बिषयमा भंसार विभागले समन्वय गरी लगत लिई आवश्यक कारवाही गर्ने र अन्य सम्बन्धित विभागहरुले तत्सम्बन्धमा आवश्यक जानकारीको लागि भंसार विभागसंग सम्पर्क गर्न सहमति भएको देखिंदा तत्सम्बन्धमा आयोगको अनुगमन शाखाबाट अनुगमन गर्ने ।

१४. भरतपुर नगरपालिका वार्ड नं १ (साविक नारायणगढ ५) कि.नं. ७१, गैंडा गस्ती चौकीको नाममा रहेको वन क्षेत्रको ८ कठ्ठा जग्गा ईश्वरी आचार्यको अध्यक्षतामा गठित सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समिति चितवन, २०५५ ले मिति २०५५/९/१५ को निर्णयबाट रोजी के.सी. लगायत अन्य ४ जनाको नाममा कित्ता काट गरी वितरण गरेकोले सो निर्णय वदर गरी कारवाही गरी पाऊँ भनी परेको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा श्रेस्ता पुर्जा तयार गरी वितरण समेत भैसकेका पाँच वटा कित्ता जग्गाको दर्ता स्रेस्ता वदर गरी साविक गड्डा चौकीको नाउँमा जग्गा श्रेस्ता कायम गरी आयोगलाई जानकारी दिन र अब आइन्दा यस्तो दर्ता नगर्ने नगराउने व्यवस्थाका लागि अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा १२ ख. अनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाउने तथा ईश्वरी आचार्यको अध्यक्षतामा २०५५ सालमा गठित सुकुम्वासी समस्या समाधान आयोग, जिल्ला समितिको विभिन्न मितिको वैठकबाट कार्य क्षेत्र नाघेर भएका निर्णयहरु, आफन्तको नाउँमा वा कुनै प्रलोभनमा परेर वितरण गर्ने गरी भएका निर्णयहरु र सुकुम्वासी समस्या समाधान आयोगको कार्यविधि र कार्यनीति विपरीत वा कुनै ऐन कानून विपरित भएका निर्णयहरुको सम्वन्धमा मन्त्रालयबाटै छ महिना भित्र तथ्यगत छानविन गरी गराई भए गरेका गलत निर्णयहरु वदर गरी आयोगलाई जानकारी गराउन आयोगको मिति २०६२/६/५ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिईयो ।

१५. सिंचाई विभाग अन्तर्गत यान्त्रिक डिभिजन नं. २ वहुअरी वीरगञ्जका नि. प्रमुख (मेकानिकल इञ्जिनीयर) सूर्य नारायण ठाकुरले आ.व. २०६०/०६१ मा मेसिनका स्पेयर पार्टस खरीद गर्न पटक-पटक सिलवन्दी टेण्डर आव्हान गर्दा आर्थिक नियमानुसार पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेमा नगरेको भएतापनि प्रतिस्पर्धा भै इष्टिमेटभन्दा कमको दरभाउ पत्र स्वीकृत भएको र लामो समयदेखि सो कार्यालयमा सत्येन्द्र लालकर्णलाई सिनियर मेकानिक (रा.प.अ.प्रथम प्रा.) पदमा ज्यालादारीमा कामकाज लगाई निजले समेत निरन्तरता दिई निजामती सेवा ऐन, २०४९ को विपरित अनियमित काम गरेको देखिएकोले आयोगको मिति २०६२।६।५ को निर्णयानुसार सम्बन्धित मन्त्रालयलाई उक्त कार्यालयमा अविलम्ब दरवन्दी अनुसार कर्मचारी पूर्ति गर्न निर्देशन दिईएको ।

१६. सायग समूह समेतको संलग्नता रहेको एभरेष्ट फ्लोरिकल्चरलाई हिमालयन बैंकको अगुवाईमा सहवित्तीयकरण कर्जा लगानी गर्दा रकमको दुरुपयोग भएको विषयमा अनुसन्धान हुँदा हालसम्म परियोजनामा लगानी गर्दा अनियमितता थियो भन्ने अवस्था देखिन नआएकोले सो परियोजनामा

अब लगानी गर्दा कन्सोर्टियम बैंक र वित्तीय संस्थाहरुले विशेष सतर्कतासाथ धितो तथा लगानीको पुनः विश्लेषण गरी कन्सोर्टियम बैंकहरुको रकम जोखिममा नपर्ने व्यवस्था समेतलाई ध्यानमा राखी कानून वमोजिम गर्न आयोगको मिति २०६२/६/६ को निर्णयानुसार सम्बन्धित बैंकलाई लेखी पठाईएको ।

१७. नेपालगन्ज नगरपालिका द्वारा सन्चालित बिभिन्न बिकास निर्माण कार्यमा कम गुणस्तरीय सामान प्रयोग गरि अनियमितता गरे भनि परेको उजुरी उपर अनुसन्धान हुँदा नेपालगन्ज नगरपालिका अन्तर्गत आ.व. २०६१।६२ मा सडक बोर्ड नेपाल र नगरपालिकाको रकमबाट सन्चालित बिभिन्न ९ वटा योजनाहरुमा गुणस्तर परीक्षण गर्ने व्यवस्था नमिलाईएको र नेपाली मस्जीद देखि सरदार लण्ड्री सम्मको पि.सि.सि. सडक तथा नाली निर्माण कार्यको आईटम नं ६ (क) र ६ (ख) मा भएको काम भन्दा नापी किताबमा बढी काम देखाई रु १९,६१०।६४ बढी भुक्तानि भएको देखिन आएकोले अनिबार्य रुपमा बिकास निर्माण योजनामा स्पेसिफिकेसन बमोजिम गुणस्तर परीक्षण गर्ने गराउने आबश्यक व्यवस्था मिलाउन आयोगको मिति २०६२/६/११ को निर्णयानुसार स्थानीय बिकास मन्त्रालयलाई लेखी सडक बोर्ड, नेपाललाई समेत निर्णयको जानकारी दिईएको ।

१८. दाङ्गस्थित गंगदी सामुदायिक वन उपभोक्ता समूह, दाङका अध्यक्ष र कोषाध्यक्ष समेतले समितिको बैंक खातामा रहेको रकम रु.४ लाख झिकी मासी खाएको भन्ने बिषयमा अनुसन्धान गर्दा यसरी उपभोक्ता समितिको रकम निकाली खाई मासी गर्ने काममा वन कार्यालयका कर्मचारीको संलग्नता भएको नदेखिएको । सो उपभोक्ता समितिका पदाधिकारीहरुले सार्वजनिक जवाफदेहिको पद धारण गरेको भन्ने नदेखिंदा आयोगबाट प्रस्तावित राय अनुसार कारवाही अगाडी बढाउन मिल्ने अवस्था देखिन आएन । सामुदायिक वन उपभोक्ता समितिको अनियमित काम कारवाहीका सम्बन्धमा कानून बमोजिम कारवाही गर्ने जिम्मेवारी वन कार्यालय एवं उपभोक्ता समिति कै हुने हुंदा गंगदी सामुदायिक वन उपभोक्ता समितिमा भएको अनियमितताका सम्बन्धमा कारवाही गर्न गराउन आयोगको मिति २०६२/७/७ को निर्णयानुसार सक्कल फाइलका साथ वन तथा भू-संरक्षण मन्त्रालयमा पठाईएको ।

१९. वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका डा. प्रल्हाद कुमार कार्कीलाई अनियमित तरिकाबाट वेतलवी अध्ययन बिदा स्वीकृत गरी वेतलवी अध्ययन बिदाको अवधि समेत गणना गरी बढुवा गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा कम्तीमा दश वर्ष सेवा अवधि पूरा भएको शिक्षक वा कर्मचारीलाई एक पटकमा एक वर्षमा नबढाई सम्पूर्ण सेवा अवधिमा बढीमा दुई वर्षको वेतलवी बिदा स्वीकृत गर्न सक्ने व्यवस्था वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ को नियम १०.१८ ले कार्यकारी समितिलाई प्रदान गरेको पाइन्छ । २०४९।११।१४ मा फिजिसियन शिक्षकको रुपमा प्रतिष्ठानको सेवामा प्रवेश गरेका डा. प्रल्हाद कुमार कार्कीलाई दश वर्ष सेवा अवधि पूरा नहुँदै २०५६।१०।१८ देखि पहिलो पटक एक वर्षको लागि र तत्पश्चात पुनः दुई वर्षको समेत गरी तीन वर्षको लागि बेतलवी अध्ययन विदा स्वीकृत गर्ने तत्कालीन उपकुलपति डा. शेखर कोईरालाको निर्णय र सो निर्णयलाई अनुमोदन गर्ने कार्यकारी समितिको मिति २०५८।१२।६ को बैठकमा सहभागी हुने तत्कालीन उपकुलपति, प्राध्यापक डा. शेखर कोईराला, शिक्षाध्यक्ष, प्रा. डा. सुधांशु शर्मा खनाल, अस्पताल निर्देशक डा. नारायण कुमार, र रजिष्ट्रार डा. भोगेन्द्र प्रसाद उपाध्यायले अनुचित कार्य गरेको देखिन आएकाले

आयोगको मिति २०६२/७/८ को निर्णयानुसार सो को अभिलेख राख्न प्रतिष्ठानको कुलपति कहाँ लेखी पठाई प्रतिष्ठानको उपकूलपतिलाई सो को बोधार्थ दिईएको ।

२०. नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक नगेन्द्र प्रसाद घिमिरे समेतले ट्रली सेवा विना टेण्डर निवेदन प्रस्तावको आधारमा गणेश मेन पावर कम्पनीलाई दिएको सम्झौता रद्द गरी आवश्यक कार्यविधि पूरा नगरी असम्बन्धितलाई पास वितरण गरेको, टेण्डरद्वारा ठेक्का लगाउनु पर्नेमा सो नगरी कानून विपरित वदनियतपूर्ण तवरले कार्यालयलाई हानी नोक्सानी पुग्ने गरी आर्थिक कारोवार, जिन्सी सामान समेत खरीद र लिलाम गर्ने कार्य गरी आपसमा मिलेमतो गरी अनियमित रुपमा लाखौं लाभ प्राप्त गरी आर्थिक क्षति गराउने कसूरदारहरु उपर हदैसम्मको कारवाही गरियोस भन्ने बिषयमा अनुसन्धान गर्दा विमानस्थल क्षेत्रमा वितरण हुने पासका सम्वन्धमा स्थायी र दैनिक प्रयोगमा ल्याइने पासको लगवुक व्यवस्थित गर्ने जिम्मेवारी र उत्तरदायी वनाउनु पर्ने, पास वितरण कर्ताको प्रमाण, आए-गएको समय जनाउने । कुन कुन पास कति छ भन्ने विवरण सिफ्ट अनुसार राख्नु पर्ने, अनुगमन गर्न तोकिएको जिम्मेवारहरुबाट सम्बन्धित कार्यहरुमा पूर्ण उत्तरदायी र जिम्मेवारी तोकि तोकिएको जिम्मेवारी अनुसार नभए नगरेको देखिए निजहरुलाई कारवाई गर्न आयोगको मिति २०६२/७/८ को निर्णयानुसार नेपाल नागरिक उड्डयन प्राधिकरणमा लेखिपठाईएको ।

२१. वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अनियमित प्रक्रियाबाट कर्मचारी भर्ना गरेको भन्ने विषयमा अनुसन्धान हुँदा वी.पी.कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ को नियम १०.२५ को उपनियम (२) ले प्रतिष्ठानको निमित्त आवश्यक सल्लाहकार नियुक्त गर्न पाउने अधिकार उपकुपतिलाई प्रदान गरेको तर सो अधिकार प्रयोग गरी उपकुलपतिले श्री हरिमोहन थापालाई काठमाण्डौं सम्पर्क कार्यालयको शाखा अधिकृतमा, श्री निरज थापा र सोवित सुव्वालाई क्रमशः प्रतिष्ठानको जुनियर क्लर्क र कम्प्युटर अपरेटर जस्ता नियमले तोकेको सामान्य प्रकृयाद्वारा पूर्ति गर्न सकिने पदहरुमा आफ्नो विशेषाधिकार प्रयोग गरी नियुक्त गरेको विषय अनुचित देखिएकोले आयोगको मिति २०६२/७/९ को निर्णयानुसार उक्त नियुक्ति वदर गरी आयोगमा जानकारी दिन प्रतिष्ठानमा लेखी पठाउने र सो को जानकारी प्रतिष्ठानको कुलपतिलाई दिईएको ।

२२. स्वतन्त्र विद्यार्थी यूनियन (स्व.वि.यु) शंकरदेव क्याम्पसका सभापति डेकराज भट्टराई र कोषाध्यक्ष रमेश खत्री समेत मिली स्व.वि.यु.को रकम हिनामिना गरे भन्ने उजुरीका सन्दर्भमा अनुसन्धान हुँदा ती विद्यार्थीहरुवाट विद्यार्थी हितका लागि उठाईएको रकम किर्ते विल भर्पाइ बनाई निजहरुले आफैले मासी खाएको कुरा अनुसन्धानबाट पुष्टि हुन आएको हुंदा प्रस्तुत विषयमा प्रचलित कानून वमोजिम मुद्दा लाग्न सक्ने देखिंदा हाल यस आयोगवाट अनुसन्धान भई रहेको उक्त मुद्दाको सक्कल मिसिल सहित कारवाही प्रकृया अगाडि बढाउन आयोगको मिति २०६२/७/११ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय, हनुमानढोका, काठमाडौमा लेखी पठाईएको ।

२३. राष्ट्रिय सभाका तत्कालीन सांसद मोहन बहादुर बमले निर्वाचन क्षेत्र विकास कार्यक्रमको रकम रु. ४०,०००।- फर्निचर वापत निजी विद्यालयलाई दिई अनियमितता गरेको भन्ने विषयमा परेको उजुरी उपर अनुसन्धान हुँदा कानूनी प्रष्टताको अभावले यस्तो कमजोरी हुन गएको कुरा स्वयं सांसदले वयानको क्रममा उल्लेख गरी उक्त रु. ४०,०००।- नेपाल सरकारको कोषमा सम्बन्धित मर्निङ्ग लाइट बोर्डिङ्ग स्कूल, सिलगढी, डोटीबाट दाखिला गरी सक्कल भौचर समेत पेश गरी सकेको हुँदा थप अनुसन्धान कारवाही गरिरहनु नपर्ने देखिएकोले आयोगको मिति २०६२/७/२३

को निर्णयानुसार उक्त दाखिला भएको रकम सदर स्याहाको लागि सक्कल भौचर स्थानीय विकास मन्त्रालयमा पठाईएको ।

२४. महिला, वालवालिका तथा समाज कल्याण मन्त्रीले समाज कल्याण परिषद् र मन्त्रालयवाट दोहोरो सुविधा लिएको भन्ने विषयमा यस आयोगमा दर्ता हुन आएको उजुरी निवेदन उपर छानवीन हुँदा मिति २०६०।९।१६ मा तत्कालिन प्रधानमन्त्री तथा महिला बालवालिका तथा समाज कल्याण मन्त्री एवं समाज कल्याण परिषद्का अध्यक्ष सूर्य वहादुर थापाको अध्यक्षतामा वसेको बैठकको निर्णय नं. १७ (क) मा "परिषद्का अध्यक्ष मन्त्री वा राज्यमन्त्रीको हैसियतले सुविधा प्रदान गर्ने हुंदा परिषद्वाट पुनः सुविधा उपलव्ध गराउंदा दोहोरो सुविधा पर्न जाने हुंदा कुनै पनि सुविधा उपलव्ध नगराउने" निर्णय भएको देखिएकोमा समाज कल्याण परिषद्को मिति २०६२।३।२८ को पत्रमा परिषद्वाट मन्त्री एवं परिषद्का अध्यक्षलाई हाल एक सवारी साधन, गाडी चालक र इन्धन सुविधा मात्र उपलव्ध गराईएको भन्ने लेखी आएकोले परिषद्को मिति २०६०।९।१६ को उपरोक्त निर्णय कार्यान्वयन गर्न आयोगको मिति २०६२/८/२ को निर्णयानुसार समाज कल्याण परिषद्लाई लेखी पठाईएको ।

२५. जिल्ला प्रशासन कार्यालय, म्याग्दीका प्रमुख जिल्ला अधिकारी ज्ञान प्रसाद भट्टराईले भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुँदा जिल्ला शिक्षा कार्यालय, म्याग्दीको लागि खरिद गरेको भनिएको रु २५,०००।- को फर्निचर सम्बन्धमा सो फर्निचर जिल्ला शिक्षा कार्यालयमा दाखिला भएको, सो फर्निचरको रकम श्रेष्ठ स मिल तथा फर्निचर उद्योग, म्याग्दीले बुझेको, निज प्रमुख जिल्ला अधिकारीले हस्तान्तरण फाराममा आवश्यक कारवाही सम्पन्न गरी पेश गर्ने भनी तोक आदेश गरेको र सो फर्निचरको दाखिला जिल्ला प्रशासन कार्यालयमा नभएको हुंदा सो रकम निज ज्ञान प्रसाद भट्टराईले नै हिनामिना गरेको भन्न सकिएन । तर जिल्ला शिक्षा कार्यालयवाट फर्निचर खरिद गरी पठाएको र जिल्ला प्रशासन कार्यालयमा दाखिला नभएको भन्ने पुष्टी भएवाट यसमा के भएको हो ? प्र.जि.अ. म्याग्दीवाटै छानवीन गरी टुङ्गो लगाउनु भनी आयोगको मिति २०६२/९/४ को निर्णयानुसार लेखिपठाईएको ।

२६. ठेकेदार सन्तोषी निर्माण सेवा प्रा.लि. ले बुझाएको कर समेतका विषयमा अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने भन्ने यस आयोगको मिति ०६१।८।२१ को बैठकको निर्णय बमोजिम अनुसन्धान अधिकृतले पेश गरेको अनुसन्धान प्रतिवेदन र संकलित मिसिल कागजातका आधारमा ठेकेदार सन्तोषि निर्माण सेवा प्रा.लि. ले कालिगण्डकी 'ए' जल विद्युत आयोजनाबाट आ.व. ०५५।५६ मा मूल्य बढे बापत बुझी लिएको रकम र एन. सि. सि. एन. लि. बाट बुझिलिएको रकम समेत सम्बन्धित आ.व. को लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेको देखिएन । मुलुक भित्र जुनसुकै स्थानमा पनि एउटै विक्री मूल्य कायम भएको डिजल नयाँ बजार जग्गा एकीकरण आयोजना, काठमाडौं र कालिगण्डकी 'ए' जल विद्युत आयोजना, स्याङ्जामा प्रयोग गर्न भनी काभ्रेपलाञ्चोक जिल्लाको बनेपा र बारा जिल्लाको सिमराबाट समेत खरीद गरेको देखाएको, कर विजक नंवरहरु मिति अनुसार सिलसिलेवार तरिकाले मिलेको नदेखिएको, अन्य क्रेताहरुको नाममा जारी भएको कर विजकहरुमा क्रेताको नाम सच्याई आफ्नो फर्मको नाम उल्लेख गरेको, निजी प्रयोगका सामानहरु फर्मको तर्फबाट खरीद गरेको देखाएको, संयुक्त उपक्रममा काम गर्दाको कर विजकमा अर्को संयुक्त उपक्रम पार्टनरको नाम मेटाई त्यस्ता विजकहरु समेतको आफ्नो फर्मको खरीद खातामा अभिलेख राखी श्रेस्ता तैयार गरेको समेत देखियो । अस्वाभाविक ढङ्गले बढी परिमाणको डिजलको कर विजकहरु विक्रेता फर्महरुबाट संकलन गरेको र त्यस्ता कर

विजकहरुमा एकै व्यक्तिको हस्ताक्षरबाट लेखिएको, आफ्नो फर्मको ठेगाना काठमाडौं महानगरपालिका अन्तर्गत विभिन्न ठाउँमा उल्लेख गरी सिमेन्ट झिकाएको समेत देखियो । सक्कल कर विजक नभै फोटोकपि र माग फाराम मात्रका आधारमा समेत खरीद खातामा अभिलेख राखी हिसाव राखेको, विक्री खातामा टिपेक्स लगाएको र नक्कली कर विजकहरु संकलन गरी निर्माण कार्यमा खपत हुने भन्दा अधिक परिमाणमा सिमेन्ट, डिजल आदि खरीद गरेको समेत देखाई कर छलेको देखिन आएको हुँदा उक्त ठेकेदार सन्तोषि निर्माण सेवा प्रा.लि. ले छलेको कर रकम एकिन गरी निज ठेकेदार उपर आवश्यक कारवाही गर्न र सो कर छल्ने कार्यमा सरकारी कर्मचारीको समेत संलग्नता देखिन आएमा आयोगमा सोको जानकारी समेत गराउन आयोगको मिति २०६२/९/५ को निर्णयानुसार सम्पूर्ण सक्कल कागजातहरु संलग्न राखी राजश्व अनुसन्धान विभागमा लेखी पठाईएको ।

२७. जनकपुर अञ्चल अस्पतालमा नव निर्मित भवन बनाएको लगत्तै भत्किएको, उक्त भवनको पिलर, बीम चर्किई भवन भत्किने अवस्थामा पुगेको र सो भबन निर्माण गुणस्तरहीन गरी, गराई व्यापक रुपमा अनियमितता भए, गरेको भन्ने विभिन्न माध्यमबाट आयोगलाई जानकारी प्राप्त हुन आएकोले सो सम्बन्धमा स्थलगत रुपमा बुझ्न यस आयोगबाट खटी गएको टोलीले पेश गरेको प्रतिवेदन समेतका आधारमा सो अस्पताल हाता भित्र नव निर्मित इन्डोर भवनको मर्मत संभार गर्नु पर्ने भागको ठेकेदार एन.सी.सी.एन.बाट अविलम्ब मर्मत संभार गरी, गराई उक्त भवन हस्तान्तरण गरी बुझी लिई सोको जानकारी अविलम्ब आयोगमा पठाउन आयोगको मिति २०६२/९/६ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. बमोजिम जनकपुर अञ्चल अस्पताल प्रमुखलाई लेखिपठाईएको ।

२८. अ.हे.व. सुश्री दुर्गा बजगाईले कार्यालय समयमा अध्ययन गरेको भन्ने विषयमा अनुसन्धान हुँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगत जिल्ला स्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक, जिल्ला गुम्वा उपस्वास्थ्य चौकीमा कार्यरत अ.हे.व. दुर्गा बजगाईले २०६० श्रावण देखि २०६१ माघ सम्म उक्त कार्यालयमा हाीजर भई तलव भत्ता बुझी सोही अवधिमा काठमाडौं स्थित बौद्ध, टुसालको नेपाल इष्टिच्यूट अफ हेल्थ साइन्समा अध्ययन गरेको र त्यसपछि निज २०६१ फाल्गुण महिनामा सिन्धुपाल्चोकबाट दोलखा जिल्लाको ताम्चेत उपस्वास्थ्य चौकीमा सरुवा भई २०६२ जेठसम्म हाजिर गरेको भएतापनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६२।३।७ को निर्देशन बमोजिम जिल्ला जनस्वास्थ्य कार्यालय, दोलखाले हाजिर भएको अवधिको तलव भत्ता रोकी हाजिर नगराई कारवाही शुरु गरेको कुरा अनुसन्धानबाट देखिन आएको । यसरी एउटै समयमा कार्यालयमा पनि हाजिर हुने र कक्षामा पनि अध्ययनरत रही निज अ.हे.व. दुर्गा वजगाईले अनुचित कार्य गरेको देखिन आएको हुँदा निजलाई स्वास्थ्य सेवा ऐन नियम बमोजिम आवश्यक कारवाही गरी जानकारी दिन आयोगको मिति २०६२/९/७ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. बमोजिम सम्बन्धित अख्तियारवालालाई लेखिपठाइएको ।

२९. आन्तरिक राजश्व कार्यालय, बबरमहलका केही कर्मचारीहरु र व्यापारी जमीम शाहको मिलेमतोमा निज व्यापारीबाट संचालित स्पेश टाइम नेटवर्क प्रा.लि. शान्ति नगरले ग्राहकहरुसँग भ्याट रकम जोडी मासिक शुल्क लिने गरेको, सरकारी राजश्व साढे दुई वर्ष यताको बुझाउनु पर्ने रु. ३ (तीन) करोड नबुझाएको हुँदा बुझाउन ताकेता गर्दा निज व्यापारीबाट धम्की दिने र कार्यालय कर्मचारीबाट चुप लागेर वस भन्ने गरेकोले छानवीन गरी कारवाही गरि पाउँ भन्ने

उजुरी उपर अनुसन्धान गर्दा आन्तरिक राजश्व कार्यालय, काठमाडौं क्षेत्र नं. १ मा मात्र ७१ विभिन्न व्यापारीहरुसँग रु. ३५,१३,४०,७४४।- बाँकी रहेको देखिन आयो । विभिन्न कर कार्यालयहरुमा यस्ता खालका बक्यौताहरु रहेको भन्ने समेत बुझिन आएकोले यस्तो विषयमा समग्र रुपमा नै आवश्यक कारवाही गर्नुपर्ने देखिएकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ र आन्तरिक राजश्व विभागको कार्यविधि, २०६२ मा भएको व्यवस्था बमोजिम समयमा कर भुक्तानि नगर्ने करदाताहरुको नामनामेसी सार्वजनिक गर्ने, कारोवार रोक्का राख्ने, आयात निर्यात रोक्का गर्ने, सम्पत्ति कब्जा, लिलाम विक्री आदि जस्ता कानूनी कारवाहीहरु यथा समयमा प्रभावकारी रुपमा भएको नदेखिएकोले तत्परताकासाथ कानूनी प्रक्रियाहरु समय भित्रै अपनाई वक्यौता उठाउन र त्यसको ३ महिनासम्मको काम कारवाहीहरुको प्रतिवेदन आयोगमा पठाउन आयोगको मिति २०६२/९/११ को निर्णयानुसार अर्थ मन्त्रालयमा लेखिपठाईएको ।

३०. काठमाडौं सतुंगल स्थित नमोकार केवल इ.प्रा.लि. ले बैंक अफ काठमाडौं समेतबाट करीव ७ करोड कर्जा लिई नियतवस उद्योग बन्द गरी उद्योगका संचालकहरु निरज सुराना र विजय सुराना नेपालबाट फरार रहेका, उद्योगमा कार्यरत मजदूरहरुलाई पारिश्रमिक समेत नदिएका र निजहरुलाई तुरुन्त कार्वाही नगर्ने हो भने बैंक तथा वित्तिय संस्था डुब्ने स्थितिमा रहेका भन्ने ब्यहोराको उजुरी निवेदन उपर अनुसन्धान हुँदा बैंक अफ काठमाडौंबाट नमोकार केबल इ.प्रा.लि. समेतको कर्जा लगानीका विषयमा अनियमितता र कैफियतहरु औंल्याएको देखियो । ती अनियमितता र कैफियतहरुका विषयमा सम्वन्धित निकाय नेपाल राष्ट्र बैंकले कानूनद्वारा प्रदत्त अधिकारको प्रयोग गरी आवश्यक कारवाही गरेको नदेखिएकोले सम्वन्धित ऐन कानून बमोजिम गरी यस आयोगलाई जानकारी दिनु भनी आयोगको मिति २०६२/९/१५ को निर्णयानुसार नेपाल राष्ट्र बैंक लाई लेखिपठाईएको ।

३१. पोखरा रंगशालाको लागि अधिग्रहणमा परेका जग्गा मालपोत कार्यालय कास्कीले रोक्का नराखेका कारण केही कित्ता जग्गाहरु वैंक तथा वित्तिय संस्थामा धितोमा रहन गएका भन्ने सम्वन्धमा अनुसन्धान हुँदा पोखरा उपमहानगरपालिका वडा नं. १० स्थित पोखरा रंगशाला निर्माण गर्ने प्रयोजनका लागि २०३३।१।२१ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरि अधिग्रहणमा परेका जग्गाहरु मालपोत कार्यालयवाट रोक्का नभई अधिग्रहणमा परेका मध्ये कित्ता नं. ५८२७, कित्ता नं. ५८३० र कित्ता नं. ६५२५ का जग्गाहरु वैंक तथा वित्तिय संस्थाका नाउँमा दृष्टिवन्धक पारीत भएको देखिन आयो । आयोगको २०५९।१०।१ को निर्णयानुसार अधिग्रहणमा परेका जग्गाहरु साविक जग्गा धनीको लगत कट्टा गरी रंगशालाको नाउँमा जग्गा धनी प्रमाणपूर्जा वनाई स्रेस्ता कायम गर्नु पर्नेमा सो नगरेको देखिंदा रंगशालाको नाउँमा अधिग्रहण भएका सम्पूर्ण जग्गा दर्ता गरी जग्गा धनी प्रमाणपूर्जा वनाउन भनी शिक्षा तथा तथा खेलकूद मन्त्रालयमा लेखिपठाईएको देखिन आयो । अतः पोखरा रंगशालाको लागि अधिग्रहणमा परेका जग्गाहरुको प्रचलित कानून अनुसार रोक्का राखी मुआव्जा वितरण गर्ने र नेपाल सरकारका नाउँमा स्रेस्ता पूर्जा तयार गर्ने गराउने कार्य शिक्षा तथा खेलकूद मन्त्रालयवाट हुनुपर्ने देखिंदा आयोगको उपरोक्त निर्णयानुसार गर्न आयोगको मिति २०६२।९।१८ को निर्णयानुसार शिक्षा तथा खेलकूद मन्त्रालयमा लेखिपठाईएको ।

३२. मालपोत कार्यालय, बर्दियाले शाही बर्दिया राष्ट्रिय निकुन्ज मध्यवर्ती क्षेत्रको जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्न लागेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा वि.स. २०१० सालको ट्रष्ट्रिज बोर्डको निर्णयको आधार लिई आफ्नो भनी दाबी गरिएका जग्गा राष्ट्रिय बन

ऐन,२०१३ र त्यस पछि वनेका वन सम्वन्धी ऐनहरुले राष्ट्रिय बनको परिभाषा भित्र पारी राष्ट्रियकरण गरी सकेको, विर्ता उन्मूलन ऐन २०१६ ले विर्ता जग्गा उन्मूलन भै सकेको, भूमि सम्बन्धी ऐन, २०२१ ले जग्गाको हदबन्दी कायम गरी सकेको र ट्रष्ट्रिज बोर्डले बि.स. २०१० सालमा निर्णय गर्दा समेत उक्त जग्गा बन क्षेत्र अन्तर्गत पर्ने भन्ने स्पष्ट देखिएको, २०१० साल भन्दा अगाडि देखि हालसम्म कसैको हकभोग नदेखिएको र हाल मध्यवर्ती क्षेत्रले बृक्षारोपण गरी तार बार समेत गरेको देखिन आयो । अतः पुनरावेदन अदालत, नेपालगंजको मिति २०६०/७/१६ को फैसलाको संदर्भमा उपर्युक्त वास्तविकता समेतलाई ध्यानमा राखि जो जे निर्णय गर्नु पर्ने हो गरी आयोगलाई ३ महिना भित्र जानकारी दिन आयोगको मिति २०६२।९।२८ को निर्णयानुसार भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखिपठाईएको ।

३३. “सार्वजनिक जग्गा, कुला, बाटो व्यक्तिको नाममा दर्ता गरी भ्रष्टाचार गरे” भन्ने बिषयको उजुरी उपर अनुसन्धान हुँदा सार्वजनिक जग्गा भित्र ब्यक्ति तथा संस्थाले निर्माण गरेको भौतिक संरचना घर तथा पर्खाल परेको देखिएकोले उक्त संरचना भत्काई निर्णय बमोजिमको क्षेत्रफलको जग्गा सार्वजनिक कायम गर्नु पर्ने देखिएको हुँदा नापी शाखा, चावहिल ले उक्त सार्वजनिक जग्गा छुट्टयाई रेखांङ्कन समेत गरिदिने, उक्त सार्वजनिक जग्गा हाल का.म.न.पा वडा नं. ६ र ७ मा पर्ने हुँदा काठमाडौ महानगरपालिकाले जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेतको सहयोगमा सम्बन्धित बडा समितिको कार्यालयलाई निर्णय बमोजिम कारबाही गर्न लगाउने । यो निर्णय २ महिना भित्र कार्यान्वयन गरी यस आयोगलाई कार्यान्वयन भएको व्यहोरा जानकारी गराउन आयोगको मिति २०६२/१०/३ को निर्णयानुसार सम्बन्धित कार्यालयहरुलाई लेखिपठाईएको ।

३४. नेपालगञ्ज नगरपालिकाका पदाधिकारीहरुले ऐन, नियमको उल्लंघन गरी बस पार्क जाने सडक र छिमेकीको जग्गा समेत अतिक्रमण हुने गरी श्रीमति रसीदा खातुनको घरको नक्सा पास गरी अनियमितता गरेको भन्ने बिषयमा अनुसन्धान हुँदा मिति २०३४।३।२० मा राजपत्रमा सूचना प्रकाशित भई नेपालगञ्ज-कोहलपुर-सुर्खेत राजमार्गको केन्द्र रेखा देखि दायाँ बायाँ दुवै तिर २५ मी. सडक सीमा तोकिएकोमा उक्त राजमार्गका जिल्ला सडक कार्यालय, बाँके र डिभिजन सडक कार्यालय, बाँकेले विभिन्न मितिमा विभिन्न कार्यालयलाई फरक फरक सडक सीमा तोकी पत्राचार गर्दा अन्यौल सृजना भएको पाइएकोले यस सम्वन्धमा आवश्यक कारवाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. बमोजिम आयोगको मिति २०६२/१०/३ को निर्णयानुसार सडक विभागलाई लेखिपठाईएको ।

३५. त्रिभुवन विमानस्थलमा सञ्चालित ट्रली र विमानस्थलका स्टोरमा रहने सामानहरुमा भ्रष्टाचार भएको भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा त्रिभुवन विमानस्थलबाट हालसम्म के कति सामानहरु के कुन समयमा खरीद गरियो, सोको रेकर्ड नभएको, रेकर्ड राख्ने प्रचलन नै नभएको । खरीद भएका सामानहरु जिन्सी खातामा नचढाई प्रयोगमा ल्याउने गरेका, त्रिभुवन विमानस्थल कार्यालयमा विभिन्न परियोजनाबाट हस्तान्तरण भएका सामानहरु दुरुस्त रुपमा स्टोर दाखिला नभएको, कार्यालयमा सामानहरु प्रति कुनै कर्मचारी पनि उत्तरदायी नरहेका, कर्मचारी सरुवा, अवकाश हुँदा बरबुझारथ हुन नसकेको, आवश्यक सामानहरु एकै पटक टेण्डरबाट खरीद नगरी प्रत्येक शाखा, महाशाखाबाट मनपरी ढंगले सामान खरीद गर्ने गरेको, सामानहरु नासिई, मासिई गएकोमा लगत कट्टा गर्ने नगरिएका, अनावश्यक सामानहरु लिलाम गर्ने नगरिएको, मर्मत हुनसक्ने सामान मर्मत नगरी सोझै बजारबाट खरीद गर्ने गरेको तथा उक्त कार्यालयमा काम गर्ने कर्मचारीहरुको कामको जिम्मेवारी नतोकिएको अवस्था देखिन आएकाले उल्लेखित

त्रुटीहरुका सम्बन्धमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, नागरिक उड्डयन कार्यालयका कार्यालय प्रमुखलाई निम्न कार्यहरु सम्पन्न गरी सो को प्रतिवेदन ३ महिना भित्र यस आयोगमा बुझाउन आयोगको मिति २०६२/१०/९ को निर्णयानुसार लेखि पठाइएको :

- त्रिभुवन विमानस्थलबाट खरीद गरिएका र विभिन्न परियोजनाहरुबाट हस्तान्तरण गरिएका जिन्सी सामानहरुको नियमानुसार निरीक्षण गरी निरीक्षण प्रतिवेदन तयार पार्ने । त्यस्तो प्रतिवेदन तयार गर्दा परियोजनाहरुबाट खरीद गरिएका सामानहरुको साविक र हालको लगत भिडाई सामानहरु नपुग भए सामान बुझ्ने, बुझाउने, जिम्मेवार र उत्तरदायी व्यक्ति समेत पहिचान गरी सो को विवरण तयार गर्ने ।
- मासिने, नासिने सामानहरु र खर्च नहुने सामानहरुको लगत लिई मिन्हा गरी मिन्हा नहुने सामानहरु को कसका जिम्मामा छन्, पत्ता लगाई सामानहरुको सोध भर्ना गराउने र सोध भर्ना नभए कुन कर्मचारी उपर कानूनी कारवाही हुनुपर्ने हो, विवरण तयार पारी पेश गर्ने ।
- कार्यालयका कर्मचारीहरुको कार्य विवरण लागू गरी उत्तरदायित्व र जिम्मेवारी तोक्ने ।
- उपरोक्त निर्देशन वमोजिमको कार्य तोकिएको समयभित्र सम्पन्न नगरेमा त्रिभुवन विमानस्थलका प्रमुख अधिकृतले अनुचित कार्य गरेको मानी निज उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ वमोजिम कारवाही हुने ।

३६. नेपाल घरेलु साना उद्योग विकास वैंकका कार्यकारी अध्यक्ष तथा महाप्रवन्धक सीताराम प्रसाईले छोरीको विवाह गर्दा भएको खर्च वैंकबाट तिराएको, कर्जा लगानी गर्दा न्यून एवं कमजोर धितो र विना धितो समेत करौडौं कर्जा लगानी गरी वैंकलाई हानी नोक्सानी पुऱ्याएको भन्ने उजुरीको सम्वन्धमा नेपाल घरेलु तथा साना उद्योग विकास वैंकको प्रतिवेदन एवं नेपाल राष्ट्र वैंकको प्रतिवेदनमा औंल्याइएका तथ्यहरुबाट उक्त वैंकका जिम्मेवार पदाधिकारीले नेपाल राष्ट्र वैंक ऐन, २०५८ को दफा ९५ ले कसूर मानिने भनी उल्लेख गरेका कार्य गरी कसूर गरेको देखिएको र त्यस्ता कसूरका सम्वन्धमा सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को अनुसूची १ भित्र समावेश भएको भनी नेपाल सरकार वादी भै मुद्दा दायर गरिने नेपाल राष्ट्र वैंक ऐन २०५८ को दफा ९७ मा व्यवस्था भएको देखियो । साथै उक्त ऐनको दफा ९८ मा त्यस्तो कसूर सम्वन्धमा कारवाहीको लागि नेपाल राष्ट्र वैंकले सम्वन्धित निकायमा लेखी पठाउने भन्ने व्यवस्था समेत गरेको देखिनाले कानून वमोजिमको कारवाहीको निमित्त आयोगमा प्राप्त उजुरी समेतका कागजात नेपाल राष्ट्र वैंकमा पठाई ऐनको उक्त व्यवस्था अनुसार त्यहींवाट कारवाही गरी सो को जानकारी आयोगलाई दिन आयोगको मिति २०६२/११/१ को निर्णयानुसार लेखी पठाईएको ।

३७. का.म.न.पा.का मनोनित वडा अध्यक्षहरुले योजनामा नपरेका कार्यहरु गराएको, बिना इष्टिमेट र बिना टेण्डर आर्थिक प्रशासन नियमावली समेत बिपरित हुने गरी मौखिक रुपमा लाखौं रुपैंयाको कार्य गराएको र काम सम्पन्न भैसकेपछि भएको काम भन्दा बढी इष्टिमेट गराएकोले छानविन गरी कारवाही गरी पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा काठमाण्डौ महानगरपालिकाको ०६०।६१ को योजनामा परेका र नपरेका कार्यहरु समेत टेन्डर छल्ने नियतले टुक्रा टुक्रा गरी कोटेशनबाट गराएको र गलतरुपले दिएको कार्यादेशलाई नगरपालिकाको परिषद्बाट समर्थन गराई आगामी वर्षको बजेटबाट भुक्तानी दिने गरी वार्षिक योजनामा नपरेका कामहरु वडा अध्यक्षहरुबाट लगत इष्टिमेट समेत नगराई सोझै कार्यादेश दिइ स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम २०, २२, २३, ५६, ५९, ७० र १४० समेत विपरितको

कार्य गरेको देखिन आएको छ तापनि सम्बन्धित निर्माण कार्य सम्पन्न भई सकेको तथा उपरोक्त कार्यसंग सम्बद्ध काठमाण्डौ महानगरपालिकाका अधिकांश तत्कालिन पदाधिकारीहरु हाल पदमा बहाल रहेको अवस्था नदेखिएकोले यस सम्बन्धमा थप कारवाही गर्ने स्थिति भएन । त्यसैले प्रचलित कानूनको पूर्ण पालन गरी योजना छनौट गर्ने, स्वीकृति गर्ने, कार्यान्वयनको अख्तियारी प्रदान गर्ने तथा भुक्तानी गर्ने लगायतका कार्यहरु गर्न गराउन आवश्यक व्यवस्था मिलाउन आयोगको मिति २०६२/११/४ को निर्णयानुसार काठमाडौं महानगरपालिकालाई निर्देशन दिईएको ।

३८. नेपाल नागरिक उड्डयन कार्यालय प्राविधिक सेवा विभाग मार्फत ०५३/०५४ देखी SENCEA NDB, Trans World HF-SSB TRANSCEVIER, JRC HF -SSB –Transceiver, MTECH Runway Visual range (R.V.R.), Vaisala Ceilometer, MTECH Stand alone metrological station, AWA Microwave Radio Link, AMSS समेतका हवाइ जहाज र विमानस्थलको लागि आवश्यक हवाइ जहाजहरुलाई दिशा निर्देश गर्ने, सँचार सेवा सँचालन गर्न, धावन मार्गको भिजिविलिटी सम्वन्धी, मौसम सम्वन्धी, हटलाईन र डाटा सँचारको लागि समेत संचार तथा उड्डयन सहायक उपकरण विमानस्थल सँचालनमा प्रयोग हुने विभिन्न प्रणाली मर्मत सुधारका नाममा वर्षेनी करोडौंको संचार तथा उड्डयन सहायक वैज्ञानिक उपकरण अन्तर्राष्ट्रिय नागरिक उड्डयन मापदण्ड अनुसार जडान नै नगरी तोकिएको उपकरण प्रयोग नै नगरी, थन्क्याई राखी सोही प्रयोजनका लागि उपकरण खरिद गर्दै आर्थिक अनियमितता गरी अख्तियारको दुरुपयोग गरी आएको हुँदा आवश्यक कारवाही गरी पाउँ भन्ने विषयमा अनुसन्धान हुँदा अन्तर्राष्ट्रिय विमानस्थल जस्तो संवेदनशील क्षेत्रमा जापान, अष्ट्रेलिया, ए.डि.वी., नेपाल सरकार र प्राधिकरणको आफ्नै लगानीमा खरीद भएका महँगो मूल्यका विमान र विमानस्थल सम्बन्धी सञ्चार प्रणालीका संयन्त्रहरु खरीद, जडान, संचालन र व्यवस्थापनको सम्बन्धमा निम्न विषयमा ध्यान पुऱ्याइएको देखिएनः

- आवश्यकताको अध्ययन नगरी धेरै उपकरणहरु खरीद गरिएको, खरीद गरिएका उपकरणहरु पनि सबै जडान हुन नसकेका र जडान भएका पनि (कमिसनिङ्ग भै) संचालनमा आउन नसकेको ।
- कतिपय उपकरणहरु जडान तथा (कमिसनिङ्ग भै) संचालनमा आएका तर समयमा मर्मत सम्भार नभएका कारणले विग्रिएर थन्किएका ।
- उपकरणहरु समयमै मर्मत गर्नु पर्नेमा सो नगरिएको तर नयाँ सामानहरु खरीद गरिएको।
- ठूलो लगानी गरिएको महत्वपूर्ण उपकरणहरुको अत्यावश्यक स्पेयर पार्टसहरुको उचित व्यवस्थापन हुन नसकी लामो समयसम्म संचालन हुन नसकेको ।
- उपकरण प्रणालीहरुको Replacement Plan बनाउने परिपाटी नभएको ।
- प्रणाली जडान गर्ने र संचालन गर्ने निकायहरु बीच समन्वयको कमी देखिएको ।
- उपकरण खरीद गर्नु पूर्व नै आवश्यकता, उपयोगिता, प्राविधिकको व्यवस्था गर्नुपर्ने सो नगरिएको र यन्त्रहरु प्राप्त भएपछि नीतिगत व्यवधान समेतका कारण संयन्त्र थन्किएको ।
- प्राधिकरणको सवै आर्थिक, प्रशासनिक कार्यविधि र कार्यान्वयनका पक्षमा सम्पूर्ण उत्तरदायित्व जिम्मेवारी र निर्णयकर्ताको रुपमा गठन भएको प्राधिकरण संचालक समितिले पनि उल्लेखित संयन्त्रका सम्बन्धमा कुनै कार्य गरेको देखिएन ।

तसर्थ प्राधिकरणको व्यवस्थापन सम्बन्धित विभाग, शाखा, कार्यालय र सम्वद्ध पदाधिकारीबाट प्राधिकरणको हित तथा उन्नति चिताई गर्नु पर्ने कार्यहरु सम्पन्न नगरी प्राधिकरणको उपयोगमा ल्याउनु पर्ने उपकरण प्रयोग, मर्मत सम्भार, सुरक्षण समेत नभएको देखिएको र सो कमी कमजोरी तर्फ प्राधिकरणको संचालक समितिले पनि नीतिगत तथा प्रशासनिक प्रकृयाबाट सुधार गर्ने कार्य गरेको नदेखिएकोले उल्लेखित कमि कमजोरी सुधार गर्ने प्रभावकारी व्यवस्था गर्न गराउन आयोगको मिति २०६२/११/१८ को निर्णयानुसार संस्कृती पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा प्राविधिक प्रतिवेदनहरुको छाँयाप्रति संलग्न गरी लेखी पठाईएको ।

३९. मिति २०६०/११/१५ गतेको नेपालीपत्र साप्ताहिकको समाचारलाई उजुरीको रुपमा ग्रहण गरी "बा.१ ख. ६४७४ नं. को सवारी साधनमा जडान भएको ईन्जिन गैरकानूनी रुपमा प्रयोग गरेको" भन्ने बिषयको उजुरी उपर अनुसन्धान हुँदा पक्राउ भई हाल भैरहवा भन्सार कार्यालयमा रहेको बा १ ख. ६४७४ नंबरको भाडा ट्रकमा हाल जडान भएको ईन्जिन साझा यातायातको नाममा शुरु दर्ता हुंदाको साविक बा. अ. ख. ३५३८ नंबरमा सन् १९९२ मा टाटा कम्पनीले उत्पादन गरेको मोडलको ईन्जिन जडान भएको देखिएन । यस आयोगको प्राबिधिक जांच प्रतिवेदनमा समेत ईन्जिनको ट्याग प्राप्त नहुनु, ट्रकमा टि. सी. (टर्वो चार्जज्ड ईन्जिन) जडान हुनु, टाटा गाडीको अधिकृत बिक्रेता सिप्रदी ट्रेडिङ्ग संग पत्राचार गर्दा तत्कालिन टाटा कम्पनीले सन् १९९२ मा टि. सी. (टाटा कमिन्स ईन्जिन) जडान गरेको गाडीको उत्पादन नै नगरेको लेखी पठाउंनु र यातायात व्यवस्था कार्यालय, बागमतीले जारी गरेको सक्कल कार्ड अभिलेखमा समेत सवारी साधनको ईन्जिन नंबर, च्यासिस नंबर समेतको स्पेसिफिकेसन बिबरणमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ३९ बमोजिम अधिकार प्राप्त अधिकारीको स्वीकृति र सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम १२ बमोजिम रित पुऱ्याई ईन्जिन परिवर्तन गरेको नदेखिंदा उक्त सवारी साधनका सवारी धनी टंक प्रसाद महतोले दीपक बहादुर मल्लबाट खरिद गर्दा साविक स्पेसिफिकेसन बिबरण भएको बा. १ ख. ६४७४ नंबरको भाडा ट्रक खरिद गरेतापनि निजले खरिद गरेपछि उक्त ट्रकमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ३९ र नियमावली, २०५४ को नियम १२ बमोजिम अधिकार प्राप्त अधिकारीको स्वीकृति नलिई साविक सन् १९९२ मोडलको ईन्जिन अबैध रुपमा झिकी फेरी अर्के चोरी पैठारी गरी ल्याएको सन् १९९२ भन्दा पछिको मोडलको टर्बो चार्जज्ड ईन्जिन / टाटा कमिन्स ईन्जिन जडान गरी प्रयोग गरेको देखिंदा उक्त टर्बो चार्जज्ड जडान भएको ट्रकको मूल्य निर्धारण गरी नियमानुसार कारवाही गर्न सम्बन्धित भन्सार कार्यालयलाई लेखी पठाउन आयोगको मिति २०६२/११/१९ को निर्णयानुसार भन्सार बिभागमा लेखी पठाईएको ।

४०. भन्सार छली आयात गरिएका र पक्राउ परी विभिन्न भन्सार कार्यालयहरुमा रहेका सवारी साधनहरु गैरकानूनी प्रकृयाबाट दर्ता गरी संचालनमा रहेको सम्बन्धमा अनुसन्धान पश्चात आयोगको मिति २०६२/११/२१ को वैठकबाट विभिन्न ३ वटा भन्सार कार्यालयहरुबाट प्राप्त ६ वटा सवारी साधनहरुको सम्बन्धमा नेपाल सरकारको मिति ०६०।११।१४ को निर्णयानुसार आवश्यक कारवाही गर्न सम्बन्धित भंसार कार्यालयमा पठाउनु भनी कागजात फाइलहरु भन्सार विभागमा पठाउने र उक्त सवारी साधनहरु पक्राउ सम्बन्धी कमिशनका सम्बन्धमा आयोगको मिति ०६१।३।१५ को निर्णयानुसार नै गर्नु भनी आयोगको मिति २०६२।११।२१ को निर्णयानुसार भन्सार विभागमा लेखी पठाईएको ।

४१. नारायणी नदी किनाराको सार्वजनिक जग्गा देखिदा देखिंदै मालपोत कार्यालयका कर्मचारी र गैडाकोट निवासी बीर बहादुर पाण्डे समेतको मिलेमतोमा आफू र आफ्ना नातेदारहरुको नाममा सन्धिसर्पण र नदी क्षेत्रभित्रको जग्गा दर्ता गरी गराई भ्रष्टाचार गरेको हुँदा कारवाही गरी पाउँ भन्ने बिषयमा अनुसन्धान हुँदा निवेदकको साविक लगत, तिरोको जग्गाहरु के कति हुन र कुन कुन वडाका कुन कुन कित्ता भई नापी भएको हो ? नछुट्याई जग्गा दर्ता गर्ने कार्य भए गरेको देखिन आएकोले निवेदकले पेश गरेकै प्रमाणबाट उक्त जग्गा भीड्ने हो, होइन ? उल्लेखित सवै जग्गा निवेदक कै हुन् / होइनन् ? निवेदकको प्रमाण र भोग अनुसारको जग्गा कानुनसम्मत किसिमले दर्ता भएको छ छैन ? स्थलगत निरीक्षण समेत गरी छानविनबाट कानूनसम्मत दर्ता भएको देखिएमा सोही वमोजिम कार्वाहीको टुङ्गो लगाई रोक्का फुकुवा समेत गर्न वा साविक लगत र पोता नभिड्ने जग्गा वा भिडे पनि निवेदकको लगत भन्दा बढी जग्गा निवेदकका नाममा दर्ता भएको वा सरकारी सार्वजनिक जग्गा दर्ता भएको देखिन आएमा उक्त सरकारी सार्वजनिक जग्गा मालपोत ऐन, २०३४ को दफा २४ अनुसार ३ महिना भित्र कारवाही सम्पन्न गरी सो को जानकारी यस आयोगमा पठाउन आयोगको मिति ०६२।११।२१ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाईएको ।

४२. शुक्लाफाँटा आरक्ष क्षेत्र भित्र व्यवसाय सञ्चालन गरे वापत एक ठेकेदारसँग बार्षिक रु ३ लाख ९९ हजार तीन किस्तामा वुझाउने गरी सम्झौता भएकोमा ठेकेदारले पहिलो किस्ता बापत रु १ लाख ३३ हजार वुझाएको र बाँकी दुई किस्ताको रु २ लाख ६६ हजार बुझाउन बाँकी देखिएको। तोकिएको समयमा किस्ता रकम नवुझाए पछि सम्झौताको दफा २३ (क) वमोजिम वुझाउन बाँकी किस्ता र बार्षिक २० प्रतिशतले हुने जरिवाना समेत असूल गर्नु पर्ने र सो वमोजिम नभएमा ठेकेदारलाई कारोवार वन्द गर्ने समेतको कारवाही चलाउनु पर्ने उल्लेख छ । नियमानुसार कारवाही गरी ठेकेदारबाट किस्ता र जरिवाना समेत रु ३ लाख १९ हजार असूल गरिनु पर्दछ भन्ने महालेखा परीक्षकको बिभागको बार्षिक प्रतिवेदन २०६१ को बेरुजू व्यहोरा उपर प्रारम्भिक अनुसन्धान हुँदा शुक्लाफाँटा वन्यजन्तु आरक्ष कार्यालय कंचनपुर भित्र पर्यटन व्यवसाय संचालन गर्ने साइलेण्ट सफारी प्रा.लि.बाट असूल उपर गर्नु पर्ने रकम पटक पटक पत्राचार गर्दा पनि वेवास्ता गरेको र सम्झौता बमोजिम राजश्व नबुझाएसम्म पर्यटन व्यवसाय संचालन गर्न अनुमति दिईने छैन भनी ०६०।१०।१ गते प्रा.लि.लाई पत्राचार गर्दा पनि असूल उपर हुन नसकेकोले आ.ब.०५९।६० सम्म जम्मा रु ७,८०,०४१।८५ सरकारी वाँकी सरह असूल उपर गर्न केन्द्रीय तहसील कार्यालय, काठमाडौंमा मिति ०६२।१०।१९ मा उक्त प्रा.लि.का प्रो. हिक्मत वहादुर विष्टको तीन पुस्ते सहित आरक्ष कार्यालयले लेखी पठाएको देखियो । तर केन्द्रीय तहसील कार्यालयमा लगत कस्ने कार्य बाँकी देखिएकोले उक्त प्रा.लि.बाट असूल उपर गर्नु पर्ने रकम प्रचलित कानून वमोजिम लगत कस्न लगाउने कार्य सम्पन्न गरी उक्त प्रा.लि.ले करारनामा को उल्लंघन गरेकोमा सम्झौता वमोजिम गर्नु पर्ने कारवाही समेत ३ (तिन) महिना भित्र टुंगो लगाई आयोगमा जानकारी पठाई दिन आयोगको मिति ०६२।११।२२ को निर्णयानुसार बन तथा भू संरक्षण मन्त्रालयमा लेखी पठाईएको ।

४३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदका तत्कालिन सुपरीवेक्षण अधिकृत, तृतीय श्रेणीका अर्जुन वहादुर के.सी.ले उक्त परिषदको सुपरीवेक्षण अधिकृत पदवाट मिति २०५२।३।३० मा राजिनामा दिई २०५२।३।३० देखि २०५२।९।२७ सम्म जिल्ला विकास समिति, वाग्लुङको इन्जिनियर पदमा कार्यरत रहेको अवधिको उक्त परिषदका तत्कालिन सदस्य सचिव सरोज

देवकोटाले उक्त परिषदको कानून विपरित असाधारण विदा स्वीकृत गरेकोले प्राविधिक शिक्षा तथा व्यवशायिक तालिम परिषद ऐन, २०४५ को दफा १६ अनुसार वनाईएको कर्मचारी सेवा शर्त विनियमावली, २०४९ (संशोधन सहित) परिषदको नियमावली २०५२ को नियम ३२ मा परिषदका कर्मचारीहरुको सेवा, शर्त तथा सुविधा सम्वन्धी व्यवस्था विनियममा उल्लेख भए वमोजिम हुनेछ भन्ने व्यवस्था एवं प्राविधिक शिक्षा तथा व्यवशायिक तालिम परिषदको कर्मचारी सेवा शर्त विनियमावली २०४९ को विनियम ५५ को (३) मा ५ वर्ष सेवा अवधि नपुगी कुनै पनि कर्मचारीले असाधारण विदा पाउने छैन भन्ने स्पष्ट कानूनी व्यवस्था छंदाछंदै सो कानूनी व्यवस्थाको विपरित हुने गरी र अर्जुन वहादुर के.सी.ले परिषदको अधिकृत स्तर तृतीय श्रेणीको पदमा मिति २०५२।३।३० मा राजिनामा दिई २०५२।३।३० देखि २०५२।९।२६ सम्म जिल्ला विकास समिति, बाग्लुङमा काम गरेको थाहा हुंदा हुँदै सो अवधिको असाधारण विदा स्वीकृत गरी पुनः काम गर्न दिने गरी गरेको निर्णय अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को (क) अनुसार अनुचित कार्य भएको देखिंदा कानून विपरित असाधारण विदा स्वीकृत गरी हाजिर गराएका कारण अर्जुन वहादुर के.सी. पदमा वहाल भएपछि वहाल अवधिको निजलाई भुक्तानी हुन गएको तलव भत्ताको रकम रु ६,०४,३६५। सरोज देवकोटासंग असूल उपर गर्नु पर्ने ठहर गरी सो रकम निज सरोज देवकोटाबाट ६(छ) महिना भित्र असूल उपर गरि आयोगलाई जानकारी दिनु भनी आयोगको मिति २०६२/११/२९ को निर्णयानुसार प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा लेखी पठाईएको ।

४४. विश्वभाषा क्याम्पसको दक्षिण मोहडामा निर्माण भएको एकेडमिक कम कमर्सियल कम्प्लेक्स निर्माणमा अनियमितता भएको भन्ने विषयमा अनुसन्धान भै आयोगको मिति २०६२/११/२९ को वैठकको निर्णयबाट देहाय वमोजिम गर्न लेखी पठाईएको :

- विश्वभाषा क्याम्पसको दक्षिण मोहडामा निर्माण भएको एकेडेमिक तथा कमर्सियल भवन निर्माण गर्न ई.अ.सं., कन्सल्टेन्सी सेवावाट खटेका साईट इन्चार्ज इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक क्याम्पसका ल्याव असिस्टेण्ट, श्री अर्जुन के.सी.ले उक्त भवनको संसोधित इष्टिमेट गर्न कन्सल्टेन्सी प्रमुखले तोक लगाएकोमा संसोधित इष्टिमेट पेश नगरेको, आइटम नं. २ (ब) को रेट नभएको अवस्थामा आइटम नं. २ (द) कै बढी रेट राखी फाइनल बिलको सिफारिस गरेको र उक्त भवनको मिति २०५९।७।२५ मा निर्माण सम्पन्न भयो भनी मिति २०५९।९।१ मा इ.अ.सं., कन्सल्टेन्सी सेवामा प्रगति विवरण दर्ता गरेको देखिएकोले निजको उपरोक्त कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ (ख), (छ) अन्तर्गतको अनुचित कार्य देखिएकोले अन्तर्गत पर्ने निजलाई त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवा सम्वन्धी नियम २०५० को उपनियम ८२ (क) १ अनुसार नसिहत दिन त्रिभुवन विश्वविद्यालयलाई लेखी पठाईएको ।
- इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक क्याम्पसका सह-प्राध्यापक तथा ई.अ.सं., कन्सल्टेन्सी सेवाका तत्कालिन प्रमुख श्री हरिदर्शन श्रेष्ठले विश्वभाषा क्याम्पसको दक्षिण मोहडामा निर्माण भएको एकेडमिक कम कमर्सियल भवनको टेण्डर डकुमेण्टको BOQ.मा २ (ब) को परीमाण शून्य (०) हुन गएको थाहा नपाएको, ड्रइङ्ग, डिजाइन परिवर्तन गरेपछि संसोधित इष्टिमेट पटक पटक विश्वभाषा क्याम्पसले ताकेता गर्दा पनि अन्तिम समयसम्म पनि पेश नगरेको, साइट इन्चार्जले पेश गरेको MB र चेक गरेको बिल समर्थन नगरी विश्वभाषा क्याम्पसमा पठाउने गरेको, साइट इन्चार्जवाट BOQ मा

आइटम नं. २ (ब) मा परीमाण छूट हुन गएको जानकारी गराउंदा पनि सो परीमाणलाई २ (द) मा गाभी भुक्तानीको लागि सिफारीस दिएको, फाइनल बिलमा करीव ४० वटा आइटममा आइटमवाइज २५% भन्दा बढी भेरियसन हुंदा पनि सो को जानकारी विश्व भाषा क्याम्पसलाई नगराएको, प्रचलित त्रि.वि.नियम र टेण्डर डकुमेण्टको शर्त एवं सम्झौता बाझिने गरी Essential Highlight को क्लज २ (ज) बनाई ठेकेदारसंग गर्ने सम्झौता तयार पारेको र भवन हस्तान्तरण गरी सकेकोले सो क्लज २ (ज) मा उल्लेख भए अनुसार २% रिटेन्सन मनी फिर्ता गर्ने राय पेश गरेको देखिएकोले निजको त्यस्तो कार्य अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ (क), (ख), (छ) अन्तर्गतको अनुचित कार्य देखिएकोले निजलाई त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवा सम्वन्धी नियम २०५० को उपनियम ८२ (क) १ अनुसार नसिहत दिन त्रिभुवन विश्वविद्यालयलाई लेखी पठाईएको ।

- विश्वभाषा क्याम्पसको दक्षिण मोहडामा निर्माण भएको एकेडमिक कम कमर्सियल कम्प्लेक्सको फाइनल बिल अनुसार आइटम नं. २ (ब) को परीमाण २२,५४४.३९ क्यू.फि. लाई आइटम नं. २ (द) मा समावेश गरी ठेकेदार श्री गोर्खा शुभ जे.भी. कन्स्ट्रक्सन कम्पनी, ववरमहल काठमाडौंलाई रु.६/०० प्रति क्यू.फि.को हिसावले भुक्तानी भएको देखिएकोले उक्त आइटम नं. २.(ब) को विभागीय रेट रु. २।३५ प्रति क्यू.फि. भएकोमा, बढी भुक्तानी हुन गएको रकम रु. ८२,२८७।०२ निज ठेकेदारसंग ३ महिना भित्र भरि भराउ गरी आयोगलाई जानकारी गराउन त्रिभुवन विश्वविद्यालयलाई लेखी पठाईएको ।

४५. सुकुम्वासी समस्या समाधान आयोग, सुनसरीको मिति २०५८।२।१९ को निर्णयबाट इटहरी वडा नं. ५ (घ) को कि. नं. २७१ कित्ता जग्गाबाट वितरण भएको जग्गालाई मालपोत कार्यालयका तत्कालीन प्रमुख वामदेव शर्मा र नापी शाखा, सुनसरीका प्रमुख भीष्म कार्की र ती दुवै कार्यालयका कर्मचारीहरु समेतको मिलेमतोमा इटहरी वडा नं. ५ (च) को नक्शामा समावेश गरी इटहरी न.पा.वडा नं ५ वस्ने भूमाफिया राम बहादुर चौधरी समेतका नाममा दर्ता गराएको भन्ने उजुरीमा अनुसन्धान हुँदा इटहरी ५ (च) कि.नं. १६ क्षे.फ. ३-१९-० विगाहा खोला जनिई नाप नक्शा भएको जग्गाबाट अञ्चल अदालतको फैसला अनुसार मालपोत कार्यालय सुनसरीबाट भोलवी देवीका नाममा दर्ता भएको जग्गा कि.नं.२३८ क्षे.फ. ०-१८-४ विगाहा जग्गा र पुनः साविक कि.नं. १६ बाट वांकी रहन आएको कि.नं.२३९ ज.वि. ३-०-१६ (खोला जनिएको) जग्गा सुनसरी जिल्ला अदालतको फैसला अनुसार कि.नं.४३७ क्षे.फ. १-१९-२ विगाहा र कि.नं.४३८ क्षे.फ. ०-५-० विगाहा समेत जग्गा क्षे.फ.२-४-२ राम वहादुर चौधरीका नाममा दर्ता भएको । साथै इटहरी वार्ड नं ५ (ङ) कि.नं.१६७ क्षे.फ.१-१५-० वाटो जनिई नाप नक्सा भएकोमा सुनसरी जिल्ला अदालतको फैसला अनुसार क्षे.फ.०-१०-१५ मध्ये राम वहादुर चौधरीका नाममा दर्ता भएको कि.नं. २३९ (११३६) क्षे.फ. ०-८-३ र ०-०-३ समेत जम्मा क्षे.फ.०-८-६ विगाहा जग्गा समेत कुल ३-१०-१२ विगाहा जग्गा नापीका वखतमा सार्वजनिक प्रकृतिको जनिई नाप नक्सा भएकोमा विभिन्न प्रकृयाबाट हालसम्म विभिन्न व्यक्तिका नाममा दर्ता रहेको देखिन आएको र सोही जग्गा मध्ये इटहरी ५ (घ) कि.नं. २७१ कुलो ज.वि.१-७-२ विगाहा मध्येवाट कि.नं. १३८८, १३८९, १३९२, १३९३, १३९४, १३९५, १३९६, १३९७, १३९८, १३९९, १४००, १४०१, १४०२, १४०३, १४०४, १४०५, १४०६, १४०७, १४०८, १४०९, १४१०, १४११, १४१२, १४१३, १४१४,

१४१५, १४१६, ४१७,१ १४१८, १४१९, १४२०, १४२१, १४२२, १४२३, १४२४ , १४२५, १४२६, १४२७, १४२८, १४२९, १४३०, १४३१, १४३२, १४३३, १४३४ १४३५, १४३६, १४३७, १४३८, १४४१, १४४२, १४४३, १४४४, १४४५, १४४६, १४४७, १४४८, १४४९, १४५१, १४५२, १४५३, १४५४, १४५५, १४५६, १४५७, १४५८, १४६०, १४६१, १४६२, १४६३, १४६४, १४६६, १४६७, १३५५, १३५६, १३५७, १३५८, १३५९, १३६०, १३६४,१३६८, १३७२, १३७३ का जग्गाहरु तत्कालीन सुकुम्वासी समस्या समाधान आयोग, सुनसरीको मिति २०५८।३।१९ को निर्णयानुसार सुकुम्वासीहरुलाई वितरण गरेको देखिन आयो । प्रचलित जग्गा प्रशासन निर्देशिका, २०५८ अनुसार मार्जिन खापिएकोमा जुन पहिला तयार भएको हो सो नक्सा सदर हुन्छ । यस्तोमा अघिल्लो नक्सा हुने नक्सावालाले खापिएको भाग जति कट्टा गर्न मञ्जुर गरेमा अघिल्लो खापिएको भाग जति पछिल्लो नक्सावाट कट्टा गर्नु पर्दछ भन्ने प्रावधान रहेको देखिन्छ । साथै सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता हुन गएमा व्यक्ति विशेषको नाममा दर्ता भएको सरकारी वा सार्वजनिक जग्गाको दर्ता मालपोत ऐन २०३४ को दफा २४.(२) वमोजिम स्वतः वदर हुने प्रावधान रहेको हुँदा यसमा जो जे गर्नु पर्दछ प्रचलित कानून वमोजिम ३ महिना भित्रमा कारवाही टुंगो लगाई आयोगलाई जानकारी दिनु भनी मिति २०६२/१२/२ को आयोगको निर्णयानुसार भूमिसुधार तथा व्यस्वस्था मन्त्रालयमा लेखी पठाईएको ।

४६. भ्रष्टाचारको अभियोगमा कसूरदार ठहर भएकी वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा सिनियर क्लर्क पदमा कार्यरत श्रीमती सरस्वती श्रेष्ठलाई भविष्यमा प्रतिष्ठानको नोकरीको लागि अयोग्य नठहरिने गरी प्रतिष्ठानले सजायको आदेश दिएको सम्बन्धमा आयोगमा छलफल हुँदा भ्रष्टाचार ठहर भएको अवस्थामा भविष्यमा सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने व्यवस्थालाई सबै सार्वजनिक संस्थाले अपनाएको र प्रतिष्ठानको नियमावलीमा पनि तद्नुकूलको व्यवस्था रहेको पाईन्छ । निज सरस्वती श्रेष्ठले भ्रष्टाचार निवारण ऐन अनुसार भ्रष्टाचार गरेको ठहर अदालतबाट भई सकेको र त्यस्तो कसूर नैतिक पतन देखिने फौज्दारी अभियोग समेत भएको अवस्थामा त्यस्तो गम्भिर प्रकृतिको कसूरमा निजलाई नियम १०.७ को उपनियम (२) बमोजिम भविष्यमा प्रतिष्ठानको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गर्नु पर्नेमा कुनै द्विविधा छैन । यद्यपि त्यस्तो गम्भिर प्रकृतिको कसूर गर्नेलाई पनि भविष्यमा प्रतिष्ठानको सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने भनी समितिले निर्णय गरेको छ । यस कार्यले समितिको स्वविवेकको दुरुपयोग मात्र नभई अनुचित कार्य समेत भएको देखिन्छ । अतः निज सरस्वती श्रेष्ठलाई नियम १०.७ को उपनियम (२) को खण्ड (ग) र (घ) बमोजिमको कसूरको आरोपमा नियम १०.७ को उपनियम (१) को खण्ड (ङ) बमोजिम भविष्यमा प्रतिष्ठानको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गर्नु पर्ने गरी सजायको आदेश दिन मिति २०६२/१२/२ को आयोगको निर्णयानुसार प्रतिष्ठानलाई लेखिपठाइएको ।

४७. रोजगार प्रवर्द्धन आयोगका तत्कालीन सदस्य सचिव विनोद कुमार भट्टराई समेतले असक्षम कम्पनी अनलिमिटेड न्यूमिडिया प्रा.लि. काठमाडौंसँग अनैतिक साँठगाँठ गरी देशभरिका १,५०० शिक्षित वेरोजगारहरुलाई रोजगारी दिने सम्बन्धमा कागजी जाल परिपञ्च रची योजना तयार गरी राष्ट्रिय ढुकुटीको रकम भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा रोजगार प्रवर्द्धन आयोग र अनलिमिटेड न्यूमिडिया प्रा.लि.का वीच शिक्षित वेरोजगारहरुलाई रोजगार दिने सम्वन्धमा भएका काम कारवाहीहरुमा सम्वद्ध सवै व्यक्तिहरुले आफूले वदनियत राखी लिनु खानु

गरी भ्रष्टाचार गरे भन्ने कुरा अनुसन्धानबाट स्थापित हुन नसकेको तथा महालेखा परीक्षकको विभागको वार्षिक प्रतिवेदन २०६१ (आ.ब. २०५९।६०) मा उक्त रकम वेरुजू देखिएको र सो वेरुजू रकम ठेकेदार कम्पनी अनलिमिटेड न्यूमिडियाबाट असूल उपर गर्नु पर्ने भनी उल्लेख गरेको देखाएको पाइएको र ठेकेदार तथा रोजगार प्रवर्द्धन आयोग वीच मध्यस्थता सम्वन्धी प्रक्रिया पनि शुरु भैरहेको देखिएबाट लेनदेनको विषय टुङ्गिन सक्ने नै देखिएको भएतापनि ती व्यक्तिहरुका अनुत्तरदायी र हचुवा काम कारवाहीहरुले नेपाल सरकारद्वारा गरिएको लगानीबाट कुनै प्रतिफल प्राप्त हुन नसकेकोले ती व्यक्तिहरुबाट अनुचित कार्य भए गरेको देखिन आयो। तसर्थ त्यस्तो अनुचित कार्य गर्ने व्यक्तिहरु मध्ये धेरै जसो व्यक्तिहरु हाल पदमा नरहेको अवस्थामा मूल रुपमा अधिकांश समय संलग्न राष्ट्रिय योजना आयोगका तत्कालीन उपाध्यक्ष एवं रोजगार प्रवर्द्धन आयोगका तत्कालिन अध्यक्ष पृथ्वीराज लिगल, रोजगार प्रवर्द्धन आयोगका सदस्य सचिव विनोद कुमार भट्टराई र तत्कालीन लेखा अधिकृत राजेन्द्र कुमार भट्टराई समेतले यस विषयमा गरेका अनुत्तरदायी कामको रेकर्ड राख्नका लागि आयोगको मिति २०६२/१२/२ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद सचिवालयमा लेखी पठाईएको।

४८. नेपाली सैनिक, गठ्ठाघरका ना.सु. देवीप्रसाद लुइँटेलले बैंकबाट रकम भुक्तानी लिने चेकहरु कीर्ते गरी पटक पटक कार्यालयको वास्तविक खर्च भन्दा बढी रकम भुक्तानी लिई हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुँदा श्री कार्यरथि विभाग (प्राड विवाक), नेपाली जंगी अड्डाबाट ना.सु. देवीप्रसाद लुइटेलले चेक किर्ते गरी वास्तविक खर्च भन्दा बढी रकम बैंकबाट भुक्तानी लिएको सम्बन्धमा छानविन गर्न गठित समितिले ना.सु. देवीप्रसाद लुइटेलले बैंकबाट बढी रकम झिक्न तैयार गरेको कागजात स्वीकृत गर्ने कार्यालय प्रमुखहरुलाई कारवाही हुनु पर्ने भनी प्रतिवेदन पेश गरेको देखिँदा आ.ब. २०५३।०५४ देखि आ.ब. २०६१।०६२ सम्म नेपाली सैनिक गठ्ठाघरमा कार्यरत जिम्मेवार सैनिक अधिकृतहरुका साथै बढी रकम बैंकबाट भुक्तानी लिईएको केही चेकहरुमा दस्तखत गर्ने प्र.सु. गोविन्द बहादुर अधिकारी र अ.उ.से.इन्द्रवहादुर खत्रीका सम्बन्धमा जे जो कारवाही गर्नु पर्ने हो सो गर्ने प्रयोजनका लागि ना.सु.देवीप्रसाद लुँइटेल समेतका व्यक्तिहरुले गरेको बयान लगायत सम्पूर्ण प्रमाण कागजातहरुको छायाँ प्रतिहरु कार्यरथी विभाग (प्राड विवाक) नेपाली जंगी अड्डामा पठाइएको। साथै गोश्वारा भौचर र चेकहरुको अधकट्टीमा थोरै रकम उल्लेख भएकोमा बैंकबाट बढी रकम भुक्तानी भएको बैंक स्टेटमेण्टहरुबाट देखिएको, त्यस्तै बैंक नगदी कितावमा अघिल्लो महिनाको खर्च पछिल्लो महिनामा अ.ल्या. सार्दा रकम थप गरी बढी अ.ल्या. सारेको, कार्यालयमा रहने खर्चको फाँटवारी वास्तविक खर्चको आधारमा तैयार गरी रक्षा लेखा नियन्त्रक कार्यालयमा पठाउने खर्चको फाँटवारी बैंकबाट बढी रकम भुक्तानी लिएको आधारमा तैयार गरी पठाईएको भन्ने सम्बन्धित श्रेस्ताहरुबाट स्पष्ट रुपमा देखिएकोमा आ.ले.प.गर्ने रक्षा लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखा परिक्षण गर्ने महालेखा परीक्षकको विभागका लेखा परीक्षण गर्ने कर्मचारीहरुले तत्सम्बन्धमा कुनै प्रतिकृया नजनाई लेखा परिक्षणको कार्य सम्पन्न गरेको देखिन आएकाले उल्लेखित कार्यालय र विभागका नेपाली सैनिक गठ्ठाघरको आ.ब. २०५३।०५४ देखि आ.ब. २०६१।०६२ सम्मको लेखा परिक्षण गर्ने कर्मचारीहरु को को हुन ? निजहरु उपर जे जो कारवाही गर्नु पर्ने हो गर्नु भनी श्रेस्ताहरुको छायाँ प्रतिहरु समेत प्रेषित गरी आयोगको मिति २०६२/१२/८ को निर्णयानुसार रक्षा लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको विभागमा लेखी पठाईएको।

४९. मकालु बरुण राष्ट्रिय निकुञ्ज, संखुवासभाको मध्यवर्ति क्षेत्रको व्यवस्थापन कार्य योजना काल्पनिक रुपमा तयार गरी गैर सरकारी संस्थाबाट प्राप्त रकम सो कार्यालयका तत्कालिन प्रमुखले लिई भ्रष्टाचार गरे भन्ने बिषयको उजुरी उपर अनुसन्धान हुँदा कतिपय मन्त्रालय, बिभाग तथा कार्यालयहरुले बिभिन्न अन्तराष्ट्रिय गैरसरकारी संस्था लगायत अन्य अन्तराष्ट्रिय संस्थाहरुबाट आर्थिक सहयोग रकम स्वीकार गर्दा भैरहेको कानूनको परिपालन नगरी सोझै सहयोग रकम लिने र सो रकम आफ्नै खातामा राखी आफू खुशी खर्च गर्ने गरेको अनुसन्धानबाट देखिएकोले यसरी सहयोग स्वीकार गर्दा कानूनी प्रकृया अवलम्वन गरी लिने परिपाटी बसाल्ने तर्फ आवश्यक व्यवस्था मिलाउन आयोगको मिति २०६२/१२/९ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाईएको ।

५०. प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषदमा वरिष्ठतम् कर्मचारीलाई कार्यकारी निर्देशक नतोकी कनिष्ठलाई तोकिएको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् ऐन, २०४५ को दफा ८ (क) २ अनुसार परिषदको कार्यकारी निर्देशक नियुक्त नभएसम्म परिषदका अध्यक्षले परिषदमा वरिष्ठतम् कर्मचारीलाई कार्यकारी निर्देशकको रुपमा काम गर्न तोक्न सक्नेछ भन्ने उल्लेख भएकोमा परिषदका अध्यक्ष तथा शिक्षा तथा खेलकूद मन्त्रालयका निमित्त सचिवको ०६२।११।४ को निर्णयले परिषदमा कार्यरत तेस्रो वरिष्ठतम् कर्मचारी जय वहादुर टण्डनलाई कार्यकारी निर्देशक तोकिएको देखिएको हुंदा आयोगको मिति २०६२/१२/९ को निर्णयानुसार आवश्यक कार्यार्थ शिक्षा तथा खेलकूद मन्त्रालयमा लेखिपठाईएको ।

५१. नेपाल वायुसेवा निगमका एयर क्राफ्ट ईन्जिनियर बद्री बहादुर कार्कीले निगमबाट घर भाडा लिंदा, निगमले स्पष्ट गर्न लेख्दा र यस आयोगमा वयानको क्रममा समेत पेश नगरेको घर भाडाको भरपाई पेश गर्ने, उक्त एपार्टमेण्टमा रहेको टेलिफोनको कार्यालय समय अघि पछि उपभोग गर्ने गरी एपार्टमेण्टमा बसी दोहोरो सुविधा लिएको देखिएकोले प्राविधिक अधिकृत वसन्तराम कार्कीले आफू उक्त कम्प्लेक्सको एपार्टमेण्टमा बसेको र रकम तिर्न सकारिरहेको तथा निरञ्जन प्रसाद रेग्मीले पनि कम्प्लेक्समा बसेको सकार गरेकोले निज तीनै जनाबाट दोहोरो सुविधा लिएको रकम (बद्री बहादुर कार्कीबाट रु.९९,९३३।-, वसन्तराम कार्कीबाट रु.६०,१००।- र निरञ्जन प्रसाद रेग्मीबाट रु.३५,०००।-) तीन महिना भित्र असूल उपर गरी आयोगलाई जानकारी गराउन आयोगको मिति २०६२/१२/१० को निर्णयानुसार नेपाल वायुसेवा निगमलाई निर्देशन दिईएको ।

५२. काठमाडौं जिल्ला, सिनामंगल स्थित श्री गुह्येश्वरी उच्च माध्यमिक विद्यालयका प्र.अ. पद्मराज भुषालले विभिन्न समयमा विद्यालयको रकम हिनामिना गरी अकूत सम्पत्ति कमाए भन्ने सम्वन्धमा अनुसन्धान गर्दा आयोगको मिति २०६२/१२/११ को निर्णयानुसार देहाय वमोजिम गर्न लेखी पठाईएको :

- गुह्येश्वरी उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक पद्मराज भुषालले अनुचित कार्य गरी कानूनले तोकेको भन्दा वढी भत्ता लिएको र आफू अधिनस्थ लेखापाल गौतम भट्टलाई समेत त्यस्तो भत्ता दिलाएको देखिएकोले उक्त वढी रकम असूल उपर गरी विद्यालयको कोषमा दाखिला गर्ने र निज भुषाललाई शिक्षा ऐन, २०२८ को दफा १६ (ज) को उपदफा (३) बमोजिमको अवस्था परेकोले निजको निलम्वन फुकुवा गरी अन्यत्र सरुवा गर्ने र विद्यालयमा हाल कार्यरत शिक्षक, शिक्षिकाहरु समूह समूहमा विभाजित भै

तनावपूर्ण स्थितिमा विद्यालय रहेको कुरा अनुसन्धानवाट देखिएकोले उक्त विद्यालय भन्दा वाहिर कार्यरत सक्षम शिक्षकलाई प्रधानाध्यापकमा नियुक्ति गरिएमा विद्यालय सुचारु रुपले संचालन हुन सक्ने तर्फ जिल्ला शिक्षा कार्यालय, काठमाडौंलाई सुझाव दिने र लेखा शाखाको काम गर्न तोकिएका अस्थायी शिक्षक गौतम भट्टलाई सेवावाट हटाउने आवश्यक व्यवस्था गर्न जिल्ला शिक्षा कार्यालय, काठमाडौंलाई लेखिपठाईएको ।

- विद्यालय व्यवस्थापन समितिको गठन प्रकृया अध्ययन गर्दा २०६२।३।११ मा वोलाइएको अभिभावकको भेला कुन प्रयोजनका लागि वोलाइएको र कुन कुन विषयमा छलफल तथा निर्णय भयो भनी उल्लेख नै नगरी प्र.अ. को अध्यक्षतामा गठित छनौट सहयोग समितिले सर्वसम्मत भयो भनी व्यवस्थापन समिति गठन गरेको देखिएकोले शिक्षा ऐन, २०२८ बमोजिम रित पूर्वकको विद्यालय व्यवस्थापन समिति गठन गर्न क्षेत्रीय शिक्षा निर्देशकलाई लेखिपठाईएको ।
- श्री गुह्येश्वरी उच्च माध्यमिक विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार लिइने विद्यार्थी भर्ना फाराम वितरण वापत प्राप्त रकम स्वेच्छाचारी ढंगले विद्यालयका पियन तोयानाथ चौलागाइ मार्फत खर्च गर्ने निर्णय कानूनसम्मत नभएकोले त्यस्तो रकम विद्यालयमा आम्दानी वाँधी शैक्षिक कार्यमा प्रयोग गर्न निर्देशन दिनु भनी जिल्ला शिक्षा अधिकारीलाई लेखी पठाईएको ।
- शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ बमोजिम विद्यालयको सम्पत्तिको संरक्षण गर्नु पर्ने जिम्मेवारी पूरा नभएको देखिएकोले, विद्यालयको सम्पत्तिको संरक्षण गर्न आवश्यक व्यवस्था मिलाउन जिल्ला शिक्षा कार्यालयलाई निर्देशन दिईएको ।
- विद्यालयवाट विक्री गरिने टाई, वेल्ट, पुस्तक आदि पियन तोयानाथ चौलागाईं मार्फत विक्री गरेको देखिएकोले त्यसको हिसाव किताव पारदर्शी ढंगले राखी विद्यालयको शैक्षिक कार्यमा खर्च गर्न व्यवस्थापन समितिलाई निर्देशन दिईएको ।
- विद्यालयमा कार्यरत नै नरहेका शिक्षकहरुको नामवाट तलव माग गरी आफू खुसी भर्ना गरिएका शिक्षकहरुलाई वितरण गर्ने गरेको कुरा अनुसन्धानवाट देखिएकोले मुलुक भरका विद्यालयहरुमा यस्तो अव्यवस्था हुन नदिन र खुल्ला विज्ञापनबाट प्रतिस्पर्धात्मक व्यवस्था गरेर मात्र शिक्षक भर्ना गर्ने प्रभावकारी व्यवस्था अवलम्वन गर्नु भनी शिक्षा विभागलाई लेखी पठाईएको ।

५३. नेपाल बैंक लिमिटेड, भेडासिं शाखाबाट ऋण लिंदा शिखर टेक्स्टाईल उद्योगका प्रो.कुल प्रसाद पौडेलले धितो सुरक्षण दिएको जग्गाको नापी नक्सा सच्याई बैंक ठगी गरे भन्ने मुद्दा जिल्ला सरकारी वकिल कार्यालयबाट जिल्ला अदालत काठमाडौंमा पेश गरी उक्त जग्गाको मूल्यांकन प्रकृयामा संलग्न बैंकका कर्मचारीहरु, इन्जिनियर, चार किल्ला प्रमाणित गर्ने सम्बन्धित गा.वि.स. तथा न.पा.का पदाधिकारीहरु समेत भ्रष्टाचारजन्य कार्यमा संलग्न भए भन्ने विषयमा , नभएको वारे अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय हनुमानढोकाको पत्रानुसार अनुसन्धान हुंदा कीर्ते कागजात पेश गरी रु.२०,००,०००।- बैंकबाट ठगी गरेको सम्बन्धमा शिखर टेक्स्टाईल उद्योगका प्रो.कुल प्रसाद पौडेल विरुद्ध ठगी मुद्दा दायर गरिसकेको, पेश भएको चार किल्ला प्रमाणित कागजात नक्कली भएको र बैंकका कर्मचारीहरुले निजले पेश गरेको कागजातबाट मूल्यांकन गरेकोमा नेपाल बैंक लिमिटेडबाट ऋणीले पेश गरेको कागजात, नाप नक्सा, चारकिल्ला प्रमाणित, लालपूर्जा, मालपोत तिरेको रसिद सम्बन्धित कार्यालयको अभिलेखसंग भिडाउने

प्रावधान नरहेको कारणवाट बैंक ठगी गर्ने गरेको देखिएकोले अव उप्रान्त ऋण माग गर्दा पेश गरिएका कागजातहरु सक्कली हुन/होइनन् भन्ने कुरा वैक आफैंले सम्बन्धित कार्यालयसंग एकिन गराएरमात्र ऋण प्रवाह गर्न आफ्नो नियम, निर्देशिकामा आवश्यक व्यवस्था गर्नु भनी आयोगको मिति २०६२/१२/१३ को निर्णयानुसार नेपाल बैंक लिमिटेड, केन्द्रीय कार्यालयलाई लेखी पठाइएको ।

५४. भक्तपुर जिल्ला, बालकुमारी गा.वि.स. वार्ड नं. ६ का कि.नं. ७१३, ६२५, ६२३, ६७० र ६७९ का जग्गाहरुमा किर्ते मानिस खडा भई मालपोत कार्यालय, भक्तपुरका कर्मचारीहरु समेतको मिलेमतोमा ठगी गरेको हुँदा कारवाही गरिपाउँ भन्ने रेखा ओली समेतको उजुरी उपर अनुसन्धान हुँदा ना.सु. भूप बहादुर वोगटीले र खरिदार रामहरी उपाध्यायले काठमाडौंका मूलपानी, कपन, चपली, भद्रकाली, गोठाटार आदि ठाउँका जग्गा खरिद बिक्रीको काममा पटक पटक संलग्न हुने गरेको देखिएका र निजहरुको हैसियत एवं अवस्था मालपोत कार्यालयका कर्मचारीको जस्तो नदेखिई जग्गाको खरिद बिक्रीको कारोबार गर्ने ब्यवसायीको जस्तो देखिन आएको र जग्गा खरिद बिक्रीको कारोबारमा निजहरुको संलग्नतालाई निरन्तरता दिन उपयुक्त नहुने हुँदा अब निजहरुको पदाधिकार कायम गर्दा उल्लेखित संलग्नतालाई ध्यान दिन आयोगको मिति २०६२/१२/२२ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाईएको ।

५५. स्वास्थ्य सेवा विभाग अन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका प्रमुख डा.महेन्द्रबहादुर विष्टले सार्स नियन्त्रणको लागि रु. १,११,००,०००।- आफ्नै नाममा पेश्की लिई कार्यक्रम नै नगरी कीर्ते विल बनाई हिनामिना गरेकोले कारवाही गरि पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा निज डा.महेन्द्रबहादुर विष्टले सार्स रोग नियन्त्रण र रोकथाम सम्वन्धी तालीम कार्यक्रम संचालन गर्न लिएको पेश्की रु.१८ लाख मध्ये रु. १,८४,७३४।५० रकम वैंकमा फिर्ता दाखिला गरी पेश्की फछ्र्यौट भई निजको नाममा पेश्की वाँकी नरहेको र दातृ पक्ष ए.डि.बि.वाट सो खर्च समर्थन भएको पत्र समेत पेश भएवाट कार्यक्रम नै नगरी किर्ते विल बनाई हिनामिना गरेको भन्ने उजुरी तथ्यमा आधारित भएको देखिएन । तर आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ (२) वमोजिम प्रत्येक कार्यालयले सवै प्रकारको आय/व्यय को तोकिए वमोजिमको लेखा र आर्थिक विवरण पेश गरी महालेखा परीक्षकको विभागवाट अन्तिम लेखा परीक्षण गराउनु पर्नेमा समयमै लेखापरीक्षण गराएको नदेखिएकोले लेखापरीक्षण गराई जानकारी दिन स्वास्थ्य सेवा विभागका महानिर्देशकलाई निर्देशन दिन र त्यस्तो कृयाकलाप दोहरिन नदिन आयोगको मिति २०६२/१२/२८ को निर्णयानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाईएको ।

५६. भ्रष्टाचार नियन्त्रण सम्बन्धी विषयलाई विद्यालय तथा विश्वविद्यालय तहको पाठ्यक्रममा समावेश गर्ने सम्बन्धी प्रस्तावको मस्यौदा उपर आयोगमा छलफल भै भष्टाचार एवं अनुचित कार्यलाई निरोधात्मक तथा उपचारात्मक ढंगबाट नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्न विद्यालय तथा विश्वविद्यालयस्तरका विद्यार्थीहरुलाई भ्रष्टाचार एवं अनुचित कार्य र यसले समाजमा पार्ने दुष्प्रभावको ज्ञान दिलाउनु आवश्यक देखिन्छ । साथै भ्रष्टाचार एवं अनुचित कार्य नियन्त्रणका लागि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा भएका प्रयासका साथै यसमा युवा विद्यार्थीहरुको भूमिकाका बारेमा चेतना प्रवाह गर्नु पनि जरुरी देखिन्छ । अतः भ्रष्टाचार एवं अनुचित कार्य नियन्त्रण गरी सदाचार, नैतिकता, अनुशासन कायम गर्दै सुशासन प्रवर्द्धन गर्न भ्रष्टाचार तथा अनुचित कार्य नियन्त्रण सम्बन्धी विषयलाई विद्यालय तथा विश्वविद्यालय स्तरको पाठ्यक्रममा समावेश गर्न उपयुक्त देखिंदा आयोगमा पेश भएको प्रस्तुत मस्यौदा आयोगको मिति

२०६२/१२/२८ को निर्णयानुसार आवश्यक कारवाहीको लागि शिक्षा तथा खेलकूद मन्त्रालयमा लेखी पठाईएको ।

५७. आयोगको मिति २०६०/११/१५ को निर्णयानुसार भंसार छली चोरी पैठारी भै संचालनमा रहेका र चोरी पैठारीको आशंकामा पक्राउ परी विभिन्न भंसार कार्यालयहरुमा रहेका सवारी साधनहरु मध्ये मिति २०५९/०७/२१ मा क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय, बुटवलबाट पक्राउ भै भंसार कार्यालय रुपन्देहीमा रहेको लु.१ ज. ४२४ जीप सम्बन्धमा अनुसन्धान हुँदा उक्त लु.१ज. ४२४ जीप मिति २०५४/१/२४ मा यातायात व्यवस्था कार्यालय, भेरीको सरुवा सहमति पत्रका आधारमा भे.अ.च. १०१ नम्बरबाट लुम्बिनी अञ्चलमा दर्ता हुन आएको तथा भेरी अञ्चलमा लु.अ.ज. १७ बाट सरुवा सहमती लिई दर्ता भएको देखिन आएको र अनुसन्धानका क्रममा शुरु दर्ता गर्दाको फाइल कागजातका लागि अञ्चल यातायात व्यवस्था कार्यालय, लुम्बिनीलाई पत्राचार गरिएकोमा मिति २०६०/०५/३० मा अज्ञात व्यक्तिहरुको समूहले उक्त कार्यालयमा लुटपिट र आगजनी गर्दा सो फाइल नष्ट भएको व्यहोरा पेश हुन आएको हुंदा यसमा थप प्रमाण कागजात प्राप्त हुन सक्ने अवस्था नरहेकोले उल्लेखित जीप सम्बन्धमा प्रचलित कानून बमोजिम गर्न आयोगको मिति २०६३/१/११ को निर्णयानुसार भन्सार कार्यालय, रुपन्देहीमा लेखी पठाईएको ।

५८. घरेलु तथा साना उद्योग कार्यालय, काभ्रेपलाञ्चोकले विभागीय कार्यविधि दिग्दर्शन, २०६० मा स्पष्ट व्यवस्था हुदाँ हुँदै वनेपा न.पा.-११ मा वनजन्य कच्चा पदार्थमा आधारित हंस भेनियर उद्योग मिति ०६१।७२४ मा दर्ताको निर्णय गरी अनियमित कार्य गरेको सम्वन्धमा अनुसन्धान हुँदा वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३ संग सम्वन्धित अनुसूची २ मा कच्चा पदार्थको लागि वनमा आधारित र प्रशोधनविधि प्रयोग हुने वन क्षेत्रको १ कि.मी. भित्र स्थापना गर्ने रोजिन, टर्पेन्टाइन प्लाइउड, भेनियर समेतका उद्योग स्थापना गर्न वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने भन्ने प्रावधान रहेको साथै घरेलु तथा साना उद्योग विभागको कार्यविधि दिग्दर्शन, २०६० को नियम १०.५.८ को खण्ड ग मा वन क्षेत्रवाटै वन पैदावार उपलब्ध गराउन पर्ने उद्योगलाई तराई तथा भित्री मधेशमा वन क्षेत्रवाट कम्तीमा ५ कि.मी. टाढा र पहाडमा ३ कि.मी. टाढा हुनुपर्ने र यस्तो उद्योग दर्ताको जानकारी वन विभाग तथा जिल्ला वन कार्यालयलाई अनिवार्य रुपले दिनुपर्ने प्रावधान रहेकोमा घरेलु तथा साना उद्योग कार्यालयवाट वन क्षेत्रवाट ८०० मीटर भित्र स्थापना भएको उद्योगलाई १ कि.मी. टाढा उद्योग संचालन गर्नु पर्ने शर्त राखी उद्योग दर्ता गरेको पाईएकोले घरेलु तथा साना उद्योग विभागलाई सो विभागको कार्यविधि दिग्दर्शन तथा वातावरण संरक्षण नियमावली, २०५४ मा व्यवस्था गरिएको प्रावधान अनुरुपको प्रक्रिया अवलम्वन गरी सो कार्यविधि दिग्दर्शन समेतमा उल्लेखित दूरीमा सो उद्योग सार्न लगाइ सारी सकेपछि मात्रै उक्त उद्योग संचालन गर्ने गरी उक्त हंस भेनियर उद्योग को उत्पादन तथा संचालन तुरुन्त रोक्न लगाउने र सो कारवाहीको जानकारी आयोगलाई गराउन आयोगको मिति २०६३/१/१२ को निर्णयानुसार घरेलु तथा साना उद्योग विभागलाई लेखिपठाइएको ।

५९. काठमाण्डौ महानगरपालिका र काठमाण्डौ उपत्यका नगर विकास योजना कार्यन्वयन समितिका कर्मचारीहरुको मिलोमतोमा मापदण्ड विपरीत निर्माण भएका घरहरुको निर्माण सम्पन्न प्रमाणपत्र दिएकाले स्थलगत निरीक्षण गरी आवश्यक कारवाही गरी पाउं भन्ने विषयको उजुरी निवेदन उपर अनुसन्धान हुँदा काठमाडौं महानगरपालिका वडा नं. २९ गोंगबुमा रहेको कि.नं. २०६३

को विविमाया गुरुङ तथा कि.नं. २०६४ का स्वरुप गुरुङ र गङ्गा लामिछाने कोनेले उक्त जग्गाहरुमा घर निर्माण गर्न नगर विकासको मापदण्ड बमोजिम महानगरपालिकाबाट मिति २०६१।५।२३ गते नक्सा अनुसार निर्माण कार्य गर्न स्वीकृति दिएकोमा स्वीकृत भएको नक्सा विपरीत गई सो घरहरु निर्माण गरेको देखिन आयो । काठमाण्डौ उपत्यका नगर विकास योजना कार्यन्वयन समितिको मिति ०६२।१२।२५ को पत्रसाथ प्राप्त फाइल हेर्दा उक्त मापदण्ड विपरीत गई निर्माण भएको घरको सम्बन्धमा सो समितिबाट नगर विकास ऐन २०४५ को दफा १०.१ र १८.१ बमोजिम मिति २०६१।९।२८ देखि सो सम्बन्धमा कारवाहीको थालनी गरेको देखिएतापनि लामो समय लगाई उक्त कारवाहीमा ढिला सुस्ती गरी हालसम्म पनि टुङ्गो लगाएको नदेखिदा उल्लेखित मापदण्ड विपरीत गई निर्माण भएको घरहरुको सम्बन्धमा प्रचलित कानून बमोजिम जे जो गर्नु पर्ने कारवाही ३ (तीन) महिना भित्र सम्पन्न गरी आयोगलाई जानकारी पठाउनु भनी आयोगको मिति २०६३/१/१३ को निर्णयानुसार काठमाण्डौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिलाई लेखी पठाईएको ।

६०. गोरखापत्र संस्थानमा आर्थिक तथा प्रशासनिक अनियमितता गरी तत्कालिन महाप्रवन्धक किशोर नेपालले भ्रष्टाचार गरे भन्ने उजुरी उपर अनुसन्धान हुँदा गोरखापत्र संस्थानले आफ्नो प्रकाशनहरु (द राइजिङ नेपाल र गोरखापत्र) रंगिन रुपमा प्रकाशित गर्न नेपाल सरकारको नीति अनुरुप संचालक समितिको निर्णय वमोजिम वेभ अफसेट मेशिन, फिल्म प्रोसेसर मेशिन, इमेज सेटर, स्क्यानर, पि.एस. पोजिटिभ प्लेट, डेभलपर लगायतका विभिन्न मेशिनहरु, गाडी र न्यूज प्रिन्ट आदि खरिद गरेको देखियो । उपरोक्त मेशिन तथा वस्तुहरु मध्ये फिल्म प्रोसेसर मेशिन, इमेज सेटर, स्क्यानर मेशिन खरिद गर्दा संस्थानको आर्थिक विनियमावली, २०४३ को विनियम ५.१(ङ) वमोजिम सिल्ड कोटेशनको प्रकृया अवलम्वन नगरी कम्पनीवाट सोझै प्रोफर्मा इन्भ्वाइस झिकाई सोही आधारमा मेशिनहरु खरिद गरेको देखिदा सो कार्य उक्त विनियमावलीको प्रतिकूल हुनुकासाथै अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को (छ) वमोजिमको अनुचित कार्य समेत गरेको स्पष्ट हुन आयो । अतः आर्थिक विनियमावली २०४३, को सामान्य प्रकृया (सिल्ड कोटेशन) अवलम्वन गरी खरिद गर्न सकिने सम्भावना रहँदा रहँदै पनि विनियमावलीमा भएको प्रावधानको गलत व्याख्या गरी आफूलाई अनुकूल हुने विनियमको सहायता लिई खरिद गर्न आदेश दिने तत्कालिन महाप्रवन्धक किशोर नेपाल, सिल्ड कोटेशनवाट खरिद गर्न समयभावको कारणले असम्भव भएको भनि खरिद शाखावाट उठाएको टिप्पणी उपर कुनै सन्देह नगरी निर्णयका लागि महाप्रवन्धक समक्ष सिफारिस गर्ने तत्कालिन नायव महाप्रवन्धक हुमवहादुर वस्याल र प्रशासन महाशाखाका तत्कालिन प्रमुख कृष्ण अर्याल तथा मेशिनहरु खरिद गर्न महाप्रवन्धकवाट आदेश भई सकेपछि यथाशीघ्र खरिद गर्न अग्रसर हुनु पर्नेमा ढिला सुस्ती गरी समयाभावको कारणले सिल्ड कोटेशनको प्रकृयावाट खरिद गर्न सम्भव नभएको भनि आदेश वमोजिम टिप्पणी उठाउने खरिद शाखाका अधिकृत पोष्टजंग सिंह सहित सवैलाई विभागिय कारवाहि गर्नुपर्ने देखिए तापनि अधिकांश कर्मचारीहरु पद निवृत्त भएको देखिएकोले खरिद कार्यमा प्रमुख जिम्मेवार रहेका तत्कालिन महाप्रवन्धक किशोर नेपाललाई भविष्यमा सार्वजनिक पदमा नियुक्ति नगर्ने प्रयोजनको लागि अभिलेख राख्न आयोगको मिति २०६३/१/२४ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाईएको ।

६१. जल उत्पन्न प्रकोप नियन्त्रण विभागका तत्कालिन महानिर्देशक आमोदानन्द मिश्रले गिरुवारी नदी नियन्त्रण योजना र दोधारा नदी किनार बचाउ कार्यको अनियमित तवरले प्राविधिक प्रस्तावको

मूल्याङ्कन गरी रकम लिनु खानु गरी भ्रष्टाचार गरेको भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा उक्त कामको बोलपत्र कागजातको भोलम-१ सेक्सन-२ को बुँदा नं. २२ थ्रेसहोल्ड क्राईटेरियाको बी. बमोजिम विगत ५ बर्षमा ५ करोड भन्दा कम रकमको नदी नियन्त्रण सम्बन्धी कार्य गर्ने ठेकेदारको प्रस्ताव स्वतः अस्वीकृत हुने गरी मूल्याङ्कनको आधार स्वीकृत भएको हुँदा सो शर्त पूरा नगर्ने फर्महरुको प्राविधिक प्रस्ताव र जनरल एक्सपेन्स अन्तर्गत ५०% अङ्क प्राप्त गर्न नसकेको सन्तोषी निर्माण सेवा प्रा.लि. एवं अनुभव तर्फ लिड पार्टनरले ४०% अङ्क प्राप्त गर्न नसकेको डि.एस. एण्ड सूर्य जे.भी. समेत अयोग्य भएको देखियो । बीडिङ कागजातमा स्पष्ट उल्लेख भएको आधार लिई मूल्याङ्कन गरेको ब्यहोरा मनासिवै देखिएको तथा ठेकेदारले पेश गरेका अनुभवका कागजातहरु सक्कलसँग भिडाई सक्कल कागज पेश गरेकोलाई मात्र अङ्क दिई मूल्याङ्कन भए गरेकोले जम्मा ६ वटा फर्म संलग्न भएको मध्ये २ वटा ज्वाइन्ट भेन्चर र एउटा सिंगल फर्म गरी ३ वटा कम्पनी गिरुवारी नदी नियन्त्रण कार्यमा र १० वटा फर्म संलग्न भएको मध्ये ३ वटा ज्वाइन्ट भेन्चर र एक वटा सिंगल फर्म गरी ४ वटा कम्पनी दोधारा गाउँ नदी किनार वचाउ कार्यमा प्रिक्वालिफाई भएको । ए.एन.के. कन्स्ट्रक्शन कंपनी प्रा.लि. एक्लैले पश्चिमाञ्चल डिभिजन सडक कार्यालय नं. १, तनहुँ, दमौली अन्तरगत कलेस्ती खोलामा स्टील ट्रसको पुल निर्माण गरेको र सो पुल निर्माण अन्तरगत रु. १,०७,२९,४२५।७४ को नदी नियन्त्रणको काम गरेको समेत भनी गलत ब्यहोराको पत्र तैयार गरी दोधारा नदी किनार वचाउ कार्यको प्राविधिक प्रस्तावसाथ अनुभवको प्रमाणपत्रस्वरुप पेश गरेको देखियो । जबकि सो पुल उक्त फर्म एक्लैले नभै शर्मा एण्ड कम्पनी प्रा.लि. सँगको ज्वाइन्ट भेन्चरले निर्माण गरेको र रु. ४,३७,५८६।४० को मात्र नदी नियन्त्रण कार्य गरेको देखियो । त्यस्तै गरी तामाङ्ग कन्स्ट्रक्शन प्रा.लि. ले बर्दीबास-जलेश्वर-जनकपुर-धनुषाधाम फिडर रोड प्रोजेक्ट अन्तरगत रु. ६,७९,४६,१२६।८६ को जलाद र जाधर पुल निर्माण समेतको कार्य गरेको भनी १७ जुलाई २००० को पत्र र डिभिजन सडक कार्यालय नं. ४ अन्तरगत रु. ६,०९,६१,५९१।९६ को भक्तपुर-नगरकोट सडक पुन निर्माण कार्य समेत गरेको भनी मिति ०५४।४।१८ को पत्र तैयार गरी पिक्युको प्राविधिक प्रस्ताव साथ संलग्न गरेको देखियो । अनुसन्धानबाट उक्त दुवै पत्रहरु सम्बन्धित कार्यालयबाट जारी गरेको नभई ठेकेदार आफैले तयार पारेको देखिन आएकोले उल्लेखित कागजात पेश गर्ने ठेकेदारहरु उपर सम्बन्धित ऐन अनुसार कारवाही गर्न आयोगको मिति २०६३/१/३१ को निर्णयानुसार भौतिक योजना तथा निर्माण मंत्रालयमा लेखी पठाईएको ।

६२. जनकपुर नगरपालिकाका आर्किटेक्चरल ओ.सि. सुनिल कुमार ठाकुरलाई मिति २०४८।५।१ देखि सिभिल ओभरसियरको पदमा मासिक ज्यालादारीमा नियुक्त गरी मिति २०४८।८।१ देखि अस्थाई नियुक्ति भई कार्यरत रहेकोमा निजको योग्यता विपरीतको सिभिल ओभरसियर पदमा पदपूर्ति सम्वन्धी अपनाउनु पर्ने कुनै किसिमको प्रक्रिया नपुऱ्याई मिति २०५१।११।२४ को निर्णयानुसार स्थायी नियुक्ति दिएको साथै निजको यस भन्दा अगाडि देखि सर्टिफिकेट समेत छानविन हुँदा हुँदै पनि हाल सम्म कुनै कारवाही नगरिएको हुँदा कारवाही गरी पाउँ भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा सुनिल कुमार ठाकुरलाई स्थायी नियुक्ति गर्ने क्रममा तत्काल कार्यरत कार्यकारी अधिकृत शिव दत्त भट्टराई तथा नगरपालिकाका प्रमुख वृषेश चन्द्र लालले तत्काल प्रचलित नगरपालिका ऐन २०४८ को दफा ७३ (३) तथा नगरपालिका (कार्य व्यवस्था) नियमावली २०४९ को नियम ४, ६ तथा ७ मा भएको कानूनी व्यवस्थाका विपरित अस्थायी ओ.सि. पदमा कार्यरत सुनिल कुमार ठाकुरलाई गैह्र कानूनी रुपमा सिधै स्थायी नियुक्ति दिनका लागि राय पेश

गर्ने तथा राय सदर गर्ने गरेको र सो क्रममा निजको शैक्षिक योग्यताको प्रमाणपत्र समेत उक्त सिभिल ओभरसियर पदको लागि निर्धारण भए अनुसारको नदेखिएको साथै निजको सक्कल शैक्षिक योग्यताको प्रमाणपत्र आदि समेत नहेरी नियुक्ति दिने कार्य गरेवाट झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्रका आधारमा ओ.सि. सुनिल कुमार ठाकुरले स्थायी नियुक्ति पाएको समेत देखियो । निज कार्यकारी अधिकृत शिव दत्त भट्टराई र नगर प्रमुख वृषेशचन्द्र लालले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को उपदफा (क) (ख) (ग) अनुसारको अनुचित कार्य गरेको देखिंदा आयोगको मिति २०६३/२/४ को निर्णयानुसार निजहरु मध्ये तत्कालिन मेयर वृषेश चन्द्र लाल हाल सार्वजनिक पदमा वहाल रहेको नदेखिंदा निज उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ क. अनुसार रेकर्ड राख्नु भनी प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयमा लेखी पठाईयो भने कार्यकारी अधिकृत शिवदत्त भट्टराई उपर निजामती सेवा ऐन २०४९ अनुसार कसूरको मात्रा हेरी विभागीय सजायँ गरी सो को जानकारी यस आयोगलाई दिन भनी अख्तियारवाला समक्ष लेखी पठाईएको ।

६३. ललितपुर जिल्ला स्थित जावलाखेल पेट्रोल पम्पले कम गुणस्तरको डिजेल विक्रि गरेको गुण स्तर परिक्षणबाट समेत पुष्टी भएकोमा नेपाल आयल निगमले पेट्रोल पम्पलाई कारवाही नगर्ने गरी पत्र पठाएको हुँदा दोषी कर्मचारी तथा पेट्रोल पम्पलाई समेत कारवाही गरी पाउँ भन्ने समेत उजुरी उपर अनुसन्धान गर्दा मिति २०६२।३।१२ मा जावलाखेल पेट्रोल पम्मबाट नमूना लिंदा उद्योग मन्त्रालयका शाखा अधिकृत, बाणिज्य विभागका शाखा अधिकृत तथा पेट्रोल पम्पका संचालकको रोहवरमा लिइएको देखिन्छ । बाणिज्य विभागबाट नेपाल आयल निगमलाई उक्त पेट्रोल पम्प माथी कारवाही गर्न लेखी पठाउँदा निगमको आधिकारीक प्रतिनिधि तथा पेट्रोलियम डिलर्स एसोसिएशनको प्रतिनिधि समेत नमूना संकलनमा नरहेको अवस्थामा निगमबाट कारवाही गर्न नसकिने भन्ने उल्लेख भएको । बाणिज्य विभागले समेत आफ्नो पत्रमा निरीक्षण अधिकृत उपस्थित नभएको अवस्थामा उपभोक्ता संरक्षण ऐन अनुसार कारवाही गर्न नसकिने भन्ने उल्लेख गरेको पाइन्छ । अनुगमनको सिलसिलामा वरामद गरिएको नमूना परीक्षण प्रतिवेदनमा कम गुणस्तरको देखिएपछि त्यस्तो पार्टी उपर कारवाही गर्न आयल निगमलाई वाणिज्य विभागले लेखि पठाउने कानूनी व्यवस्था नदेखिएको अवस्थामा त्यसरी लेखी पठाएको व्यहोरा उचित देखिएन । तसर्थ वाणिज्य विभागले जे जुन कानून अन्तरगत वजार अनुगमन गरी कारवाहीको उठान गरेको हो सोही कानून अन्तर्गत कारवाहीको टुङ्गो लगाई आयोगलाई जानकारी गराउन आयोगको मिति २०६३/२/२१ को निर्णयानुसार  वाणिज्य विभागलाई लेखी पठाईएको ।

६४. प्रहरी निरीक्षक लोकेन्द्र श्रेष्ठ समेतले आर्थिक प्रलोभनमा परी बदनियतपूर्ण तरिकाले रकम लिनु खानु गरेको भन्ने विषयमा अनुसन्धान हुँदा निज श्रेष्ठले आर्थिक प्रलोभनमा परी बदनियतपूर्ण तरिकाले रकम लिएको सम्बन्धमा निज प्रहरी निरीक्षकलाई नोकरीबाट हटाउने कारवाहीका लागि प्रहरी प्रधान कार्यालयबाट मिति २०६२।५।८ मा गृह मन्त्रालयलाई लेखि पठाएको मिसिल संलग्न पत्रबाट देखिएको तर प्रहरी प्रधान कार्यालयबाट लेखिई आए बमोजिम गर्ने वा नगर्ने भन्ने सम्बन्धमा मन्त्रालयले कुनै निर्णय नै नगरी भ्रष्टाचार सम्बन्धमा अनुसन्धान तहकिकातको लागि आयोग समक्ष लेखिई आएको पाइएवाट प्रहरी प्रधान कार्यालयवाट लेखिआए वमोजिमको कारवाही १ महीना भित्र टुङ्गो लगाई निर्णय सहितको फायल आयोगमा पठाउन आयोगको मिति २०६३/२/२१ को निर्णयानुसार  गृह मन्त्रालयलाई लेखिपठाईएको ।

६५. काठमाण्डौं महानगरपालिका वडा नं. ७ मा कार्यरत तत्कालीन वडा सचिव सन्तु श्रेष्ठले विभिन्न रसिदहरुको पहिलो प्रतिमा वेग्लै रकम लेख्ने र दोश्रो र तेश्रोमा वेग्लावेग्लै रकम देखाई भ्रष्टाचार गरेको हुँदा आवश्यक कारवाही गरिपाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा महानगरपालिकाका वडाहरुमा नगदी रसिद काट्दा रितपूर्वक रसिद काटिए पनि सो वापत प्राप्त रकम समय मै बैंक दाखिला नगरिएको, रसिद काट्दा पहिलो प्रतिमा कार्वन नराखी रसिद काटी सो रसिद सम्वन्धित व्यक्तिलाई दिई दोश्रो र तेश्रो प्रतिको विचमा कार्वन राखी दोश्रो र तेश्रो प्रतिमा वेग्लै रकम उल्लेख गरी रसिद काटिने गरेको, रसिद प्याड वडावाटै छाप्ने गरेको, रसिद प्याडको रकम भिडाउन मिल्ने अर्को रजिष्टर खडा नगरेको, राजश्वका रकमहरुको केन्द्रवाट अनुगमन गर्ने नगरेको कुरा अनुसन्धानवाट देखिन आएको हुँदा यस्ता घटनाहरु पुनः दोहोरिन नदिन देहाय वमोजिमको कारवाही गर्न काठमाण्डौ महानगरपालिकाका कार्यकारी अधिकृतलाई अ.दु.अ.आयोग, ऐन २०४८ को दफा १२ (क) अनुसार  निर्देशन दिने निर्णय गरियो :

- महानगरपालिकाका प्रत्येक वडामा केन्द्रवाट जाने रसिद प्याडहरु सम्वन्धित व्यक्तिले वुझि लग्ने र पछि वुझाउने कार्य अनिवार्य गराउने ।
- वडावाट कुनै प्रकारको रसिद प्याड छाप्न नपाउने व्यवस्था मिलाउने । आवश्यक रसिद प्याडहरु केन्द्रवाटै छापी वडालाई जिम्मा दिने ।
- वडामा असूल गर्ने राजश्वका रकमहरु प्याडमा मात्र लेख्ने चलन भएको देखिदा यसरी दिनभरी प्याडमा लेखिएका रकमहरु वेलुका रजिष्टरमा चढाई अध्यावधिक गरी सचिववाट प्रमाणित गराई सो दिन असूल उपर भएका रकमहरु भ्याए उसै दिन, नभ्याए भोलिपल्ट वैंकमा अनिवार्य रुपमा दाखिला गर्ने व्यवस्था मिलाउने ।
- वडा कार्यालयवाट असूल उपर गरिने राजश्व र अन्य रकमहरुको अभिलेख राख्नका लागि खडा गरिएको रजिष्टरलाई हरेक महिना केन्द्रवाट अनुगमन गरी रकम हिनामिना हुन नपाउने व्यवस्था गर्ने ।

६६. काठमाण्डौ जिल्ला, मनमैंजु गा.वि.स. वार्ड नं. ५ को कि.नं. २२५ को क्षेत्रफल ३-६-०-० जग्गा मालपोत कार्यालय, डिल्लीवजारका कर्मचारीसमेतको मिलेमतोमा २०३४ सालमा कुलनरसिंह महर्जनका नाममा किर्ते मोठ तयार पारी तहगत रुपमा लिखत पारित गरी गैरकानूनी काम गरेकोले आवश्यक कारवाही गरी पाऊँ भन्ने उजुरी उपर अनुसन्धान हुंदा नापीको फिल्डवुकमा जग्गा धनीको महलमा मुक्ति खरदार लेखिएको तथा निजकै नाउँमा दर्ता वाँकी मोठ खडा भएको समेत पाइयो । सो जग्गासँगै जोडिएको कि.नं. २२४ को ४-१-०-० जगा २०५० सालमा अशोक विनायक गुठीमा दर्ता भै रैकर परिणत समेत भैसकेको देखिन्छ । कुलनरसिंह महर्जनको नाउँमा जग्गा दर्ता भै रजिष्ट्रेसन पारित समेत भैसकेको अवस्थामा निजले गुठी संस्थानमा मोही कायम गरिपाउँ भन्ने निवेदन दर्ता गराएकोमा गुठी संस्थानले त्यस तर्फ निर्णय नै नगरी कारवाही मिसिल काठमाण्डौ जिल्ला अदालतमा पठाएको भन्ने देखियो । तसर्थ अशोक विनायक गुठीको जग्गा हो होइन भन्ने सम्वन्धमा छानवीन गरी गुठीको हो भने गुठीका नाउँमा ३  महिना भित्र दर्ता गराई यस आयोगमा जानकारी दिनु आयोगको मिति २०६३/२/२९ को निर्णयानुसार गुठी संस्थान केन्द्रीय कार्यालयलाई लेखी पठाईएको ।

६७. प्रहरी प्रधान कार्यालयले भ्रष्टाचारको अभियोगमा विशेष अदालतमा मुद्दा खेपी रहेका चतुर्भुज भट्टका छोरा दीपक भट्टलाई वुलेट प्रुफ ज्याकेट र हेल्मेट खरीदको ठेक्का दिएको, कम मूल्य पर्ने बुलेट प्रुफ ज्याकेटलाई बढी मूल्य तिरेको र निम्न गुणस्तरको उक्त सामानहरु आपूर्ति गरेको

भन्ने समेत ब्यहोराको उजुरी उपर अनुसन्धान हुँदा प्रहरी प्रधान कार्यालयबाट बुलेट प्रुफ हेल्मेट खरीद नै नभएको, बुलेट प्रुफ ज्याकेट खरीदको ठेक्का उजुरीमा उल्लेख भए बमोजिम दीपक भट्टलाई दिएको नपाइएको, उक्त ज्याकेट खरीदको लागि प्रतितपत्र खोल्ने कार्यसम्म भै सामान सप्लाइ भै नसकेको अवस्था देखिंदा उजुरीमा उल्लेख भएको ब्यहोराको पुष्टि हुन नआए तापनि हात हतियार र संचार उपकरण सम्बन्धी बाहेकका अन्य सुरक्षासँग सम्बन्धित आइटमहरु खरीदको लागि आइटमवाइज हिसावले किटानी साथ निश्चित फर्महरुलाई मात्र सूचिकृत गर्नु पर्नेमा गोलमटोल हिसावले विभिन्न सामानहरु खरीदको लागि विभिन्न १४६ फर्महरुलाई सूचिकृत गरेको तर कुन फर्म कुन सामानको लागि सूचिकृत गरेको भन्ने कुरा किटान नगरी अन्यौलको स्थिति सिर्जना भए गरेको पाइयो । सूचिकृत भएका फर्महरु मध्येबाट पनि पर्याप्त रुपमा प्रतिस्पर्धा नगराएको, विदेशमा वनेका र विदेशी फर्महरुले नै सप्लाइ समेत गर्ने सामानहरुको अन्तरराष्ट्रिय बजार भाउ सम्बन्धी सर्वेक्षण नगरेको, ठूलो परिमाणमा एकमुष्ट ठेक्का लगाउँदा कम मूल्यमा सामान उपलब्ध हुन सक्नेमा अनावश्यक रुपमा टुक्रा टुक्रा गरी धेरै जना आपूर्तिकर्तालाई संलग्न गराएको, दर भाउ पत्रको खाममा लगाएको शिलमा आफ्नै किसिमको संकेत चिन्ह भएको हुनुपर्ने र के कस्तो शिल छाप के कति थान लगाएको भन्ने कुरा खामको वाहिर स्पष्ट रुपमा उल्लेख हुनु पर्नेमा त्यस्तो भएको नपाइएको, दर भाउ पत्र माग गर्ने फर्महरु छनौट गर्दाको प्रकृया पारदर्शी नभएको, दर भाउ पत्रसाथ कम्पनीले पेश गरेको आई.एस.ओ. प्रमाणपत्र नेपालमा प्रयोगमा नआउने/नवुझिने विदेशी भाषामा भएकोले त्यस्तो कागजातलाई सम्बन्धित अख्तियारी प्राप्त निकायबाट अनुवाद नगराएको, सम्बन्धित प्रिन्सिपल कम्पनी भनिएका कम्पनीहरुबाट स्थानीय एजेन्ट मार्फत पेश हुन आएका अख्तियारनामाको सत्यता जाँच नगराएको समेत पाइएकोले अब आइन्दा उपरोक्त बमोजिमका प्रकृयागत त्रुटी नगर्न नगराउन आयोगको मिति २०६३/३/४ को निर्णयानुसार प्रहरी प्रधान कार्यालयमा लेखी पठाईएको ।

६८. नेपाल प्रहरीमा रिक्त रहेको प्रहरी निरीक्षक पदको खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा कानून विपरित नतिजा प्रकाशित गरी अनियमितता गरे भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुंदा गृह मन्त्रालयवाट प्राप्त छानबीन विवरणमा समेत केही कुराहरुमा अनियमितता भएको भनी उल्लेख भएको हुंदा अध्ययन अनुसन्धान गरी प्रहरी प्रधान कार्यालय बाट यस सम्वन्धमा यथार्थ विवरण माग गर्दा प्राप्त हुन आएका सत्य-तथ्यको आधारमा नेपाल प्रहरीमा रिक्त रहेको प्रहरी निरीक्षक पदको खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा दरखास्त दिने अन्तिम मिति भन्दा पछि जारी भएको शैक्षिक योग्यताको प्रमाण पत्र पेश गर्ने ९ (नौ) जनाको दरखास्त स्वीकृत भएको र यी मध्येकै डिल वहादुर मल्ल तथा ज्ञानेन्द्र खत्री अन्तिम अन्तर्वार्ता परीक्षामा समेत उत्तीर्ण भएको देखियो । तोकिएको मिति पश्चात जारी भएको प्रमाण पेश गर्ने उम्मेदवारहरु तथा त्यस्तो प्रमाण दर्ता गर्ने कर्मचारीहरुको सम्वन्धमा समेत प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरी आयोगलाई जानकारी गराउन आयोगको मिति २०६३/३/१८ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ बमोजिम अख्तियारवालालाई लेखी पठाईएको ।

६९. आयोगको मिति २०६०/११/१५को निर्णय अनुसार भन्सार छली चोरी पैठारी भई संचालनमा रहेका र चोरी पैठारीको आशंकामा पक्राउ परी बिभिन्न भन्सार कार्यालयहरुमा रहेका सवारी साधनहरु मध्ये मिति २०५९/९/९ मा जिल्ला प्रहरी कार्यालय रुपन्देहीबाट पक्राउ भई भन्सार कार्यालय बेलहीया, भैरहवामा रहेको लु १ ज. ६८० नंबरको जीप सम्बन्धमा विस्तृत अनुसन्धान

हुँदा यान्त्रिक कार्यालय, कास्की, पोखराबाट लिलाम बिक्री भई कानूनी रित पूर्वक क्रमशः ग. अ. च. ५२२, लु. अ. च. १०५८ र लु. १ ज. ६८० नंबरका भाडा जीपमा मिति २०५६/४/३० मा अन्तिम पटक दर्ता परिवर्तन हुंदा मिति २०२९/७/२३ गतेको शुरु दर्ता हुंदाको दर्ता किताबको अभिलेखमा भए अनुसार कै यान्त्रिक बिबरण उल्लेख भई दर्ता भएको देखिएतापनि मिति २०६१/६/६ को आयोगको प्राबिधिक टोलीले स्थलगत निरीक्षण पश्चात दिएको भौतिक प्राबिधिक निरीक्षण प्रतिवेदन अनुसार उक्त सवारीको ईन्जिन नंबर तथा चेसिस नंबरमा सामान्य ग्रिन्डिङ गरी ईन्जिन नंबर रिपन्च भएको भन्ने उल्लेख हुंदा उक्त सवारी साधन भन्सार छली पैठारी भई आएको देखिएकोले लु. १ ज. ६८० नंबरमा अन्तिम दर्ता भए पश्चात के-कुन मितिमा को-कसबाट उक्त कार्य भएको हो ? भन्ने कुरा पनि एकीन हुन नसकेकोले नेपाल सरकारको मिति २०६०/११/१४ को निर्णय अनुसार कानून बमोजिम आवश्यक कारवाही गर्न सम्बन्धित भन्सार कार्यालयमा लेखी पठाई सो को जानकारी आयोगलाई दिन आयोगको मिति २०६३/३/२८ को निर्णयानुसार भन्सार बिभागमा लेखी पठाईएको ।

# परिच्छेद – १२
# विभागीय वा अन्य कारबाही गर्न लेखिएका विषयको कार्यान्वयन भई आएको विवरण
## (आ.ब. २०६२/६३ सम्मको)

भ्रष्टाचार तथा अनुचित कार्यको अनुसन्धानको सिलसिलामा विभागीय कारबाही लगायत अन्य कारबाही गर्ने गरी आयोगले गरेका निर्णयहरूको कार्यान्वयनका लागि विभिन्न सरकारी मन्त्रालय, विभाग तथा अन्तर्गत कार्यालयहरूलाई लेखी पठाउने गरेको छ । प्रत्येक महिनाको कार्यालय खुल्ने अन्तिम दिनमा हुने बैठकमा प्रत्येक मन्त्रालयबाट फोकल प्वाइन्टको रूपमा प्रतिनिधित्व गराई छलफल गराउँदा आयोगका निर्णयहरूको कार्यान्वयन स्थितिमा सुधार आएको देखिएको छ । यस प्रकार आयोगका अघिल्ला बैठकहरूले विभागीय कारबाही लगायत विविध कारबाही गर्ने गरी भएका निर्णयहरू मध्ये आ.व. २०६२।६३ को अवधिमा कार्यान्वयन भई आयोगको जानकारीमा आएका निर्णयहरूको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**(क) विभागीय कारबाही**

| क.सं. | आयोगको निर्णय मिति | उजुरीको विषय र निर्णयको व्यहोरा | कार्यान्वयनको व्यहोरा |
|---|---|---|---|
| १. | २०६१।११।१९ | कृषि विकास बैंक बैंकिङ कार्यालय नया वानेश्वरबाट मनोकामना ज्वेलरी र चौधरी इन्टर प्राइजेजलाई अनियमित तवरले ऋण प्रवाह गरेको सम्बन्धमा सम्वद्ध कर्मचारीलाई विभागीय कारबाही गर्न कृषि विकास बैंक केन्द्रीय कार्यालयमा लेखी पठाइएको । | कृषि विकास वैंकको मिति २०६२।१।१३ को पत्रानुसार प्रबन्धक धनमान सिंह खड्का लेखा सहायक शैलेन्द्रराज गिरी, का.स. सिद्धराज भट्ट र लेखा सहायक गुणरत्न शाक्यलाई १ ग्रेड रोक्का गरिएको जानकारी प्राप्त ना.पि. विभागको च.नं. २५४ मिति २०६२।१४। को पत्रानुसार अमिन छवीन्द्र प्रसाद आचार्यको २ तलब वृद्धि रोक्का गरिएको जानकारी प्राप्त भएको । |
| २. | २०६२।२।१७, २०६२।४।४ | सुकुम्बासी समस्या समाधान आयोग झापाका सदस्य सचिव हृदय नारायण मिश्र समेत सुकुम्वासीका नाउँमा जग्गा लिए भन्ने सम्बन्धमा सम्बद्ध कर्मचारीलाई विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाएको । | भूमि सुधार व्यवस्था म. को च.नं. ५४८ मिति २०६२।६।२० को पत्रानुसार नापी प्रमुख हृदय नारायण मिश्र लाई अवकाश दिएको र नापी विभागको च.नं. २५३ मिति २०६२।८।१४ को पत्रानुसार नापी निरीक्षक मान कुमार प्रधानको ५ वर्ष बढुवा रोक्का भएको जनकारी प्राप्त भएको । |
| ३. | २०६२।३।१२ | का.म.न.पा. वडा २९ कार्यालयमा अनियमितता | स्थानीय विकास मन्त्रालयको च.नं. ५६७ मिति २०६२।१२।१३ को पत्रानुसार वडा |

| | | | |
|---|---|---|---|
| | | भएको सम्बन्धमा वडा सचिवलाई विभागीय कारबाही गर्न र तत्कालीन वडा अध्यक्षको हकमा अभिलेख राख्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको । | सचिव गोविन्द आचार्यलाई नसिहत दिइएको र का.म.न.पा.को च.नं. १ मिति २०६३।४।४ को पत्रानुसार तत्कालीन वडा अध्यक्ष अर्जुन पाण्डेको अभिलेख राखिएका जानकारी प्राप्त भएको । |
| ४. | २०६२।४।१८ | पोखरा वसपार्क र जग्गा वितरणमा अनियमितता भएको सम्बन्धमा सम्वद्ध कर्मचारीलाई विभागीय कारबाही गर्ने भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाइएको । | शहरी विकास तथा भवन निर्माण विभाग को च.नं. १२२३ मिति २०६३।१।३१ बाट सम्वद्ध नसिहत दिइएको जानकारी प्राप्त भएको । |
| ५. | २०६१।१२।१९ | सहायक प्रमुख जिल्ला अधिकारी गणेश बहादुर कुँवर (काठमाण्डौ) समेत संलग्न भई गैरनेपाली व्यक्तिहरूलाई राहदानी जारी गरेको सम्बन्धमा सम्वद्ध कर्मचारीलाई विभागीय कारबाही (दुई तलब वृद्धि रोक्का गर्न) गृह मन्त्रालयमा लेखी पठाइएको | यसमा संलग्न स.प्र.जि गणेश बहादुर कुँवर ०६१।१२।३१ देखि अवकाश भएको र वन पैदावार विकास समितिको च.नं. ७२९ को पत्रानुसार लेखा अधिकृत कुमार घिमिरेलाई जिल्ला प्रशासनका काठमाण्डौको च.नं. १०४८ को पत्रानुसार ख. छत्रमणी ओझा, र हुलाक सेवा विभागको च.नं. १३२८ मिति २०६२।३।२२ को पत्रानुसार हुलाक अधिकृत रोहिणी प्रसाद लमनालाई र राष्ट्रिय खेलकुद परिषद्को च.नं. २५५६ को पत्रानुसार सह-लेखापाल शुभराम वस्नेतका २ तलब वृद्धि रोक्का गरिएको जानकारी प्राप्त भएको । |
| ६. | २०६२।५।९, २०६२।३।१३ | सिनियर वुक वाइण्डर पदको परीक्षाको उत्तर पुस्तिका परीक्षण गर्दा परीक्षामा धाधली गरे भन्ने सम्बन्धमा संलग्न कर्मचारीलाई विभागीय कारबाहीद्वारा दुष्परिणाम सच्याउने लगायत आवश्यक कारबाही गर्ने त्रि.वि.वि.रजिष्टार कार्यालयलाई लेखी पठाएको । | त्रि.वि.वि. रजिष्ट्रार कार्यालयको च.नं. ८३५ मिति २०६२।५।१६ को पत्रानुसार सह प्रशासक रामचन्द्र नेपाललाई परीक्षा सम्बन्धी जिम्मेवारी नदिएको । त्रि.वि.वि. र कार्यालयकै मिति २०६२।५।१६ च.नं ८३७ को पत्रानुसार टा. ख. वावु प्रसाद रिसालको वर्ष २ वढुवा रोक्का, च.नं. ८३२ को पत्रानुसार प्रा.डा.यज्ञप्रसादको २ ग्रेड रोक्का, गरी च.नं. ८३६ को पत्रानुसार उप प्राध्यापक निरञ्जन ओझालाई र च.नं ८३४ मिति २०६२।५।१६ को पत्रानुसार सुवास चन्द्र |

| | | | |
|---|---|---|---|
| | | | कँडेललाई परीक्षा सम्बन्धी जिम्मेवारी नदिएको जानकारी प्राप्त भएको । |
| ७. | ०६१।९।२, ०६१।१२।१० | जिल्ला प्रशासन कार्यालय काठमाण्डौबाट गैरनेपाली नागरिकले नेपाली नागरिकता लिएको भन्ने सम्बन्धमा संलग्न कर्मचारीलाई विभागीय कारबाही गर्न लेखिएको । | स्थानीय वि.मं.को च.नं.१८७ मिति २०६१।५।२९ को पत्रानुसार गा.वि.स. सचिव कृष्ण प्रसाद घिमिरेलाई ५ वर्ष वढुवा रोक्का प्र.म. तथा मन्त्रीपरिषद् कार्यालयको मिति २०६२।२।२७ को पत्रानुसार म.प.स.का अर्थशास्त्री राजन राईको ४ वर्ष बढुवा रोक्का, जिल्ला प्रशासन कार्यालय काठमाण्डौको ०६२।६।१० को पत्रानुसार ना.सु विश्व कुमार शर्माको २ वर्ष वढुवा रोक्का, गृह मन्त्रालयको ०६२।१०।२ च.नं. १४५३ को पत्रानुसार प्र.अ. लक्ष्मण कुमार हमालको १ वर्ष बढुवा रोक्का, गृह मन्त्रालयका च.नं. ६७७ मिति २०६२।६।७ को पत्रानुसार स.प्रमुख जिल्ला अधिकारी वालकृष्ण पन्थीका १ वर्ष बढुवा रोक्का, गृह मन्त्रालयको च.नं. ६७६ मिति २०६२।६।७ को पत्रानुसार स प्रमुख जिल्ला अधिकारी कृष्ण श्यामा बुढाथोकीको १ वर्ष बढुवा रोक्का गरिएका जानकारी प्राप्त भएको । |
| ८. | २०६२/५/९ | प्रमुख जिल्ला.अधिकारी ज्ञान प्रसाद भट्टराईले मृतकको विमा वापतको रकमहरूवालालाई दिंदा अनियमित कार्य गरेको सम्बन्धमा सम्लग्न कर्मचारीलाई विभागीय कारबाही गर्न लेखी पठाइएको | महालेखा नियन्त्रकको च.नं २८८ मिति २०६२।८।१३ को पत्रानुसार लेखापाल गम्वर बहादुर शाही (जिल्ला प्रशासन कार्यलय म्यागदी) लाई चेतावनी दिइएको जानकारी प्राप्त भएको । |
| ९. | २०६२।५।२८ | घर भएको जग्गामा घर नदेखाई राजस्व छलेको सम्बन्धमा संलग्न कर्मचारी विभागीय कारबाही गर्न नापी विभागमा लेखी पठाइएको | नापी विभागको च.नं. ८१८ मिति २०६२।१०।२६ को पत्रानुसार अमिन मन भरण चौधरीको ५ वर्ष बढुवा रोक्का गरेको जनाकारी प्राप्त भएको । |
| १०. | २०६२।६।२० | उमेर कम गरी चितवन जिल्ला वछौला गा.वि.स. ८ वस्ने उत्तम प्रसाद रिजलको नाउँमा | गृह मन्त्रालयको च.नं. १५१४ मिति २०६२।१०।२७ को पत्रानुसार निजको २ तलब वृद्धि रोक्का गरिएको जानकारी |

| | | | |
|---|---|---|---|
| | | प्रतिलिपि नागरिकता प्रमाण पत्र जारी गरी अनियमितता गरेको सम्बन्धमा प्रशासकीय अधिकृत चन्द्रकान्त न्यौपानेको २ तलब वृद्धि रोक्का गर्न गृह मन्त्रालयमा लेखी पठाइएको । | प्राप्त भएको । |
| ११. | ०६२।७।२४ | सेती अंचल अस्पताल धनगढीको पसल भाडामा दिंदा अनियमितता गरेको भन्ने सम्बन्धमा यसमा संलग्न डा.कृष्ण कुमार राईलाई विभागीय कारबाही गरी डा. कृष्ण कुमार राइ र लेखापाल वालकृष्ण जोशीबाट दामासाहीले ४३,७७२।- रकम असुल गर्न स्वास्थ्य मन्त्रालयमा लेखी पठाएको । | स्वास्थ्य मन्त्रालयको च.नं. ८।६०३८ मिति २०६३।१।१७ को पत्रानुसार डा.कृष्ण कुमार राईलाई अवकाश दिइएको जानकारी प्राप्त भएको । |
| १२. | २०६२।७।२२ | तत्कालीन डि सडक कार्यालय ३ नंवर विराटनगरका प्रमुखले कानून बमोजिम आफूलाई तोकिएको पदीय कर्तव्य जिम्मेवारीपूर्वक पूरा नगरेको सम्बन्धम संलग्न कर्मचारीहरूलाई विभागीय कारबाही गर्न लेखी पठाइएको । | महालेखा नियन्त्रकको कार्यालयको च.नं. ४५३ मिति २०६२।१२।२९ पत्रानुसार सहलेखापाल गुणराज खनाल, ले.अ. कुमार प्रसाद पोखरेलको २ ग्रेड रोक्का गरिएको जानकारी प्राप्त भएको । |
| १३. | ०६२।८।२६ | फिकुरा गा.वि.स.का सचिव वृद्धि बहादुर प्याकुरेलले गा.वि.स. बाट रकम झिकी व्यक्तिगत प्रयोजनमा लगाई भ्रष्टाचार गरे भन्ने सम्बन्धमा निज गा.वि.स. सचिवको विभागीय कारबाही (५ तलब वृद्धि रोक्का) गर्न स्थानीय विकास अधिकारी नुवाकोटलाई लेखी पठाइएको । | जिल्ला विकास समिति नुवाकोटको मिति २०६३।२।३१ को पत्रानुसार गा.वि.स. सचिव वृद्धि बहादुर प्याकुरेलको ५ तलब वृद्धि रोक्का गरेको जानकारी प्राप्त भएको । |
| १४. | ०६२।९।१० | प्रहरी नायव उपरिक्षक महेश विक्रम शाह समेतले | प्रहरी प्रधान कार्यलय कानून शाखाको प.सं. २।०२।का छ (ख) प.सं. २० च.नं. |

| | | | |
|---|---|---|---|
| | | बाध्यात्मक रूपमा अपनाउनु पर्ने कार्यविधि पालना नगरेको सम्बन्धमा संलग्न ३ कर्मचारीलाई विभागीय कारबाही गर्न प्रहरी प्रधान कार्यालयमा लेखी पठाइएको । | ८१०, ८११,८१२ र च.नं. ९२१ मिति २०६२।१२।२५ को पत्रानुसार प्रनाउ महेश विक्रम शाह, प्र.ना.नि. चिन्तामणि बुढाथोकी प्र.स.नि. कृष्ण प्रसाद खनालको २ तलब वृद्धि रोक्का गरिएको जानकारी प्राप्त भएको । |
| १५. | ०६२।९।१२ | हायर पर्चेज कर्जा अन्तर्गतका विभिन्न कर्जा प्रदानमा व्यापक भ्रष्टाचार भएको सम्बन्धमा संलग्न कर्मचारीलाई विभागीय कारबाही गर्न कृषि विकास बैंकका महाप्रबन्धकलाई लेखी पठाइएको । | कृषि विकास बैकको च.नं. ४/ मिति ०६३।४।४ को पत्रानुसार मुख्य प्रबन्धक पवन कुमार वज्राचार्य पाँच ग्रेड घटाउन विरगंज शाखाका तत्कालीन प्रबन्धक ओम ब. श्रेष्ठ र भैरहवा शाखाका तत्कालीन प्रबन्धक लोकनाथ नेपालको चार ग्रेड घटाउने नारायणगढ शाखाका तत्कालीन प्रबन्धक नरेन्द्र बहादुर चन्दको तीन ग्रेड घटाउने, लगनखेल शाखा प्रमुख जगदीश प्रशाद पोखरेल, शाखा अधिकृत केशवलाल पालिखे, शाखा अधिकृत कृष्ण कुमार शाह, का.मु. शा.अ. झपसी मण्डल, शा.अ. प्रेमनारायण अर्याल, शाखा अधिकृत हरिहर प्रसाद नेपाल, शा.अ. तिलक राज श्रेष्ठ, ऋण अधिकृत राज बहादुर गुरुङ, शा.अ. दिनेश प्रसाद घिमिरे, शा.अ. चुडामणि दाहाल , का.मु. शा.अ. गोपाल बहादुर कटुवालको २ ग्रेड घटाउने, वीरगंज शाखाका तत्कालीन का.स. विनोद वराल र राम प्रसाद गजुरेलको १ ग्रेड घटाइएको जानकारी प्राप्त भएको । |
| १६. | ०६२।९।२५ | कम मूल्य पर्ने जग्गालाई वढी मुल्यांकन गराई श्रम तथा रोजगार प्रवर्धन विभागबाट थुनुवा छुटाएको भन्ने सम्बन्धमा संलग्न कर्मचारीलाई विभागीय कारबाही गर्न भूमि सुधार तथा व्यवस्थापन विभागमा लेखी पठाइएको । | भूमि सुधार तथा व्यवस्था विभागको च.नं. ८५३ मिति २०६३।१।१२ को पत्रानुसार ना.सु. अनन्त हुमागाईको २ ग्रेड र नापी विभागको च.नं. १२०४ मिति २०६३।२।१ को पत्र बाट अमिन विश्व कुमार वस्नेतको ३ (तीन) ग्रेड रोक्का गरिएको जानकारी प्राप्त भएको । |
| १७. | २०६२।१०।२५ | मालपोत कार्यालय डिल्ली वजारका खरिदार प्रकाश | भूमि सुधार तथा व्यवस्थापन विभाग को च.नं. ८८९ मिति २०६३।१।२८ को |

| | | | |
|---|---|---|---|
| | | नारायण भट्टले घूस मागे भन्ने सम्बन्धमा संलग्न कर्मचारीलाई विभागीय कारबाही तथा ध्यानाकर्षण गराउन भूमिसुधार व्यवस्था विभागमा लेखी पठाइएको । | पत्रानुसार ख. प्रकाश नारायण भट्टको २ ग्रेड रोक्का भएको र सो विभागकै च.नं. ९६३ मिति २०६३।२।१८ को पत्रानुसार प्रमुख मालपोत अधिकृत टकिराम घिमिरेलाई ध्यानाकर्षण गराइएको जानकारी प्राप्त भएको । |
| १८. | २०६२।१२।२२ | भक्तपुर जिल्ला बालकुमारी गा.वि.स. ६ को कि.नं. ६१३, ६२५, ६२३, ६७०, ६७९ को जग्गामा किर्ते मानिस खडा भई मालपोत कार्यालय भक्तपुरका कर्मचारी समेतको मिलोमतोमा ठगी गरेको भन्ने सम्बन्धमा संलग्न ४ कर्मचारीलाई विभागीय कारबाही, निलम्बन फूकूवा गर्ने भूमि सुधार तथा व्यवस्था विभागमा लेखी पठाइएको । | मध्यपुर ठिमी नगरपालिकाको च.नं. २०३४ मिति २०६३।१।४ को पत्रानुसार सचिव रंजन प्रजापतीको निलम्बन फुकुवा गरिएको जानकारी प्राप्त भएको । |
| १९. | २०४९।९।१६ | रसुवा स्थित हेलिपेड निर्माण गराउँदा टेन्डर कोटेशनको ठेक्का नियमानुसारको लगत कामको समय, समयको Measurement हुनपर्नेमा नगरी अनियमित कार्य गरेको सम्बन्धमा संलग्न कर्मचारीलाई विभागीय कारबाही गर्न भौतिक योजना निर्माण मन्त्रालयमा लेखी पठाइएको । | खानेपानी तथा ढल निकास विभागको च.नं. ३०२ मिति ०६२।५।१५ को पत्रानुसार अ.इ. विरण कुमार चित्रकारलाई नसिहत दिएको जानकारी प्राप्त भएको । |
| २०. | ०५०।१०।२९ | जगन्नाथ गुठीको जग्गा दर्ता सम्बन्धमा सर्वोच्च अदालतको निर्णय विपरीत गुठी संस्थानले फैसला कार्यान्वयन गर्दा संस्थानले फैसला कार्यान्वयन गर्दा भ्रष्टाचार गरेको सम्बन्धमा संलग्न कर्मचारीलाई विभागीय कारबाही गर्न लेखी पठाइएको । | भूमि सूधार तथा व्यवस्थापन मन्त्रालयको च.नं. ३४३ मिति २०६२।४।२५ को पत्रानुसार मालपोत अधिकृत कालाधर देउजालाई र अर्थ मन्त्रालयको च.नं. १२८९ मिति २०६२।१०।१७ को पत्रानुसार मालपोत अधिकृत शान्त बहादुरलाई नसिहत दिएको जानकारी प्राप्त भएको । |
| २१. | ०५७।२।२३ | मिति २०५६।५।५ को राति | आन्तरिक राजस्व विभागको च.नं. ४१२ |

| | | | |
|---|---|---|---|
| | | १०:३० वजे दिल्ली काठमाण्डौ RA 218 को उडानबाट आएका उषा सुव्वा नामक यात्रुले ६२० तोला सुन त्रि.वि. भन्सार कार्यालयका तत्कालीन भन्सार प्रमुख कृष्ण प्रसाद अधिकारी लगायत अन्य कर्मचारीको मिलोमतोमा चोरी पैठारी गरेको सम्बन्धमा संलग्न कर्मचारीहरूलाई विभागीय कारबाही गर्न लेखी पठाइएको । | मिति २०६२।८।९ को पत्रानुसार ना.सु. नरेन्द्र वस्नेत र आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १ को च.नं. २१० मिति २०६२।८।२ को पत्रानुसार खरिदार मोहन कुमार पोखरेल र मेची भन्सार कार्यालयको च.नं. ८०० मिति २०६२।८।२ को पत्रानुसार खरिदार अशोक सत्याललाई नसिहत दिएको जानकारी प्राप्त भएको । |
| २२. | ०६०।११।१९ | सर्लाही बरहथवा गा.वि.स. सचिव जगन्नाथ शाह समेतले गोरु बजारको ठेक्कामा भ्रष्टाचार गरेको सम्बन्धमा संलग्न कर्मचारीलाई विभागीय कारबाही गर्न अख्तियारवालासमक्ष लेखी पठाइएको । | जिल्ला स्वास्थ्य कार्यालय जोमसोमको च.नं. ४६६ मिति २०६२।११।९ को पत्रानुसार हेल्थ असिस्टेन्ट सत्यनारायण यादवको दुई तलब रोक्का भएको जानकारी प्राप्त भएको । |
| २३. | ०६१।६।६ | युनियन फाइनान्सका संचालक सुरेन्द्र हमालले त्रि.वि.वि.को लागि अधिग्रहण गरिएको जग्गा धितो राखी अनियमित कार्य गरेको भन्ने सम्बन्धमा संलग्न कर्मचारीहरूलाई विभागीय कारबाही गर्न भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको । | नापी विभागको २०६२।५।१२ को पत्रानुसार नापी निरीक्षक युवराज आचार्यको २ तलब वृद्धि रोक्का गरिएको भूमिसुधार विभागको च.नं. ८५० मिति ०६३।१।५ को पत्रानुसार खरिदार मुकुन्द राज पाण्डेलाई नसिहत दिइएको भूमिसुधार विभागको च.नं. ८४९ को पत्रानुसार खरिदार नारायण प्रसाद खतिवडालाई नसिहत दिएको मु.सु.म. को च.नं. १५७८ र १५७९ मिति २०६३।१।६ को पत्रानुसार शा.अ. कृष्ण प्रसाद निरौला र मापलोत अधिकृत सुनील प्रताप सिंहलाई नसिहत दिइएको मन्त्रालयकै च.नं १५८०को पत्रानुसार मालपोत अधिकृत रेवति प्र. ढकाललाई नसिहत दिइएको र भूमि सुधार विभागको च.नं. ८५१, ८५२,८४८ को पत्रानुसार ना.सु मोती कुमार श्रेष्ठ, ख.देवी बहादुर |

| | | | |
|---|---|---|---|
| | | | थापा, ख. वाल प्रसाद पौडेललाई नसिहत दिएको पत्र प्राप्त भएको । |
| २४. | २०६१।५।२९ | काठमाण्डौ जिल्ला भिमसेन गोला वडा नं. ४ क कि.नं. १७० को १-६-१-२ का चैत्यमाया शाक्यको दर्ताकायम रहेको घर जग्गा मालपोत कार्यालय डिल्लीवजारको कर्मचारीको मिलोमतोमा अनियमित रूपमा विक्री वितरण गरेको भन्ने सम्बन्धमा संलग्न कर्मचारीहरूलाई विभागीय कारबाही गर्न भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको । | भूमिसुधार तथा व्यवस्था मन्त्रालयको च.नं. २७९, २८९ मिति २०६२।६।५ को पत्रानुसार मालपोत अधिकृत गुरु प्रसाद रेग्मी, भूमिसुधार विभागको च.नं ४९० मिति २०६२।९।११ को पत्रानुसार ना.सु टिका बहादुर वि. सि. र विभागकै चनं. २७७ मिति २०६२।६।५ को पत्रानुसार कुल बहादुर गिरी समेतको ५ वर्ष तलब रोक्का गरेको भू.सु मन्त्रालयको च.नं २७८ मिति २०६२।६।५ को पत्रानुसार ना.सु. अरूणेदय रञ्जीत र खरिदार मान प्रसाद श्रेष्ठको २ तलब वृद्धि रोक्का गरिएको जानकारी प्राप्त भएको । |
| २५. | २०६१।५।३१, २०६१।८।१४ | सुकुम्वासी समस्या समाधान आयोग चितवनका अध्यक्ष सहित अन्य पदाधिकारीले गैर सुकुम्वासीलाई सुकुम्वासी भनी जग्गा वितरण गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा सम्वन्धित कर्मचारीहरूलाई विभागीय कारबाही गर्न भु.सु. तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको । | स्थानीय विकास मन्त्रालयको च.नं. ३१ मिति २०६२।४।२५ को पत्रानुसार तत्कालीन नि.प्र.मा अ. अमृत किरण ढकालको १ ग्रेड रोक्का र नापि विभागको च.नं ३६२,३६३ मिति २०६२।९।२४ को पत्रानुसार अमिन हरि प्रसाद भट्ट र टोली प्रमुख रमाकान्त आचार्यको १-१ तलब वृद्धि रोक्का गरिएको जानकारी प्राप्त भएको । |
| २६. | ०५९।१२।४ | चलचित्र विकास वोर्डका सदस्य सचिव उपसचिव ( कानून) मणिराज ओभ्काले अनियमित तवरबाट चलचित्र भवनको नवीकरण गरेको भन्ने सम्बन्धमा विभागीय कारबाही को लागि कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा लेखी पठाइएको । | कानून, न्याय तथा संसदीय व्यवस्था मान्त्रालयको च.नं. २०४ मिति २०६२।९।८ को पत्रानुसार निजलाई नसिहत दिइएको जानकारी प्राप्त भएको । |
| २७. | ०६१।३।८ | का.म.न.पा.वडा नं. १४ को कि.नं. ३६३ कृषि सामग्री संस्थानको जग्गालाई किंनं | नापी विभागको च.नं. २१० मिति २०६२।७।२८ को पत्रानुसार नापी शाखा कलंकीका सर्भेक्षक एकनाथ आचार्यको ५ |

| | | | |
|---|---|---|---|
| | | ३६५ कोृ व्यक्तिको नाउँको जग्गा मा पारी नक्सा दिएको सम्बन्धमा संलग्न कर्मचारीहरू उपर हदैसम्मको विभागीय कारबाही गर्न नापी विभागमा लेखी पठाइएको । | वर्ष वढुवा रोक्का गरिएको जानकारी प्राप्त भएको । |
| २८. | २०६१।१२।८ | काठमाण्डौ जि वि.स बाट आ.व. ०६१।६२ मा वालुवा ठेक्का दिदा स्थानीय विकास अधिकारीको मिलोमतोमा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा संलग्न कर्मचारीलाई विभागीय कारबाही गर्न स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएको । | स्थानीय विकास मनत्रालयको च.नं. ९४ मिति २०६२।४।३१ को पत्रानुसार स्थानीय विकास अधिकारी केदार न्यौपानेलाई नसिहत दिएको जानकारी प्राप्त भएको । |
| २९. | २०६२।३।५ | उच्च माध्यमिक शिक्षा परिषद्बाट विज्ञापन नं. ११/०६०-६१ मा लेखा सहायक पदको लिखित परिक्षाको परिणाम अनियमित भयो भन्ने सम्बन्धमा संलग्न कर्मचारीलाई सचेत गराउनका साथै दुई तलब वृद्धि रोक्का गर्न शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएको । | शिक्षा तथा खेलकुद मन्त्रालयको च.नं. २२६ मिति २०६२।७।८ को पत्रानुसार सह सचिव कमल प्रसाद लाल कर्ण र उपसचिव तेजराज पाण्डेको दुई तलब वृद्धि रोक्का गरिएको जानकारी प्राप्त भएको । |
| ३०. | ०६२।२।१९ | डिभिजन सडक कार्यालय सुर्खेतले सडक निर्माण टेण्डरमा अनियमितता गरेको भन्ने सम्बन्धमा संलग्न कर्मचारीलाई विभागीय कारबाही गर्ने गरी भएको निर्णय यथासिघ्र टुंगो लगाई जानकारी दिन भौतिक योजना तथा निर्माण मन्त्रालयलाई निर्देशन दिइएको । | भौतिक योजना तथा निर्माण मन्त्रालयको च.नं. ९०४ मिति २०६२।११।१९ को पत्रानुसार सि.डि.ई. नागेश्वर प्रसाद गुप्तालाई ५ तलब बृद्धि रोक्का गरीएको जानकारी प्राप्त भएको । |
| ३१. | ०६२।७।२२ | नेपाल विद्युत प्राधिकरण, मध्य वितरण केन्द्र, काठमाण्डौका सि.मि.री. हेमन्त सिंहले | जलस्रोत मन्त्रालयको च.नं. २७३ मिति २०६२।९।३ को पत्रानसार निजको २ वर्षे बढुवा रोक्का तथा लगत फाँटमा कार्य |

| | | | |
|---|---|---|---|
| | | ग्राहकसंग मिली विद्युत चुहावट गरेको भन्ने सम्बन्धमा निजलाई २ वर्ष वढुवा रोक्का गरी आर्थिक कारोवार हुने क्षेत्रमा कार्य नतोक्न ने. वि. प्रा.लाई निर्देशन दिइएको । | तोकिएको जानकारी प्राप्त भएको । |
| ३२. | ०६१।१२।१९ | गैर नेपाली नागरिकलाई नेपाली राहदानी जारी गरेको भन्ने विषयमा जिल्ला प्रशासन कार्यालय काठमाण्डौका तत्कालीन प्रशासकीय अधिकृत लिलावहादुर के.सी. लाई दुई तलव वृद्धि रोक्का गर्न गृह मन्त्रालयमा लेखी पठाइएको । | गृह मन्त्रालयको मिति ०६३/३/१२ को निर्णयानुसार निज लिला वहादुर के.सी. को दुई तलव वृद्धि रोक्का गरिएको जानकारी प्राप्त । |

**(ख) सचेत**

| क.सं. | आयोगको निर्णय मिति | उजुरीको विषय र निर्णयको व्यहोरा | कार्यान्वयनको व्यहोरा |
|---|---|---|---|
| १. | २०६२।३।१४ | गुठी संस्थान अक्षय कोषमा भ्रष्टाचार भयो भन्ने उजुरीमा गुठी सस्थानका तत्कालीन प्रशासक सेमन्तराज चापागाई र मुख्य लेखा अधिकृत दीपक बहादुर पाण्डेलाई सचेत गराउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको । | भूमि सुधार तथा व्यवस्था मन्त्रालयको च.नं. १८८८ मिति २०६२।९।१५ तथा गुठी संस्थानको च.नं. ७०५ मिति २०६२।६।२ को पत्रबाट निज द्वयलाई सचेत गराइएको जानकारी प्राप्त भएको । |
| २. | २०६२।४।९ | मलंगवा न.पा.का इन्जिनियर राजकुमार महतोले पेस्की रकम लिई निर्माण कार्य नगराई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा सम्बद्ध कर्मचारीलाई सचेत गराउन स्थानीय विकास मन्त्रालयलाई लेखिपठाइएको । | मलंगवा नगरपालिकाको च.नं. ७४८ मिति २०६२।८।८ को पत्रानुसार ३ राजकुमार महतोलाई सचेत गराएको जानकारी प्राप्त भएको । |
| ३. | २०६३।३।२७ | जिल्ला विकास समिति सल्यानका नि.स्थानिय विकास अधिकारी समेतका व्यक्तिले खरिद र निर्माणमा अनियमितता गरेको सम्बन्धमा सम्वद्ध कर्मचारीहरूलाई | भौतिक योजना तथा निर्माण मन्त्रालयको च.नं. ६६ मिति २०६२।४।१८ को पत्रानुसार इ.भोज बहादुर राउत, जि.वि.स. सल्यानको च.नं. ५७९ मिति २०६२।८।५ को पत्रानुसार सव |

| | | | |
|---|---|---|---|
| | | सचेत गराउन लेखी पठाइएको । | ओभरसियर उत्तम कुमार राज, जि.वि.स. सल्यानकै च.नं. ५८१ मिति २०६२।८।५ को पत्रानुसार गाविस सचिव टोपजंग चन्दलाई र भौतिक योजना तथा निर्माण मन्त्रालयको च.नं. ६७ मिति २०६२।४।१८ को पत्रानुसार ओभरसियर दिलुराम श्रेष्ठलाई सचेत गराइएको जानकारी प्राप्त भएको । |
| ४. | २०६२।३।२८ | जि.वि.स. पर्साको कवाडी मालसामानको कर उठाउने सम्बन्धमा अनियमितता भयो भन्ने सम्बन्धमा स्थानीय विकास अधिकारी नरेन्द्रराज वराललाई सचेत गराउन स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको । | स्थानीय विकास मन्त्रालयको च.नं. ३१७ मिति २०६२।८।२३ को पत्रानुसार निजलाई सचेत गराइएको जानकारी प्राप्त भएको । |
| ५. | २०६२।८।१९ | जिल्ला स्वास्थ्य कार्यालय संखुवासभाबाट जिल्ला स्वास्थ्य कार्यालय रौतहटमा सरुवा भएकी सि अनमी विजय लक्ष्मी लामाले रवाना पत्रामा हातले प.हे.न. थपी किर्ते कार्य गरेको सम्बन्धमा संलग्न कर्मचारीलाई सचेत गराउन स्वास्थ्य मन्त्रालयमा लेखी पठाइएको । | स्वास्थ्य सेवा विभागको च.नं. ७६३ मिति २०६२।९।१३ को र ऐ.ऐ.को च.नं. ७६२को पत्रानुसार सि.अनमी विजयलक्ष्मी लामा र सि.अ.हे.व. गौरी शंकर प्रसादलाई सचेत गराइएको जानकारी प्राप्त भएको । |
| ६. | २०६२।८।१७ | पोखरा उप महानगरपालिका मानसिरी गुरुङले प्राप्त गरेको नाता प्रमाणित शंकास्पद भएको सम्बन्धमा पोखरा उप महानगरपालिकाका संलग्न कर्मचारीहरूलाई सचेत गराउन लेखी पठाइएको । | पोखरा उप मा.न.पा.को च.नं. १३२६४ मिति २०६२।१०।४ को पत्रानुसार संलग्न कर्मचारीहरूलाई सचेत गराइएको जानकारी प्राप्त भएको । |
| ७. | २०६२।६।११ | नेपालगंज न.पा.द्वारा संचालित विकास निर्माण कार्यमा तोकिए अनुसारको निर्माण सामग्री प्रयोग नगरी अनियमितता भयो भन्ने सम्बन्धमा रकम असुल उपर गर्न र संलग्न कर्मचारीलाई सचेत गराउन स्थानीय विकास | नेपालगंज नगरपालिकाको च.नं. २४९६ मिति २०६२।८।२९ को पत्रबाट र च.नं. २४९८ मिति २०६२।८।२९ को पत्रबाट ई. कर्ण बहादुर के.के. र ओ.सी. शैलेन्द्र कुमार महर्जनलाई सचेत गराइएको जानकारी प्राप्त भएको । |

| | | | |
|---|---|---|---|
| | | मन्त्रालयलाई लेखी पठाइएको । | |
| ८. | २०६२।८।९ | त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयका कर्मचारीले नियम विपरीत ओटी भत्ता भुक्तानी लिई भ्रष्टाचार गरेको सम्बन्धमा संलग्न कर्मचारीलाई सचेत गराउन लेखी पठाइएको । | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको च.नं. ६७३ मिति २०६२।९।१० को पत्रानुसार राजेश राज दली, वोदराज थपलिया, सुब्बा नगरकोटीलाई सचेत गराइएको जानकारी प्राप्त भएको । |
| ९. | २०६२।५।२८ | कायमी धितोलाई कम मूल्यांकन गरी आफ्नो सालीलाई धितो साकार गर्न लगाई रा.वा.बैंक मैतिदेवीको धितो हिनामिना गरी कानून अधिकृत केदार मैनालीले अनुचित कार्य गरे भन्ने सम्बन्धमा यसमा ऋणी घमण्ड अवस्थीबाट ऋण असुल उपर गरी संलग्न कर्मचारीलाई विभागीय कारबाही तथा सचेत गराउन सम्बन्धित निकायमा लेखी पठाइएको । | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु नियन्त्रण विभागको च.नं. ४९५ मिति २०६२।६।३ को पत्रानुसार ख.केशवप्रसाद पराजुलीलाई सचेत गराईएको जानकारी प्राप्त भएको । |
| १०. | २०६२।५।२८ | नेपाल विद्युत प्राधिकरणका कर्मचारीहरू आफू खुशी विदेश गई लामो अवधिको विशेष विदा स्वीकृत गराई हाजिर भएको भन्ने सम्बन्धमा संलग्न कर्मचारीलाई सचेत गराउन नेपाल विद्युत प्राधिकरणमा लेखी पठाइएको । | नेपाल विद्युत प्राधिकरणको च.नं. १३० र १३१ मिति २०६२।६।७ को पत्रानुसार निमित्त महानिर्देशक भोजराज रेग्मी र निर्देशक विनोद कुमार ढकाललाई सचेत गराइएको जानकारी प्राप्त भएको । |
| ११. | २०६२।९।७ | मोरङ जिल्लाका तत्कालीन भूमिसुधार अधिकृत सूर्य प्रसाद अधिकारीले आफूले गरेको अघिल्लो निर्णय विपरीत हुने गरी पछि निर्णय गरी अनुचित कार्य गरेको सम्बन्धमा भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा निजलाई सचेत गराउन लेखि पठाइएको । | भूमि सुधार तथा व्यवस्था मन्त्रालयको च.नं. १०३४ मिति २०६२।९।२५ को पत्रानुसार निजलाई सचेत गराइएको जानकारी प्राप्त भएको । |
| १२. | २०६०।१०।२७ | अदालतको फैसलाबाट समेत एक पटक टुंगो लागिसकेको विषयमा चार किल्ला कायम गर्ने, नाप जाँच गराउने कार्य नुवाकोट जिल्ला वनदेवी गुठी जग्गा सम्बन्धमा | तत्कालनीन मालपोत अधिकृत अमल किरण ढकाललाई (हाल उप सचिव) भूमि सुधार तथा व्यवस्थापन मन्त्रालयको च.नं. १८८४ मिति २०६३।३।४ को पत्रानुसार सचेत गराइएको जानकारी |

| | | | |
|---|---|---|---|
| | | संलग्न कर्मचारीहरूलाई सचेत गराउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको । | प्राप्त भएको । |
| १३. | २०६१।१०।८ | यति एयरलाइन्सको संचालनमा रहेको 9N AEV वायुयानको दुर्घटना पश्चात दर्ता खारेज नगरी मर्मत गर्न पठाएको एवं लिजमा ल्याएको कामकारबाहीमा अनियमितता भयो भन्ने सम्वन्धमा वास्तविक कारोवार एवं दावीको आधारमा वीमा क्षतिपूर्तिको भुक्तान गर्ने व्यवस्था गरी स्वस्थ व्यवसायिक विमा कारोवार विकास गर्न विमा समितिलाई लेखी पठाइएको । | विमा समितिको च.नं. २००० मिति २०६२।९।१७ को पत्रानुसार एभरेष्ट इन्स्योरेन्स कं.लि. लाई सचेत गराएको जानकारी प्राप्त भएको । |
| १४. | २०६२।३।६ | पश्चिम तराई गरिबी निवारण परियाृजनामा आर्थिक अनियमितता भई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा संलग्न कर्मचारीलाई सचेत गराउने सम्बन्धित अख्तियारवाला समक्ष लेखी पठाएको र अनियमित रकम असुल उपर गर्न जिल्ला विकास समिति वर्दियालाई लेखी पठाइएको । | पश्चिम तराई गरिबी निवारण परियोजना वर्दियाको च.नं. ११ र १२ मिति २०६२।५।५ को पत्रानुसार परियोजना अधिकृत सुदिप कुमार भट्ट र ओभरसियर मान बहादुर शाहीलाई सचेत गराइएको जानकारी प्राप्त । साथै राष्ट्रिय वाणिज्य बैंकको च.नं. ३७७ मिति २०६२।९।२५ को पत्रानुसार प्रबन्धक राधेश्याम योगीलाई सचेत गराएको जानकारी प्राप्त भएको । |

**(ग) सुझाव/निर्देशन**

| क्र.सं. | आयोगको निर्णय मिति | उजुरीको विषय र निर्णयको व्यहोरा | कार्यान्वयनको व्यहोरा |
|---|---|---|---|
| १. | २०६१/११/१९<br>०६१/१२/१० | स्थानीय निकायहरूले आफ्नो सम्पूर्ण क्षेत्रवारे प्रमाणित ट्रेस नक्साको रेकर्ड सम्बन्धित नापी शाखाबाट प्राप्त गरी सिफारिस माग कर्ताबाट प्रयोजन खुलेको निवेदन लिई आफू कहाँ रहेको नक्सा भिडाई प्रयोजन खुलाई सिफारिस गर्ने प्रचलन गराउन स्था.वि.मन्त्रालयलाई सुझाव दिइएको । | स्थानीय विकास मन्त्रालयको च.नं. ४०५ मिति २०६१२/१२/२३ को पत्रबाट सवै स्थानीय निकायहरुमा सुझाव कार्यान्वयनको लागि परिपत्र भएको जानकारी प्राप्त भएको । |

| | | | |
|---|---|---|---|
| | २०६२।३।१५ | काठमाण्डौ उपत्यकाका नगरपालिकाहरूले आर्थिक सहायता वितरण गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा यसलाई व्यवस्थित गर्न स्थानीय विकास मन्त्रालयलाई निर्देशन दिइएको । | स्थानिय विकास मन्त्रालयको च.नं. ४३८ मिति २०६१।१२।२४ को पत्रानुसार आवश्यक निर्देशन भई गएको जानकारी प्राप्त । |
| २. | २०६२।४।१८ | भूमि सुधार कार्यालय काठमाण्डौका भूमिसुधार अधिकारी वैधनाथ चौधरीले मोहीको हक कायम नगरिदिएको सम्बन्धमा प्रचलित ऐन नियमको परिधिभित्र रही तीन महिना भित्र उजुरीको कारबाही टुंगो लगाउनु भनी भूमि सुधार अधिकारीलाई निर्देशन दिइएको । | भूमि सुधार कार्यालय काठमाण्डौको च.नं. ४४२० मिति २०६२।९।६ को पत्रानुसार वादी प्रतिवादी मिलापत्र भएको जानकारी प्राप्त भएको । |
| ३. | ०६१।८।११ | लायन्स क्लबले १९९६ मा भन्सार सुविधामा २ वटा पजेरो जीप वा२च ८३५७ र वा२च ८३५८ को गाडी नेपाल अधिराज्य भर निः शुल्क आँखा शिविरमा डाक्टर औषधि र विरामी को लागि प्रयोग गर्ने गाडी डिष्ट्रिक्ट गभर्नरले प्रयोग गर्ने गरेको, राजस्व छलेको सम्बन्धमा भन्सार विभागलाई के भएको हेरी आवश्यक कारबाही गरी आयोगमा जानकारी पठाउन लेखी पठाइएको । | भन्सार विभागको मिति २०६२।२।६ को पत्रानुसार उक्त गाडीहरूको हाल दुरुपयोग नभएको जानकारी प्राप्त भएको । |
| ४. | २०६२।५।२६ | उच्च माध्यमिक शिक्षा परिषद्ले टेण्डरबाट गर्नुपर्ने छपाइ कार्य गर्न सदस्य सचिव राबहादुर खड्का प्र.नि. गोरख बहादुर सिंहले रु ३५ लाख पेश्की लिई अनियमितता गरेको सम्बन्धमा सोझै गराउन सकिने आर्थिक कार्यको बारेमा विनियममा नै आवश्यक व्यवस्था गर्न उच्च | सुझाव कार्यान्वयन भएको जानकारी प्राप्त भएको । |

| | | | |
|---|---|---|---|
| | | माध्यमिक शिक्षा परिषद्लाई लेखी पठाइएको । | |
| ५. | २०६२।८।३ | चिकित्सा शास्त्र अध्ययन संस्थन महाराजगञ्जले लिएको प्रवेश परीक्षामा अनियमितता गरेको भन्ने सम्बन्धमा परीक्षा प्रणालीमा सुधार गर्न भनी चिकीत्सा शास्त्र अध्ययन संस्थान महाराजगंजलाई निर्देशन पठाइएको । | निर्देशन पालन गरिएको जानकारी प्राप्त भएको । |
| ६. | २०६२।९।४ | जग्गा धनी प्रमाणपत्र वितरण गर्दा नि.का.प्र.खरिदार कमल ढुंगेल समेतले भ्रष्टाचार गरेको सम्बन्धमा पदम बहादुरको नाउँमा एकल मोठ कायमै गर्ने मालपोत कार्यालय चैनपुरको मिति २०६१।५।३१ को निर्णय बदर गरी पदम बहादुर र गौरी मान लिम्बुको नाउँमा संयुक्त मोठ कायम गरी ३ महिना भित्र श्रेस्ता कायम गर्न मालपोत विभागलाई निर्देशन पठाइएको । | एकल मोठ बदर गरी संयुक्त मोठ कायम गरी<br>निर्देशन पालन भएको मालपोत कार्यालय चैनपुरको च.नं. ४७५ मिति २०६२।११।२४ को पत्र (श्रेस्ताको प्रतिलिपि सहित) बाट जानकारी प्राप्त भएको । |
| ७. | २०६२।५।१५ | कृषि विकास बैंक पुतली सडकबाट कर्जा लगानी गर्दा अनियमितता भयो भन्ने सम्बन्धमा बैक नियमानुसार ऋण असुल उपर गरी संलग्न कर्मचारीलाई आवश्यक कारबाही गर्न कृषि विकास बैंकलाई लेखी पठाइएको । | कृषि विकास बैंक मुख्य कार्यालयको च.नं. ३४४ मिति २०६२।१०।१७ को पत्रानुसार ऋणीबाट सम्पूर्ण रकम असुल उपर भएको जनकारी सो बैकको च.नं. ५४२ मिति २०६३।२।१ को पत्र अनुसार संलग्न शशीराज सिंह सुवाल र सूवर्णमान रञ्जितलाई बैंकको नियमावली अनुसार विभागीय कारबाही गरिएको जानकारी प्राप्त भएको । |
| ८. | २०६२।१०।२५ | मालपोत कार्यालय डिल्ली बजारका खरिदार प्रकाश नारायण भट्टले घूस मागे भन्ने सम्बन्धमा संलग्न कर्मचारीलाई विभागीय कारबाही तथा ध्यानाकर्षण गराउन भूमिसुधार व्यवस्थापन विभागमा लेखी | भूमि सुधार तथा व्यवस्थापन विभागको च.नं. ९६३ मिति २०६३।२।१८ को पत्रानुसार प्रमुख मालपोत अधिकृत टिकाराम घिमिरेलाई ध्यानाकर्षण गराइएको जानकारी प्राप्त । |

| | | | |
|---|---|---|---|
| | | पठाइएको । | |
| ९. | २०६२।८।७ | घरेलु तथा साना उद्योग विकास समितिको प्रधान कार्यालयको व्यवस्थापन तहबाट सेवा शर्त नियमावली तथा अन्य प्रचलित कानून उलंघन गरी करार सेवा भनी कर्मचारी नियुक्त गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा संस्थानमा कार्यरत कुनै पदाधिकारीलाई नेपाल सरकारले कार्यकारी निर्देशक, कार्यकारी प्रमुख वा महा प्रबन्धक पदमा नियुक्त गरेमा त्यस्तो पदाधिकारीको पदाधिकार सम्बन्धित संस्थानमा कायम नरहने गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लेखि पठाइएको । | उद्योग वाणिज्य तथा आपूर्ति मनत्रालयको च.नं. ६८ मिति २०६२।११।२५ को पत्रानुसार निर्देसन कार्यान्वयन भएको जानकारी प्राप्त भएको । |
| १०. | २०६२।१०।१० | गोलढुंगा- ८ को कि.नं. ४१ को सार्वजनिक जग्गा मालपोत कार्यालय, नापी कार्यालय समेतका कर्मचारीको मिलोमतोमा विभिन्न व्यक्तिले अनियमित गरे भन्ने सम्बन्धमा मालपोत कार्यालय काठमाण्डौलाई उक्त जग्गाको लगत लिई जग्गा धनी प्रमाण पूर्जा तयार गरी जिल्ला प्रशासन कार्यालय काठमाडौं पठाउन निर्देशन दिइएको । | मालपोत कार्यालय, डिल्लीबजारको पत्रानुसार पूर्जाको प्रतिलिपि जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पठाएको जानकारी प्राप्त भएको । |
| ११. | २०६२।१०।३ | नेपालगञ्ज नगरपालिका बाँकेको कार्यकारी अधिकृत समेतको मिलोमतोमा सडकको जग्गा अतिक्रमण गरी घर बनाएको भन्ने सम्बन्धमा सडक सिमा सम्बन्धमा आवश्यक कारबाही गर्न सडक विभागलाई निर्देशन पठाएको । | सडक विभागले आवश्यक सीमाङ्कन गरी सकेको जानकारी प्राप्त भएको । |

| | | | |
|---|---|---|---|
| १२. | २०६२।१२।१३ | नेपाल बैंक लिमिटेड भेडासिङ शाखाबाट ऋण लिदा शिखर टेक्सटाइल उद्योगका प्रो. कुल प्रसाद पौडेलले धितो सुरक्षण दिएको जग्गाको नापी नक्सा सच्याई बैंक ठगी गरेको भन्ने सम्बन्धमा अव उप्रान्त ऋण माग गर्दा प्रेषित कागजात सक्कली हुन्/होइनन् भन्ने कुरा बैक आफैले सम्बन्धित कार्यालय संग यकिन गराएर मात्र ऋण प्रवाह गर्न बैंकको निर्देशिकामा आवश्यक व्यवस्था गर्न नेपाल बैंक लिमिटेड प्रधान कार्यालयमा लेखी पठाइएको । | अर्थ मन्त्रालयको च.नं. २२४९ मिति २०६३।३।३० का पत्रानुसार आवश्यक कारबाही भएको जानकारी प्राप्त भएको । |
| १३. | २०६०।६।७ | साविक भगवान स्थान गा.वि.स. र हाल कामनपा-७ चावहीलमा पर्ने जग्गा नाप नक्सा गर्ने अमिनले २ कित्ता बढाई भ्रष्टाचार गरे भन्ने सम्बन्धमा नक्सा एवं प्रमाण समेत भिडाइ बाटो सार्वजनिक कायम गर्न भूमि सुधार मन्त्रालयलाई निर्देशन पठाएको । | मालपोत कार्यालय चावहिलको च.नं. १६४३ मिति २०६२।८।६ को पत्रानुसार सार्वजनिक जग्गाको बाटो कायम गरिएको जानकारी प्राप्त भएको । |
| १४. | २०६१।२।१३ | गुठी संस्थानका कर्मचारीले फायलबाट कागजात गायव गरी कँडेलचोक भगवतिको गुठीको जग्गा हिनामिना गरेको भन्ने सम्बन्धमा लगत किन अद्यावधिक हुन नसकेको हो ? अद्यावधिक गराई ३ महिना भित्र लगत पठाउन गुठी संस्थानलाई लेखी पठाइएको । | गुठी संस्थानको च.नं. १८८८ मिति २०६२।९।२६ को पत्रानुसार काठमाण्डौ, ललितपुर, भक्तपुर गरी करीव ७५४-५-१ मध्ये ७०३-१४-२-२ जग्गाहरू हाल साविक भइसकेको जानकारी प्राप्त भएको । |
| १५. | २०६०।१०।१ | धादिङ जिल्ला थाके र वैरेनी गा.वि.स.का जग्गाहरू विभिन्न व्यक्तिको नाउँमा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा उक्त गाविसका जग्गाहरू के | उक्त गा.वि.स.का विभिन्न कि.नं. का जग्गाहरू सडक विभागको नाउँमा दा.खा. कायम भइसकेको केही जग्गा बैंकमा रोक्का भएकोले केही समय लाग्न सक्ने जानकारी भूमिसुधार मन्त्रालयबाट जानकारी प्राप्त |

| | | | |
|---|---|---|---|
| | | कति पृथ्वी राजमार्गमा परेका छन् यकिन गरी राजमार्ग ऐन अनुसार नेपाल सरकार सडक विभागको नाउँमा दा.खा. गरी श्रेस्ता कायम गरेको जानकारी गराउन भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाइएको । | भएको । |
| १६. | २०६०।११।१ | कामनपा-२२ख कि.नं. १६५ र १६६ तथा वालाजु गा.वि.स.-६ कि.नं. २९९ र ३०३ को जग्गा गुठीयारहरूले बदनीयतपूर्वक रैकर गर्न खोजिएको भन्ने सम्बन्धमा लुंमडी भद्रकाली माई पिसाच चतुर्दशीको गुठीको नाउँमा दर्ता गरी आयोगमा जानकारी दिन गुठी सस्थानमा लेखी पठाइएको । | गुठी संस्थान केन्द्रीय कार्यालयको च.नं. १८८९ मिति २०६२।९।२६ को पत्रानुसार रो. ५-३-१-३ मध्ये ४-६-२ जग्गा पत्ता लगाउन सकिएको बाँकी जग्गा साविक लगतमा नै खोला लागेको भन्ने उल्लेख भएकोले हर संभव पत्ता लगाउन प्रयत्न गर्दा समेत पत्ता नलागेको जानकारी प्राप्त भएको । |
| १७. | २०६०।९।२१ | विघटित सुकुम्वासी समस्या समाधान आयोग, जिल्ला समिति झापाका अमिन खडानन्द शाहले अव्यवस्थित वसोवास भनी गैरकानूनी किसिमले श्रीमतीको नाउँमा जग्गा लिई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा सो दर्ता भएका जग्गा वदर गरी नेपाल सरकारको नाउँमा श्रेस्ता कायम गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको । | मालपोत कार्यालय झापाको मिति २०६२।९।३ को पत्रानुसार अमिन खडानन्द शाहका श्रीमती निर्मलादेवीका नाउँमा कायम भएका सुरुङ्गा -५ कि.नं. २१०,२५९, ऐ.७ क कि.नं. २०८१ ऐ.१ख कि.नं. ५५६, नकलवन्धा गा.वि.स. ८ ग कि.नं. १९२९ को जग्गा वदर गरी नेपाल सरकारको नाउँमा कायम भएको जानकारी प्राप्त भएको । |
| १८. | २०५८।३।२७ | साझा यातायातमा ३२ वर्ष देखि साधारण सभा नगरी लेखा परीक्षण समेत नगराई व्यापक भ्रष्टाचार हुने गरेको भन्ने सम्बन्धमा प्रचलित ऐन नियम अनुसार समयमा लेखा परीक्षण गराउन श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाइएको । | साझा यातायातको मिति २०६२।५।२० को पत्रानुसार लेखा परीक्षण कार्य भइरहेको भन्ने जानकारी प्राप्त भएको । |

| | | | |
|---|---|---|---|
| १९. | २०६१।७।११ | योग्यता नपुगेका CTEVT का कर्मचारी हरिकुमार प्रधान, विष्णु कोइरालालाई वढुवा गरेको भन्ने सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई प्रमाण पत्र छानबिन गरी कारबाही गर्नुपर्ने नपर्ने यकिन गरी आयोगलाई जानकारी गराउन लेखी पठाइएको | परिषद्को प.स. ०६२।६३ च.नं. ११७ को पत्रबाट निर्देशन पालना भएको जानकारी प्राप्त भएको । |
| २०. | २०६०।६।२९ | कृषि विकास बैंक बैकिङ कार्यालय भक्तपुरबाट विभिन्न ११ ऋणीलाई अनियमित कर्जा प्रवाह गरेको सम्बन्धमा भूमि सुधार तथा व्यवस्था मन्त्रालयलाई प्रीन्ट नक्सा दिंदा कारण खुलाई अख्तियार प्राप्त अधिकारीले सक्कल ट्रेस नक्सासित रुजु गरी प्रमाणित गर्दा पूरा नाम थर र पद सहित दस्तखत गरी मिति राखी Amonia Print नक्सा दिने व्यवस्था गर्न लेखी पठाएको । | नापी विभागको २०६२।७।७ को पत्रानुसार निर्देशन कार्यान्वयन गर्नको लागि निर्देशन दिएको पत्र प्राप्त भएको । |
| २१. | २०६१।८।२३ | सरकारी/सार्वजनिक जग्गा व्यक्तिको नाउँमा दर्ता धितो राखी ऋण लिएको भन्ने सम्बन्धमा भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा सरकारी सम्पत्ति कब्जामा लिने कार्यमा सडक विभागलाई चाहिँदो सहयोग दिन निर्देशन पठाइएको । | भूमि सुधार तथा व्यवस्था मन्त्रालयको च.नं. ५६० मिति २०६२।५।५ को पत्रानुसार आवश्यक सहयोगका लागि मालपोत कार्यालयहरूलाई निर्देशन दिएको जानकारी प्राप्त भएको । |
| २२. | २०६०।५।२५, २०६१।११।५ | मालपोत कार्यालय स्याङ्जाबाट सार्वजनिक भनी जनिएको जग्गा व्यक्तिको नाउँमा दर्ता गरी वेच विखन गरे भन्ने सम्बन्धमा स्याङजा जिल्ला वालिङ गा.वि.स. वडा नं. ४ को कि.नं. ५५५, कि.नं. ७२४, ७२५, ६७८, | मालपोत कार्यालय, स्याङ्जाको मिति २०६२।३।२१ को पत्रानुसार उक्त कि.नं. का जग्गाहरू नेपाल सरकारको नाममा श्रेस्ता कायम गरिएको जानकारी प्राप्त भएको । |

| | | | |
|---|---|---|---|
| | | ६८३ र ३२७ दोहोरो दर्ता देखिएको हुँदा कानून वमोजिम सच्याउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाएको । | |
| २३. | ०६०।९।१८<br>०६१।११।६ | अरनिको राजमार्ग छेउका बयासी फिट जग्गा व्यक्ति विशेषको नाउँमा किनवेच भएको भन्ने सम्बन्धमा दिव्यस्वरी गा.वि.स.-३ क साविक कि.नं. १४९,१५०,१५१ हाल कि.नं. ९७४,९७५,९७६ का सडक सिमा भित्र पर्ने भनिएका जग्गाहहरूको फिल्ड निरीक्षण गरी श्रेस्ता कायम गरी जानकारी पठाउन सडक विभाग, नापी विभागलाई निर्देशन दिइएको । | मालपोत कार्यालय, भक्तपुरको च.नं. ३०१९, मिति २०६२।८।३० को पत्रानुसार उक्त जग्गाहरू सडक कार्यालयको नाउमा श्रेस्ता कायम भएको जानकारी प्राप्त भएको । |
| २४. | २०६१।१०।२९ | कृषि विकास बैंक बैंकिङ कार्यालय नयाँ वानेश्वरबाट मनकामना ज्वेलर्स उद्योगलाई नियम विपरीत कर्जा प्रवाह गरी अनियमितता गरेको भन्ने सम्बन्धमा मनकामना ज्वेलरीका प्रो. महेन्द्र विश्वकर्मालाई प्रवाहित ऋण सावा व्याज सहित धितोबाट असुल उपर गर्ने र लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएका विषयमा नियमानुसार कारबाही गर्न कृषि विकास बैंक केन्द्रीय कार्यालयमा लेखी पठाइएको । | कृषि विकास बैकको च.नं. २४२, २०६२।७९ को पत्रानुसार निजबाट असुल गरिएको र सम्बद्ध कर्मचारीहरूलाई सचेत गराइएको जानकारी प्राप्त भएको । |
| २५. | २०५९।११।६,<br>२०६१।१२।८ | धर्म लोप गर्ने कार्य गरी भ्रष्टाचार गरेको भन्ने ( नन्दीकेशर महागुठी) सम्बन्धमा जग्गाको लगत अद्यावधिक गराउन गुठी संस्थान केन्द्रीय कार्यालयलाई निर्देशन पठाइएको। | गुठी संस्थानको च.नं. ५४०, मिति २०६२।५।२२ को पत्रानुसार जम्मा क्षे.७८-४-० जग्गा गुठी कायम भएको जानकारी प्राप्त भएको । |

| | | | |
|---|---|---|---|
| २६. | २०६१।१०।२७ | लुम्बिनी अंचल अस्पतालको जग्गा नियम विपरीत दिने निर्णय गर्ने डा. नन्द प्रसाद शर्मा समेतले भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अस्पताललाई उपलब्ध गराएको उक्त जग्गा मालपोत ऐनको दफा २४(३) अनुसार नेपाल सरकारको नाउँमा दर्ता कायम गरी आयोगलाई जानकारी दिन मालपोत कार्यालय रूपन्देहीलाई लेखी पठाइएको । | मालपोत कार्यालय रूपन्देहीको च.नं. ३५७८ मिति २०६२।७।२० को पत्रानुसार नेपाल सरकारको नाउँमा श्रेस्ता कायम भएको जानकारी प्राप्त भएको । |
| २७. | २०६२।१।१८ | काठमाडौं जिल्ला का.म.न.पा.-९, वत्तिसपुतली स्थित रामचन्द्र गुठीको नाममा रहेको जग्गा अक्षयकोष खडा गरी सट्टा-पट्टा गर्दा अनियमितता भयो भन्ने सम्बन्धमा सो गुठीको अक्षयकोष राखिएको रु २८,७६,०००।- उक्त गुठीको सम्पत्ति रहेको देखिदा उक्त रकमको व्याज संस्थागत रूपबाट राम चन्द्र मंदिरको प्रयोजनार्थ खर्च गर्न पाउने व्यवस्था गरी आयोगलाई जानकारी दिन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको । | नेपाल बैंक लि., काठमाडौं कार्यालयमा रहेको अक्षयकोषको उक्त रकम मन्दिरको प्रयोजनमा मात्र खर्च लेख्न मालपोत कार्यालय काठमाडौंले मिति २०६२।६।३ मा सो बैंकलाई पत्र लेखेको जानकारी प्राप्त भएको । |
| २८. | २०६१।१२।२३ | विपि कोइराला लायन्स नेत्र अध्ययन केन्द्रका कार्यकारी निर्देशक शशाङ्क कोइराला समेतको मिलोमतोमा भवन निर्माण गर्दा अनियमितता भयो भन्ने सम्बन्धमा एचेक्स कन्सल्टेन्सी प्रा.लि.का म्यानेजिङ डाइरेक्टर शंकर शाहको परिषद्को सदस्यता खारेज गरी निजको फर्मलाई कालो सुचिमा राख्न इन्जिनियरिङ परिषद्लाई | नेपाल इन्जिनियरिङ परिषद्को च.नं. ९१९ मिति २०६२।९।२८ को पत्रानुसार पदिषद्को सदस्य सूचीबाट निजको नाम हटाइएको जानकारी प्राप्त भएको । |

| | | | |
|---|---|---|---|
| | | निर्देशन दिइएको छ । | |
| २९. | २०६२।२।१७ | नेपाली राहदानी छपाइमा भ्रष्टाचार भयो भन्ने सम्बन्धमा सुरक्षण मुद्रणको कार्यमा आत्म निर्भरता हासिल गर्न उपयुक्त नीतिगत तथा कानूनी एवं संस्थागत व्यवस्था गर्न सूचना तथा संचार मन्त्रालयलाई निर्देशन दिइएको । | सूचना तथा संचार मन्त्रालयको मिति २०६२।५।१ को पत्रानुसार निर्देशन कार्यन्वयन गर्न निर्देशन दिएको जानकारी प्राप्त भएको । |
| ३०. | ०६२।१।१५ | पाँचौ राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि २०५८ सालमा खरिद गरिएको बक्सिङ ग्लोब २० जोर हेडगार्ड १२ थान खरीद गर्दा अनियमितता भयो भन्ने सम्बन्धमा सदस्य तथा संयोजक लाल बहादुर विष्ट र मुख्य बक्सिङ प्रशिक्षक विदुग मर्सानीलाई दुई वर्षसम्म जिम्मेवारी नदिन शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएको | राष्ट्रिय खेलकुद परिषदको मिति २०६२।४।१० को पत्रानुसार निजहरूलाई परिषद्बाट हटाइएको जानकारी प्राप्त भएको । |
| ३१. | २०६१।१२।८ | काठमाडौं जि वि.स बाट आ.व. ०६१।६२ मा बालुवा ठेक्का दिदा स्थानीय विकास अधिकारीको मिलोमतोमा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा चोरी कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्नेतर्फ आवश्यक व्यवस्था गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिइएको । | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मिति २०६२।६।९ को पत्रबाट स्थानीय विकास मन्त्रालयलाई निर्देशन दिइएकोमा स्थानीय विकास मन्त्रालयको च.नं. १८७ मिति २०६२।७।९ को पत्रानुसार सबै स्थानीय निकायलाई निर्देशन गरिएको जानकारी प्राप्त भएको । |

**(घ) <u>अन्य कारबाही</u>**

| क.सं. | आयोगको निर्णय मिति | उजुरीको विषय र निर्णयको व्यहोरा | कार्यान्वयनको व्यहोरा |
|---|---|---|---|
| १. | २०६२।४।७ | नेपाल श्रीलंका मर्चेन्ट फाइनान्सले बैंकको वोर्ड झुण्ड्याएर सर्वसाधारणबाट डिपोजिट संकलन गर्ने, कार्यालयको छाप नराख्ने | अर्थ मन्त्रालयको च.नं. २०९९(क.प्र.७) मिति २०६३।२।२३ को पत्रानुसार नाम परिवर्तन गरी वित्तीय कारोवार गर्न इजाजत दिइएको जानकारी प्राप्त भएका |

| | | | |
|---|---|---|---|
| | | जस्ता अनियमित कार्य गरेको सम्बन्धमा आवश्यक कारबाहीको लागि नेपाल राष्ट्र.बैंकमा लेखी पठाइएको । | भएको । |
| २. | २०६२।४।३२ | प्र.ना.उ. कृष्ण प्रसाद चालिसेले गैरकानूनी सम्पत्ति आर्जन गरे भन्ने सम्बन्धमा छानविन हुँदा निजको नाउँमा रहेको मकवानपुर जिल्ला रातामाटे गा.वि.स. वडा नं. ३ को कि.नं. २०३ को क्षेत्रफल १० कट्ठा जग्गा नेपाल सरकारको नाममा कायम गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको । | उक्त जग्गा नेपाल सरकारको नाममा श्रेस्ता कायम गरेको भनी मालपोत कार्यालय मकवानपुरको च.नं. २४४८ मिति २०६२।१२।१८ को पत्र प्राप्त भएको । |
| ३. | २०६२।१०।२७ | बेंक अफ काठमाण्डौले धरौटी नराखेका व्यक्तिहरूलाई सहभागी गराई अनियमित रूपमा चल अचल सम्पत्ती लिलाम गराएको, धरौटी राखेको व्यक्तिहरूलाई फसाउने वदनियत राखी अनियमित कार्य गरेको सम्बन्धमा प्रचलित ऐन नियम अनुसार कारबाही टुंगो लगाउन नेपाल राष्ट्र बैंक, बैंक अफ काठमाडौंलाई लेखी पठाइएको । | अर्थ मन्त्रालयको च.नं. २२४९ मिति २०६३।३।३० को पत्रानुसार कारबाही गरिएको जानकारी प्राप्त भएको । |
| ४. | २०६२।८।१९ | नेपाल औद्योगिक विकास निगमले शेयर खरिद गर्दा निगमलाई नोक्सानी भएको सम्बन्धमा आवश्यक कारबाही गरी सोको जानकारी पठाउन अद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएको । | उद्योग मन्त्रालयको च.नं. २५०३ र नेपाल औद्योगिक विकास निगम को प्र.आ. वि. ३७६/८१० अनुसार शेयर खरिद गर्दै नगरेको जानकारी प्राप्त भएको । |
| ५. | २०६०।१०।५ | सन् २००५ मा जापानमा हुने Aichi मेलामा भाग लिन तत्कालीन मन्त्री महेशलाल प्रधानले आफ्ना छोरा मनिस प्रधानलाई पठाएको सम्बन्धमा सेमिनार मेलामा भागलिने | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं. १९ मिति २०६२।५।१६ को पत्रानुसार कार्यविधि स्वीकृत भएको जानकारी प्राप्त भएको । |

| | | | |
|---|---|---|---|
| | | सम्बन्धमा आवश्यक व्यवस्था गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लेखी पठाइएको । | |
| ६. | २०६१।१।४ | हेल्थ पोष्ट भवन निर्माणमा भ्रष्टाचार भएको सम्बन्धमा प्रचलित ऐन नियम बमोजिम आवश्यक कारबाही गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाइएको । | स्वास्थ्य सेवा विभागको च.नं. १६६ मिति २०६२।५।६ र च.नं. १६४ ऐ.ऐ. मितिको पत्रानुसार मल्टी डिस्सिप्लेनरी कन्सल्टेन्स प्रा.लि. सिद्धवावा निर्माण सेवालाई कालो सूचीमा राखिएको जानकारी प्राप्त भएको । |
| ७. | ०६०।३।२५, ०६१।८।८ | मालपोत कार्यालय कलंकीका मालपोत अधिकृत सुनिल प्रताप सिंह समेतले श्रेस्तामा नभएको घर शव्द थपी अख्तियारको दुरुपयोग गरेको भन्ने सम्बन्धमा आवश्यक कारबाहीको लागि सामान्य प्रशासन मन्त्रालयलाई लेखी पठाइएको । | भूमिसुधार तथा व्यवस्थापन मन्त्रालयको च.नं. ५२० मिति २०६२।६।५ को पत्रानुसार निजलाई चेतावनी दिइएको जानकारी प्राप्त भएको । |

**(ङ) <u>असुल उपर</u>**

| क.सं. | आयोगको निर्णय मिति | उजुरीको विषय र निर्णयको व्यहोरा | कार्यान्वयनको व्यहोरा |
|---|---|---|---|
| १. | २०६१।१२।१० | नेपाल बैंक लिमिटेड विराटनगरका तत्कालीन प्रबन्धक चिरञ्जीवी प्रसाद घिमिरे समेतले अधिक मुल्यांकन गरी भ्रष्टाचार गरेको सम्बन्धमा वावा अम्रेला इन्डस्ट्रीज र सो संग सम्बन्धित फर्महरूलाई प्रदान भएको बाँकी ऋणको हालको सावा व्याज असुल उपर गर्न ने.बैं.लि. प्रधान कार्यालयलाई निर्देशन दिइएको । | ने.बैं.लि.को च.नं. ३५२३ पत्रानुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दर्ता गराइएको जानकारी प्राप्त भएको । |
| २. | २०६२।३।२७ | जिल्ला विकास समिति सल्यानका नि.स्थानिय विकास अधिकारी समेतका व्यक्तिले खरिद र निर्माणमा अनियमितता गरेको सम्बन्धमा सम्वद्ध कर्मचारीहरूलाई विभागीय कारबाही, सचेत तथा रकम असुल उपर गर्न सामान्य प्रशासन मन्त्रालय | जि.वि.स. सल्यानको च.नं. ६३७ मिति २०६२।८।८ को पत्रानुसार स्टोर किपर राजेन्द्र डांगीबाट अनियमितता भएको रकम असुल उपर भएको जानकारी प्राप्त भएको । |

| | | | |
|---|---|---|---|
| | | लगायत निजहरू हाल कार्यरत निकायमा लेखी पठाइएको । | |
| ३. | २०६२।४।९ | मलंगवा न.पा. का इन्जिनियर राजकुमार महतोले पेस्की रकम लिई निर्माण कार्य नगराई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा पेश्की लिएको रु ५०,०००।- पन्ध्र (१५) महिना भित्र निजबाट असुल उपर गर्न र सम्बद्ध कर्मचारीलाई सचेत गराउन स्थानीय विकास मन्त्रालयलाई निर्देशन दिइएको । | मलंगवा नगरपालिकाको च.नं ९९८ मिति २०६२।९।२४ को पत्रानुसार रु २०,०००।- असुल उपर भएको जानकारी प्राप्त भएको । |
| ४. | २०६२।५।२१ | रा.वा.बैंक, धरानका मेनेजर दीलिप पोखरेलले बैंकको साँवा व्याज मिन्हा गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा मेसर्स प्रभात टेक्सटाइलबाट अन्तिम किस्ता वापत व्याज सहित रु १ करोड २० लाख असुल गर्न रा.वा.बैंका प्रमुख कार्यकारी अधिकृतलाई लेखी पठाइएको । | रा.वा. बैक, केन्द्रीय कार्यालयको च.नं. ३१९८ मिति २०६३।२।१ को पत्रबाट सम्पूर्ण रकम असुली भएको जानकारी प्राप्त भएको । |
| ५. | २०६२।४।२८ | नेपाल खानेपानी संस्थान केन्द्रीय कार्यालयका खरिद शाखामा कार्यरत पाँचौ तहका चिरागमान सिंह कुँवरलाई बर्खास्त गरिएकोमा पुनर्बहाली गरी गैरकानूनी कार्य गरेको सम्बन्धमा ग्रेड वापतको रकम ना.म.प्र. कौशलनाथ भट्टराईबाट असूल गर्ने र पुनर्बहालीको निर्णय सच्याउने भनी भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाइएको । | चिरागमानसिंह कुँवरलाई थप गरिएको ग्रेड रकम कौशलनाथ भट्टराईले दाखिला गरेको भौचर सहित संस्थानको मिति २०६२।५।२९ को पत्रबाट जानकारी प्राप्त भएको सोही पत्रबाट निर्णय सच्याइएको जानकारी समेत प्राप्त भएको । |
| ६. | २०५९।२।१४ | आयुर्वेद क्याम्पस नरदेवी BAMS तहमा अध्ययनरत रही सो अवधि आयुर्वेद विभागमा हाजिर भई दोहोरो हाजिरी भएको भन्ने सम्बन्धमा सो अवधिको तलब असूल र संलग्न कर्मचारीलाई सचेत गराउन स्वास्थ्य मन्त्रालयमा लेखी पठाइएको । | असुली हुन वाँकी रकम डा. मुन कर्ण थापाले २०६२।९।२५ मा दाखिला गरेको भौचर नं. १२८४९६४ को छायाँ प्रति प्राप्त भई वेरुजु रकम असूली भएको जानकारी प्राप्त भएको । |
| ७. | २०५९।९।१० | आठौ दक्षिण एसियाली खेलकुद ( चन्दा लोटो कार्यक्रम) मा अनुचित | कुमारी चोक तथा केन्द्रीय तहसील कार्यालयको मिति २०६२।१०।१७ को |

| | | | |
|---|---|---|---|
| | | कार्य तथा भ्रष्टाचार गरेको सम्बन्धमा आवश्यक कारबाहीको लागि गृह मन्त्रालयमा लेखिपठाइएको। | पत्रानुसार नेपाल रिक्रिएसन सेन्टर प्रा.लि. को नाउँमा रु ९२,००,४९६।५० असुलीको लगत कसिएको जानकारी प्राप्त भएको । |
| ८. | २०६१।१।१५ | ओखलढुंगा जिल्ला साविक वैतैना गाविस हाल सल्लेरी गा.वि.स.का सचिव रामकाजी श्रेष्ठले असहाय भत्ता वितरण गर्दा अनियमितता गरे भन्ने सम्बन्धमा अनियमितता भएको रकम निजबाट असूल उपर गर्न ( निजबाट) प्र.जि.अ. ओखलढुंगालाई लेखी पठाइएको । | स्थानीय विकास मन्त्रालयको च.नं. २५५ मिति २०६२।८।६ को पत्रानुसार निजबाट ६६००।- असूल उपर भएको जानकारी प्राप्त भएको । |
| ९. | २०६१।६।७ | श्री सरस्वति प्रस्तावीत नि.मा.वि. सुर्खेतका नि.प्रधान अध्यापक मनोजकुमार चौधरीले विद्यालय व्यवस्थापन समितिका अध्यक्षको किर्ते हस्ताक्षर गरी विद्यालयको रकम हिनामिता गरेको सम्बन्धमा हिनामिना भएको रकम असुल उपर गराउन शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएको । | जिल्ला प्रशासन कार्यालय सुर्खेतको च.नं. २६३ मिति २०६२।४।३ को पत्रानुसार निजबाट रु २१०००।- असूल उपर भएको जानकारी प्राप्त भएको । |
| १०. | २०६१।१२।१७ | प्र.ना.उ. गणेश राईको श्रोत नखुलेको सम्पत्ति सम्बन्धमा निजबाट कर रकम असूल उपर गर्न आन्तरिक राजस्व विभागमा लेखी पठाइएको । | प्रहरी प्रधान कार्यालयको च.नं. ३८० मिति २०६२।७।१० को पत्रानुसार रकम असूल उपर भएको जानकारी प्राप्त भएको । |
| ११. | २०६२।३।६ | पश्चिम तराई गरिबी निवारण परियोजनामा आर्थिक अनियमितता भई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनियमित रकम असूल उपर गर्न जिल्ला विकास समिति बर्दियालाई लेखी पठाइएको । | जिल्ला प्रशासन कार्यालय बर्दियाको च.नं. ३८५ मिति २०६२।५।८ को पत्रानुसार शैलेश्वरी निर्माण सेवाका अनिल कुमार के.सी. बाट रु ४,०५४।५८, कञ्चन निर्माण सेवाका सोम बहादुर पाण्डे बाट रु ७०९४।९९ र जय वंगलामुखी निर्माण सेवाका श्याम सरण आत्रेय बाट रु ४,०५४।२८ असूल उपर भएको जानकारी प्राप्त भएको । |

# परिच्छेद – १३
## कार्यान्वयन हुन बाँकी विभागीय वा अन्य कारवाहीहरुको विवरण
## (आ.व. २०६१/६२ सम्मको)

आयोगको स्थापना कालदेखि भ्रष्टाचार तथा अनुचित कार्यको छानविन तथा अनुसन्धानका क्रममा विभागीय कारवाही लगायत अन्य कारवाही गर्ने गरी भएका निर्णयहरु कार्यान्वयनका लागि विभिन्न सरकारी मन्त्रालय, विभाग र अन्तरगत कार्यालयहरुलाई लेखिएकोमा केही निर्णयहरुको कार्यान्वयन अहिलेसम्म पनि हुन सकिरहेको देखिंदैन । आ.व. २०६१/६२ सम्ममा कार्यान्वयन हुन बांकी रहेका आयोगका निर्णयहरुको विवरण निम्न अनुसार रहेकोछ :

(क) **अर्थ मन्त्रालय अन्तर्गत**

१. नेपाल लिभर लिमिटेड र फुन्सोलिङ ह्याण्डीकाफ्ट इन्डष्ट्रिजले राजस्व छलेको भन्ने सम्बन्धमा परेको उजुरी आवश्यक कारवाहीको लागि आयोगको मिति २०५५।६।६ को निर्णयले राजस्व अनुसन्धान विभागमा लेखिपठाएकोमा कारवाहीको अन्तिम टुंगो लागेको जानकारी प्राप्त नभएको ।

२. वातावरणीय हिसावले खतरापूर्ण मानिएको क्लोरोफ्लोरो कार्बन (सी.एफ्.सी.) ग्यासको आयात भएको विषयमा जनसंख्या तथा वातावरण मन्त्रालयबाट नेपाल राष्ट्र बैंकलाई त्यस्ता पदार्थ आयात गर्नको लागि प्रतितपत्र खोल्नुअघि मन्त्रालयको पूर्व अनुमतिका लागि मिति २०५७।७।१७ को पत्रबाट अनुरोध गरिएकोमा नेपाल राष्ट्र बैंकबाट सबै वाणिज्य बैंकहरुलाई मिति २०५७।७।२५ मा आवश्यक व्यवस्था मिलाउन लेखिएतापनि विभिन्न वाणिज्य बैंकहरुले आयात इजाजत पत्र प्राप्त नगरेका पक्षहरुलाई सो मिति पछि मन्त्रालयको पूर्व अनुमति बिना प्रतित पत्र खोलि दिएको र नेपाल राष्ट्र बैंकले पनि यस सम्बन्धमा अनुगमन गर्न नसकेको विषयमा सम्बन्धित वाणिज्य बैंकका पदाधिकारीहरु तथा नेपाल राष्ट्र बैंकका तर्फवाट आवश्यक अनुगमन गर्न तोकिएका कर्मचारीहरु यकिन गरी निजहरुलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ एवं नेपाल राष्ट्र बैंक, कर्मचारी नियमावली, २०४९ बमोजिम ३ महिना भित्र कारवाई गर्न आयोगको मिति २०६०।३।२७ को निर्णयानुसार नेपाल राष्ट्र बैंकका गभर्नरलाई लेखि पठाइएकोमा तदनुरुपको कारवाही भएको जानकारी प्राप्त नभएको । यसका साथै वातावरण संरक्षण सम्बन्धमा नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिवद्धतामा आँच आउने गरी मुनाफालाई मात्र लक्ष बनाई अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालकै दुर्नाम हुने गरी मिति २०५७।६।९ पश्चात् प्रतित पत्र खोली यस्तो ग्यास आयात गर्ने सम्पूर्ण आयातकर्ताहरुलाई वातावरण संरक्षण ऐन, २०५३ बमोजिम ३ महिना भित्र कारवाही गर्न माननीय जनसंख्या तथा वातावरण मन्त्रीलाई लेखी पठाइएकोमा तदनुरुपको कारवाहीको जानकारी प्राप्त नभएको ।

३. राष्ट्रिय वाणिज्य बैंक, मुख्य कार्यालयका व्यवस्थापक एवं कर्मचारीहरुले विदेशी कम्पनीको मिलेमतोमा प्रतीत पत्रको भुक्तानी गरी नोक्सानी पुऱ्याएको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।११।४ को निर्णय अनुसार राष्ट्रिय वाणिज्य बैंकका एकाउन्टेण्ट लक्ष्मणकृष्ण ताम्राकार तथा एल.सी. इञ्चार्ज कृष्णबहादुर पन्त उपर विभागीय कारबाही गर्न राष्ट्रिय वाणिज्य बैंकमा लेखी पठाएकोमा निजहरुलाई सफाई दिने गरी राष्ट्रिय वाणिज्य बैंकबाट निर्णय भएको जानकारी प्राप्त

भएको तर आयोगको पूर्व निर्णयानुसार नै निज कर्मचारीहरु उपर विभागीय कारवाही गरी जानकारी गराउन पुनः लेखि पठाइएकोमा सो को जानकारी प्राप्त नभएको ।

४. मिति २०५६।५।५ को राती १०.३० बजे दिल्ली-काठमाडौं आर.ए. नं. २१८ को उडानबाट आएकी उषा सुब्बाले ६ सय २० तोला सुन त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा तत्काल कार्यरत प्रमुख भन्सार अधिकृत कृष्णप्रसाद अधिकारी समेतसंग मिलेमतो गरी चोरी पैठारी गरेको भन्ने सम्बन्धमा ना.सु. नरेन्द्र बस्नेत, ना.सु (प्रा.) गोविन्दनाथ मिश्र, खरीदार मोहनकुमार पोखरेल, खरीदार अशोक सत्याल समेतलाई विभागीय कारबाही गर्न अर्थ मन्त्रालयमा लेखी पठाएकोमा आयोगको निर्देशन विपरीत निज कर्मचारीहरुलाई सचेत गराइएको जानकारी प्राप्त भएको हुंदा विभागीय कारवाही नै गर्नु पर्ने भनी आयोगबाट पुनः लेखि पठाइएकोमा सो को जानकारी प्राप्त नभएको ।

५. नेपाल सरकारको नीति अनुसार ट्याक्सी क्याबहरु झिकाउंदा ५० प्रतिशत भन्सार छुट दिई झिकाइएका ट्याक्सीहरुले नियमानुसार लाग्ने आयकर नतिरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा आयोगमा परेको उजुरीमा आयोगको मिति २०५९।३।२७ को निर्णयले आन्तरिक राजस्व विभागका महानिर्देशकले ३ महिना भित्र आयकर राजस्व असूली गराउने भनी निर्देशन भएकोमा उक्त निर्देशन प्रकृयामा नै रहेको भनी निर्देशन कार्यान्वयन नभएको ।

६. राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नेपालगंजबाट वी.डी. ट्रेडर्स तथा नेपाल ट्रेडिङ सेन्टरका नाममा कम मूल्यांकनको धितो सुरक्षण गरी अनियमित कर्जा प्रवाह भएको सम्बन्धमा र नेपाल बैंक लिमिटेड, धम्बोजी शाखा, बाँकेबाट वी.डी. ट्रेडर्सका नाममा कर्जा प्रवाह गर्दा भएको अनियमिताका सम्बन्धमा उक्त अनुचित कार्यमा संलग्न उल्लिखित दुवै बैंकका कर्मचारीहरु उपर कारवाही गरी ऋण असूलीको जानकारी गराउन आयोगको मिति २०६०।१०।२७ को निर्णयानुसार लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

७. जनकपुर नगरपालिकाका तत्कालीन प्रमुख बजरंगप्रसाद साह समेतले नगरपालिकाको चुंगी तथा सवारी कर उठाउने समेतका विभिन्न कर ठेक्का दिने र ठेक्का रकम उठाउने विषयमा समेत बदनियतपूर्वक गरेको काम कारवाहीका सम्बन्धमा पंकज हार्डवेयर स्टोर्सका प्रो.रामचन्द्र महतोबाट प्रचलित कानून बमोजिम लाग्ने भन्सार रकम असूल उपर र कारवाही गर्न आयोगको मिति २०६१।२।४ को निर्णयानुसार भन्सार विभागमा लेखी पठाईएकोमा निजका सम्बन्धमा श्री राजस्व न्यायाधिकरण, काठमाण्डौंमा पुनरावेदन परी कारवाहीको प्रकृयामा रहेको भनी जानकारी आएको तर आयोगको निर्णयानुसार असूल उपर भएको जानकारी प्राप्त नभएको ।

८. रा.वा.वैंक वानेश्वर शाखाका तत्कालिन मेनेजर लक्ष्मणकृष्ण ताम्राकारले कमिसन खाएर नियम विपरित भाजुरत्न फाइनान्स एण्ड सेभिङ्गस कम्पनीलाई ऋण प्रवाह गरी भ्रष्टाचार गरे भन्ने विषयमा मिति २०६१/९/१९ को निर्णयानुसार कर्जा इन्चार्ज धिरनवहादुर श्रेष्ठलाई तीन महिनाभित्र विभागीय कारवाही गरी आयोगलाई जानकारी दिन रा.वा. वैंक केन्द्रीय कार्यालयलाई लेखी पठाइएकोमा हालसम्म जानकारी प्राप्त नभएको ।

९. व्लेसिङ्ग इन्टरनेसनलका प्रोप्राइटर विष्णुकुमार मित्तलले विभिन्न सामान आयातमा प्रतितपत्र खोली सामान आयात गरी वैंकलाई रकम नवुझाई भ्रष्टाचार गरेको सम्वन्धमा आयोगको मिति २०६१/९/८ को निर्णयानुसार प्रोपराइटर विष्णुकुमार मित्तलबाट असूलउपर गर्नुपर्ने रकम कारवाही गरी असूलउपर गर्न तथा सम्वन्धित ट्रान्सपोर्ट कम्पनीलाई कानूनी कारवाही गर्न नेपाल राष्ट्र बैंकलाई लेखी पठाइएकोमा हालसम्म कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. कृषि विकास बैंक, भक्तपुरमा व्याज र हर्जाना मिनहामा भ्रष्टाचार भयो भन्ने विषयमा आयोगको २०६२।२।३ को निर्णयानुसार शाखा प्रबन्धक गोपाल बहादुर थापा शाखा प्रबन्धक शशी प्रसाद जोशी, ऋण अधिकृत जगदिश प्रसाद पोखरेल र शाखा अधिकृत शिव अधिकरीलाई विभागीय कारवाही गर्न र कृषि विकास बैंक भक्तपुर शाखाले मिति २०५६।९।१५ मा सकारेको रु २८,५५,३६०।- को धितो लिलाम बिकी कानून सम्मत नदेखिएकोले उक्त लिलाम बदर गरी गंगा प्रसाद सुवाल र निजको पिता शेर बहादुर सुवाल संग बैंकले असुल उपर गर्नु पर्ने बाँकी ऋण र हाल सम्मको व्याज निजहरुले ऋण लिदा धितो राखिएको गंगा प्रसाद सुवालको कि.नं. ११ समेतबाट असुल उपर गर्न कृषि विकास बैंक मुख्य कार्यालयमा लेखिपठाइएकोमा हालसम्म कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. नेपाल बैंक लिमिटेड, विराटनगरका तत्कालीन प्रबन्धक चिरञ्जीवीप्रसाद घिमिरे समेतले अधिक मूल्यांकन गरी रु १० करोड भन्दा बढी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको २०६१।१२।१० को निर्णयानुसार बाबा अम्ब्रेला इन्डस्ट्रिज र सो संग सम्बन्धित फर्महरुलाई प्रदान भएको कूल बाँकी ऋणको हाल सम्मको सावाँ व्याज प्रचलित ऐन नियमानुसार असुल गरि आयोगलाई जानकारी दिन नेपाल बैंक लिमिटेड प्रधान कार्यालयलाई लेखि पठाइएकोमा हाल सम्म असुल उपर भएको जानकारी नभएको ।

१२. राष्ट्रिय बाणिज्य बैंक नेपालगंज शाखाबाट श्याम सुन्दर खेतान समेतलाई धितोको अधिक मूल्यांकन गराई ऋण प्रदान गराई बैंकलाई हानी नोक्सानी पुऱ्याएको भन्ने विषयमा सहस्त्र फुड प्रोडक्टस प्रा.लि.लाई गएको ऋण मध्ये बाँकी ऋणको हाल सम्मको सावाँ व्याज प्रचलित कानून बमोजिम कारवाही गरी ६ महिना भित्र असुल उपर गरी आयोगलाई जानकारी दिन राष्ट्रिय बाणिज्य बैंक केन्द्रीय कार्यालयलाई लेखि पठाइएकोमा हाल सम्म असुल उपर भएको जानकारी प्राप्त नभएको ।

(ख) **उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत**

१. उदयपुर सिमेन्ट उद्योगको लागि Pot Transmiter, Single Bar-graph Indicator र Moving Coil Indicator मिति २०५४।४।२२ को बीलबाट खरीद गरी रु. ८१,३४०।- र Switching Power Supply, PCB Handfree Master र Dynamic Selfcheck Amp. मिति २०५४।९।१६ को बीलबाट खरीद गरी रु. १,०४,८६८।- लालिमा ट्रेड इम्पेक्स ललितपुरलाई भुक्तानी दिइएको तथा RI Converter र Photo Cell मिति २०५५।१२।२७ को बीलबाट खरीद गरी रु. ४३,२१८।- अशोक श्री ट्रेड कन्सर्न, सप्तरीलाई भुक्तानी दिइएको सम्बन्धमा सामान नयाँ हो भन्न सकिने विश्वसनीय आधार नदेखिंदा नदेखिंदै उक्त सामानको गुणस्तर प्रमाणित गर्ने इन्जिनियर महेश साह र सामान साथ प्राप्त बीलहरु सामान्यरुपमा हेर्दा नै शंकास्पद देखिएको कुरालाई वेवास्ता गर्दै उक्त बील प्रमाणित गर्ने वरिष्ठ अधिकृत ध्रुवबहादुर देवकोटाले अनुचित कार्य गरेको देखिन आएको हुंदा निजहरुबाट प्रमाणित भई दाखिला हुन आएको भनिएका सामानहरुको परल मूल्य रु. २,२९,४२६।- दुवै जनाबाट असूलउपर गरी उद्योगलाई शोध भर्ना गर्न उदयपुर सिमेन्ट उद्योग लिमिटेडमा लेखि पठाइएकोमा असुल उपर भएको जानकारी प्राप्त नभएको ।

२. नेशनल ट्रेडिङ लिमिटेडका अध्यक्ष कृष्णचन्द्र झाले नेपाल सरकारले तोकेको भन्दा वढी सुविधा लिनु खानु गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगबाट मिति २०५९।३।२६ मा निर्णय हुंदा तोकिएको हदभन्दा बढी भुक्तानी लिएको रकम निज झाबाट असूल उपर गराई आयोगलाई

जानकारी दिन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखिएकोमा रकम असुल उपर भएको जानकारी प्राप्त नभएको ।

३. नेपाल राष्ट्रिय औषधि प्रयोगशालामा विभिन्न किसिमका अनियमितताहरु भएको भन्ने उजूरी उपर अनुसन्धान हुँदा सहायक पाँचौ तहका कर्मचारी रमेश वहादुर श्रेष्ठ अनुपस्थित रहेको अवधिलाई तत्कालिन महाप्रवन्धक राजेन्द्र वहादुर तुलाधर समेतले हाजिर मिलाई भुक्तानी दिएको तलव भत्ता रु. १८,८१८।८० तीन महीना भित्र भरी भराउ गर्न तथा वरिष्ठ अधिकृत दिपक प्रसाद ढुंगेललाई सचेत गराउन कम्पनीको संचालक समितिका अध्यक्षलाई आयोगको मिति २०६०।६।७ को निर्णयानुसार लेखी पठाइएकोमा सो को जानकारी प्राप्त नभएको ।

४. बुटवल धागो कारखाना लिमिटेडमा आर्थिक अनियमितता भएको सम्बन्धमा बढी सुविधा लिने संस्थानका तत्कालिन अध्यक्ष र सदस्यहरुबाट बढी लिए जति रकमहरु असूल उपर गर्ने भनी आयोगबाट मिति २०६०।७।४ र मिति २०६०।७।१८ मा भएको निर्णय कार्यान्वयन गर्न लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. उदयपुर सिमेन्ट उद्योग संचालक समितिको मिति २०५८।१०।२१ को ३५१ औं बैठकबाट विभिन्न अन्य संस्थानबाट उक्त उद्योगमा सरुवा भई आएका कोमलनाथ शर्मा, लक्ष्मणप्रसाद आचार्य र विपिनकुमार उपाध्यायको जीवन बीमा सम्बन्धमा राष्ट्रिय बीमा संस्थान र निजहरु साविकमा कार्यरत रहेको संस्थानबाट निजहरुले सावधिक जीवन बीमा बापत समर्पण मूल्य प्राप्त गरे, नगरेको सम्बन्धमा विवरण प्राप्त गरी निजहरुले उद्योगमा सरुवा हुनुपूर्व कार्यरत संस्थानबाट समर्पण मूल्य प्राप्त गरी सकेका भए हिसाब गरी बढी देखिन आएमा बढी देखिए जति रकम ३ महिनाभित्र सरकारी बाँकी सरह असूलउपर गरी यस आयोगमा जानकारी गराउनका लागि उक्त उद्योगमा आयोगको मिति २०६१।२।२१ को निर्णयानुसार लेखी पठाइएकोमा निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

## (ग) **कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत**

१. सह-लेखापाल निलाबहादुर रायमाझीले मस्यौट गरेको रकम रु. २,०६,०७१।३६ आन्तरिक लेखा परीक्षण बेरुजु भई क-१-६ बेरुजु खातामा जम्मा गरी सकेको भएपनि उक्त विवाद आर्थिक वर्ष २०५२।५३ को देखिंदा उक्त रकम मस्यौट गरेको दिन देखिको दशौंदका हिसावले सूद समेत असूल गराई निजलाई विभागीय कारबाही गरी सोको जानकारी आयोगमा गराउन अख्तियारवाला कहां लेखिएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

२. कृषि सामाग्री संस्थान, अमलेखगञ्जको गोदामबाट विषादी औषधी हटाउने भनी आयोगबाट मिति २०५५।३।५ मा नेपाल सरकारलाई भएको निर्देशन कार्यान्वयन प्रकृयामा समस्या रहेकोले हटाउने कार्य तत्काल संभव नभएको भनी लेखि आएकोले आयोगको उक्त निर्देशन कार्यान्वयन हुन नसकेको ।

३. कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशक ध्रुव जोशीले आर्थिक अनियमितता गरेको भन्ने सम्बन्धमा अस्थायी कर्मचारीलाई नियम विपरीत ग्रेड बृद्धि दिएको रकम असूल उपर गर्न आयोगबाट मिति २०६०।४।१३ मा निर्णय भई अध्यक्ष, संचालक समिति, कृषि अनुसन्धान परिषद्लाई दिएको निर्देशन कार्यान्वयन भै सकेको भन्ने जानकारी प्राप्त नभएको ।

**(घ) कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय अन्तर्गत**

चलचित्र विकास बोर्डको सदस्य सचिवमा नियुक्त भएपछि मणिराम ओझाले चलचित्र घरहरुको भौतिक पूर्वाधार पुगे-नपुगेको जाँच नगराई नवीकरण गरिदिएको सम्बन्धमा आयोगको मिति २०५९।१२।४ को निर्णयानुसार बिभागीय कारवाही गर्न निज हाल कार्यरत रहेको मंत्रालयमा लेखी गएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

**(ङ) गृह मन्त्रालय अन्तर्गत**

१. गैरनेपाली नागरिक राजकुमार गुप्तालाई वंशजको नागरिकता दिई गैरकानूनी कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।३।५ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, चितवनका तत्कालीन प्रमुख जिल्ला अधिकारी मदनप्रसाद अर्याललाई विभागीय कारवाही गर्न लेखि गएकोमा हाल उक्त निर्णय श्री सर्वोच्च अदालतमा विचाराधिन रहेको जानकारी प्राप्त भएको ।

२. ट्रली बसको १००० के.जी. तामाको तार महाप्रबन्धक राजेन्द्रप्रसाद चौधरी लगायत अन्य कर्मचारीको मिलेमतोमा बिक्री बितरण गरी भ्रष्टाचार भयो भन्ने सम्बन्धमा परेको उजुरीमा सम्बन्धित विषयको अनुसन्धान छानवीनको कार्य उपत्यका अपराध अनुसन्धान शाखा हनुमानढोकाबाट कारवाही भैरहेको भन्ने हुंदा उक्त कार्य सम्पन्न गर्न आयोगबाट मिति २०६०।४।२ को निर्णयले उक्त कार्यालयलाई निर्देशन दिएकोमा निर्देशन अनुसारको कार्य सम्पन्न भएको जानकारी प्राप्त नभएको ।

३. जिल्ला प्रहरी कार्यालय महोत्तरीले घोडाको दरवन्दी नभएको ठाँउमा घोडाको दाना खर्च लिई अनियमिता भएको सम्वन्धमा आयोगको मिति २०६१/१२/१० को निर्णयानुसार उल्लेखित विषयमा सम्वन्धित मन्त्रालयबाटै कारवाही टुंगो लगाई आयोगलाई जानकारी दिन लेखी पठाइएकोमा हालसम्म कार्यान्वयनको जानकारी प्राप्त  नभएको ।

**(च) जलस्रोत मन्त्रालय अन्तर्गत**

१. नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयको खुल्ला प्रतियोगिता अन्तर्गत ड्राइभर पदको पदपूर्तिमा धाँधली भयो भन्ने विषयमा विद्युत प्राधिकरणको कर्मचारी सेवा नियमावली, २०५० मा कार्यकारी निर्देशकको सेवा सर्तबारे उल्लेख भएको नदेखिदा सो सम्वन्धी विनियम यथाशिघ्र तयार गरी लागु गर्ने र आयोगलाई जानकारी गराउन आयोगको मिति २०६१/४/२१ को निर्णयानुसार लेखी पठाइएकोमा हालसम्म कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. बागमती सिंचाई आयोजना कर्मैया सिंचाई आयोजनाले कम गुणस्तरका सामान प्रयोग गरी निर्माण कार्य गरेको भन्ने विषयमा आयोगको २०६२।३।३१ को निर्णयानुसार आयोजना प्रमुख उमाकान्त झा, लेखा अधिकृत सुशिल पाण्डे, सि.डि.ई. दिलिप बहादुर र मथुरा डङ्गोल तथा ईन्जिनियर टेक बहादुर कार्की, दिलिप कुमार शाह, महेश प्रसाद थारु आशिष भद्र खनाल (सिंचाई विभाग) र भूप बहादुर अधिकारी (सिंचाई विभाग) लाई विभागिय कार्यवाहीको लागि पठाइएकोमा हाल सम्म कार्यान्वयनको जानकारी प्राप्त नभएको र यी विषय (नीतिगत अनुगमन) मा चार महिना भित्र प्रत्येक विषयमा वस्तुगत रुपमा सुधार गर्ने र कमी कमजोरी पुनः दोहोरिन आएको देखिन आएमा यसको उत्तरदायित्व वहन गर्ने पदाधिकारी उपर कार्यवाही समेत गराउन सिंचाई विभागलाई निर्देशन दिइएकोमा हालसम्म कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

## (छ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. पशुपति गुठी सम्बन्धी जग्गा अमालकोट कचहरीले गर्दै आएकोमा गुठी संस्थान ऐन, २०३३ र पशुपति विकास कोष ऐन, २०४४ लागू भै सके पछि सो ऐन अनुसार हुनुपर्ने काम नभई अनियमितता भएको भन्ने सम्बन्धमा आयोगबाट मिति २०५३।१२।२६ मा भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई अनियमित तरीकाले दर्ता गराएको जग्गाहरु साविक श्रेस्ता अभिलेख हेरी कानून बमोजिम गर्न सुझाव दिएकोमा उक्त सुझाव कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

२. सुकुम्बासी समस्या समाधान जिल्ला समिति सिन्धुलीका अध्यक्ष समेतले अनियमितता गरेको विषयमा आयोगको मिति २०५४।२।१५ को निर्णयानुसार अनुचित तवरले दर्ता गरेको जग्गा पुनरावलोकन गरी हिनामिना भएको रकम सम्बन्धितहरुबाट असूल उपर गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखि पठाइएकोमा आयोगको निर्देशित सुझाव अनुसारका सबै कार्य कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

३. काठमाण्डौ म.न.पा.वडा नं ७ चाबहिलमा पर्ने सडक बाटोको जग्गा सोही ठाउँ बस्ने मानकुमारी श्रेष्ठले दुई आना जग्गा खरीद गरी ३ नं नापी टोलीका अमिन समेतलाई मिलाई सडक समेत घुसाई दर्ता नापनक्सा कायम गराई घर निर्माण गरी बसेको भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा कि.नं ६४ मा घर भएको र सो घरले दक्षिणतर्फ सार्वजनिक बाटोको भाग मिचेको, कि.नं. ६५ बदर भै हाल कायम हुन आएको कि.नं. ३५८ मा घरको जगले सार्वजनिक बाटो मिचेको र कि.नं. ६६ को जमीन हाल खाली रहेको देखिएकोमा हाल र साविकको नाप नक्सा एवं प्रमाण समेत हेरी भिडाई कानूनको रीत पुऱ्याई मिचिएको सार्वजनिक बाटोको जग्गा सार्वजनिक बाटोमा नै कायम गरी ३ (तीन) महिनाभित्र यस आयोगलाई जानकारी गराउनको लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा आयोगको मिति २०६०।६।७ को निर्णयानुसार लेखी पठाइएकोमा आयोगको निर्देशानुसारको कार्य कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

४. ललितपुर जिल्ला टिकाथली गा.वि.स. वडा नं. ९ कि.नं. २७८, ३४१ र २७१ का जग्गाहरु श्रेस्ता संशोधन गरी पूर्जा दिएपछि विभिन्न व्यक्तिका नाममा लिखत पारित भई गएकोमा स्वामित्वमा नै असर परेकोले पुन: साविक बमोजिम नै कायम गर्ने गरी मालपोत अधिकृत बुद्धिराज घिमिरेले गरेको निर्णय उपर आवश्यक कारवाही गर्न सोही कार्यालयका प्रमुख मालपोत अधिकृतले विशेष प्रहरी विभागमा पठाएको पत्रानुसार अनुसन्धान गर्दा नाप नक्सा भई दर्ता गर्नसम्म छुट भएको जग्गाको दर्ता तोकिएको समितिको सिफारिशमा मालपोत कार्यालयले गर्न सक्ने व्यवस्था भएकोले त्यसरी दर्ता नै नभएको जग्गाको प्रतिलिपि दिन र तिनपुस्ते कायम गर्न नमिल्ने तर्फ समेत ध्यान पुऱ्याएको नदेखिदा उक्त कार्यमा संलग्न मालपोत अधिकृत बुद्धिराज घिमिरेलाई अव आइन्दा विचार पुऱ्याई काम गर्न सचेत गराउन र श्रेस्तामा दर्ता वाँकी नामसारी वाँकी जनिएको व्यहोरा तर्फ ध्यान नदिई मालपोत अधिकृतले गरेको तोक आदेशको आधारमा मात्र तिनपुस्ते कायम गर्ने र पाध्यालाई रिमाल वनाई संशोधन गर्ने कार्यमा संलग्न खरिदार लोक प्रसाद वास्कोटा, कित्ता नं. २७१ को जग्गा दर्ता वाँकी नामसारी वाँकी जनिएको तर्फ ध्यान नदिई उक्त जग्गा विक्री गर्न ल्याउदा मोठ भिडाउने, मालपोत अधिकृतले गरेको उक्त तोक आदेश अनुसार पुर्जाको नक्कल दिने कार्यमा संलग्न मुखिया दिलकुमारी न्यौपाने र नामसारी वाँकी दर्ता वाँकी जनिएको जग्गा विक्री भई कायम हुन आएको जग्गाहरु विक्री गर्न ल्याउदा समेत मोठ भिडाउने कार्यमा संलग्न खरिदार जयहरी चालिसे समेत जना ३ ले आफ्नो ओहदा सम्वन्धी काम

गर्दा विचार पुऱ्याई काम गरेको नदेखिदा निजहरुलाई पनि अव आइन्दा विचार पुऱ्याई काम गर्न सचेत गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा आयोगको मिति २०६०।९।२१ को निर्णयानुसार लेखी पठाइएकोमा जानकारी प्राप्त नभएको ।

५. मालपोत कार्यालय, नुवाकोट र भूमिसुधार कार्यालय, नुवाकोटमा कार्यरत कर्मचारीहरुले सनकमानसिं डंगोलले पहिले नै दर्ता भै प्रमाण पूर्जा पाएका विभिन्न स्थानमा रहेको, सार्वजनिक पर्ती वनदेवी गुठी समेतका जग्गाहरु आफ्नो र आफ्ना परिवारका सदस्यहरुको नाममा दर्ता गरी गलत र अनियमितता गरे भन्ने सम्वन्धमा अनुसन्धान हुँदा अदालतवाट भएको फैसलापछि पनि मालपोत कार्यालय नुवाकोटवाट एक पटक टुंगो लागिसकेको विषयमा निज सनकमान सिंहको निवेदनमा चार किल्ला कायम गर्न निर्णय गरी नापीमा पठाई स्थलगत नक्सा जाँच गराउने कार्य पुनः थालनी गरेको देखिंदा सो सम्वन्धमा सम्वन्धित कर्मचारीलाई सचेत गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा आयोगको मिति २०६०।१०।२७ को निर्णयानुसार लेखी पठाइएकोमा सचेत गराएको जानकारी प्राप्त नभएको ।

६. साविक विष्णु गा.वि.स. वडा नं. ४ कि.नं.२८ को निजी गुठी जग्गा सट्टापट्टा गर्दा बाटो नदेखाई लिखत पारित गरेको सम्बन्धमा आयोगको मिति २०६०।१०।२८ को निर्णयले नपुग राजस्व प्रत्येक व्यक्तिबाट असूल उपर गर्न, सबै नगरोन्मुख गा.वि.स.हरुको नक्शालाई फिल्ड अनुसारको घरबाटो नक्शामा अद्यावधिक गर्न र जग्गाको मूल्यांकन गर्दा स्थलगत निरीक्षण गरी बाटो भए नभएको व्यहोरा निर्णय पुस्तिकामा खोली निर्णय गर्ने परिपाटी बसाल्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई भएको निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

७. साविक १७६।१६६ को लगतमा लेखिएको गुठी जग्गा र लुमडी भद्रकाली माई पिशाच चतुर्दशी गुठीको जग्गा साविक लगत बमोजिम पुरै दर्ता हुन नसकेको भन्ने सम्बन्धमा सो गुठीको साविक लगत अनुसारको जग्गा गुठीका नाउमा दर्ता गरि ४ महिनाभित्र यस आयोगमा जानकारी दिन आयोगको मिति २०६०।११।१ को निर्णयानुसार लेखी पठाइएकोमा सम्पूर्ण जग्गाहरुको लगत अद्यावधिक भएको जानकारी प्राप्त नभएको ।

८. कडेंलचोक भगवती गुठीको जग्गाको फायल गायब गरी भ्रष्टाचार गरे भन्ने विषयमा आयोगबाट मिति २०६१।२।१३ मा निर्णय भई ३ महिना भित्र लगत अद्यावधिक गराई आयोगलाई जानकारी दिने भनी गुठी संस्थानलाई भएको निर्देशन अनुसारको सम्पूर्ण कार्य सम्पन्न भएको जानकारी प्राप्त नभएको ।

९. युनियन फाइनान्सका प्रवन्ध सञ्चालक सुरेन्द्र हमालले त्रिभुवन विश्वविद्यालयका लागि अधिग्रहण गरिएको कलंकी ९/क कि.नं. ३१७ को जग्गा धितो राखी अनियमित तरिकाले ऋण लिन सफल भएको सम्वन्धमा आयोगको मिति २०६१/६/६ को निर्णयानुसार त्रिभुवन विश्वविद्यालयका नेपाल अधिराज्यभित्रका अचल सम्पत्तिको दर्ता गराई ६ महिनाभित्र जग्गा धनी प्रमाणपूर्जा प्राप्त गरी सो को जानकारी आयोगमा पठाउन त्रिभुवन विश्वविद्यालयमा लेखी पठाइएकोमा सो को जानकारी प्राप्त नभएको ।

१०. का.म.न.पा. १६ को कि.नं ६ को १-१-३-० जग्गा गैरकानुनी किसिमले व्यक्तिको नाउँमा रैकरतर्फ दर्ता गरे भन्ने सम्वन्धमा आयोगको मिति २०६१/५/३१ को निर्णयबाट गलत निर्णय र पर्चाको आधारमा भएका निर्णयका परिणामस्वरुप मालपोत कार्यालय डिल्लीवजार र भूमिसुधार कार्यालय काठमाण्डौमा खडा भएका स्रेस्ताहरुलाई वदर गर्न गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको तथा गुठी जग्गालाई गैरकानुनीरुपले रैकरमा परिणत गरी गराई

विभिन्न व्यक्तिका नाउँमा स्रेस्ता कायम गरे गराएको सम्पूर्ण कार्य गुठी संस्थान ऐन, २०२३ को दफा ३९ वमोजिम वदर गरी संस्थानको नाउँको सो जग्गाको लगत वमोजिमको साविक अवस्थामा कायम राखी जग्गा धनी प्रमाणपुर्जा प्राप्त गरी आयोगलाई जानकारी दिन गुठी संस्थानका प्रशासकलाई लेखी पठाइएकोमा हालसम्म जानकारी प्राप्त नभएको ।

११. सुकुम्वासी समस्या समाधान आयोग चितवनका अध्यक्षसहित अन्य पदाधिकारीहरुले गैरसुकुम्वासीलाई जग्गा वितरण गरी भ्रष्टाचार गरेको सम्वन्धमा आयोगको मिति २०६१/५/३१ र ऐ. २०६१/८/१४ को निर्णयानुसार वछ्यौली गा.वि.स. वाड नं १ ख को कि.नं ३६, ३७ र ३८ का व्यक्तिका नाममा गैरकानुनीरुपमा दर्ता कायम गरिएका जग्गाको दर्ता वदर गरी नेपाल सरकारको नाउँमा दर्ता कायम गर्न लेखी पठाइएकोमा हालसम्म सो को जानकारी प्राप्त नभएको ।

१२. भूमिसुधार तथा व्यवस्था मन्त्रालयका पदाधिकारीहरुबाट गैरकानुनीरुपमा टि स्टेटको जग्गा विक्री वितरण गर्ने आदेश भयो भन्ने सम्वन्धमा आयोगको मिति ०६१/८/२१ को निर्णयानुसार हदवन्दी छूट दिएका जग्गाहरुको विक्री वा सट्टा पट्टा सम्वन्धमा जग्गाहरुको मूल्यांकन, त्यसबाट हुने आर्थिक लाभ र नेपाल सरकारको हित समेतको विषयमा छुट्टै कानुन निर्माण गर्ने र सो नवनिसक्दाको अवस्थामा नेपाल सरकारबाट छुट्टै नीति र प्रकृयागत विषयहरु व्यवस्थित गरी सोही अनुरुप मात्र गर्ने गराउने भनी मन्त्रिपरिषद सचिवालयमा सुझाव पठाइएकोमा हालसम्म कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. गुठी अधिनस्थ विभिन्न जग्गाहरु अनियमित किसिमले दर्ता र वेचविखन गरी गुठी संस्थानका मुख्य अधिकृत समेतले भ्रष्टाचार गरे भन्ने सम्वन्धमा आयोगको मिति ०६१/१०/४ को निर्णयबाट कि.नं. ६५ को जग्गाको हकमा गुठी संस्थान केन्द्रीय कार्यालयको मिति २०५२/२/१ को निर्णय तीन महिनाभित्र कार्यान्वयन गरी आयोगलाई जानकारी दिन लेखी गएकोमा हालसम्म जानकारी प्राप्त नभएको ।

१४. सुकुलढोका केदारेश्वर महादेवस्थानको नाममा दर्ता भएको गुठीको जग्गा गुठी संस्थानका कर्मचारीहरुको मिलेमतोमा अनधिकृत व्यक्तिलाई गुठियार कायम गर्न खोजी भ्रष्टाचार गरेको सम्वन्धमा आयोगको मिति २०६१/९/२ को निर्णयानुसार गुठी संस्थान ऐन, २०३३ को दफा ३९ वमोजिम जे जस्तो निर्णय गर्नुपर्ने हो गरी ३ महिनाभित्र आयोगलाई जानकारी दिने भनी लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. रुपन्देही जिल्ला आनन्दवन हाल शंकरपुर गा.वि.स. वाड नं ३ को जग्गा किर्ते निर्णय खडा गरी दर्ता गरे भन्ने सम्वन्धमा आयोगको मिति २०६२/१/१८ को निर्णयानुसार अविलम्व आवश्यक तयारी सहित मुद्दा दर्ता गरी आयोगलाई जानकारी गराउन लेखी पठाइएकोमा हालसम्म सो को जानकारी प्राप्त नभएको ।

**(ज) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत**

१. इलाम बजार क्षेत्रमा नेपाल दूर संचार संस्थानले पिच सडक खनी केबुल विछाएको ठाउंमा डिभिजन सडक कार्यालय, इलामबाट लागत अनुमान अनुसार मर्मत सम्भार कार्य नभएको भन्ने सम्बन्धमा डिभिजन सडक कार्यालय, इलामका डि.इ. गोपालप्रसाद सिंहलाई सचेत गराउन भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखिएकोमा हालसम्म कुनै जानकारी प्राप्त हुन नआएको ।

२.	पर्सा जिल्ला पोखरीया नगर विकास समितिमा जग्गा खरीदमा भएको अनियमितताका सम्बन्धमा आयोगबाट मिति २०५८।४।१ मा ठोस निर्णय गरी विवाद टुंग्याउने भनी भौतिक योजना तथा निर्माण मन्त्रालयलाई दिइएको निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

३.	निजामती कर्मचारीको सेवा समूह परिवर्तन गर्दा प्रचलित कानून बमोजिमको प्रकृया पूरा नगरी सेवा समूह परिवर्तन गरेको भन्ने सम्बन्धमा तत्कालीन सचिव हिरण्यलाल रेग्मीको हकमा निजले सेवाबाट अवकास पाइसकेको हुंदा मन्त्रिपरिषद् सचिवालयमा अभिलेख राख्न लेखिएको र अन्य अधिकृतहरु आत्माराम रिजाल, चेतनारायण यादव, शम्भुप्रसाद कोइराला र भूपालबहादुर पाण्डेको हकमा लोकसेवा आयोगबाट परामर्श लिई आवश्यक कारबाही गर्न आयोगको मिति २०५८।११।१७ को निर्णयबाट लेखी गएकोमा निर्णय कार्यान्वयनको अन्तिम जानकारी प्राप्त नभएको ।

४.	डोल्पा जिल्लाको ईला हेल्थपोष्ट निर्माणमा अनियमितता भएको भन्ने विषयमा उक्त निर्माणको सुपरीवेक्षण परामर्शदाता श्री मल्टी डिसिप्लीनरी कन्सल्टान्टस (प्रा.) लि. र निर्माण व्यवसायी सिद्धवावा निर्माण सेवाले आफूलाई तोकिएको ठेक्का सम्झौता अनुसारको जिम्मेवारी ठीकसंग पूरा नगरेकामा प्रचलित ऐन, नियम अनुसार कारवाही गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी स्वास्थ्य मन्त्रालयलाई समेत आयोगको मिति २०६१।१।३ को निर्णयानुसार जानकारी दिइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

५.	सरकारी सार्वजनिक जग्गा व्यक्तिको नाउँमा दर्ता गरी धितो राखी ऋण लिएको भन्ने विषयमा आयोगको मिति २०६१/८/२३ को निर्णयानुसार आफ्नो सम्पत्ति कब्जामा लिन सडक विभाग र काठमाण्डौ उपत्यका नगर विकास समिति लाई लेखी पठाइएकोमा हालसम्म कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६.	डिभिजन सडक कार्यालय लहानका तत्कालीन डिभिजन प्रमुख योगेन्द्र कुमार राई समेतले सडक ग्रयाभेलीङ्ग प्याच मर्मत, रंग रोगन र गाडि मर्मत आदि कार्यमा अनियमितता गरेको भन्ने सम्बन्धमा आयोगको २०६२।२।१२ को निर्णयानुसार ओभरसियर कमल प्रसाद यादवलाई विभागिय कारवाही गर्न डिभिजन सडक कार्यालय लहानलाई लेखि पठाइएकोमा हाल सम्म कार्यवाहीको जानकारी प्राप्त नभएको ।

**(झ) <u>वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत</u>**

१.	अर्घाखाँची जिल्लाको ठाडा र सिमलपानी गा.वि.स.का सरकारी वन क्षेत्रका विभिन्न ४२ कित्ता जग्गा व्यक्ति विशेषका नाममा नापी दर्ता गरेको सम्बन्धमा तत्कालिन जिल्ला वन कार्यालयका कर्मचारीहरु र फिल्डमा खटिएका प्रतिनिधिहरु उपर आवश्यक कारवाही गर्न र प्रत्येक जिल्ला/केन्द्रमा सरकारी वनको सीमाना कायम गरेको अभिलेख राख्ने भनी आयोगवाट दिइएको निर्देशन कार्यान्वयन नभएको सम्बन्धमा सो अनुरुपको अभिलेख ३ महिना भित्र लिपीबद्ध गरी गराई आयोगलाई जानकारी गराउन वन तथा भू संरक्षण मन्त्रालयका सचिवलाई मिति २०६१।१।१० को निर्णयानुसार पुनः लेखी पठाइएकोमा निर्णय कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

२.	वन तथा भू-संरक्षण मन्त्रालयका रेञ्जरहरुको वेतलवी अध्ययन विदालाई तलवी अध्ययन विदामा परिणत गरी अनियमितता गरेको भन्ने विषयको उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा उक्त मन्त्रालय र अन्तर्गतका बिभागहरुमा कार्यरत रेञ्जरहरु रामप्रसाद वगाले, महेन्द्रराज वाग्ले,

धनन्जय लामिछाने, विष्णुहरी आचार्य, राजुवावु थापा, राजेश्वरमान श्रेष्ठ, रामशरण गौतम, भ्यामनारायण सापकोटा, नथुनी गोहियार यादव र घनश्याम भाले निजी प्रयासमा वि.एस्सी फरेष्ट्रि अध्ययन गर्नको लागि पहिले वेतलवी अध्ययन विदा लिएको र पछि निवेदन दिई सोही विदालाई तलवी अध्ययन विदामा परिणत गरेको देखिएकोले उल्लिखित रेञ्जरहरुले बेतलवी अध्ययन विदालाई अनुचित तवरबाट तलवी विदामा परिणत गराई अध्ययन अवधि भरको तलव, भत्ता लगायतका रकम बुझि नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको हुँदा ती रेन्जरहरुवाट त्यस्तो रकम असूल उपर गर्न वन तथा भू-संरक्षण मन्त्रालयलाई आयोगको मिति २०६०।५।१५ को निर्णयानुसार लेखी पठाइएकोमा रकम असुल उपर भएको जानकारी प्राप्त नभएको ।

३. कोशी टप्पू वन्य जन्तु आरक्षका लागि जग्गा अधिग्रहण गर्दा जग्गा परेको व्यक्तिको जग्गा सट्टा भर्ना दिँदा अनियमितता भयो भन्ने सम्वन्धमा आयोगको मिति २०६१/८/२३ को निर्णयानुसार सर्वोच्च अदालतमा विचाराधीन विषय वाहेक मन्त्रालयले छानविन टोली गठन गरी जो जे गर्नुपर्ने हो गरी जानकारी गराउन लेखी पठाइएकोमा हालसम्म कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागका महानिर्देशक तिर्थमान मास्केले भ्रष्टाचारजन्य कार्यहरु गरे भन्ने विषयमा आयोगको मिति २०६१/१०/१ को निर्णयानुसार महानिर्देशक मास्केले निजामती सेवा ऐन र नियमको ठाडै उल्लधंन गरेको कुरा छानविन समितिको प्रतिवेदनमा स्पष्ट उल्लेख भएबाट निजलाई निजामती सेवा ऐन नियम अनुसार के कस्तो कारवाही गर्नुपर्ने हो तीन महिनाभित्र गरी आयोगलाई जानकारी दिन वन तथा भूसंरक्षण मन्त्रालयका सचिवज्यूलाई लेखी पठाइएकोमा हालसम्म जानकारी प्राप्त नभएको ।

**(ञ) वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत**

कानून अधिकृत कलानिधि पौडेलले कार्यालयमा रुजु हाजिर रही विदा स्वीकृत नगराई कानून स्नातक तहको दिवा कक्षामा अध्ययन गरेको भन्ने विषयमा आयोगको मिति २०६१/८/२ को निर्णयबाट निजले अध्ययन गरेको अवधिको कार्यालय खुलेको दिनमा क्याम्पस अध्ययन गरेको अवधिको हिसाव गरी सो वमोजिमको हुन आउने रकम निजसँग भरिभराउ गरी आयोगलाई जानकारी दिन लेखी पठाइएकोमा असूलउपरको जानकारी प्राप्त नभएको ।

**(ट) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत**

१. त्रिभुवन विश्वविद्यालय अन्तर्गत नेपाल कमर्स क्याम्पस, मिनभवनको हाता भित्र आर्थिक वर्ष २०५६।५७ मा भवन निर्माण सम्बन्धी बोलपत्र स्वीकृत गर्दा निर्माण समितिका सदस्य द्वय केशवप्रसाद पाण्डे र राजेन्द्रगोपाल श्रेष्ठ आमन्त्रित सदस्यको हैसियतले मात्र निर्माण समितिको बैठकमा उपस्थित भएको देखिए तापनि गैरकानूनी निर्णयमा सहभागी भएको देखिंदा निजहरु उपर विभागीय कारबाही गर्न आयोगबाट मिति २०५७।८।२३ मा निर्णय भै कार्यान्वयनको लागि त्रिभुवन विश्वविद्यालयका उपकूलपति समक्ष लेखीएकोमा हालसम्म पनि कारवाहीको जानकारी प्राप्त नभएको ।

२. त्रिभुवन विश्व विद्यालय अन्तर्गत महेन्द्र मोरङ आ.वहुमुखी क्याम्पस, विराटनगरका तत्कालिन क्याम्पस प्रमुख उपेन्द्र कुमार कोइरालाले विभिन्न अनियमितता गरेको सम्बन्धमा आयोगको मिति २०५९।११।२० को निर्णयानुसार अनियमितता गर्ने उपर कारवाही गरी डा. सूर्यमणी

अधिकारीको प्रतिवेदन लागू गर्न उपकुलपति, त्रि.वि.वि.लाई लेखी पठाएकोमा सो को जानकारी प्राप्त नभएको ।

३. कपिलवस्तु बहुमुखी क्याम्पसका मुखिया पशुपतिप्रसाद मिश्रले रकम हिनामिना गरेको सम्बन्धमा आयोगबाट मिति २०६०।३।३१ मा गफलत गरे नगरेको यकिन गरी मुलुकी ऐन किर्ते कागजको महलको आधारमा आवश्यक कारवाही गर्ने भनी कपिलवस्तु बहुमुखी क्याम्पसलाई निर्देशन भई लेखी पठाएको व्यहोरा कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

४. जुडो प्रशिक्षक खड्ग बहादुर दाहालले राष्ट्रिय खेलकूद परिषदको जुडो प्रशिक्षक पदमा स्थायी नियुक्ति लिनका लागि वास्तविक उमेर घटाई विद्यमान ऐन कानूनको ब्यवस्थालाई जानाजान उल्लंघन गरी उमेर ढाटेर नोकरीमा प्रवेश गरेकोमा हालको पदबाट वर्खास्त गर्नेतर्फ विभागीय कारवाही गर्न र रेकर्ड नभिडाई परिषद्का जिम्मेवार ब्यक्तिले निजलाई सहयोग गरे, नगरेतर्फ अनुसन्धान गरी आवश्यक कारवाही गरी आयोगलाई जानकारी दिन खेलकूद परिषदका सदस्य सचिवलाई निर्देशन दिन आयोगको मिति २०६०।५।१६ को निर्णयानुसार निर्देशन भै गएकोमा कारवाही भएको जानकारी प्राप्त नभएको ।

५. त्रिभुवन विश्वविद्यालय, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगरको क्यास काउन्टरमा काम गर्ने कर्मचारीहरुबाट रकम हिनामिना भएको भन्ने सम्बन्धमा आयोगको मिति २०६०।१०।१९ को निर्णयानुसार उक्त अनुचित कार्यमा संलग्न सो क्याम्पसका लेखापाल तीर्थ कोइराला तथा लेखापरीक्षण डोरका प्रमुख दलबहादुर मोहत्रा, सुदनप्रसाद पौडेल र बुद्ध महर्जनलाई प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्न त्रिभुवन विश्वविद्यालय र महालेखा परीक्षकको विभागमा लेखि पठाइएकोमा कारवाही भएको जानकारी प्राप्त नभएको ।

६. प्रभात उच्च माध्यमिक विद्यालय, देहीमाण्डौ, डोटीमा महिला छात्रावास भवन निर्माण गर्दा अनियमितता भएको भन्ने सम्बन्धमा हिनामिना भएको रु. १,३३,०२८।१२ सम्बन्धित व्यक्तिहरुबाट प्राप्त गरी बाँकी रकम समेत सदुपयोग गरी त्यसै छात्रावासको सुरक्षा र शौचालय समेतका अन्य उपयुक्त काम जिल्ला शिक्षा कार्यालय, डोटीको सुपरीवेक्षणमा गराई काम सम्पन्न गर्न र उक्त अनुचित कार्यमा संलग्न जिल्ला प्राविधिक कार्यालय, डोटीका स.ओ.सी. बाबुराम दाहाललाई विभागीय कारवाही गरी यस आयोगलाई जानकारी गराउन प्रमुख जिल्ला अधिकारी, डोटीलाई आयोगको मिति २०६०।१२।२३ को निर्णयानुसार लेखी पठाइएकोमा जानकारी प्राप्त नभएको ।

७. पूर्वाञ्चल विश्वविद्यालयमा नियम विपरित अस्थायी कर्मचारी भर्ना गरिएको भन्ने सम्वन्धमा आयोगको मिति ०६१/५/७ को निर्णयानुसार आगामी ६ महिनाभित्र अस्थायी, करार वा ज्यालादारीमा रहेका सवै पदमा स्थायी तवरले पदपूर्तिको व्यवस्था मिलाउन तथा उपयुक्त अवधिभित्र स्थायी पदपूर्तिको व्यवस्था नमिलाए नियुक्ती भएका अस्थायी, करार वा ज्यालादारी पदमा कार्यरत सम्पूर्णलाई उपलव्ध गराएको तलव भत्ता नियुक्ति स्वीकृत गर्ने उपकुलपति तोरणवहादुर कार्कीबाट असूलउपर गर्न पूर्वाञ्चल विश्वविद्यालय तथा सो विश्वविद्यालय सेवा आयोगमा लेखी पठाइएकोमा निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद अन्तर्गत सञ्चालित प्रयोगात्मक परीक्षामा उतीर्ण हुनेलाई अनुतिर्ण र अनुतिर्ण हुनेलाई उतीर्ण गराएको भन्ने विषयमा आयोगको मिति २०६१/७/२६ को निर्णयानुसार फेल हुने पास र पास हुने फेल भएको भनी कारवाहीको लागि परिषद र आयोगमा लेखी पठाएको कार्य उचित नदेखिएकोले त्यसरी अनियमित गर्ने कर्मचारीको

पहिचान गरी विभागीय कारवाही लगायत आवश्यक कारवाही सम्पन्न गरी एक महिनाभित्र आयोगलाई जानकारी दिन लेखी पठाइएकोमा जानकारी प्राप्त नभएको ।

९. राष्ट्रिय खेलकूद परिषदले अनावश्यक दरवन्दी सृजना गरी नयाँ कर्मचारी भर्ना गरी र राहदानीमा समेत दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगको मिति २०६१/९/१६ को निर्णयबाट परिषदका डा. प्रकाश प्रधानबाट रु. ३,३३,८३०। असूल गरी आयोगलाई जानकारी दिन राष्ट्रिय खेलकूद परिषदलाई लेखी पठाइएकोमा हालसम्म जानकारी प्राप्त नभएको ।

१०. विश्वभाषा क्याम्पस प्रशासन समेतबाट कार्यक्रम सञ्चालन र सामान खरिदमा भ्रष्टाचार भयो भन्ने सम्वन्धमा आयोगको मिति २०६१/९/९ को निर्णयबाट पेश्की दिएको रकम असूलउपर गरी सो को जानकारी आयोगलाई दिन लेखी पठाइएकोमा हालसम्म जानकारी प्राप्त नभएको ।

११. बारा जिल्लाका जि.शि.अ. वलवहादुर परियार समेतले अनियमित तवरले शिक्षक नियुक्ती गरी भ्रष्टाचार गरे भन्ने सम्वन्धमा आयोगको मिति ०६१/१०/११ को निर्णयबाट अनियमित तवरले नियुक्त भई खर्च लेखिएको तलव रकम रु. २८,१६,७००। असूलउपर गर्ने लगायतका सम्पूर्ण आवश्यक कारवाही अख्तियारवालावाटै गरी त्यसको जानकारी आयोगलाई गराउन शिक्षा तथा खेलकूद मन्त्रालयका सचिवलाई लेखी पठाइएकोमा हालसम्म कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. जिल्ला शिक्षा कार्यालय पर्साका तत्कालीन जिल्ला शिक्षा अधिकारी योगेन्द्र बहादुर बस्नेतले दरबन्दी भन्दा बढी अस्थायी शिक्षक नियुक्ति गरेको भन्ने विषयमा आयोगको २०६२।२।२५ को निर्णयानुसार नेपाल सरकारलाई हानी नोक्सानी पुगेको रकम निज जिल्ला शिक्षा अधिकारीबाट असुल उपर गर्न शिक्षा तथा खेलकूद मन्त्रालयमा लेखिपठाइएकोमा हालसम्म कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. सिनियर बुक बाइन्डर पदको परीक्षाको उत्तर पुस्तिकामा परिक्षण गर्दा धादली गरे भन्ने विषयमा आयोगको मिति २०६२।३।१२ को निर्णयानुसार विज्ञापन नं. ३/०६०-६१ को स्टाफ नर्स परीक्षाको सि.नं. १४२ कोड नं. ३०७ को टेबुलेसनमा सुधार गरी उत्तर पुस्तिकामा दिइएको अंकनै राखी सुधार गर्न तथा त्रि.वि.वि सेवा आयोगबाट लिइएको वि.नं. १५/०५८-५९ को राजनीति शास्त्र उप-प्राध्यापक पदको लिखित परीक्षाको कोड नं. ८३८ को उत्तर पुस्तिकामा पहिले प्रदान गरिएकै अंक कायम गरी नतिजा प्रकाशन गरी दुष्परिणाम सच्याउन त्रि.वि.वि. सेवा आयोगलाई लेखि पठाइएकोमा हाल सम्म पनि कार्यान्वयनको जानकारी प्राप्त नभएको । साथै त्रि.वि.वि.का तत्कालीन अध्यक्ष डा.चुडाराज उप्रेती र सदस्य डा.पन्नाकाजी अमात्यलाई जिम्मेवार पदमा नराख्ने वा महत्वपूर्ण कार्य जिम्मा नदिन त्रि.वि.सेवा आयोगलाई लेखी पठाइएकोमा हाल सम्म कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

### (ठ) **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत**

१. नेपाल वायुसेवा निगमले युगोस्लाभियाको एभियोजेनेक्स कम्पनीको विमान भाडामा लिने सम्झौता गर्दा अनियमितता गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५६।५।२१ को निर्णयानुसार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सहसचिव हरिभक्त श्रेष्ठलाई विभागीय कारबाही गर्न पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी गएकोमा निजलाई विभागीय कारवाही भएको जानकारी प्राप्त नभएको ।

२. नेपाल वायुसेवा निगमको रकम खाई मासेकोमा कारवाही होस् भन्ने विषयको उजूरी उपर निगमको जर्मनी स्थित कार्यालयमा कार्यरत युरोप क्षेत्रका क्षेत्रिय निर्देशक विष्णुप्रसाद वस्याल, अर्थ प्रबन्धक जीतेन्द्र बहादुर श्रेष्ठ र स्टेशन म्यानेजर श्रीधर विक्रम राणाले नियम विपरीत भुक्तानी लिएको रकम ३ तीन महिना भित्र असूल उपर गर्न गराउन र रकम फिर्ता नगर्ने नगराउने अर्थ विभागका सम्वन्धित पदाधिकारीलाई आवश्यक कारवाही गर्न आयोगको मिति २०६०।७।१७ को निर्णयानुसार लेखी पठाइएकोमा उक्त विषय श्री सम्मानित सर्वोच्च अदालतको विचाराधिन रहेको भन्ने भएकोले निर्णय कार्यान्वयन हुन नसकेको जानकारी प्राप्त भएको ।

३. नेपाल वायुसेवा निगमको हङकङस्थित कार्यालयमा कार्यरत कर्मचारीहरुले तलब रकम भ्रष्टाचार गरेको सम्बन्धमा नियम विपरीत बढी भुक्तानी लिएको रकम मेनेजर हरिभक्त मानन्धर, ब.ले.अ. दामोदर खत्री, मेनेजर गौतमदास श्रेष्ठ, ले.अ. मेनेजर यादव लामिछाने, ब.ले.अ. मदनमान बज्राचार्य, अधिकृत कृष्णवीर सुवेदी, बरिष्ठ लेखा अधिकृत प्रकाशमान श्रेष्ठ, प्रबन्धक मन बहादुर खड्का, ब.ले.अ. केशबराज शर्मा, अधिकृत ध्रुव कुमार प्रधान, प्रवन्धक वासुदेव प्रसाद गौतम, अधिकृत कृष्ण गोपाल जोशी, ब.सहायक प्रकाश प्रसाद लोहनी, ब.ले.अ. गोविन्दमान श्रेष्ठ समेतबाट हङकङ डलर ३,७२,४५७।५९ र सिंगापुर स्थित कार्यलयमा कार्यरत मेनेजर नागेश्वर राय, ब.अधिकृत गणेशमान बरुण, ले.अ. हरिहर प्रसाद शर्मा, प्रबन्धक राघव प्रसाद जोशी,अधिकृत शंकर निधि शर्मा, ले.अ. शान्त कुमार श्रेष्ठ, ब.सहायक अनुप कुमार श्रेष्ठबाट सिंगापुर डलर ९,२७९।१० हाल प्रचलित विनिमय दरको हिसावले हुने रकम निजहरुबाट असूल उपर गरी सोको जानकारी ३ (तिन) महिना भित्र आयोगलाई दिन शाही नेपाल वायु सेवा निगमका महा-प्रवन्धक र निगमको सञ्चालक समिति तथा अर्थ विभाग समेतलाई आयोगको मिति २०६०।१०।२० को निर्णयानुसार लेखी पठाइएको विषय हाल श्री सम्मानित सर्वोच्च अदालतमा विचाराधिन रहेको भन्ने भएकोले निर्णय कार्यान्व्यन हुन नसकेको जानकारी प्राप्त भएको ।

४. पुरातत्व विभाग अन्तर्गतको इवावही जिर्णोद्धार परियोजनाका लागि आ.व. ०४७।४८ मा काठ खरीद गर्दा हिनामिना भएको देखिएको रकम रु. १,५९,११९।३० र सो को १०% ले हुने व्याज समेत जोडी ठेकेदार छत्र बहादुर ओलीबाट २ महिना भित्र अशुल उपर गरी निज ठेकेदारलाई कालो सूचिमा राख्न र उक्त अवधिमा निजबाट अशुल हुन नआएमा सो म्याद नाघे पछिको १ महिना भित्र ईन्जिनियर भाइकाजी तिवारीबाट अशुल उपर गरी आयोगमा जानकारी दिन पुरातत्व विभागका महानिर्देशकलाई लेखी भौतिक योजना तथा निर्माण मन्त्रालयका सचिव र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवलाई समेत आयोगको मिति २०६१।१।३० को निर्णयानुसार जानकारी दिइएकोमा हाल सम्म असुल उपर र कालो सूचीमा राखेको जानकारी प्राप्त नभएको ।

५. अमेरिकाको मायामीमा भएको सेमिनारमा भाग लिन गएका नेपाल नागरिक उड्डयन प्राधिकरणका उप-निर्देशक विनोद गिरी र प्रमुख अधिकृत टेकराज पोखरेल निर्धारित समयमा नफर्की काज थप गराई प्राधिकरणलाई अमेरिकी डलर २१००।०० को थप व्ययभार पारेको भन्ने विषयमा उपरोक्त बढि व्ययभार परेको रकम निज उपनिर्देशक विनोद गिरी र प्रमुख अधिकृत टेकराज पोखरेलको तलवबाट एक वर्षभित्र मासिकरुपले दामाशाहीले हुन आउने रकम कट्टा गरी असुल उपर गर्न र बढि काज स्वीकृत गरेको दिन निजहरुको कुनै पनि संचित विदाबाट कट्टा गरी निर्णय कार्यान्वयनको जानकारी यस आयोगमा पठाउन समेत नेपाल नागिरक उड्डयन

प्राधिकरणका महा-निर्देशकलाई आयोगको मिति २०६१।२।७ को निर्णयानुसार लेखी पठाइएकोमा जानकारी प्राप्त नभएको ।

६. नेपाल वायुसेवा निगम, बजार व्यवस्था विभागका प्रबन्धकले उडान भाडामा अनियमितता गरी परिपत्र गरेको कारणबाट निगमलाई अमेरिकी डलर ५,१५,४३५।१७ नोक्सानी परेको भन्ने विषयमा अनुसन्धान गर्दा निगमले विगतको गल्तीलाई सच्याई उपर्युक्त परिपत्र गरेको देखिन्छ । यसरी सम्झौता लागू गराउँदाको अवस्थामा हेलचक्राई गरिएको भए तापनि कोरियन एयरलाइन्सलाई निगमले बढी रकम तिरी नसकेको र दुवै एयरलाइन्सका विचमा आपसी छलफल चलिरहेकोले निगमको हितलाई ख्याल गरी सकेसम्म चाँडो उक्त विवाद सुल्झाई यस आयोगलाई जानकारी दिन र त्यसरी सम्झौता लागू गर्दा हेलचक्राई गरी परिपत्र निकाल्ने निर्णय गर्ने सम्बन्धित अधिकृतहरुलाई सचेत गराउन अख्तियारवालालाई आयोगको मिति २०६१।२।१३ को निर्णयानुसार लेखी पठाइएकोमा निर्णय कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

७. वृहत्तर जनकपुर क्षेत्र विकास परिषदका निमित्त कार्यकारी निर्देशक शम्भुनाथप्रसाद शाहले विभिन्न अनियमितता र भ्रष्टाचार गरे भन्ने सम्वन्धमा अनुसन्धान भै आयोगको मिति २०६०/७/१२ को निर्णयानुसार वृहत्तर जनकपुर क्षेत्र विकास परिषदका अध्यक्षको सुविधा तोक्दा परिषदको ऐन, नियम र नेपाल सरकारबाट भएको मिति २०५७/२/२ को नीतिगत निर्णयको पालना भएको नदेखिदा यस सम्वन्धमा ध्यानाकर्षण गराउँदै कानूनवमोजिम गर्ने गराउने व्यवस्थाको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाइएकोमा हालसम्म सो को जानकारी प्राप्त नभएको ।

८. नक्कली पासपोर्ट र भिसामा यात्रु पठाएको भन्ने विषयमा आयोगको मिति २०६१/७/११ को निर्णयबाट नेपाल वायुसेवा निगमले वेलायतको होम अफिसलाई तिरेको जरिवानासम्वन्धि फाइल आयोगमा उपलव्ध हुन नसकेकोले उक्त निर्णय फाइल कसको जिम्मा रहेको छ ? क-कसको लापरवाहीले फाइल उपलव्ध हुन नसकेको हो ? सम्वद्ध जिम्मेवार पदाधिकारीलाई विभागीय कारवाही समेत गरी तीन महिनाभित्र आयोगलाई जानकारी दिन लेखी पठाइएकोमा हालसम्म जानकारी प्राप्त नभएको ।

## (ड) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. वीरगञ्ज उपमहानगरपालिकाका प्रमुख विमलकुमार श्रीवास्तवले सम्वन्धित निकायको स्वीकृति नलिई वीरगञ्ज भन्सार देखि गण्डक सम्मको माटो पुर्ने कामको प्रकृति अनुसार एकै लागत अनुमान तयार गर्नुपर्नेमा टुक्रा टुक्रा गरी तयार गरेको लागत अनुमान स्वीकृत गरेको देखिंदा निजलाई सचेत गराउनको लागि स्थानीय विकास मन्त्री र स्थानीय विकास मन्त्रालयलाई लेखिएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

२. जिल्ला विकास समिति, सल्यान र सामुदायिक वन उपभोक्ता संघ, सल्यान शाखाका अध्यक्ष खुम वहादुर खत्री वीच आयमूलक (जडिवुटी) समायो जातका विरुवा उत्पादन तथा वितरण गर्ने कार्यक्रममा रु. १,५०,०००।- अनुदान दिने गरी सम्झौता भएकोमा संझौता अनुसार विरुवा वितरण नगरी हानी नोक्सानी पुऱ्याएको भन्ने उजूरी सम्वन्धमा अनुसन्धान हुँदा ३८,००० विरुवा वितरण गरेको भर्पाई गलत देखियो । उपभोक्ता संघले पेश गरेको सम्झौता संवन्धी प्रस्ताव अनुसार १ थान विरुवाको रु १।५० पर्ने भै ३८,००० विरुवाको जम्मा रु ५७,०००।- हानी नोक्सानी भएको । तर अरु जातका विरुवाहरु वितरण गर्दा लगभग रु. १९,०००।- खर्च भएको

देखिँदा वास्तविक नोक्सानी भएको रकम रु ३८,०००।- निजबाट कानून बमोजिम असुल उपर गर्न जि.वि.स. सल्यानमा आयोगको मिति २०६०।१०।१४ को निर्णयानुसार लेखी पठाइएकोमा जानकारी प्राप्त नभएको ।

३. ग्रेड थपको निर्णय गर्ने अधिकारीलाई कारवाही गरी पाउँ भन्ने विषयको उजूरी उपर छानविन हुँदा ग्रेड सम्वन्धी कारवाही रीत पूर्वक भएको नदेखिएकोले काठमाण्डौ महानगरपालिका ( का.म.न.पा.) का नि. कार्यकारी अधिकृत (न.पा. सचिव) सूर्य प्रसाद सिलवालको तहबाट गरिएको ३ ग्रेड थप विषयक २०५९।३।१२ को निर्णय रद्द गराउन र अव आयन्दा यस्तो वेरीतको निर्णय हुन नदिन सम्वन्धित अधिकारीलाई सचेत गराउन स्थानीय विकास मन्त्रालय मार्फत् काठमाडौं महानगरपालिका कार्यालयलाई निर्देशन दिन आयोगको मिति २०६०।१०।२९ को निर्णयानुसार लेखी पठाइएकोमा जानकारी प्राप्त नभएको ।

४. इटहरी नगर पालिकाले नयां वसपार्क जोड्ने लिङ्केज ब्रिज निर्माण गराउदा भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान गर्दा सो नगरपालिकाका इन्जिनियर अर्जुन कुमार दाहाल र जुनियर इन्जिनियर कैलाश तिमल्सिनाले उक्त कामहुने स्थानको विस्तृत अध्ययन नै नगरी तथा भौगर्भिक अवस्थाको विश्लेषण पनि नगरी मेशीनरी प्रयोग हुने उक्त कामलाई उपभोक्ता समिति मार्फत काम गराउने गलत मनशायबाट हचुवा रुपमा डिजाईन इष्टिमेट तयार गरेको र पछि मेशीनरी औजारको प्रयोग समेत गर्नु परेकोले लागत इष्टिमेट बढेको भनि शुरु इष्टिमेटको ५५ प्रतिशत भन्दा बढी फरक लागत बढाएको देखिएको कार्य अनुचित भएकोले सो कार्यमा संलग्न उपर्युक्त प्राविधिकहरुलाई अव आईन्दा यस्तो कार्य नदोहऱ्याउन सचेत गराउन र ठूलो मात्रामा लागत इष्टिमेट फेर वदल हुंदा पनि सम्वन्धित व्यक्तिहरुलाई कुनै कारवाही नगरी उक्त काम गराई भुक्तानी दिई अनुचित कार्य गरेको देखिएकोले सो कार्यमा संलग्न देखिएका सो नगरपालिकाका तत्कालीन सचिव दिलीप कुमार चापागांईलाई पनि अव आईन्दा यस्तो कार्य नदोहऱ्याउन सचेत गराउन आयोगको मिति २०६१।२।५ को निर्णयानुसार लेखी पठाइएकोमा जानकारी प्राप्त नभएको ।

५. सप्तरी जिल्लाको वकधुवा गा.वि.स.वडा नं.७ र ९ मा पर्ने पर्ती जग्गालाई नेपाल सरकारको स्वीकृती नै नलिई सोही गा.वि.स.का तत्कालीन अध्यक्ष र सचिव समेतको मिलोमतोमा विभिन्न व्यक्तिहरुलाई विकी वितरण गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा नेपाल सरकारले निर्णय गरे बाहेकको अवस्थामा सरकारी जग्गा कुनै प्रयोजनार्थ कसैलाई दिन नमिल्ने हुंदा उक्त वकधुवा गाँउ विकास परिषद र गाँउ विकास समितिले निर्णय गरी विभिन्न व्यक्तिहरुलाई वितरण गरेको कार्य अनुचित देखिन आयो । तसर्थ कानून विपरीत वितरण गरेको उल्लेखित जग्गाहरुको संरक्षण गर्न र सो जग्गामा कुनै संरचना बनिसकेको भए ऐन बमोजिम कारवाही गर्न प्रमुख जिल्ला अधिकारी, सप्तरीलाई आयोगको मिति २०६१।२।१४ को निर्णयानुसार लेखी पठाइएकोमा निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. जनकपुर नगरपालिकाका तत्कालीन प्रमुख बजरंगप्रसाद साह समेतले नगरपालिकाको चुंगी तथा सवारी कर उठाउने समेतका विभिन्न कर ठेक्का दिने र ठेक्का रकम उठाउने विषयमा बदनियतपूर्वक नगरपालिकाको सार्वजनिक सम्पत्ति दुरुपयोग गरेको सम्बन्धमा जनकपुर नगरपालिकाका प्रमुख, उप-प्रमुख, वडा अध्यक्ष तथा सदस्यहरु (१०० जना) ले गैरकानूनी रुपमा लिनु खानु गरेको देखिएको जम्मा रु. ६५,५७,६९०।- लिने खाने तत् तत् व्यक्तिहरुबाट प्रचलित कानूनबमोजिम सरकारी बाँकी सरह असूल उपर गर्न, आ.व. २०५७।१।४ देखि

२०६०।१।४ सम्मका लागि रु.१,१५,००१।- मा जनकपुर-६ स्थित गोडधोई पोखरी ठेक्का लिने ठे. नन्दलाल साहले तिर्नु बुझाउनु पर्ने देखिन आए जति रकम असूल गर्न तथा दीर्घसार पोखरी रु. २,००,०००।- मा र ठाडी पोखरी रु. ८४,०००।- मा ठेक्का लिने प्रमोद साहले भोग चलन गरेको अवधि अनुसारको तिर्नु बुझाउनु पर्ने ठेक्का रकम जति असूल गर्नका साथै आ.व. २०५७।५८ र ०५८।५९ को हाटबजार करका ठेकरदार क्रमशः मनोजकुमार साह र मनोजकुमार चौधरीका हकमा निजहरुले तिर्न बुझाउन पर्ने बाँकी रकममध्ये कर उठाएको अनुपातमा असूल गर्न बाँकी रहेको रकमको नियमसम्मत निर्क्यौल गरी असूल उपर गर्न आयोगको मिति २०६१।२।४ को निर्णयानुसार सम्बन्धित नगर पालिका र स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएकोमा रकम असुल उपर भएको जानकारी प्राप्त नभएको ।

७. काठमाण्डौ महानगरपालिकाका विभागीय प्रमुख शान्ताराम पोखरेल र देवकुमार राईको नक्कली प्रमाणपत्रवारे अनुसन्धान भै आयोगको मिति २०६१/४/२९ को निर्णयबाट स्थानीय निकायका कर्मचारीहरुको वढुवा गर्दा हाल वहाल रहेको पदलाई आवश्यक न्युनतम शैक्षिक योग्यता आवश्यक पर्ने वा नपर्ने भन्ने सम्वन्धमा नियमावलीमा स्पष्ट व्यवस्था भएको नदेखिदा सो स्पष्ट गर्ने तथा कार्यसम्पादन मूल्यांकन फाराममा सुपरीवेक्षक, पुनरावलोकन तथा पुनरावलोकन समितिबाट मूल्यांकन गर्ने समयावधि वारे नियमावलीमा उल्लेख भएको नदेखिदा कर्मचारीहरुको का.स.मु. फाराम व्यवस्थित गर्ने गराउने भनी लेखिगएकोमा हालसम्म अरु निर्णय कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

८. जि.वि.स. सप्तरीका तत्कालिन सभापति दिनेशकुमार यादव समेतले जिल्ला परिषदले निर्णय गरी छुट्टयाए भन्दा वढी आर्थिक सहायत रकम वितरण गरी अनुचित कार्य गरेको सम्वन्धमा आयोगको मिति २०६१/८/१ को निर्णयानुसार त्यसरी हानीनोक्सानी पुऱ्याएको रकम निज सभापति दिनेशकुमार यादव, देवकी सुत यादव, रामप्रसाद मण्डल, भिमराज यादव, इब्राइम मिया, विश्वेश्वरप्रसाद विमल यादवबाट जम्मा रु. १,९५,०००। तीनमहिनाभित्र असूलउपर गर्ने र म्यादभित्र असूलउपर हुन नसकेमा सरकारी वाँकी सरह असूलउपर गर्न कानूनवमोजिम गर्न कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न लगाई आयोगलाई जानकारी दिन लेखी पठाइएकोमा हालसम्म कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. राष्ट्रिय दलित आयोगलाई नेपाल सरकारबाट विनियोजित भएको रकम आयोगका पदाधिकारी तथा कर्मचारीहरुले मिली वाँडिचुडी खाई भ्रष्टाचार गरे भन्ने विषयमा आयोगको मिति २०६१/८/१ को निर्णयानुसार महालेखा परीक्षकको विभागको ०५९/६० को लेखापरीक्षण सम्वन्धी वार्षिक प्रतिवेदनमा असूल गर्ने भनी उल्लेखित वेरुजु रकम सम्वन्धित व्यक्तिहरुबाट तीन महिनाभित्र असूलउपर गरी आयोगलाई जानकारी दिन राष्ट्रिय दलित आयोगलाई लेखी सो कार्यको अनुगमन गर्न स्थानीय विकास मन्त्रालयका सचिवलाई लेखी पठाइएकोमा हालसम्म कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. दोश्रो पर्यटन विकास आयोजना अन्तर्गत पोखरा वातावरण सुधार आयोजनामा अनियमितता भएको भन्ने विषयमा आयोगको मिति ०६१/७/१० को निर्णयबाट सो आयोजनामा संलग्न कालिका कन्स्ट्रक्सनबाट रु. ३,८९,७४८।८०, अनक कन्स्ट्रक्सनबाट रु १५,२८,८०० र सन्तोषी टि.एस.जि. जेभीबाट रु. १७,४२,००१।९२ असूलउपर गर्न पोखरा उपमहानगरपालिकालाई लेखी पठाइएकोमा असूलउपरको जानकारी प्राप्त नभएको ।

११. जिल्ला विकास समिति सल्यानका निमित्त स्थानिय विकास अधिकारी समेतका व्यक्तिले खरिद र विकास निर्माणमा अनियमितता गरेको भन्ने विषयमा आयोगको मिति २०६२।३।२७ को निर्णयानुसार ओ.सि. मिन प्रसाद बस्नेत जि.वि.स. सल्यान, सव-ओ.सि. जिवराज गिरी जिल्ला प्राविधिक कार्यालय सल्यानलाई सचेत गर्न सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाइएकोमा हाल सम्म जानकारी प्राप्त नभएको र निमिक्त स्थानिय विकास अधिकारी वरालबाट रु ३५ हजार र लेखापाल विमल कुमार श्रेष्ठबाट रु चार हजार असूल उपर गर्न लेखी पठाइएकोमा हाल सम्म असूल उपरको जानकारी प्राप्त नभएको ।

**(ड) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत**

नेपाल रेडक्रश सोसाइटीले रक्त सञ्चार केन्द्रको लागि किट्स केमिकल खरिद गर्दा भ्रष्टाचार भयो भन्ने सम्वन्धमा आयोगको मिति २०६१/११/१४ को निर्णयानुसार टेण्डर स्वीकृत प्रकृयामा भएको अनियमितताबाट नेपाल रेडक्रश सोसाइटीलाई नोक्सान पर्न गएको रु. १९,१७,५००। का सम्वन्धमा नेपाल रेडक्रश सोसाइटी केन्द्रीय कार्यसमितिको वैठकमा पेश गरी केन्द्रीय कार्यसमितिबाट भएको कारवाहीको जानकारी ३ महिनाभित्र आयोगमा पठाउन नेपाल रेडक्रश सोसाइटीका अध्यक्षलाई लेखी पठाइएकोमा जानकारी प्राप्त नभएको ।

**(ढ) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत**

नेपाल यातायात संस्थानका तत्कालीन महाप्रवन्धक प्रकाशकुमार पौडेलले अनियमित किसिमले कार्यालयको टेलिफोनबाट कारोवार नै नभएको मुलुकमा गरेको ट्रंककलको रकम भुक्तानीको सिफारिस गरी संस्थानबाटै भुक्तानी दिने तत्कालीन लेखा प्रमुख उपेन्द्रराज उप्रेतीलाई विभागीय कारबाही गर्न नेपाल यातायात संस्थानलाई लेखिएकोमा सो को जानकारी प्राप्त नभएको ।

**(ण) महिला बालवालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत**

समाज कल्याण परिषद्ले सर्वराज खड्कालाई विशिष्ट श्रेणीको पदमा नियुक्ति दिई अख्तियारको दुरुपयोग गरेको भन्ने विषयमा आयोगको २०६२।३।२१ को निर्णयानुसार परिषद्का सदस्य सचिव प्रभा वस्नेतबाट रु १,२५,७२९।०३ असुल उपर गर्न महिला बालवालिका तथा समाज कल्याण मन्त्रालयलाई लेखिएकोमा हालसम्म असुल उपर भएको जानकारी प्राप्त नभएको ।

# परिच्छेद – १४
# तामेली

आयोगमा पर्न आएको उजूरीमा प्रारम्भिक छानवीन गर्ने क्रममा ऐनको हदम्याद नाघेको, आयोगको अधिकार वा कार्यक्षेत्र भित्र नपरेको, प्रथम दृष्टि मै तथ्ययुक्त नदेखिएको, अदालतमा मुद्दा परिरहेको, कुनै कारणले कारवाही गर्न सम्भव नभएको, गोलमटोल, अत्यन्त सामान्य र मामूली विषयको सम्वन्धमा उजूरी परेको भएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १० बमोजिम आयोगबाट त्यस्ता उजूरीहरु तामेलीमा राख्ने निर्णय गरिन्छ। अधुरा, अपुरा प्रमाणहरु भएका वा कुनै तथ्यगत आधार नभएका उजुरीहरु बाहेक गत आ. व. २०६२/६३ मा बिस्तृत अनुसन्धान भई तामेलीमा राख्ने निर्णय गरिएका उजूरीहरु देहाय बमोजिम छन् :

१. अत्तरिया साना शहरी खानेपानी तथा सरसफाई आयोजना निर्माण कार्यको लागि पेश हुन आएको लामा कन्स्ट्रक्शन कम्पनी प्रा.लि. र चन्द्रा एण्ड वसन्त कन्स्ट्रक्शन प्रा.लि. (लामा-चन्द्रा ज्वाइन्ट भेन्चर) को बोलपत्र गैरकानूनी रुपमा फिर्ता दिएको भन्ने विषयमा अनुसन्धान हुँदा बोलपत्र फिर्ता लिए/दिएको विषयमा उक्त ज्वाइन्ट भेन्चरका संचालकहरुले आयोगमा एक आपसमा विरोधाभाषपूर्ण वयान दिएको भए तापनि उक्त मितिको सूचना बमोजिमको बोलपत्र रद्द भैसकेको हुँदा यस विषयको उजुरी उपरको कारवाही आयोगको मिति २०६२/४/१० को निर्णयानुसार तामेलीमा राखिएको ।

२. नेपाल नागरिक उड्डयन प्राधिकरण, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत स.अ. महेश तिमिल्सिनाले नागरिक उड्डयन कार्यालयमा रुजु हाजिर भई वकालत गर्दै आएका र कार्यालयमा काम नै नगरी क्याम्पस पढी अनुचित कार्य गरे भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा निज महेश तिमिल्सिनाले कार्यालयमा हाजिर भै क्याम्पस धाएर उच्च शिक्षा हासिल गरेको भन्ने सन्दर्भमा निजको शैक्षिक प्रमाणपत्र अनुसार निजले नेपाल ल क्याम्पसबाट अध्ययन गरी नोकरी प्रवेश गर्नुभन्दा अगाडी सन् १९८५ मा नै नियमित परिक्षा दिई सकेको तर त्यसपछि व्याक पेपरको रुपमा सन् १९९१ को परीक्षामा सामेल भई सोही बर्षमा बी.एल.उत्तीर्ण गरेको देखिन आएको तथा निजले बी.एल.भन्दा माथिको शैक्षिक योग्यता हासिल गरेको देखिन नआएकोले कार्यालयमा हाजिर भै उच्च शिक्षा हासिल गरेको भन्ने उजुरी तथ्यहीन देखिन आयो। त्यसै गरी कार्यालयमा हाजिर भै वकालत गर्दै हिंडेको भन्ने सन्दर्भमा कार्यालय समयमा प्राधिकरणलाई असजिलो पार्ने गरी वकालत गऱ्यो भन्ने कुराको पनि पुष्टि हुन सक्ने अवस्था देखिएन । अर्का तर्फ व्यापारीसंग मिलेर व्यापारीका मुद्दामा सघाउने र कार्यालयलाई हराउने गरेको भन्ने बिषयमा अनुसन्धान गर्दा निजलाई त्यस प्रकारका मुद्दा हेर्न नतोकिएको भन्ने नेपाल ना.उ.प्रा. का निर्देशक मिनराज उपाध्यायबाट जवाफ प्राप्त हुन आएको समेतका आधारमा प्रस्तुत उजुरी उपरको अनुसन्धानलाई आयोगको मिति २०६२/४/१० को निर्णयानुसार तामेलीमा राखिएको ।

३. पश्चिमान्चल क्षेत्रीय अस्पताल, पोखरामा फार्मेसी संचालन गर्न प्रि-क्वालिफिकेशन गर्दा अनियमितता भएको भन्ने बिषयमा आवश्यक कारवाही गर्न राष्ट्रिय सतर्कता केन्द्र मार्फत आयोगमा प्राप्त प्रतिवेदन समेतका आधारमा अनुसन्धान गर्दा सो टेण्डर प्रकृयामा भ्रष्टाचार वा

अनुचित कार्य भएको देखिन नआएकोले उक्त फायल आयोगको मिति २०६२/४/२४ को निर्णयानुसार तामेलीमा राखिएको ।

४. माछापुच्छ्रे हर्बललाई जरिवाना गरी वातावरणीय प्रभाव मूल्याँकन प्रतिवेदन स्वीकृत नभएसम्म पात संकलनमा रोक लगाइएको अवस्थामा सोही कम्पनीका संचालक नै संचालक रहेको नेचुरल फ्लावर एण्ड हर्बल प्रा.लि.लाई पात संकलनका लागि इजाजत दिएको भन्ने उजूरीका सम्बन्धमा परीक्षण उत्पादनका लागि सीमित मात्रामा केही जिल्लाबाट मात्र पात संकलनको अनुमति दिएको पाईएको र व्यापारिक उत्पादनको लागि नभएको भन्ने बुझिएकोले प्रस्तुत उजूरी आयोगको मिति २०६२/५/१४ को निर्णयानुसार तामेलीमा राखिएको ।

५. अरनिको राजमार्ग अन्तर्गत मनोहरा-सूर्यविनायक खण्डको दायाँ बायाँ रहेका रुखहरु हटाई लैजाने टेण्डरमा अनियमितता भयो भन्ने विषयको उजुरी निवेदन उपर अनुसन्धान हुँदा ठुटा जराको मूल्यांकन समावेश नगरी न्यूनतम अंक कायम गरेर बोलपत्र आह्वान भए तापनि जरा उखेलेर लैजानु पर्ने स्पष्ट व्यहोरा बोलपत्र आह्वानको सूचनामा खुलाई काठ दाउरा जरा समेतको न्यूनतम मूल्यांकन रकम भन्दा बढीको बोलपत्र परी सो अनुसार काम सम्पन्न भै नियमानुसार भ्याट सहित सम्पूर्ण रकम राजश्व दालिखा भैसकेको र यसमा कसैले लुकाई छिपाई सरकारलाई नोक्सान पार्ने बदनियतले काम गरेको देखिन नआएको हुँदा आयोगको मिति २०६२/५/१६ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

६. दरवार मार्ग स्थित एलायन्स इन्सुरेन्स कम्पनी र वीमा समितिका पदाधिकारीहरुको मिलेमतोमा प्रचलित मूल्यभन्दा दोव्वर मूल्य तिरी वीमा समितिको पूर्व स्वीकृति नलिई बोलपत्र सार्वजनिक रुपमा प्रकाशित नगरी, संचालक समितिका सदस्यमध्ये कै लक्ष्मण श्रेष्ठको जग्गा कम्पनीलाई हानी नोक्सानी पुऱ्याउने नियतबाट खरीद गरेका हुँदा भ्रष्टाचारको कसूरमा निजहरुलाई कारवाही गरी पाउँ भन्ने उजूरीहरु उपर अनुसन्धान हुँदा उक्त कम्पनीले खरीद गरेको का.जि.का.म.न.पा.वडा नं. १० तीनकुने स्थित कि.नं.४०७, क्षेत्रफल १-३-२-३ को जग्गा खरीद गर्दा बद्नियतपूर्वक काम कारवाही भएको नदेखिएको र उक्त घर जग्गा खरीद गरिनु कम्पनीको हितमा नै देखिंदा प्रस्तुत उजूरी आयोगको मिति २०६२/५/२० को निर्णयानुसार तामेलीमा राखिएको ।

७. अन्डर प्रिभिलेज्ड चिल्डरेन्स प्रोग्रामले सो निकायको हाताभित्र रहेको २० रोपनी जग्गा भाडामा दिंदा अनियमितता गरेको भन्ने सम्वन्धमा परेको उजुरी उपर अनुसन्धान हुँदा उक्त संस्थाले कार्यालय परिसरमा रहेको २० रोपनी जग्गा भाडामा दिन ०६१।१२।५ मा बोलपत्र आव्हान गरेको र सो बोलपत्रमा अमीरभक्त प्रधानाङ्गले सवैभन्दा वढी रु.१०,१०१।२५ प्रति रोपनी प्रति वर्ष बुझाउने कबोल गरेको, सो बोलपत्र ०६२।१।१२ को सो प्रोग्रामको कार्य समितिको बैठकले रद्द गरी ०६२।२।१ मा पहिले देखि जग्गा कमाई आएका सीताराम दुगडले प्रतिरोपनी प्रतिवर्ष रु.१०,१०१।२५ बुझाएमा निजलाई नै जमीन भाडामा दिने भनी निर्णय गरेको देखिन आएकोले संस्थालाई आर्थिक नोक्सानी पर्ने गरी कार्य भए गरेको नदेखिंदा आयोगको मिति २०६२/५/२७ को निर्णयानुसार प्रस्तुत विषयको कारवाही फाईल तामेलीमा राखिएको ।

८. मेची नगर नगरपालिकाले ल्याण्डफिल्ड साइटको लागि जग्गा खरीद गर्दा भ्रष्टाचार भयो भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा वातावरणीय प्रभाव मूल्याँकन प्रतिवेदन वातावरण मन्त्रालयमा पेश भई सकेको आधारमा जग्गा खरीद गर्ने निर्णय गरेको भन्ने नगरपालिकाको तत्कालिन पदाधिकारीहरुको भनाई र जिल्ला स्थित जग्गा मूल्यांकन समितिले दिएको प्रतिवेदन

अनुसार उक्त जग्गाको मूल्य कम्तिमा प्रति विगाहा रु. ४,५०,०००।- रहेको भन्ने समेत व्यहोरालाई दृष्टिगत गर्दा उक्त जग्गा खरीदमा कोही कसैले बदनियत राखी काम गरेको वा भ्रष्टाचार भएको भन्न सक्ने अवस्था देखिन आएन । वातावरण मन्त्रालयबाट वातावरणीय प्रभाव मूल्याँकन प्रतिवेदन स्वीकृत भै सकेपछि मात्र जग्गा खरीद गर्नु पर्ने हो तापनि तत्कालिन पदाधिकारीहरुको म्याद समाप्त भै हाल पदमा बहाल नरहेको हुँदा आयोगको मिति २०६२/६/४ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

९. उच्च माध्यमिक शिक्षा परिषद्मा विद्युतिय उपकरण खरिदमा अनियमितता भयो भन्ने विषयको उमेश गोपाल गुरुवाचार्यको उजूरी उपर अनुसन्धान हुंदा उक्त खरीद कार्यमा उजूरी कर्ताले उल्लेख गरे झैं अनियमितता भएको छ भन्न सकिने अवस्था देखिन नआएको र प्रचलित ऐन नियम बिपरित काम भए गरेको नदेखिएकोले प्रस्तुत उजुरीलाई आयोगको मिति २०६२/६/५ को निर्णयानुसार तामेलीमा राखिएको ।

१०. नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, कर्मचारी प्रशासन विभागबाट छानविनका लागि प्राप्त जे.टि.ए. जितेन्द्र प्रसाद सिंहको शैक्षिक प्रमाणपत्र पुनः प्रमाणीकरण गर्न पठाउँदा उच्च माध्यमिक शिक्षा परिषद्को मिति २०६२।४।१९ को पत्र मार्फत बिहार विद्यालय परिक्षा समितिको पत्रबाट छात्र जितेन्द्र प्रसाद सिंह, रोल कोड ६२०३, कमांक १४७, पुरक माध्यमिक १९८० को संशोधित प्रमाणीकरणमा पास (उत्तीर्ण) भनी लेखि आएको हुँदा निज जितेन्द्र प्रसाद सिहंको माध्यमिक पूरक परीक्षाको प्रमाणपत्र झुठा एवं नक्कली नदेखिएकोले उक्त उजुरीलाई आयोगको मिति २०६२/६/६ को निर्णयानुसार तामेलीमा राखिएको ।

११. नेपाल टेलिभिजनका वरिष्ठ समाचार सम्पादक रोजी कट्टेलले पहिले नेपाल पर्यटन वोर्डमा र अहिले यू.एन.डि.पी. मा गरी दुई ठाउँमा काम गरिरहेको र निजले नेपाल टेलिभिजनबाट अध्ययन बिदा उपभोग गरी कबुलियत बमोजिम सेवा अवधि पूरा नगरी संस्थानलाई हानी नोक्सानी पुऱ्याएकोले छानविन गरी कारवाही गरिपाउँ भन्ने बिषयमा अनुसन्धान गर्दा नेपाल टेलिभिजनको मिति ०६२।५।९ को प्राप्त पत्रानुसार निजले संस्थानमा सेवा अवधि पूरा नगरे वापत नियमानुसार असूल उपर गर्नुपर्ने सम्पूर्ण रकम असूल उपर भई सकेको व्यहोरा खुली आएकोले संस्थानलाई हानी नोक्सानी पुऱ्याएको अवस्था देखिन आएन । तसर्थ आयोगको मिति २०६२/६/९ को निर्णयानुसार प्रस्तुत उजुरीलाई तामेलीमा राखिएको ।

१२. महेन्द्र संस्कृत विश्वविद्यालय, दाङका उप प्राध्यापक ऋृषिराज गौतमले अध्ययन विदाको अवधिमा समुदायमा आधारित वैकल्पिक विद्यालय परियोजनामा काम गरी दोहोरो सुविधा लिए भन्ने विषयमा अनुसन्धान हुँदा महेन्द्र संस्कृत विश्वविद्यालय अन्तरगत जनता विद्यापीठका उपप्राध्यापक ऋृषिराज गौतमले काठमाडौं विश्वविद्यालय, स्कुल अफ एजुकेशनमा एम.फिल. अध्ययनका लागि ०५९।१२।१ देखि डेढ बर्षको अध्ययन विदा पाएको देखियो । अध्ययन विदा कै अवधिमा ०६१।१।५ बाट समुदायमा आधारित वैकल्पिक शिक्षा परियोजनाको कार्यक्रम संयोजक पदमा नियुक्त भई काम गरेको देखिन आयो । यसरी अध्ययन विदाको अवधीमा परियोजनामा काम गरी निजले दोहोरो सुविधा लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (छ) अनुसार अनुचित कार्य गरेको भए पनि २०६२।२।२२ मा निजको मृत्यु भएको भन्ने जनता विद्यापीठ दाङवाट जानकारी प्राप्त भएको देखिदा प्रस्तुत विषयमा कुनै कारवाई गरिरहनु परेन । तसर्थ सो मिसिल आयोगको मिति २०६२/६/१० को निर्णयानुसार तामेलीमा राखिएको ।

१३. नेपाल बैंक लिमिटेडमा टाईपिष्ट (सहायक) पदमा कार्यरत पुरनबहादुर थापा (१००७७) ले बैंकमा पेश गरेको माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, भारतको सन् १९९० को इण्टरमिडियट परीक्षा उत्तीर्ण भएको शैक्षिक योग्यताको प्रमाणपत्रका सम्बन्धमा अनुसन्धान हुँदा माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, इलाहावादले नेपाल बैंक लिमिटेडलाई लेखेको मिति २८।४।१९९७ को पत्रमा इण्टर १९९० अनुक्रमांक ६९४३३८ पुरनबहादुर थापाको परीक्षाफल सी.पी. मा रोकिएको भन्ने उल्लेख भएकोले निजको परीक्षाफल बारे एकिन हुन नसकेको भनी नेपाल बैंक लिमिटेड मार्फत आयोगमा प्राप्त भई छानवीन गर्दा आयोगको मिति २०६१।१२।१९ को निर्णयानुसार उच्च माध्यमिक शिक्षा परिषद्, सानो ठिमी, भक्तपुर मार्फत सम्बन्धित बोर्डमा पुनः प्रमाणिकरण गर्न पठाउंदा उच्च माध्यमिक शिक्षा परिषद्, सानो ठिमी, भक्तपुरको मिति २०६२।४।१९ को पत्रसाथ प्राप्त माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, इलाहावाद, भारतको मा.शि.प./क्षे.का.इ./अभि. २१/७/२००५ को पत्रसाथ संलग्न प्रमाणिकरण विवरणको क्रमांक ४ मा प्राप्तांक महलमा २२८/५००, परीक्षाफल तथा प्रमाण पत्र संख्या महलमा SECOND/MIS00390A उल्लेख भई आएकोले निज पुरन बहादुर थापाको इण्टरमिडियटको शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली हुन् भन्न सकिने अवस्था देखिन आएन । तसर्थ निज पुरनबहादुर थापाको नक्कली शैक्षिक योग्यता सम्बन्धी प्रस्तुत विषयलाई आयोगको मिति २०६२/६/१३ को निर्णयानुसार तामेलीमा राखिएको ।

१४. नेपाल खाद्य संस्थान अंचल कार्यालय, धनगढीले आ.ब. २०६०।६१ को चामल खरिद गर्दा बजारमा चामलको मूल्य प्रति क्विन्टल रु.१,०५०।- हुँदा हुदै न्यून गुणस्तरको चामल प्रति क्विन्टल रु.१,२३०।- मा खरीद गरी चामल खरीदमा भ्रष्टाचार भएको भन्ने उजूरी सम्बन्धमा अनुसन्धान हुँदा नेपाल खाद्य संस्थान, प्रधान कार्यालयबाट समेत निरीक्षण हुंदा सो चामल गुणस्तर युक्त देखिएकोले चामल बढी दर रेटमा खरीद गरिएको भन्ने उजूरी स्थापित हुन सक्ने नदेखिएको हुँदा प्रस्तुत उजूरी आयोगको मिति २०६२/६/१६ को निर्णयानुसार तामेलीमा राखिएको ।

१५. ललितपुर उप महानगरपालिकाले विभिन्न कार्यक्रमको सफ्टवेयर निर्माण गर्दा अनियमितता गरी भ्रष्टाचार गरे भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा आ.व. २०६०।६१ मा ललितपुर उप महानगरपालिकाले रु. ९,३६,३२५।- (भ्याट बाहेक) बराबरको कर दाता सूचना प्रणाली, धरौटी, आयलेखा र कर्मचारीको व्यक्तिगत विवरण सम्बन्धी सफ्टवेयरहरु विभिन्न मितिमा दर भाउ पत्रको माध्यमबाट सांग्रीला ईन्फर्म्याटिक प्रा. लि. लाई चयन गरी निर्माण गराएको देखियो । बोलपत्रको प्रक्रियालाई छल्ने नियतले एउटै सफ्टवेयरको कार्यक्रमलाई टुक्रा टुक्रा पारी दर भाउ पत्रको प्रक्रिया बमोजिम निर्माण गराएको नभई अलग अलग सफ्टवेयरको कार्यक्रमलाई अलग अलग मितिमा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ५७ अनुसार नै निर्माण गराएको देखिँदा सो कार्य कानून सम्मत नै भएकोले प्रस्तुत उजूरी आयोगको मिति २०६२/६/२० को निर्णयानुसार तामेलीमा राखिएको ।

१६. दिपायल सिलगढी नगरपालिकाका प्रमुख पूर्णराज जोशीले धम्तला सिंचाई पोखरी निर्माण र खानेपानी योजनाको जग्गा खरीदमा भ्रष्टाचार गरे भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा दिपायल सिलगढी नगरपालिकाले वडा नं.१३ स्थित धम्तला सिंचाई पोखरी निर्माण सुधारको लागि आ.व. २०५७/०५८ मा रु.४०,०००।- छुट्याएकोमा रु.२०,०००।- उपभोक्ता समितिका अध्यक्ष उदयसिं खड्कालाई पेश्की दिएको, निजले उक्त रकमबाट सोलिङ्ग, पी.सी.सी., प्लाष्टर

आदि काम गरेको र कामको मूल्याङ्कन एवं पेश्की फछ्र्यौट हुन नपाउँदै निज उदयसिं खड्काको मृत्यु भएको देखिन आएकोले निजको नामको पेश्की नगरपालिकाबाट नियमानुसार फछ्र्यौट हुने नै हुँदा वडा नं.१४ को खानेपानी योजनाको लागि पानीको मुहान छ भनी दुई कित्ता जग्गा रु.२,१५,०००।- मा लिखत पास गरी नगरपालिकाले खरीद गरेको लिखतवाट देखिए पनि उक्त जग्गामा पानीको मुहान नभएको कारण जग्गाधनीले रु.१३,३३३।३३ मा मात्र चित्त वुझाई नगरपालिकाबाट भुक्तानी लिएको देखिन आएकोले भ्रष्टाचार भयो भन्न सक्ने अवस्था नदेखिंदा प्रस्तुत उजूरी आयोगको मिति २०६२/७/४ को निर्णयानुसार तामेलीमा राखिएको ।

१७. कृषि विकास बैकले असफल भै अन्य वित्तीय संस्थाको डुबिरहेको ऋण तिरी बुढाथोकी स्टोरेज प्रा.लि. सितापाइलालाई १५% कमिशन रु. ३० लाख लिई रु. २ करोड लगानी गरे भन्ने विषयमा परेको उजूरीका सम्बन्धमा अनुसन्धान गर्दा कृषि विकास बैंकबाट बुढाथोकी कोल्ड स्टोरेज प्रा.लि.लाई ऋण प्रदान गर्दा उक्त कोल्ड स्टोरेजबाट दिएको धितोको मूल्यले ऋण रकमलाई खाम्ने देखिएको र उक्त कोल्ड स्टोरेजबाट २०६२ भाद्र मसान्तसम्मको ब्याज तिरी नै रहेको देखिएकोले उक्त अनुसन्धान फाइललाई आयोगको मिति २०६२/७/६ को निर्णयानुसार तामेलीमा राखिएको ।

१८. जिल्ला प्रशासन कार्यालय, सल्यानका प्रमुख जिल्ला अधिकारी वालकृष्ण पन्थीले नागरिकताको जन्म मिति सच्याई भ्रष्टाचार गरेकोले कारवाही गरी पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा सेना र प्रहरीलाई प्रत्यक्ष सहयोग पुऱ्याएका ढाल बहादुर यरीलाई जीवन रक्षा खातिर विशेष परिस्थितिलाई ध्यानमा राखी विद्यालयबाट जारी भएको शैक्षिक प्रमाण पत्रमा उल्लेखित मिति बमोजिम मिलान हुने गरी नागरिकतामा निजको नागरिकताको उमेर संसोधन गरेको भए पनि विशेष परिस्थितिमा गरिएको सो कार्य नीहित स्वार्थका कारण वा वदनियतपूर्ण भन्न सकिएन । तसर्थ निज यरीको नागरिकताको उमेर सच्याउनमा संलग्न प्रमुख जिल्ला अधिकारी वालकृष्ण पन्थीलाई अनुचित कार्य गरेको भनी आरोप लगाउनु उपयुक्त र औचित्यपूर्ण नदेखिएकाले उक्त विषयको कारवाई फाइल आयोगको मिति २०६२/७/९ को निर्णयानुसार तामेलीमा राखिएको ।

१९. नापी विभाग अन्तरगत प्रमुख नापी अधिकृत पदमा कार्यरत नागेन्द्र झाले सरकारी सेवामा सेवा प्रवेशको लागी पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान हुँदा निजले सन् १९७७ मा विहार विद्यालय परीक्षा समिति, पट्ना, भारतवाट माध्यमिक परीक्षा उत्तिर्ण गरेको प्रमाण-पत्र उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुर मार्फत प्रमाणिकरण गर्न पठाउदा विहार विद्यालय परीक्षा समिति, पट्ना, भारतको पत्रांक नि. ३६७० दिनाङ्क ३१-१२-२००४ को पत्रसाथ संलग्न प्रमाणिकरण विवरणको सिं.नं. २१ को समितिका अभियुक्ति महलमा “वर्ष १९७७ मे कोड ३१४९ का व्यवहार नही किया गया हैं । प्रस्तुत प्रमाण पत्र सही नही हैं” भनी लेखी आएको हुंदा निजले प्राप्त गरेको उक्त प्रमाण पत्र गलत देखिन आई निजलाई वयान गराउदा पेश हुन आएका कागजातको आधारमा पुनः प्रमाणिकरण गर्न पठाउदा विहार विद्यालय परीक्षा समिति पट्ना भारतको पत्रांक नि. ६०१८ दिनाङ्क १६-७-२००५ को पत्रवाट द्वितीय श्रेणीमा उत्तिर्ण भनी लेखी आएको जानकारी उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको च.नं. ९७ मिति ०६२।४।१९ को पत्रबाट हुन आएको हुंदा निजको शैक्षिक योग्यताको प्रमाण पत्र उपर भैरहेको अनुसन्धान आयोगको मिति २०६२/७/२१ को निर्णयानुसार तामेलीमा राखिएको ।

२०. आ.व. ०४३।४४ मा जाजरकोट जिल्ला अस्पतालको कम्पाउण्डवाल र सेनेटरी फिटिङ्गको काममा गरेको भन्दा बढी काम देखाई मूल्यांकन गरी सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको

भन्ने सम्बन्धमा तत्कालीन विशेष प्रहरी विभागमा मिति २०४५।४।१२ मा दर्ता भएको उजूरीमा कारवाई भई हाल जिल्ला प्रशासन कार्यालय, जाजरकोटले तत्कालीन सार्वजनिक निर्माण शाखा, जाजरकोटका अ.ई. केदारमान प्रजापति समेतलाई प्रतिवादी बनाई निजहरू विरुद्ध भ्रष्टाचारमा मुद्दा दायर गर्न आरोपत्र तयार गरी मिति ०६२।६।३ मा आयोगमा मिसिल पठाएकोमा सो विषयमा छलफल हुँदा तत्कालीन विशेष प्रहरी विभागबाट अनुसन्धानको क्रममा मिति २०४५।८।५ मा तयार गरेको मुचुल्का प्रतिवेदनको आधारमा वास्तविक काम भन्दा बढी रु. ३६,२७४।- भुक्तानी दिएको भनी नाम प्रष्ट नखुलेको असिष्टेन्ट इन्जिनियरले ठेक्का समाप्ति भएको १७ महिनापछि मिति २०४५।८।१० मा गरेको मूल्याङ्कनको आधारमा तत्कालीन सार्वजनिक निर्माण शाखा जाजरकोटका अ.ई. केदारमान प्रजापति, ओ.सी. गोविन्द प्रसाद लामिछाने, जनस्वास्थ्य शाखा जाजरकोटको सी.अ.हे.व. लक्ष्मण बहादुर शाह, जाजरकोट अस्पतालको खरीदार हरि बहादुर श्रेष्ठले ठेकेदार पूर्ण बहादुर भण्डारीबाट रकम लिएको आरोपमा झण्डै १८ वर्ष पछि निज उपर मुद्दा दायर गर्न प्रक्रिया शुरु गरेको देखिन्छ । यद्यपी विशेष प्रहरी विभागमा सम्बद्ध कर्मचारीले गरेको बयान देखि बाहेक सो आरोप पुष्टी हुने अन्य आधार तथा प्रमाण रहेको देखिदैन । मिति २०४४।५।३ मा ओ.सी. विनोद प्रसाद रिजालले पेश गरेको प्रतिवेदन साथ संलग्न तुलनात्मक चार्टमा बढी रकम रु. ३१,४९१।२३ भुक्तानी लिएको भन्ने उल्लेख भएको छ । सम्पन्न भएको कामको मूल्याङ्कन बढी भुक्तानी दिएको भनिएको रकमको आधार प्रष्ट नखुलेकोले सो कुरा अनुसन्धान प्रमाणबाट नै निर्विवाद रुपमा एकिन हुनु पर्ने भनी पुनरावेदन सरकारी वकील कार्यालयको २०५५।५।१४ को राय बमोजिम थप अनुसन्धान भएको देखिंदैन । बढी भुक्तानी भै भ्रष्टाचार भएको भनिएको विगो रु ३६,२७४।- को पनि प्रमाणको अभावमा भएको र प्रस्तुत केश आ.व. ०४३।४४ को भएको समेतलाई विचार गर्दा आरोपित व्यक्ति उपर हाल आएर भ्रष्टाचारमा मुद्दा दायर गर्न सान्दर्भिक नहुने देखिएकोले आयोगको मिति २०६२/७/२७ को निर्णयानुसार तामेलीमा राखिएको ।

२१. कृषि सामग्री कम्पनी लिमिटेडका प्रबन्ध संचालक चतुर्भुज भट्टका छोरा दीपक भट्टले विभिन्न फर्महरु दर्ता गराई सशस्त्र प्रहरी र जनपद प्रहरीलाई पोशाक सप्लाई गर्दा विभिन्न प्रहरी कर्मचारीहरुलाई रकम दिएको कुरा उल्लेख भएको नोट वुक फेला परेको विषयमा अनुसन्धान हुँदा निज दीपक भट्टको कोठाबाट वरामद गरिएको नोट वुकमा निजले रवि श्रेष्ठलाई रकम दिए दिलाएको कुरा स्पष्ट उल्लेख नभएको, रकम दिए दिलाएको कुरामा दीपक भट्ट र लिए खाएको कुरामा रवि श्रेष्ठ दुवै पक्षले इन्कार गरेको, दुवै पक्षको बैंक खाताको कारोवार हेर्दा समेत सो कुराको पुष्टि हुन नआएको र उच्चस्तरीय सम्पत्ति छानविन आयोगको प्रतिवेदनमा समेत निज रवि श्रेष्ठको नाम सम्पत्तिको स्रोत छानविन गर्नु पर्ने व्यक्तिहरुको सूचीमा नरहेको समेतको आधारमा प्रस्तुत मिसिल आयोगको मिति २०६२/८/६ को निर्णयानुसार तामेलीमा राखिएको ।

२२. जिल्ला प्रशासन कार्यालय, दाङ्गका का.मु. प्रमुख जिल्ला अधिकारी शिव प्रसाद नेपालले जिल्लाका कर्मचारी, व्यापारी तथा सर्वसाधारण जनतालाई दुःख दिइ भ्रष्टाचार गर्ने गरेकाले कारवाही गरी पाउँ भनी आयोगमा परेका विभिन्न उजुरीहरु उपर क्षेत्रीय प्रशासन कार्यालय सुर्खेतका क्षेत्रीय प्रशासक श्री टीकाराम आर्यालले पेश गर्नु भएको छानविन प्रतिवेदन र आयोगबाट भएको प्रारम्भिक छानविन समेतको आधारमा उजुरीमा उल्लेखित विषयहरु ठोस सबूत प्रमाणबाट पुष्टि हुन नसकेकाले प्रस्तुत उजुरी फायललाई आयोगको मिति २०६२/८/७ को निर्णयानुसार तामेलीमा राखिएको ।

२३. नेपाल विद्युत प्राधिकरण, जलेश्वरका सहायक ईन्जिनियर रामानन्द राय यादवले विद्युतीय सामानहरु बिक्री गरी भ्रष्टाचार गरे भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा आ.व. २०५७/५८ मा महोत्तरी जिल्लाका इटहर्वाकट्टी, पर्सापतैली र रामनगर गा.वि.स.का विभिन्न क्षेत्रमा पोल गाड्ने र तार तान्ने कार्यमा खटिएका स.ई. रामानन्द राय यादवले स्टोरबाट बुझी लगेका विद्युतीय सामानहरु प्रयोग गरी स्थानीय जन श्रमदानबाट आ.व. ०६१।६२ सम्ममा प्रस्तावित योजना सम्पन्न भएको खुल्न आएकोले प्रस्तुत उजुरीलाई आयोगको मिति २०६२/९/२९ को निर्णयानुसार तामेलीमा राखिएको ।

२४. स्वास्थ्य सेवा विभाग अन्तरगत तत्कालीन विफर उन्मूलन आयोजनाको केन्द्रीय कार्यालयमा मिति २०३३।७।१० मा म्यादी ना.सु. पदमा नियुक्ति पाएका बारा जिल्ला, विश्वम्भरपुर गा.वि.स.वडा नं.२ बस्ने तत्कालीन ना.सु. राम बहादुर साहले भारतको विहार विश्व विद्यालय अन्तरगत राम दयालु सिंह महाविद्यालय, मुजफ्फरपुरबाट सन् १९७३ मा इण्टरमिडीयट परीक्षा उत्तिर्ण गरेको नक्कली शैक्षिक प्रमाण पत्र पेश गरी सेवा प्रवेश गरेको भन्ने उजूरी सम्बन्धमा अनुसन्धान गर्दा निजले म्यादी ना.सु. पदमा पाएको उक्त नियुक्ति पत्रमा निजामती सेवा नियमावली २०२१ मा उल्लेखित उपदान, निवृत्तिभरण र अस्थायी कर्मचारीले नपाउने अरु सुविधा प्राप्त हुने छैन भनी उल्लेखि भएको देखिएको तथा निजले सो पदबाट अवकास समेत प्राप्त गरी सकेको अवस्था हुँदा प्रस्तुत उजुरीलाई आयोगको मिति २०६२/१०/३ को निर्णयानुसार तामेलीमा राखिएको ।

२५. एन.आई.डि.सी.क्यापिटल मार्केटसले शाहनी सप्लायर्स, गोर्खा फुड प्रोडक्टस, रमा टेडिङ्ग कन्सर्न र गुप्ता दाल एण्ड आयल मिललाई प्रवाह गरेको ऋण असूली सम्बन्धमा परेको उजूरी उपर अनुसन्धान हुँदा एन.आई.डि.सी.क्यापिटल मार्केटस स्वयंको तर्फबाट ती फर्महरुमा प्रवाह भएको ऋण रकम असूल उपरको लागि सम्बन्धित फर्महरुका अन्य थप जेथाहरु समेत रोक्का राखी ऋण असूली न्यायाधिकरणमा मुद्दा दर्ता समेत गरि कारवाही भई रहेको देखिंदा सो विषयको उजुरीलाई मिति २०६२/१०/३ को निर्णयानुसार तामेलीमा राखिएको ।

२६. सन्तोषी निर्माण सेवा प्रा.लि. ले साना शहरी खानेपानी तथा सरसफाई योजना अन्तरगत प्राविधिक प्रस्ताव साथ पेश गरेका कागजातको आधिकारिकता सम्वन्धमा यस आयोगवाट अनुसन्धान भैरहेको अवस्थामा सोही आयोजना अन्तरगतको रत्न नगर साना शहरी खानेपानी तथा सरसफाई योजनामा सोही निर्माण सेवा समेतले पेश गरेको नक्कली कागजातको आधारमा प्राविधिक प्रस्तावको मूल्याङ्कन गरी मिति २०६१।३।२८ मा ठेक्का सम्झौता गरेको विषयमा अनुसन्धान हुँदा रत्ननगर साना शहरी खानेपानी तथा सरसफाई योजनामा प्राविधिक प्रस्तावमा सफल भएका ११ वटा फर्मले आर्थिक प्रस्तावमा भाग लिई लगत इष्टिमेट भन्दा ६.३९% कम र दोश्रो घटी कबोल गर्ने फर्म भन्दा रु. ३३,२३,१७९।४४ कम कबोल गर्ने ठेकेदार लामा, टुण्डी र सन्तोषी निर्माण सेवा जे.भी. को ठेक्का मिति २०६१।३।२४ मा स्वीकृत भई हाल निर्माण कार्य अन्तिम अवस्थामा रहेको साथै संतोषी निर्माण सेवाका केशवराज कंडेल र उज्ज्वल राज कँडेल, लेखापरीक्षक धर्मराज दाहाल र मेकानिकल इन्जिनियर सूर्यनाथ श्रेष्ठलाई बोलपत्र साथ नक्कली कागजात पेश गरी ठेक्का प्राप्त गरेको विषयमा मिति २०६१।९।२३ मा विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरी सकिएको हुंदा प्रस्तुत उजूरीलाई आयोगको मिति २०६२/१०/३ को निर्णयानुसार तामेलीमा राखिएको ।

२७. साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड, अञ्चल कार्यालय, नेपालगञ्जका प्रमुख चन्द्र बहादुर कार्कीले विभिन्न दुर्गम जिल्लाहरुमा नेपाल सरकारबाट अनुदान प्राप्त रकमबाट नून ढुवानी गर्दा टेण्डर देखि ढुवानीसम्म भ्रष्टाचार गरेको, विश्व खाद्य कार्यक्रम अन्तर्गतको चामल खरीद तथा ढुवानी र गोदाम भवन मर्मतमा समेत भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा नून ढुवानी गराउँदा सिलवन्दी बोलपत्र आव्हान गरी प्रतिस्पर्धा गराइएको संलग्न सक्कल फाइलहरुबाट देखिएको, बोलपत्रमा छानिएका संस्थालाई नून ढुवानी गर्ने बारेको सम्झौता गरेपश्चात् सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले प्रमाणित गरेको नून प्राप्तिको मुचुल्का प्राप्त भएपछि भुक्तानी दिने गरिएको, विश्व खाद्य कार्यक्रमको चामलको कारोवारबाट कर्पोरेशनलाई मुनाफा भएको देखिएको, सो कार्यक्रमको लागि सप्लाई गरेको चामलको ढुवानी दर रेटमा कर्पोरेशनको सबै सम्झौता क्वीन्टलमा हुने गरेको, सम्झौता गर्दा मिति र तौलमा भूलले लेखाईमा अन्तर परेको भएतापनि केन्द्रको मूल्य समर्थनमा समेत क्वीन्टल नै उल्लेख भएको पाइएको र भूलले लेखिएको २०५९ सालमा उक्त कार्यक्रमलाई चामल सप्लाई गर्ने कार्यक्रम नै नभएको । मिति र तौलको भूलले लेखाइको कारणले मात्रै भ्रष्टाचारजनित कार्य भयो भनी मान्न मिल्ने नदेखिएको । विश्व खाद्य कार्यक्रमको चामल बढी ढुवानी गारिएको भन्ने सम्बन्धमा विश्व खाद्य कार्यक्रमको अनुमति भई मिति २०६०।५।१ मा पुनः सम्झौता भई ढुवानी गरिएको देखिएको, गोदाम भवन मर्मत गर्न भंवर भवानी निर्माण सेवालाई रु.९,६०,७११।६० ( भ्याट बाहेक) कोटेशन स्वीकृत गरी काम गराएको देखिएको । गोदाम भवन मर्मत कोटेशनमा गराउन मिल्ने सो कर्पोरेशनको आर्थिक व्यवस्था विनियमको विनियम ३६.१.२ बाट देखिएको, सो मर्मत कार्यको अन्तिम जाँचपास समेत सम्पन्न भइ नसकेको, ठेकेदारले भुक्तानी लिने क्रम बाँकी नै देखिई प्रस्तुत विषयको उजूरी तथा जिल्ला प्रशासन कार्यालय, बाँकेको प्रतिवेदन अनुसार प्रस्तुत विषयमा भ्रष्टाचारजनित कार्य भयो भनी मान्न अनुसन्धानबाट नदेखिएको हुँदा प्रस्तुत मिसिललाई आयोगको मिति २०६२/१०/५ को निर्णयानुसार तामेलीमा राखिएको ।

२८. नियम पूर्वक दर्ता भई खोलिएका बोलपत्रहरुलाई जि.वि.स. बर्दियाबाट नियमतः कार्यादेश प्रदान नगरी पुनः अर्को सूचना प्रकाशित गरी टेन्डर प्रक्रिया अगाडि बढाएकोले कारबाही गरी पाउँ भनी जिल्ला प्रशासन कार्यालय बर्दियामा दिएको निवेदनको प्रभावकारी कार्य नतिजा नभएकोले सो कार्य तत्काल रोकी कारबाही गरी पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा उक्त कार्य सम्पन्न भई भुक्तानी समेत भई सकेको देखिंदा र निर्णय कर्ता तत्कालीन जि.वि.स. बोर्ड र का.मु. स्था.वि.अ. छायादत्त पाण्डे नेपाल सरकारको सेवाबाट राजीनामा दिई पद मुक्त भई सकेको देखिएको र सम्पादित कामबाट कुनै कसूर स्थापित हुने अवस्था नदेखिंदा प्रस्तुत मिसिललाई आयोगको मिति २०६२/१०/१० को निर्णयानुसार तामेलीमा राखिएको ।

२९. नवलपरासी, गैडाकोट गा.वि.स. वडा नं. २ क. कित्ता नं १७२ को क्षेत्रफल ०-७-० रोपनी जग्गा नारायणी नदि किनाराको सार्वजनिक जग्गा देखिंदा देखिंदै मालपोत कार्यालयका कर्मचारी र गैडाकोट निवासी रबिनाथ पौडेल समेतको मिलेमतोमा आफू र आफ्ना नातेदारहरुको नाममा सन्धिसर्पण र नदी क्षेत्र भित्रको जग्गा दर्ता गरी गराई भ्रष्टाचार गरेको हुँदा कार्वाही गरी पाउँ भन्ने बिषयमा गोपाल पौडेल र कृष्ण सापकोटा, गैडाकोटको नामवाट परेको उजुरी उपर अनुसन्धान हुँदा उक्त जग्गाको नापीको समयमा खडा भएको क्षेत्रीय किताब उतारको कैफियत महलमा समेत निजको नाम स्पष्ट उल्लेख भएको, निजले तिरो तिरान गरेको रसिद संलग्न देखिएको, साविक लगत भिड्नुको साथै ७ नं. फाँटवारीमा समेत उक्त कित्ता स्पष्ट उल्लेख

भएको र स्थलगत सर्जमिनबाट समेत निजको आफ्नो जग्गा हो भनी खुलाई दिएको कारणले उक्त जग्गा सार्वजनिक पर्ति जग्गा हो भन्ने कुनै ठोस र कानूनी आधार नभएको हुँदा उक्त उजुरी सम्वन्धी फाइललाई आयोगको मिति २०६२/१०/१२ को निर्णयानुसार तामेलीमा राखिएको ।

३०. कृषि सामग्री कम्पनी लिमिटेड, शाखा कार्यालय त्रिशुली, नुवाकोटमा तत्कालीन का.मु.शाखा प्रमुख पदमा कार्यरत श्याम कुमार क्षेत्रीले कार्यालय प्रमुखको हैसियतले आफ्नो मातहतका कर्मचारीको कामको रेखदेख, नियन्त्रण र समय समयमा गोदामको समेत निरीक्षण गर्नुपर्नेमा निजको सुपरिवेक्षण नपुगेकै कारणले मातहतका कर्मचारीले जिन्सी सामग्री समेतको हिनामिना गरी भ्रष्टाचार जन्य कसुर गरे भन्ने बिषयमा निजसँग माग गरिएको स्पष्टिकरणको जवाफमा आफु कार्यालय प्रमुख र स्टोरकिपर श्रीराम खतिवडा मात्र भएको अवस्थामा पनि नियमित कार्य संचालन गर्दै आएको, समय समयमा गोदामको निरीक्षण गरी भौतिक तथा आर्थिक कारोवारको प्रगती विवरण तालुक कार्यालयमा पठाउदै आएको, निज स्टोरकिपरले कार्यालय समय बाहेकको मौका छोपी मेरो आँखा छलि जिन्सी सामानको हिनामिना गरेको शंका लाग्नासाथ तालुक कार्यालयमा जानकारी गराई जिल्ला प्रशासन कार्यालयका प्रतिनिधिको रोहवरमा गोदाम निरीक्षण गराई जिन्सी सामान नपुग भएको पाईए पछि सोको प्रतिवेदन कम्पनीको प्रधान कार्यालय समेतमा दिई सो जानकारीबाटै निज श्रीराम खतिवडा उपर भ्रष्टाचारमा कारवाही शुरु गरेको हुंदा मेरो रेखदेख, निरीक्षण र नियन्त्रण नभएकै कारण आफ्नो मातहातको कर्मचारीबाट भ्रष्टाचारजन्य कसुर गर्नमा मद्दत पुऱ्याएको भन्ने समेतको अवस्था नभएको भनी उल्लेख गरेको आधारमा निज श्याम कुमार क्षेत्रीसँग सम्वन्धित अनुसन्धान मिसिललाई आयोगको मिति २०६२/१०/१३ को निर्णयानुसार तामेलीमा राखिएको ।

३१. विराटनगर उप-महानगरपालिकामा रहेको घर नं. १४ को सक्कली फाराम श्रेस्ता किताववाट झिकी विष्णु दयाल राठीको नामका किर्ते घर नम्बर फाराम तयार गरी स्रेस्ता किताबमा राखि श्रीनिवास राठी र वेनी गोपाल राठीलाई प्रत्यक्ष फाइदा पुग्ने गरी भ्रष्टाचारजन्य कार्य भए गरेको भनी जिल्ला प्रशासन कार्यालय मोरङमा दर्ता गराएको निवेदन उपर मोरङका प्रमुख जिल्ला अधिकारीले अनुसन्धान तहकिकात गरी प्राप्त प्रतिवेदन उपर आयोगमा छलफल हुँदा प्रतिवादी श्रीनिवास राठीकी आमा बर्जी देवी राठीले उक्त घर नम्बर १४ कै विषयमा मोरङ जिल्ला अदालतमा मिति २०६१।१।११ मा दे.नं. १३६६ मा हरेकृष्ण साह तेली समेत उपर मुद्दा दायर गरी सकेको र सो मुद्दा दायर भई सके पछि सोही घर नम्बरको फाराम किर्ते गरी भ्रष्टाचार गरेको आरोप लगाई हरेकृष्ण साह तेली समेतले मिति २०६१।१।२४ मा श्रीनिवास राठी समेत उपर कारवाहीको लागि जिल्ला प्रशासन कार्यालय, मोरङमा निवेदन दिएको देखिएकोले सोही घरको विवादलाई लिएर पहिला नै अदालतमा मुद्दा दायर भै हाल विचाराधिन अवस्थामा रहेको देखिँदा प्रस्तुत मिसिललाई आयोगको मिति २०६२/१०/२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

३२. कृषि विकास वैंक, मुख्य कार्यालयका ऋण सहायक संगम लाल रायले नोकरी प्रवेशका लागि पेश गरेको इन्टरमिडियट तहको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान हुँदा निज संगम लाल रायले माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेशबाट सन १९८९ मा इन्टरमिडियट परीक्षा उत्तीर्ण गरेको शैक्षिक प्रमाणपत्र प्रमाणीकरण गर्न पठाउदा माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय, वाराणसीको दिनाङ्क २९.११. २००५ को पत्र साथ संलग्न विवरण को सि. नं. १८ मा परीक्षार्थीका नाम सगमलाल राय पिताका नाम शिवलाल राय परीक्षा इन्टर वर्ष १९८९

अनुक्रमाङ्क ३७७०६६ प्राप्ताङ्क ६३३ परिक्षाफल ॥ उल्लेख गरी मा शि.प. को आख्यान महलमा "पुष्टि की जाती है" भनी लेखी आएको हुंदा निजको उल्लिखित शैक्षिक योग्यताको प्रमाणपत्र उपर भई रहेको अनुसन्धानलाई आयोगको मिति २०६२/१०/२८ को निर्णयानुसार तामेलीमा राखिएको ।

३३. जिल्ला विकास समितिको कार्यालय, पर्साबाट विभिन्न ११ वटा सामाजिक पूर्वाधार विकास कार्यक्रम योजना अन्तर्गत दिएको पेश्की रकमको फछ्र्यौटका साथ साथै बाँकी रकम भुक्तानी गर्नका निमित्त पर्न आएको निवेदनहरुको कारवाहीको सिलसिलामा "पछि निकाशा हुने बजेटबाट हिसाव मिलान गर्ने गरी हाललाई सापटी लिई भुक्तानी दिन आवश्यक देखिएकोले समर्थनका लागि पेश गरेको" भन्ने व्यहोरा पारी स्थानीय विकास अधिकारीले टिप्पणी आदेश सभापति कार्यालयमा छंदा छंदै निकाशा दिने अधिकार नै नभएको जि.वि.स. उप-सभापतिवाट मिति २०६२।४।१७ मा सदर गराई भुक्तानी समेत दिई जि.वि.स. सभापतिको अधिकार अतिक्रमण गरी जि.वि.स. कोषको रकम दुरुपयोग गरी खर्च गर्न लागेकोले कारवाही गरी पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा सो सम्वन्धमा भए गरेका आर्थिक कारोवार आर्थिक प्रशासन सम्वन्धी ऐन, नियमहरु अनुसार नै भए गरेको देखिएकोले प्रस्तुत उजुरी आयोगको मिति २०६२/११/२ को निर्णयानुसार तामेलीमा राखिएको ।

३४. लमजुङ जिल्ला, वेसी शहर गा.वि.स. वडा नं. १ को गाउँ शहर कालीका गुठीको कि.नं. ४७८ को क्षे.फ. ०-३-१-१ अधिनस्थ गुठी जग्गाको मोही सन्तराज गुरुङको जग्गा रैतान नम्वरीमा परिणत गर्दा मिति २०६२।४।२४ मा मालपोत कार्यालय, लमजुङका प्रमुख गोपीनाथ लम्सालले सन्तराज गुरुङसँग रु. ८०००।- घूस लिएको भन्ने सम्बन्धमा लमजुङबाट प्रकाशन हुने साप्ताहिक कर्मदा पत्रिकाको मिति २०६२।५।५ गते प्रकाशित समाचारलाई उजूरीको रुपमा लिई जिल्ला प्रशासन कार्यालय, लमजुङका प्र.जि.अ. बाट अनुसन्धान तहकिकात भई प्राप्त प्रतिवेदनका सम्वन्धमा आयोगमा छलफल हुँदा प्रस्तुत मुद्दामा काम गरी दिनको लागि घूस रकम दिने सन्तराज गुरुङले काम भइ सकेपछि वाध्यतावस दिएको हो भनी बयानमा उल्लेख गर्नु र सो रकम मालपोत प्रमुख गोपीनाथ लम्सालको हातमा दिंदा साछीको रुपमा रहेका भनिएका वावुकृष्ण श्रेष्ठले आफूलाई केही थाहा नभएको भनी गरेको बयान र घूस रकम लिएको छैन भनी मालपोत प्रमुख गोपीनाथ लम्सालको इन्कारी वयानबाट घुस रकम लिए दिएको भन्ने प्रमाणित हुने आधार देखिएन । साथै जिल्ला सरकारी वकीलले मिति २०६२।१०।३ को पत्रबाट उक्त विषयमा जिल्ला प्रशासन कार्यालय, लमजुङमा पठाएको रायमा समेत अभियोगीहरु उपरको आरोप प्रमाणबाट पुष्टि हुने नदेखिएकोले पछि खुलेमा ठहरे बमोजिम हुने गरी प्रस्तुत मिसिललाई आयोगको मिति २०६२/११/३ को निर्णयानुसार तामेलीमा राखिएको ।

३५. नागरिक उडडयन कार्यालय सिमरा, बाराका प्र.का.स. रामाशंकर मिश्रले नोकरी प्रवेशका लागि पेश गरेको माध्यमिक तहको शैक्षिक योग्यताको प्रमाणपत्र सम्वन्धमा अनुसन्धान हुँदा निज रामाशंकर मिश्रले विहार विद्यालय परीक्षा समिति पटनाबाट सन् १९८५ मा माध्यमिक परीक्षा उत्तीर्ण गरेको शैक्षिक प्रमाण पत्र प्रमाणिकरण गर्न पठाउँदा विहार विद्यालय परीक्षा समिति, पटनाको दिनांक १६।७।२००५ को पत्रको विवरणको सि.नं. २ मा छात्रका नाम रामाशंकर मिश्र, पिताका नाम जगदेव मिश्र, जन्मतिथी ११।०६।६०, रोलकोड ५४१५, क्रमांक एवम परीक्षा ७४।८५ (बा), कूल प्राप्तांक एवम श्रेणी ४२३/द्वितीय लेखी आएको आधारमा निजले प्राप्त गरेको

उल्लेखित शैक्षिक योग्यताको प्रमाण पत्र ठीक देखिएको हुँदा प्रस्तुत मिसिललाई आयोगको मिति २०६२/११/४ को निर्णयानुसार तामेलीमा राखिएको ।

३६. निर्मला घर्ती मगरलाई जापानवाट उपहार स्वरुप दाजूले पठाएको कम्प्यूटर छुटाउने कार्यमा गोश्वारा हुलाक कार्यालय, भन्सार शाखा र वाणिज्य विभागका पदाधिकारीहरुले ढिलाई गरी अनियमितता गरे भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निवेदन साथ संलग्न चलानी रसिद र वाणिज्य विभागवाट कायम गरिएको मूल्यको आधारमा राजश्व तिरी उजुरी कर्ताले सामान उठाई लगिसकेको देखिएको र उजुर कर्ताको उजुरीमा उल्लेखित व्यहोरा प्रमाणवाट पुष्टी हुन नसकेको हुनाले आयोगको मिति २०६२/११/१५ को निर्णयानुसार प्रस्तुत उजुरी तामेलीमा राखिएको ।

३७. जिल्ला जनस्वास्थ्य कार्यालय भद्रपुर, झापा अन्तर्गत हाल गौरादह हेल्थपोष्टमा अ.हे.व. पदमा कार्यरत नगेन्द्र भट्टराईले विभागीय स्वीकृति नलिई आम्दा अस्पताल दमकमा समेत काम गरेका र आफ्नो नाउँमा दमकमा औषधि पसल खोली सो मा समेत काम गरी गौरादह अस्पतालको स्वास्थ्य चौकीमा निर्धारित समयसम्म काम नगरेका हुँदा निज उपर छानवीन गरी कारवाही गरी पाउँ भन्ने व्यहोराको उजूरीका विषयमा अनुसन्धान हुँदा निज अ.हे.व. नगेन्द्र भट्टराईले कार्यालय समय भन्दा वाहेकको समयमा निजी प्राक्टिस गर्ने स्वीकृति पत्र (विभागीय स्वीकृति) प्राप्त गरेको देखिंदा प्रस्तुत उजूरीलाई आयोगको २०६२/११/१७ को निर्णयानुसार तामेलीमा राखिएको ।

३८. राष्ट्रिय क्षयरोग केन्द्र, भक्तपुरमा डा. दिर्घ सिंह बमका भतिजा तारा सिंह बमले बिभिन्न किसिमका भ्रष्टाचार गरे भन्ने विषयमा यस आयोगमा पर्न आएको वेनामी उजुरी उपरको अनुसन्धान हुँदा आरोपित तारा सिंह बम नर्बेजियन हर्ट एण्ड लङ एशोसियसनको सहमति र स्वीकृतिवाट सोही संस्थाले नै आर्थिक भार बहन गर्ने गरी राष्ट्रिय क्षयरोग केन्द्र अन्तर्गत संचालित राष्ट्रिय क्षयरोग कार्यक्रममा मिति २०५२।७।१९ मा कम्प्युटर सहायक पदमा नियुक्त भएको र सोही केन्द्रको सिफारिसमा नर्बेजियन हर्ट एण्ड लङ एशोसियसन कै सहमति र स्वीकृतिवाट मिति २०५५।७।१५ देखि कम्प्युटर योजना तथा तथ्यांक अधिकृत पदमा पदोन्नती भएको देखिन्छ । निज तारा सिंह बम बाहेक अन्य ४ जना कर्मचारी पनि सोही प्रकृयावाट नियुक्ति भएको देखिएकोले लोक सेवा आयोगको प्रकृया अनुसार नियुक्ति हुने अबस्था नभएको । नर्बेजियन हर्ट एण्ड लङ एशोसियसनसंग स्वास्थ्य मन्त्रालयले राष्ट्रिय क्षयरोग कार्यक्रम संचालन गर्न गरेको संझौतामा कर्मचारी नियुक्ति गर्दा, अध्ययन वा तालीमका लागि विदेश पठाउंदा के कसरी गर्ने वा के प्रक्रिया अपनाउने भन्ने बिषयमा केही उल्लेख भएको देखिएन । डा.दीर्घ सिंह बम आफ्नो काका नपर्ने बेहोरा निज तारा सिंहले गरेको वयानमा उल्लेख छ । निजहरु काका भतिजा हुन भन्ने कुरा अन्यत्रबाट प्रमाणित हुन आएन । निज तारा सिंह बम ६ देखि ९ मार्च २००१ सम्म IUALTD सेमिनारमा भाग लिन फिलिपिन्स जान स्वास्थ्य मन्त्रालयबाट मनोनयन भई सोही मन्त्रालयको पत्रको आधारमा परराष्ट्र मन्त्रालयबाट नीलो रंगको (बिशेष) राहदानी प्राप्त गरी गएको कुरा देखिन आयो । सो राहदानी उक्त भ्रमण पश्चात परराष्ट्र मन्त्रालयमा फिर्ता बुझाएको भनी निजले आफ्नो बयानमा उल्लेख गरेको । थाईल्याण्डको महिडोल विश्वविद्यालयवाट सन २००२ जुन देखि सन् २००३ मार्च सम्म एम.पी.एच.एम. गर्न र थाइल्याण्डकै चुलालंकन विश्वविद्यालयवाट शैक्षिक बर्ष २००४–२००६ मा पिएचडि. गर्न समेत क्षयरोग केन्द्रको सिफारिसमा निजको अध्ययन मनोनयन नर्बेजियन हर्ट एण्ड लङ एशोसियसनले नै गरेको र निजको अध्ययनमा लाग्ने सम्पूर्ण आर्थिक भार पनि सोही संस्थाले नै बेहोर्ने भन्ने

कुरा नर्बेजियन हर्ट एण्ड लङ एशोसियसनको १२ जुन २००२ को पत्र र अप्रील २१, २००५ को ईमेल समेतवाट खुल्न आएकोले उच्च शिक्षा हासिल गर्दा नेपाल सरकारलाई कुनै किसिमको आर्थिक भार परेको देखिएन । नर्बेजियन हर्ट एण्ड लङ एशोसियसनका सिनिएर कम्युनिकेशन एडभाईजर श्री ओलाभ आलबर्गले क्षयरोग केन्द्रका निर्देशकलाई अप्रील २१, २००५ मा प्रेषित गरेको पत्रमा "This does not interfere with the budget for training activities also funded by LHL" भन्ने बेहोरा उल्लेख भएको देखिएबाट पनि निजको अध्ययनमा नेपाल सरकारलाई आर्थिक भार पर्ने र नेपाल सरकारलाई प्राप्त हुने वैदेशिक सहायता कट्टा भएको वा हुने भन्ने देखिन आएन । निजले वार्षिक प्रतिवेदन तयार गर्दा दोहोरो पारिश्रमिक भुक्तानी लिएको, राष्ट्रिय क्षयरोग केन्द्रको सर सामान खरिद तथा होटल वुक गर्दा आर्थिक लाभ प्राप्त गरेको भन्ने बिषयमा पनि कुनै तथ्ययुक्त आधार प्रमाण अनुसन्धान छानबिनको क्रममा प्राप्त हुन नआएकोले निज उपरको आरोप आधारहीन देखिन आयो । तसर्थ प्रस्तुत उजुरीलाई आयोगको मिति २०६२।११।१८ को निर्णयानुसार तामेलीमा राखिएको ।

३९. नवलपरासी, गैंडाकोट गा.वि.स. वडा नं. ३ ग कित्ता नं २० को क्षेत्रफल ९-३-०-० रोपनी जग्गा नारायणी नदी किनाराको सार्वजनिक जग्गा देखिदा देखिंदै मालपोत कार्यालयका कर्मचारी र गैडाकोट निवासी टेक बहादुर गुरुङ्ग समेतको मिलेमतोमा आफू र आफ्ना नातेदारहरुको नाममा सन्धिसर्पण र नदी क्षेत्र भित्रको जग्गा दर्ता गरी गराई भ्रष्टाचार गरेको हुँदा कार्वाही गरी पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा उल्लेखित दर्ता भएको गैंडाकोट ३ ग. कित्ता नं. २० क्षे.फ. ९-३-०-० जग्गाको फिल्डबुकमा किसिम कायम भई सरकारी सार्वजनिकको अर्थ आउने कुनै व्यहोरा लेखिएको नदेखिंदा र निर्णय मिसिल साथ सँलग्न रहेको निवेदकबाट पेश हुन आएको तनहुँ जिल्ला अदालतको मिति २०३०।८।३ को फैसला, एक हरफी लगत, गा.वि.स. सिफारिस र स्थलगत सर्जमीन समेतको आधारमा निवेदकको होइन सरकारी सार्वजनिक हो भन्न सक्ने कुनै प्रमाण र आधारहरु नदेखिएकोले प्रस्तुत उजुरी फाइललाई आयोगको मिति २०६२/११/२१ को निर्णयानुसार तामेलीमा राखिएको ।

४०. नवलपरासी, गैंडाकोट गा.वि.स. वडा नं. २ क कित्ता नं १३६ को क्षेत्रफल ४-६-१ रोपनी जग्गा नारायणी नदी किनाराको सार्वजनिक जग्गा देखिंदा देखिंदै मालपोत कार्यालयका कर्मचारी र गैंडाकोट निवासी चन्द्रमणी सापकोटा समेतको मिलेमतोमा आफू र आफ्ना नातेदारहरुको नाममा सन्धिसर्पण र नदी क्षेत्र भित्रको जग्गा दर्ता गरी गराई भ्रष्टाचार गरेको हुँदा कार्वाही गरी पाउँ भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा २०३५ साल मै निवेदकले निवेदन दिई साविक लगत तिरो र भोग भित्रको उल्लेखित क्षेत्रफलको जग्गा पर्तिमा घुस्न गएकोले घुसेको क्षेत्रफल मात्रैको मागदावी लिएको र निवेदकबाट पेश भएको ७ नं. फाँटवारी, साविकको लगत, तिरो तिरेको रसिद गैडाकोट गा.वि.स.को सिफारिश कार्यालयबाट भएको स्थलगत सर्जमिन प्रतिवेदन र छूट जग्गा दर्ता समितिको सिफारिश तथा मालपोत कार्यालय, कावासोतीका प्रमुखमालपोत अधिकृत हरिश्चन्द्र पोखरेल र नापी अधिकृत नरहरि अधिकारीबाट मिति २०६१।१२।२१ मा भएको फिल्ड निरिक्षण प्रतिवेदनबाट समेत साविक देखि उक्त जग्गा भोग भित्रको हो भनी उल्लेख गरेको समेत आधारमा प्रस्तुत उजुरी मिसिललाई आयोगको मिति २०६२/११/२१ को निर्णयानुसार तामेलीमा राखिएको ।

४१. कृषि विकास वैंक, वैंकिंग कार्यालय, पुतली सडक, काठमाडौंबाट कर्जा लगानी गर्दा अनियमितता गरी वैंक डुवाउने काम भएकोले ऋणीहरुको फाइल छानविन होस् भनी दिएको निवेदनको सि.नं.

१३ मा हिल्स क्वीन ट्राभल्स एण्ड टुर्सलाई दिएको ऋण रकम रु १२,००,०००। को धितो अत्यधिक मूल्यांकन गरेको, परियोजना नभएको भन्ने उजूरीका आधारमा अनुसन्धान हुँदा वैंकको केन्द्रिय कार्यालयवाट समेत प्रतिउत्तर परी ठगी गरी धितो राखेको जग्गा सम्वन्धी मुद्दा काठमाडौं जिल्ला अदालतमा विचाराधिन रहेको अवस्थामा कर्जा प्रवाह गर्दा वैंक तथा जग्गाधनी प्रमाण पुर्जाको नक्कल दिंदा मालपोत कार्यालयका कर्मचारीहरुवाट भ्रष्टाचारजन्य कार्य भएको भन्न सकिने अवस्था नदेखिएकोले प्रस्तुत मिसिललाई आयोगको मिति २०६२/११/२२ को निर्णयानुसार तामेलीमा राखिएको ।

४२. नेपाल टेलिकम लिमिटेड, विर्तामोड शाखा, झापामा कार्यरत ज्यालादारी सहायक (तह-४) देव सागर चौधरीले माथिल्लो योग्यता देखाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रमाणिकरणको लागि आयोगमा प्राप्त हुन आएकोमा आयोगबाट अनुसन्धान गर्दा सम्बन्धित वि.एन.मण्डल विश्वविद्यालय, लालुनगर, विहार, भारतबाट प्राप्त विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आयो । ज्यालादारी सहायकमा कार्यरत निज देव सागर चौधरी हाल अवकाश भै सकेको भए पनि निजले उक्त वि.एस्सी.तहको नक्कली शैक्षिक प्रमाणपत्र अन्यत्र प्रयोग गर्न सक्ने भएकोले नेपालका सबै विश्वविद्यालयहरुलाई जानकारी गराउनु भनी शिक्षा तथा खेलकूद मन्त्रालय र लोक सेवा आयोगलाई लेखी पठाई अनुसन्धान फाइललाई आयोगको मिति २०६२/११/२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

४३. काठमाण्डौं, टेकु स्थित वम विकटेश्वर गुठी अन्तरगत राम चन्द्र गुठीको जग्गा नेपाल सरकारले अधिग्रहण गरी घरेलु शिल्पकला विक्री भण्डार लिमिटेडलाई उपलव्ध गराएकोमा उक्त लिमिटेडले आफूले तिर्नुपर्ने कर्जा वापतमा सो जग्गा राष्ट्रिय वाणिज्य वैंकलाई पारित गरिदिएको र वैंकले उक्त जग्गा कौडीको मोलमा व्यापारीलाई लिलाम गरी सुनियोजित तवरले भू माफियालाई उपलव्ध गराएको हुंदा छानविन गरी उक्त जग्गा पुनः वापस गराई धर्म संरक्षण गराई पाउँ भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा नेपाल सरकारले नियमानुसार गुठीबाट अधिग्रहण गरी सरकारी स्वामित्वको घरेलु शिल्पकला विक्रि भण्डारलाई उपलव्ध गराएको उल्लेखित जग्गा घरेलु शिल्पकला विक्री भण्डारले केही समय भोग चलन गरी आफूले तिर्नु पर्ने कर्जा वापतमा सरकारी स्वामित्वकै राष्ट्रिय वाणिज्य वैंकलाई पारित गरी दिएको देखिनुका साथै वैंकले सो जग्गा विक्रिका लागि ५ पटक सार्वजनिक रुपमा वोलपत्र आव्हान गरी प्रक्रियागत रुपमै मिति २०६१।२।२९ का निर्णयानुसार लिलाम विक्रि गरेको देखिंदा सो सम्वन्धमा अनियमितता तथा भ्रष्टाचार भएको भन्ने पुष्टी हुन नसकेकोले प्रस्तुत उजुरीलाई आयोगको मिति २०६२/११/२९ को निर्णयानुसार तामेलीमा राखिएको ।

४४. त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल, महाराजगञ्जमा ओ.पी.डी. टिकट र स्टीकर आदिको रकम हिनामिना भयो भन्ने बिषयको उजूरी उपर अनुसन्धान हुँदा उक्त अस्पतालमा २०६० मंसीर १ देखि कम्प्युटरबाट बिरामीको नाम दर्ता गरि टिकट दिने गरिएको, २०६१।४।२८ देखि विभिन्न कारणले खेर गएका स्टिकर र टिकटको अभिलेख राख्ने गरिएको, ०६२।१।१ देखि फलोअपमा आउने बिरामीलाई नयाँ टिकटको पहिलो पाना च्याती बुक दिने प्रचलन हटाई अनावश्यक रुपमा टिकट खर्च गरिने प्रकृयालाई बन्द गरिएको र ०६२।१०।१८ देखि उच्च प्रविधियुक्त कम्प्यूटर सफ्टवेयर जडान एवं नेट वर्किङ्ग गरी अस्पतालको प्रत्येक विभाग एवं युनिटमा बुझिने रकम स्वतः लेखाको अभिलेखमा आउने र आधिकारिक व्यक्ति वाहेक अरु कसैले अभिलेखमा परिवर्तन गर्न नसकिने गरि सफ्टवेयरमै सुरक्षाको व्यवस्था गरेको भनी लेखी आएको

हुँदा यस विषयको उजुरीलाई आयोगको मिति २०६२/१२/२ को निर्णयानुसार तामेलीमा राखिएको ।

४५. प्रस्तावित विराटनगर रंगशालाको लागि जग्गा खरिद गर्दा अनियमितता भयो भन्ने सम्वन्धमा अनुसन्धान हुँदा उक्त रङ्गशालाका लागि जग्गा खरीद गर्न वोलपत्र आव्हान भएको तथा वोलपत्रमा उल्लेखित शर्त अनुसार वाटो भए-नभएको विषयमा स्थलगत निरीक्षण प्रतिवेदनवाट रंगशाला प्रवेशका लागि शर्त अनुरुपको वाटो रहेको देखिंदा प्रस्तावित रंगशालाको लागि जग्गा खरिद गर्दा प्रचलित कानूनी प्रक्रिया अनुरुप नै भए गरेको देखिएकोले प्रस्तुत फाईल आयोगको मिति २०६२/१२/९ को निर्णयानुसार तामेलीमा राखिएको ।

४६. नेपाल टेलिभिजनका महाप्रबन्धक दुर्गानाथ शर्माले "**अपराध**" टेलिसिरीयल बनाउन सो टेलिसिरियलका निर्माता अशोक शर्मालाई अनियमित तवरले पेश्कि दिएको, का.मु.मुकरर गरेको कर्मचारी नियुक्ति गरेको तथा अनियमित तवरबाट डिजिटल स्याटेलाईट न्यूज ग्यादरिङ खरिद गरी भ्रष्टाचार गरे भन्ने उजुरी उपर अनुसन्धान हुँदा "**अपराध**" टेलिफिल्म निर्माण कम्पनी फिल्म वर्ल्डका तर्फबाट संस्थानमा बैंक ग्यारेन्टी पेश भए पश्चात नै सम्वन्धित निर्माण कम्पनीलाई पेश्की दिने भनी नेपाल टेलिभिजनबाट निर्णय भएको देखिंदा सो कार्य नेपाल टेलिभिजन आर्थिक विनियमावली,२०५८ को विनियम ३८ को अनुकुल नै रहेको, डिजिटल स्याटेलाईट न्यूज ग्यादरिङ उपकरण खरीद कार्य नेपाल टेलिभिजन आर्थिक विनियमावली, २०५८ मा उल्लेख भएका प्रावधान वमोजिम नै भएको पाईएको, अन द जब ट्रेनिङ्गमा कर्मचारी नियुक्ति गर्दा नेपाल टेलिभिजन संस्थान (कर्मचारी सेवा शर्त) विनियमावली, २०५५ मा उल्लेखित प्रकृया (बिज्ञापन, लिखित परिक्षा, अन्तवार्ता आदि) वमोजिम नै नियुक्ती गरेको देखिएको तथा संस्थानको संचालक समितिको मिति २०५७५।२८ को प्रत्यायोजित अधिकार अन्तर्गत रही महाप्रवन्धकबाट मिति २०६१।१।२९ मा दशौ तहमा तीन (३) जनालाई का.मु. मुकरर गरेको देखिएको हुँदा प्रस्तुत उजुरी सम्वन्धी फाइललाई आयोगको मिति २०६२/१२/१० को निर्णयानुसार तामेलीमा राखिएको ।

४७. कृषि सामाग्री कंपनि लिमिटेडले ४८०० मे.टन डी.ए.पी. मल खरीद गर्दा सि.एफ.आर. इण्डिया मूल्य प्रति मेट्रिक टन २०० डलर देखि २०२ तथा वोरा प्याकिङ्ग गर्दा विमा तथा अन्य खर्च गरी जम्मा ३०-३५ डलर थप भै प्रति मेट्रिक टन २३७ डलर मात्र खरीद मूल्य हुनु पर्नेमा २५७ डलर खरीद मूल्य तोकी प्रति मे.टन २० डलर भ्रष्टाचार गरेकाले छानवीन गरी पाउँ भन्ने उजूर उपर अनुसन्धान हुँदा यस विषयमा २०६० सालमा कृषि सामग्री कंपनी आफैंले छानविन समिति गठन गराई सकेको र सोही सालमा कृषि तथा सहकारी मन्त्रालयबाट उच्चस्तरीय छानवीन समिति गठन भै सो समितिले समेत छानविन गरी पेश गरेको प्रतिवेदनमा सामान्य प्रशासनिक त्रुटि वाहेक अन्य अनियमितता नभएको भन्ने उल्लेख भएको देखिएको र आयोगबाट छानविन गर्दा समेत उक्त ४८०० मेट्रिक टन डी.ए.पी. को खरीद प्रकृया कृषि सामग्री कम्पनी लि. को आर्थिक प्रशासन विनियमावली २०५९ को परिधि भित्रै देखिंदा प्रस्तुत उजुरीलाई आयोगको मिति २०६२/१२/१४ को निर्णयानुसार तामेलीमा राखिएको ।

४८. जिल्ला बन कार्यालय, चितवनले काठ दाउरा उठाई लैजान ठेकेदारलाई म्याद थप गर्दा लिनु पर्ने हर्जाना नलिए वापत महालेखा परिक्षकको विभागबाट कायम भएको बेरुजु सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला बन कार्यालय चितवनले आ.व. ०५९/०६० मा रौनक स मिलका ठेकेदारबाट समयमै काठ उठाउन नसके वापत म्याद थप गर्दा प्रचलित कानून बमोजिमको हर्जाना असूल

नगरी म्याद थप गरिदिएकोमा महालेखा परिक्षकको विभागबाट कायम भएको बेरुजु रु.४,०१,०५०।३२ मध्ये रु. २,२१,०५६।- असूल भएको देखिन आएको र बांकी रकम असूलीका लागि प्रक्रिया जारी रहेको पाइएकोले उक्त बेरुजु रकम कानून बमोजिम अधिकार प्राप्त निकाय तथा अधिकारीहरुबाट असूली हुने हुंदा प्रस्तुत मिसिललाई आयोगको मिति २०६३/१/३ को निर्णयानुसार तामेलीमा राखिएको ।

४९. त्रिनगर माध्यमिक बिद्यालय, धनगढी, कैलालीको नाममा रहेको कित्ता नं. ६४३ को १८ कठ्ठा ११ धूर जग्गा मध्ये केहि जग्गा विभिन्न व्यक्तिहरुले अतिकमण गरी उपभोग गरिरहेको भन्ने समेतको उजुरी निवेदन उपर अनुसन्धान हुँदा उक्त विद्यालयको नाममा रहेको कित्ता नं. ६४३ को १८ कठ्ठा ११ धूर जग्गा मध्ये केहि जग्गा विभिन्न व्यक्तिहरुले अतिकमण गरी घर, टहरा निर्माण समेत गरेको देखिएतापनि अतिक्रमित जग्गावाट अतिक्रमणकारीहरुलाई हटाउन जिल्ला प्रशासन कार्यालय, कैलालीवाट आवश्यक कारवाही भैरहेको देखिंदा प्रस्तुत उजुरीलाई आयोगको मिति २०६३/१/६ को निर्णयानुसार तामेलीमा राखिएको ।

५०. जि.वि.स., धादिङका कर्मचारी समेतको मिलेमतोमा खानेपानी योजनामा भ्रष्टाचार भयो भन्ने विषयको उजुरी उपर अनुसन्धानको सिलसिलामा आयोगले खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धादिङवाट जि.वि.स. को प्राविधिक समेत लिई स्थलगत निरिक्षण गरी नापजाँच एवं मूल्यांकन गराउदा स्वीकृत ल.ई. वमोजिम काम भएको देखिन आएको हुँदा उक्त उजुरी आयोगको मिति २०६३/१/६ को निर्णयानुसार तामेलीमा राखिएको ।

५१. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका अधिकृत कविराज डा.सुचितकुमार शर्माले कार्यालयको काम तथा गोष्ठी सेमिनारमा काठमाण्डौ आयुर्वेद विभाग जाने भनी २०६१ साल श्रावण महिनामा सात दिनभन्दा बढी अवधिको काज आफैले स्वीकृत गरी अनियमितता गरे भनी परेको उजूरीको सम्बन्धमा आयोगमा छलफल हुँदा जिल्ला भित्र भ्रमण गर्दा सात दिन सम्मको लागि जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र प्रमुख आफैले काज स्वीकृत गर्न सक्ने र त्यसको जानकारी विभागलाई दिनु पर्ने भन्ने आयुर्वेद विभागको परिपत्र विपरित अधिकृत कविराज डा.सुचितकुमार शर्माले कार्यालयको काम तथा गोष्ठी सेमिनारमा काठमाण्डौ आयुर्वेद विभाग जाने भनी २०६१ साल श्रावण महिनामा सात दिनभन्दा बढी अवधिको काज आफैले स्वीकृत गरेको प्रारम्भिक छानविनबाट देखिन आएकोले निजलाई अनुचित कार्य गरेको आरोपमा विभागीय कारवाई किन नगर्ने भनी स्पष्टीकरण माग गर्ने आयोगको मिति २०६२।५।५ को निर्णय अनुसार स्पष्टीकरण माग गरिएकोमा निजले उक्त अवधिको काज विभागबाट स्वीकृत भएको भनी स्पष्टीकरण दिएको र सो सम्बन्धमा आयुर्वेद विभाग बुझ्दा विभागको २०६१।४।११ को निर्णय अनुसार उक्त अवधिको काज स्वीकृत भएको देखिन आएकोले निज उपरको उजुरीलाई आयोगको मिति २०६३/१/६ को निर्णयानुसार तामेलीमा राखिएको ।

५२. काठमाडौं जिल्ला थानकोट (वाड भञ्ज्याङ) वडा नं. ३ का कि.नं. १ क्षेत्रफल १४-२-०-० को मेरो हक भोगको जग्गा मालपोत कार्यालय काठमाडौंका कर्मचारी समेतको मिलेमतोमा प्रेम बहादुर बस्नेतको नाममा दर्ता गरे भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान हुँदा उक्त जग्गाको २०३८ सालमा नै दर्ता लगायतका कार्यहरु भै हाल विभिन्न व्यक्तिको नाममा कित्ता काट समेत भैसकेको अवस्थामा हाल उक्त जग्गाको दर्ता वदर हक कायम गर्ने लगायतका विभिन्न विषयमा काठमाडौं जिल्ला अदालतमा फिराद परी अदालतबाट रोक्का राखी कारवाही भै

रहेको समेत देखिन आएकोले प्रस्तुत उजूरीलाई आयोगको मिति २०६३/१/१८ को निर्णयानुसार तामेलीमा राखिएको ।

५३. क्षेत्रीय पशु सेवा निर्देशनालय विराटनगरका प्रमुख डा. नवल किसोर यादव र लेखापाल ठाकुर प्रसाद चापागाईले गरिवी निवारण व्यवसाय उन्मुख वाखापालन कार्यक्रम अन्तर्गतको विडवन्ड तथा परफरमेन्स वण्ड वापतको रकम जफत गर्नुपर्नेमा सो नगरी फिर्ता दिएको विषयमा परेको उजूरी उपर अनुसन्धान हुँदा आयोगमा उजूरी परे पश्चात निज डा. नवल किशोर यादव र लेखपाल ठाकुर प्रसाद चापागाईले महालेखा परीक्षकको वेरुजु समेत भएको रकम रु.३,७२,०००।- मलेप वेरुजु दाखिल गरी महालेखा परीक्षकको विभागबाट संपरीक्षण समेत भएको भन्ने जानकारी प्राप्त हुन आएको हुँदा आयोगको मिति मिति २०६३/१/१८ को निर्णयानुसार प्रस्तुत अनुसन्धानलाई तामेलीमा राखिएको ।

५४. कृषि सामग्री कम्पनी लिमिटेडका शाखा अधिकृत जय चन्द्र कुमारले सेवा प्रवेशका लागि पेश गरेको वी.कम.तहको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान हुँदा निज जय चन्द्र कुमारले विहार विश्वविद्यालय, मुजफ्फरपुरबाट सन् १९७० डिसेम्वरमा वी.कम.परीक्षा उत्तिर्ण गरेको शैक्षिक प्रमाणपत्र प्रमाणीकरण गर्न पठाउंदा वावासाहेव भिमराव अम्वेडकर विश्वविद्यालय मुजफ्फरपुरको दिनांक १०।४।२००६ को पत्र त्रिभुवन विश्वविद्यालय शिक्षाध्यक्षको कार्यालयको मिति २०६३।१।१७ को पत्रसाथ प्राप्त भएको र सो पत्रानुसार निजको वी.कम. तहको प्रमाणपत्र प्रमाणीकरण हुंदा सही देखिएकोले प्रस्तुत अनुसन्धान फाइललाई आयोगको मिति २०६३/२/८ को निर्णयानुसार तामेलीमा राखिएको ।

५५. पूर्वाञ्चल विश्वविद्यालय, विज्ञान तथा प्रविधि संकायका सह-डीन राजेश कुमार झाले सेवा प्रवेशका लागि पेश गरेको नागपुर विश्वविद्यालयबाट सन् १९९६ मा उत्तिर्ण गरेको वी.ई. ( कम्प्युटर टेक्नोलोजी) तहको शैक्षिक योग्यताको प्रमाणपत्र प्रमाणीकरण गर्न पठाउंदा नागपुर विश्वविद्यालयको दिनांक १०।१।२००५ को पत्र त्रिभुवन विश्वविद्यालय शिक्षाध्यक्षको कार्यालयको मिति २०६१।१०।२८ को पत्रसाथ प्राप्त भएको र सो पत्रानुसार निजको वी.ई. तहको प्रमाणपत्र प्रमाणीकरण हुंदा सही देखिएको व्यहोरा आयोगमा प्राप्त हुन आएकोले प्रस्तुत फाइललाई आयोगको मिति २०६३/२/८ को निर्णयानुसार तामेलीमा राखिएको ।

५६. गुम्वा व्यवस्था तथा विकास समितिका सदस्य सचिव डीमा तेण्डुप शेर्पाले संचालक समितिले स्वीकृत नगरेको दरवन्दीमा आफू खुशी उपसचिव पदमा कर्मचारी नियुक्ति गरेका, संचालक समितिको निर्णय वेगर कम्प्यूटर लगायतका मेशिन तथा सामानहरु खरीद गरेका, एउटा शीर्षक अन्तर्गत खर्च गर्न छुट्याइएको रकम समितिको निर्णय वेगर अर्कै शीर्षकमा खर्च गरेका, समितिले निर्णय गरेका गुम्वाहरुलाई मर्मत संभारको रकम नदिई अन्य गुम्वाहरुलाई दिई भ्रष्टाचार गरे भन्ने सम्वन्धमा अनुसन्धान हुँदा गुम्वा व्यवस्था तथा विकास समितिका सदस्य सचिव डीमा तेण्डुप शेर्पाले प्रक्रिया नै पूरा नगरी मणिराज गुरुङको निवेदनकै आधारमा कार्यक्रम संयोजक (रा.प.द्वितिय सरह) को तलव भत्ता खाने गरी उप-सचिव पदमा अस्थायी नियुक्ति गरी म्याद थप समेत गरेको कार्य कानून सम्मत नदेखिंदा निज मणिराज गुरुङको नियुक्ति रद्द गर्न स्थानीय विकास मन्त्रालयका सचिवलाई लेखी पठाइएको तथा उजुरीमा उल्लेखित अन्य विषयमा वेरीतसंग काम गरेको पुष्टि नभएको र हाल सदस्य सचिव डीमा तेण्डुप शेर्पाको नियुक्ति रद्द

भईसकेको अवस्था देखिंदा प्रस्तुत मिसिललाई आयोगको मिति २०६३/२/९ को निर्णयानुसार तामेलीमा राखिएको ।

५७. राष्ट्रिय खेलकुद परिषदका एथलेटिक्स प्रशिक्षक विक्रम जंग थापाले भारतको माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेशबाट सन् १९८२ मा उत्तीर्ण गरेका भनिएको इन्टरमिडियट तहको शैक्षिक योग्यताका प्रमाणपत्रहरु अनुसन्धान हुँदा सम्वन्धित वोर्डवाट पहिले "सि.पी. सूचि मे रुका है" भनी लेखिआएको र पुनः प्रमाणिकरण भई आउँदा "पुरक परीक्षा पास पुष्टि कि जाता है" भनी लेखि आएको देखिंदा प्रस्तुत विषयको उजुरी आयोगको मिति २०६३/२/९ को निर्णयानुसार तामेलीमा राखिएको ।

५८. नापी शाखा, वांकेका नापी निरीक्षक समेतको मिलेमतोमा नक्सामा हेरफेर गरी जग्गा बढाई दर्ता गरी भ्रष्टाचार गरे भन्ने सम्वन्धमा अनुसन्धान हुँदा सर्भेक्षक कल्याण राज के.सी. को मिति ०६१।११।९ गते आफ्नो कालगतिले मृत्यू भएको तथा तत्कालिन निरीक्षक मोहम्मद सलिम राइन उपर कित्ताहरु थपघट गरिएको विषयमा मुद्दा चलाउने भनि मिति ०६२।१२।२५ मा निर्णय भएको तथा अमिन राम सिंहासनको हकमा निज ट्रायल चेक हुंदाका अवस्थामा उक्त फाँट वुझी लिने अमिन भएतापनि निजले नै नक्साको क्षेत्रफल वढाएको भन्ने पुष्टि नभएको, निज कसूरमा इन्कार रहेका र पुनः भएको नापीमा उक्त कि.नं. १७ को जग्गाको क्षेत्रफल सच्चिई सकेको हुँदा प्रस्तुत विषयको उजुरी फाइललाई आयोगको मिति २०६३/२/१० को निर्णयानुसार तामेलीमा राखिएको ।

५९. धनुषा जिल्ला विकास समितिले अनियमित तरिकाबाट देव नारायण पण्डित र ज्ञानेन्द्र देवलाई ओभरसियर पदमा नियुक्त गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा उजूरी निवेदन मर्का परेको व्यक्तिवाट परेको नदेखिनुका साथै भ्रष्टाचारजन्य कसूर भएको भन्ने आधार समेत नभएको र संस्थागत निर्णयका आधारमा स्थायी नियुक्ती गरेको देखिएबाट प्रस्तुत उजूरीलाई आयोगको मिति २०६३/२/११ को निर्णयानुसार तामेलीमा राखिएको ।

६०. उदयपुर सिमेन्ट उद्योग लिमिटेडमा जुनियर माइनिङ मेट तह ३ पदमा कार्यरत त्रिविक्रम ज्ञवालीको शैक्षिक योग्यताको प्रमाणपत्र छानवीनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी सो संस्थाको छानवीन समितिको प्रतिवेदन प्राप्त भई निजको नामको शैक्षिक योग्यताको प्रमाणपत्र माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश, क्षेत्रिय कार्यालय वाराणसीमा प्रमाणीकरणको लागि पठाउंदा दिनांक २६।०६।२००२ र २९।११।२००५ को पत्रवाट "अनुक्रमांक गलत है", "अनुक्रमांक अनुपलव्ध" भनी लेखी आए पछि पुनः प्रमाणीकरणको लागि पठाउंदा उक्त प्रमाणपत्र सही भनि आएकोले प्रस्तुत अनुसन्धान फाईललाई आयोगको मिति २०६३/२/१६ को निर्णयानुसार तामेलीमा राखिएको ।

६१. नेपाल बैंक लिमिटेड फिदिम पाँचथरका तत्कालीन प्रबन्धक महेन्द्र नारायण राजभण्डारी र जे.टि.ए. हरिदेव शाहले ऋण कारोबार गर्दा ऋणीसंग कमीशन लिई भ्रष्टाचार गरे भन्ने उजूरी उपर अनुसन्धान हुँदा पाँचथर जिल्ला प्रशासन कार्यालयले बैंक कर्मचारीलाई घूस सहित पक्राउ गरेको नदेखिएको, वयान दिने ऋणीहरुको भनाईमा कर्मचारीले घूस खाएको भनी उल्लेख नगरेको, पछि फिर्ता दिने मिलाउने विश्वासमा रकम जे.टि.ए. हरिदेव शाहलाई छाडि दिएको भनी उल्लेख गरेको, निवेदन दिने ऋणीहरुले नै जे.टि.ए. साहसंग कुरा मिली सक्यो, त्यसैले कारवाही नगरियोस भनी कारवाही फिर्ताको निवेदन दिएको, ऋणीहरुलाई तमसुकमा उल्लेखित रकम बराबर कै रकम भौचरबाट भुक्तानी दिएको समेत देखिएको अवस्थामा प्रस्तुत कारोबारबाट

कमिशन खाएको र घूस लिएको तथ्य प्रमाणवाट पुष्टि हुन नसकेको र बैंकलाई गैर कानूनी हानि नोक्सानी पुऱ्याएको प्रमाण समेत नदेखिएकोले उक्त विषयको अनुसन्धान फाइललाई आयोगको मिति २०६३/२/२८ को निर्णयानुसार तामेलीमा राखिएको ।

६२. राष्ट्रिय बाणिज्य बैंक, बालाजु शाखाबाट नेपाल पोलिथिन एण्ड प्लाष्टिक इन्डस्ट्रिज प्रा.लि. मा कर्जा लगानी गर्दा बैंकका तत्कालीन प्रवन्धक महेन्द्रनाथ कर्माचार्यले सुरक्षण वापतको अचल सम्पत्ति धितो नराखी कर्जा प्रवाह गरेकोले कारवाही गरी पाउं भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा राष्ट्रिय वाणिज्य बैंक बालाजु शाखाका तत्कालीन प्रवन्धक महेन्द्रनाथ कर्माचार्यको कार्यकालमा नेपाल पोलिथिन एण्ड प्लाष्टिक ई. प्रा.लि. बालाजुमा कर्जा लगानी गर्दा निजले उक्त प्रा.लि.लाई रु.४५ लाख र रु.२२ लाख छुट्टाछुट्टै ओ.डि.कर्जा लगानी गरेको र दुवै कर्जाका लागि धितो सुरक्षण समेत लिएको देखिएको, रु.४५ लाख कर्जा चुक्ता गरी धितो फुकुवा गरेको र रु.२२ लाख कर्जाका लागि सांवा कर्जा सुरक्षित रहने जग्गा धितो सुरक्षणको रुपमा लिएको देखिएको र पुरानो धितो कर्जा प्रक्रिया बमोजिम नविकरण मात्रै गरेको देखिएकोले निज कर्माचार्यले गरेको कर्जा लगानीबाट बैंकलाई हानी नोक्सानी पुऱ्याएको नदेखिएकोले प्रस्तुत विषयको अनुसन्धान फाईललाई आयोगको मिति २०६३/२/२८ को निर्णयानुसार तामेलीमा राखिएको ।

६३. लुम्बिनी अञ्चल, कपिलवस्तु जिल्ला, कृष्णनगर स्थित महालक्ष्मी सुगरमिललाई राष्ट्रिय बाणिज्य बैंकको नेतृत्वमा गरिएको कन्सोर्टियम कर्जा लगानीमा अनियमितता भएको भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा महालक्ष्मी सुगरमिललाई दिएको कर्जाका लागि परियोजनाको सम्पूर्ण चल अचल सम्पत्ति र महालक्ष्मी सुगरमिलको आफ्नै स्वामित्वमा रहेको उद्योग क्षेत्रको ७७ विगाहा भन्दा बढी धितो सुरक्षणको रुपमा रहेको समेत देखिएबाट बैंकको सांवा कर्जा रकम धितोले खाम्ने देखिंदा सोवाट वैंकहरुले प्रचलित कानून वमोजिम आफ्नो लेना असुल गर्न सक्ने हुंदा प्रस्तुत विषयको फाईललाई आयोगको मिति २०६३/२/२८ को निर्णयानुसार तामेलीमा राखिएको ।

६४. नेपाल टेलिभिजन कर्मचारी सेवा शर्त विनियमावली, २०५५ बमोजिम विभागीय प्रमुखमा मात्र कायम मुकायम मुकरर गर्न सकिने व्यवस्थाको विपरित नेपाल टेलिभिजन व्यवस्थापनले गलत विवरण पेश गरी आफ्ना मन पर्ने मानिसहरुलाई नवौं तहबाट दशौं तहमा का.मु.मुकरर गरेकोले छानविन गरी कारवाही गरी पाउँ भन्ने व्यहोराको उजुरी उपर अनुसन्धान हुँदा कार्यालय प्रमुख र विभागीय प्रमुखको पदमा मात्र का.मु.मुकरर गर्न पाइने कानूनी व्यवस्था विपरित विभागीय प्रमुख सरह कै हैसियत भएको "विज्ञ" को दर्जा भन्ने उल्लेख गरी ९ तहबाट १० तहमा का.मु.मुकरर गरेको कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को (क) र (ख) बमोजिमको अनुचित कार्य भएको एवं नेपाल टेलिभिजन कर्मचारी विनियमावली, २०५५ को विनियम १४१ विपरित कार्य भएको देखिन आएकोले नेपाल टेलिभिजनका तत्कालीन महाप्रवन्धक दुर्गानाथ शर्मालाई सोही विनियमावलीको विनियम १४७ (क) को कसुरमा सोही विनियमावलीको विनियम १४६ (क) (१) बमोजिमको सजायँ गर्नु पर्ने देखिएता पनि निज सेवा अवधीको हदबाट मिति २०६२।५।२९ देखि सेवा निबृत्त भई सकेको र का.मु.मुकरर गरिएका कर्मचारीहरुको का.मु.मुकरर समेत बदर भै सकेको देखिँदा प्रस्तुत फाईललाई आयोगको मिति २०६३/३/१ को निर्णयानुसार तामेलीमा राखिएको ।

६५. कृषि सामग्री कम्पनी लिमिटेड, प्रधान कार्यालय, टेकु अन्तर्गत शाखा कार्यालय, नवलपरासीका का.मु. शाखा प्रवन्धक विश्वेश्वरलाल कर्णको माध्यमिक तहको प्रमाणपत्र सम्वन्धमा अनुसन्धान हुदा निज कर्णको माध्यमिक तहको उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुर मार्फत सम्बन्धित शैक्षिक संस्था भारतको विहार विद्यालय, परीक्षा समिति, पटनामा प्रमाणिकरण गर्न पठाउँदा "समिति अभिलेख के वर्णित कोड एवं क्रमाङ्क मे  दूसरे  छात्रकी प्रविष्टी है । प्रमाणपत्र सही नही है" भनी लेखी आएकोले निजको सक्कल प्रमाणपत्र झिकाई अनुसन्धान गर्दा क्रमाङ्क ०२१५ लेखी पठाउनु पर्नेमा प्रमाणपत्रको फोटोकपीमा क्रमाङ्क स्पष्ट नभएको कारण ०२१७ लेखी पठाएकोले सो क्रमाङ्कमा "दूसरे छात्रकी प्रविष्टी है" भनी लेखी आएकोले ०२१५ क्रमाङ्क राखी पुनः प्रमाणीकरणको लागि पठाउँदा विहार विद्यालय परीक्षा समिति पटनाको पत्राङ्क नि. ६०१८ दिनाङ्क १६।०७।२००५ को पत्रको बिवरणमा बिश्वेश्वरलाल कर्णले ४२३ द्वितीय श्रेणीमा उत्तीर्ण गरेको भनी उल्लेख भई आएको वावुको नाम लगायत अन्य व्यहोरा पनि मिलेरै आएको हुँदा निजको उल्लिखित शैक्षिक प्रमाणपत्र छानविन कार्य आयोगको मिति २०६३/३/५ को निर्णयानुसार तामेलीमा राखिएको ।

६६. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा बिभागले दुईं विदेशी कम्पनीबाट विषादी तथा औषधि खरिद गरी प्रतीतपत्रको माध्यमबाट रु. ५ करोड ७८ लाख २६ हजार भुक्तानी दिएको छ । आपूर्तिकर्तासंग सम्झौता गर्दा निजलाइं आयकर नलाग्ने व्यहोरा सम्झौताको दफा ७ मा उल्लेख गरेको छ । यो सम्झौता अर्थ मन्त्रालयसंग सहमति नलिई भएकोले अग्रिम आयकर रु. ८ लाख ६८ हजार छूट हुन गएको देखियो । विषादी आपूर्ति गर्ने एक आपूर्तिकर्तालाइं निजले भन्सार बिन्दूमा तिरेको भन्सार महसुल र मूल्य अभिवृद्धि कर रु. ६ लाख ७३ हजार फिर्ता दिएको छ । अर्थ मन्त्रालयको २०५९।१२।१४ को निर्णय अनुसार विषादी आपूर्ति गर्दा भन्सार महसुल र मूल्य अभिवृद्धि कर छूट दिन नमिल्ने उल्लेख भएकोमा सम्झौताको दफा २७ अनुसार नेपालमा तिरेको कर फिर्ता दिएको छ । कर छूट दिने वा लागेको कर फिर्ता दिने विषयमा नेपाल सरकारबाट निर्णय हुनुपर्नेमा अर्थ मन्त्रालयको सहमति बेगर महानिर्देशकको २०६०।१।२२ र २०६०।६।२२ को निर्णयबाट फिर्ता दिएको  देखियो । साथै औषधि आपूर्ति गर्ने दुईं स्वदेशी फर्मलाई आयकर ऐन, २०५८ बमोजिम अर्थ मन्त्रालयको स्वीकृति बेगर भन्सार बिन्दूमा लागेको कर रु.२ लाख २२ हजार समेत फिर्ता दिएको छ भन्ने महालेखा परीक्षकको बिभागको बार्षिक प्रतिवेदन २०६१ को बेरुजू व्यहोरा उपर प्रारम्भिक अनुसन्धान हुँदा नेपालमा लाग्ने सम्पूर्ण करको दायित्व आपूर्तिकर्तामा नपर्ने गरी वोलपत्र आव्हान र सम्झौता गरिएको हुँदा भन्सार महसुल र मूल्य अभिवृद्धि कर भुक्तानी गर्ने दायित्व स्वास्थ्य सेवा विभागमा पर्न आएको देखिएतापनि स्वास्थ्य सेवा विभागवाट वोलपत्र आव्हानको सूचना प्रकाशन गर्दा र सम्झौता गर्दा "खरिद कर्ताको मुलुकमा लाग्ने कर नियमानुसार मिन्हा गरिने वा कर वापत तिरेको रकमको सोध भर्ना विभागवाट दिने" भनी राखिएको प्रावधान अर्थ मन्त्रालयको सहमती वेगर राखिएको देखिएकोले अर्थ मन्त्रालयको सहमती लिएर मात्र यस्तो प्रावधान राख्ने व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव समक्ष मिति २०६३।१।२८ मा लेखी पठाई सकेकोले प्रस्तुत विषयको फाइललाई आयोगको मिति २०६३/३/९ को निर्णयानुसार तामेलीमा राखिएको ।

६७. खानी तथा भूगर्भ विभागका महानिर्देशक र पेट्रोलियम अन्वेषण परियोजनाका प्रमुखले पेट्रोलियम अन्वेषण कार्य गर्न अमेरिकाको टेक्साना रिसोर्सेज कम्पनीसंग भएको पेट्रोलियम सम्झौता विपरीत कामै नगरी सात वर्ष सम्म क्षेत्र मात्र ओगटेर वस्ने कम्पनीलाई कुनै कारवाही अगाडि

नवढाएको, निर्णयकर्ताहरुलाई प्रलोभनमा पारी भू-वहाल कर मिनाहा वा थपघट भएको हुन सक्ने, सम्झौतामा फोर्स मेजर लागु भएको अवधिमा सरकारलाई तिर्नु पर्ने भू वहाल रकम वारे केही उल्लेख नहुँदा सरकारलाई स्वभाविक रुपमा तिर्नु पर्ने, दोस्रो आन्तरिक मेमोमा छैठौं विड राउण्डमा पेट्रोलियम अन्वेषणको लागि कुनै पेट्रोलियम सम्झौता गरेको खण्डमा फोर्स मेजर हटाउने प्रावधान राखिएतापनि केर्न इनर्जीसंग सभ्झौता गर्दा पनि सो कम्पनीले फोर्स मेजर नहटाउँदा पनि कुनै कारवाही नगरेको भन्ने समेत विषयका उजूरीहरु उपर अनुसन्धान हुँदा टेक्साना रिसोर्सेज कम्पनीसंग भएको पेट्रोलियम सम्झौताको दफा ७२ (१) मा फोर्स मेजरको कारण यस सम्झौताको कुनै शर्त र वन्देज पालना गर्न सम्वन्धित पक्ष असफल भएको नमानिने भई नेपला सरकार (मन्त्रीस्तर) को निर्णय वमोजिम मिति २०६०।३।२० को मेमोर्यान्डम अफ अन्डरस्ट्यान्डिङमा फोर्स मेजरको अवधि घटाएर मात्र कम्पनीले भू वहाल तिर्नुपर्ने प्रावधान राखेको र आरोपित कसूर प्रमाणित हुन सक्ने अवस्था नदेखिंदा आयोगको मिति २०६३/३/२० को निर्णयानुसार तामेलीमा राखिएको ।

६८. हेटौंडा सिमेन्ट उद्योगमा भएको अनियमितता सम्वन्धमा अनुसन्धान हुँदा हेटौंडा सिमेन्ट उद्योगवाट चून ढुंगाका ४ वटा नमूनाका लागि उदयपुर सिमेन्ट उद्योगमा परीक्षण गर्दा दुइवटा नमूनामा ४२% भन्दा कम क्याल्सीयम अक्साइड देखिएतापनि अर्का दुइवटा नमूनामा ४३.१६%, ४४.८३% चून ढुंगामा क्याल्सीयम अक्साइड भएको भन्ने मिति ०६२।२।७ को प्रतिवेदनवाट देखिंदा उद्योगमा प्रयोग गरीएको सम्पूर्ण चून ढुंगानै कम गुणस्तर भन्ने नदेखिएको तथा क्षेत्रीय प्रशासन कार्यालय, हेटौंडाबाट खटाइएका अनुसन्धान अधिकृत समेतले यस्तो कुरामा अनियमित तथा भ्रष्टाचारजनित कार्य भयो भनी खुलाउन नसकेका, आ.ब.०५९।६० को महालेखा परीक्षकको विभागबाट देखाइएका टिप्पणीहरु उपर हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको मिति २०६३।३।९ को पत्रमा महालेखा परीक्षकको विभागबाट प्राप्त सो पत्र यस उद्योगको संचालक समितिको अध्यक्ष समक्ष पेश भई प्राप्त निर्देशन वमोजिम खर्च न्यूनिकरण गर्ने, पेश्की असूल फछ्र्यौटका लागि तर ताकेता गर्ने लगायत आवश्यक सवै सुधारका प्रयासहरु भई रहेको भन्ने जवाफ प्राप्त भएको सन्दर्भमा प्रस्तुत विषयको फाइललाई आयोगको मिति २०६३/३/२१ को निर्णयानुसार तामेलीमा राखिएको ।

६९. १० वटा कोरियन के.आई.ए. गाडी खरीद गर्दा प्रति गाडीको रु.७ लाख बढी मूल्यमा खरीद गरी रु.७० लाख र कमिशनबाट प्राप्त २ वटा गाडी समेत गरी रु. १ करोड १४ लाख भ्रष्टाचार गरेको भन्ने उजूरी उपर अनुसन्धान हुँदा नेपाल राष्ट्र बैंकले १० थान कोरियन के.आई.ए. स्पार्टेज जीप खरीद गर्न गोरखापत्र दैनिकमा मिति २०५९।३।५ मा प्रकाशित ३५ दिने सूचना अनुसार कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेजको एक मात्र बोलपत्र पेश हुन आएको, सो यथावत कायम राखी पुनः १८ दिने सूचना प्रकाशित गर्दा पनि अन्य बोलपत्र पर्न नआएकोले पर्न आएको १ मात्र बोलपत्रको प्राविधिक प्रस्ताव खोल्दा “बैंकले माग गरेको स्पेसिफिकेसन अनुरुप नै भएकोले” आर्थिक प्रस्ताव खोल्दा दक्षिण कोरियाको के.आई.ए. मोटर कम्पनी द्वारा उत्पादित २००० सि.सि.को स्पोर्टेज वागन जीपको भ्याट समेत मूल्य रु.२९.५० लाख उल्लेख भएकोमा नेपाल राष्ट्र बैंकबाट मिति २०५९।६।१७ मा आपूर्तिकर्तालाई बोलपत्रमा उल्लेखित मूल्यमा बिशेष छूटको लागि अनुरोध गर्दा प्रति गाडी रु.२५,०००।- कम गर्न सहमत भएको देखियो । साथै के.आई.ए. स्पार्टेज जीपहरु अन्य ग्राहकहरुलाई पनि रु.२८ लाख प्रति गोटाका दरले बिक्री गरेको पाइएबाट नेपाल राष्ट्र बैंकले कोरियन के.आई.ए. स्पार्टेज जीप खरीद गर्दा अनियमितता गरेको

भन्ने आधार प्रमाण फेला नपरेको हुंदा प्रस्तुत उजूरीको फाइल आयोगको मिति २०६३/३/२२ को निर्णयानुसार तामेलीमा राखिएको ।

सम्पत्ति न्यायिक जांचबुझ आयोग, २०५८ को प्रतिवेदनमा वैध आयश्रोत भन्दा बढी सम्पत्ति भएकोले छानवीन हुनु पर्ने भनिएका तथा आयोगलाई अन्य स्रोतबाट प्राप्त भएका जानकारी एवं उजुरीहरु समेतबाट गैर कानूनी रुपमा सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक जीवनस्तर व्यतित गरिरहेका भनिएका देहायका व्यक्तिहरुको सम्पत्ति तथा त्यसको श्रोत सम्बन्धमा छानवीन गर्न आयोगबाट विभिन्न मितिमा विभिन्न अधिकृत खटाईयो । राष्ट्र सेवकले पेश गरेको सम्पत्ति विवरण अमिल्दो र अस्वाभाविक देखिएमा वा मनासिव कारण विना अमिल्दो र अस्वाभाविक जीवन स्तर यापन गरेमा वा आफ्नो हैसियत भन्दा बढी दान दातव्य दिएकोमा त्यस्तो सम्पत्तिको श्रोत निजले नै प्रमाणित गर्नु पर्नेछ भन्ने भ्रष्टाचार निवारण ऐनको व्यवस्थाको मर्मलाई समेत ध्यानमा राखी छानविन गर्दा निजहरुले सगोलको सम्पत्तिबाट बढे बढाएको, अंश वापत प्राप्त गरेको, दान, दातव्य, दाइजो, पेवा, उपहार, कृषि आय, घर बहाल, आफ्नो तथा परिवारका अन्य सदस्यहरुको पारिश्रमिक, विदेशमा सभा, सम्मेलन, गोष्ठी, तालिम, अध्ययनमा भाग लिई वा काम गरी बचत गरी ल्याएको रकम आदि आम्दानीका वैध श्रोतबाट प्राप्त रकमको अनुपातमा निजहरुले आर्जन गरेको चल अचल सम्पत्ति तथा अन्य खर्चहरु समेतको हिसाब गर्दा निजहरुको श्रोत खुलेको आयको तुलनामा अनुसन्धानबाट खुल्न आए सम्मका प्रमाणहरुबाट देखिएको कुल सम्पत्ति स्वाभाविक नै देखिन आई अमिल्दो र अस्वाभाविक देखिन/खुल्न नआएको प्रतिवेदन फाईल संलग्न भई निर्णयार्थ आयोगको विभिन्न बैठकहरुमा पेश भएकोमा पछि अन्य थप प्रमाण प्राप्त हुन आएमा सोही बखत पुनः अनुसन्धान लगायत कानून बमोजिमका कारवाहीहरु हुने नै हुँदा हाल भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम देहायका व्यक्तिहरुको अनुसन्धान कारवाहीको फाइल तामेलीमा राखिएको छ ।

| क्र.सं. | आयोगको निर्णय मिति | नाम, थर | साविक पद | साविक कार्यालय |
|---|---|---|---|---|
| १. | २०६२।४।३ | लक्ष्मीप्रसाद ढकाल | प्रमुख प्रशिक्षक (उपसचिव) | हुलाक प्रशिक्षण केन्द्र |
| २. | २०६२।४।७ | विष्णुप्रसाद शर्मा लामिछाने | जिल्ला शिक्षा अधिकारी (उपसचिव) | जिल्ला शिक्षा कार्यालय, बाग्लुङ्ग |
| ३. | २०६२।४।१६ | जयवहादुर चन्द | प्रहरी  उपरीक्षक | प्रहरी प्रधान कार्यालय |
| ४. | २०६२।४।१७ | पुष्कलराज रेग्मी | प्रहरी नायव उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, मनाङ्ग |
| ५. | २०६२।४।२० | सागर थपलिया | प्रहरी उपरीक्षक | प्रहरी प्रधान कार्यालय |
| ६. | २०६२।४।२१ | दिनेश्वरलाल कर्ण | सि.डि.ई. | सडक विभाग |
| ७. | २०६२।४।२४ | रमेश गौतम | हाइड्रोलोजिष्ट | भूमिगत जलस्रोत विकास परियोजना |
| ८. | २०६२।४।२८ | कुमार श्रेष्ठ | क्षेत्रीय कोष नियन्त्रक | क्षेत्रीय कोष नियन्त्रण कार्यालय, विराटनगर |

| क्र.सं. | आयोगको निर्णय मिति | नाम, थर | साविक पद | साविक कार्यालय |
|---|---|---|---|---|
| ९. | २०६२।४।२८ | राजिव जोशी | सहायक प्रवन्धक | नेपाल खानेपानी संस्थान शाखा कार्यालय, कमलादी |
| १०. | २०६२।४।३२ | सुरेश प्रधान | प्रमुख कोष नियन्त्रक | महालेखा नियन्त्रक कार्यालय |
| ११. | २०६२/५/२ | नारायणप्रसाद अधिकारी | उपसचिव | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| १२. | २०६२/५/५ | उत्तरकुमार श्रेष्ठ | नायव कार्यकारी | नेपाल विद्युत प्राधिकरण |
| १३. | २०६२/५/१६ | भावना कर्माचार्य | मुख्य खजाञ्ची | नेपाल दुरसञ्चार संस्थान |
| १४. | २०६२/५/२० | शशीसागर राजभण्डारी | इन्जिनियर दशौं तह | नेपाल विद्युत प्राधिकरण |
| १५. | २०६२/५/२२ | रविप्रताप राणा | प्रहरी उपरीक्षक | प्रहरी प्रधान कार्यालय |
| १६. | २०६२/५/३० | कपिलदेव श्रेष्ठ | निर्देशक, उपसचिव | भूमिसुधार तथा व्यवस्थापन |
| १७. | २०६२/५/३१ | भगवान श्रेष्ठ | सहायक इन्जिनियर | सडक सञ्जाल विकास |
| १८. | २०६२/६/६ | शिवरत्न राजवाहक | सि.डि.ई. | खानेपानी कार्यालय, चितवन |
| १९. | २०६२।६।६ | बुद्धकृष्ण मानन्धर | प्रवन्धक (दशौं तह) | नेपाल विद्युत प्राधिकरण आयोजना विकास विभाग |
| २०. | २०६२/६/७ | कमलेशकुमार शर्मा | राज्यमन्त्री | निर्माण तथा यातायात मन्त्रालय |
| २१. | २०६२/६/१० | ठाकुरप्रसाद त्रिपाठी | प्रहरी ना.उ. (प्रा.) | प्रहरी प्रधान कार्यालय |
| २२. | २०६२/६/१२ | उमेशानन्द मिश्र | सि.डि.ई. | डिभिजन सडक कार्यालय, नुवाकोट |
| २३. | २०६२/६/१३ | शम्भुकुमार श्रेष्ठ | कृषि विकास अधिकृत (रा.प.द्वि) | जिल्ला कृषि विकास कार्यालय, नवलपरासी |
| २४. | २०६२/६/१६ | रामप्रसाद थपलिया | उपसचिव | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| २५. | २०६२/६/२० | पवनप्रसाद खरेल | प्रहरी नायव उपरीक्षक | प्रहरी प्रधान कार्यालय |
| २६. | २०६२/६/२० | विश्वभक्त खरेल | सि.डि.ई. | खानेपानी तथा ढल निकास विभाग |
| २७. | २०६२/६/२१ | विष्णुमानसिंह डंगोल | सि.डि.ई. | सडक विभाग |
| २८. | २०६२/७/३ | अजयकुमार पोखरेल | उपमहानिर्देशक | सिंचाई विभाग |
| २९. | २०६२/७/३ | प्रतापसिंह तातेड | का.मु. परियोजना प्रमुख | भूमिगत जलस्रोत विकास परियोजना |
| ३०. | २०६२/७/११ | ध्रुववहादुर कार्की | ना.शु. | आन्तरिक राजश्व कार्यालय |
| ३१. | २०६२/७/१३ | दुर्गाप्रसाद पोखरेल | सहसचिव | महालेखा नियन्त्रण कार्यालय |

| क्र.सं. | आयोगको निर्णय मिति | नाम, थर | साविक पद | साविक कार्यालय |
|---|---|---|---|---|
| ३२. | २०६२/७/२० | ताना गौतम | सहसचिव | उद्योग विभाग |
| ३३. | २०६२/७/२२ | ध्रुवराज भट्टराई | परियोजना निर्देशक | नेपाल विद्युत प्राधिकरण |
| ३४. | २०६२/७/२२ | हरि शर्मा | प्र.मं. स्वकीय सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| ३५. | २०६२/७/२७ | पुष्परमण वाग्ले | वरिष्ठ सुपरिवेक्षण अधिकृत | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद |
| ३६. | २०६२/७/२७ | दामोदर श्रेष्ठ | इन्जिनियर (आठौ तह) | नेपाल विद्युत प्राधिकरण, व्यापार विभाग |
| ३७. | २०६२/८/५ | दिवाकर ढुंगेल | उपसचिव | शिक्षा तथा खेलकुद मन्त्रालय |
| ३८. | २०६२/८/७ | नवराज ढकाल | वरिष्ठ प्रहरी उपरीक्षक | प्रहरी प्रधान कार्यालय |
| ३९. | २०६२/८/९ | जीवनप्रसाद रिजाल | प्रमुख वैज्ञानिक अधिकृत (नवौं तह) | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला |
| ४०. | २०६२/८/९ | कृष्णप्रसाद सुवेदी | इन्जिनियर | सिंचाई विभाग |
| ४१. | २०६२/८/१० | मधुसूदन पोखरेल | वरिष्ठ प्रशिक्षक (रा.प.द्वि.) | राजश्व प्रशासन तालिम केन्द्र |
| ४२. | २०६२/८/१० | पुष्पमान कायस्थ | उपसचिव | अर्थ मन्त्रालय |
| ४३. | २०६२/८/१० | भोगवहादुर थापा | प्रहरी नायव उपरीक्षक | प्रहरी प्रधान कार्यालय |
| ४४. | २०६२/८/१२ | मुक्तिनारायण मानन्धर | सि.डि.ई. | मध्यमाञ्चल क्षेत्रीय सिञ्चाई निर्देशनालय |
| ४५. | २०६२/८/१२ | महाजन यादव | असिस्टेन्ट इन्जिनियर | जिल्ला सिंचाई कार्यालय, डडेल्धुरा |
| ४६. | २०६२/८/१६ | दिपकनाथ चालिसे | कार्यकारी निर्देशक | सडक वोर्ड नेपाल |
| ४७. | २०६२/८/१७ | भीष्म प्रसाई | वरिष्ठ प्रहरी उपरीक्षक | क्षेत्रीय प्रहरी इकाई कार्यालय, जुम्ला |
| ४८. | २०६२/८/१७ | जगन्नाथ शाह | गा.वि.स. सचिव | वरगथवा गा.वि.स. को कार्यालय, सर्लाही |
| ४९. | २०६२/८/२१ | दुर्गाप्रसाद वस्ती | सि.डि.ई. | सडक विभाग |
| ५०. | २०६२/८/२७ | सरोजकुमार वास्कोटा | सि.डि.ई. | खानेपानी तथा ढल निकास विभाग |
| ५१. | २०६२/९/४ | निर्मलहरि अधिकारी | उपसचिव | अर्थ मन्त्रालय |
| ५२. | २०६२।९।१० | माधवप्रसाद ढकाल | सहसचिव | अर्थ मन्त्रालय |
| ५३. | २०६२।९।२० | चुडामणी देवकोटा | प्रमुख कर अधिकृत | अर्थ मन्त्रालय |

| क.सं. | आयोगको निर्णय मिति | नाम, थर | साविक पद | साविक कार्यालय |
|---|---|---|---|---|
| ५४. | २०६२।९।२१ | माधव प्रसाद ओझा | सि.डि.ई. | जिल्ला खानेपानी कार्यालय, सिन्धुपाल्चोक |
| ५५. | २०६२।९।२१ | जनकलाल कर्माचार्य | कार्यकारी निर्देशक | नेपाल विद्युत प्राधिकरण |
| ५६. | २०६२।९।२१ | सुरेन्द्र हमाल | पुर्व राज्यमन्त्री | - |
| ५७. | २०६२/९/२२ | विष्णुप्रसाद नेपाल | उपसचिव | आन्तरिक राजस्व विभाग |
| ५८. | २०६२/९/२४ | काशिप्रसाद यादव | सि.डि.ई. | सडक विभाग |
| ५९. | २०६२/९/२५ | हेमराज गौतम | उपसचिब (लेखा) | वन तथा भू संरक्षण मन्त्रालय |
| ६०. | २०६२/१०/३ | छत्रवहादुर वज्राचार्य | निर्देशक (एघारौं तह) | नेपाल विद्युत प्राधिकरण |
| ६१. | २०६२/१०/३ | सुमन सिजापति | सि.डि.ई. | सिंचाई विभाग |
| ६२. | २०६२/१०/१२ | करुणा गोविन्द श्रेष्ठ | निर्देशक (एघारौं तह) | नेपाल विद्युत प्राधिकरण |
| ६३. | २०६२/१०/१२ | नारायणप्रसाद गामी | प्रवन्धक (दशौं तह) | नेपाल विद्युत प्राधिकरण |
| ६४. | २०६२/१०/१९ | चतुर्भुज भट्ट | प्रवन्ध संचालक | कृषि सामाग्री कम्पनी लिमिटेड |
| ६५. | २०६२/११/३ | सुन्दरमान श्रेष्ठ | उपसचिव | अर्थ मन्त्रालय |
| ६६. | २०६२/११/१० | विष्णुवहादुर के.सी. | महालेखा परीक्षक | महालेखा परीक्षकको विभाग |
| ६७. | २०६२/११/१६ | लक्ष्मण डंगोल | प्रवन्धक | नेपाल विद्युत प्राधिकरण |
| ६८. | २०६२/११/२१ | हरिओमध्वज जोशी | नायव महाप्रवन्धक | नेपाल आयल निगम |
| ६९. | २०६२/११/२१ | तोयनाथ वराल | महानिर्देशक | नापी विभाग |
| ७०. | २०६२/११/२१ | मेघवहादुर खत्री | शाखा अधिकृत | शिक्षक सेवा आयोग |
| ७१. | २०६२/११/२३ | हरिकृष्ण पौडेल | सि.डि.ई. | खानेपानी तथा ढल निकास विभाग |
| ७२. | २०६२/११/२३ | डा. जीवेन्द्र झा | निर्देशक (एघारौं तह) | नेपाल विद्युत प्राधिकरण |
| ७३. | २०६२/१२/२ | सुमनकुमार श्रेष्ठ | प्रवन्धक | नेपाल नागरिक उड्डयन प्राधिकरण |
| ७४. | २०६२/१२/१४ | दयाराम ढुंगाना | सि.डि.ई. | सडक विभाग |
| ७५. | २०६२/१२/१४ | गिरिजाप्रसाद कोइराला | प्रधानमन्त्री | - |
| ७६. | २०६२/१२/१४ | वीरन्द्रवावु श्रेष्ठ | प्रहरी उपरीक्षक | प्रहरी प्रधान कार्यालय |
| ७७. | २०६२/१२/२३ | सुगतरत्न कंशाकार | नायब महाप्रवन्धक | नेपाल टेलिकम |
| ७८. | २०६३/१/३ | विश्वनाथ गोयल | प्रवन्धक | नेपाल टेलिकम |
| ७९. | २०६३/१/३ | सुशिलवरसिंह राणा | प्रहरी उपरीक्षक | प्रहरी प्रधान कार्यालय |
| ८०. | २०६३/१/३ | विजयकुमार भट्ट | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, कपिलवस्तु |
| ८१. | २०६३/१/११ | गुप्तवहादुर श्रेष्ठ | प्रहरी नायव उपरीक्षक | प्रहरी प्रधान कार्यालय |
| ८२. | २०६३/१/१७ | प्रभाकर शम्सेर ज.व.रा. | सि.डि.ई. | मध्यमाञ्चल डिभिजन सडक कार्यालय, नुवाकोट |
| ८३. | २०६३/१/१८ | शालिग्राम रेग्मी | शा.अ. | जिल्ला शिक्षा कार्यालय, काभ्रे |

| क.सं. | आयोगको निर्णय मिति | नाम, थर | साविक पद | साविक कार्यालय |
|---|---|---|---|---|
| ८४. | २०६३/१/१९ | माधवप्रसाद उपाध्याय | महाप्रवन्धक | नेपाल रोजिन एण्ड टर्पेन्टाइन लिमिटेड |
| ८५. | २०६३/१/२० | महेन्द्रनाथ अर्याल | सचिव | जलस्रोत मन्त्रालय |
| ८६. | २०६३/१/३१ | हरिभक्त श्रेष्ठ | सि.डि.ई. | डिभिजन सडक कार्यालय, लाहान |
| ८७. | २०६३/२/३ | मानवहादुर रावल | वरिष्ठ प्रहरी उपरीक्षक | प्रहरी प्रधान कार्यालय |
| ८८. | २०६३/२/१५ | तिरपेश्वर पुर्वे | सहायक प्रवन्धक | नेपाल विद्युत प्राधिकरण |
| ८९. | २०६३/२/१७ | गजेन्द्र बोहरा | पुर्व प्रहरी महानिरीक्षकका छोरा | – |
| ९०. | २०६३/२/२५ | दिनेश प्रकास वस्नेत | सि.डि.ई. | सडक विभाग |
| ९१. | २०६३/३/११ | गणेशप्रसाद दाहाल | शा.अ. | आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं ३ |
| ९२. | २०६३/३/२० | कोमलप्रसाद कँडेल | प्रवन्धक | नेपाल आयल निगम |

# परिच्छेद – १५
# आयोगका अन्य गतिविधिहरु

**(क) अन्तर्राष्ट्रिय सभा, सम्मेलन तथा अध्ययन भ्रमण :**

१. श्रावण ८ देखि २०, २०६२ तदनुरुप २३ जुलाई देखि ४ अगस्त २००५ सम्म अस्ट्रेलिया तथा मलेशियामा भ्रष्टाचार विरुद्ध कार्यरत संस्थाहरु विच ज्ञान तथा अनुभवको आदान प्रदान गर्न ए.आर.डि.इन्क, रुल अफ ल प्रोजेक्टद्वारा आयोजित अध्ययन भ्रमणमा आयोगका सह न्यायाधिवक्ता श्री मोहन बहादुर कार्की, उपसचिव श्री कुसुमाकर ढकाल र शाखा अधिकृत श्री विनोद कुमार गौतमले भाग लिनु भएको थियो ।

२. जनगणतन्त्र चीनको बेइजिङ्गमा असोज १० देखि १४ गते तदनुरुप २६ देखि ३० सेप्टेम्वर सम्म संचालन भएको ए.डी.बी.-ओ.इ.सि.डी.(ADB-OECD) सातौं सञ्चालक समूहको बैठक तथा पाचौं भ्रष्टाचार विरुद्ध क्षेत्रीय सम्मेलनमा नेपालबाट आयोगका प्रमुख आयुक्तज्यूको नेतृत्वमा रहेको चार सदस्यीय टोलीले भाग लियो । यस टोलीका अन्य सदस्यहरु आयुक्त श्री वासुदेव लामिछाने, राष्ट्रिय सतर्कता केन्द्रका तत्कालिन प्रमुख श्री वालकृष्ण प्रसाई र आयोगका उपसचिव डा. मीनबहादुर पौड्याल क्षेत्री रहनु भएको थियो । यस सातौं बैठकमा प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्यायले नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि आयोगले गरिरहेको काम कारवाहीबारे कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

३. हङकङमा मंसीर १३ देखि १६, २०६२ सम्म तद्नुसार नोभेम्बर २८ देखि डिसेम्बर १, २००५ सम्म आयोजना भएको एशियाली अम्बुड्समेन एशोसियसनको नवौं सम्मेलनमा आयोगका आयुक्त श्री ललितबहादुर लिम्बु र ईन्जिनियर श्री पुष्करप्रसाद पोखरेलले भाग लिनु भएको थियो । आयुक्त श्री ललितबहादुर लिम्बुले सो सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

४. माघ ३ देखि ७, २०६२ तदनुसार १६ देखि २० जनवरी २००६ सम्म मलेशियाको एन्टिकरप्सन एजेन्सीले आयोजना गरेको इन्टेलिजेन्स बेस्ड इन्भेस्टिगेसन कोर्समा आयोगका शाखा अधिकृत श्री महेश वरालले भाग लिनु भएको थियो ।

५. आयोगबाट भइरहेको शैक्षिक प्रमाणपत्र छानविनका क्रममा प्राप्त भएका शंकास्पद प्रमाणपत्रहरुको प्रमाणीकरणका लागि मिति २०६२/१२/१५ देखि २०६३/१/५ सम्म भारतको गोरखपुर, फैजावाद, इलाहावाद, वाराणसी, वोधगया, पटना मुजफ्फरपुर, दरभंगा, मधेपुरा स्थित विश्वविद्यालयहरुमा आयोगका उपसचिव भानुभक्त निरौला, शाखा अधिकृत घनश्याम उपाध्याय, ना.सु. नारायणलाल श्रेष्ठ र त्रिभुवन विश्वविद्यालय प्रतिनिधि उपप्रशासक रामवहादुर वखतीले भ्रमण गर्नुभएको थियो । त्यस्तै भारतको विहार, उत्तर प्रदेशमा पर्ने शिक्षा परिषद एवं वोर्डहरुमा प्रमाणीकरणको लागि आयोगको तर्फबाट इन्जिनियर अनन्तकुमार गजुरेल, ना.सु. महेश भण्डारी, ना.सु. रामवहादुर पुरी, ना.सु. नरेन्द्र श्रेष्ठ र उच्च माध्यमिक शिक्षा परिषद सानो ठिमीका सहसचिव ढालवहादुर खड्का सम्मिलित टोलिले २०६२/१२/१५ देखि २०६२/१२/२८ सम्म भ्रमण गरेको थियो ।

६. हङ्कङ्को Independent Commission Against Corruption (ICAC) को आयोजनामा मे ९ देखि ११, २००६ तद्नुसार २०६३ वैशाख १९ देखि २१ सम्म Corporate Corruption, Integrity and Governance विषयक तेश्रो ICAC Symposium मा आयोगका आयुक्त वेदप्रसाद शिवाकोटी,

नायव महान्यायाधिवक्ता चेतनाथ घिमिरे र सह सचिव रत्नकाजी बज्राचार्यले भाग लिनु भयो । उक्त सिम्पोसियममा आयोगको तर्फबाट भ्रष्टाचार नियन्त्रणका लागि नेपालमा भएको कानूनी व्यवस्था, सरकार र आयोगले गर्दै आएको काम कारवाही बारे प्रस्तुति गरिएको थियो । वहांहरुले हङकङको ICAC का उच्च अधिकारीहरुसंग भेटघाट गरी त्यहाँको कार्य पद्धतिबारे जानकारी लिनुका साथै एक आपसमा भएको अनुभवको आदान प्रदान समेत गर्नु भएको थियो ।

७. १६ चैत्र देखि २३ चैत्र २०६२ सम्म मलेशिया र सिंगापुरका भ्रष्टाचार विरुद्धमा कार्यरत संस्थाहरुको अवलोकन भ्रमण गर्न आयोगका आयुक्त श्री इन्द्र कुमार श्रेष्ठ तथा सचिव श्री तीर्थराज शर्मा जानु भएको थियो ।

८. १७ देखि १९ मे २००६ तदनुसार ५ देखि ७ जेठ २०६३ सम्म ए.डी.बी.-ओ.इ.सि.डी.को फिलिपिन्सको मनिलामा सम्पन्न आठौं स्टेयरीङ ग्रुप मिटीङमा आयोगका प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्यायको नेतृत्वमा सह सचिव श्री तुलसिप्रसाद सिटौला सम्मिलित प्रतिनिधी मण्डलले भाग लिएको थियो ।

**(ख) आन्तरिक गतिविधिहरु**

१. साउन २ गते । आयोगको सभाहलमा स्वशासन अध्ययन प्रतिष्ठानले तयार गरेको आयोगका वार्षिक प्रतिवेदनहरुको तुलनात्मक अध्ययन बारे प्रस्तुतिकरण गरियो । स्वशासन अध्ययन प्रतिष्ठान र प्रो पब्लिक बीच संझौता भए बमोजिम उक्त प्रतिष्ठानले आयोगले प्रकाशन गरेको आ.व. २०५४।५५ देखि २०६०।६१ सम्मका वार्षिक प्रतिवेदनहरुको तुलनात्मक अध्ययन गरी प्रतिवेदन तयार गरेको हो ।

२. साउन ११ गते । २०६२ असार महिनामा आयोगको सभाहलमा विभिन्न जिल्लाहरुमा आयोगका पदाधिकारी तथा अधिकृतहरुबाट निरीक्षण तथा अनुगमन गरी प्राप्त भएका जानकारी तथा अनुगमनका क्रममा देखिएका स्थितिको वारेमा प्रस्तुतीकरण गरियो । उक्त कार्यक्रममा विभिन्न ६ वटा अनुगमन टोलीले आफ्नो प्रस्तुतीकरण गरेका थिए ।

३. साउन २० गते । प्रो-पव्लिकद्वारा १० वटा जिल्लामा संचालित भ्रष्टाचारविरुद्ध नागरिक समाज परियोजनाका जिल्ला संयोजकहरुसँग प्रमुख आयुक्त तथा आयुक्तज्यूहरु लगायत अयोगका अन्य उच्च अधिकृतहरुको भेटघाट कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा नव नियुक्त जिल्ला संयोजकहरुको अनुभवका साथै आयोगको अपेक्षा तथा आयोगसँगको अन्तरसम्वन्धका वारेमा विचारको आदान प्रदान भएको थियो ।

४. साउन ३२ गते । आयोगको सभाहलमा उपसचिव श्री गीता श्रेष्ठले वित्तीय अपराध छानविन सम्वन्धी कार्यपत्रको प्रस्तुतीकरण गर्नु भयो । प्रस्तुतिकरण कार्यकममा प्रमुख आयुक्त, आयुक्तहरु, सचिव, नायव महान्यायाधिवक्ता लगायत महाशाखा प्रमुखहरु तथा अन्य अधिकृत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

५. भदौ २ गते । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूको उपस्थितिमा आयोगको सभाहलमा नेपाल नागरिक उड्डयन प्राधिकरणमा भएका अनियमितता तथा आयोगमा आएका गुनासाहरुका सम्वन्धमा एक छलफल कार्यक्रम सम्पन्न भयो ।

६. असोज ९ गते । प्रो-पब्लिकले भ्रष्टाचार विरुद्ध नागरिक समाज परियोजनाका जिल्ला कार्यालयहरुमा कार्यरत फिल्ड संचार अधिकृतहरुको लागि आयोजना गरेको “भ्रष्टाचार विरुद्ध खोज पत्रकारिता सम्बन्धी अभिमुखीकरण तालीम” का सहभागीहरुको टोलीले अख्तियार दुरुपयोग

अनुसन्धान आयोगमा आई कार्यस्थल अवलोकन तथा अन्तरक्रिया गऱ्यो ।

७. भाद्र ८ र ९ गते । अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रको संयुक्त तत्वाधान तथा यू.एस.ए.आई.डी, ए.आर.डी.इन्क, रुल अफ ल प्रोजेक्टको सहयोगमा नेपालगञ्जमा भ्रष्टाचार नियन्त्रणका लागि स्थानीय क्रियाशीलता विषयक दुई दिने क्षेत्रीय गोष्ठी सम्पन्न भयो । उक्त गोष्ठीमा आयोगका प्रमुख आयुक्त, सचिव, कर्मचारीहरु, तथा उद्योग ब्यापार संघका पदाधिकारीहरु, व्यापारीहरु, गैर सरकारी संस्था तथा नागरिक समाजका प्रतिनिधिहरु, उच्च माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरु तथा पत्रकारहरु गरी करीब २५० जनाको सहभागिता रहेको थियो । यस गोष्ठीमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, भन्सार विभाग, राजश्व अनुसन्धान विभाग, नेपाल उद्योग वाणिज्य महासंघ (एन्टीकरप्सन परियोजना), स्वाती नेपाल र कोएक्ट नेपालका तर्फबाट विभिन्न ८ विषयका कार्यपत्रहरु प्रस्तुत गरिनुका साथै ती कार्यपत्रहरु उपर छलफल तथा अन्तरक्रिया गरिएको थियो ।

८. भदौ २१ गते । आयोगमा नयाँ हाजिर हुन आउनु भएका अधिकृत स्तरका कर्मचारीहरुको लागि भ्रष्टाचार नियन्त्रण विषयक दोश्रो आधारभूत तालीम सम्पन्न भयो । भदौ १२ गते देखि २१ गते सम्म ९ दिन संचालन भएको उक्त तालीममा आयोगको काम, कर्तव्य, अधिकार, कार्य प्रकृया, कार्यविधि, प्रत्यायोजित अधिकारहरु, भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानूनहरु, अनुसन्धान प्रकृया आदि विविध विषयमा सैद्धान्तिक तथा व्यवहारिक विषयहरुबारे प्रशिक्षण दिइएको थियो । सो तालीममा आयोगबाट १४, विशेष अदालतबाट २, महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतबाट २, राष्ट्रिय सतर्कता केन्द्र र राष्ट्रिय अनुसन्धान विभागबाट २/२ जना र जिल्ला प्रशासन कार्यालय झापाका १ जना गरी जम्मा २३ जना अधिकृतहरुको सहभागिता रहेको थियो ।

९. भदौ २५ गते । आयोगको वार्षिक कार्यकम अनुसार आयोगको क्षमता विकास कार्यक्रम अन्तर्गत अनुसन्धान तहकिकातको कार्यलाई अझ बढी प्रभावकारी बनाउन “साइवर क्राइम्स प्रिभेन्सन एण्ड इन्भेस्टिगेसन” विषयक कार्यपत्र प्रस्तुति तथा अन्तरक्रिया सम्पन्न गरियो । कार्यक्रममा प्रहरी प्रधान कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक श्री महेशसिंह कठायतले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । आयुक्त श्री वासुदेव लामिछानेको सभापतित्वमा सम्पन्न भएको उक्त अन्तरक्रियामा आयुक्तहरु श्री इन्द्रकुमार श्रेष्ठ, श्री ललितबहादुर लिम्बू र श्री वेदप्रसाद शिवकोटी, सचिव श्री तीर्थराज शर्मा, नायव महान्यायाधिवक्ता श्री चेतनाथ घिमिरे लगायत महाशाखा प्रमुखहरु, आयोगका अधिकृतहरु र महान्यायाधिवक्ताको कार्यालयका अधिकृत कर्मचारीहरुको समेत सहभागिता रहेको थियो ।

१०. भदौ ३० गते । आयोगको वार्षिक कार्यकम अनुसार स्थानीय भ्रष्टाचार विरोधी संस्था तथा नागरिक समाजसंग सहकार्य गर्ने सिलसिलामा आयोगले नागरिक समाज तथा स्वाती नेपाल नामक गैर सरकारी संस्थासंगको सहकार्यमा भ्रष्टाचार नियन्त्रणमा महिलाको भूमिका विषयक कार्यपत्र प्रस्तुति तथा अन्तरक्रिया सम्पन्न गरियो । कार्यक्रममा स्वाती नेपालकी अध्यक्ष संगिता निरौलाले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्याय, आयुक्त श्री ललितबहादुर लिम्बू, तत्कालिन नि.सचिव श्री रेवतीराज काफ्ले, राष्ट्रिय सतर्कता केन्द्रका तत्कालिन प्रमुख श्री वालकृष्ण प्रसाई, नायव महान्यायाधिवक्ता श्री चेतनाथ घिमिरे, महाशाखा प्रमुखहरु, आयोगका अधिकृत कर्मचारीहरु र विभिन्न मंत्रालय तथा नेपाल सरकारका केन्द्रीय स्तरका निकायहरुमा कार्यरत अधिकृत महिला कर्मचारीहरुको सहभागिता रहेको थियो ।

११. भदौ ३१ गते । आयोगको वार्षिक कार्यक्रम अनुसार “जग्गा नापजाँच, नापी, नक्शा तथा श्रेस्ता व्यवस्था” सम्बन्धी कार्यपत्रको प्रस्तुति तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यपत्र नापी विभागका पूर्व महानिर्देशक पुण्यप्रसाद ओलीले प्रस्तुत गर्नुभएको थियो ।

१२. मंसिर ३ गते । राष्ट्र बैंक, कानून महाशाखाका निर्देशक श्री भाष्करमणी ज्ञवालीद्वारा प्रस्तुत “बैंक तथा वित्तीय संस्थासंग सम्वन्धित ऐन, कानून, नियम, विनियम तथा तिनको प्रयोग” सम्बन्धी कार्यपत्र उपर अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

१३. पुष १५ गते । नेपाल राष्ट्र बैंकका उप-कार्यकारी निर्देशक श्री ज्ञानेन्द्रप्रसाद ढुंगानाले प्रस्तुत गर्नु भएको “कर्जा लगानी र ब्याज मिनाहामा हुन सक्ने "Conflict of Interest" विषयक कार्यपत्र उपर अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

१४. चैत्र १८ गते । गुठी संस्थानका पूर्व सहप्रशासक धर्मप्रसाद गौतमले गुठी व्यवस्थापन सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

१५. कात्तिक २३ गते । अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई नेपाल अधिराज्यको संविधान, २०४७ लगायत अन्य कानूनहरुद्वारा प्राप्त सार्वजनिक पद धारण गरेका पदाधिकारीहरुबाट हुने भ्रष्टाचार तथा अनुचित कार्यको अनुसन्धान, तहकिकात र अभियोजनको कार्यलाई अझ बढी प्रभावकारी बनाउने सिलसिलामा आयोगले अनुसन्धान, अभियोजन तथा अदालती कारवाही सम्बन्धी विभिन्न मार्गदर्शनहरु निर्माण गर्ने सिलसिलामा एक कार्यशाला गोष्ठी सम्पन्न भयो । सो कार्यशाला गोष्ठीमा अस्वभाविक सम्पत्ति, वित्तीय अपराध, निर्माण तथा खरीद, शैक्षिक प्रमाण पत्र छानवीन र यातायात व्यवस्था तथा सवारी साधन दर्ता सम्बन्धी अनुसन्धान, अभियोजन तथा अदालती कारवाहीबारे ५ वटा बेग्लाबेग्लै कार्यपत्रहरु प्रस्तुत गरिए । सो गोष्ठी २०६२ मंसिर ४ र ११ गते पनि संचालन भएको थियो ।

१६. मसिर ११ गते । अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई नेपाल अधिराज्यको संविधान, २०४७ लगायत अन्य कानूनहरुद्वारा प्राप्त सार्वजनिक पद धारण गरेका पदाधिकारीहरुबाट हुने भ्रष्टाचार तथा अनुचित कार्यको अनुसन्धान, तहकिकात र अभियोजन कार्यलाई अझ बढी प्रभावकारी बनाउने सिलसिलामा आयोगले अनुसन्धान, अभियोजन तथा अदालती कारवाही सम्बन्धी विभिन्न मार्गदर्शनहरु निर्माण गरी सो सम्बन्धी मस्यौदाहरुलाई आयोग भित्रै व्यापक छलफल तथा अन्तरक्रिया गरी ती मार्गदर्शनहरुलाई अन्तिम रुप दिने क्रममा २०६२ मंसिर ११ गते प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्याय, आयुक्तहरु श्री वासुदेव लामिछाने, श्री ललितबहादुर लिम्बू र श्री वेदप्रसाद शिवाकोटी, सचिव श्री तीर्थराज शर्मा, नायव महान्यायाधिवक्ता श्री चेतनाथ घिमिरे लगायत आयोगका महाशाखा प्रमुखहरु, अनुसन्धान तहकिकातमा संलग्न अन्य अनुसन्धान अधिकृतहरु र राजस्व अनुसन्धान विभागका निर्देशकको उपस्थितिमा एक कार्यशाला गोष्ठी सम्पन्न भयो । यस कार्यशाला गोष्ठीमा राजस्व चुहावट नियन्त्रण, खबर संकलन र अभियोगपत्र तयारी सम्बन्धी अनुसन्धान, अभियोजन तथा अदालती कारवाही सम्बन्धी मार्गदर्शनबारे ३ वटा बेग्लाबेग्लै कार्यपत्रहरु प्रस्तुत गरिए । यी सबै ११ वटा विषयहरुका मार्गदर्शनहरुलाई समेटी आयोगको आन्तरिक प्रयोजनको लागि एउटा अनुसन्धान, अभियोजन तथा अदालती कारवाही सम्बन्धी मार्गदर्शन तयार गरिएको छ । यस मार्गदर्शनले अनुसन्धान अधिकृतहरुलाई भ्रष्टाचार तथा अनुचित कार्यको अनुसन्धान र अभियोजन गर्ने कार्यमा अझ स्पष्ट दिशा निर्देश हुनेछ ।

१७. मंसिर १२ गते । सहायक कर्मचारीहरुको लागि आयोजित भ्रष्टाचार नियन्त्रण विषयक प्रथम आधारभूत तालीम सम्पन्न भयो । मंसिर ५ गते देखि १२ गते सम्म ७ दिन संचालन भएको उक्त

तालीममा आयोगको काम, कर्तव्य अधिकार, कार्यप्रकृया, कार्यविधि, प्रत्यायोजित अधिकारहरु, भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानूनहरु, अनुसन्धान प्रकृया, भ्रष्टाचारको परिभाषा आदि विषयमा सैद्धान्तिक तथा व्यवहारिक पक्षमा प्रशिक्षण दिइएको थियो । उक्त तालीममा आयोगबाट १८ जना, विशेष अदालतबाट ४ जना, महान्यायाधिवक्ताको कार्यालयबाट २ जना, राष्ट्रिय सतर्कता केन्द्र र राष्ट्रिय अनुसन्धान विभागबाट १/१ जना गरी जम्मा २६ जना सहायक कर्मचारीहरुको सहभागिता रहेको थियो ।

१८. पुष ९ र १० गते । आयोगबाट जिल्ला प्रशासन कार्यालय, सप्तरी, राजविराजमा पुष ९ र १० गते दुई दिन जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी, प्रशासकीय अधिकृतहरु तथा फाँटवाला सहायक कर्मचारीहरु र जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधिवक्ता समेत जम्मा ११ जना सहभागीहरुलाई अनुसन्धान प्रकृया सम्बन्धी तालीम प्रदान गरियो । उक्त तालीममा आयोगको गठन विधि, प्रकृया, अधिकार प्रत्यायोजन र अनुसन्धान प्रकृया विषयक २ वटा कार्यपत्र प्रस्तुत गरिएका थिए । पौष १० गते नै सप्तरी जिल्लाका सरकारी कार्यालयहरु तथा सार्वजनिक संस्थानका प्रमुखहरुको सहभागिता रहेको भ्रष्टाचार नियन्त्रणमा कार्यालय प्रमुखहरुको भूमिका विषयमा छलफल तथा अन्तरक्रिया सम्पन्न भयो ।

१९. पौष २४ र २५ गते । जिल्ला प्रशासन कार्यालय, बाग्लुङ्ग र पर्वतमा छुट्टा छुट्टै रुपमा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी तथा फाँटवाला सहायक कर्मचारीहरु र सरकारी वकिललाई अनुसन्धान प्रकृया सम्बन्धी तालीम संचालन गरियो । पौष २३ गते म्याग्दी जिल्ला प्रशासन कार्यालयको अनुगमन गरिनुका साथै पौष २४ गते म्याग्दी जिल्लाका सरकारी कार्यालयहरु तथा सार्वजनिक संस्थानका प्रमुखहरुको सहभागिता रहेको भ्रष्टाचार नियन्त्रणमा कार्यालय प्रमुखहरुको भूमिका विषयमा छलफल तथा अन्तरक्रिया सम्पन्न भयो । त्यस्तै अन्तरक्रिया बाग्लुङ्ग र पर्वत जिल्लामा पनि सम्पन्न भयो । उपरोक्त किसिमका तालीम तथा अन्तरक्रियाहरु मोरङ, काभ्रेपलाञ्चोक, धनुषा, मुस्ताङ, नुवाकोट, बाग्लुङ, तनहुं र स्याङजा जिल्लामा पनि सम्पन्न गरियो ।

२०. पुष १८ गते । अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल सरकारका विभिन्न मन्त्रालयका सचिव र विशिष्ट श्रेणीका पदाधिकारी बीच आयोगको सभाकक्षमा आयोगका पदाधिकारी र सचिवहरु बीच समझदारी र सहयोग बृद्धि गर्नुका अतिरिक्त आयोग र मन्त्रालयको काम कारबाहीमा थप प्रभावकारीता ल्याई सरकारी संयन्त्रका अव्यवस्था, अनियमितता र ढिलासुस्ती हटाउने उद्देश्यले अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । अन्तरक्रिया कार्यक्रममा आयोगका पदाधिकारीहरु, नेपाल सरकारका मुख्य सचिव, विभिन्न मन्त्रालयका सचिवहरु, विशिष्ट श्रेणीका अधिकृतहरु, आयोगका सचिव तथा उच्चपदस्थ कर्मचारीहरुको उपस्थिति थियो ।

२१. माघ २७ र २८ गते । अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्थापना दिवस माघ २७ र २८ गते भव्यताका साथ मनाईयो । पहिलो दिन माघ २७ गते कार्यालय हातामा सरसफाई, रक्तदान कार्यक्रम, भ्रष्टाचार नियन्त्रण र अख्तियार दिवसको सान्दर्भिकता बारे एक प्रवचन कार्यक्रम, भ्रष्टाचार नियन्त्रण सम्बन्धमा काठमाण्डौं उपत्यका भित्रका उच्च माध्यमिक स्तरका छात्र-छात्राहरुको वक्तृत्वकला प्रतियोगिता र भ्रष्टाचार नियन्त्रण सम्बन्धमा नेपाल टेलिभिजनबाट परिसंवाद कार्यक्रमहरु आयोजना गरी मनाइएको थियो भने माघ २८ गते भ्रष्टाचार नियन्त्रण सम्बन्धमा रेडियो नेपालबाट परिसंवाद कार्यक्रम, मूल समारोह कार्यक्रम र दिपावली गरी

मनाइएको थियो । त्यसै गरी भ्रष्टाचार नियन्त्रण सम्बन्धमा स्नातक स्तरमा अध्ययनरत छात्र-छात्राहरुको अधिराज्यव्यापी निबन्ध प्रतियोगिता आयोजना गरिनुका साथै भ्रष्टाचार नियन्त्रण सम्बन्धमा लेख रचना समेटिएको स्मारिका प्रकाशन गरिएको थियो । मूल समारोह कार्यक्रममा स्मारिका विमोचन गरिनुका साथै निबन्ध प्रतियोगिता र वक्तृत्वकला प्रतियोगिताका विजयीहरु र आयोगमा उत्कृष्ट काम गर्ने कर्मचारीहरुलाई पुरस्कार वितरण गरिएको थियो । यसै गरी सबै क्षेत्रीय प्रशासन कार्यालय र जिल्ला प्रशासन कार्यालयहरुले पनि अख्तियार दिवशको सन्दर्भमा भ्रष्टाचार विरुद्धमा जनचेतना जगाउने सन्देशका साथ विभिन्न कार्यक्रमहरु आयोजना गरी मनाएका थिए ।

२२. माघ २८ गते । अनुचित कार्य र भ्रष्टाचारको विषयमा अनुसन्धान तथा तहकिकात गर्ने आयोगको विशिष्ट प्रकृतिको कार्य सम्पादनमा सहयोग पुऱ्याउन प्राथमिक जिम्मेवारी वहन गरेका आयोगमा कार्यरत कर्मचारीहरूलाई आफ्नो जिम्मेवारी प्रभावकारी ढंगले पुरा गराउन, उनीहरूको क्षमता अभिवृद्धि गर्न र आयोगको आन्तरिक कार्य प्रणालीमा सरलता, सुगमता, सहजता तथा एकरुपता ल्याउन मद्दत पुऱ्याउने उद्देश्यले आयोगबाट अनुसन्धान तहकिकात हुने गरेका विविध विषयका अनुसन्धान मार्ग दर्शन मसौदा गर्न आयोगका आयुक्त श्री ललितवहादुर लिम्वुको संयोजकत्वमा गठित आयुक्त श्री वेदप्रसाद सिवाकोटी तथा अन्य उच्च पदस्थ अधिकृतहरु रहेको समितिबाट अन्तिम रुप दिई आयोगको मिति २०६२।१०।२८ को बैठकको निर्णयानुसार सोही दिन देखि लागू गर्ने गरी देहायका ११ वटा कार्य निर्देशिकाहरु प्रयोगमा ल्याइएको छ :

१. राजस्व प्रशासन सम्बन्धी अनुसन्धान तथा तहकीकात मार्गदर्शन
२. वित्तीय अपराध अनुसन्धान तथा तहकिकात मार्गदर्शन
३. सवारी तथा यातायात ब्यवस्थापन अनुसन्धान तथा तहकिकात मार्गदर्शन
४. भूमि व्यवस्थापन सम्बन्धी अनुसन्धान तथा तहकिकात मार्गदर्शन
५. नेपाली नागरिकता र राहदानी (अध्यागमन ब्यवस्थापन समेत) अनुसन्धान तथा तहकीकात मार्गदर्शन
६. खबर संकलन सम्बन्धी मार्गदर्शन
७. शैक्षिक योग्यताको प्रमाणपत्र अनुसन्धान तथा तहकिकात मार्गदर्शन
८. सार्बजनिक निर्माण तथा खरीद सम्बन्धी अनुसन्धान तथा तहकिकात मार्गदर्शन
९. गैर कानूनी सम्पत्ति सम्वन्धि अनुसन्धान तथा तहकीकातको मार्गदर्शन
१०. अभियोजन मार्गदर्शन
११. अभियोजन तथा अदालती कारवाई सम्बन्धी मार्गदर्शन ।

२३. चैत्र १७ गते । आयोगमा नयाँ आउनु भएका अधिकृत स्तरका कर्मचारीहरुको लागि भ्रष्टाचार अनुसन्धान विषयक तेश्रो आधारभूत तालीम २०६२ चैत्र १० देखि संचालन गरी चैत्र १७ गते सम्पन्न भयो । यस तालीममा आयोगको काम, कर्तव्य अधिकार, कार्यप्रकृया, कार्यविधि, प्रत्यायोजित अधिकारहरु, भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानूनहरु, अनुसन्धान प्रकृया, आदि विविध विषयमा सैद्धान्तिक तथा व्यवहारिक विषयहरुबारे प्रशिक्षण दिइनुका साथै कोर्ट अवलोकन गराइएको थियो । यस तालीममा आयोगबाट ७, विशेष अदालत, महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र र राष्ट्रिय अनुसन्धान विभागबाट २/२ जना र जिल्ला प्रशासन कार्यालय चितवन, दाङ्ग, काठमाण्डौं र ललितपुरबाट १/१ जना गरी जम्मा १९ जना राजपत्रांकित द्वितिय

र तृतिय श्रेणीका अधिकृतहरुको सहभागिता रहेको थियो ।

२४. चैत्र १७ गते । भ्रष्टाचार एवं अनुचित कार्यलाई निरोधात्मक तथा उपचारात्मक ढंगबाट नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्न विद्यालय तथा विश्वविद्यालयस्तरका विद्यार्थीहरुलाई भ्रष्टाचार एवं अनुचित कार्य र यसले समाजमा पार्ने दुष्प्रभावको ज्ञान दिलाउनु आवश्यक देखिन्छ । साथै भ्रष्टाचार एवं अनुचित कार्य नियन्त्रणका लागि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा भएका प्रयासका साथसाथै यसमा युवा विद्यार्थीहरुको भूमिकाका बारेमा चेतना प्रवाह गर्नु पनि जरुरी देखिन्छ । अतः भ्रष्टाचार एवं अनुचित कार्य नियन्त्रण गरी सदाचार, नैतिकता, अनुशासन कायम गर्दै सुशासन प्रवर्द्धन गर्न भ्रष्टाचार तथा अनुचित कार्य नियन्त्रण सम्बन्धी विषयलाई विद्यालय तथा विश्वविद्यालयस्तरको पाठ्यक्रममा समावेश गर्न उपयुक्त देखिंदा एउटा कार्य टोली गठन गरी सो कार्य टोलीले सिफारिस गरेको मस्यौदा आयोगको मिति २०६२/१२/२८ को निर्णयानुसार आवश्यक कारवाहीको लागि शिक्षा तथा खेलकूद मन्त्रालयमा पठाइएको छ ।

२५. असार ४ गते । आयोगको सभाहलमा सहायक कर्मचारीहरुको लागि आयोजित भ्रष्टाचार नियन्त्रण विषयक दोश्रो आधारभूत तालीम सम्पन्न भयो । २०६३ जेष्ठ २९ गते देखि असार ४ गते सम्म ६ दिन संचालन भएको उक्त तालीममा आयोगको काम, कर्तव्य अधिकार, कार्यप्रकृया, कार्यविधि, प्रत्यायोजित अधिकारहरु, भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानूनहरु, अनुसन्धान प्रकृया, भ्रष्टाचारको परिभाषा आदि विविध विषयमा सैद्धान्तिक तथा व्यवहारिक पक्ष बारे प्रशिक्षण दिइएको थियो । यस तालीममा आयोगबाट २०, विशेष अदालत, महान्यायाधिवक्ताको कार्यालय,, राष्ट्रिय सतर्कता केन्द्र र राष्ट्रिय अनुसन्धान विभागबाट १/१ जना गरी जम्मा २४ जना सहायक कर्मचारीहरुको सहभागिता रहेको थियो ।

२६. अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रको तत्वावधान तथा यु.एस.ए.आई.डी/ए.आर.डी.इन्क रुल अफ ल प्रोजेक्टको सहयोगमा पाँचै विकास क्षेत्रमा क्षेत्रीय स्तरको सम्मेलन आयोजना गरी भ्रष्टाचार विरुद्ध कार्यरत सरकारी र गैर सकारी संस्थाहरु एवं निजी क्षेत्र बीच आपसी सहयोगलाई बढावा दिने र जनचेतना अभिवृद्धि गर्ने प्रयासको सिलसिलामा २०६१ माघ ९ र १० गते मध्यामाञ्चलको वीरगन्जमा, २०६१ साल फागुन ८ र ९ गते पूर्वाञ्चलको विराटनगरमा, २०६२ साल वैशाख १२ र १३ गते पश्चिमाञ्चलको पोखरामा र २०६२ साल भदौ ८ र ९ गते मध्यपश्चिमाञ्चलको नेपालगञ्जमा क्षेत्रीय सम्मेलनहरु सम्पन्न भइसकेका छन् । ती सम्मेलनहरुले भ्रष्टाचार रोकथाम गर्ने सिलसिलामा केही महत्वपूर्ण साझा प्रतिबद्धता र संकल्पहरु व्यक्त गरेका छन् । यसरी तय भएका साझा प्रतिबद्धता र संकल्पहरु सम्बद्ध निकाय र क्षेत्रहरुले के कति पालना गरेका छन् त्यसको लेखाजोखा गरी अनुगमन कार्यलाई सरल, सहज र प्रभावकारी बनाउन आवश्यक देखिएकोले आयोगले पहिलो चरणमा गोष्ठी सम्पन्न भैसकेका चार जिल्लाहरु पर्सा, मोरङ्ग, कास्की र बाँके जिल्लाका लागि भ्रष्टाचार विरुद्ध जिल्ला समन्वय समिति गठन गर्ने निर्णय गरेको छ । यस्तो समितिमा सरकारी कार्यालयका तर्फबाट १५ जना, नागरिक समाजका तर्फबाट ३ जना र निजी क्षेत्र तथा व्यापारिक समुदायबाट ३ जना गरी जम्मा २१ जना रहने व्यवस्था गरिएको छ । यस समितिको संयोजक प्रमुख जिल्ला अधिकारी रहनेछन् भने मंचको सचिव पर्साको लागि ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल सहयोगी समूहका तर्फबाट, मोरङ्गको लागि प्रो पब्लिकका तर्फबाट, कास्कीको लागि मेची महाकाली मिडिया सोसाइटीका तर्फबाट र बाँकेको लागि स्वाती नेपालका तर्फबाट तोकिएका छन् । उक्त समितिमा प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रशासन कार्यालयमा रहेका भ्रष्टाचार

अनुसन्धान हेर्ने अधिकृत बाहेकका अन्य १४ जना सरकारी कार्यालयका प्रमुखहरु वा प्रतिनिधिहरु, आन्तरिक राजस्व कार्यालय, भन्सार कार्यालय, राजस्व अनुसन्धान विभागको स्थानीय कार्यालय, नगरपालिकाको कार्यालय, जिल्ला विकास समितिको कार्यालय, मालपोत कार्यालय/नापी/भूमिसुधार कार्यालय मध्येबाट एक, जिल्ला सरकारी वकिल कार्यालय, सडक डिभिजन कार्यालय, जिल्ला खानेपानी कार्यालय, जिल्ला सिंचाई कार्यालय, नेपाल विद्युत प्राधिकरण, दूर संचार कार्यालय र जिल्ला प्रहरी कार्यालयहरुबाट सदस्य रहने व्यवस्था गरिएको छ । समितिको प्रमुख कार्यहरु क्षेत्रीय गोष्ठीबाट पारित घोषणापत्रका बुदाहरुको कार्यान्वयन र अनुगमन गर्ने, समितिको मासिक वैठक वसी भए गरेका कामकारवाही बारे आयोग र राष्ट्रिय सतर्कता केन्द्रलाई जानकारी गराउने र केन्द्रीय स्तरबाट अनुगमनमा आउनेलाई समन्वय तथा सहयोग गर्ने तोकिएको छ । यसै गरी यस समितिले भ्रष्टाचार विरुद्ध सुधारात्मक र प्रवर्द्धनात्मक कार्यक्रमहरु तर्जुमा गरी त्यस्ता कार्यक्रमहरु जिल्लामा संचालन गर्न सक्ने छन् । पहिलो चरणमा पर्सा, मोरङ, कास्की र बांके जिल्लामा समन्वय समिति गठन भै सकेको छ । बांके जिल्लामा १३ सदस्यीय समिति गठन गरिएको छ । यस्तो समितिको प्रभावकारिता मूल्याँकन गरी बाँकी जिल्लाहरुमा पनि जिल्ला समन्वय समिति गठन गर्ने सोंच रहेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ ख मा “आयोगले अन्य काम गर्न सक्ने शीर्षक अन्तर्गत भ्रष्टाचार वा अनुचित कार्य हुन नदिनका लागि निरोधात्मक उपायहरुको खोजी, अनुसन्धान प्रकृया विकास तथा तत्सम्वन्धमा जानकारी अभिवृद्धि गर्न आयोगले आवश्यक ठानेका अख्तियार दुरुपयोग निवारणको प्रवर्द्धनात्मक कार्यहरु गर्न सक्नेछ” भन्ने प्रावधान रहेको तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३५ मा “आयोगले उपयुक्त ठहऱ्याएका विषयहरुमा अध्ययन, अन्वेषण लगायतका अन्य प्रवर्द्धनका काम समेत गर्न गैरसरकारी संस्था र नागरिक समाजका प्रतिनिधि समेत रहेको समन्वय समिति गठन गर्न सक्नेछ । सो समितिको गठन विधि, काम, कर्तव्य र अधिकार आयोगले तोक बमोजिम हुनेछ भन्ने उल्लेख भएवाट यिनै कानूनी आधारमा स्थानीय समन्वय समितिहरु गठन भै परीक्षणको क्रममा रहेका र आगामी दिनमा आयोगले निर्णय गरी थप दिशानिर्देश हुने नै छ ।

२७. भ्रष्टाचार नियन्त्रणका लागि आयोगले गरेका काम कारवाही बारे जनतालाई सुसूचित गर्न र भ्रष्टाचार विरुद्ध जनचेतना जगाउने उद्देश्यले आयोगले रेडियो कार्यक्रम संचालन गरिरहेको छ । रेडियो नेपालबाट साताको एक दिन प्रत्येक सोमबार विहान ८ बजेको अंग्रेजी समाचार पछि १५ मिनेट ‘सदाचार’ नामक रेडियो कार्यक्रम संचालन भईरहेको छ । यस कार्यक्रममा आयोगको गतिविधि, समाचार, परिसंवाद, अन्तरवार्ता, फिचर आदि प्रस्तुत गर्ने गरिएको छ ।

२८. भ्रष्टाचार विरुद्ध जनचेतना जागृत गर्ने उद्देश्यले आयोगले भ्रष्टाचार विरुद्ध जागरणमूलक लोकदोहोरी गीतहरुको एल्बम/क्यासेट र बृत्तचित्र समेत निर्माण गरी विभिन्न संचार माध्यमहरुबाट प्रसारण गर्ने व्यवस्था मिलाईएको छ ।

# परिच्छेद – १६
# उपसंहार

भ्रष्टाचार कुनै पनि मुलुकको आर्थिक एवं सामाजिक विकास र राजनैतिक स्थिरताको प्रमुख बाधक तत्वको रुपमा पाईएको छ । त्यसैले गर्दा सरकार, निजी क्षेत्र र नागरिक समाज सबैले यसलाई नियन्त्रण गर्न लागि परेका छन् तापनि आशातित सफलता प्राप्त हुन सकेको छैन । एशिया प्यासिफिक क्षेत्रका नेपाल लगायतका मुलुकहरुले संयुक्त रुपमा भ्रष्टाचार बिरुद्धको कार्य योजना तयार पारी सो कार्य योजना मुताबिक अगाडि बढ्ने प्रतिबद्धता जाहेर गरेका छन । यस कार्यका लागि एशियाली बिकास बैंक र आर्थिक सहयोग तथा बिकास संस्थाले बिभिन्न सभा, सम्मेलन, कार्यशाला, गोष्ठि आदिको आयोजना गरेर समन्वय गरिरहेका छन् । यसै सिलसिलामा चीन सरकारको आतिथ्यमा आगामी २२ देखि २६ अक्टोबर २००६ सम्म बेईजिङमा करिब १०० मुलुकका १००० जना जति सहभागिहरुको बृहत भेलाले भ्रष्टाचार नियन्त्रण गर्ने संस्थाहरुको अन्तरराष्ट्रिय संघ खडा गर्न खोजिएको छ । प्रस्तावित संघको मूलभूत उद्देश्य अन्तरराष्ट्रिय सहयोग र सहकार्यको माध्यमद्वारा शान्ति, विकास र समुन्नत समाज खडा गर्न भ्रष्टाचार नियन्त्रण कार्यलाई अझ सशक्त ढंगले अगाडि बढाउनु रहेको छ । यसरी खडा हुने संघले डिसेम्बर, २००५ देखि लागू भएको संयुक्त राष्ट्र संघको भ्रष्टाचार बिरुद्धको महासन्धिको कार्यान्वयन र क्रियाशीलतामा पनि जोड दिने लक्ष्य लिएको छ ।

नेपालको सन्दर्भमा बिश्लेषण गर्दा भ्रष्टाचारको सीधा सम्बन्ध गरिबी, पछौटेपन, अशिक्षा, अज्ञानतासंग पनि गांसिएको छ । जबसम्म मुलुकबाट गरिबी, अशिक्षा र सामन्ति प्रथा एवं प्रबृत्ति हट्दैन तबसम्म भ्रष्टाचार निर्मूल हुन सक्दैन । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने भ्रष्टाचार नियन्त्रणको जिम्मा कुनै एक वा दुई निकायलाई जिम्मा लगाएर बस्दैमा हुंदैन । गरिबी, अशिक्षा, सामन्ति प्रथा र असमानता हटाउनमा जिम्मेवार सबै निकायले आआफ्नो जिम्मेवारी गंभिरता पूर्वक पालना गर्नु जरुरी छ । त्यसै गरी मानिसको आचरण, व्यवहार, संस्कार, सामाजिक परिवेश र प्रवृत्तिसित गाँसिएको भ्रष्टाचारको प्रकृति, स्वरुप, विस्तार र क्षेत्र अत्यन्त व्यापक र जटील छ । शासन संचालन पद्धतिमा नातावाद, कृपावाद र अव्यवस्थाको स्थितिको अन्त्य र नैतिकता, इमान्दारिता, पारदर्शिता र सदाचारिताको अवलम्बन एवं सो को पालना नै भ्रष्टाचार नियन्त्रणको मूल कडी हो ।

भ्रष्टाचार नियन्त्रणका आधार स्तम्भका रुपमा लिईएका लोकतन्त्र, मानव अधिकार, राजनैतिक स्थिरता, सक्षम कर्मचारीतन्त्र, खुला बजारमुखी अर्थतन्त्र, विकेन्द्रीकरण, स्थानीय निकायहरुको स्वायत्तता र कानुनी राज्यको बिकासबाट नै भ्रष्टाचार नियन्त्रणको लक्ष्य प्राप्त हुने र मुलुकमा सुशासन कायम हुने कुरामा दुई मत हुन सक्दैन । तसर्थ एकातिर भ्रष्टाचार निवारणका लागि सरकारले दीर्घकालीन र अल्पकालीन योजना तथा कार्यक्रमहरु तयार पार्नु जरुरी छ भने अर्का तिर सचेतना जगाउने गैर सरकारी संस्थाहरु, भ्रष्टाचार माथि निगरानी राख्ने संस्थाहरु, निष्पक्ष एवं सक्षम न्यायपालिका, इमान्दार सञ्चार क्षेत्र, जिम्मेवार निजी क्षेत्र, नागरिक समाज र अन्तर्राष्ट्रिय सहयोगको पनि त्यत्तिकै महत्वपूर्ण भूमिका रहन्छ । अन्यथा भ्रष्टाचार नियन्त्रणका लागि कार्यरत निकायहरुको नियन्त्रणात्मक र सुधारात्मक प्रयासहरु मात्र पर्याप्त हुंदैनन् ।

नेपालमा भ्रष्टाचार नियन्त्रणको प्रमुख जिम्मेवारी पाएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राष्ट्रिय सतर्कता केन्द्र लगायत विभिन्न सरकारी संयन्त्रसंगको सहकार्य र विभिन्न गैर सरकारी निकायहरु,


बुद्धिजीवी, पत्रकार, उद्योगी, ब्यापारी, नागरिक समाज र अन्तराष्ट्रिय दाता समूहहरु समेतको सहभागीतामा विभिन्न तालिम, सभा, सम्मेलन, गोष्ठी, अन्तरक्रिया, रेडियो कार्यक्रम आदि संचालन गर्दै आएकोछ । साथै भ्रष्टाचार विरोधी विभिन्न प्रकाशनका माध्यमबाट भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न उपचारात्मक एवं निरोधात्मक उपायहरु पनि अवलम्वन गर्दै आएको छ । भ्रष्टाचारका कारण र छिद्र पत्ता लगाएर तिनीहरुको यथा समयमा निरुपण गरिनुपर्छ भन्ने मान्यताका साथ अख्तियार दुरुपयोग अनुसन्धान आयोग आफ्नो उद्देश्य हासिल गर्न कटिबद्ध रहेको छ ।

उपरोक्तानुसार बिभिन्न क्षेत्रबाट प्राप्त सहयोगको फलस्वरुप आयोगले मुलुकको राजस्वमा वृद्धि, विकास आयोजनाहरुमा लाग्ने समय तथा खर्चको कटौती, सार्वजनिक सेवा प्रदानमा प्रभावकारिता तथा गुणस्तरमा वृद्धि जस्ता सुशासनका पक्षमा उल्लेखनीय योगदान पुर्‍याउन सकेको छ । आगामी दिनहरुमा पनि आयोगलाई यस्तो सहयोग प्राप्त हुंदै जाने कुरामा आयोग विश्वस्त छ । यही २०६३ जेठ देखि टंगाल स्थित नव निर्मित भवनबाट कार्यारम्भ गरे पश्चात आयोगले आफ्नो कार्य प्रणालिमा सुगमता महसुश गरेको छ । भ्रष्टाचारको न्यूनिकरण गर्दै विश्व सूचकांकमा कम भ्रष्ट मुलुकको पंक्तिमा नेपाललाई उभ्याउन आयोग आगामी दिनहरुमा अझ थप उर्जाका साथ अगाडि बढिनै रहनेछ । माथि उल्लेखित उद्देश्य हासिल गर्न भ्रष्टाचार नियन्त्रणका लागि आयोगले तयार पारेको रणनीतिका साथै संयुक्त राष्ट्र संघको भ्रष्टाचार बिरुद्धको महासन्धिको मर्म र भावना अनुरुप कानूनी व्यवस्था हुन जरुरी देखिएको छ ।

आर्थिक वर्ष २०६२/६३ मा आयोगमा विभिन्न माध्यमद्वारा ४३२४ उजुरीहरु परेका थिए । ती उजुरीहरु मध्ये ३३५३ उजुरीहरु आयोगबाट फछ्र्यौट भएका छन् । आयोगबाट भ्रष्टाचार सम्वन्धी ११४ मुद्दाहरु विशेष अदालत समक्ष दायर गरियो । विशेष अदालतबाट भएको फैसलामा चित्त नबुझी ३० वटा मुद्दाहरुमा पुनरावेदन गरियो र एउटा मुद्दाको हकमा पुनरावलोकनका लागी निवेदन पेश गरिएको छ । ४५ वटा उजुरीहरुमा बिभागीय कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाइयो भने १९ वटा उजुरीहरुमा सार्वजनिक पदाधिकारीहरुलाई सचेत गराउनको लागि लेखी पठाइएको छ । सोही अवधिमा विभिन्न निकायहरुमा १३ वटा सुझावहरु पठाइयो, ६ वटा उजुरीहरुमा बिभिन्न निकायहरुको ध्यानाकर्षण गराईयो, २४ वटा उजुरीहरुमा असूल उपरका लागी लेखियो भने अन्य कारवाही गर्न ६९ वटा उजुरीहरु सम्बन्धित निकायहरुमा पठाइएका छन् । आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएका पाँच विकास क्षेत्र स्थित क्षेत्रीय प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी ३९१ उजुरी परेकोमा जम्मा ११२ फछ्र्यौट भई २७९ फछ्र्यौट हुन बाँकी नै रहेको प्रतिवेदन प्राप्त हुन आएको छ । त्यस्तै ७५ जिल्ला प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी २३१२ उजुरी परेकोमा जम्मा ६४९ फछ्र्यौट भई १६६३ फछ्र्यौट हुन बाँकी देखिएको छ ।

भ्रष्टाचार नियन्त्रण तर्फको प्रयासलाई अझ सवल, सुदृढ र सशक्त बनाउन आयोगका कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नुका साथै आयोगलाई साधन श्रोत सम्पन्न तुल्याउन आवश्यक छ । भ्रष्टाचारीहरुलाई अकाट्य प्रमाण सहित कानूनको कठघरामा उभ्याउन नवीनतम एवं विकसित अनुसन्धान प्रविधि नेपालमा पनि प्रयोग गर्नु जरुरी देखिएको छ । त्यसका लागि सरकारका साथै सम्बन्धित सबै पक्षबाट सहयोग प्राप्त हुन जरुरी छ ।

## आ.ब. २०४७/४८ देखि २०६२/६३ सम्ममा परेका उजुरी र फछ्र्यौटको विवरण



# आयोगमा कार्यरत कर्मचारी दरबन्दी र पदपूर्तिको विवरण

*(२०६३ असार मसान्त सम्मको)*

(क) आयोगको दरबन्दी तर्फ

| सि.न. | सेवा, समूह | श्रेणी | दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|
| १ | प्रशासन, सचिव | विशिष्ठ | १ | १ | - |
| | **जम्मा** | | **१** | **१** | **-** |
| | | | | | |
| २ | प्रशासन, सह-सचिव | रा.प. प्रथम | २ | २ | - |
| | न्याय, कानून सह-सचिव | रा.प. प्रथम | २ | २ | - |
| | न्याय,स.व.सहन्यायाधिवक्ता | रा.प. प्रथम | ५ | ५ (४जना अन्यत्र काज सरुवा) | - |
| | प्रहरी नायब महानिरीक्षक | रा.प. प्रथमस्तर | १ | - | १ |
| | **जम्मा** | | **१०** | **९** | **१** |
| | | | | | |
| ३ | प्रशासन, उप-सचिव | रा.प.द्वितीय | ८ | ७ | १ |
| | लेखा, उप-सचिव | रा.प.द्वितीय | ३ | २ | १ |
| | न्याय,कानून, उप-सचिव | रा.प.द्वितीय | ३ | ३ | - |
| | न्याय,स.व.उपन्यायाधिवक्ता | रा.प.द्वितीय | ४ | ४ | - |
| | इन्जिनियरिङ्ग - वि.एण्ड आ. | रा.प.द्वितीय | १ | १ | - |
| | इन्जिनियरिङ्ग - इरिगेसन | रा.प.द्वितीय | १ | १ | – |
| | प्रहरी उपरीक्षक | रा.प.द्वितीयस्तर | १ | १ | - |
| | प्रहरी नायब उपरीक्षक | रा.प.द्वितीयस्तर | २ | १ | १ |
| | **जम्मा** | | **२३** | **२०** | **३** |
| | | | | | |
| ४ | प्रशासन, शाखा अधिकृत | रा.प.तृतीय | १४ | १२ | २ |
| | लेखा, लेखा अधिकृत | रा.प.तृतीय | १ | १ | - |
| | न्याय, कानून, शाखा अधिकृत | रा.प.तृतीय | ४ | ४ (२ जना अन्यत्र काज सरुवा) | - |
| | न्याय, स.व. शाखा अधिकृत | रा.प.तृतीय | ५ | ५ | - |
| | इन्जिनियरिङ्ग - वि.एण्ड आ. | रा.प.तृतीय | ३ | ३ | - |
| | इन्जिनियरिङ्ग - जनरल | रा.प.तृतीय | ३ | ३ | - |
| | इन्जिनियरिङ्ग - स्यानिटरी | रा.प.तृतीय | १ | - | १ |
| | इन्जिनियरिङ्ग - इरिगेसन | रा.प.तृतीय | १ | १ | - |
| | विविध - रेखा विशेषज्ञ | रा.प.तृतीय | १ | - | १ |
| | प्रहरी निरीक्षक | रा.प.तृतीयस्तर | ५ | ५ | - |
| | **जम्मा** | | **३८** | **३४** | **४** |

# अनुसूची – २(२)

| सि.नं. | सेवा | श्रेणी | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| **ना.सु. स्तर** | | | | | | |
| ५ | प्रशासन, ना.सु. | रा.प.अनं. प्रथम | ३७ | २८ | ९ | |
| | न्याय, कानुन, ना.सु. | रा.प.अनं. प्रथम | २ | १ | १ | |
| | लेखापाल, | रा.प.अनं. प्रथम | १ | १ | - | |
| | ओ.सी.इन्जि.सिभिल, जनरल | रा.प.अनं. प्रथम | १ | १ | - | |
| | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | १० | ८ | २ | |
| | टा.ना.सु. | रा.प.अनं. प्रथम | २ | २ | - | |
| | क्यामेरामेन | रा.प.अनं. प्रथम | १ | १ | - | |
| | प्रहरी नायब निरीक्षक | रा.प.अनं.प्रथमस्तर | ३ | ३ | - | |
| | **जम्मा** | | **५७** | **४५** | **१२** | |
| **खरिदार स्तर** | | | | | | |
| ६ | प्रशासन, खरिदार | रा.प.अनं. द्वितीय | ५ | ४ | १ | |
| | सह लेखापाल | रा.प.अनं. द्वितीय | १ | १ | - | |
| | टेलिफोन अपरेटर | रा.प.अनं. द्वितीय | २ | २ | - | |
| | अपरेटर(इन्जी जनरल मेकानिकल) | रा.प.अनं. द्वितीय | १ | - | १ | |
| | फोटोकपी अपरेटर (विविध) | रा.प.अनं. द्वितीय | २ | - | २ | |
| | प्रहरी सहायक निरीक्षक | रा.प.अनं.द्वितीयस्तर | ३ | ३ | - | |
| **जम्मा** | | | **१४** | **१०** | **४** | |
| | | | | | | |
| ७ | प्रहरी हवल्दार | रा.प.अनं.तृतीयस्तर | ३ | ३ | - | |
| **जम्मा** | | | **३** | **३** | **-** | |
| | | | | | | |
| ८ | प्रहरी जवान | रा.प.अनं.चतुर्थ स्तर | ५ | ५ | - | |
| **जम्मा** | | | **५** | **५** | **-** | |
| ९ | ह.स.चा. | श्रेणी विहिन | २२ | २१ | १ | |
| | पियन, पाले, माली | श्रेणी विहिन | २८ | २५ | ३ | |
| **जम्मा** | | | **५०** | **४६** | **४** | |

| दरबन्दी (प्रहरी दरबन्दी समेत) | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|
| **जम्मा** | २०१ | १७१ | ३० | |

(ख) आयोगको पूल दरबन्दी तर्फ

| अधिकृतस्तर दरबन्दी संख्या- १० | | | | |
|---|---|---|---|---|
| सि.न. | सेवा,समूह | श्रेणी | पदपूर्ति | रिक्त |
| १ | न्याय, सरकारी वकिल | विशिष्ठ | १ | - |
| | न्याय, सरकारी वकिल | रा.प. प्रथम | २ | - |
| | न्याय, सरकारी वकिल | रा.प. द्वितीय | ३ | |
| | | **जम्मा दरबन्दी १०** | ६ | ४ |
| **सहायकस्तर दरबन्दी संख्या- १०** | | | | |
| २ | न्याय, सरकारी वकिल | रा.प.अनं. प्रथम | १ | |
| | प्र.सा.प्र.टा.ना.सु. | रा.प.अनं. प्रथम | १ | |
| | प्र.सा.प्र.खरिदार | रा.प.अनं. द्वितीय | १ | |
| | प्र.सा.प्र. टा.ख. | रा.प.अनं. द्वितीय | १ | |
| | प्र.सा.प्र. टा.मु. | रा.प.अनं. तृतीय | २ | |
| | | **जम्मा दरबन्दी १०** | ६ | ४ |

(ग) आयोगमा काजमा कार्यरत

| श्रेणी/स्तर | कार्यरत संख्या |
|---|---|
| रा.प.प्रथम स्तर | १ |
| रा.प.द्वितीय स्तर | ३ |
| रा.प.तृतीय स्तर | ७ |
| **काजमा रहनु भएका अधिकृत स्तर जम्मा** | **११** |
| रा.प.अन.प्रथम स्तर | ७ |
| रा.प.अन.द्वितीय स्तर | ३ |
| रा.प.अन.तृतीय स्तर | ४ |
| रा.प.अन.चतुर्थ स्तर | ५ |
| **काजमा रहनु भएका सहायक स्तर जम्मा** | **१९** |
| ह.स.चा. श्रेणी विहिन | ३ |
| पियन, पाले, कुचिकार, बगैचे | ४ |
| **काजमा रहनु भएका श्रेणी विहिन जम्मा** | **७** |
| **काज तर्फ कूल जम्मा** | **३७** |

(घ) सल्लाहकार सेवामा र ज्यालादारीमा कार्यरत

| | |
|---|---|
| सल्लाहकारहरु | ३ |
| ड्राइभर (संवैधानिक सुविधामा) | १ |
| स्वीपर | ४ |
| **जम्मा** | **८** |

(ङ) आयोगको पहरा तर्फ (प्रहरी पहरा गण)

| | |
|---|---|
| प्र.ना.नि., प्र.ह., प्र.ज. | ७ |

(च) संवैधानिक पदाधिकारीज्यूहरुको अंगरक्षक तर्फ

| | |
|---|---|
| प्र.ना.नि., प्र.ह., प्र.ज. | ६ |

(छ) सम्माननीय प्रमुख आयुक्तज्यूको सरकारी निवासमा कार्यरत सुरक्षाकर्मीतर्फ

| | | |
|---|---|---|
| स.प्र.स.नि, सशस्त्र प्र.व.ह./सशस्त्र प्र.ह.,प्र.ज | रा.प.अनं. द्वितीय सरह | ११ |
| **जम्मा सुरक्षा तर्फ (काज)** | | २४ |

## सारांश

| | **दरबन्दी** | **पदपुर्ति/कार्यरत** | **रिक्त** | **कैफियत** |
|---|---|---|---|---|
| दरबन्दी (प्रहरी समेत) | २०१ | १७१ | ३० | |
| पूल दरबन्दी<br>(अधिकृतस्तर १०)<br>(सहायक स्तर १०) | २० | १२ | ८ | |
| फाजिल दरबन्दी | - | १० | - | |
| काज | - | ३७ | - | |
| सेवा करारः सल्लाहकार | | ३ | | |
| ज्यालादारी | | ५ | | |
| पहरा तर्फ | | ७ | | |
| अंगरक्षक | | ६ | | |
| स.प्र.आ.को निवासमा कार्यरत सुरक्षाकर्मी | | ११ | | |
| **जम्मा** | **२२१** | **२६२** | **३८** | |
| | | | | |
| **संवैधानिक पदाधिकारीहरु** | | **५** | | |
| **आयोगमा कार्यरत जम्मा** | **२२१** | **२६७** | **३८** | **२०६३ असार मसान्त सम्म कार्यरत** |

**अनुसूची – ३**

## अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

## आ.व. २०६२।६३ को बजेट ब्यवस्था

| वार्षिक विनियोजन (थप समेत) | बजेट | खर्च | | बांकी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | निकाशा | खर्च | निकासा मध्ये | निकासा नभएको | दुबै | |
| चालु :<br>व.शि.नं. १५।३।११०<br>नेपाल सरकार | ५५,३००,०००।०० | ५०,७८३,६९२।३९ | ५०,७८३,६९२।३९ | - | ४,५१६,३०७।६१ | ४,५१६,३०७।६१ | |
| ब.शि.नं. : १५।३।२००<br>नेपाल सरकार | ४,१००,०००।०० | २,९३४,१७८।९७ | २,९३४,१७८।९७ | - | १,१६५,८२१।०३ | १,१६५,८२१।०३ | |
| बैदेशिक अनुदान | ११,६१८,०००।०० | ५३४,०००।०० | ५३४,०००।०० | - | ११,०८४,०००।०० | ११,०८४,०००।०० | सोझै भुक्तानी हुने |
| ब.शि.नं.७२।३।२११<br>बैदेशिक सहयोग (IDA) | १,९१०,०००।०० | १,१०८,५४५।७५ | १,१०८,५४५।७५ | - | ८०१,४५४।२५ | ८०१,४५४।२५ | |
| अर्थ बजेट (नेपाल सरकार) | १,०४८,६७५।०४ | १,०४८,६७५।०४ | १,०४८,६७५।०४ | - | | | |
| जम्मा | ७३,९७६,६७५।०४ | ५६,४०९,०९२।१५ | ५६,४०९,०९२।१५ | - | १७,५६७,५८२।८९ | १७,५६७,५८२।८९ | |
| पूंजीगत:<br>ब.शि.नं. १५।४।२००<br>नेपाल सरकार | ७६,२५०,०००।०० | ७१,८७५,२७२।१९ | ७१,८७५,२७२।१९ | - | ४,३७४,७२७।८१ | ४,३७४,७२७।८१ | |
| बैदेशिक अनुदान | ३,०००,०००।०० | १,९१५,०००।०० | १,९१५,०००।०० | - | १,०८५,०००।०० | १,०८५,०००।०० | सोझै भुक्तानी हुने |
| ब.शि.नं. ७२।४।२११<br>बैदेशिक सहयोग (IDA) | २,५६०,०००।०० | २,४०१,८१५।०० | २,४०१,८१५।०० | - | १५८,१८५।०० | १५८,१८५।०० | |
| जम्मा | ८१,८१०,०००।०० | ७६,१९२,०८७।१९ | ७६,१९२,०८७।१९ | - | ५,६१७,९१२।८१ | ५,६१७,९१२।८१ | |
| **कूल जम्मा** | **१५५,७८६,६७५।०४** | **१३२,६०१,१७९।३४** | **१३२,६०१,१७९।३४** | - | **२३,१८५,४९५।७०** | **२३,१८५,४९५।७०** | |

### आ.व. २०६२।६३ को राजश्व तर्फ आम्दानी

प्रशासनिक दस्तुर, न्यायिक दण्ड जरिवाना, सरकारी सामान विक्रि र बन क्षेत्रको आय समेत गरी जम्मा रु. ७,५६,४१८।५० मात्र राजश्व आम्दानी भएको छ ।

### आ.व. २०६२।६३ को धरौटी तर्फ

| | |
|---|---|
| आ.व. २०६१।६२ को जिम्मेवारी सरेको | ८,९८७,०४८।७३ |
| २०६२ श्रावण देखि २०६३ आषाढ मसान्त सम्मको जम्मा धरौटी | ४,४४८,३३१।१२ |
| २०६२ श्रावण देखि २०६३ आषाढ मसान्त सम्मको फिर्ता जम्मा धरौटी | ३,४८०,३९२।४९ |
| २०६२ आषाढ सम्ममा बांकी धरौटी | ९,९५४,९८७।३६ |